CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८८

वैदिक्वाङ्मय

वैदिक्काल, पौराणिक्काल
र
आधुनिक्काल
उहिलेदेखि अहिलेसम्मको

वैदिक्वाङ्मय

यो हो हाम्रो परम-पदका प्राप्तिको मुख्य-हेतु
यै हो राम्रो गति-विधि लिने कर्मको धर्म-सेतु ।
साह्रै उँचो सहज-पदको ग्रन्थ, यो आदिदेखि
पढ्नोस्, होला अतिशय भलो, गर्नुहोस् आजदेखि ।।

कान्यप्रासाद
वि.सं. २०४६

कृष्णप्रसाद शर्मा घिमिरे
(कविरत्न तथा विद्यावारिधि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजयते तावच्छाङ्करी कृपा

आर्द्रे मनस्युदितमार्तजनोपताप ....
सम्पर्कतोऽथ दृशि कन्दलितं शुभायाम् ।
वाचि क्षणात्कुसुमितं फलितं च कृत्ये
कारुण्यबीजमजरं जयतीन्दुमौलेः ॥

अनाथनाथ भगवान् शशांक-शेखरको त्यो करूणा (कृपा) नामको कहिल्यै न ओइलाउने (अजर, अमर) सद्बीज यो देखिने र सुनिने संसारभरमा सर्वोत्कृष्ट (महामहान्) छ, जो आफ्ना-भन्नेहरूको सांसारिक पाप-तापको सम्पर्क (संसर्ग)मा आउँदा नआउँदै अर्थात् देख्ता नदेख्तै उनीहरू-प्रतिका दयाले निथ्रुक्कै भएको हृदयमा जरो गाडि हाल्दछ र निरन्तर मङ्गल-कारिणी सुदृष्टिमा पर्दा न पर्दै टुसो निकाल्न थाली तत्कालमै "म छु, न डरा !" भन्ने वाणीमा फुल्दा-फुल्दै कार्य-रूप-फलमा लटरम्म हुन्छ । त्यस्तो त्यो सर्वसमर्थ महाप्रभुको उदार-कृपा प्रति म सभक्ति श्रद्धावनत छु ।

महाकवि-जगद्गुरभट्टको यही बोलीमा बोली
मिलाउने उही कृ. प्र. घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक्वाङ्मय

वैदिक्काल, पौराणिक्काल
र
आधुनिक्काल

उहिलेदेखि अहिलेसम्मको

वैदिक्वाङ्मय

●

यो हो हाम्रो परम-पदका प्राप्तिको मुख्य-हेतु
यै हो राम्रो गति-विधि लिने कर्मको धर्म-सेतु ।
साह्रै उँच्चो सहज-पदको ग्रन्थ, यो आदिदेखि
पढ्नोस्, होला अतिशय भलो, गर्नुहोस् आजदेखि ।।

काव्यप्रासाद
वि.सं. २०४६

कृष्णप्रसाद शर्मा घिमिरे
(कविरत्न तथा विद्यावारिधि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थसहायिका
कृष्णकुमारी घिमिरे (लेखककी धर्मपत्नी)

●

ग्रन्थ-प्रकाशकहरू, लेखकका चारै सुपुत्र
क्रमशः श्याम-गोपाल-मोहन-योगेशप्रसाद घिमिरे

लेखनारम्भदिवस, वि.सं. २०४४ मार्गशुक्ल-पञ्चमी
तदनुसार शकसम्वत् १९०९, ख्रिष्टाब्द. १९८७ नोभेम्बर २५ ताः

●

प्रथम संस्करण प्रति एक हजार
प्रकाशनतिथि : वि.सं. २०४६, वैशाक शुक्ल-तृतीया

एक प्रतिको समुचित मूल्य ....

नेपाली-मुद्रामा : २५१, दुइसय एकाउन्न.

भारतीय-मुद्रामा : १५३/०० एकसौ तिरपन

देशभित्र र बाहिर पठाउँदा लाग्ने डाँक-भाडा आदि अलग्गै

●

कम्प्यूटर-टंकण : सेक्रेटरियल स्पट, टेकू, काठमाण्डू ।

●

मुद्रणस्थान : सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौं ।

सर्वाधिकार

●

लेखकको उत्तरकालमा अर्थ-सहायिकामा र तदनन्तर ग्रन्थप्रकाशक
उपरिनामांकित चारै सुपुत्रहरूमा समानाधिकारले सुरक्षित

●

ग्रन्थप्राप्ति-स्थान, लेखकको निवासस्थल

"काव्यप्रासाद"
टंगाल-गहिरीधारा काठमाण्डू २
टेलीफोन नं ४-१५६८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री द्वारका शारदा पीठम् । द्वारका

Shri Dwarka Sharda Peetham

From :
H. H. The Jagadguru
Shankaracharya Maharaj

DWARKA (Gujarat) INDIA

Date वै. कृ. प्रतिपद २०४२ वि. सं. 1985
Camp रविवार
काठमाण्डू (नेपाल)

Ref.

Ro.

शुभाशीर्वाद

हिन्दुराष्ट्र नेपाल की भूमि वैदिक सनातन धर्म से अनुप्राणित है. हिमालय के शक्ति एवं शिवतत्त्व प्रकाशित होकर यहाँ पुञ्जीभूत होते हैं.

आज के भौतिकवादी युग में नेपाल की सनातन हिन्दु राष्ट्रीयता वेद शास्त्रों का आधार लेकर के आशाओं का केन्द्र बनी हुई है

प्रस्तुत पुस्तक में श्री कृष्ण प्रसाद जी घिमिरे महोदय ने वैदिक उद्धरणों द्वारा प्रस्तुत तत्त्व एवं सिद्धान्त का आश्रय लेकर सम्यक् प्रतिपादन किया है, जो प्रशंसनीय है.

आशा है, पाठकगण पढ़कर सुपरिचित होंगे.

एतदर्थ हमारे शुभाशीर्वाद हैं....

द. नं. १८३८५

अनन्त श्री विभूषित ज्योतिष-द्वारका शारदापीठाधीश्वर
जगद्गुरु शंकराचार्य स्वामी स्वरूपानन्दजी सरस्वती महाराज

स्वरूपानन्द सरस्वती
उत्तराम्नाय ज्योतिष्पीठ एवं पश्चिमाम्नाय द्वारका शारदापीठ
जगद्गुरु शङ्कराचार्य

वाल्मीकि विद्यापीठ = पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वप्रथमं स्वराष्ट्रभूमेरभिनन्दनगानम्

शास्त्रीयसंगीत-संस्थानम्

प्रणुमः
प्रथमं प्रणुमः
मातरमेनां मान्यां प्रणुमः

नयपालभुवं धरणीं प्रणुमः स्वदेशजननीं रमणीं प्रणुमः
वयमिह सरसां भरणीं प्रणुमः सदयां धरणीं जननीं प्रणुमः

स्वर्गसमानां स्वभुवं प्रणुमः

सुखदां दृढवात्सल्योपेतां विततां निजजनयित्रीं प्रणुमः
तद्‌वृद्ध्यर्थं अमिकैः सार्धं नानोपायान् हितदांश्चिनुमः

प्रोज्ज्वलरूपां जननीं प्रणुमः

तनयगणा बहुजातय एते वयमभिनन्दनमस्याः कुर्मः
सजलां सफलां मातरमेनां कर्तुं वरदां यत्नं कुर्मः

बहुविधभाषावेषां प्रणुमः

मेची-कालीत्यादि - सरिद्भिः सततं क्षालितपदपद्मयुगाम्
सकलसुरासुरमुनिजननिवहैरभिनन्दितपावनपादयुगाम्

धर्मसमन्वयदक्षां प्रणुमः

वैदिक - धर्मविबर्धकदेशो नेपालोसाविति संप्रथिताम्
जन - जनपति-तन्त्रविभाजनकृतहितदृढतमशासनजाताम्

जन-सुजन-श्रुतिरक्षां प्रणुमः

बहुविधकूटां हिमगिरिमुकुटां सागरमाथा-रञ्जितगाथाम्
सहितां गिरिजेत्यादिसखीभिर्हृदयस्थितपतिपशुपतिनाथाम्

मन्दिरबहुलां धरणीं प्रणुमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वराष्ट्रभाषामा अनूदित मातृभूमिको शास्त्रीय-संगीतमय अभिनन्दन-गान

नमस्कार गर्दछौं

पहिले शिर झुकाउँछौं

सर्वमान्या मातृभूमिलाई नमस्कार टक्र्याउँछौं । नेपालमयी माता-धरालाई नमस्कार गर्दछौं । साह्रै मनोहर रूपकी आफ्नो देशकी जननी (नेपालमाता)लाई नमस्कार गर्दछौं । हामी (सारा नेपाली) साह्रै रसिली र हाम्रो भरण-पोषण गर्ने दयामयी धरणीलाई नमस्कार गर्दछौं । स्वर्ग जस्ती आफ्नी मातृभूमिलाई नमस्कार गर्दछौं ।

साह्रै सुख दिने, अतिशय वात्सल्य (पुत्र-पुत्रीमा गरिने स्नेह) मयी र निकै लम्बी-चौडी, हामीहरूलाई जन्माउने मातालाई नमस्कार गर्दछौं । यस्ती धराको बृद्धि-विकासको निम्ति हामी आफ्ना श्रमजीवी दाजुभाईहरूको साथै देशको हित-भलो हुने अनेकौं सद्‌उपायहरू खोजदछौं । यस्ती प्रोज्ज्वलरूपकी मातृभूमिलाई नमस्कार गर्दछौं ।

अनेकौं जात-पातका हामी (छोरा-छोरी) हरू यस्ती नेपाल-माताको अभिनन्दन गर्दछौं । जतातते जलै-जल र फलै-फल भएकी नेपाल-मातालाई अझ चिताए जस्तो वर दिने गराँउन सक्तो यत्न गर्दछौं । अनेकौं भाषा र भेष भएकी मातालाई नमस्कार गर्दछौं ।

मेची र महाकाली आदि नदीहरूले श्रीचरणयुगल पखालिएकी र सारा सुर-असुर एवं अनेकौं मुनिजनहरूले पावन-चरणारविन्दको अभिनन्दन गरिएकी, राष्ट्रमा प्रचलित सारा धर्म (पन्थ) मिलाई राख्नमा सिपालु नेपाल मातालाई नमस्कार गर्दछौं ।

विश्वमा वैदिक-धर्म संरक्षण गर्ने र बचाँउने नेपाल-राष्ट्रमात्र हो भन्ने ख्याति बटुलेकी र जनतन्त्र (मानवाधिकार) जनपतितन्त्र (राजाका अधिकार) को विभाजनले हुने हितको लागि बलियो शासन भएकी जनता सुजनता र श्रुति (वेद) को रक्षा गर्ने मातालाई नमस्कार गर्दछौं ।

साना ठूला टाकुरै-टाकुरा भएकी र हिउँहिउँ भएका गिरिको श्रीपेज पैह्रिएकी, सागरमाथाले आफ्नो गाथा (कुरो-कन्थो) सिंगारेकी देवी-गिरिजा आदि आफ्ना प्रियसखीहरू साथकी र हृदयमा पति भगवान् पशुपतिनाथलाई राखेकी यस्ती मन्दिरै-मन्दिरले शोभिएकी माता नेपाल-धरालाई नमस्कार गर्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हितदां शमदां जननीमेतां कोट्यधिकाः सुतनिवहाः प्रणुमः
श्रद्धावनतास्तनयाः सर्वे नयपालभुवं वरदां प्रणुमः

संस्कृत-संस्कृतिभूषां प्रणुमः

रवि-शशिभूषितराष्ट्रपताकां शौर्यैः शोभितसैन्यव्रातम्
लोकनमस्यां गुप्तरहस्यां प्रणुमः स्वहितां मातरमेताम्

स्वच्छन्दां तां जननीं प्रणुमः

आभीर-किरातैर्लिच्छविवर्यैर्मल्लैर्बहुभिः शासितपूर्वाम्
नृपतीञ्जित्वा वीर्यैणेद्धैः शाहकुलैरधुना ह्युपभुक्ताम्

वीरैर्भोग्यां धरणीं प्रणुमः

भुवनशुभेभ्यः सुरलोकेभ्योऽप्यतिशयगुर्वी सततमुदाराम्
सुखशान्तिभृतिं रमणीयसृतिं प्रणुमः स्वभुवं संधृतसाराम्

नित्यनमस्यां जननीं प्रणुमः

जगति सुघोषितशान्तिक्षेत्रां व्यवहृतिविषये नित्यपवित्राम्
सुविहितकृत्यैर्विशदचरित्रां बहुविधसाधनचित्रविचित्राम्

मैत्रीकृतबहुदेशां प्रणुमः

घिमिरे-पदभाक् कवि-कृष्णोऽयं शिव-शक्तिमयीं स्वभुवं जननीम्
स्तौति-प्रणमति राष्ट्रिय-गानं गायन्नित्थं व्यञ्जितमानम्

भणति च जननीं, जय देवि ! नुमः
जय देवि ! नुमः

स्वगृहात्काव्यप्रासादात्सुगीतम् — गायकः
वि.सं. २०४५ मार्गशीर्षपौर्णमास्याम् — स्वयं लेखकः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय-गान

निरन्तर कल्याण गर्ने र शान्ति दिने नेपाल-जननीलाई हामी करोडौं संख्या अधिकका छोराछोरीहरू प्रणाम टक्र्याउँछौं । आमा ! हामी सबै तिमीप्रति श्रद्धाले निरन्तर झुकेका छौं । तिमी चिताए जस्तो पुऱ्याइ दिन्छ्यौ । यस्ती तिमीलाई नमस्कार छ । हे आमा ! संस्कृत र संस्कृति नै तिम्रा अलङ्कार हुन् त्यस्ती तिमीलाई नमस्कार छ ।

तिम्रो राष्ट्रिय झण्डामा सूर्य चन्द्र सुशोभित छन् । राष्ट्रिय-सैन्यसमूहमा शौर्य-वीर्य छ । सारा विश्वले तिमी नमस्कार गरिइन्छ्यौ । तिम्रो चाल-चलन अलख छ र तिमी सँधै आफ्ना भन्नेहरूको भलो गर्दछ्यौ । यस्ती स्वच्छन्दरूपकी तिमीलाई हाम्रो नमस्कार छ ।

पहिले-पहिले तिमीलाई आमा ! गोपवंशी, किरातवंशी, लिच्छबी र मल्लवंशी नरेशहरूले शासन (उपभोग) गरे । आजकाल साना-तिना राजा-रजौटाहरूलाई जितेर बलवीर्यद्वारा शाहवंशी नरेशहरूले शासन गरिरहेका छन् । वीरहरूद्वारा उपभोग गरिने यस्ती धर्ती-माता तिमीलाई हाम्रो नमस्कार छ ।

चौधै भुवनमा सर्वश्रेष्ठ र स्वर्ग भन्दा पनि बढी गौरवशालिनी निरन्तर उदार तथा सुख-शान्ति दिने राम्रा-राम्रा मार्ग (विकासका उपाय) भएकी अनेकौं वस्तुका खानीहरू छिपाएकी हाम्री मातृभूमि तिमीलाई नमस्कार छ । ए आमा ! तिमी नै त निरन्तर नमस्कृत हुन योग्य छौ । यस्ती तिमी प्रति हामी नमस्कार गर्दछौं ।

ए आमा ! फेरि तिमी सारा विश्वभरी "सर्वोत्तम शान्तिक्षेत्र" भनेर घोषित भइसकेकी छौं । तिम्रो व्यवहार सँधै पवित्र छ । यता राम्रो सँग गरिएका व्यवहारले तिम्रो चरित्र विशद (निर्मल) भइ सकेको छ । फेरि तिमी आमा ! अनेकौं सत्साधनले निरन्तर झकिझकाउ भइ सकेकी छौ । विश्वका धेरै जसो राष्ट्रहरू सँग मैत्री-सम्बन्ध जोडेकी तिमीलाई हाम्रो नमस्कार छ ।

घिमिरे थरको यो कवि-कृष्ण शिव-शक्तिस्वरूपिणी आफ्नी मातृभूमि तिमीलाई यसरी टक्र्याएको सन्मान राम्रैसँग झल्किने यस्तो शास्त्रीय-संगीतमय राष्ट्रिय-गान गाएर यसरी स्तुति गर्दछ र निरन्तर शिर झुकाँउछ । अन्तमा बिन्ती चढाँउछ कि ए नेपाल-राष्ट्रकी जननी ! तिमी यसै गरी दिनानुदिन अभिबृद्ध (बृद्धि-विकास प्राप्त) हुँदै जाउ । आमा ! निरन्तर तिम्रो जय होस्, जय होस् !

आफ्नो घर "काव्यप्रासाद"
बाट गाइएको वि.सं. २०४५

गतिविधियोंकी रूप-रेखाएँ नामक
लेखकको जीवनवृत्त बाट उद्धृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा लेख्नेले भन्नु पर्ने र पढ्नेले बुझ्नु पर्ने प्राथमिक पृष्ठभूमि

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ।। गीता ३।४२

प्रस्तुत - ग्रन्थमा संस्तुत वाक्य-कदम्बद्वारा आत्मतत्त्वको सुविशद-स्वरूप देखाउँदै त्यसको प्रतिपादन गर्न तत्सम्बद्ध आदिकालोद्भूत वैदिक-सिद्धान्त प्रतिष्ठापित गर्दै जीवन-मरणको दोसाँधे रणक्षेत्रमा भगवान् श्रीकृष्णद्वारा अभिव्यक्त गरिएको हो यो गीताको उपरि अङ्कित प्रस्तुत-पद्य/भन्नाको तात्पर्य हो - संवेदनशील प्राणीमात्रको पाञ्चभौतिक पिण्डान्तर्गत इन्द्रियहरू धेरै धेरै टाढाका छन्, अर्थात् यिनको यथार्थ गति-विधि (चालचलन) बुझ्न निकै गाह्रो-साह्रो पर्ने छन् । कुन अवस्थामा कसको कुन चाँहि इन्द्रिय कसरी के गर्न कुन कर्ममा अभिप्रवृत्त हुन्छ, यो कुराको सम्यक्ज्ञान स्वयं त्यस्तो इन्द्रियधारीलाई पनि अवगत हुँदै हुँदैन - कसरी त्यो अज्ञातावस्थामा नै त्यतातिर आकृष्ट भइरहेको छ र त्यस्तो काम गरिरहेको छ ? यही नै त सुमहान् रहस्य गर्भको कुरो छ । त्यसमा विद्वान् विवेकी एवं आत्मतत्त्वज्ञ महापुरूषहरूद्वारा प्रदर्शित सद्बुद्धिको पछि लागेर, त्यसैमा गढेर केहीबेर सुसंयत बुद्धिले विचार गरेर हेर्ने हो भने अनेकौं कारणहरू अघिल्तिर आइपर्दछन् जसमा पूर्वकृत र क्रियमाण कर्मको परिणाम र पूर्वाभास एवं आकर्षण आदि नै प्रधान मानिन्छन् । यिनमा बुद्धिवादको प्रधानता छ, न कि वाद-विवादको । यदि वाद-विवादलाई यसमा प्रश्रय दिइने हो भने तत्कालमा संप्रदायवादले जन्म लिन्छ । त्यो यहाँ विचार्य एवं विवेच्य-विषय बनाउनु अपेक्षित छैन । अनेकौंको बुद्धि अनेकौं रूपको हुन्छ "ठीक मुण्डे मुण्डे मतिर्भिन्ना" भने जस्तो" परिणाममा त्यसैले अनेकौं तर्क-वितर्क उब्जाउँछ । यिनैबाट अनेकौं वाद-विवाद स्वतन्त्ररूप लिँदै स्व-स्वसिद्धान्त प्रतिपादित तर्क तथा युक्तिद्वारा स्वयंमा सुसमृद्ध बन्दै अकाट्य एवं अपरिहार्य रूपमा विकसित भएर विश्वव्यापक हुन पुग्दछन् । अन्ततोगत्वा यिनैबाट रक्तबीजवदाकार लिएर यिनैका शाखा-प्रशाखा-रूपका बहुविध संप्रदायवादको जरो दरो हुन पुग्दछ । जुन सर्वमान्य हुनै सक्तैन र अनिष्टापत्तिजनकमात्र हुन आउँछ । वर्तमान विश्वमा जे जो जति पनि धर्म संप्रदाय मत पन्थ इत्यादि प्रचलित देखा परिरहेका छन्, तिनमा अपवादरूपमा कुनै-कुनैलाई छोडेर धेरै जसो एकेश्वरवादी छन्, "एकं ब्रह्म, द्वितीयं नास्ति" भन्ने सिद्धान्तानुगत छन् । चाहे ती उच्चस्तरीय शाश्वत धर्मावलम्बी हिन्दू हुन् वा अमूर्त ईश्वरोपासक इस्लामी अथवा ईसाई । संप्रदायानुसारी सौर शाक्त गाणपत शैव वैष्णवहरू सम्म पनि अ-आफ्नो ध्येय एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

) प्राथमिक पृष्ठभूमि

आराध्यतत्त्वलाई नै त्यो त्यही परब्रह्म परमात्मा हो, जसलाई हामीले सर्वोच्च स्थान दिएका हौं र "एकं सद् विप्रा बहुधा वदन्ति" भन्ने यही सिद्धान्तको आधारमा त्यसैलाई भज्दछौं । यसै भन्दछन्, हामी देख्तैछौं, भोग्दैछौं ।

यस स्थितिमा गोठाले मनको हँकाईमा परेका भैंडा-बाख्रा जस्ता यी इन्द्रियहरूको हाँक्ने मनको प्रवृत्ति अनुरूप तत्तद्विषय-प्रपञ्चमा अभिप्रवृत्त हुनु कुनै अस्वभाविक कुरो हुन आँउदैन । यी दशै कर्मेन्द्रिय र ज्ञानेन्द्रियको गति-विधि एवं बात-व्यवहार कुन बेला कस्ता कस्ता हुन्छन्, क्षणभरमा कहाँ-कहाँ पुग्छन् वा के के सोच्छन् र तदनुरूप काम-कुरा गर्छन्, किन गर्छन्, कसरी त्यस्ता असम्भाव्य गति-विधिहरूमा पनि उद्यत हुन्छन् ? यी सब कुरा बुझ्न र इदमित्थम् हो भनेर ठहऱ्याँउन निकै-निकै गाह्रो पर्दछ । यी सब कारणले यी दशै इन्द्रियहरू साह्रै परका निकै टाढाका भनिएका हुन् । तस्मात् सर्वप्रथम यही नै स्मरणीय र करणीय छ कि यिनको त्यस्तो प्रवृत्तिबाट बुभुक्षु-व्यक्तिमात्रले स्वतः निवृत्त हुनु नितान्त आवश्यक छ । यो समस्त विषयप्रपञ्च-परित्यागपूर्वक प्राप्त भएको त्यही निवृत्तिबाट नै यथार्थ परमार्थ सत्यको प्राप्ति हुनु शास्त्रीय-सिद्धान्त-सम्मत हो भन्ने स्वतः सिद्ध छ र सर्वमान्य छ ।

अब मनतिर लागौं-त्यसका स्थितिको गति-विधिको स्वरूपाकलन गरौं, जसको विषय नै अर्को चर्को रहस्यको कुरो छ । यसमा सर्वप्रथम स्थिर र धीर भएर त्यसको पूर्वनिर्देशित स्वरूपतिर त्यो भन्दा उच्चस्तरीय बौद्धिक-दृष्टि फेंकेर सुसंयत-ढंगले हेर्ने हो भने पूर्वकालदेखि अद्यावधिसम्मका विद्वान् धीमान् योगी एवं संयमी मुनि-महात्मा र अन्यान्य ऋषि-महर्षिहरू सम्मले पनि यसो भन्दै आएका हुन् कि "यो मन साह्रै बलवान् छ र यसको गति-विधि अतिशय वेगवान् भएकोले नै यसलाई यस्तो हो भनेर भन्न, जान्न र आफ्नो वशमा राख्न संसारी-व्यक्तिमात्रलाई अत्यन्त कठिन पर्दछ इत्यादि । यस स्थितिमा त्यसमा विजय न पाएसम्म जस्तो सुकै अवस्थामा पुगेको मानिस पनि आफ्नो लक्ष्य भेट्न, उद्देश्यपूर्ति गर्न सर्वथा असमर्थै रहन्छ । यता गीता बक्नेले सुन्नेलाई तथारूपको यही बहिर्मुखी मनलाई अन्तर्मुखी बनाएर आत्मतत्त्वको चिन्तन-मनन एवं परिशीलन आदि गर्दा-गर्दै सजिलैसँग त्यस तत्त्वको साक्षात्कार गर्न सकिन्छ भन्ने सदुपदेश दिएको स्पष्टै देखिन्छ । त्यसको उत्तरमा सुन्नेको चित्त नबुझेर उसले भन्नेको अर्थात् गुरु हुनेको अगाडि तत्कालमा यसो भन्यो - यो त साह्रै आश्चर्यको कुरो हो, त्यस्तो मनलाई रोक्नु, आफ्नो वशमा राख्नु, कसरी हुन सक्तछ र यो कुरा ? भन ए महापुरुष ! कसरी यो क्षणभरमा तीन-त्रिलोक चौधैभुवन चहार्न सक्ने अतिशय वेगवान् तथा बलवान् एवं समस्त प्राणीवर्गमात्रलाई भाँड्भैलो पार्न सक्ने क्षमताको, निरन्तर चञ्चले त्यस्तो मनलाई रोक्ने, वशमा राख्ने ? के वायुलाई आफ्नो वशमा पार, रोक, भन्दैमा कसैले त्यसो गर्न सक्ला र ? त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो यो कुरो पनि "चञ्चलं हि मनः कृष्ण ! प्रमाथि बलवद्दृढम् । तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम्" ।। अब उपदेश सुन्नेको यस्तो गुरू हुनेकै वाक्बन्द पार्नें ठर्रो ओठेजवाफले भन्ने - उपदेश दिने चाँहि केहीबेर सम्म त रनभुल्लै भयो, के गरूँ न कसो गरूँ ? भन्ने स्थितिमा पुग्यो । पछि आफ्नो अपौरूषेयमहामहिमासमृद्ध-सत्प्रतिभाले निम्नाङ्कित वाक्य ओकलेर सुन्नेको मुखमुद्रण गराई छोड्यो । असंशयं महाबाहो ! मनो दुर्निग्रहं चलम् । अभ्यासेन तु कौन्तेय ! वैराग्येण च गृह्यते ।। ए मेरी फुपू कुन्तीका सुपुत्र महाबाहु अर्जुन ! हो, तिमीले भनेको कुरा अक्षरशः सत्य हो । मन त्यस्तै छ र त्यसलाई रोक्नु, आफ्नु वशमा राख्नु हावालाई रोक्नु जस्तै असम्भव छ । परन्तु सुन ए मेरा प्रिय भाई अर्जुन ! त्यस्तो मन पनि रोकिने र आफ्नो वशमा पारि राख्न सकिने एउटा मात्र होइन अपितु माथि देखाइएका दुइटा कुरा छन् । तिनमा पहिलो हो - निरन्तर गरिरहिने अभ्यास । दोस्रो हो- दृष्ट-श्रुत (देखिएको र सुनिएको) सांसारिक विषय-वस्तु प्रतिको औदासीन्यमय वैराग्य, अर्थात् यी सारा विषय-वस्तु नाशवान् हुन्, अतः क्षणिक छन् । यिनको कामै निरन्तर आउनु र जानुमात्र हो । तस्मात् यी समस्त त्याज्य छन् । यिनबाट सर्वथा निर्लिप्त भएर वैराग्य लिई आफू आफ्नै काम (आत्मारामी हुनु न कि इन्द्रियारामी) मा लागि रहनुमा नै "उद्धरेदात्मनात्मानं नात्मान-मवसादयेत्" भनेझैं आत्यन्तिक श्रेयः प्राप्त हुन सक्तछ, भन्ने सुदृढ भावना जाग्रत् गराई राख्नु नै सर्वोत्तम वैराग्य कहिन्छ । तस्मात् यी दुबै कुराबाट साधक, उपासक जे भनौं त्यस्तो स्थितिमा पुग्न सक्तछ, इत्यादि । यस्तो भएर नै भनिएको हो "इन्द्रियेभ्यः परं मनः" ।

तथाकथित एवं उपर्युक्त-स्वरूप प्रदर्शित मन भन्दा निकै परको अर्थात् माथिल्लो तहको बुद्धितत्त्व हो, जसलाई चेतनशील प्राणीमात्र आफ्नो सर्वस्व मान्दछ र समस्त काम-कुराको गति-विधिमा अग्रगामी ठान्दछ । किन कि ? यही नै दशै-वटा इन्द्रियको परिचालक र नियामक त्यस मनस्तत्त्वको पनि मार्गदर्शक र प्रेरक हो । यसैद्वारा आदेश-निर्देश पाएर त्यसले हर एक काम-कुरो गर्नें-गराँउने गर्दछ । यता हेर्यौं भने विना बुद्धिको मनुष्यमा त्यस्तो संवेदनशीलता रहँदै रहँदैन र उपयुक्त समयमा कर्तव्य-कर्म गर्नै सक्तैन । जस्तो कि ग्रहाविष्ट एवं सुरापानादिद्वारा उन्मादग्रस्त व्यक्तिमात्रको व्यवहारादिमा देखिन्छ । यद्यपि त्यस्ताको पनि इन्द्रियहरू अभङ्ग तथा अक्षत रहेकै हुन्छन् र तिनको मनले पनि तिनमा आफ्नो प्रभाव पारेको एवं खटन-पटन गरेकै हुन्छ र देखिन्छ, तापनि तिनको संवेदनशील बुद्धितत्त्वले त्यस अवस्थामा त्यस्तो उपयुक्त केही काम गर्नै नसक्ने स्थितिमा पुगेको देखिन्छ । अरु यसो भनौं - यथार्थतः त्यस्तो अवस्थाको व्यक्तिभित्रको त्यो बुद्धितत्त्व सन्मार्गदर्शक एवं इन्द्रियप्रेरक भएर टिक्नै नसक्ने हुन्छ । यो सबैले जानी-मानी आएकै कुरा हो । विश्वमान्य अनुभवजन्य तथ्य हो । यी सबै उपरिवर्णित खण्ड-खाद्यले मनुष्यजीवनमा बुद्धिकै प्राधान्य रहेको छ ।

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राथमिक पृष्ठभूमि

प्रत्येक काम-कुरामा सद्‌बुद्धिको श्रेष्ठता उच्चकोटिको मानिएको छ । यो त्रिकालावाधित परम-सत्य हो । वर्तमान दृष्ट-श्रुत विश्व-ब्रह्माण्डनिर्माणमा र त्यसका अङ्ग-प्रत्यङ्गभूत विविधविध-जीवननिकाय-संरचनामा त्यसै बुद्धिको परिपक्वता र महत्ता तथा अर्थवत्ता परिलक्षित भइ रहेकोछ । यसैले भनिएको हो, मनसस्तु पराबुद्धिः ।

अब यहाँ माथिको पद्यमा भनिएको "यो बुद्धेः परतस्तु सः" भन्ने श्लोकांशद्वारा निर्देशित सः यो तच्छब्दले इङ्गित गरेको तत्त्व हो प्रसङ्गोपात्त त्यही आत्मा, जसलाई विशुद्धावस्थामा संस्थित हुँदा परमात्मा तथा परब्रह्म भनिन्छ । यसै तत्त्वका प्राप्तिका निमित्त ब्रह्माण्ड-सृष्टिको आदिकालदेखि नै समस्त प्रबुद्ध जीववर्गमात्र नाम-रूपात्मक विषय-प्रपञ्च-निरसन गरेर सम्पूर्ण वस्तु वा पदार्थमात्र त्यस तत्त्व-प्राप्तिको निमित्त अपूर्ण एवं असमर्थ छन् भन्ने मान्दै र श्रुतिवाक्यको अन्तर्गत नेति-नेति भन्ने ठान्दै केवल त्यही एक तत्त्वमात्रमा अड्दै आएको अनुभूत गरिंदैछ । परन्तु त्यो तत्त्व (आत्मा अथवा ब्रह्म) भने त्यस्ता व्यक्तिले प्राप्त गर्नै सक्तैन, जसमा विद्याभिमान एवं धन-जन आदि वस्तुमात्रको उच्चकोटिको सुदृढ-गर्व साथको दर्प रहेको हुन्छ । "न विद्यया न प्रजया न धनेन त्यागेनैके अमृतत्वमानशुः" इत्यादि वेदले भनेझैं त्यस तत्त्वको प्राप्तिमा मुख्य एवं प्रधान-कारण केही छ भने केवल यौटै त्यागमात्र छ, अर्थात् लौकिकालौकिक विषय-वस्तुमात्रको परित्याग । यस्तो त्याग पनि दुइ प्रकारको हुन्छ । पहिलो उपभोगको इच्छा हुँदा हुँदै पनि न पाएर गरिएको त्याग । दोस्रो पाएका आफ्नो अधिकार भित्रका र आफैंभित्र निरन्तर लेपासिएर टिकेको काम, क्रोध, लोभ, मद, मात्सर्य आदिका अन्तर्गत विषय-वस्तुको सद्विद्या-विवेक-बुद्धिद्वारा सुसमृद्ध स्वेच्छिक परित्याग । यही नै सर्वोत्तम त्याग हो । यसले नै त्यसको परिणाममा सजिलै सँग त्यस तत्त्वको प्राप्ति गराउँछ भन्ने कुरा स्पष्टतया अभिव्यञ्जित भइरहेकै छ । यसै हेतुले धेरै जसो मृत्युयातनाभयाक्रान्त हामीहरू प्रतिदिन त्यही सर्वसमर्थ परब्रह्म-परमात्मासँग "मृत्योर्मामृतं गमय, असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय" इत्यादि भनेर आत्मसुख-प्राप्तिको निमित्त निरन्तर प्रार्थना गरिरहेका छौं । परन्तु त्यस्तो न भई, यस्तो भनेर, बकेर मात्र केही लछारिने होइन । जुनसुकै पनि काम-कुरो सिद्ध गर्न साधकले तदुपयुक्त-साधन जोर्नै पर्दछ, न भए साध्य वस्तु वा कुरो भेट्टाउने सक्तैन । यो कुरा त हामी सबैले मानि रहेकै छौं । उपर्युक्त वैदिक-महावाक्यका आधारमा त्यस तत्त्व-प्राप्तिको निमित्त त्यस्तै त्यस्ता साधन, उपकरण जोर-जम्बा गरी दोस्रो खालको त्यस्तो लौकिकालौकिक विषय-वस्तु परित्याग गर्ने महामानवहरूमा देवर्षि नारद, ब्रह्मर्षि वसिष्ट, याज्ञवल्क्य, उद्दालक एवं दधीचि र राजर्षि विश्वामित्र एवं विदेहवंशी जनक आदि नै प्रधान छन् । जुन हामी शाश्वत-वैदिक धर्मावलम्बीहरूका पूज्य-पूर्वज हुन् र सदैव नमस्य, अभङ्गोपासितधर्मा तथा अनुकरणीयसत्कर्मा छन् । पछिका व्यक्तिहरूमा विशेषतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीले हाम्रा भनेर घोषित गरिएका त्याग र तपस्याका सुमहान् मूर्तरूप सिद्धार्थ-गौतमै हुन्, जसलाई शुद्ध-प्रबुद्ध भएकोले नै बुद्ध भन्दछन् र पञ्चशीलका उपदेशक मान्दछन्, जसको यथार्थता र सच्चरित्रता तथा सत्यता ग्रहण गर्ने उपयुक्त क्षमता हामी उनैका निकटस्थ कहलिएका व्यक्तिहरूमा पनि साह्रै साह्रै नै न्यून भएको जस्तो छ, जब कि सारालाई परमार्थले भन्दा स्वार्थले नै वशीभूत पारेको छ ।

तस्मात् यिनै सारा कुराले निरन्तर सम्पृक्त हुँदा मरणभयाक्रान्त-मानवसमुदायको विशेषतः हाम्रो समाजको प्रतिक्षण बढिरहेको अप्राप्त वस्तु प्राप्तिका लागिको सांसारिक विविध-वेदनामय असह्य चर्को-फर्को निमिख्यान्न पार्न, आफ्नो राष्ट्रभाषाको माध्यमले निरन्तर हित-भलो हुने काम-कुरो यस्तो त्यस्तो वैदिक-वाङ्मय-निर्देशित समस्त आदिकालीन शिक्षा-संस्कृति आदिको कठिन श्रमसाध्य-परिशीलनद्वारा परिनिर्देशन गराएर उहाँहरूको सद्आत्मामा सार्न, ग्रन्थको उत्थान देखि अवसान सम्मका विषय-वस्तुको निर्देश-माध्यमले प्रदर्शित परात्ममय-सारतत्त्व अ-आफैंमा भर्न र तदनुरूप वैदिक धर्मानुगत-सदाचारिता सम्पन्न हिन्दू-धर्मिताको महत्ता ग्रहण गर्न एवं गराउन, यो मेरो कुराले होइन अपितु कामैले गरेर देखाएको आफ्नो समाज-प्रतिको राष्ट्रिय महान् त्याग हो । जो समयमा सम्बद्ध-व्यक्तिमात्रलाई त्यसो गर्न गराउन अवश्य सफल हुने नै छ । अफ आशा राख्तछु कि यस ग्रन्थरत्नलाई विश्वमा सर्वोत्तम-भाषा मानिने र सर्वविध भाषा-जननी ठानिने संस्कृत-भाषामा परिणत गरेर समय र द्रव्यले दिए, सहयोग गरे विश्वको उना-कुना व्याप्त गराई छोड्नेछु । इत्यादि ।

अन्तमा यो ग्रन्थ लेख्न थालेदेखि न सकियुञ्जेलसम्म निरन्तर लगाइएको सुविशुद्ध मनले, सतत परिश्रम गरिरहेको र अठसट्ठी वर्ष बिताई सकेको भएपनि भगवत्कृपाद्वारा निरन्तर स्वस्थ रहेको यो तनले, एवञ्च भारतीय-सदसद्विवेकी र परगुणग्राही उच्चस्तरीय महानुभावहरूले मैले लेखेका अमरलोक-निवासीहरूको भाषा-संस्कृतमा र भारतीयहरूको भाषा हिन्दीमा लेखिएका ग्रन्थरत्नहरू निरीक्षण-परीक्षण आदि गरेर उपयुक्त ठानेर र मानेर सुयोग्य-उपाधिको साथै दिएको हजारौं-हजारको पुरस्कारको सुसञ्चित द्रव्यराशिले तथा च त्यसले पनि न पुग हुँदा आफ्नी-धर्मपत्नीले सद्भावनापूर्वक दिएका आफ्नो नाक-कानका सुवर्णका टुक्रा-टाक्री बेच्ता जम्मा भएका केही अर्थले र तदनन्तरको न्यूनतामा परिपूर्णता भर्न आफ्नो 'काव्यप्रासाद' नाम रहेको टाउँको लुकाउने छाप्रो, धितो राखी सयकडा २५ % सम्म ब्याज दिने प्रण गरी लिएको ऋण-रूप धनले प्रस्तुत-पुस्तक मुद्रण गरी वैदिकदेवता अग्नि वायु सूर्य र वरुण तथा यम आदिको अप्रत्यक्ष सान्निध्यमय आफ्नो एकान्त निवासस्थलमा स्वयंले यो ग्रन्थरत्न समुद्घाटन गरी त्यस्तै त्यस्ता शाश्वत- वैदिकधर्मावलम्बी मेरा अत्यादरणीय्वार्तमानिक राजा देखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राथमिक पृष्ठभूमि

रङ्कसम्मका हिन्दू-जनताको र भावी-परगुणग्राही नेपाल अधिराज्यमा उत्पन्न हुने राष्ट्रिय प्रिय-सन्ततिमात्रको श्रीकर-कमलमा यो मेरो आफ्नो राष्ट्र एवं राष्ट्रिय-व्यक्तिप्रतिको सानो, ठूलो जे भनौं त्याग-तपस्यामय वैदिकवाङ्मयरूप सद्ग्रन्थरत्न सादर सप्रेम समर्पण गर्दछु र भन्दछु कि यस ग्रन्थले आफ्नो अत्युच्च आध्यात्मिक-क्षेत्रको परम एवं चरम ब्राह्मी-स्थितिमा पुऱ्याएर त्यसैसँग दाँजिन र राष्ट्रको सुविशद-विकास सुसम्पन्न गर्नमा, आधारभूत आवश्यकता-पूर्तिमा जस्तो केही न्यूनता छ भने अवश्यमेव निर्धारित समयभन्दा शीघ्रातिशीघ्र परिपूर्णता भर्दै टुङ्गोको आत्यन्तिक श्रेयःप्राप्तिरूप टुङ्गो (ब्रह्म) मा पुऱ्याइ छोड्नेछ । इत्यस्तु शम्

"काव्यप्रासाद"
टङ्गल-गहिरीधारा
काठमाडौं २ नेपाल

सत्-असत् छुट्याँउन सक्ने विवेकी एवं परगुणग्राही
ईर्ष्या-द्वेष-विहीन वैदिकधर्मी व्यक्तिमात्रको
श्रीचरणानुरागी लेखक - कृष्णप्रसाद शर्मा घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीचरणशरण-ग्रहणार्थ

●

सर्वव्यापक प्रभो !

आषाढका दिन-समान बढीरहेका छन् पाप-ताप भगवन् ! अधिका गर्दैका ।
गल्दोछ देह, बल छैन, शरन्नदीको पानी सुके सरह सुक्तछ शक्ति मेरो ॥
वाक्बाण ठीक खलका अपमान नाना, पिर्छन् अनेकथर दुःख लिई बहाना ।
मेरा प्रभो ! अब मरें, सकिएं म पक्कै,तस्मात् म निःशरणमाथि कृपा हओस् है ॥

यसरी चिच्याउँदै रूने
प्रस्तुतग्रन्थ-लेखक र अर्थसहायिका
लेखककी धर्मपत्नी-द्वयको
भौतिक-पिण्ड



परिपूर्ण ६८ वर्ष र ६३ वर्षको पति-पत्नीको
उपस्थापित-प्रतिविम्ब
कृष्णप्रसादशर्मा घिमिरे
कृष्णकुमारी घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसैको उसैले उसैको लागि मूर्तामूर्त उसैका श्री चरणयुगलमा उसैका विषयको प्रस्तुत ग्रन्थ-समर्पण

समस्त वैदिक-वाङ्मय अन्तर्गत मुक्ताऽमुक्त विशुद्ध एवं प्रबुद्ध नामरूपधारक आत्माले दृश्य-श्रूयमाण अनन्त ब्रह्माण्ड त्यही हो र त्यसैद्वारा उद्भूत, बर्धित एवं संहृत हुन्छ, तथा एकमात्र त्यही त्रिकालावाधित सत्-चित्-नित्यानन्दमय छ, व्यष्टि-समष्टि-स्थानापन्न त्यसैले आफूमा सुसञ्चित इच्छा, ज्ञान एवं क्रियाशक्तिका माध्यमले "एकोऽहं बहु स्याम्" इत्यादि सोच्दै आत्मलीलाविनोदार्थ मूर्तामूर्त अनन्त विश्व-ब्रम्हाण्डको संरचना ग-यो भने, भने र यस (लेखक) लाई पनि त्यसैभित्रको गने भने, यसले पनि त्यसैका लागि व्यष्टिरूपमा स्वान्तःसुखको आत्म-सन्तोषको परम तथा चरम वेदोक्त शाश्वत-शान्ति-प्राप्तिको उद्धेश्यले एवं तथाविध-सच्चिदानन्दात्मकता प्राप्तिको सल्लक्ष्यले, स्वपूर्वसंस्कारोपार्जित विवेकवती सुबुद्धि र प्रतिभाको माध्यमले विनिर्मित, अपितु सुसंकलित, उसैका विषयको यो सद्ग्रन्थ-रत्न मूर्तामूर्त त्यसैको श्रीचरणयुगलमा "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम्" भन्ने वैदिक-सिद्धान्तानुसार साल्हादित स्वान्तःकरणले समर्जित एवं सुसञ्चित धनले, त्यसैका अकम्पानुकम्पाले, निरन्तर स्वस्थ र स्वच्छ रहेको यो तनले एवञ्च प्रतिदिनको दस घण्टापर्यन्तको यसलाई मूर्त (साकार) बनाउन निरन्तर महिनासम्मको ऐकान्तिक वैदिक-वाङ्मयरूप अनन्त शब्द-सिन्धुमा-विन्दुरूपले नै भएपनि आलोडन-प्रत्यालोडन गर्नमा सतत संलग्न मनले, त्यसैलाई सर्वोच्च शक्तिस्रोतः जानी, ठानी र मानी सादर समर्पण गरें ।

परन्तु हरे, हरे, सुन ए त्यस्ता तिमी, साह्रै सस्ता तर कस्ता-कस्ता भन्नै नसकिने जस्ता, अप्राप्य, अखिल ब्रम्हाण्डका एकमात्र मालिक प्रभो । "अशब्दमस्पर्शमरूपमव्ययं तथारसं नित्यमगन्धवच्च यत्" यस औपनिषद्वाक्यका आधारमा वस्तुतः तिमी त्यस्तै शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँचै तत्त्व-विहीन छौ भने, खोई ? मेरो यो उपर्युक्त वाक्यावली के सुन्लाउ ? के लेलाउ ? त्यस्ताले, जसको कानै छैन, मुखै छैन, छाला छैन, आँखा छैन र नाकै छैन । राम, राम ! त्यस्ता संग भन्नु नै पो के ? आधारै न भै आधेय वस्तु कहां रहन्छ ? र भन्नु । तथापि "सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् । सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति" यै वैदिक-वाक्यको आड-भरोसाले सुमहती आशा छ कि, पूर्व-निर्देशित वाक्यमा उल्लेखित नित्य र अव्यय यी दुबै शब्दद्वारा लक्षणा व्यञ्जना ध्वनि आदि वृत्तिबाट स्वानुभूत हुने त्यै त्यस्तो तिमी नित्य एकरस अविनाशी तथा सत् एवं चित् र आनन्दात्मकै हौ र वैदिक-सिद्धान्त-सम्मत "कर्तुमकर्तुमन्यथाकर्तुं समर्थ छौ भने, यस्तो विषय-वस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरै हो र मेरै निम्तिको हो, मै जस्तो हुनेहरूका लागिकै हो । तस्मात् तैंले अपैंको यो शाश्वत वैदिक-धर्मसिद्धान्त-निर्देशक सद्ग्रन्थ-रत्न तेरो-मेरो निमित्तकै हो, भन्ने ठान्छौं अथवा अन्ततोगत्वा "तं मै हुँ, म तैं होस्" भन्ने शास्त्रीय उपादान, निमित्त, प्रत्यक्ष, ऐतिह्य (अनुमान) तर्क तथा आप्तवाक्यादि प्रमाणहरू बाट तत्त्वतः सिद्ध छ, भन्ने मान्छौ भने, ए अनाथका नाथ ! सहर्ष स्वीकार गरिहाल, विभो ! हे अनन्तदयादाक्षिण्यसिन्धु ! हे दीनबन्धु ! तिमी स्वतः नामरूपोपाधि-विहीन छौ तापनि माथिका सद्युक्तिका आधारमा तिमी स्वयं तल्लीन छौं, तदन्तर्निगूढ छौ । तस्मात् तिम्रो त्यो त्यस्तो सर्वोच्च महत्ता एवं अखिल-ब्रम्हाण्ड-व्यापकता तथा सर्वातिशायिनी-गुरूताको अनिर्देश्य-सत्ता नत्र कसरी हुन आउला विद्यमानता ? अरूले कसरी त्यो तिम्रो रीति-स्थिति तथा गति-विधिका हालको पाउन सक्लान् र त्यस्तो चाल ? यी सब खण्ड-खाद्यले पनि समयमै होस गर, नाथ ! तिमी स्वयं नियमबद्ध छौ तापनि कर्तुमकर्तुमन्यथाकर्तुं समर्थ जो छौ नि!। पुनः सर्वथा अच्युत छौ । अब यसलाई आफूमा स्थिर राख्न, अच्युतैले गर्ने जस्तो काम गर, न कि हामी जस्ता स्वकर्ममा च्युत हुनेले गर्ने जस्तो, अपितु हामी जस्ता सांसारिक विषय-वस्तुमा सतत सम्बद्ध भएबाट नै विश्व-प्रपञ्चमा निबद्ध व्यक्तिमात्रको उद्धार गरेर आफ्नो अच्युतनाम सार्थक बनाउ । नभए भरे, क्यै गरे तल-माथि परे, तिम्राले र तिम्रा हुन चाहने त्यस्तै कर्म गर्नेहरूले के भन्लान् भरे ? त्यस्ताले पनि त्यस्तो गरे, हरे, हरे, यो दृष्टान्तमा अमुक-व्यक्ति झरे र भव-चक्रचंक्रमणमा फेला परे । तस्मात् यो मेरो सबभन्दा सानो तर पढ्दा, निरन्तर यसैमा गढ्दा, निकै ठूलो, खास गरेर आफ्नो राष्ट्रिय-भाषाको माध्यमबाट विश्वमानव-मात्रलाई दिएको सद्विद्याशिक्षणरूप महादान स्वीकार गरे, गरे ।

काव्यप्रासाद
टंगाल-गहिरीधारा काठमाण्डू २
२०४५ भाद्रशुक्ल-पञ्चमी

तिम्रो वा उहीं तिमी नै
"अणोरणीयान् महतो महीयान्"
कृ.प्र. घिमिरेनामक-जीवात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिकवाङ्मय

ब्रह्म (निर्गुण, सगुण) वेद, उपवेद, उपनिषद्, ब्राह्मण, एवं आरण्यक-ग्रन्थ, वैदिक-आर्यधर्म, शिक्षा-संस्कृति, रीति-स्थिति तथा सत्यतत्त्वार्थयुक्त सदाचारिता-सम्बद्ध हिन्दूत्वाधारित.

उहिलेदेखि अहिलेसम्म

वैदिककाल

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवशिष्यते ॥

ॐ शान्तिः शान्तिः शान्तिः

सर्वप्रथम हामी स्वतन्त्र एवं अखण्ड नेपाल-राष्ट्रवासी वैदिक धर्म-कर्मावलम्बी आर्यत्व-परिपूर्ण हिन्दू-जनता आफूले गर्न थालेका सत्कर्मको परिपूर्तिका निमित्त सर्वतः परिपूर्ण परब्रह्म-परमात्माको आराधना गर्दै पूर्णत्वप्राप्तिका लागि अभ्यर्थना गर्दछौं, जो यो देख्न सकिने र नसकिने अनन्त विश्व-ब्रह्माण्ड परिपूर्ण सच्चिदानन्दात्मक त्यही परब्रह्म बाटै निस्किए तापनि जो सर्वथा त्यसबाट पृथक् (अलग्ग) रहन्छ एवं जो त्रिकालावाधितपरिपूर्ण छ, पहिले थियो, अहिले छ र पछि रहनेछ ।

आप्यायन्तु ममाङ्गानि वाक् प्राणश्चक्षुः श्रोत्रमथो बलमिन्द्रियाणि च सर्वाणि । सर्वं ब्रह्मौपनिषदं, माहं ब्रह्म निराकुर्यां, मा मा ब्रह्म निराकरोत् । अनिराकरणमस्त्वनिराकरणं मेऽस्तु तदात्मनि निरते य उपनिषत्सु धर्मास्ते मयि सन्तु, मयि सन्तु ॥

ॐ शान्तिः शान्तिः शान्तिः

माथिका त्यस्ता विशेषण लागेका हाम्रा सारा इन्द्रिय वाक्, प्राण, चक्षु, श्रोत्र आदि साथैका बल-वीर्य सच्चिदानन्दात्मक ब्रह्म-रसले निरन्तर आप्यायित (भिजेका) हुन् । यो सारा देखिने र सुनिने समस्त ब्रह्माण्ड उपनिषद् (चारै वेदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार, ज्ञानकाण्ड अथवा ब्रह्मविद्या)मय छ । यस स्थितिमा म कहिल्यै पनि त्यो ब्रह्मको निराकरण न गरूँ र मलाई पनि त्यो ब्रह्मले निराकरण न गरोस् । अन्तमा मेरो आत्मा यस शरीरबाट हट्ता-नहट्तै ती हाम्रा पूज्य-पूर्वज (आदिकालीन ऋषि-मुनिहरू) बाट सुसंकलित उपर्युक्त उपनिषद्‌परक एवं तिनका महत्त्व-निर्देशक परम तथा चरम धर्महरू ममा सुस्थिर हुन् ।

ॐ आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामाराष्ट्रे राजन्यः शूर इषव्योऽतिऽव्याधी महारथो जायतां दोग्ध्री धेनुर्वोढाऽनड्वानाशुः सप्तिः पुरन्ध्री योषा जिष्णू रथेष्टाः सभेयो युवाऽस्य यजमानस्य वीरो जायतां निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो न ओषधयः पच्यन्तां योगक्षेमो नः कल्पताम् ॥

ॐ शान्तिः शान्तिः शान्तिः

●

प्रार्थनागर्भक शुक्लयजुर्वेदको यो कण्डिकाद्वारा हामी आर्यत्व-सम्पन्न हिन्दू-जनता राष्ट्रको राष्ट्रिय-अखण्डता तथा स्वतन्त्रता-संरक्षणपूर्वक आध्यात्मिक आधिदैविक र आधिभौतिक समुन्नतिको लागि एवं च इहलोक-परलोक-सम्बद्ध सुख, स्वास्थ्य र अनन्त आत्मिक-वैभव प्राप्तिको निमित्त, हे परब्रह्म परमात्मन् ! यस्तो प्रार्थना गर्दछौं कि - "हाम्रो यो राष्ट्रमा ब्रह्मत्व-सुशोभित एवं सर्वोच्च यो राष्ट्र हाम्रो हो" भन्ने धारणा बलियो भएका ब्राह्मण-देवहरू उत्पन्न हुँदै रहुन् । शूर, वीर, शस्त्र-अस्त्र आदि प्रहार गर्न प्रवीण तथा शत्रुहरूका मर्मविदारक एवं विपुल-बलशाली महारथी क्षत्रियहरू आविर्भूत हुँदै गरून् । धन-धान्य भरिभराउ पारिदिने र ठूला-ठूला उद्योग गर्ने उदार हृदयका वैश्यहरू धेरै-धेरै संख्यामा जन्मियुन् । प्रशस्त दुध दिने साह्रै राम्रा-राम्रा गाईहरू तथा निकै-निकै भारी बोक्न सक्ने उत्तमोत्तम गोरूहरू (बैल) हुन् । त्यस्तै अतिचाँडै दौड्न सक्ने सुन्दर-सुन्दर घोडाहरू आविर्भूत हुँदै जाउन् । सदाचारी सुन्दरी सन्नारीहरू उत्पन्न हुँदै रहुन् । हाम्रा यजमान (कार्यकर्ता अथवा साधक) लाई राम्रा गोरू, राम्रा रथ एवं वाहनहरूमा चढेर विजयी हुने वीरत्व-सुसम्पन्न सर्व-समर्थ यशस्वी वीर पुत्र उत्पन्न होओस् । समय-समयमा हाम्रो लागि राम्रो वर्षा (सुभिक्ष) होस् । गहुँ, चामल, दाल आदि सदन्नहरूका साथै साह्रै चाँडो फल दिने औषधि (जडिबूटीहरू) परिपक्क हुँदै रहुन् । हाम्रो राष्ट्रमा योग (न पाएका वस्तुको प्राप्ति गरिदिने) क्षेम (पाएका वस्तु) को संरक्षण गरिदिने) यी दुवै कार्यक्रम राम्रो सँग चलिरहोस् ।

ॐ यां मेधां मे देवगणाः पितरश्चोपासते ।
तया मामद्य मेधया मेधाविनं कुरू स्वाहा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन मेधा (धारणाशक्ति सम्पन्न सद्बुद्धि) प्राप्तिको निमित्त समस्त देवगण तथा पितृगण तिम्रो उपासना गर्दछन्, त्यही मेधाले हे वैदिक देवता अग्निदेव ! अब मलाई पनि मेधावी (सद्विद्यासम्पन्न) प्रज्ञावान् बनाई देउ । यसैका निमित्त यो मेरो आत्मसमर्पण पूर्वकको स्वाहाकार छ । (स्वीकृत गर) ।

ॐ मेधां मे वरुणो ददातु मेधामग्निः प्रजापतिः ।
मेधामिन्द्रश्च वायुश्च मेधां धाता ददातु मे स्वाहा ।।

मलाई भगवान् वरुणदेवले त्यही मेधा दिउन् । भगवान् अग्निदेव तथा प्रजापति त्यही मेधाले सुसम्पन्न पारून् । त्यस्तै भगवान् इन्द्र, वायु, विधाता यही मेधाले परिपूर्ण बनाउन् । म यो उपासनाद्वारा स्वाहाकार समर्पण गर्दछु ।

ॐ इदम्मे ब्रह्म च क्षत्रञ्चोभे श्रियमश्नुताम् ।
मयि देवा ददतु श्रियमुत्तमां तस्यै ते स्वाहा ।।

यहां ब्राह्मण-क्षत्रिय दुवैथरी सर्वोत्तम श्री प्राप्त गर्न सकुन् । उपरि-निर्देशित देवताहरू अनन्त श्री-सम्पत्ति दिउन्। हे देवि ! त्यस्ती तिमीलाई म यो आराधनात्मक स्वाहाकार टक्र्याँउछु, स्वीकार होस् ।

सरस्वतीवेन्दुकलोद्गता करैः सरस्वतीव श्रवणामृतैः स्वरैः ।
सरस्वतीवोर्मिभिरीश्वरस्तवैः सरस्वती वर्षतु वः सुधामिमाम् ।।

समुद्रबाट निस्किएकी चन्द्रकला जस्तो आफ्नो शीतल तथा शान्तिदायी किरणसमूहले अमृत वर्षा गर्दछिन्, जस्तो सरस्वती (वीणा) आफ्नो सुमधुर श्रुति-मनोहर स्वरले सहृदय पुरुषको कानमा पीयूष(अमृत) वर्षा गर्दछिन्, जस्तो सरस्वती नदी आफ्नो सुशीतल जल तरङ्गले सुधावर्षण गर्दछिन्, ठीक त्यस्तै, मेरो वाक्धारा पनि त्यो परब्रह्म-परमात्माको सस्तुतिद्वारा तपाँईहरू जस्ता वैदिकधर्म-प्रेमी सहृदय पाठक-महानुभावहरूका निमित्त अमृतत्व-वर्षण गरिरहोस् ।

अब म यहां सर्वप्रथम हामीले सामान्यतया प्रतिदिन गरिने स्नान-दानादिका सत्कर्ममा र विशेषतः उस्तै पर्दा, मर्दा एवं ठूला-ठूला यज्ञ-यागादिका पावनतम अनुष्ठान आदि गर्ने-गराउने सौभाग्य पर्यन्त आइपर्दा केवल वाक्यमात्र बदलेर भनिने अथवा गरिने पूर्वकर्माङ्गभूत संकल्पको निम्नांकित स्वरूप प्रदर्शन गराउछु । किन भने ? यसलाई यहीं पहिले नै देखाई राखे पाठकवर्गलाई पछि सम्म राम्रैसंग प्रस्तुत-ग्रन्थगत रीति-स्थिति बुझ्न एवं गति-विधि बोध गर्न साहै सजिलो हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत-ग्रन्थ लेखकको सत्संकल्पः

हरिः ओम् तत्सत्, तत्सत्, ओम्, विष्णुर्विष्णुर्विष्णुः ओम्, अद्येह श्रीमद्भगवतो महापुराणपुरुषस्य श्रीविष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे मनौ सप्तमेऽष्टाविंशतितमे कलियुगे तत्प्रथमचरणे जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गत-हिमवत्पर्वतैकदेशे नेपालदेशे, पशुपत्यादिराष्ट्रदेवीदेवतासन्निधाने पवित्रतमेऽस्मिन् टङ्गल-गहिरीधारा-नामकस्थाने संस्थितः शुक्लयजुर्वेदीय-माध्यन्दिनीय-वाजसनेयिशाखावलम्ब्यार्षकाश्यपगोत्रः कश्यप आवत्सारो नैध्रुव इति त्रिप्रवर ईश्वरीप्रसादाभिधः कृष्णप्रसादशर्मा 'घिमिरे' इत्युपनामाऽहं वैदिकवाङ्मय-नामकं पुरुषार्थचतुष्टयप्राप्तिपरकमादिकालादद्ययावद् परब्रह्मवेदोपनिषत्स्थितिनिर्देशन-सृष्टिस्थितिविकासनिरूपणादिगर्भकं वैदिकशाश्वतधर्मानुगतमार्षीहिन्दूत्वाधारितं चतुर्वर्णाश्रमधर्मकर्मादिभिरामूलचूडमलङ्कृतं वैदिकवाङ्मयशिरोमणिभूतं ग्रन्थरत्नमिदं वैक्रमसम्वत्सरस्य २०४५ मितस्य ....मासे .... पक्षे श्रीसूर्ये .... राशिस्थितेऽन्येषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु सकलयोगलग्नादिसुमुहूर्तान्विते शुभेऽस्मिन् दिवसे सुमहतान्वेषणजन्यपरिश्रमेण, सत्प्रयत्नेन विलिख्य सुसम्पाद्य च तत्तद्विषयवस्तुप्रियेभ्योऽस्मद्राष्ट्रियपुरुषेभ्यः सत्पात्रेभ्यो भाविसन्ततिभ्यश्च सम्यगध्ययनार्थं प्रदाय स्वरचित-संस्कृत-नेपाली-हिन्द्यादिविविधभाषा-स्वनेकग्रन्थलेखनजन्य-स्वराष्ट्रसेवागर्भकं राष्ट्रिय-शिक्षा-संस्कृतिसाहित्य-लालित्यप्रबर्धनहेतुभूतं राष्ट्रियकला-कौशलादिसमृद्ध्युपयोगिकमदो विसृज्य च सुमहत्त्याग-रूपेण महाविद्याप्रदानकामनया तेषां कृते यथामति सदुपयोगार्थमभ्यर्थ्य च यथासमये ब्रह्मलीनो भविष्यामीति सत्संकल्पः ।

विषय-निर्देश

वैदिकधर्म-प्रेमी श्रद्धेय हिन्दूवर्ग ! अब म यहां प्रस्तुत-ग्रन्थ लेखनारम्भ गर्नु भन्दा पहिले यसमा वर्णित एवं संस्थापित तथा प्रतिपादित विषयहरूको प्रियपाठक-वृन्दमा राम्रै बोध हओस्, भन्ने हेतुले यसको पूर्वरूप देखांउछु । जो यस्तो छ ।

यो दृश्य-श्रूयमाण अनन्त विश्व-ब्रह्माण्डका उद्भावक अतर्क्य-महामहिमाशाली सच्चिदानन्दात्मक परब्रह्म (निर्गुण) परमात्मा (सगुण) को पूर्वस्थिति र सृष्टि-प्रपञ्च उत्पादन तथा संरक्षण-परिबर्धनक्रममा सर्वप्रथम निःश्वासरूपमा वेदराशिको प्रकटन एवं तिनैमा सम्पृक्त असंख्य कल्पमध्यमा वितेका कल्पको नियमानुसार क्रमशः समुत्पन्न देवर्षि-ब्रह्मर्षि-राजर्षिहरूद्वारा समय-समयमा संकलित वेदाङ्ग, उपनिषद्, मन्त्र-ब्राह्मणभाग तथा आरण्यक एवं अन्य स्मृति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीतिग्रन्थ, कल्प-गृह्यसूत्र आदि महत्तम ग्रन्थादि निर्माण र तत्तद्विषय-वस्तुको उत्पत्तिको निर्देश साथै भूगोल-खगोल-वर्णनात्मक प्रसङ्गमा संक्षेपतः द्वीपान्तरहरूको र विशेषतः जम्बूद्वीपको स्वरूपाकलन गर्दा भारतवर्षको शिरोमणिभूत हाम्रो राष्ट्रको महत्त्व प्रदर्शनको साथै विश्व-ब्रह्माण्ड भरीका चतुर्विध प्राणीको उद्‌भूति र स्थितिमा आधारित वैदिक चातुर्वर्ण्य-धर्म-सुसमृद्ध आर्यत्वविभूषित विशिष्ट-शिष्ट हिन्दू-पूर्वजहरूको पूर्वस्थितिका स्वरूपमा सिंहावलोकन गर्दै तदनन्तरका गतिविधिहरूका रूप-रेखाभित्र वैदिकधर्म, शिक्षा-संस्कृतिहरूको स्वरूप प्रदर्शन तथा हाम्रो राष्ट्रदेव-देवी एवं राष्ट्रनायक-नायिका सम्मको र हाम्रो आर्यत्व, हिन्दूत्व, प्रतिपादन गर्नु आदिका काम-कुरालाई नै अगाडि सार्दै "वैदिकावाङ्मय" यो नाम राखेर उपरिवर्णित विषय लिएर आदिकाल देखि वर्तमानकाल सम्मको रीति-स्थिति देखाएर लेख्न थालिएको यो ग्रन्थमा ती ती विषय-वस्तुहरूलाई नै प्रधानता दिएकोछु ।

पुनः हाम्रा प्राचीनकालका पूज्य-पूर्वजहरूको नाम, काम, धाम र मामको सुखद एवं सन्तुष्टिप्रद व्यवस्था-सञ्चालन परिपाटीको निर्देशन-क्रममा तत्तत्कालानुकूल धर्माचरण, प्रबर्धन, प्रसारण, एवं शिक्षासंस्कृति-संरक्षण तथा विशिष्ट-शिष्ट-हिन्दूत्वप्रतिपादन गर्नुका साथै हाम्रो राष्ट्रियता-प्रदर्शन पूर्वक यिनमा सर्वप्रथम अत्यावश्यक देखिएको सदाचारिताको स्वरूपाकलन गर्ने लक्ष्य राखेकोछु । निर्देशन अथवा वर्णन क्रमबद्ध छ । यस्ता विषयमा अगाध श्रद्धा एवं उत्कट रूचि राख्ने राष्ट्रियता-समृद्ध त्यस्तै त्यस्ता व्यक्ति, परिवार र समाजैलाई स्थायीरूपको यथार्थतथ्य बोध होस्, आफैं पनि त्यस्तै हुन् र त्यस्तै गराँउन समाजलाई पनि प्रेरित गर्दै जाउन् भन्ने उद्देश्य लिएकोछु ।

तस्मात् यिनै पूर्वप्रस्तुत विषय-वस्तुहरूमा मन एकत्रित भइरह्यो भने, तिनैमा रमिरह्यो भने, तिनै काम-कुरा कार्यरूपमा परिणत गर्न लागि रह्यो भने त्यो परब्रह्म-परमात्माको त्रिकालावाधित सच्चिदानन्दात्मक प्रकाशले निरन्तर प्रोज्ज्वल भइरहेको र गतिशील बनेको यो हाम्रो पाञ्चभौतिक पिण्डान्तर्गत आत्मा (जीव) अन्ततोगत्त्वा तदेकता प्राप्त गर्न सक्तछ, भन्ने विषयलाई नै यसमा विशेषतः प्रतिपाद्य, विवेच्य र ज्ञातव्य विषय-वस्तु बनाएकोछु, जस्तो वेद-भगवान् भन्दछ- तज्ज्ञात्वा तदेव भवति, ब्रह्म वेद ब्रह्मैव भवति । इत्यादि ।

ब्रह्मको पहिलो स्थितिकाल

भूत, वर्तमान तथा भविष्यत् यी तीनै कालमा अपरिहार्य एवं अप्रतिहत सत्, चित् र आनन्दमा मात्र रमिरहने त्यो परब्रह्म-परमात्मा जो कर्तुमकर्तुमन्यथाकर्तुं सर्वसमर्थ छ, प्रलयावस्थामा नाम-रूप आदिका सारा उपाधिहरूद्वारा विहीन भएर केवल सर्वव्यापक-रूपले "हिरण्यगर्भ" नामको योटै पिण्डाकारमा अवस्थित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु त्यस समयमा पनि, त्यस्तो भएर रहँदा पनि त्यस स्थितिको त्यो परब्रह्म, "म अमुक-समयमा यस अवस्थाबाट जागूँ (प्रबुद्ध होऊँ) र क्रियाशील बनूँ" भन्ने सुदृढ धारणा लिएको-लियै त्यस्तो भएको हुँदा सृष्टिकाल प्रारम्भ हुनु भन्दा केही अघिसम्म त्यस्तै अवस्थामा रहिरहन्छ । तर त्यसमा विशेषता के रहन्छ भने ? समस्त पूर्वकालीन-ब्रह्माण्डमय विषय-वस्तुहरू लुप्त-सुप्त हुँदा पनि त्यस्तो स्थितिको जुनसुकै काम-कुरा पनि गर्न, नगर्न र यी कुरा देखि भिन्न अथवा विभिन्न तथा च मानव-मनले तर्क नै गर्न नसकिने काम-कुरा गर्न साह्रै समर्थ त्यस्तो परब्रह्ममा परिपूर्णरूपले, अपरिहार्य-सम्बन्धले यी तीन कुरा सुसज्जित भइरहेका हुन्छन् । जुन यी हुन् - इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति । यी तीनै शक्तिहरू वेदान्तका दृष्टिले त्यस ब्रह्मको समष्टि-रूपको "मायाशक्ति" कहिन्छन् । यिनै शक्तिहरू अ-आफ्नो कार्यक्रममा नित्य-निरन्तर जागरूक भएर सर्वोच्च प्रहरीका रूपमा समय हेरिरहेका हुन्छन् र यथासमयमा अ-आफ्नो कार्य-संचालन गर्न थाल्दछन् ।

ब्रह्माण्डोत्पत्ति

●

यस्तो वातावरण र स्थितिमा सृष्टिकाल प्रारम्भ हुनुभन्दा केही अघि उपर्युक्त तीन शक्तिमध्यकी इच्छा-शक्तिले आफ्नो काम अगाडि सार्दै यसरी निर्देश गर्दछे - "अब समय भयो, जाग, प्रबुद्ध होऊ र क्रियाशील बन" ! इत्यादि । तब त्यस उपरि-निर्देशित हिरण्यगर्भात्मक पिण्डाकार ब्रह्माण्डमा स्वतः संस्फुरणात्मक स्पन्दन (हलचल) हुन्छ र दोश्रो क्षणमा "एकोऽहं बहु स्याम्" यस्तो इच्छा उद्भूत हुन्छ। त्यसपछि समस्त ब्रह्माण्डमय विश्व-सृष्टिको प्रपञ्च-संरचनार्थ पूर्वरूप आविर्भूत हुन्छ । त्यसको साथ-साथै त्यसमा रहेको उपर्युक्त ज्ञानशक्तिले पूर्वकल्पका विषय-विषयको एवं यथासृष्ट-वस्तु-(चराचर) स्थितिको यथार्थ-बोध गराउदछ र क्रियाशक्तिले तदनुरूप काम-कुरा गराउन अभिप्रेरित गर्दछ । त्यसपछि तात्कालिक-रूपले त्यो अघिसम्मको निर्गुण एवं निरूपाधिक परब्रह्म अब यहाँ आइ पुगेर स्वतः सोपाधिक सगुण ब्रह्म हुन पुग्दछ र पूर्वकल्प (पहिलो सृष्टि) प्रपञ्चको व्यवस्था क्रमकै सदृश सृष्टि-प्रपञ्च विस्तार गर्दछ । यिनै कुरालाई लिएर उद्भूत भएको हो, यो वैदिक-महावाणी - सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् । दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः । ऋग्वेदः १०-१९०-३ ।

त्यो परब्रह्म-परमात्माले जसरी सूर्य-चन्द्र, द्यौ, भूमि, अन्तरिक्ष र स्वर्ग आदि एवं त्यहाँ-त्यहाँका आनन्दादि कहिने पदार्थ पूर्वकल्प (पहिलो सृष्टि)मा रचना गरेका थिए, त्यही ठीक अनन्त ब्रह्माण्डमय सारा लोक-लोकान्तरहरू बनाएका छन् । इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यहींनेर उल्लेख्य वाक्यावली पछि-पछिका निमित्त पनि स्मरणीय भइ रहून्, भन्ने हेतु नै अगाडि सारेर निर्देशित त्यस्तो ब्रह्मको यस्ता तीनै शक्तिको अनन्तकाल देखि सुसञ्चित भइरहेको र निरन्तर सुसञ्चित हुँदै आएको अवस्थाको अर्को नाम रहन आएको हो महामहिमा-शालिनी महामाया अथवा प्रकृति (स्वभाव), जो त्यस ब्रह्मको नैसर्गिक-स्थिति हो । जब त्यसैबेला सृष्ट-तत्त्वहरूका माध्यमले सृष्टिप्रपञ्च चल्न, अगाडि बढ्न थाल्दछ, त्यसैबेला देखि नै त्यो परब्रह्म सृष्टि-प्रपञ्च चलाउने व्यवस्थाको उपक्रमतिर दृष्टिपात गर्दछ र त्यस्ती आफ्नी सर्वशक्ति-स्वरूपिणी मायाको अथवा प्रकृतिको कार्य-सञ्चालन परिपाटी अवलोकन गरिरहन्छ । आफूचाहिं केवल त्यसका प्रत्येक क्रिया-कलापको निरीक्षण-परीक्षण गरेर स्वयं कूटस्थ भएर मात्र रहन्छ । त्यस्तै बेला आयो अथवा परिहाल्यो भने मात्र त्यस्तो ब्रह्मले आफ्नो सर्वोच्चाधिकार प्रयोग गरी साधिकारी व्यक्तिलाई त्यो माया अथवा प्रकृतिको जञ्जालबाट पृथक् गराउछ, आफैंमा मिलाँउछ । यो शक्ति, यो क्षमता त्यसैमामात्र रहेकोछ र यही नै त्यसको अनिवार्य महा-महिमा हो । छाया जस्ती निरन्तर पछि लाग्ने यही हो त्यसकी अचिन्त्यशक्ति-शालिनी महामाया । यही मायारूपिणी त्यसकी कायाकी छायालाई हामीहरू अनन्त-ब्रह्माण्ड भरी दृश्य-अदृश्य रूपमा व्याप्त भइ रहेकी देखि-भोगी रहेकाछौं । "या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता" यसैकारणले भनिएको हो ।

वेदराशिको उत्पत्ति

●

अ त ! त्यसरूपको ब्रह्माण्डको उत्पत्तिको क्रममा त्यस्तो नाम-रूपोपाधि-विहीन ब्रह्मको उपर्युक्त तीनै शक्तिद्वारा अभिप्रेरित समस्त ब्रह्माण्डमय सत्-चित् आनन्दात्मक सर्वशक्तिसमृद्ध अनन्त ब्रह्माण्ड-व्यापक सर्वोच्च ऊर्जामय हिरण्यगर्भरूप पिण्डबाट जो चम्किलो सुवर्णमय एकाकार पदार्थ थियो, आकस्मिकरूपले सर्वप्रथम आविर्भूत निःश्वासको माध्यमले वेदराशि उत्पन्न भयो । जो अविकृत एकरूपको थियो । पछि गएर त्यसैले आफ्नो नामाकलन ग-यो, ऋक्, यजुः, साम एवं अथर्व । जस्तो कि, उपनिषद् भन्दछ । अस्य महतो भूतस्य निःश्वसितमेतद् यद् ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः । बृहदारण्यकोपनिषद् । यसको विवरण तल-तल अंकित हुँदै-खुल्दै जानेछ ।

उद्बोधन

●

अब यहां यस विषयमा विशेष रूचि राख्ने र पढ्न, केही बुझ्न, जान्न चांहने पाठकहरूले पहिले अहिले देखि नै बुझी राखे पछिसम्म आफ्नो हित-भलो हुने र अर्काको पनि गर्न-गराउन सकिने, हामी सनातन वैदिकधर्म-प्रेमीहरूको उपजीव्य सद्धुपदेशमय विशेषतः वेद, उपनिषद्, वेदाङ्ग, स्मृति, ब्रह्मसूत्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवद्गीता तथा पुराण एवं अन्यान्य नीति-गृह्यसूत्र-कल्परूपका ग्रन्थ-रत्नहरू नै सर्वोच्च प्रामाणिक मानिएका छन् । तिनै बाट यसमा संकलित विषय-वस्तुहरू तिनैमा आधारित एवं उल्लेखित छन् । तस्मात् यसमा लेखिएका कुनै विषयमा पनि ननु, नच, गर्ने अथवा भन्ने ठाँउ नै छैन । अर्थात् "यसो हो, यसो होइन" भनिने अथवा तर्क कुतर्क आदि गरिने अवस्था नै आँउदैन भन्ने जस्तो लाग्दछ र सैद्धान्तिक तथा प्रामाणिक-वाक्य यिनै हुन् भन्ने संझि राख्नु उचितै होला जस्तो संझन्छु । किन कि ? हामी सिद्धान्त-प्रिय व्यक्तिमध्यका हौं न कि अनर्थोत्पादक वाद-विवादप्रिय । हुन सक्तछ "मुण्डे मुण्डे मतिर्भिन्ना कुण्डे कुण्डे जलं-यथा" भनेझैं उपर्युक्त विषयहरूमा व्यक्ति-व्यक्तिका मतिवैषम्यको वर्तमानताले वाद-विवादका स्थानहरू साम्प्रदायिकतालाई प्रधानता दिएर हेरिंदा जतातते देखिन सक्तछन्, होला तापनि दृश्यमान आत्माको र ब्रह्मको एकतामा र स्थूल-सूक्ष्मको अनेकतामा सैद्धान्तिक-निष्कर्षमा पुग्दा नपुग्दै उपर्युक्त कुरालाई मान्न, स्वीकार गर्न बाध्य हुनैपर्दछ । किन कि ? हामी भन्ने यो शब्दले उद्बोधित हुने चाहे जुनसुकै धर्म, मत अथवा पन्थ यद्वा संप्रदायका नै किन न हौं, हामी "हाम्रो सत्ता छ" भन्न बाध्य हुन्छौं त स्थूल (शरीर) र सूक्ष्म (जीवका) रूपले त्यस्तै पिण्डाकार र सत्-चित्-आनन्दमय ब्रह्म जस्तै सत्ता (विद्यमानता अथवा स्थिति) भएका छौं भन्न पनि कति किच्चकिच्चाँउदैनौ ! भन्नुको तात्पर्य हो-हाम्रो सत्ता तीनै कालमा बेरोकटोकको आनन्दमय छ । त्यो हाम्रो भन्ने बहुवचनगर्भक शब्द जीव, ब्रह्म र प्रकृति (माया) मै अडेको छ र तिनैमा एकाकार भएर वस्त्रमा धागो, दुद्मा पानी एवं पानीमा स्नेह (तेल-घिउ) मिले जस्तो रूप लिएर, तत्सम भएर रहेकाछौं, त्यस्तै हाम्रो अवस्था छ, परन्तु जो अप्रबुद्ध छ, अज्ञानावरणावृत छ । यी कुराहरूलाई चाहे जुनसुकै खाले व्यक्ति नै किन हुन्, तिनले पनि अवश्य स्वीकार गर्नै पर्दछ र गर्दछन् पनि । गर्दैनन् भने "वदतो व्याघातः" भने जस्तै बोल्दा-बोल्दै नराम्रै ठक्कर लाग्ने जस्तो हुन्छ । अस्तु

हिरण्यगर्भको महत्त्व

●

प्रिय वैदिक-धर्ममा आस्था राख्ने पाठकवृन्द ! माथि वर्णन गरिएको सृष्टिको पहिलो अवस्थामा त्यस्तो परब्रह्म भनौं अथवा हिरण्यगर्भ केवल ज्योतिर्मय पहेंलो चम्किलो, एक डल्लो रूपको थियो भन्ने निर्देशनको समर्थनमा निम्नांकित यजुर्वेदको १३।४ कण्डिकाबाट स्पष्टतया बोध हुनेहुंदा सर्वप्रथम त्यतापट्टि सुदृष्टि दिनु नै अत्यावश्यक छ । जो यस्तो छ -

हिरण्यगर्भः समवर्तताऽग्रे भूतस्य जातः पतिरेक आसीत् ।
सदाधार पृथिवी द्यामुतेमां कस्मै देवाय हविषा विधेम ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो देखिने र सुनिने अनन्त ब्रह्माण्डमय-विश्वको उत्पत्ति हुनु भन्दा पहिले उपरिसंस्तुत हिरण्यगर्भ आविर्भूत भयो । जो सम्पूर्णनाम-रूपात्मक व्यक्ति र वस्तुको पति थियो । त्यसैले द्यावा-पृथ्वी (सारा ब्रह्माण्ड) सन्धारण गऱ्यो (ढपक्क ढाक्यो) ।

अब हामी त्यसलाई ऐतरेय र शतपथ "ब्राह्मणको दृष्टिले हेर्छौं भने-तेजो वै हिरण्यम्, ज्योतिर्वै हिरण्यम् ७।४।१।१५" भनेको पांउछौं । अर्थ खोज्दा जो हिरण्य सूर्य आदि तेजिला वस्तुको गर्भ (पुञ्ज) हो, त्यो ब्रह्माण्डोत्पत्ति निमित्तको अधिकरण (मुख्यस्थान) हिरण्यगर्भ नामको त्यही तत्त्व हो । अर्को ढंगले हेरौं-सूर्य, अग्नि आदि तेजिला पदार्थमात्रको गर्भ अर्थात् अधिष्ठान (मुख्य आधार) जो हो त्यसैको नाम हो "हिरण्यगर्भ" ।

अर्को यजुर्वेदको ७।४२ को मन्त्र पढौं "सूर्य आत्मा जगतस्तस्थुषश्च" चर-अचर (जङ्गम-स्थावर) सारा जगत् (ब्रह्माण्ड जसलाई भन्दछन्) को आत्मा नै सूर्य हो । यही स्वयं प्रकाशक भएर अरू नाम-रूपोपाधिविशिष्ट तत्त्वहरूलाई प्रकाशित पार्ने त्यही परमात्माको नाम हो सूर्य । सविता यसैलाई भनिन्छ । षुञ् अभिषवे, षुङ् प्राणिगर्भविमोचने, यी दुवै धातुबाट सविता शब्द सिद्ध हुन्छ । यो परमेश्वर भगवान् श्रीसूर्य हो । यहीं एकपटक हामी गायत्री-मन्त्र जप गर्ने खालका छौं भने आफ्नो त्यो मन्त्र जपेर (सम्झेर) त्यसको अर्थ विचार गर्नपट्टि लागौं त ! व्याहृति-त्रयलाई जो सर्वव्यापक र अत्यन्त गूढार्थक छ, अहिले यहीं छोडी राखौं । परेको बेलामा व्याख्या गर्दै गरौंला । अब गायत्रीको सार बुझौं । "हामी तिनै सविता देवको अतिशय वरेण्य (श्रेष्ठ,प्राप्तव्य) तेजको ध्यान गर्दछौं, त्यही परात्मा हाम्रो बुद्धि सन्मार्गमा प्रेरित गरोस्" इत्यादि । अब निष्कर्ष यो निस्क्यो कि, त्यस्तो परब्रह्म-परमात्मा संग प्रार्थना त्यसरी गर्दा रहेछौं र हामी आफ्नो सुबुद्धि बढाउनमा नै लागेका रहेछौं । त्यही सुबुद्धि पांउनको निमित्त यस्तो चीसो-तातो खपेर, नियमित-रूपले नाङ्गेझार भएर सन्ध्या-वन्दन आदि गर्दा रहेछौं, जो हामी आर्यवैदिकधर्मी-जनताको सुमहान् आस्था-केन्द्र हो" त्यो यै सर्वप्रकाशक सर्वव्यापक सूर्यदेव हो । गायत्री भित्रको देव शब्दको व्युत्पत्तिपूर्वक स्वरूपाकलन गरेर हेरौं-दीव्यतीति देवः,भन्दा आफ्नै आनन्दमा रमिरहने सुबुद्धि-प्रदाता तिनैकालमा सत्य र चैतन्यमय त्यही परमात्मा रहेछ भन्ने टुङ्गोमा पुग्दछौं । देव शब्द सिद्ध हुने धातु हो । दिवु क्रीडा-विजिगीषाव्यवहारद्युतिस्तुति-मोदमदस्वप्नकान्तिगतिषु, यो धातु साह्रै नै व्यापक छ र सारा विश्वब्रह्माण्डको सृष्टि-स्थिति-परक र स्वप्न-जाग्रत्-सुषुप्ति तथा तुर्यावस्थाको निर्देशक देखिन्छ । यस स्थितिको परब्रह्म-परमात्मा वेद तथा अन्य वेदाङ्गहरूबाट "सर्वं खल्विदं ब्रह्म, नेह नानास्ति किञ्चन" इत्यादि जो भनिन्छ, यो त्यही परब्रह्म हो । यसैलाई आफ्नो लक्ष्य पारेर प्रतिपाद्य-वस्तु बनाएर हाम्रा पूज्य-पूर्वज ऋषि-मुनिहरूले अध्यात्मपरक अनेकौं सद्ग्रन्थहरू निर्माण गरेकाछन् । वस्तु अथवा तत्त्व जे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनौं, यौटै हो, त्यही हो । त्यस्ता हामीहरूको निमित्त साह्रै-साह्रै चिन्तनीय एवं मननीय छ, जो व्यापक हुँदा आफैंमा छ र आत्मरूपमै अवस्थित छ। यसैले त वेद (उपनिषद्) भन्दछ, आत्मैवारे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः, इत्यादि । यसैलाई एक भएता पनि इन्द्र, मित्र, वरूण, अग्नि, देव, सुपर्ण, गरूत्मान् तथा वेदका तत्त्व जान्ने अरू विप्र-देवहरू वायु आदि अनेकौं नामले उल्लेख गर्दछन् । मन्त्र पढौं -

इन्द्रं मित्रं वरूणमग्निमाहुरथो दिव्यः ससुपर्णो गरूत्मान् ।
एकं सद्विप्रा बहुधा वदत्यग्निं यमं मातरिश्वानमाहुः ॥

यही सर्वतत्त्वमय परात्माबाट उत्पन्न भएका हुन् यी तत्त्वहरू । सर्वप्रथम आकाश, आकाश बाट वायु, वायु बाट अग्नि, अग्नि बाट जल, जल बाट पृथ्वी, पृथ्वी बाट औषधि, औषधि बाट अन्न, अन्न बाट रेतः (वीर्य) वीर्य बाट पुरूष । यसरी क्रमशः उत्पन्न हुन्छन् । त्यै पुरूष हो यो-जो अन्न-रसमय छ । भगवान् श्री कृष्णद्वैपायन (व्यास)-कृत ब्रह्मसूत्रमा-यसै तत्त्वलाई अन्न, अन्नाद र अन्न मानिएको छ । अत्ता चराचरग्रहणात् १।२।९। पुनः अथर्ववेदको काण्ड ११ प्रपा. अध्याय २ मा यो भूतः सर्वस्येश्वरः, यस्मिन् सर्वं प्रतिष्ठितम् इत्यादि । भनिएको देखिन्छ ।

ऋग्वेद १०।९।२९।७ को ऋचामा स्पष्टसंग यस्तो उल्लेख भएको छ ।

इयं विसृष्टिर्यत आबभूव यदि वा दधे न ।
यो अस्याध्यक्षः परमे व्योमन्त्सो अङ्ग ! वेद यदि वा न वेद ॥

अङ्ग ! हे संसारी प्राणीमात्र हो ! जसबाट यो विविध प्रकारको सृष्टि आविर्भूत भयो र प्रकाशित छ, पुनः जो यसलाई धारण र संहार गर्दछ तथा जो विश्व ब्रह्माण्डको अध्यक्ष छ, एवं जो स्वयं व्यापकरूपमा यो समस्त ब्रह्माण्डको उत्पत्ति-स्थिति र लयको रूप धर्दछ, त्यो यै परमात्मा हो । त्यसैलाई तिमीहरू सर्वेश्वर भनेर जान । अरू कसैमा पनि त्यो शक्ति छैन भनेर ठान ।

तदेकताप्रतिपादक सर्वमेधसूक्त । यहाँ पढौं - जसले त्यस तत्त्वमा एकता देखाँउछ ।

अब म यहां यजुर्वेद-संहिता अध्याय ३२ को अन्तर्गत सर्वमेधसूक्तका व्याख्या सहित केही कण्डिकाहरू पढ्न र केहीबेर त्यसैको अर्थमा गढ्न अभिप्रेरित गरांउदछु । यिनमा जम्बा पांच मन्त्र छन्, क्रमशः पढ्दै जाऔं ।

तदेवाग्निस्तदादित्यस्तद्वायुस्तदु चन्द्रमाः ।
तदेव शुक्रं तद्ब्रह्म ता आपः स प्रजापतिः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरिसंस्तुत त्यही विज्ञानात्मा परमात्मा जो सारा कारण-तत्त्वको पनि कारण छ, कार्यरूपका तत्त्वहरूमा ओतःप्रोतः भइरहेकाले अग्निरूप छ । तिनै आदित्य एवं वायुरूप हुन् । चन्द्रमा तथा शुक्ररूप छन् र यिनै वेदरूप मानिन्छन् । यिनै तच्छब्द-प्रतिपाद्य ब्रह्म हुन् । त्यस्तै जलतत्त्व र प्रजापति कहिन्छन् । तस्मात् ती ती ठाँउमा र तिनै रूपमा यिनै उपास्य (उपासना गर्न योग्य) छन् ।

यजुर्वेदको पुरूषसूक्त (सहस्रशीर्षा आदि सोह्र कण्डिका) पछि सर्वमेध-प्रतिपादक यही सर्वोत्तम मन्त्र हो । यसका अरू चारोटा मन्त्रहरू छन् । यी मन्त्रका द्रष्टा स्वयं स्वयम्भू-ब्रह्म हुन्, देवता आत्मा हुन् । सबै प्रकारका होममा यिनैको प्रयोग हुन्छ । जस्तो कि "सर्वं जुहोति" भन्दा कारणरूप-परमात्मामा सम्पूर्ण कार्यरूप-प्रपञ्चको हवन गरिन्छ, जस्तो कारणरूप धागो कार्यरूप-वस्त्रमा मिलेको हुन्छ । त्यसको रवाई-बुनाई जस्तोसुकै भए पनि वस्त्रै हुन्छ, त्यस्तै यो सारा दृश्य-प्रपञ्च पनि कारणरूप ब्रह्मकै कार्य हो । वस्त्रमा धागोको दृष्टि, गाग्रो-भुँड्को आदिमा माटाको दृष्टि, दुङ्ग्री-तिलहरी आदिमा यौटै सुवर्णको दृष्टि दिनु जस्तै कारणमा कार्यको होम गर्नु हो, कार्य-कारणको एकाकार गराँउनु हो, मिलाउनु हो । अर्को रूपले सम्झौं - कसैलाई जलदृष्टि (बुद्धि) प्राप्त भएकोछ भने त्यसलाई मोतीप्रति लालसा हुँदैहुँदैन, न बरफ (हिंउको डल्लो) प्रति द्वेषै हुन्छ । त्यस्तै विश्वमा एकमात्र ब्रह्मको दृष्टि राख्ने कुनै व्यक्ति छ भने त्यसको निमित्त त्यस्ता ती दुवै राग-द्वेष स्वतः हट्तछन् गीतामा भने जस्तै पण्डिताः समदर्शिनः । यी सब कुरामा परब्रह्मको विस्तार नै सृष्टि हो । त्यो ब्रह्म त्यसैमा ओतःप्रोतः छ । यिनै कुरा देखाँउन ती माथिका उपमाहरू देखाइएका हुन् । कार्य-समूहलाई कारणभूततत्त्वमा मिलांउने चेष्टा गरिएको हो । उपाधि हटे पछि तिनले छेकेको त्यो तत्त्व प्रतिको एकत्व सजिलै संग प्राप्त हुन्छ र आत्मा-परमात्मा बीचको पर्दा (आवरण) निरावरण हुन्छ, झर्लङ्गिन्छ । यसका भाष्यकार उव्वट र महीधर दुबै विद्वद्वरले उपर्युक्त कण्डिकाको शुक्र शब्दको अर्थ भने शुक्ल (विशुद्ध) भनेकाछन् । अर्थात् त्रयी-लक्षणात्मक ब्रह्म वेद नै हो । इत्यादि

अब दोस्रो मन्त्र हेरौं -

सर्वे निमेषा जज्ञिरे विद्युतः पुरूषादधि ।
नैनमूर्ध्वं न तिर्यञ्चं न मध्ये परिजग्रभत् ।।

यही पुरूष बाट काल(समय) र त्यसका सबै निमेष, त्रुटि, कला, काष्ठा आदि विशेष अवयव (महाप्रलयपर्यन्तका कालका खण्डहरू) प्रकट भए, जो स्वयंप्रकाश ज्योतिःस्वरूप छ । त्यो समस्त पदार्थहरूमा उपाधिभेदले बिजुली समान चम्कि रहेकोछ । यो सबैको मूलकारणभूत पुरूषलाई तल-माथि, छड्के, तेर्सौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा बीचबाट कसैले कुनै रूपले पनि ग्रहण गर्न, ठम्याउन सक्ने-सक्तैन । किन कि ? यो प्रत्यक्ष अथवा अनुमान आदि प्रमाणहरूको विषयै छैन । केवल आगम (श्रुति-परम्परा) द्वारा नै यसका स्वरूपको उपलब्धि (साक्षात्कार) हुन्छ । जस्तो श्रुति (वेद) भन्दछ - "स एष नेतिनेत्यात्माऽगृह्यो न हि गृह्यते" त्यै परमात्मा नै सम्पूर्ण प्राणीमात्रको हृदयस्थित आत्मा हो, जो स्वतः स्पष्ट छ ।

तेश्रो मन्त्र पढौं -

न तस्य प्रतिमा अस्ति यस्य नाम महद्यशः ।
हिरण्यगर्भ इत्येष मा माहिंसीदित्येषा अस्मान्न जात इत्येषः ।।

जसको सुप्रसिद्ध महान् यश (सत्कीर्ति) को प्रतिमान (तत्तुल्यता, बराबरीको) अर्को कुनै छँदैछैन । हिरण्यगर्भादि चार ऋचाहरूमा मा मा हिंसीत्, यस्मान्न जातः, इन्द्रश्च सम्राट्, इत्यादि मन्त्रहरूका माध्यमले यसको प्रतिपादन गरिएकोछ । यसै ऋचाको प्रतिमा शब्दको अर्थ भाष्यकार उव्वट विद्वद्वरले प्रतिमान गर्नु भएको देखिन्छ भने भाष्यकार अर्का पूज्य विद्वान् महीधरज्यूले उपमान र अर्का श्री सायणाचार्यले तुल्यता (बराबरी) मा प्रयोग गर्नु भएकोछ । गढेर विचार गर्दा यसको अर्थ उपमान नै निस्कन्छ । किन कि ? ब्रह्मसूत्र २.३.७ को व्याख्या गर्दा भगवान् शंकराचार्यले "न तस्य प्रतिमा अस्ति" यस मन्त्रलाई खोतलेर "ब्रह्म एक छ र उपमा-रहित छ" भन्नु भएको छ ।

चौथो मन्त्र हेरौं -

एषो ह देवः प्रदिशोऽनुसर्वाः पूर्वोह जातः स उ गर्भे अन्तः ।
स एव जातः स जनिष्यमाणः प्रत्यङ्जनास्तिष्ठति सर्वतोमुखः ।।

यही परमेश्वर सारा दिशा-विदिशामा तल-माथि छड्के, तेर्सो, दाँया-बायाँ जतातते व्याप्त भइरहेको छ। सबैभन्दा पहिले त्यही प्रकट भएको थियो, जसको आदि-अन्त (छेउ टुप्पो) छैन । त्यही गर्भको अन्तमा विराजमान छ र त्यो त्यही हो । त्यै अहिले छ र पछि हुने (रहने) छ । तस्मात् प्रत्येक नाम-रूपात्मक-पदार्थमात्रमा छ । यसैकारण हे संसारीप्राणी हो ! त्यही अचिन्त्यशक्तिमान् परब्रह्म हो । त्यसका प्रत्येक अवयवहरू सर्वत्र व्याप्त छन् जस्तो पुरुषसूक्तको पहिलो कण्डिकामै स्पष्ट उल्लेख छ । सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । सभूमिं सर्वतः स्पृत्वा त्यतिष्ठद्दशाङ्गुलम् । यस्तो भनिएकोछ । यता यसै तत्त्वलाई भगवद्गीताले पनि यसरी निर्देश गरेको छ । सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोरुहम् । सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।। उता ईशावास्योपनिषदको उत्थानमै त्यो त्यस्तै हो र त्यही हो भन्ने पनि छर्लङ्ग हुन आउँछ । जस्तो कि -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मागृधः कस्यचिद्धनम् ।।

अब अवशिष्ट विशिष्ट पाचौं मन्त्रको रूप-रेखा अवलोकन गरौं ।

यस्माज्जातं न पुरा किञ्चनैव य आबभूव भुवनानि विश्वा ।
प्रजापतिः प्रजया संरराण स्त्रीणि ज्योतींषि सचते सषोडशी ।।

जुन पुरुषबाहेक सृष्टि हुनु भन्दा अगाडि केही थिएन र जो सम्पूर्ण ब्रह्माण्ड र तदन्तर्गत प्राणीहरूलाई पूर्णरूपले सत्तावान् (जीवित) पार्दथ्यो, त्यो सोह्र अथवा सत्र अवयव भएको लिङ्गशरीर-संयुक्त प्रजापति नै त्यस्ता जीवात्माहरूका साथ क्रीडा गर्दै सूर्य-चन्द्र र अग्निरूप तीन ज्योति (प्रकाशको उद्गमस्थल) को सेवन गर्दछ ।

अब यहां केहीबेर विचार गरौं । पहिलो मन्त्रमा त्यो प्रजापति-पुरुष कहियो, यो मन्त्रमा चांहि त्यो प्रजापति भन्दा पहिलो हुने कुनै तत्त्व जात (उत्पन्न) थिएन, भन्ने स्पष्टै देखियो । दोश्रो मन्त्रमा हिरण्यगर्भलाई नै प्रथमजात मानियो । अब यसबाट यो निष्कर्ष निस्कियो कि, त्यो पहिले उत्पन्न सत्य पनि त्यो भन्दा पहिले भएको तर ननिस्किएको सत्य-परमात्मा संग अभिन्न (यौटै भएको) रहेछ भन्ने बुझियो - भन्नुको तात्पर्य अब यो भयो । निस्किएको सत्य (हिरण्यगर्भादिको सत्ता) पहिले ननिस्किएको(अस्फुट) सत्य (ब्रह्ममैं) लीन रहन्छ । जस्तो अव्यक्त व्यक्तमा र व्यक्तमा अव्यक्त। जस्तो व्यक्त (देखिने) मिश्रीको डल्लो पानीमा मिल्दा अव्यक्त (नदेखिने) हुन आंउछ र छुट्यांउदा व्यक्त हुन्छ । यस विषयमा अरू श्रुति-स्मृतिपरक सद्ग्रन्थहरूमा यिनै कुरा राम्रोसंग बोध हुने गरी लेखिएका देखिएकैछन् । त्यस्तो भएता पनि यहींनिर गीताको एक श्लोक पढौं ।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत !
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ? ।।

समस्त पाञ्चभौतिक-पिण्डमय यो जीवसमूह सृष्टि हुनु भन्दा पहिले अव्यक्त (नदेखिने) नै थियो । सृष्टि भए पछि व्यक्त (देखिने) भयो । पछि गएर त्यही अव्यक्त (नदेखिने) ब्रह्ममा नै मिल्दछ ....।

पुनः त्यसैको अर्को श्लोक पढौं -

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाऽव्यक्तसंज्ञके ।। ८.१८

सृष्टि नहुंदा पहिले नदेखिएका भूत (पञ्चतत्त्वादि) सृष्टि हुंदा झलमल्ल देखिन्छन् र प्रलयकालमा पुनः त्यही नदेखिने तत्त्वमा नै मिलन पुग्दछन् । त्यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणतत्त्व जड भएको अवस्थामा छ भने त्यसबेलाको नामाकरण गरिन्छ "प्रकृति" चेतन भएकोछ भने त्यसको नाम हुन्छ ब्रह्म अथवा परमेश्वर । यहाँ त्यै परमेश्वरको वर्णन छ।

हेरि ! यहीं बुझ्नु पर्ने गुठिल-गाँठो छ । यसरी फुकाएर बुझौं त । चेतन-कारण कहिल्यै पनि परिणामी हुँदैन, यदि हुन्छ भने त्यो (ब्रह्म) पूर्ण नै हुँदैन र त्यस अवस्थामा साक्षी (तटस्थ) हुने को ? त्यसो होइन ? केही अंशमामात्र परिणाम फलित हुन्छ भनौं भने पनि परिणामीलाई नित्यतत्त्व मान्न युक्ति-युक्त हुँदैहुँदैन । तर्क-संगत हुन आँउदैन । अतः त्यस तत्त्वलाई विवर्ती-कारण मान्नै पर्छ । तस्मात् यो प्रसंगले सिद्ध हुन्छ कि अग्नि, आदित्य र प्रजापति आदिकै साथ जो परमात्माको एकताको वर्णन गरियो, त्यो विशेषण-विशेष्यभावले गरिएको होइन, हो त नाम र रूपको दृष्टिले बाधसामान्याकरण र चेतनस्वरूपको दृष्टिले मुख्य समानाधिकरण्य नै हो । ती नाम-रूपहरू व्यक्तिगत भएका छन् तापनि तत्त्वदृष्टिले परमात्मा बाट सर्वथा अभिन्न छन् । विवर्त भन्नुको अभिप्राय यही हो कि त्यो परमेश्वर भनौं वा परब्रह्म जस्ताको तस्तै रहन्छ, परन्तु देखिन्छ त्यस्तो, त्यस्तै कार्य-कारणरूपको हो कि जस्तो, आभास पर्नेमात्र । यसैको नाम हो विवर्त ।

वेदराशि र वैदिकवाङ्मय

हामी भरतखण्ड भारतवर्ष-निवासी व्यक्तिमात्रको सभ्यता-संस्कृतिका विषयहरू आदिकालीन आर्य-अनार्य आदि व्यक्तिहरू द्वारा विभिन्न उपादान (कारण अथवा खण्डखाद्य)का माध्यमले सुसिञ्चित र सुसञ्चित हुँदै नजानिदो ढंगले विस्तार-विस्तार अनेकरूप लिँदै मिश्रित रीति-स्थितिका बन्दै, हुँदै र तिनैमा टिक्तै आएका देखिन्छन्। सबभन्दा पहिलो उद्गम स्रोतः अथवा मुहान भनौं वैदिक-साहित्य नै हो । यो साह्रै विस्तृत र अगम (दुर्बोध) छ । यस्तो भएता पनि हाम्रा पूज्य-पूर्वज त्रिकालदर्शी ऋषि-मुनिहरूले केही मात्रामा हाम्रा निमित्त सुगम (बुझिने)बनाइ दिएका छन् तापनि अझै निकै दुरूह (बुझ्नै नसकिने) छन् । यस हेतुले सर्वसाधारण व्यक्तिलाई पनि यसको सहज बोध होओस् र त्यस्ता व्यक्ति पनि आफ्नो विषय र शाखा-प्रशाखाको विचार-प्रवाहका विभिन्न उपादान-कारण सजिलै सँग राम्ररी बुझ्न सकुन् भन्ने उद्देश्यले प्रस्तुत यस ग्रन्थमा यसरी यो प्रयत्नजन्य अन्वेषण गरी प्रिय-पाठकवृन्दको अगाडि संस्थापित गरेकोछु । हामीमध्ये यसमा रुचि एवं सुदृढ आस्था राख्ने कतिपय व्यक्ति छौं भने "यो हाम्रै हो" भन्ने सम्झेर विवेक-विचारले ठमाएर यसबाट आत्म-कल्याण गर्न र गराँउन सर्वथा समर्थ हुने नै छौं भन्ने बलियो धारणाले नै मलाई लेख्न अभिप्रेरित गराएको हो । अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाद-विवादको परिधिमा अपौरूषेय वेद

विशेषतः वैदिक साहित्यका चार संहिताहरू छन् - ऋक्, यजुः, साम, र अथर्व । यिनका पृथक् पृथक् ब्राह्मण-आरण्यक ग्रन्थहरू छन् भन्ने कुरा पूर्वीय-पाश्चात्य विद्वान्हरूले सम्म पनि मानिरहेकैछन् । हामी जस्ताको कुरा त परै जाओस्, खास गरेर पश्चिमी राष्ट्र जर्मनी र बेलायत तिरका विद्वान्हरू पनि उपर्युक्त सिद्धान्त स्वीकार गरेर मात्र होइन, अपितु कलमै चलाएर हामी पूर्वीय वैदिकधर्म-प्रेमीहरूलाई तीनछक्क पार्दैछन् । यहींनिर हामी पूर्वीय र पाश्चात्य विद्वान् उहांहरूको रीति- स्थिति, कृति-संस्कृति आदिका विषयपट्टि एकपटक यसो उड्दो दृष्टि दिएर हेरौं त ! कहां हामी गौमाताको मूत्र-भक्षी व्यक्तिहरू, कहां त्यस्ती गौमाताको त्यो मूत्र निस्कने ठाँउ सूत्र नै खाने उहांहरू ? यत्रो, यहां सम्मको पृथक्ता भएर पनि, त्यस्तो स्वत्व-संस्कृतिमा टिकेर पनि, यस्तो गहनतम विषयमा कलमै चलाएर हामीहरूलाई वाक्बन्द पार्नैं खोजेर "हामी आदिकालीन ऋषि-मुनिहरूका शिष्ट-विशिष्ट सन्तान हौं" भन्ने हाम्रोपनमा असफल आघात पारेको देख्ता "हामी आर्ष आर्य-हिन्दूहरू हौं" भन्ने अथवा त्यस्ता ठान्नेहरूलाई यसरी त्यसै विषयमा कलम चलांउन बाध्य बनाएका छन् । यसमा अगाडिको निमित्त गतिलै पादप्रक्षेपण होओस् भन्ने पूर्वीय-विद्वान्हरू संगको मेरो विनम्र भनाई छ, यस्तो दुःखमय अभिव्यक्ति प्रकट गराई छ । सक्नेले विद्वत्ता-प्रतिभा हुनेले विचार गर्ने कुरा यही छ।

परन्तु उपर्युक्त वेदराशिको स्रोतको उद्गम कालको अथवा पाश्चात्यहरूको धारणा र विचार-विन्यासानुसार रचना-कालको विषयमा हामी भारतवर्षीय धर्मप्राण आर्य-हिन्दू जनतालाई उहांहरूको सिद्धान्तको विपरीत दृढविश्वास छ कि श्रुति अथवा वेद भनौं "अपरिहार्य ईश्वरीय ज्ञान हो र त्यो सृष्टिको प्रारम्भमा ईश्वर बाटै उद्भूत भई उनकै प्रेरणाद्वारा आदिकालीन ऋषि-मुनिहरूलाई उहांहरूको समाधिकै अवस्थामा प्राप्त भएको हो । यसैले भनिएको हो ।" न कश्चिद् वेदकर्ता स्याद् वेदस्मर्ता चतुर्भुजः । वेद पाञ्चभौतिक-पिण्डधारी कुनै पनि व्यक्तिले बनाएको होइन । चार हात, चार मुखका ब्रह्माजी त त्यसलाई सम्झनेमात्र हुन् । पछिका त्यस्तो खाले व्यक्तिहरूका अगाडि वेद पौरूषेय (मनुष्यकृत) नहुनाले त्यसको निर्माण-कालको निर्धारण (इदमित्थ) को प्रश्नै उठ्न सक्तैन । हामी उपरि-प्रदर्शित प्रामाणिक वाक्यको आधारमा सर्वतोभावेन त्यसैमा स्वतः परिनिष्ठित छदैछौं । नता यस विषयमा कुनै प्रकारको विचिकित्सा (शंका-उपशंका) आदि नै गर्दछौं । तस्मात् वेद अपौरूषयै हो र त्यसका केही ऋचा अथवा कण्डिकाहरू पछिका ऋषि-मुनिहरूले मन्त्रद्रष्टाको रूपमा देखेर वा लेखेर हामीहरूकै उभयलोक-कल्याणार्थ छोड्दिएका हुन् । यही हामी प्राच्य-विद्वान्हरूको सिद्धान्त हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद-निर्माणकालको अनिश्चितता

उपर्युक्त अवस्थामा पनि माथिको सिद्धान्तलाई विशेष वैज्ञानिक-रूपमा अगाडि सार्ने भारतीय-विद्वान्हरूको भनाई छ कि ज्ञानको अनुभूतिको प्रेरणा ईश्वरीय भएता पनि जुन-जुन शब्दहरू द्वारा वाक्यमा यो ज्ञान भएर रहेको छ, त्यो सुनिश्चितरूपले ऋषिहरूकै हो । भाषाशास्त्र अनुसार भाषा मनुष्यहरूले नै बनाएको हुन्छ र यसमा पनि देश-काल र परिस्थिति सरह परिवर्तन भइरहेको हुन्छ । तस्मात् पक्कै पनि वेद कुनै न कुनै कालमा निर्मित भएका हुन्, न कि एउटै व्यक्तिद्वारा येौटै समयमा, इत्यादि ।

त्यस्ता पूर्वीय आधुनिक र पश्चिमी विद्वान्हरू यो दोश्रो मतको पछिल्लो आधा भागलाई केन्द्र बनाएर अर्थात् आधार लिएर त्यो प्रश्नको विवेचना यसरी गर्दछन्-भाषाशास्त्र ज्योतिष-भूगोल, भूगर्भ-विद्या आदिको सहायताले यो वैदिक-साहित्यको पहिलो ग्रन्थ ऋग्वेदको निर्माणको समय स्थिर गर्नको निमित्त अनेकौं प्रयत्न गरिएता पनि आज सम्म टुङ्गो भेट्न सकिएको छैन, जो पूर्वीय र पाश्चात्य विद्वत्समाजलाई हरतरहले मान्य एवं स्वीकार्य होस् । आफ्नो परम्परा र संस्कारले प्रभावित भएका कतिपय भारतीय विद्वान्हरूले वेदका मन्त्रहरूमा आएका एकाध शब्दहरूलाई समातेर भूगर्भ-विद्याको आधारमा त्यसको निर्माण पचास हजार वर्ष देखि पचहत्तर हजार वर्ष अगाडिको हो भन्ने ठह-याँउने प्रयत्न गरेका छन् । रचना-कालको यतिसम्मको लामो प्राचीनता भाषाशास्त्र आदि द्वारा निर्धारित-तथ्यको बिलकूल प्रतिकूल पर्दछ । त्यसभिन्न जुन जुन शब्दहरूमा त्यो तर्क आधारित छ, तिनको त्यो भनाई भनौं अथवा व्याख्या, अत्यन्तै अनिश्चित छ र विवादास्पद छ । तस्मात् यस प्रकारको मत आधुनिक ढंगबाट खोजमेल (अन्वेषण) गर्ने शोधार्थी विद्वान्हरूलाई पनि मान्य (स्वीकार्य) छँदैछैन, हुने सक्तैन ।

अर्का एकथरी विद्वान्हरूले ज्योतिषशास्त्रको आधारमा यो समस्या समाधान गर्न प्रयत्न पनि गरेका छन् । तिनमध्ये यता-उताका लोकमान्यतिलक र जर्मन विद्वान् याकोवी आदि नै विशेषतः प्रमुख छन् । केही मन्त्र र ब्राह्मण भाग (जसको विवरण क्रमशः तल हुँदै जान्छ) मा वर्णित ग्रह-नक्षत्रका स्थितिको गणितका माध्यमले गिन्ती-सिन्ती गरेर वेदको रचनाकाल सं. ४५०० सय वर्षसम्मको हो भन्ने स्थिर गरि टोपलेका छन् । तर हाम्रा भारतीय प्रवर विद्वान् लोकमान्य-तिलकज्यूले केही मन्त्रहरूकोमात्र रचनाकाल सं. ६००० वर्ष पहिलेसम्म पु-याएको देखिन्छ । यी दुबै विद्वान्हरूले अ-आफ्नो मतानुसार बेग्ला-बेग्लै गणना गरेर यो निष्कर्ष निकालेका छन् । यो कुरा उनीहरूद्वारा लिखित तत्तद्ग्रन्थहरूको अध्ययन गर्दा स्वतः स्पष्ट हुन्छ । तस्मात् अरू पूर्वीय-पाश्चात्य विद्वान्हरू भन्दा यी दुवै मनीषीहरू ठ्याक्कै ठेगानमा पुग्न नसकेता पनि निक्कै नजिक पुगेका छन्, तापनि मूलसमस्या समाधान गर्न सकेका छैनन् । कारण त्यही हो, परब्रह्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त निःश्वाससम्म पुग्न, मूल-तत्त्व भेट्न यिनीहरूको अन्वेषणात्मक-चेष्टा छैन । अथवा तदनुकूल प्रयत्न गर्न अझ पुगेको देखिँदैन ।

भाषाशास्त्र एवं इतिहास तथा प्राप्त पुरातत्त्वीय वस्तु वा पदार्थहरूको सहायताले ऋग्वेदको धेरै भागको निर्माणकाल ई.सं. १५०० सम्मको हो भन्ने अरू विद्वान्हरूको मत स्थिर भएको देखिन्छ । बरू यसो हुन सक्तछ कि-केही मन्त्रहरूको पहिलो रचना माथि देखाए भन्दा पनि एक दुई हजार वर्ष पूर्व भएको हुन सक्ला, तर त्यसताक संकलित ती ती मन्त्रहरू नवरचित मन्त्रहरूको साथमा मिलाई दिएका पनि त हुन सक्लान्, यस्तो स्थितिमा पनि ग्रन्थको धेरै भागको रचनाकाल जो छ, त्यसैलाई सम्पूर्ण-ग्रन्थको रचनाकाल हो भनेर स्वीकार गरिहाल्नु पनि त अलिल ठीक पर्दैन होला तथा युक्तिसंगत हुँदैन होला । दोश्रो पक्ष, बरू केही सह्य, मान्य हुन सक्तछ र सुप्रसिद्ध दार्शनिक डा० राधाकृष्ण एवं भारतीय बहुभाषाविद् डा. सुनीतिकुमार चाटुर्ज्या तथा सायणाचार्यको भाष्यमा औंला चलाउने प्रसिद्ध पाश्चात्य- विद्वान् मैक्स (मोक्ष) मूलर, कीथ, विष्टरनीज आदि वेदाध्ययन-प्रिय महानुभावहरू पनि यसै काललाई स्वीकार गर्दछन् र मान्यता दिन्छन् भने, यिनै कुरा वस्तुतः समुचित ठहर्दछन् । जबसम्म यस विषयमा प्रामाणिक शोधग्रन्थ निस्कँदैन र नयाँ सिद्धान्त स्थापित भएको सुन्न, देख्न पाँइदैन तबसम्म उपर्युक्त-निर्मित भनिएका मन्त्रहरूको निर्माणकालको निर्णय माथि भनिएझैं बहुमान्य मत (टुंगो नलागेको टुंगो) लाई नै स्वीकार गर्नु युक्ति-संगतै छ, भन्नुमा श्रेयस्कर ठान्नु पर्दछ ।

अब त्यसरी यसरी संस्तुत ती चारै वेद ऋक्, यजुः, साम, अथर्वको रूप-रेखा तथा ब्राह्मण-आरण्यक उपनिषद् आदिग्रन्थको गति-विधि साथै वैदिक साहित्यको के कस्तो छाँट-काँट रहेछ ? केहीबेर हेरौं र कतिपय कारणले प्रयोगमा ल्याँउन नसके पनि समय वा वातावरणले नदिए पनि अथवा अरू भौतिक खण्ड- खाद्यले बाधा पारे पनि हामी हाम्रो यो नेपाल-राष्ट्रको आर्यत्व-सुसम्पन्न वैदिक- धर्मी शुद्ध-सनातनी नेपाली हौं, भन्न सक्ने क्षमता सम्म राख्ने त भइ राखौं । यिनै कुराहरू ध्यानमा राखी अब म अगाडिको स्थिति देखाँउने तरखरमा लाग्दछु । विषय अलिल कठिन र गाह्रो-साह्रो भएकोले यी तलका वाक्यहरू पढुञ्जेल सावधान भएर तिनैमा गद्न सादर आग्रह गर्दछु ।

महामन्त्र ओंकार (ॐ)

●

प्रस्तुत-ग्रन्थमा सबभन्दा पहिले ओम् अथवा ॐ कारलाई नै सर्वोच्च स्थान दिएर साक्षात् परब्रह्म परमात्मा (निर्गुण-सगुण)को प्रतीक मानेर परावाणीद्वारा अभिव्यक्त गरिएकोछ । ॐ पूर्णमदः पूर्णमिदमित्यादि । तस्मात् त्यसैको विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही भन्नु अथवा त्यसको स्वरूपाकलन गराँउनु नै अभीष्ट भएकोले, सर्वप्रथम त्यो एकाक्षरी महामन्त्रको स्वरूप प्रदर्शन गरांउछु, जो यस्तो छ, -

ओम्, यसरूपको त्यस शब्दमा ध्वन्यात्मकता लिएर अभिव्यक्त हुने तीनै अक्षर छन् । ती तीन अक्षर यिनै हुन् - अ.उ.म्. यी तीन अक्षरमध्यमा अगाडिका दुई अक्षर अ र उ स्वरवर्ण हुन् । अन्तको म चाहिँ हलन्त व्यञ्जनवर्ण हो । व्याकरणको दृष्टि पर्दा अ र उ संग-सँगै हुँदा आफ्नो पहिलो रूप छोडेर एउटै अक्षर "ओ" यस्तो रूप लिन्छन्, पछि हलन्त अक्षर म् को उच्चारण गर्दा ओम् - (ॐ) यस्तो स्वरूप बन्दछ र त्यस्तो शब्द प्रतिष्ठित हुन्छ ।

त्यो शब्दमा अ. उ. म् यी तिनै मात्रा छन् । यिनै भित्र विद्वान्हरूको भनाई अनुसार जीव (आत्मा) प्रकृति (माया) र ईश्वर (ब्रह्म) यी तीनैको सार्वकालिक सत्ता (विद्यमानता) रहन्छ । त्यसैले यिनै तीन अक्षरभित्र ब्रह्मा, विष्णु र महेश्वर तथा सत्व, रजः र तमः तिनै गुण, भूर्भुवः स्वः आदि तिनै लोक पर्यन्त टिकेका छन् । सत्, चित् आनन्दका स्वरूप यिनै हुन् । अकारबाट विराट् अग्नि र विश्वादि, उकार बाट हिरण्यगर्भ र वायु तैजसादि एवं मकार बाट ईश्वर आदित्य र प्राज्ञादि, उत्पन्न भएको मानिन्छ । यही एकाक्षरमा जाग्रत् स्वप्न, सुषुप्ति तीन अवस्था एवं यिनको पनि शिरोरत्नभूत तुर्य एवं तुर्यातीत-स्थिति वृक्षमा बीजवत् टिकेका छन् । यी सब नाम त्यही एकमात्र सच्चिदानन्द परब्रह्मकै हुन् । यसमा साङ्गोपाङ्ग चारै वेद यही कुरा ठीक हो भन्दैछन् र प्रमाणरूपमा रहेकै देखिन्छन् । उपनिषद् ब्रह्मसूत्र र भगवद्गीता त्यसकै विषय लिएर मीठा-मीठा गीत गाउँदैछन् । यी तीनै ओटा पावनतम ग्रन्थको नाम प्रस्थानत्रयी रहेकोछ । संसारको प्रपञ्चमा फंसी रहेको जीवात्मालाई परमात्मामा पुर्‍यांउन, एकता दिलांउन सक्ने क्षमता भएकोले यी तिनैको नाम प्रस्थानत्रयी रहेको हो । यी तीनैओटा ग्रन्थमा पूज्यपाद आद्य-शंकराचार्यले सन्मार्ग-प्रदर्शन गरांउदै भाष्य (व्याख्या) लेख्नु भएकोछ । कठोपनिषद्मा यसै ओंकारको विषयमा यस्तो भनिएको छ ।

सर्वे वेदा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद्वदन्ति ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण ब्रवीमि ओम्, इत्येतत् ।। २१

त्यस्तै प्रश्नोपनिषद ५.४ को उदाहरण दिएर त्यस ओम् शब्दको महत्त्व प्रदर्शन गरांउनु भएकोछ । यः पुनरेतं त्रिमात्रेणोमित्येतेनैवाक्षरेण परं पुरूषमभिध्यायीत स सामभिरून्नीयते सामलोकम् । तथा च तैत्तिरीयोपनिषद्को आठौं अनुवाकमा भनिएकोछ । "ओमिति ब्रह्म, ओमितीदं सर्वम्" इत्यादि अनेकौं वाक्यहरू द्वारा सर्वप्रथम कार्यारम्भ गर्दा एवं त्यस्तै पर्दा र मर्दा समेत यसको उच्चारण गर्नाको महत्त्व प्रदर्शित छ । कठोपनिषद्को माथिको वाक्यमा साधिकारी ऋषिकुमार नचिकेतालाई ब्रह्म-तत्त्वको सदुपदेश दिँदै ब्रह्मतत्त्व-वेत्ता श्री यमराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा हुन्छ । वत्स नचिकेतः ! तिमी उमेरले सानै अवस्थाका भए पनि तिम्रो आध्यात्मिक अवस्था निकै राम्रो र ठूलो देखेर नै मैले यो रहस्यमय ब्रह्मतत्त्वको यसरी व्याख्या गरेको हुँ, त्यो यस्तै हो । इत्यादि ।

ब्रह्मसूत्र-निर्माता भगवान् कृष्णद्वैपायनको सर्वोत्तम ब्रह्म-निर्देशक ग्रन्थमा ठ-ठाँउमा यसको राम्रो निर्देशन भएकोछ । ती सूत्रहरूको व्याख्या गर्दा आद्य-शंकराचार्यले शारीरिक-भाष्यमा सहज भाषामा स्पष्ट पारि दिनु भएकोछ । यता गीतामा भगवान् कृष्णको महावाणी -

ॐ इत्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यःप्रयाति त्यजन् देहं स याति परमां गतिम् ।। ८.१३

इत्यादिको व्याख्यामा उहाँको विचार छ । अन्त्यावस्थामा ॐकार उच्चारण गरेर देह छोड्ने साधकहरू आत्मरूपले सोझै त्यही साध्य-परमात्मामा मिल्न पुग्दछन् इत्यादि। यता म स्वयंले लेखेको त्यही कठोपनिषद्मा आधारित "नाचिकेतसम्" नामक आध्यात्मिक संस्कृत-महाकाव्यमा ॐकारको स्वरूप देखाउँदै दशौं सर्गको दशौं र एघारौं श्लोकद्वारा प्रहर्षिणी-छन्दमा त्यसको स्पष्टीकरण यसरी गरेकोछु ।

तत्तेभ्योऽप्यधिकसुखं तदस्य नाम ह्योंकारो विलसति पूर्णरूप एषः ।
यन्नामी प्रभवति नामतः समानो भेदोऽतः स्वतरुभयोस्तदेव तद्धि ।।
ओंकारस्तदथ परात्मनः स्वरूपं सद्भावं प्रकटयतीह निर्विशेषम् ।
सम्पूर्णं परपुरुषं तदेव सौम्य ! सत्तत्त्वं प्रथयति यत्त्रिकालसत्यम् ।।

अर्थ पर्दो - तस्मात् पर, अपर, ब्रह्म, सर्वेश्वर आदि यी नामहरू भन्दा पनि अधिक महत्त्व राख्ने एवं अत्यन्त कल्याणकारी त्यसको पूर्णरूप (निर्गुण-सगुण-ब्रह्मको अनुपम वैभव-सम्पन्न) यो ओंकार विश्वब्रह्माण्ड भरी झल्झलाकार भएर रहेको हुन्छ। किन कि ? नामी (नाम हुने) नामकै सदृश मानिन्छ । यसैले नाम र नामी दुबैको अभेद (एकता) स्वतःसिद्ध छ । अतः जो यो ओंकार छ, यही त्यो परब्रह्म हो । यसमा कुनै प्रकारको शंकै छैन ।

अब म यहाँ त्यही ओंकारको विषयमा केवल पाँच ओटा संस्कृत-पद्य देखाउँछु । जसले ओंकारको सर्वोच्च-स्थिति देखाँउने छन् र हाम्रो अज्ञानान्धकारले आवृत (ढाकेको) आत्मामा स्वयंप्रकाशक त्यो ओंकार-स्वरूपी परमात्माको कसरी प्रकाश पर्दछ स्पष्ट हुनेछ ? अज्ञानान्धकार हट्ता त्रिकालाबाधित बोध (सत्-ज्ञान) प्राप्त भई आत्मा स्वयं परमात्मा बन्दछ । यिनै कुरा तलका वाक्यावलिका माध्यमबाट आराधना-उपासना एवं अन्य ज्ञान-ध्यान तथा योगादिको रूप लिंदै त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधक अथवा जीवात्मा त्यही परमात्मामा मिल्न पुग्दछ । हामी केवल श्रद्धा र विश्वासको निर्देशमा बढ्दै, पढ्दै र यसैमा गर्दै जाऔं ।

ओमिति स्फुरदुरस्यनाहतं गर्भगुम्फितसमस्तवाङ्मयम् ।
दन्ध्वनीति हृदि यत्परं पदं तत्सदक्षरमुपास्महे महः ॥

जुन परम-तत्त्व आफ्नो सत्तामात्रले अर्थात् नित्य सत्य चैतन्य र आनन्द-स्वरूपले परमोच्च अकार-उकार-मकाररूपको प्रणव (ओंकार) यो पद (शब्द) प्राणीमात्रको वक्षःस्थल (दहराकाश अथवा मुटुभित्र) निरन्तर स्फुरित हुँदै (ढुकढुक गर्दै) कण्ठ तालु मूर्धा आदि स्थानमा आघात विना (ठक्कर न लागी) अथवा कसैबाट वा कहींबाट उच्चरित नभई, सतत शब्दायमान भइ रहेकोछ, पुनः जसको गर्भ (भित्रीभाग) मा सम्पूर्ण वाङ्मयप्रपञ्च चौधै विद्या अर्थात् चारै वेद ऋक्, यजुः, साम, र अथर्व तथा पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, शिक्षा, कल्प, व्याकरण, निरूक्त , छन्दः ज्योतिष आदि तल्लीन भएर (एक भएर) रहेका छन् त्यो ओंकाररूप ज्योतिर्मय ब्रह्मको हामीहरू उपासना गर्दछौं ।

अब दोश्रो पद्य पढौं -

भानुना तुहिनभानुना बृहद्भानुना च विनिवर्तितं न यत् ।
येन तज्झगिति शान्तिमान्तरं ध्वान्तमेति तदुपास्महे महः ॥

सूर्य, चन्द्र र अग्नि यी तिनैटै तत्त्वहरूद्वारा कुनै प्रकारले पनि हटाँउन न सकिने हृदयभित्रको अज्ञानरूप अन्धकार जसको सुदृष्टि (कृपा)ले अतिचांडो विनष्ट हुन्छ, हट्छ, त्यो परमज्योतिःस्वरूप परतत्त्व (ओंकार)को हामी उपासना गर्दछौं ।

तेश्रो पद्य पढौं -

कीचकादिकुहरेष्विवाम्बरं विम्बमम्बरमणेरिवोर्मिषु ।
एकमेव चिदचित्स्वनेकधा यच्चकास्ति तदुपास्महे महः ॥

जस्तो एउटै आकाश स्वयं अखण्ड छ तापनि बांस अथवा घट (गाग्रो-गाग्री) आदि ती ती उपाधिद्वारा विभूषित हुंदा उपाधिको आकारकै सरह वंशाकाश अथवा घटाकाशको रूपमा अभिव्यक्त हुन्छ र नाना प्रकारकै जस्तो खण्ड र रूपमा भासित हुन्छ, हो कि जस्तो भान पर्दछ, जस्तै सूर्यको विम्ब (छायामण्डल) जलतरङ्गादिमा पर्दा अनेक प्रकारकै हो जस्तो भासमान हुन्छ, देखिन्छ, त्यै ठीक प्रस्तुत अद्वितीय पूर्णब्रह्म पनि संसारका चेतन तथा अचेतन सबमा अनेकौं ढंगले देदीप्यमान भइरहेकोछ । त्यो परं ज्योतिः ब्रह्मरूप-तत्त्वको हामी उपासना गर्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो पद्य हेरौं -

तर्ककर्कशगिरामगोचरं स्वानुभूतिसमयैकसाक्षिणम् ।
मीलिताखिलविकल्पविप्लवं पारमेश्वरमुपास्महे महः ।।

तर्कना सम्म पनि गर्न नसकिने त्यस परब्रह्म-परमात्माको विषयमा ईश्वर कुन आधारमा छ ? त्यसको चेष्टादि (चाल अथवा गति) के कस्ता छन् र त्यो के कस्ता उपायादि (साधनादि)ले विश्व-ब्रह्माण्ड रच्तछ ? इत्यादि नानाथरी अज्ञानीहरूका कुतर्कद्वारा ज्यादै कठोर भएको वाक्धाराले जो अत्यन्तै अगोचर (आफ्नो अनुभव आदिमा पनि आउने न सकिने) छ । एवं त्यस्तै जो एउटै स्वयंप्रकाश अर्थात् आफूले अनुभव गरेको सिद्धान्त (त्यो त्यस्तै हो र त्यस्तै छ भन्ने नै) टुंङ्गो त्यो स्वयं परमज्योतिका सत्ताको प्रमाण छ । जस्तो गाग्रो, वस्त्र आदि पदार्थ देखिन सूर्य आदि प्रकाशमय पदार्थको आवश्यकता पर्दछ र सूर्य आदि प्रकाशक तत्त्वलाई अरू कसैका प्रकाशको आवश्यकतै रहन्न । किन कि ? सूर्य स्वयं प्रकाशशील छन् । ठीक त्यस्तै त्यो परब्रह्म-परमात्मा पनि सम्पूर्ण विश्व-ब्रह्माण्ड प्रकाशित पार्दछ । त्यो स्वयंप्रकाशको प्रकाशनको निम्ति अरू कुनै पनि प्रमाणादिको अपेक्षा चाहिन्छ भन्ने वास्ता राखिन्न । त्यसको साथै शब्द, स्पर्श, रूप, रस र गन्ध आदि सम्पूर्ण विषयरूप उपाधिका संसर्ग बाट जो निरन्तर विवर्जित छ, अर्थात् विशुद्ध निर्विशेष निरञ्जन स्वरूपको छ । त्यो अचिन्त्य महामहिमा-सम्पन्न परब्रह्म-परमेश्वरका त्यस्तो तेजको हामी उपासना गर्दछौं ।

पाचौं अन्तिम पद्य पढौं -

स्वावभासमयमेव मायया येन भिन्नमवभाष्यते जगत् ।
चित्रमिन्द्रधनुरभ्रलेखया भास्वतेव तदुपास्महे महः ।।

जस्तो स्वयंप्रकाश एउटै सूर्य मेघ-रेखाको संयोगले नानाथरी वर्ण (रंग) भएको चित्र-विचित्र देखिएर इन्द्रधनु (इन्द्रेनी)को रूपमा परिणत हुँदै सूर्यद्वारा प्रकाशित हुन्छ, त्यस्तै सुर नर तिर्यक् आदिरूपको स्वयंप्रकाश परमात्मस्वरूप नै जगत् केवल एउटै मायातत्त्व द्वारा भिन्न-भिन्न प्रकारको भएर अनेकौं नाम-रूपधारी जस्तै प्रतीत हुंदा हुदै जुन परमात्मा बाट प्रकाशित हुन्छ, त्यै परमज्योति ब्रह्म (भगवान् शिव)को हामी उपासना (ध्यान) गर्दछौं ।

प्रिय-पाठकवृन्द ! अब यहां यो परब्रह्मको प्रतीकरूप ओंकारको महत्त्व प्रदर्शनक्रममा यी माथिका पांच श्लोक अध्ययन गर्दा र गहेर नियाल्दा एवं तिनको सारार्थ लिन खोज्दा समस्त वैदिकवाङ्मयको विशेषतया अद्वैतता प्रतिपादक "एकं ब्रह्म, द्वितीयं नास्ति, सर्वं खल्विदं ब्रह्म भन्ने" - वेदान्तको सम्पूर्ण निष्कर्षात्मक तत्त्व यिनैमा भरिएकोछ जस्तो लाग्दछ । कसैले ठूला-बडा कहिने महात्मा-मुनिराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा सन्त-महन्तहरू पनि यसै तत्त्वको प्राप्तिका निमित्त निरन्तर मरिमेटिरहन्थे भन्ने सुनिएकै हुन् र अहिलेकाहरू पनि यदि देखौंवा (देखौटे, स्वाँगे होइनन्) भने त्यसैमा लागि रहेका देखिएकै छन् । तस्मात् शिक्षित अर्धशिक्षित र केही प्रबुद्ध भएका सुन्न र बुझ्न सक्ने हामी जस्ता मानवले पनि यसलाई यो हाम्रै आध्यात्मिक-संस्कृतिको विषय-वस्तु हो, भन्ने सम्झेर राम्रो ध्यान दिंदै त्यसैमा सद्विचार पु-याउंदै गरे बेस होला जस्तो लाग्दछ । (यी पाँचै श्लोक पूज्यपाद शंकरभक्त काश्मीरी महाकवि श्री जगद्धर-भट्टका रचना हुन्) । यी सबै कुराले प्रस्तुत ओंकार त्यही हिरण्यगर्भादि-नामधारी ब्रह्मकै स्वरूप हो, जो विशेषण-विशेष्यादिरहित अनिर्वाच्य ब्रह्मतत्त्वलाई नै प्रकट गर्दछ । अर्थात् त्यसको स्वरूपतः प्रतिपादन गर्दछ । अथवा यसो भनौं शब्दब्रह्मरूप यही ओंकारले नै त्रिकालावाधित नित्य पूर्ण परमपुरुष-रूप सत् चित् आनन्दमय ब्रह्मलाई सम्म पनि निरन्तर प्रकाशित एवं आफैंद्वारा सुविभूषित पारिरहेको हुन्छ । अस्तु

अब त्यसरी यसरी-संस्तुत ती चारै वेदको रूप-रेखा तथा ब्राह्मण-आरण्यक- उपनिषद् आदि ग्रन्थको गति-विधिका साथै वैदिक-साहित्यको स्वरूप अथवा छांटकांट के कस्तो रहेछ ? केहीबेर हेरौं, तर कतिपय कारणवश प्रयोगमा ल्यांउन नसके पनि समय अथवा वातावरणले नदिए पनि हामी हाम्रो नेपाल राष्ट्रका आर्यत्व-सुसम्पन्न श्रुति-स्मृति द्वारा प्रतिपादित विधि-निषेधवाक्यका नियममा टिकेका नेपाली हौं भन्न सक्ने क्षमता राख्न सक्ने सम्म त भइ राखौं, भन्ने सम्मको सद्धारणा बढाइ राखौं । यिनै कुराहरू ध्यानमा राखेर अब म अगाडिको स्थिति देखांउने तरखरतिर लाग्दछु । विषय अलि कठिन र निकै गाह्रो-साह्रो भएकोले यी तलका वाक्यहरू पढुञ्जेल सावधान भएर पढ्न र तिनैमा राम्रोसंग गढ्न सादर आग्रह गर्दछु । सर्वप्रथम ऋग्वेदको स्वरूप प्रस्तुत छ ।

ऋग्वेद

●

ऋग्वेदः श्वेतवर्णः स्याद् द्विभुजो रासभाननः।
अक्षमालाधरः सौम्यः प्रीतो व्याख्यापनोद्यतः॥

वैदिक-साहित्य भन्नाको तात्पर्य हो ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र यी चारै संहिताका अङ्गभूत कण्डिका, ऋचा तथा तद्गतमन्त्र, आरण्यक र उपनिषद्का ग्रन्थहरूको समूह । आपस्तम्ब-ऋषिको कथनानुसार मन्त्र र ब्राह्मण यी दुबैको नाम हो वेद । "मन्त्रब्राह्मणयोर्वेदनामधेयम्" भन्नुको अर्थ हो गुह्य अर्थात् रहस्यमय उक्ति (भनाइ) । सामान्य, ढंगले कुनै देवताको स्तुति अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोग गरेका कुराको अर्थ संस्मरण गराँउने गद्यमय यद्वा पद्यमयवाक्यलाई मन्त्र भन्दछन् । "मननान् मन्त्रः" (निरन्तर मनन-चिन्तन गरिने विषय) इत्यादि । यिनै मन्त्रहरूको संग्रह (संगालो) को नाम हो संहिता । यज्ञ र कर्मकाण्डका विषयको प्रतिपादन गर्ने ग्रन्थको नाम हो ब्राह्मण-ग्रन्थ । यी मन्त्रहरूमा विशेष तिनका अर्थको अन्वेषण (खोजमेल) र यज्ञानुष्ठानको विस्तृत-विवरण तथा विवेचना छन् । ब्राह्मण-ग्रन्थको अर्को भाग उपनिषद् भनिन्छ । आरण्यक-ग्रन्थमा वानप्रस्थ आश्रममा जीवन बिताँउनेहरूको निमित्तका यज्ञ, होम, महाव्रत आदि कर्तव्यका विवरणहरू छन् भने उपनिषद्हरूमा अध्यात्मज्ञानको भनौं वा ब्रह्मविद्याको प्रतिपादन एवं निर्देशन गरिएकोछ ।

ऋग्वेदको साहित्य

ऋग्वेद समस्त वैदिक-साहित्यमा ज्यादै पुरानो (सृष्टिकाल देखिको) साहित्य हो र विश्वभरीका वैदिकतत्त्व जान्ने र मान्ने व्यक्तिहरूद्वारा जानी एवं मानी आएको सर्वोत्तम ग्रन्थ-रत्न हो । भारतवर्षीय सौम्यता-सभ्यता र संस्कृतिको उद्गम तथा विकास आदि समस्त कुराको यथार्थ-तथ्यको प्राप्तिका अभिव्यक्तिको आदि-प्रेरणास्रोतः यसैलाई मानिएकोछ । भारतवर्षका हाम्रा पूज्य-पूर्वजहरूले आफ्नो जीवनको प्रारम्भकालमा कसरी के के गरेर आफ्नो साथै समाजको विकास गरे ? धर्म, दर्शन, ज्ञान, विज्ञान, साहित्य, संस्कृति एवं विभिन्न कलाको कसरी उन्नति गर्दै प्रगति गरे, गराए ? तिनैको समुन्नतिद्वारा मानव-समाजको उत्थान कल्याणको जस्तो के के कस्तो-कस्तो अमूल्य बौद्धिक योगदान गरे ? यी सारा कुराको आदिस्रोतः (मुहान) ऋग्वेदै हो र यही एकमात्र सर्वोत्तम-ग्रन्थ हो । यो केवल आदिकालीन वैदिक धर्मानुरागी आर्यहरूका समाजको "सांस्कृतिक निधि" मात्र नभएर समस्त मनुष्यता-विकासको ऐतिहासिक सर्वोत्तम स्थान हो र यही ऋग्वेदमा लाखौं-करोडौं वर्षको जो जे जति विश्व-ब्रह्माण्ड भरीका कुरा-कथा भरिएका छन् जो ज्ञानको ज्योति अखण्डरूपमा झलमलाकारमा चम्किरहेको छ, ती सारा कुराको विवेचना विश्लेषण गर्नु, यसैमा टिक्नु, मनुष्यमात्रलाई आत्म-कल्याणको निमित्त साह्रै सन्तुष्टि एवं शान्तिप्रद हुने स्वतः सिद्ध भइ रहेकैछ । अचेलको वातावरणमा त दिनानुदिन बढ्दो आवश्यकता अनुभव गरिंदैछ । यसै कारणले अरू हामी भारतवर्षीय विद्वान्हरूको त के कुरा ? पाश्चात्य विद्वान् मोक्ष(मैक्स) मूलर, जसले प्रथम-प्रथम ऋग्वेदमै आफ्नो कलम चलायो, जसको उल्लेख माथि गरियो, स्वयं यसको त्यस्तो विषय लिएर आफ्नो हृदयको उद्गार यसरी पोख्नु हुन्छ ।

यावत्स्थास्यन्ति गिरयः सरितश्च महीतले ।
तावद् ऋग्वेदमहिमा लोकेषु प्रचरिष्यति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिने डांडा-कांडा र नदी-नालाहरू पृथ्वीतलमा टिकेसम्म यो ऋग्वेदको महिमा विश्वभरी प्रचार-प्रसार भइरहने छ । इत्यादि

ऋक्को अर्थ हो "स्तुतिपरक ग्रन्थ" वेदको अर्थ हो तत्त्वज्ञान । पूर्ण अर्थ भो ऋचा र स्तुतिपरक अर्थको ज्ञान । ऋग्वेदका ऋचाहरूमा प्रायशः देवताहरूकै स्तुतिहरूको बाहुल्य छ । यसैले त्यसको नाम त्यस्तो रहेको हो। पातञ्जल-महाभाष्यमा भने ठीक खोजमेल गर्दा अघि निकै अघि यो ऋग्वेदका एक्काइस शाखाहरू थिए, भनिएको देखिन्छ । "एकविंशतिधा बाहृच्यम्" परन्तु शौनक-शाखामा हेर्दा त्यसमा केवल पांच ओटै शाखामात्र पाइन्छ । ती हुन्-शाकल, बाकल, आश्वलायन, शाखायन र माण्डुक्य । यिनका पनि एक-एक शाखाको निकै निकै उपशाखाहरू भएका देखिन्छन् । तर अचेल केवल शाकलशाखाको यौटै शैशिरीय उपशाखामात्र भेटिन्छ । शाकल ठूला ऋषि (मन्त्रद्रष्टा) थिए । यिनै मन्त्र-पाठको प्रवर्तक मानिन्छन् । यिनले मन्त्रका पद-पदमा सन्धि छुटयाएर तिनलाई सजिलैसंग सम्भन सकिने गरी दिएका हुन् । ऋग्वेदको यो शाकल-शाखा वैदिक साहित्यमा एउटा भल्भलांउदो रत्न हो । यता सामवेदमा कौथुमशाखाको केवल पचहत्तर मन्त्रहरू छोडेर अरू सबै मन्त्र शाकल-शाखाकै हुन् । कृष्ण-यजुर्वेदको तैत्तिरीय-शाखा र शुक्ल-यजुर्वेदको वाजसनेयसंहितामा पनि धेरै जसो मन्त्रहरू शाकल-शाखाकै पाइन्छन् । उता अथर्ववेदको शौनकसंहितामा पनि बाहूसय जति मन्त्रहरू यसै शाखाका भेटिन्छन् । भन्नुको तात्पर्य हो, यही ऋग्वेदभित्र अरू तीन वेदहरू घुसेका देखिन्छन् । तस्मात् यसै वेदको राम्ररी विधि-विधान पु-याएर अध्ययन गरे प्रायः चारै वेदको स्वाध्याय हुन्छ ।

यसको मन्त्रसंख्या, छन्द र मन्त्रद्रष्टा-ऋषिहरू

यही ऋग्वेदको दशौं मण्डलको एक सय चौधौं सूक्तको आठौं मन्त्रमा ऋग्वेदका मन्त्रको संख्या पन्द्र हजार मानिएकोछ । सहस्रधा पञ्चदशान्युक्था यावद्द्यावापृथिवी तावदित्तत्ततः । यी मन्त्रहरूको रचना छन्दहरूमा भएको छ । ती सम्पूर्ण छन्द वैदिक-छन्दः हुन् र यिनको संख्या प्रायः साठी छ । यिनमध्ये गायत्री, उष्णिक् त्रिष्टुप् अनुष्टुप् बृहती पंक्ति र जगती ज्यादै प्रसिद्ध छन् । अरू छन्द यिनैका भेद, उपभेद हुन् ।

मन्त्रका द्रष्टा ऋषि, ऋषिपुत्र र ऋषीक अथवा स्वयम्भू हुन् । यिनको संख्या जम्बा-जम्बी तीन सय जति छ । यिनमा गृत्समद, विश्वामित्र, वामदेव, अत्रि, भारद्वाज, वसिष्ट, कण्व र अङ्गिरस आदि ऋषिहरू नै प्रमुख छन् । कुनै-कुनै मन्त्रका द्रष्टाका रूपमा स्त्रीहरू पनि भएका देखिन्छन् । तिनमा जुहू, शची, घोषा, लोमशा, लोपामुद्रा र विश्ववारा आदि प्रधान छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिकदेवता

ऋग्वेदका देवता आदिको अर्थ यास्क-ऋषिले ब्रह्माण्डमा विचरण गर्ने, प्रकाशित हुने र समस्त पदार्थ दिने, भनेका छन् । "देवो दानाद् द्योतनाद्वा" वैदिक ऋषिहरूको विश्वास यही थियो कि इन्द्र, अग्नि, सूर्य आदि देवताहरू प्राकृततत्त्व हुन् र तिनमा आश्चर्यजनक शक्ति, ऐश्वर्य एवं प्रभुत्व रहेका हुन्छन् । तिनैद्वारा विश्वसृष्टिका सारा क्रियाकलाप संचालित हुन्छन् । अत एव उनीहरूले प्रकृति-तत्त्वहरूलाई नै चेतनशक्ति-सम्पन्न देवता मानेर यिनको आराधना उपासना गरेका हुन् । बृहद्देवता र यास्क-ऋषिका निरूक्त आदि ग्रन्थमा तीन प्रकारका देवताहरू मानिएका छन् । यिनमा पृथ्वीस्थानीय, अन्तरिक्षस्थानीय र द्युस्थानीय । यिनमध्ये पृथ्वीस्थानीय प्रधान-देवता अग्नि हुन् । अन्तरिक्षस्थानीय वायु र इन्द्र हुन् । द्युस्थानीयदेवता सूर्य हुन् । वेदमा यिनै देवताहरूको अनेकौं रूप र नामले स्तुति गरिएकोछ । ऋग्वेदको एउटै ऋचा बाट ज्ञात हुन्छ कि पृथ्वीस्थानीय देवता ११, अन्तरिक्षस्थानीय ११ र द्युस्थानीय ११ गरेर जम्मा तेत्तीस देवताहरू छन् । मन्त्र पढौं -

ये देवासो दिव्येकादशस्थ पृथिव्यामध्येकादशस्थ ।
अप्सु क्षितो महिनैकादशस्थ ते देवासो यज्ञमिमं जुषध्वम् ॥ ११.१३९

ऋग्वेदमा धेरै ठांउमा यजुर्वेदको तैत्तिरीय तथा शतपथ-ब्राह्मणग्रन्थमा एवं ऐतरेय-ब्राह्मणमा पनि तेत्तीसै देवताहरूको उल्लेख छ । तर ऋग्वेदको दुइ ठांउमा भने ३३३९ देवता छन् भन्ने भनाई छ । त्रीणी शतान्यग्निं त्रिंशच्च देवा नव चासपर्यन् इत्यादि ३.९.९. र १०.५२ छ ।

यस विषयमा सायणाचार्यको उक्ति छ । देवताहरू त मुख्य तेत्तीसै (३३) हुन् तर देवताहरूको सुविस्तृत महिमा देखांउनको लागि ३३३९ संख्याको उल्लेख गरिएको हो । यिनै तेत्तीस देवताहरूलाइं ३३३९ भन्दा-भन्दा हामीहरू तिनका शाखा-सन्तान र हांगा-विंगा समेत जोडि-जोडी तेत्तीस करोड भन्दै आएकाछौं । यिनीहरू मध्ये पनि पृथ्वीस्थानीय देवताहरूमा अग्नि, सोम, पृथ्वी, नदी-समुद्र आदि र अन्तरिक्ष- स्थानीय देवताहरूमा इन्द्र, वरूण, रूद्र, मरूत् एवं द्युस्थानीय देवताहरूमा सूर्य, पूषा, विष्णु, अश्विन्, उषस् र चन्द्रमा नै प्रधान छन् । यिनीहरू मध्येपनि विशेष अग्निकै महत्त्व छ । किन कि ? ऋग्वेदले सर्वप्रथम यिनैको स्तुति बाट आफ्नो उत्थान (आरम्भ) गरेको देखाएकोछ । त्यसको त्यो पहिलो ऋचा हो -

अग्निमीले पुरोहितं यज्ञस्य देवमृत्विजम् ।
होतारं रत्नधातमम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ पर्छौं - म अग्निदेवको उपासना गर्दछु, ती प्रकाशमान देवता पुरोहित होता र ऋत्विक् हुन् एवं समस्त धन-धान्यादि वैभवका स्वामी हुन् । यिनै अग्नि अरू देवताहरू र मनुष्यहरूको बीच सम्बन्ध बढाई दिने पृथ्वीका प्रधान देवता हुन् । यिनैका माध्यमबाट अरू देवताहरूलाई दिइने हवि (होमिने वस्तु) उनीहरू भएको ठाममा पुर्‍याँइन्छ । यिनका अनेक भेद छन् । काम अनुसारका नाम छन् । गार्हपत्य, आवहनीय र दक्षिणाग्नि । यी तीन नाम तिनमा प्रधान छन् । यिनमा विवाह आदिमा गार्हपत्याग्नि, यज्ञानुष्ठानादिमा आहवनीयाग्नि र अन्त्यसंस्कार-आदिमा दक्षिणाग्निको आवाहनपूर्वक तत्तत्क्रिया-कर्म गर्ने विधि-विधान छ । अन्तरिक्षस्थानीय देवताहरूमा इन्द्र नै विशिष्ट मानिन्छन् र विशेषतः वैदिकमन्त्रहरूमा यिनैको स्तुति अनेक प्रकारले गरिएकोछ । यिनैलाई परमात्मा, आत्मा, वीर, विद्युत् आदि नामले प्रशंसा गरिएकोछ र भनिएकोछ कि यिनैद्वारा भएको वृष्टिले धन-धान्यादिको बृद्धि हुने गर्दछ । अग्नि र इन्द्र पछि सोमको स्तुतिका मन्त्रहरू निकै भएका देखिन्छन् । नवम-मण्डलमा केवल सोम, चन्द्र अथवा सोम (जडीबुटी) को प्रशंसा छ । तत्कालीन देव ऋषि-मुनिहरू विशेषतः यसै सोमरसको उपभोग गर्दथे । यिनलाई औषधि ओखती, जडीबूटीहरूको स्वामी र चन्द्र अमृत एवं पवमान आदि हुन् भनेको स्पष्टै देखिन्छ । त्यही सोमरस-पान गरेर हाम्रा पूर्वज ऋषि-मुनिहरू अमर हुन इच्छा गर्दथे र भन्दथे "पिबाम सोमममृता अभूम" इत्यादि ।

द्यौ देवताहरूमा सबैभन्दा प्राचीन देवता हुन् । यिनको सम्बन्ध अन्तरिक्ष र पृथ्वी संग छ । द्यावा-पृथिवी यी दुबै शब्दहरूद्वारा द्यावा-पृथिवीलाई माता-पिता मानिएकोछ । सूर्य आकाशका देवता हुन् । काम-कुराको विभिन्नताले यिनका पांच रूप हुन्छन् । मित्र, सूर्य, सवितृ, पूषन् र विष्णु । यी अन्धकार नाश्ने, प्रकाश दिने, अन्नबृद्धि गर्ने, समस्तजीव-समूहमा जीवन-सञ्चार गर्ने र बुद्धि एवं सत्कर्ममा प्रेरित गर्ने हुन् । उषा यिनैको अगाडि-अगाडि लाग्ने प्रातःकालकी देवी हुन् र वैदिक-देवताहरूमा प्रधान स्त्री-देवता मानिन्छिन् ।

वरूण भौतिक र आध्यात्मिक दुबै जगत्का नियामक देवता हुन् । यसै हेतुले पनि उनको ठूलो महत्त्व छ । यिनैको खटनपटनमा पृथ्वी र अन्तरिक्ष पृथक् पृथक्-रूपमा टिकेका छन् । उनैको प्रकाशले सूर्य, चन्द्र प्रकाश पांउछन् । पुनः श्वासवायु पनि हुन् । यिनैद्वारा वर्षा हुन्छ र नदी-नालाहरू बहन्छन् । समुद्र पानीले परिपूर्ण भएता पनि आफ्नो सीमा भित्रै अडिरहेकोछ । मर्यादा नाघ्दैन । यिनै सर्वज्ञ हुन् र भविष्यत् जान्दछन् । प्राणीमात्रका सत्य-मिथ्यादितत्त्वको राम्रो ज्ञान राख्तछन् र पुण्यात्मालाई सुख-ऐश्वर्य एवं पापात्मालाई घृणा गर्दै उचित दण्ड दिन्छन् । यस विषयका धेरै-धेरै मन्त्रहरू पाइन्छन् । ऋग्वेद १।.२५.१ देखि यिनको प्रारम्भ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्तमा अनेकता

ऋग्वेद॥ यसरी अनेकौं देवताहरूको बेग्ला-बेग्लै स्तुति एवं प्रशंसा देखेर कुनै-कुनै पूर्वीय र पश्चिमी विद्वान्हरूले अ-आफ्नो सिद्धान्त(अठोट) बनाएका छन् कि त्यसताकका ऋषि-मुनिहरूलाई परमात्माको राम्रो ज्ञान थिएन। उनको गति-विधि माथि भनिएका देवताहरू सम्ममात्र सीमित थियो। प्राकृतिक-शक्तिहरूमै अद्भुत शक्ति देखेर उनीहरू तिनै देवताहरूलाई नै चेतनशक्ति-सम्पन्न सर्वेसर्वा देवताहरू हुन्, भन्ने ठान्दथे र तिनैलाई मान्दथे। परन्तु उनीहरूको यो धारणा बिलकूल निराधार सिद्ध हुन आयो। ऋग्वेदको यौटा मन्त्रमा उल्लेख छ "महद्देवानामसुरत्वमेकम्" यस ऋचाको अंशमा भनिएझैं देवताहरूको यौटै शक्ति थियो, न कि अनेक। ऋषिहरूले जुन प्राकृतिक-शक्तिहरूको स्तुति-प्रशंसा आदि जो गरे त्यो तिनका त्यस्तो स्थूलरूपको होइन, हो त तिनीहरू भित्र रहने अथवा तिनीहरूलाई शासन (खटनपटन) गर्ने, प्रेरणा दिने अधिष्ठात्री चेतनशक्तिकै हो। यो चेतन-शक्तिलाई तिनीहरू त्यो परमात्मादेखि पृथक् (भिन्न) मान्दैन थिए, बिलकूल विशुद्ध ब्रह्मतत्त्व नै मान्दथे र अनाहत-आहतनादमयी तन्निःसृतवेदस्वरूपिणी उपर्युक्त महामाया-महाशक्ति नै ठान्दथे। तदनुरूप त्यसको आराधना-उपासना गर्न जान्दथे। जस्तो सप्तशतीमा स्पष्ट निर्देश छ।

शब्दात्मिका सुविमलर्ग्यजुषां निधान-
मुग्दीथरम्यपदपाठवतां च साम्नाम् ।
देवी त्रयी भगवती भवभावनाय
वार्तासि सर्वजगतां परमार्तिहन्त्री ॥

तस्मात् भिन्न-भिन्न देवताको रूपमा उही सर्वशक्तिमान् परब्रह्म-परमात्माको चेतन-शक्ति र सद्गुणकै वर्णन गरेका हुन्। जो देवताको अनेकतामा विश्वास गर्दैनन् तिनीहरू त्यसरी वर्णन गरिएका देवता वाचक नामहरूको अर्थ "परब्रह्मपरकै" हो भन्दछन्। उनीहरूको सुदृढ धारणा यही छ कि - यी नाम-रूपमय सारा देवता र यो सृष्टिप्रपञ्च परमात्माकै विभूति हो। यसमा ऋषिप्रवर यास्कले यसरी हामीलाई सम्झाउनु भएको छ -

महाभाग्याद् देवताया एक एव आत्मा बहुधा स्तूयते ।
एकस्यात्मनोऽन्ये देवाः प्रत्यङ्गानि भवन्ति ॥

अर्थात् यो ब्रह्माण्डको मूलमा एउटै शक्ति विद्यमान छ, जसलाई परमात्मा भन्दछन्। यही यौटा तत्त्वको नाना-रूपमा स्तुति गरिएको हो। नियन्ता अर्थात् खटनपटन गर्ने एउटा त्यै तत्त्व हो। त्यसको मूल-सत्ताको विकास-रूपका अरू देवताहरू हुन्। प्रस्तुत ऋग्वेदमा यी सारा कुराको अनेकानेक प्रमाणहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाष्य (व्याख्या)कारहरूले विषय-विषयको दृष्टिले ऋग्वेदका मन्त्रहरूलाई तीन भागमा बाँडेका छन् । कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड । मन्त्र चाहे जस्तोसुकै वा जस-जसका किन नहुन्, यिनै तीन काण्डभित्र पर्दछन् । आचार्य-धर्मोपदेशक र भाष्यकारहरूले कर्म, उपासना र ज्ञान यी तीनै काण्डहरूलाई अ-आफ्नो विषय बनाएर अनेकानेक-ग्रन्थहरू निर्माण गरेका छन् । त्यसताक आदिकालीन ऋषिहरूले दृष्टादृष्ट (देखिएका र नदेखिएका) सबै विषयहरूको प्रतिपादन गर्नमा ऋग्वेदलाई नै आदिकारण मानेका छन् । उनीहरू भन्दछन् "सुगा ऋतस्य पन्थाः ८.३१.१३ । धर्मको, सत्यको बाटो सजिलै हिंड्न सकिन्छ" । सत्यस्य नावः सुकृतमपीपरन् ।। ९.७१.१ । ऋग्वेदमा त्यस्ता हाम्रा आर्य-पूर्वजहरूको विश्वास थियो कि उपरि तथासंस्तुत देवताहरू हाम्रो आचरण (चाल-व्यवहार) को राम्रो देख-रेख गरिरहन्छन् र कर्तव्यबाट अलिकति चुक्ता नचुक्तै दण्ड ठोकि दिन्छन् । अच्युत भएर भगवान् अच्युत पाउन सत्कर्ममा टिक्ता निरन्तर हाम्रो सहायता गर्दछन् । यस्ता विचार र संस्कारले हाम्रा पूर्वजहरू जीवनमा नैतिकता र सदाचारितामा निरन्तर जोड दिन्थे र भन्ने गर्दथे ।

नमोस्तु तस्यै श्रुतये यां दुहन्ति पदे पदे ।
ऋषयः शास्त्रकाराश्च कवयश्च यथामति ।।

अर्थ हो - ती श्रुतिदेवी अथवा ब्रह्मविद्यालाई नमस्कार, जसलाई पद-पदमा (छिन-छिनमा) ऋषि, शास्त्र-निर्माता, आचार्य एवं धर्मोपदेशकहरू अ-आफ्नो इच्छानुसार दुही रहन्छन् । यो उक्ति हो कविराज-राजशेखरले काव्यमीमांसामा हामीहरूकै निमित्त विन्यसित गर्नु भएको ।

यी वैदिक-देवताहरूको क्रिया-कलाप उपासकको मानसिक अवस्था र चैतन्य कहाँसम्मको र कत्तिको छ ? यो हेरेर मात्र तदनुसारको रूपमा त्यो परिणत हुने गर्दछ । वेदको अर्थका हकमा भने मत-भिन्नता देखेर सम्भव छ, अझ भनौं भने, वितण्डावाद बाटै हताश भएर यौटा अर्को सम्प्रदाय नै उत्पन्न भयो जसलाई "कौत्स-संप्रदाय" भन्दछन् । यो सम्प्रदायले यस्तो सम्म प्रचार ग-यो कि "वैदिक मन्त्रहरू बेकामका छन्, र तिनको अर्थै लाग्दैन" । निरर्थका अनर्थका हि मन्त्राः । उनको अबुझ-सिद्धान्त यो भयो कि तिनको उच्चारण (पाठ) मात्र गरे तिनबाट प्राप्त हुने फल स्वतः प्राप्त हुन्छ । यसमा हाम्रो भनाइ यस्तो छ -

स्थाणुरयं भारहारः किलाभूदधीत्य वेदं न विजानाति योऽर्थम् । योऽर्थज्ञ इत्सकलं भद्रमश्नुते नाकमेति ज्ञानविधूतपाप्मा ।। (शतपथ-ब्राह्मण) भनेझैं हुनुपर्दछ र त्यस्तो भएमात्र त्यो कुरा परिपूर्ण हुन्छ । होष्टेमा हैंसे, गरे जस्तो अन्योन्याश्रित भई सुवर्णमा सुगन्ध थपिए जस्तो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदका मन्त्रको अर्थ विचार गर्ने कुरापट्टि लाग्दा सर्वप्रथम यो कुरामा ध्यान दिनु अत्यावश्यक छ - जस्तो सुकै अर्थ निकाले पनि त्यसको क्रम समातेर पूर्वापर (माथिदेखि तलसम्मका) सम्बन्धको उपयुक्तताले भाषाका विकासको भङ्गिमाले वर्णनक्रमागत पहिलोदेखि पछिल्लोसम्मका अर्थको तात्पर्यको सामञ्जस्यले एवं मन्त्रद्रष्टा र मन्त्र-रचयिताको त्यसबेलाको त्यो उल्लेख के-के-का विषयको हो? भौतिक, दैविक, अध्यात्मिक कुन मध्यको हो र कुन-कुन परिस्थिति बोधक छ ? इत्यादि सब कुराको परिशीलनपूर्वक अर्थ निकाल्नु पर्दछ । त्यसको प्रयोग त्यस्तै कार्यक्रममा गर्नु पर्दछ । तबमात्र यथार्थ वेद पढ्ने (वैदिक) कहलाइन्छ । खालि "गणानां त्वा" इत्यादिमात्र पढेर अथवा पढ्न लगाएर वैदिक-पुरुष भन्न-भनाउन कुनै अवस्थामा पनि ठीक हुँदैन ।

माथिका यी कुरामा-वैदिक मन्त्रका उपयुक्त अर्थका अन्वेषक विद्वान्हरूको भनाई (सिद्धान्त) यही छ । यस्तो हुन आजीवन त्यसैमा लागिरहेका विद्वान् एवं अन्वेषकहरूमात्र सफल हुन्छन् । यसको निम्ति वेदराशिको आविर्भावकाल देखि हिजोआजसम्म जो जति अध्ययन एवं परिशीलन आदि काम-कुरामै निरन्तर संलग्न भइरहेका छन् भने पनि ती सबका सब अपूर्ण स्थितिमा छन् । अफसम्म यथार्थ-तथ्यमय अर्थ देख्न, सुन्न पाएकै छैनन् । फेरि अर्को पक्ष पनि त्यस्तै छ । त्यो समय र हिजोआजका समयको चिरकालीन-विषमता तथा सुदीर्घता कति टाढाको भइ सकेकोछ । यो पनि ता माथिका कुरामा विचारणीय छ । वेदको रचनाकाल हामी वैदिक-धर्मप्रति टिक्ने आर्य-हिन्दूहरूको विशुद्ध-दृष्टिमा स्वतः भगवान्को निःश्वासबाट निःसृत भएको हुँदा अनादि, अपौरुषेय नै हो र भगवान्कै स्वरूप हो, भन्दछौं र त्यस्तै मानि आइरहेकाछौं पनि । यता पाश्चात्य विद्वान्हरू ई.सं. पूर्व ३५०० वर्ष देखि पाँच हजार वर्षसम्मको हो भन्दछन् र चाँहिने नचाँहिने तर्क दिन्छन् । तर हाम्रो पूर्वीय-पक्षधर तथा बौद्धिक-तत्त्वका महान् अन्वेषक लोकमान्य-तिलकज्यू र वैदिक साहित्यका लेखक डा. रामगोविन्द त्रिवेदीज्यू भने पच्चीस हजार देखि पचास हजार वर्षसम्मको समय भित्रको हो भन्ने अ-आफ्नो तर्क र युक्तिद्वारा संस्थापित सिद्धान्त (ठहर) देखाउँछन् । यो कुरा उनीहरूद्वारा लिखित ग्रन्थहरूमा उल्लेख भएको सजिलै पढ्न पाइन्छ । यसमा मेरो आफ्नो सुनिश्चित सिद्धान्त माथि नै देखाएँ । अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजास्यः पीतवर्णः स्याद् यजुर्वेदोऽक्षसूत्रधृक्।
वामे कुलिशपाणिस्तु भूतिदो मङ्गलप्रदः॥

यजुर्वेद

●

अब यजुर्वेदको स्वरूप हेरौं निकै-निकै शताब्दी अघि देखि हाम्रो भारत-वर्षीय इतिहास, धेरैजसो अंशमा विभिन्न जातिहरूको र संप्रदायवादीहरूको पारस्परिक-संघर्षको मुख्य थलो हुँदै-रहँदै आएको देखिन्छ । बरू हिजोआज सारा विश्व एउटै हो, समाज हो, हामी सबै एउटै हौं भन्ने भावना केही मात्रामा झल्किँदै र टल्किँदै आएको देखिएकोले त्यसैलाई जगाउन, जोगाउन चाँहिने अरू साधनले पुठ दिन सारा भारतवर्षमा प्रचलित मत, वाद, अथवा संप्रदायहरूमा यौटै सूत्रात्माको रूपमा व्याप्त संस्कृतिको महत्तर व्यापकतालाई अगाडि सार्दै तथ्यको पूर्वरूप र विकासतिर पनि राम्रोसँग संयमित भएर अघि बढ्दै जानु अत्यावश्यक भइसकेको देखापर्दछ । तस्मात् सर्वप्रथम यतैतिर लागौं । वैदिक-धर्मको विशेषतः वैदिक-कर्मकाण्डको मुख्य एवं प्रधान-स्तम्भ अथवा जरो भनौं यजुर्वेद नै हो । वैदिक-वाङ्मयमा यजुर्वेदले आफ्नो प्रमुख-स्थान ओकटेको छ । मानव-जीवनको विकासको लागि ज्ञान, कर्म र उपासना यी तिनोटा मुख्य खुड्किला मानिएका छन् । त्यसमा कर्मको प्रतिपादन खास गरेर यजुर्वेदले न गरेकोछ । यद्यपि वैदिक-कर्मकाण्डमा अरू तिनौटै वेदहरूको पनि अ-आफ्नो सुदृढ स्थान छ तापनि तिनको मूल आधार यजुर्वेद नै हो, भन्न सकिन्छ । सुप्रसिद्ध वैदिक-ग्रन्थ निरूक्तमा ऋग्वेद सँग सम्बन्ध राख्ने ऋषिहरूको वर्णन गर्दै भनिएको छ कि "यज्ञस्य मात्रां निमिमीत एकः, अध्वर्युरध्वरयुरध्वरयुः । अध्वरं युनक्ति अध्वरस्य नेता" इत्यादि । यसको अभिप्राय यो हो यस काम-कुरामा यसो-उसो गर्नु भन्ने समस्त निर्देशन यसै यजुर्वेदले नै बताउछ, गर्दछ । यसैले यजुर्वेद सँग सम्बन्ध राख्ने ऋत्विक्-अध्वर्युहरूका साथै यसैलाई नै यज्ञसंचालक अथवा यज्ञको नेता भनिन्छ ।

वैदिक विचार-प्रवाह र संस्कृति

●

भारतवर्षीय संस्कृतिको विकासमा संस्कृतिका धारा-उपधाराको मिश्रण भएता पनि त्यसको प्रमुख स्वरूप बनाउनमा र संस्थापन गर्नमा वैदिक विचार-प्रवाहको निकै-निकै अंशहरूको समावेश भएको पाइन्छ । गीताको उक्ति अनुसार -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।।

जहाँबाट विश्वब्रह्माण्ड भरीका प्राणीहरूको प्रवृत्ति (वात-व्यवहारादि) चलेको छ र जसले विश्व-ब्रह्माण्डलाई व्याप्त गरिरहकोछ त्यही परब्रह्म-परमात्मालाई अ-आफ्नो कर्म (चातुर्वर्णानुसारको) ले पूजन-अनुष्ठान आदि गरेर नै विशेषतः मनुष्य-जाति सिद्धि प्राप्त गर्दछ। भन्ने सिद्धान्तको अनुरूप सारा विश्व-प्रपञ्चको विभिन्न व्यवहार-व्यापार र दृश्य-वस्तुहरूमा एकसूत्रात्मक निर्देश गर्ने व्यक्तिको निमित्त "तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः" त्यस अवस्थामा के कुराको मोह, के का निमित्तको शोक ? यस्तो स्वानुभूति हुन थाल्दछ। त्यस्तै समस्त प्राणीमा एकमात्र आत्मदर्शन गराँउने "रसोहऽमप्सु कौन्तेय ! प्रभास्मि शशिसूर्ययोः" म पानीमा रसतत्त्व र चन्द्र-सूर्यको कान्ति हुँ) यो भगवान्का भनाईको अनुसार बाहिरी र भित्री जगतमा परस्पर अविरोधात्मक अद्वैत (दुई नभएको एकता) देखाउने जे जति आध्यात्मिकता देखिन्छ अथवा पाइन्छ, यद्वा अन्धकार बाट प्रकाशतिर र मृत्यु बाट अमरत्वतिर एवं असत्यमा सत्यको विजयतिर बढ्दै जानुमा जे जस्तो आशावाद भनौं वा सुदृढ आत्मविश्वास अनुभव गरिन्छ, त्यसको अन्तमा विरुद्ध स्थितिमा पनि नचुँडिने एकमात्र सूत्र बच्न आँउछ। यी सब कुरा वैदिक विचार प्रवाहले नै हामीहरूलाई सिकाँउदै-दिँदै गरि आएको हो। हजारौं-लाखौं वर्ष बित्ता पनि जो आजसम्म त्यही वैदिक-संस्कृतिकै रंगमा रंगिएकैछ। त्यही संस्कृति थाम्दै-धान्दै आजसम्मको यस्तो विकराल कालमा पनि अ-आफ्नो परम्परागत वैदिक धर्म-कर्ममा, विभिन्न संस्कारहरूमा तिनै वैदिक-मन्त्रहरू प्रयोग गर्ने गर्दै आएका छौं। जन्म भन्दा अगाडि देखि मृत्यु पर्यन्तका सारा संस्कारहरू जो हाम्रो यो भारतवर्षमा असंख्य वर्ष देखि प्रचलित हुँदै आएका छन्, हामी यसरी आफूमा आफ्ना परिवार र समाज एवं आफ्नो राष्ट्रमा संरक्षण र परिबर्धन गर्दै परिपुष्ट पार्दै आएकाछौं। यही नै त हो हाम्रो महत्ता तथा गुरुता।

यजुर्वेदको साहित्य

वैदिक साहित्यको परिभाषा अनुसार यजुर्वेद-संहिता दुई भागमा बाँडिएको छ। कृष्ण-यजुर्वेद काण्व-तैत्तिरीय-शाखामा र शुक्लयजुर्वेद माध्यन्दिनीय वाजसनेयी-शाखामा। यी दुबै भाग त्यही यजुर्वेदकै हुन्। यिनमा शुक्ल यजुर्वेद साह्रै विस्तृत छ। अरू वेद सरह यो यजुर्वेदको पनि अनेकौं शाखाहरू थिए। परन्तु अब पूर्वोक्त दुई शाखामात्र अवशिष्ट छन्। यी दुबैको प्रतिपाद्य-विषयको दृष्टिले हेर्दा शुक्ल यजुर्वेदकै प्रधानता रहेको देखिन्छ। हाम्रो विशेषतः हामी शिखा-सूत्रधारी जातिको अझ यसो भनौं आर्य-हिन्दूहरूको शाखा पनि त्यही हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि अर्थात् तल-तल यसको रहस्य खोल्दै-खोतल्दै जाँउला । अहिले पहिले त्यसैलाई आधार मानेर यहाँ अरू केही आवश्यक कुराहरू पढ्दै जाऔं ।

यजुर्वेदको प्रतिपाद्यतत्त्व र आधिदैविकता

वैदिक-मन्त्रहरूको व्याख्या गर्ने परम्परागत तीन सम्प्रदाय (राम्रोसँग बोध गराइने स्थान) प्रसिद्ध छ । निरुक्त आदि प्राचीन वैदिक-ग्रन्थहरूको आधारमा यसो भनिएको देखिन्छ कि-प्रायः प्रत्येक मन्त्रको व्याख्या आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन दृष्टिले सजिलैसँग गर्न सकिन्छ । वास्तवमा मानवजातिको बौद्धिक-विकासको साथै प्रकृतिका प्रत्येक व्यापारमा माथिका तीनै उक्त दृष्टिको क्रमशः आविर्भूत हुँदै जानुमा पनि स्वाभाविकता रहेकै हुन्छ । यस्तो छ तापनि यसको व्याख्या विशेषतः प्राचीन भाष्यकारहरूले आधिदैविक (अधियज्ञ) को दृष्टिले नै गरेका छन् । यजुः शब्दमा विचार गर्दा यो कुरा स्पष्ट हुन्छ कि "यजुः र यज्ञ" यी दुबै शब्द यज धातुबाट बनेको हुन्छ । माथि भने जस्तो "यज देव-पूजा-संगति-करण-दानेषु" - धातु यो हो । वास्तवमा यसमा विचार गर्ने हो भने देव-पूजा, संगतिकरण र दान यी तीन अर्थमायाज्ञिक-दृष्टि भनेझैं वा वैदिक कर्मकाण्डका विकासको सम्पूर्ण इतिहास स्वतः पूर्ण भएको देखा पर्दछ । माथि उल्लेखित "तदेवाग्निस्तदादित्यः" (यजुर्वेद ३२.१) को कण्डिकामा एउटै तत्त्वको वर्णन भएकै छ र त्यसैका विभूतिहरूको निर्देशन छ । अग्नि, आदित्य, इन्द्र, वायु, वरूण आदि देवताहरूको पूजा, स्तुति अथवा गुणगान आदि नै यज्ञका वैदिक-कर्मकाण्डको प्रारम्भिकरूप थियो । तिनै देवताहरू-सँगको संगति-करणको अथवा सानिन्ध्य-प्राप्तिको भावनाले अरू कर्मकाण्डकै जस्तो यो याज्ञिक-कर्मकाण्डका विधि-विधानको प्रारम्भ भयो । मानवजातिले आफ्नो आराध्यदेवको केवल स्तुतिबाट मात्रै सन्तुष्ट हुनु र अरू आफ्ना प्रियजनहरू सँगकै जस्तो देवताको आवाहन-सान्निध्य अथवा साक्षात्कारै पनि गर्न चाँहनु स्वभाविकै हो । यसरी आवाहन गरिसके पछि आराधक आफ्नो आराध्य-देवलाई विभिन्न पदार्थहरूद्वारा सत्कार गर्न थाल्दछ । यसैको नाम हो दान । यसमा पनि "इदमग्नये इदं न मम" भन्ने भावना नै त्यसको मूलमा रहन्छ । यसै धारणा र सद्विचारको आधारमा अधियज्ञको दृष्टि अथवा याज्ञिक कर्मकाण्डको विस्तार हुँदै आएको हो । गीतामा पनि भनिएंको छ - अधियज्ञोऽहमेवाऽत्र इत्यादि ।

वैदिक धर्म-कर्मादिका आचरणको लक्ष्य

वैदिक देवताहरूको कल्याणोन्मुख उत्कृष्ट आदर्शरूपलाई नै ध्यानमा राखेर स्वभावतः मरणधर्मी, अमृत र अज्ञानादिद्वारा अभिभूत एवं साहै तुच्छ र आपात-रमणीय (एकैछिन मात्र मजा आँउने) विषयहरूमा इन्द्रियगणका तृप्तिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्ति तिनैका प्रवृत्तिद्वारा प्रेरित भएर अन्योन्यको संघर्षमा भावना र कुविचारले पराभूत भएको यो दुर्बल मानवजाति आफूलाई दैविक-शक्तिले परिपूर्ण गराउने इच्छा र सद्धाशाले आफैंलाई पनि साक्षात् त्यस्तै (देवता जस्तै) बनाउनाको निमित्त, व्यक्तित्वको पूर्ण-विकास होस् भन्ना खातिर यस्ता वैदिक धर्म-कर्माचरणमा प्रवृत्त हुँदै आएको कुरा अचेलका त्यसमा ध्यान दिनेहरूलाई पनि ज्ञान हुँदै र बढ्दै आएको हो ।

त्यसैको अन्तर्गत आध्यात्मिकता

यजुर्वेदको अवान्तर-क्रम पनि धेरैजसो यज्ञ-परम्पराकै आधारमा दर्श-पौर्णमासेष्टि, पिण्ड-पितृयज्ञ, अग्न्याधेय आदि यज्ञका आडमा क्रमानुसारै राखिएका छन् । केवल यसका दुइ-तीन अध्यायका अतिरिक्त विशेषतः अन्तिम चालिसौं अध्यायको सम्बन्ध कर्मकाण्ड संग नभएर उपनिषद्-काण्डसंग अथवा ज्ञानकाण्ड सँगै छ । यसमा शतपथ-ब्राह्मण ग्रन्थमा महीधर-भाष्यको पनि यही सिद्धान्त (मत) छ । यी सबै कारणले त्यसै भन्नु उपयुक्त पनि देखिन्छ । तस्मात् प्रतीत हुन्छ कि - यजुर्वेदको प्रतिपाद्य-तत्त्व अधियज्ञ नै हो र माथि भनेझैं "अधियज्ञोऽहमेवाऽस्मि" इत्यादि गीताको उक्ति अनुसार उपासकले उपासना गरेर प्राप्त गरिने उपास्य - तत्त्व त्यही योटै हो । अधियज्ञको दृष्टिले अथवा त्यसमा आधारित काम-कुरा गराइले नै परमात्म - दर्शन गराउँदछ । परमपद-प्राप्तिको गुजमुजिएको गुठिल-गाँठो फुकाई छोड्छ । भन्नुको तात्पर्य हो प्रतिपाद्य-तत्त्वको प्रतिपादन गराइ छोड्छ । साक्षात्कार गराउँछ ।

यही भौतिक-उद्देश्य पूर्तिको आधारमा स्वभावतः इन्द्रियका पछि हिंड्ने अशान्त र भ्रान्तचित्तका मानवजातिलाई उदात्त, शान्त, र सुसंयत बनाउने लक्ष्यले, सद्भावनाले ओतःप्रोतः यो वैदिक कर्मकाण्डको यस्तो सुदृढ आधारस्तम्भ (जग) हाम्रा पूर्वजहरूले संस्थापित गरि दिएका छन् । तस्मात् वैदिक-धर्मीहरूका जीवन-यात्राको उद्देश्य यही हो कि - उन्नति रोक्ने विचार अथवा भावनाहरू माथि र उपर्युक्त शक्तिहरू माथि स्वतः विजय पाएर आफ्नो आत्माको उत्तरोत्तर विकास गरोस् । अब अतिप्रामाणिक योटा कण्डिका पढौं ।

उद्वयं तमसस्परि स्वः पश्यन्त उत्तरम् ।
देवं देवत्रा सूर्यमगन्म ज्योतिरूत्तमम् ।। २०,२१

अज्ञानबाट प्रकाशतिर लम्कदै-बढ्दै हामी निरन्तर आफैंलाई समुन्नत बनाऔं, आदि वैदिक-विचारको अभिप्राय स्पष्टरूपको जो छ, त्यो यही हो । यसरी अगाडि उत्तरोत्तर समुन्नत पार्दै जाँदा आत्माको पूर्ण-विकासको अर्थात् परब्रह्म- परमात्मासँग एकता-प्राप्तिको लक्ष्य नै वास्तवमा स्वर्ग हो र त्यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वराज्य हो, अमृतत्व हो । यसैलाई वैदिक-मन्त्रले ज्योतिर्मय-लोक भनेको हो । तस्मात् हामीले त्यही लक्ष्य लिएर त्यही वातावरण बनाउन, त्यस्तै हुन अथवा आफ्नो आत्मालाई त्यही गराउन यिनै भौतिक-तत्त्वहरूलाई पहिले राम्रोसँग जान्नु र पछि विश्वास- पूर्वक मान्नु पर्दछ । मानव-जाति विशेषतः अपूर्ण छ र स्वभावतः दुर्बल-चित्तको देखिन्छ, जब कि स-साना स्वार्थपूर्तिको निमित्त पनि निरन्तर ग्रस्त भइरहेकोछ । दैवी-शक्ति र देवताहरूको स्वरूप यसको बिलकूल विपरीत (उल्टो) छ । त्यसै कारणले मनुष्यको जीवन यस्तो हुनु पर्दछ कि आफ्नो स्वभाविक असंयमितामा, दुर्बलतामा विजय पाएर दैवी-शक्ति उपार्जन गर्दै आफ्नो पूर्ण विकासको-निमित्त निरन्तर प्रयास गरिरहने बनाओस् । सारा विश्वब्रह्माण्ड-संचालक त्यो महान् शक्तिमान् विभूति नै विभिन्न देवता हो र त्यसैका लीलाको यौटै अभिप्राय हो, प्राणीमात्रको, विशेषतः मानवताको पूर्ण-विकास गराउनु अथवा हुनु । यसैले बाह्य र आभ्यन्तरिक (बाहिरी-भित्री) अथवा भौतिक र आध्यात्मिक सृष्टिको मूलमा ऋत र सत्यतत्त्वकै महत्त्व छ । यस्ता अनेकानेक उदात्त भावनाहरूले ओतःप्रोतः प्रार्थनाहरू अरू तिनोटै वेदमा भए सरह यस यजुर्वेदमा पनि जतातत्तै पाइन्छन् । अब यसको अन्तिम चालिसौं अध्यायका दुई कण्डिका हेरौं र तिनैमा केही बेर विचार गरौं ।

ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मागृधः कस्यचिद्धनम् ।।
कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।
एवं त्वयि नान्यथेऽतोऽस्ति न कर्म लिप्यते नरे ।।

यो विश्व-ब्रह्माण्डमा जो जति जे छ त्यो सारा ईश्वरकै हो र त्यसैद्वारा रचित हो । त्यसकारण आफ्नो भन्ने नसंम्झी त्याग गरेर मात्र तिनको (सांसारिक विषयको) उपभोग गर्ने गर । अरू कसैको कुनै वस्तु पनि लिने विचारै नगर । यसै गर्ने, यस्तै विवेक-विचार राख्ने मनुष्यहरू नै विशाशय आयुका हुन्छन् । जीवनभर कर्म गरिरहे पनि त्यसका लेपले लेपिन्नन् । यही हो वैदिक-सिद्धान्त । यसैगरी कर्तव्य-कर्म गर्दै, सद्धर्म-कर्ममा अड्दै गएमा बाचुञ्जेल सम्म आत्मिक-शान्ति र मरेपछि पारमात्मिक-शान्ति स्वतः प्राप्त हुन्छ । तस्मात् होश गर्ने कुरा यही नै छ कि "अब मैले सदा-सर्वदा आत्मसंतोष र कल्याण हुने सत्कर्मका साथै जन- कल्याण हुने काम-कुरा पूर्ण निःस्वार्थ भावले गर्ने गर्नुप-र्यो, इत्यादि । अन्यथा"पुनरपि जननं पुनरपि मरणम्" को चक्र घुमाई बाट पार पाउन कठिनै पर्दछ ।

यसै प्रसङ्गमा अर्को एउटा कुरा यो पनि छ कि, उपर्युक्त दुवै श्लोक साह्रै उत्तमोत्तम छन् र बहुतै अध्यात्म-विद्यापरक मानिन्छन् । यी दुवै श्लोकका आधारमा भगवान् कृष्णले गीता कथेका हुन् र त्यसैबाट अध्यात्मपरक-व्याख्या गरेर आफ्ना प्रिय-साथी अर्जुनलाई सदुपदेश दिएका रहेछन् भन्ने, स्वतः बोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । यो विद्या अहिलेका हामीहरूका निमित्त पनि बुझेर, मनन-चिन्तन गरेर त्यसैमा अड्न सके आत्मोद्धारक हुँदैछन् । त्यहींनिरका अर्का दुई कण्डिका पढौं ।

यस्तु सर्वाणि भूतान्यात्मन्नेवाऽनुपश्यति ।
सर्वभूतेषु चात्मानं ततो न विचिकित्सति ।।
यस्मिन् सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः ।
तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ।।

जो मनुष्य सारा प्राणीमात्रलाई आफूमा र आफूलाई उनमा देख्तछ, त्यो शंका-द्विविधा आदि मिथ्या-ज्ञानमा फंस्तैन । पुनः जो समस्त भूत (प्राणीमात्र) मा एउटै आत्माको दर्शन-प्राप्त गर्दछ, त्यस्तो व्यक्तिलाई कुन विषयको अथवा कुन वस्तुको मोह (स्नेहादि) होला र ? केको पो शोकै रहला र ? त्यस्ताका लागि शोक मोह आदि स्वतः छुटि सकेका हुन्छन् ।

यसरी यो वैदिक-साहित्यमा यजुर्वेदको सर्वोच्चस्थान छ । भारतवर्षीय संस्कृति र आध्यात्मिक-शिक्षाको यही नै त उहिल्यैदेखि चलि आएको र अन्त (प्रलय) सम्म चलिरहने सांस्कृतिक एवं अमरनिधि हो । यस्तै वैदिक-उदात्त सद्भावनाहरूले नै हाम्रो पवित्र संस्कृतिको सार्वकालिक, सार्वदेशिक महत्त्व विश्वभरी झल्झल्ति देखाइ रहेका छन् । अनुपम-प्रकाशले आत्मालाई परमात्मातिर आकर्षित गर्ने स्वरूप प्रदर्शन गराई रहेका छन् । हामीले केवल त्यसको महत्त्व सम्झेर आफ्नो कर्तव्य-पालन प्रति जागरूक हुनुमात्र पर्दछ । अस्तु

सामवेद

नीलोत्पलदलाभासः सामवेदो हयाननः ।
अक्षमालान्वितो दक्षेवामे कुम्भधरः स्मृतः ।।

माथि-माथि भनिए जस्तो हामी वैदिक आर्य-आर्षवंशीय व्यक्तिहरूको निमित्त वेद अगाध-ज्ञानको विपुल-राशि हो । वेदैलाई "वेदोऽखिलो धर्ममूलम्" भनेर समस्त धर्मको मूलकारण मानिएको हो । वेदशब्दको अर्थ हो ज्ञान । यही वेदशब्दको निमित्त वैदिक-साहित्यमा त्रयी, श्रुति र आम्नाय, छन्दः तथा स्वाध्याय आदि शब्दहरू पर्यायरूपमा प्रयुक्त हुँदै आएका देखिन्छन् ।

अनेक सिद्धान्त, मत, वाद-विवाद, प्रचलित भइरहेका छन् तापनि सामवेद ऋषि-अङ्गिराज्यूबाट अथर्ववेदको प्रादुर्भाव र विकास मानिंदै आएकोछ । तिनमा प्रत्येकको अ-आफ्नो विशिष्ट-स्थान छ । तर सामवेदको भने यस्तो अनुपम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्त्वपूर्ण-स्थान भएको पाइन्छ कि, जो अरू तिनैटे वेदहरूमा पाउने सकिँदैन । सामवेदका ऋचाहरूमा आफ्नै ढंगको गेयात्मकता हुनाले एकै रूपमा अनेकात्मकताको रूप लिएर विविधाकारिता देखिन्छ । सोच्तै-विचार्दै जाँदा अनेकानेक भइ रहन्छन् पनि । ती ऋचाहरू गीति-शैलीका भएकाले सामवेदको प्रभाव जति चाँडो प्रखर भएर हृदयग्राही हुन्छ, त्यत्ति नै आकर्षक र आल्हादक पनि हुन पुग्दछ । यसमा वैदिक-विद्वान्हरूको भनाई छ कि जैमिनि-ऋषिले सामवेद-संहितालाई वर्तमान-रूपमा संकलित गरेका हुन् "सामगो जैमिनिः कविः" विशेष महाभारत आदिमा वेदव्यासलाई वेदहरूका संकलक भनेको देखिन्छ । जस्तो कि "वेदान् विव्यास यस्मात् स वेदव्यास इतीरितः"। उनैका प्रबुद्ध शिष्य थिनै जैमिनि-ऋषिले जैमिनि-भारत लेखेका हुन् ।

सामवेदको महत्त्व अरू वेदमा पनि अनेकौं स्थानमा वर्णित छ । ऋग्वेदमा सामवेदका ऋचाहरूको प्रशंसामा यसरी लेखेको देखिन्छ । "यो जागार तमृचः कामयन्ते यो जागार तमु सामानि यन्ति" । जो व्यक्ति निरन्तर जागरूक हुन्छ, त्यसैलाई सामको प्राप्ति हुन्छ । अथर्ववेदमा पनि सामवेदका प्रशंसक वाक्यहरू निकै नै पाइन्छन् । "ऋचः साम यजामहे, याभ्यां कर्माणि कुर्वते, सामानि यस्य स्कम्भं तं ब्रूही कतमः स्विदेव सः । ब्राह्मणाः परिगृहीता साम्ना पर्यूढा" । अरू वेदको अर्चन- विधिमा पनि यसका उपादेयताको ठ-ठाँउमा उल्लेख भएकोछ । जस्तो कि "बृहस्पतिः सामभिः ऋचो अर्चतु, सचन्त एके महि साम मन्यत । त्वष्टाऽजनयत् साम्नः, साम्नः कविः इत्यादि ।

वेदका अतिरिक्त उपनिषद् तथा ब्राह्मण-ग्रन्थ देखि लिएर पछिका महाभारत,गीता तथा स्मृति आदि ग्रन्थहरूले पनि सामवेदको महिमा अखण्डरूपले गाउँदै आएकाछन् । उपनिषद्मा सामको महत्त्व देखाउँदै "साम्न उद्गीथो रसः" भनेर "सामवेद एव पुष्पम्" इत्यादि वाक्यले वेदरूप-वृक्षको पुष्प भनिएको छ। यता महाभारतको अनुशासन-पर्वमा "सामवेदञ्च वेदानां शतरूद्रियम्" भनेर वेदहरूमा सामवेदको स्थिति सर्वोपरि ठह-याएकोछ । गीतामा स्वयं भगवान् कृष्णको भनाई "वेदानां सामवेदोस्मि" इत्यादि द्वारा "त्यो मैं हूँ" भनिएको, सबैले मानि आएकैछौं । यी सब कुराहरू सामवेदकै महत्त्व देखाउँदैछन् ।

सामवेद दुई भागमा विभक्त भएकोछ, पूर्वार्चिक र उत्तरार्चिक । अध्याय र मण्डल भने जस्तो । यसको त्यस्तो खण्ड-खण्डलाई प्रपाठक भनिन्छ । यसका शाखाहरूका विषयमा अनेकौं वाद-प्रवाद प्रचलित छन् । पुराण हेर्दा त यसको हजारौं शाखाहरू भएको उल्लेख छ । स्वयं भाष्यकार पतञ्जलि-ऋषि आज्ञा हुन्छ "सहस्रवर्त्मा सामवेदः" इत्यादि ।

यता चरणव्यूह भन्ने ग्रन्थमा यस वेदको सोह्र शाखाहरू छन् भनिएकोछ । अचेल भने यो सामवेदको केवल तीन शाखामात्र प्राप्त भएको देखिन्छ । तिनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम हुन्, कौथुमीय शाखा, राणायनीय-शाखा र जैमिनीय-शाखा । कौथुमीय-शाखाको प्रचार धेरै जसो भारतको गुजरात प्रदेशमा छ । काशीमा बस्ने गुजराती ब्राह्मणहरूमा यो शाखाको अध्ययन धेरै प्राचीन कालदेखि प्रचलित हुँदै आएकोछ । स्वर-ज्ञान-विधिको अध्ययन पनि अब यिनैका परिवार तथा समाजमा मात्र सीमित हुन लागेको अनुभव भइसकेकोछ । कौथुमीय-शाखा संग सम्बन्ध राख्ने ग्रन्थहरू संहिता, ताण्ड्य-ब्राह्मण, षड्विंश-ब्राह्मण, सामविधान-ब्राह्मण, छान्दोग्य उपनिषद्, मशक, कल्पसूत्र, लाट्यायन, श्रौतसूत्र, गोभिल, गृह्यसूत्र आदि ग्रन्थरत्नहरू छन् । राणायनीय-शाखाको प्रचार बहुतै कम छ, तापनि भारतको महाराष्ट्र-प्रदेशतिर राम्रै भइरहको देखिन्छ । विशेष पूनातिर त्यस्ता वैदिक-ब्राह्मणहरू त्यसको श्रीवृद्धि गर्न निरन्तर संलग्न भइरहेका छँदैछन् । यो शाखाका ऋषिहरू संहिता-ब्राह्मण र उपनिषद्-दृष्टिले उनैलाई मान्यता दिन्छन् । जसलाई कौथुमीय-शाखाका मान्दछन् । यिनको श्रौतसूत्र र गृह्यसूत्र पृथक् पृथक् छन् । यिनका श्रौतसूत्रको नाम हो द्राह्यायण, गृह्यसूत्रको खदिरगृह्यसूत्र । जैमिनीय-शाखाको प्रचार चाँहि चाँहिने भन्दा कमै छ । यो शाखाको जैमिनीय-संहिता, जैमिनीय-ब्राह्मण, केनोपनिषद्, जैमिनीय-श्रौतसूत्र र जैमिनीय-गृह्यसूत्र आदि प्रसिद्ध छन् ।

यो सामवेदका भाष्यकारहरू पूर्वीय-पाश्चात्य विद्वान् निर्कै-निर्कै निस्केका छन् । यहाँ खोतलेर देखाई रहनु पर्ने आवश्यकता छँदैछैन । कारण हाम्रो यहाँ (राष्ट्रमा) यसको यस्तो महत्त्व जान्ने र त्यसैको सज्ज्ञान-प्राप्तिमा निरन्तर लाग्ने त्यही नै सर्वोत्तम हो भन्ने एवं मान्ने विद्वान्हरूको साह्रै-साह्रै दुःख लाग्दो न्यूनता छ, जसमा हामी ऋषि-मुनिहरूका अँशियार र वंशियार हौं भन्ने भावनालाई लखेटेर अनेकौं राष्ट्रिय डांडाहरू कटाएर विदेशतिर धपाउनु पर्ला कि ? भन्ने हाम्रो हृदय-भित्र कुभावना जाग्रत् हुँदै आइ सकेकोछ । यस्ता पूर्वीय-विद्वान्मा भरतस्वामी, स्कन्दस्वामी र आचार्य-सायण तथा माधवाचार्य छन् भने पाश्चात्य-विद्वान्मा मोक्ष (मैक्स) मूलर आदि नै प्रमुख छन् । पाश्चात्य-विद्वान्हरूले यस विषयमा गरेका अन्वेषणको एवं अध्ययनको मुक्तकण्ठले प्रशंसा गर्नै पर्दछ । हाम्रो त्यस्तो अवस्था छ । के यसमा आवश्यकता पूर्ति होला ?

सामवेदको महत्त्व

छान्दोग्य-उपनिषद्को आधारमा साम-गान पाँच खण्डमा विभक्त छ । हिंकार,प्रस्ताव, उद्गीथ,प्रतिहार र निधान । प्रसिद्ध पाश्चात्य-विद्वान् स्टैंगवेले "म्युजिक अफ हिन्दूस्थान" भन्ने आफ्नो पुस्तकमा प्राचीन-कालको उदात्त, अनुदात्त र स्वरित यी तीन स्वर क्रमशः आरोह, स्थायी र अवरोह-स्वरका सूचक हुन् भनेको पनि सुन्दैछौं र पढ्दैछौं । उनै भन्दछन् - हिजोआज प्रचलित राग-रागिनीहरूको लय-सुरमा सामगान हुँदैन थियो । यांइने लयको काम पनि बेग्लै थियो । उनका लयको नाम थियो, क्रुष्ट, प्रथम, द्वितीया, चतुर्थी, मन्द्र र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिस्वार्थ, इत्यादि । नारदीय-शिक्षामा सामगानका स्वरहरूको संकेत यस्तो पाइन्छ ।

यः सामगानां प्रथमः स वेणोर्मध्यमः स्वरः ।
यो द्वितीयः स गान्धारस्तृतीयस्त्वृषभः स्मृतः ।।
चतुर्थः षड्ज इत्याहुः पञ्चमो धैवतो भवेत् ।
षष्ठो निषादो विज्ञेयः सप्तमः पञ्चमः स्मृतः ।।

यी पाँच स्वरका अतिरिक्त अरू पाँचओटा साम-विकार हुन्छन्, जसको प्रयोगले सामवेदका मन्त्रहरूको गान सम्भव हुन सक्तछ । यिनका नाम हुन् विकार, विश्लेषण, विकर्षण, अमभास, विराम, र स्तीय । सामवेदको प्रथम मन्त्रमा यो गान विपर्ययको यस्तो रूप हुन्छ । हेर्नुहोस्

अग्न आ याहि वीतये गृणानो हव्य दातये ।
नि होता सत्सि बर्हिषि । (यसमा चिह्न लाग्न सक्तैन)

●

अब देवता र यसको प्रतिपाद्य विषय हेरौं -

ॐ पुरूष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम् ।
पादोऽस्य विश्वाभूतानि त्रिपादस्यामृतं दिवि ।। यजुर्वेद

उपासकले शान्त-वातावरणमा आफ्ना उपास्य-देवको उपासना गर्दा यस्तो सद्भावना हृदयभित्र राखेको हुन्छ कि, त्यो मेरो ध्येयतत्त्व नै यो सारा विश्वब्रह्माण्ड हो जो रहनु (हुनु) पर्दछ, त्यो पनि त्यही हो । सारा ब्रह्माण्डभरीका प्राणीमात्र यसका पाउ हुन् । तीन पाउ हुने यसको श्री-चरणले यसरी स्वर्ग, मर्त्य र पाताल व्याप्त गरेकोछ ।

यसरी उपयुक्त मन्त्रबाट त्यो महापुरूषको सर्वव्यापकता राम्रो संग झल्किरहेकैछ । अझ पनि देवता-विषयको र प्रतिपाद्य-वस्तुको बारेमा विवेचन-विश्लेषणको दृष्टिले हेर्ने हो भने सामवेदको प्रमुख-देवता सूर्य हुन् । यस विषयमा शतपथ- ब्राह्मणमा भनिएकोछ, "सूर्यात्सामवेदः" परन्तु यसैमा अझ अग्नि, इन्द्र, र सोम-देवताहरूको पनि पर्याप्त वर्णन पाइन्छ तापनि यसका प्रधान देवता सूर्यै हुन् । विशेषतः यसमा ॐ सनः पवस्व, "ॐ शन्नो देवी" ॐ भद्रं कर्णेभिः शृणुयामः, स्वस्तिन इन्द्रो इत्यादि । यजुर्वेदका मन्त्रहरूबाट समेत यो भाव व्यक्त भएको देखिन्छ कि सामवेदमा विश्वकल्याण-कामनाका मन्त्रहरू जतातत्तै पाइन्छन्। अतः यहां सामवेद अरू वेदहरू भन्दा वैदिक-साहित्यमा विशिष्ट-स्थान ओकट्छ । किन कि यसमा गेयात्मकता छ । तर यो प्रवृत्ति लुप्तप्रायः हुन लागेकोले दुःख लाग्दै आंउनु स्वाभाविकै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेद

अथर्ववेद दृश्यमान विश्वभरमा अत्युत्तम प्राचीन-साहित्य हो र यो कुरा सारा पूर्वीयमात्रको के कुरा ? पाश्चात्यहरूले पनि माने-जानेकै छन् । यसैमा भारतवर्षीय धारणा र भावना अनुरूप ईश्वरीय ज्ञान र सत्य-विद्याको अमूल्य-निधि नै सन्निहित छ ।

अथर्वणाभिधो वेदो धवलो मर्कटाननः।
अक्षमालान्वितो वामे दक्षे कुम्भधरः स्मृतः॥

सृष्टिको प्रारम्भकाल देखि नै यसको प्रादुर्भाव मानिएकोछ । तस्मात् ती तीन अरू वेदमध्ये यसको स्थान चौथो छ । वैदिक कर्मकाण्डको संचालन चारै ऋत्विक्हरूको तत्त्वावधानमा हुन्छ । त्यसमा यसको मुख्य स्थान छ, किन कि ऋत्विक्हरूमा मुख्यता ब्रह्माको रहन्छ र त्यो पदमा अथर्ववेदका ज्ञातालाई नै प्रधानता दिइन्छ । स्वयं ऋग्वेदले भनेकोछ । यज्ञैरथर्वा प्रथमः पथस्ते (ऋक् १.८३.६) यसले अथर्ववेदको महत्त्व प्रतिपादन गरेकोछ । वैदिक-साहित्यको सर्वाङ्गमा तुलनात्मक दृष्टिले हेर्नें हो भने यसमा गद्यात्मक-भाग अरूमा भन्दा ६ गुना अधिक छ । यसका सूक्तको रचनामा यौटा राम्रो क्रममय व्यवस्था रहेको देखिन्छ । यसका प्रत्येक-काण्डमा जुन-जुन सूक्तहरूको संग्रह छ, तिनमा ती-ती मन्त्रहरूको संख्या प्रायः यौटै जस्तो छ । अथर्ववेदको प्रथमकाण्डको सूक्त चार मन्त्रको छ । यसैगरी दोश्रो काण्डको पांच मन्त्रको र तेश्रो काण्डको मन्त्र छ सूक्तको एवं चौथो सात मन्त्रको छ । पाचौंमा आठदेखि अठार सूक्त सम्मको तथा छैंठौमा तीन मन्त्रको र सातौं काण्डमा झण्डै-झण्डै आधा जति एक मन्त्रका देखिन्छन् । त्यस अगाडिका काण्डमा अधिक मन्त्रका सूक्तहरू छन् । त्यसपछि २१ र ८३ मन्त्रका सूक्त पाइन्छन् । रचनाको यो व्यवस्था विशेष यसैमा छ । अरू वेदमा यी कुरा देखिँदैन ।

वैदिक-साहित्यमा मूल साहित्यको साथै त्यसमा शाखा-प्रशाखाहरू र प्रत्येक वेदको ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद, श्रौतसूत्र, गृह्यसूत्र आदि अङ्ग-उपाङ्गहरूको पनि समावेश गरिएको हुन्छ । यो अथर्ववेदको शाखाको सम्बन्धमा स्वयं महर्षि पतञ्जलिले **महाभाष्यमा** लेख्नु भएकोछ । "नवधा आथर्वणो वेदः" अर्थात् अथर्ववेदको **नौ शाखाहरू छन्** । तर अचेल यसको दुवै शाखा शौनक र पिप्पलाद मात्र **उपलब्ध छन्** । **सायणभाष्य** साथैको जो अथर्ववेद-संहिता आजकल प्रचलित छ । त्यो **शौनक-शाखाकै** संहिता हो भनिन्छ । पिप्पलाद-शाखा चाँहि केही वर्ष अधिमात्र भारतमा **प्रकाशित** भएकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यसको प्रतिपाद्य-विषय पट्टि ध्यान दिंदा, खोजमेल गर्दा यो परिणाम निस्कन्छ कि, अथर्ववेदका सात सय तीस सूक्तहरू मध्ये एक सय चवालिस सूक्त आयुर्वेद सम्बद्ध छन् र दुई सय पन्द्र सूक्त राजधर्म अथवा राष्ट्र-धर्मपरक तथा पचहत्तर सूक्त सामाजिक-व्यवस्था विषयका छन्। त्रियासी ओटा सूक्त अध्यात्म-ज्ञानपरक एवं बाँकी दुई सय तेह्र ओटा विभिन्न विषयसँग सम्बन्ध राख्ने छन्। अध्यात्मवाद नै यस वेदको मुख्य प्रतिपाद्य-विषय मानिन्छ। "अस्य वामस्य" भन्ने यसको नवमकाण्डको नवौं सूक्त अध्यात्म-विद्याको मुख्य-सूक्त हो। यो सूक्तको उल्लेख ऋग्वेदमा पनि भएको देखिन्छ। यसैलाई हामी भारतवर्षीय आर्य हिन्दूहरू हाम्रो दर्शनशास्त्रको आदिस्रोतः (पहिलो मुहान) मान्दछौं। अध्यात्म-क्षेत्रमा यिनै प्रचलित छन्, एकेश्वरवाद, बहुदेववाद, द्वैतवाद र अद्वैतवाद। तिनको विवेचना र विश्लेषण गर्दा-गर्दा ठूला-ठूला हाम्रा पूर्वज अन्वेषक र पश्चिमी-राष्ट्रका बडे-बडे हूँ भन्ने दार्शनिक विद्वान्हरू पनि हार मानेर थाकिसकेका छन् र अझैपनि पार पाँउन, वास्तविक-तथ्य निकाल्न गाह्रै छ जस्तो छ। अनेक मत, वाद छन्। बेला-बेलामा निस्कि रहन्छन्। राम्रो टुंगो लाग्दैन र अगाडिको बाटोमा बडेमाको ढुङ्गो तेर्सिएको जस्तो भइरहेको छ। संप्रदाय-वादको जन्म यसैले गराएको हो र अहिले छ र पछि सम्म पनि रहनेछ, यस्तै छ। परन्तु अथर्ववेद तिनको विषयमा यसरी स्पष्ट शब्दमा प्रतिवाद गर्दछ। हेरौं - ९.१०.२० को मन्त्र

इन्द्रं मित्रं वरुणमग्निमाहुरथो दिव्यः ससुपर्णो गरुत्मान् ।
एकं सद् विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहुः ।। ९.१०.२०

यसको व्याख्या माथि गरिसकिएको छ। भन्नुको तात्पर्य हो । यी सब नामहरू गुण र कर्मका भेदले थरी थरी हुन पुगेका यौटा उनै परब्रह्म-परमात्माका नामहरू हुन्। सृष्टि-विज्ञानमा प्रथमतः जीव, प्रकृति र ईश्वर यी तीनओटै नित्य अविनाशी तत्त्व हुन् भनेर यही अथर्ववेद भन्दछ। यी तिनौटैको स्वरूप र परस्परको सम्बन्ध देखाँउदै त्यसैले लेखेको हो यो। ३.९.२० को महावाक्य -

द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते ।
तयोरन्यः पिप्पलं स्वाद्वत्यनश्नन्नन्योऽभिचाकशीति ।। ३.९.२०

अर्थ पढौं। एउटै रूप-रेखा भएका सधैं साथ-साथै रहने-बस्ने दुइटा मित्र-चराहरू यौटै वृक्षमा बसेका छन्। दुइमध्यको यौटा चाँहि त्यस वृक्षको मीठो-मीठो फल खान्छ र अर्को चाँहि केही खँदैन। यो हो आलंकारिक भनाई, यसमा ती दुई चरा बसेको वृक्ष हो - प्रकृति। दुई चरा मध्येको खाने-चरो जीव हो र नखाने चाँहि ईश्वर। यस वेदमा त्यही ईश्वरलाई साक्षात्कार गर्ने जीवको परम-ध्येय र चरम-लक्ष्यमा तात्पर्य छ। यसले यिनै कुराको निरूपण गर्दै भनेकोछ। "यस्तन्न वेद किमृचा करिष्यति" ९.१०.१८ । जो (जीव) त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ईश्वर) लाई जान्दैन । त्यस्ताको निम्ति सब वेद व्यर्थैका हुन् । अर्को ठाउँमा त्यही वेद भन्दछ "तमेव विद्वान् न विभाय मृत्योरात्मानं धीरमजरं युवानम्" १०.८.४४ । त्यो परमात्माको साक्षात्कार गरे पछि जीव परमानन्दस्वरूप मोक्षको अनुभव गर्दछ । मृत्यु आदि कुनै कुराको भयादि त्यसमा रहँदैन । "अकामो धीरोऽमृतः स्वयम्भू रसेन तृप्तो न कुतश्चनोनः" यही अथर्ववेदको अध्यात्मवाद हो ।

अथर्ववेदको साहित्य

यसमा अनेकौं विषय-सम्बन्धित सूक्तहरू प्रशस्त भेटिन्छन् । तिनमा राजधर्म-सम्बन्धी सूक्त तल ठाउँमै पारेर देखाउनु बेस होला भन्ठान्दछु । अब यहाँ सामाजिक-व्यवस्था सम्बन्धित केही सूक्तहरूको उल्लेख गर्दछु । हेर्दै-पढ्दै हाम्रो सामाजिक-व्यवस्था रीति-स्थिति पहिले कस्तो थियो र अहिले कस्तो छ ? यसैमा ध्यान दिऔं ।

अथर्ववेदको तृतीयकाण्डको तीसौं सूक्तद्वारा हाम्रो तत्कालीन पारिवारिक-जीवनको जो आदर्श र स्पृहणीय-चित्र हाम्रो अगाडि राखि दिएकोछ । त्यसले हाम्रो हृदयलाई "ए तिमीहरू पनि अहिले पनि त्यस्तै गर" भन्दै घच्घच्याइ रहेकोछ । हेरौं त -

अनुव्रतः पितुः पुत्रो माता भवतु सम्मना ।
जायापत्ये मधुमती वाचं वदतु शान्तिदाम् ।।
मा भ्राता भ्रातरं द्विक्षन् मा स्वसारमुत स्वसा ।
सम्यञ्चः सव्रता भूत्वा वाचं वदत भद्रया ।।

त्यस्तै अर्को अंश -

समानी प्रपा, सह वोन्नभागः ।
सहृदयं साम्मनस्यमविद्वेषं कृणोमि वः ।
अन्यो अन्यमभिहर्यंत वत्सं जातमिवाघ्न्या ।।

अब क्रमैले अर्थ पढौं । पुत्र पिताको र माताको मनोनुकूल काम-कुरा गर्ने होस् । पति र पत्नी आफूमा साह्रै मधुर-भाषी हुन् । भाई-भाई बहिनी-बहिनीमा कहिल्यै कुनै प्रकार द्वेष-क्रोध आदि हुँदै नहोस् । उनीहरू मधुर बोलुन् । तिम्रो-हाम्रो खाने-पिउने आदि एक समान होस् र सहृदय र समान मनका होउ, अन्योन्यमा द्वेषभाव राख्तै नराख्ने बन, जस्तो गोमाता आफ्नो नवजात बाच्छोलाई प्यार गर्दछिन् त्यै ठीक, अ-आफूमा निरन्तर सद्भाव राख्ने र प्रेम गर्ने गर इत्यादि । यो अथर्ववेद यसरी हाम्रो समाज सुधार्न र उच्च पार्न खोजदछ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योटा अर्को अथर्ववेदको सूक्त पर्दौं । "स्तुता मया वरदा वेदमाता, पश्य देवस्य काव्यं न ममार न जीर्यति" त्यसले यसरी वेदलाई आमा र देवको काव्य भनेको स्पष्ट देखियो भने यो वैदिक-साहित्यको निर्माता एवं एक-मात्र काव्यकार त्यही पहिलो परब्रह्म-परमात्मा नै त रहेछ, भन्न सहृदय-विवेकी व्यक्तिमात्र सजिलै समर्थ हुन्छ । अस्तु

उपवेद

यी चारै वेदका उपवेद पनि चारैओटा छन् । ती क्रमशः यिनै हुन्, ऋग्वेदको उपवेद हो आयुर्वेद । यसको उपयोगिता चरक र सुश्रुत जस्ता ऋषिहरूले अ-आफ्नो संहिताद्वारा सुस्पष्ट पार्दै स्वयंले पनि ग्रहण गरेर यिनलाई प्रयोगमा ल्याएको देखिंदैछ । यस वेदका आदिप्रवर्तक भगवान् धन्वन्तरी नै हुन्, जो देव-दानवद्वारा समुद्रमन्थन गर्दा स्वयं आविर्भूत भएका थिए ।

यजुर्वेदको उपवेद धनुर्वेद हो, जसलाई शस्त्रास्त्र-विद्या भन्दछन् । पछिल्लो कालमा गएर यसको उपयोग एवं प्रयोग गर्नेमा महर्षि-जमदग्निका सुपुत्र भगवान् परशुरामै हुन् । उनैबाट यो विद्या द्रोणाचार्यले पाए । यिनले गुरूचरण-सुसेवन द्वारा प्राप्त यै विद्या आफ्ना प्रिय-शिष्य कौरव र पाण्डव-वंशीहरूलाई राम्रैसँग सिकाइ दिएका हुन् ।

सामवेदको उपवेद हो गान्धर्ववेद । यो वेद विशेषतः माथिल्लो लोकतिरै गयो र वहांका गन्धर्व-जाति र अप्सरा प्रभृ आदि देव-जातिमै धेरै कालसम्म अल्भिरह्यो । कालान्तरमा पृथ्वीतल तिर भरेता पनि आफ्नो परिपूर्णरूपको अङ्ग-उपाङ्ग द्वारा प्रस्फुट हुन, फैलिन सकेन । वर्तमान कालमा सामगान गर्ने भारतवर्षीय ब्राह्मणदेवहरूमा त्यस्तो राम्रोसँग प्रस्फुरित भएको देख्न गाह्रै पर्ने सम्म हुँदै जान लाग्यो । जहां जहां जे-जति सामगान-प्रक्रिया छ, सौभाग्यवशात् त्यतिमात्र सुन्न पाइन्छ, त्यति पनि सर्वोत्कृष्ट हो भन्नै पर्दछ । यसमा पनि हाम्रो दुःख मनाई छ ।

अथर्ववेदको उपवेद हो स्थापत्य, यंत्रादि-निर्माण, सुविशद-शिल्प-आदि । यी कुराहरूसँग सम्बद्ध र यसको उपयोगिताको सरल विवरण त प्रायशः निर्माणादि गर्ने-गराउने उहिलेका बडे-बडे इन्जिनीयर आदि उपाधि-विभूषित व्यक्तिहरूले र परमाणु-बम आदि संग्रामका अत्याधुनिक शस्त्र-अस्त्र एवं अत्यन्त महान्-महान् यन्त्रादिका निर्माता अचेलका महानुभावहरूले नै दिइरहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मण-साहित्य

वर्तमान भूमण्डल-भरीका विद्वज्जनहरूमा प्रतिकूल र अनुकूल दुवै स्थितिमा सोच-विचार गरिने-गराइने, बौद्धिक सुस्थिति रहेको हुन्छ । विशेषतः भारतवर्षीय-सभ्यता सब भन्दा पुरानो सभ्यता मध्यको एक हो । यो सभ्यताको रूप-रेखा देखांउने हाम्रो यही वैदिक-वाङ्मय हो । यसमा परोक्ष र अपरोक्ष दुवै प्रकारका विषयको प्रतिपादन भएकोछ । "मन्त्रब्राह्मणायोर्वेदनामधेयम्" भनेर्झैं मन्त्र र ब्राह्मण-समूहको नाम नै वेद हो । वैदिक-साहित्यको मूल आधार **चारैओटा** वैदिक-संहिता हो । यिनका अतिरिक्त मन्त्रभाग, ब्राह्मणभाग, आरण्यक, उपनिषद्, चरण आदि शाखाहरू हुन् । सम्पूर्ण वैदिक-वाङ्मयको यथार्थ अध्ययन गर्ने साधन वेदका छ(६) अङ्ग छन् । जो सहायक-ग्रन्थ मानिन्छन् । यस्तो विशाल वाङ्मयमा ब्राह्मण-ग्रन्थको स्थान ज्यादै ठूलो छ । मन्त्रको अर्थ अवबोधन गर्नको निमित्त ब्राह्मण-ग्रन्थमा प्रवचन प्रस्तुत भएका हुन् । विष्णुधर्मोत्तरमा भनेको देखिन्छ । "मन्त्राः सब्राह्मणाः प्रोक्तास्तदर्थं ब्राह्मणं स्मृतम्" अर्थात् ब्राह्मणग्रन्थ मन्त्रहरूको विनियोग (प्रयोग) बतांउछन्, त्यसैको निमित्तका हुन् । आचार्यहरूले ब्राह्मणशब्दको व्युत्पत्ति गर्दै भनेका छन् - "ब्रह्मणां वेदानामिमानि व्याख्यानानि ब्राह्मणानि" अर्थात् वेदार्थको व्याख्यान गर्ने ग्रन्थ ब्राह्मण भनिन्छन् । स्वर्ग आदि मन लोभिने लोकहरूका प्राप्तिको साधन मुख्य स्वकर्म-धर्माचरण नै हो । जसको ज्ञान वेदबाटै हुन्छ । यसैकारण यज्ञ-यागादिको विस्तारपूर्वक प्रतिपादन गर्नु ब्राह्मण-साहित्यको मुख्य उद्देश्य हो । ऐतरेय-ब्राह्मणमा भनेकोछ-स्वर्गमिव तं लोकं रोहति य एवं वेद, इत्यादि । जसले यस्तो जान्दछ त्यसले सजिलै स्वर्ग (इच्छानुसारको ठाम) जान पांउछ । ब्राह्मण-ग्रन्थ दुई प्रकारका मानिएका छन् । यसमा प्रकाण्ड-विद्वान् भट्ट-भास्कर भन्नु हुन्छ । द्विविधं ब्राह्मणं, कर्मब्राह्मणं कल्पब्राह्मणं च । कर्मब्राह्मणमा यज्ञसम्बन्धित कर्मकै विधि-विधान छ र मन्त्रहरूको विनियोग बताइएको छ । कल्पब्राह्मणमा चांहि मन्त्रको पाठमात्र दिएकोछ ।

चारै वेदका ब्राह्मण-ग्रन्थको नाम र भेद

अहिलेसम्म पहिले-पहिलेको वैदिक-साहित्य प्राप्त हुन सकेको छैन तापनि उपर्युक्त यी चारै वेदका अ-आफ्ना शाखा-प्रशाखाका ब्राह्मण-ग्रन्थहरूबाट केही न केही अवश्य प्राप्त हुंदैछ, भन्नु पर्दछ । चारै वेदका अन्तर्गत विभिन्न ब्राह्मण-ग्रन्थको संख्या केवल सोह्रओटा देखिन्छ । ऋग्वेदको ब्राह्मणग्रन्थ दुइटा छन् । ऐतरेय र कौषीतकी । ऐतरेय-ब्राह्मणमा आठ पञ्चिका छन् । यसमा पांच-पांच अध्याय छन् र यो ग्रन्थ चालिस अध्यायको छ । यो ब्राह्मणका प्रवक्ता महीदास-ऐतरेय हुन् । ग्रन्थ सबभन्दा प्राचीन मानिन्छ । यजुर्वेदीय ब्राह्मण-ग्रन्थमा शतपथ-ब्राह्मण पहिलो हो र यो माध्यन्दिनीय-शाखाको हो । यसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौध काण्ड छन् । अध्यायको संख्या एकसय छ । अर्को भण्डै यस्तै-यस्तो काण्ड शतपथ-ब्राह्मण छ । यो कृष्णयजुर्वेदीय-ब्राह्मणको नाम तैत्तिरीय हो । सामवेदको ब्राह्मणग्रन्थ ताण्ड्य-ब्राह्मण मुख्य हो । यसमा विशेषतः यज्ञ-यागादिकै वर्णन छ । अन्तमा ब्राह्मण-ग्रन्थमा जैमिनि-ब्राह्मण नै प्रधान हो । यो उनका शिष्य तलवकार द्वारा सम्पादित हो र यी सबै ब्राह्मण-ग्रन्थमा अनेकौं अर्वाचीन र प्राचीन विद्वान्हरूले अ-आफ्नो ढंगले व्याख्या लेखेको देखिन्छ । यी ग्रन्थहरूको मुख्य प्रतिपाद्य-विषय आधिदैविक-तत्त्वहरूकै विवरण दिनु हो । परन्तु आध्यात्मिकतामा पनि प्रसङ्गनुसार ठ-ठांउमा धेरै नै जोड दिएकोछ ।

ब्राह्मण-ग्रन्थको उपयोगिता

पुनर्जन्मवाद एवं आत्माको अस्तित्त्ववाद शतपथ-ब्राह्मणमा पाइन्छ । जस्तो कि "ते य एवमेतद्विदुः" ये वैतत्कर्म कुर्वते मृत्वा पुनः सम्भवन्ति ते सम्भवन्त एवामृतत्वमभिसम्भवन्त्यथ य एवं न विदुर्ये वैतत्कर्म न कुर्वते मृत्वा पुनः सम्भवन्ति" ।

तिनीहरू जो यसलाई यस्तो छ भनेर जान्दछन् तिनै हुन् यसका तत्त्वज्ञ । जो यस विषयका कर्म गर्दछन्, मरेर पुनः जन्मिन्छन् र जन्मदा-जन्मदै अमृतत्व प्राप्त गर्दछन् । यसको विपरीत जो यस तत्त्वलाई जान्दैनन् अथवा त्यस्तो कर्म गर्दैनन्, तिनीहरू मरेर फेरि जन्मन्छन् 'पुनरपि मरणम् पुनरपि जननम्' भइरहन्छन् । यसको अतिरिक्त मनुष्य-जीवनलाई सफल बनाउने अनेक कर्तव्य-कर्मको सद्दुपदेश यिनै ब्राह्मणग्रन्थबाट प्राप्त गर्न सकिन्छ । तस्मात् यिनको उपयोगिता साह्रै ठूलो छ भनिएकोछ । जस्तो कि - स्वाहास्वधाकारविवर्जितानि श्मशानतुल्यानि गृहाणि तानि । इत्यादि । यी सबै कुराको निर्देशन यिनै ब्राह्मण-ग्रन्थले नै गर्नें गर्दछन् ।

आरण्यक-स्थिति र यज्ञाचरणको महत्त्व

यजुर्वेदका अन्तको चालिसौं अध्यायमा भनेको पढ्दछौं । "कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः" कर्म गरिरहेर मानिसले पूरा एकसय बर्ष सम्म बांच्ने इच्छा गर्नुपर्दछ । यस्तै विचारले कर्म गरिरहने मनुष्य गरेका कर्मको लेपले लेपिंदैन । तस्मात् मनुष्यको जीवन निरन्तर कर्म गरि रहनुमा नै श्रेयष्कर मानिन्छ । यसै विचारले भगवान् कृष्ण गीतामा आज्ञा हुन्छ । अर्जुन ध्यान दिएर सुन्दैछन् । उहांको यो विचार-धारा दिव्य-दृष्टि र यथेष्ट-ज्ञान भएका श्रीकृष्णद्वैपायन (व्यास) यसरी विन्यसित गर्दै हामीलाई बुझांउनु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
कुरु कर्मैव तस्मात् त्वं पूर्वैःपूर्वतरैः कृतम् ॥

यी सबै कुराले वैदिक आर्य-पुरूषहरूको जीवनको प्रमुख-लक्ष्य कर्म गरिरहनु नै थियो । यो हामीहरूले देखे-सुनेकै छौं । त्यस्ता महापुरूषहरूको प्रातःकाल देखि सुत्ने बेला सम्मको समस्त जीवन-कालका घडी-पलाहरू कर्म गर्दा-गर्दै वित्तथे । यिनै कर्मको रूप-रेखा वैदिक-युगमा यज्ञ-यागादिको अनुष्ठानमै थियो । यज्ञ अनेकौं रूपका थिए । यस्ता यज्ञ देखि लिएर बर्षौं-हजारौं-वर्षमा परिपूर्ण हुने यिनका गति-विधि थिए भने यिनका फलहरू पनि अनेकौं प्रकारका थिए । श्रीमद्भागवतको उपक्रममै मा देख्तछौं । नैमिषेऽनिमिषक्षेत्रे मुनयः शौनकादयः । सत्रं स्वर्गाय लोकाय सहस्रसममासत। विचार गरौं सहस्रसमम् यो शब्दद्वारा ज्ञात हुन्छ कि हजार वर्ष पूरा भएपछि परिपूर्ण हुने यो यज्ञ थियो । अरू थोरै-थोरै समयमा पूर्ण हुने यज्ञको त कुरै भएन । त्यस्ता खालका यज्ञहरू त हाम्रा पूर्वजहरू प्रतिवर्ष, प्रतिमास र प्रतिदिन गरिरहन्थे र आजकाल पनि गरिरहेकै छन् । अब भन्नाको तात्पर्य यही निस्कियो कि वर्तमान मानव-जीवन र परलोकगत-जीवनका सारा कुरा यी यस्ता यज्ञका विधिपूर्वक भएका अनुष्ठानहरूमा नै अन्वेषण गरिन्थ्यो । प्रजा, पशु, ब्रह्मवर्चस् र धन-धान्यादि प्राप्त गरिने कुरा त्यसै यज्ञमा गरिनु पर्ने प्रार्थनाका मन्त्रहरूमा जताततै पाइन्छ । अर्को दृष्टिले हे-यौं भने वैदिक-कालका आर्ष जनताको हातैमा आइपुगेको यज्ञानुष्ठान भनिने कुरो साक्षात् कामधेनु-गाई नै थियो । चिताएको कुरा पु-याइ दिने मुख्य-साधन थियो । हेरौं त ! ऋषिराज-वसिष्ठ र राजर्षि-विश्वामित्रको जीवन-रेखा । तथा गङ्गा-यमुनाको संगमस्थल पावन-तीर्थ प्रयागमा आफ्नो राज्य दाजू-श्रीरामलाई सुम्पन वा घर फर्काउन जाने भरतको एवं उनका त्यत्रो विशाल सैन्यको यथोचित स्वागत-सम्मान कर्मयोगमा दीक्षित तथा वैदिक-वाङ्मयद्वारा सुशिक्षित भरद्वाज-मुनिराजले कसरी गरे ? केको भरमा गरे ? यिनै कारणहरूले वैदिक-ऋषिहरू भन्ने गर्दथे - ए इन्द्र महाराज ! म तिमीलाई आफ्नो आश्चर्यजनक काम-कुराले वशमा पार्छु, यज्ञानुष्ठानद्वारा आत्मसात् गर्दछु । आफैंमा मिलांउछु, इत्यादि ।

आर्य ऋषि-मुनिहरूको सत्कर्मानुष्ठान

यस्तै थियो हाम्रा पूर्वज वैदिक-कालीन-आर्यहरूको सत्कर्म, जा सर्वस्वै थियो । यसैको सहायताले उनीहरू विश्वभ्रमण गर्दथे । त्यसैमा विजय पांउने अनेकौं योजना बनांउथे । पद्धति एवं प्रक्रिया आदिको अन्वेषण गरिरहन्थे । यिनका उपकरण सामग्री भनौं वा झिटी-झाम्टा के कस्ता थिए ? यसो ध्यान दिएर हेरौं त ! चरू, घिउ, र पवित्र जङ्गली फल-फूल एवं स्रुक्-स्रुवा तथा स्तोताहरूलाई अमरत्व प्रदान गर्ने सोमरस (अमरत्व-प्रदान गर्ने जडीबूटीको विशुद्ध रस) । अरू अनावश्यक वस्तुहरू प्रायः छँदै-थिएनन् । जे जति कुरा अपूर्ण देखिन्थे, ती स्वतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिपूर्ण हुन्थे । तर उनीहरूको भित्री भावना भने कसैले दबाएर नदबिने निरन्तर बढिरहने हुन्थ्यो । यसको मुख्यकारण त्यही यज्ञानुष्ठान नै थियो । झलमलाकार सुवर्णमय यज्ञ-तन्तुहरू भौतिक-जगत्मा छिपेको विद्युत् चम्किए जस्तो देखिन्थ्यो । सुदीर्घजीवन भनौं वा अमरता उनीहरूलाई त्यही सोमरसबाट प्राप्त हुन्थ्यो, जो उनीहरूको सर्वोत्तम अमृतमय पेय-पदार्थ थियो । यसैले उनीहरू भन्दथे "पिबाम सोमममृता अभूम" हामीले सोम पिएका छौं, यसैले अमर छौं, इत्यादि ।

यो काल, यो जीवन, कति सुन्दर, कति स्वस्थ र शान्त थियो ? यो विचार गर्नु पर्ने नै कुरा हो । कस्ता जाज्वल्यमान थिए, यो युगका जन, एवं जनपद । समस्त प्राणीमात्र साह्रै सुखी र खुशी थिए । राष्ट्रभरी, द्वीप-द्वीप भरी धन-धान्यादि प्रशस्त हुन्थो । जब त्यसताकका हाम्रा पूर्वज ऋषिहरूका कर्म अभ्युदय र उन्नतिका साधक थिए । यसरी धेरै पछिसम्मका मानव-जातिको सर्वस्व एकमात्र यज्ञानुष्ठान नै हुँदै आयो । दृष्ट-अदृष्ट लोक-परलोक आदि सारा स्थानका तथा समस्त पदार्थमात्रको प्राप्तिको लागि एकमात्र सर्वोत्तम-संस्थान यज्ञानुष्ठान नै भयो । यी सब कुराको विवरण चारैओटा वेदका संहितामा तथा ब्राह्मण-ग्रन्थमा र अन्यत्र पनि राम्रैसँग पाइन्छ । केवल अन्वेषणको आवश्यकता छ ।

उपनिषद

परन्तु यस्तो र यति सम्म भएतापनि मानव-जातिको मन सँधै एक रस-प्रिय हुन गाह्रै भएको देखिनाले त्यो कर्मकाण्डको जटिल-जाल बाट केही अघाए जस्तो, वाक्क भए जस्तो हुँदै गयो । नुनिलो खाँदा-खाँदा गुलियो खोजे जस्तो, गुलियो धेरै खाए पछि नुनिलो खोजे जस्तो, त्यस्तो यज्ञ-यागादिको प्रक्रिया बाट पनि भारतवर्षीय आर्य-जनहरू शिथिल हुँदै गएका जस्ता देखिँदै गए । जुन यज्ञमा, अनुष्ठानको विधि-विधानमा उनीहरूको समस्त दिन-रात, अहोरात्र, सप्ताह, पक्ष, मास, वर्ष आदि रूपका सम्पूर्ण आयुका बेला-बखत बित्ने जान्थे । तिनै कामहरूमा पछि ती ती काम-कुराहरू कस्ता-कस्ता निर्जीव जस्ता निःसार जस्ता एक प्रकारले कुहिरो लागे जस्ता देखिँदै आए । त्यसबेला त्यस्तो स्थितिमा पनि उनीहरूलाई त्यस्तो कर्मकाण्डको प्रक्रियाले छोड्दै छोडेन, अझ यसो भनौं उनीहरूले त्यसलाई छोड्ने सकेनन् ।

अन्तमा एकान्तका खोजीमा उनीहरू अनकन्टारको जङ्गलतिर लागे । त्यसताक त्यस्तो मङ्गलमय-जङ्गलभरी त्यस्ता खाले सारा ऋषि-मुनिहरू पति-पत्नी (जोडा-जोडी) का रूपमा जताततै स-साना पर्णकुटी (छाप्रा-छाप्री) भरी देखिन लागे । त्यसबेलामा पनि अन्योन्यमा मिलिजुली फेरि त्यही कर्मकाण्डको पूर्व संस्कारोपार्जित धन्धामा लाग्दै गए । परन्तु यो ताक त्यो विधि-विधानमा यौटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनौठो भिन्नता (पृथक्ता) देखियो कि जो तीव्रता, जो एकरसता गृहस्थकालको यज्ञानुष्ठानमा देखिन्थ्यो अब त्यो त्यहाँ आए पछि गरिएको यज्ञानुष्ठानमा पटक्कै देखिएन। त्यसमा धेरै नै शिथिलता आउँदै गयो । एक प्रकारको खल्लोपन भरिएको जस्तो लाग्दै गयो । अझ यसो भनौं कि-सांसारिक स्थूलरूपका कर्मकाण्डको वैचारिक-रूप अलि सूक्ष्म हुँदै गयो । पछि गएर त्यै कुरा स्पष्ट हुँदै गयो र ठहराइयो कि यही सूक्ष्मतत्त्वमा नै त्यो तत्त्व अन्तर्हित छ, जसबाट विश्वब्रह्माण्ड सञ्चालित छ । यसरी संहिता तथा ब्राह्मण-ग्रन्थको कर्मकाण्डमा र आरण्यक (जङ्गलमा गएर गरिने) कर्मकाण्डमा अन्योन्यमा स्वतः यै गहनतम भिन्नता देखियो ।

यता संहिता र ब्राह्मणको जस्तो आरण्यकको पनि कर्मकाण्ड संग सुदृढ सम्बन्ध रहन्छ । परन्तु कर्मकाण्डको साथ-साथै ज्ञानकाण्ड (उपनिषद्) को पूर्वोक्त ढंगले उदय हुँदै गयो र त्यसको साथै त्यागको, उपरामको एवं भक्ति र योगको अक्षुण्ण प्रवाह पनि उपर्युक्तवत् अगाडि बढ्दै-बढ्दै आयो । यी ज्यादै नै उपयोगी कुराहरू विचारणीय एवं मननीय विषय हुन्, स्मर्तव्य भइरहून् ।

जङ्गलमा पुगेर उपर्युक्त आर्य-मनीषीहरूले विचार-अन्वेषण गर्दा न गर्दै आफ्नो सुसमृद्ध बौद्धिक-स्रोतः ज्ञानको रूपमा परिणत भएर ध्यानमा चढ्दै आएको अनुभूत गरे । पछि उनको आस्था स्थूल-कर्मकाण्डमा भन्दा सूक्ष्म-ज्ञानकाण्डतिर ढल्कँदै-बढ्दै गयो । अब तिनमा कर्म-जाल-प्रपञ्च जानेर त्यसको अनुष्ठान गरेर पार पाइरहनु भन्दा त्यसकै मूलस्रोतः (पहिलो मुहान) आत्मतत्त्वलाई नै राम्ररी संझने अभिलाषा भित्र-भित्रै रंगमगाउँदै आयो । अन्ततोगत्वा परिणाम यही निस्क्यो कि स्थूलतत्त्वबाट सूक्ष्मतत्त्वतिर बढ्ने प्रवृत्तिको विकास एवं विस्तार हुँदै गयो ।

उपनिषद् हेरौं - त्यसका शब्दको अर्थमा तत्कालीन आचार्यहरूको निकै नै वाद-विवाद भएको देख्तछौं । म त्यतातिर नलागेर यति देखाउँदछु कि स्थूल-जगत्बाट सूक्ष्म-जगत्तिर लम्किने-बढ्ने प्रवृत्ति संहिता र ब्राह्मणग्रन्थमा जो लाटो-गोज्याङ्ग्रो जस्तो थियो, त्यो आरण्यक-ग्रन्थहरूमा प्रखर प्रस्फुट हुँदै गयो र उपनिषद्मा पुग्दा-पुग्दै निकै मुखर, ज्यादै बाठो-बठ्याङ्ग्रो भयो । त्यही पछि-पछि अगाडि बढ्दै गएर सारा जन-जनपद एवं द्वीप-द्वीपान्तरका व्यक्ति-व्यक्ति सम्म पुग्यो । त्यही अरण्यमै आएर आत्मानुभूति-समृद्ध व्यक्तिहरूलाई आफ्नो आचार्य मानेर उनैका मुखबाट ती सबै रहस्यमय आत्मा-परमात्मा सम्बद्ध उनका कुराहरू ध्यानस्थ भएर सुन्ने गर्न लागे । अब यस विषयको गुठिल-गाँठो सजिलै संग फुस्क्यो होला जस्तो लाग्दछ कि - अरण्यकालको त्यस्तो कर्मकाण्ड उपनिषद्-कालमा पुगे पछि ब्रह्मपरक-अध्यात्मविद्यामय हुन पुग्यो । यै हो निष्कर्ष यिनका उत्पत्तिको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः यसको परिणाम यो भयो कि वैदिक-युगको कर्मको विस्तारमा नै मनुष्यको इति-कर्तव्यता (यति नै गरिने हो, गरियो) भन्ने देखिन्थ्यो भने उपनिषद्‌युगमा अर्थात् उनमा त्यो कर्मको उन्मूलनलाई सचेष्ट गरायो, त्यसैले परमशान्ति प्राप्त हुँदै आयो । यिनै कुरालाई अर्थ्याउँदै उपनिषद्‌को भाष्यमा भगवान् शंकराचार्य भन्नु हुन्छ "न कर्मणा न प्रजया न धनेन त्यागेनैक अमृतत्वमानशुः" अमरताको मुख्यकारण न कर्म हो, न प्रजा हो न धनै हो । यदि केही हो भने ती सब कुराको त्यागै मुख्य हो, त्याग ।

विश्व-प्रपञ्चको मूलकारण कर्मको उच्छेदको निम्ति उपनिषदको भनाइ अनुसार सर्वप्रथम मनको विशुद्धता चाहिन्छ । त्यसको प्राप्ति तब हुन सक्तछ, जब मनुष्य श्रुति (वेद) स्मृति (धर्मशास्त्र) द्वारा विहित मानिएको कर्मकाण्डको विधि-विधानानुसारको अनुष्ठान-रूप कर्मले नै पूर्व कर्मको सञ्चित कर्मत्व स्वतः उच्छेद हुन्छ र परमात्मैकता प्राप्त हुन्छ । अब निष्कर्ष निस्कियो कि, जो वैदिक-कालमा इहलोक र परलोक-सम्बद्ध सारा कुरा दिने थियो, त्यो यो उपनिषद्-कालमा त्यसैका निराकरण (पन्छ्याई) को निमित्त मजैसँग तम्सने कारण हुन आयो । यसमा तथ्य यही देख्दछौं, पाँउछौं ।

तलका उपनिषद्‌का अरू चार पंक्ति पढौं -

अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते ।
ततो भूय इव ते तमो य उ विद्यायां रताः ।।
विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह ।
अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ।।

ती मनुष्य अवश्य पनि अँध्यारो-खाल्डोमा खस्तछन् जो अविद्या (कर्मकाण्डको) उपासना गर्दछन् । तिनीहरू भन्दा बढ्तै ती मानिसहरू त्यसमा खस्तछन् जो विद्याको (ज्ञानको) उपासना गर्दछन् । त्यस्तै जो विद्या र अविद्या यी दुबैलाई राम्ररी जान्दछन् ती अविद्याद्वारा मृत्युलाई जितेर विद्याद्वारा अमरत्व प्राप्त गर्दछन् ।

कर्मबाट कर्मको निरसन (पन्छाइ) कसरी ? यो कस्तो विषमता (ढोठ्याङ खाने कुरो) हो ? भन्ने बारेमा उपनिषद्‌ले यसको प्रतिकार बखानेकै छ । तर त्यस्तैको भनाइ छ कि - कर्म त कर्म गर्ने शरीरको धर्म हो, यसको तिमीमा अर्थात् तिम्रो आत्मामा के प्रभाव ? तिमी कर्म बाट अस्पृश्य छौ । यही ठीक छ - शरीरलाई आफ्नो कर्म गर्न देउ । यो विचारले, यो सुदृढ-सिद्धान्तले तिमी कर्मको बन्धनबाट स्वतः मुक्त हुनेछौ । जब कि सुख-दुःख आदि द्वन्द्वहरूको मुख्य सम्बन्ध राख्ने अन्तःकरणै हो र आत्मा होइन । सँधै "तत्त्वमसि" वास्तवमा त्यो परब्रह्म तिमी नै हौ । त्यही पुरुष जीवन्मुक्त हुन्छ, जसले गरेका काम-कुराले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको निमित्त जन्म र मृत्युको भ्रमणचक्र बनाउँदैनन् । विदेहवंशी राजर्षि-जनकको यो श्लोकका भनाईको अभिप्राय यही हो -

मिथिलायां समृद्धायां न मे त्रृष्यति किञ्चन ।
मिथिलायां प्रदीप्तायां न मे दह्यति किञ्चन ॥

मिथिला राज्य बढेमा मलाई कत्ति हर्ष हुँदैन, न मिथिला डढेमा नै मलाई कत्ति विस्मात् (शोक) हुन्छ । सुख-दुःख चीसो-तातो समानरूपले भोग्ने, खप्न सक्ने व्यक्ति हुनुमा नै तात्पर्य छ । अस्तु

वेदका उपाङ्ग

अब म यहां वेदका उपाङ्ग "शिक्षा कल्पो व्याकरणं निरूक्तं छन्दसां चयः । ज्योतिषामयनम्" यो पद्यमा भनिएका यी छऔ कुराको विवरण देखांउछु, स्पष्ट पार्दछु जस्तो कि तिनको संक्षिप्त-स्वरूप यस्तो छ -

शिक्षा

शिक्षा त्यसैको नाम हो, जसबाट मनुष्यवर्ग सुशिक्षित हुन्छ र धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरूषार्थको मनोयोगपूर्वक अवलम्बन गरेर आफ्नो अभीष्ट-वस्तु प्राप्त गर्न सक्तछ । यसमा विशेष संयम र नियम आदिको परिपालन गर्नु आवश्यक छ । त्यसमा विशेषतः हामी हिन्दू-धर्मावलम्बीहरूको निमित्त हाम्रै वैदिक आर्य-आर्षग्रन्थमा वर्णित विभिन्न प्रकारका शास्त्रहरू नै मुख्य शिक्षाका विषय-वस्तु हुन् । तिनैमा ध्यान दिएर त्यसै गर्दै गए हाम्रो प्राचीन शिक्षा-संस्कृतिको परिपोषण हुने र नेपाल-राष्ट्र हिन्दू-संस्कृतिको आर्षजातिको एवं वैदिक-परम्पराको संरक्षक तथा संवर्धन राष्ट्र हो, भन्ने विश्वव्यापक धारणा अझ सुदृढ हुने हुन्छ, भन्न हिच-किचांउन नपर्ने शिक्षा नै शिक्षा हो ।

कल्प

कल्प तिनै ग्रन्थहरूलाई भनिन्छ, जसमा सीमितरूपमा सार-सार वाक्यहरू सूत्ररूपमा वर्णन गरिएका हुन्छन् । खास गरेर यो कल्पग्रन्थ तीन प्रकारको मानिन्छ, श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र । यिनमध्येको श्रौतसूत्र, यज्ञ-यागादिको पूर्णविवरण बतांउछ । गृह्यसूत्र चाहि गृहस्थहरूको जन्मदेखि मृत्युपर्यन्तको अनुष्ठान आदिको स्वरूप प्रदर्शन गरांउछ । शास्त्राचार-कुलाचार एवं देशाचारानुगत विभिन्न पारमार्थिक एवं सामाजिक रीति-स्थिति र काम-कुराको उल्लेख भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थलाई धर्मसूत्र भनिन्छ । हाम्रो वैदिक-धर्ममा यी तिनै सूत्रहरूको साह्रै ठूलो महत्त्व छ ।

व्याकरण

व्याकरण-ग्रन्थ सुप्रसिद्ध छ । संस्कृत-साहित्यमा आठ प्रकारको व्याकरण-ग्रन्थ भएको देखिन्छ । परन्तु अरूको भन्दा पाणिनि-आचार्यकै व्याकरण प्रचलित छ । यसको ठूलो महत्त्व हुनुको साथै यसले वैदिक-साहित्यमा समेत राम्रो बौद्धिक गति बढाउँदछ । यसको अतिरिक्त सामाजिक-भाषा सम्मको पनि रूप-रेखै तयार हुन सक्तैन । संस्कृत-व्याकरणमा विशेषतः नियम, उपनियम एवं विधि-विधान आदिद्वारा जुनसुकै शब्दको पनि मूल-रूपको साथै निर्देशित-प्रयोग सिद्ध गरिएको पाइन्छ । यसैकारण विश्वभरीका भाषा-भाषीहरूले अ-आफ्ना बालक-बालिकाहरूलाई स-सानो अवस्था देखि नै व्याकरणको बोध गराउँने बानी बसालेका हुन् ।

निघण्टु र निरुक्त

यी दुबै प्राचीन-ग्रन्थ हुन् । यिनमा निघण्टुमा वेदका वाक्यमा आएका शब्दको व्याख्या गरिएको छ भने निरुक्तमा चाहिं वैदिक-मन्त्रहरूको व्याख्या छ । कुन मन्त्र कसका निमित्त आएको हो र त्यसले के के गर्छ ? इत्यादि कुरा पूर्णरूपले बताइएको छ । एक प्रकारले निघण्टुकै भाष्यरूपमा यास्क-ऋषिले निरुक्त बनाउनु भएकोछ । यसरी चारै वेदका संहितामा देखिएका शब्द र मन्त्रहरूको विवरण भरिएको ग्रन्थलाई नै निरुक्त भनिन्छ ।यसका संकलक प्रजापति कश्यप-ऋषि नै मानिन्छन् । निघण्टु भनौं वा निरुक्तमा परमात्माका अनेकौं प्रकारका विभूतिहरूको राम्रो वर्णन पाइन्छ ।

छन्दः

छन्दःशास्त्र अनेक रंग-ढंगका छन् । पहिले देखि अहिले सम्मकाले लेखेका देखिन्छन् । यसबाट वेदका हरएक ऋचा-कण्डिका आदि लय हालेर ताल-सुर मिलाएर विभिन्न ढंगले गाँउन सकिन्छ । यी छन्दहरू विश्वभरीका भाषा-साहित्यमा भाषा-भाषीले अ-आफ्नो देशीय अथवा क्षेत्रीय रीति-स्थिति अनुसार प्रयोग गरेको देखि-भोगि रहेकैछौं । परन्तु हाम्रो संस्कृत-साहित्यमा छन्दःशास्त्रको पिङ्गलाचार्यका पिङ्गल-सूत्रको ज्यादै महत्त्व छ र विशेषतः धेरै जसो विद्वान्हरू त्यसैमा वर्णित तथा निर्देशित छन्दहरूलाई आफ्नो मार्गदर्शक मानेर तिनैको प्रयोग गर्दै आएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष

ज्योतिषशास्त्र मनुष्यमात्रको सर्वोत्तम दिव्यनेत्र हो,जसले भूत भविष्यत् र वर्तमानकालमा घटेका घटिरहेका र घट्ने घटनाहरूको गति-विधिको समस्त रूप-रेखा अगाडि राखिदिन्छ । यसैले यसको ठूलो महत्त्व मानिएको हो । विशेषतः खगोलको स्थिति र ग्रह-नक्षत्रादिको गति-विधि एवं उत्तरायण-दक्षिणायण आदि रहस्यगर्भक कुराहरूको उद्घाटन यसैले गर्दछ । यसका दुई भेद छन् । फलित-ज्योतिष र गणित-ज्योतिष । यिनले आफ्नो नाम जस्तै काम देखांउछन् । यिनका प्रधान ग्रन्थ हुन् । मुहूर्तचिन्तामणि, ग्रहलाघव एवं अंकगणित- बीजगणित लीलावती तथा रेखा-गणित आदि । तस्मात् यसको महत्त्व प्रशंसनीय छ । हाम्रो निम्ति अत्यावश्यक छ । मर्दा पर्दा यसैको आधारमा सम्पूर्ण काम-कुरा गरिन्छन् ।

शिक्षाको प्राचीनरूप

यसरी यस प्रस्तुत-ग्रन्थमा अविकृत परब्रह्मबाट हिरण्यगर्भको उत्पत्ति, वेदको प्रादुर्भाव, ईश्वर-जीव र प्रकृतिको स्थिति एवं वेद-विभागको स्वरूप एवं त्यसका अङ्ग-उपाङ्गको रूप-रेखा-प्रदर्शन आदिका विषयहरू याथातथ्येन (जस्ताको त्यस्तै रूपले) प्रदर्शित भएका छन् । यहां यतिसम्मको विषयहरू पढिसकेका आफ्ना प्रिय अन्तेवासी (ब्रह्मचारी छात्र-छात्रा)हरूलाई हाम्रा प्राचीन आर्ष-आचार्यहरू जो जस्तो सदुपदेशमय सच्छिक्षा दिन्थे र त्यसबाट वैदिक धर्म-कर्मानुष्ठानको जे जति संरक्षण भएर परिबर्धनका साथै प्रचार-प्रसार हुन्थ्यो, अब त्यसको पनि यहां केही उल्लेख गरी राखे भविष्यका हाम्रा सन्तान-दरसन्तानलाई र लिनेले लिए भने वर्तमान सामाजिक व्यक्तिलाई पनि धर्म-कर्म जोगांउन सक्ने राम्रो क्षमता प्राप्त हुन्थ्यो र सनातन वैदिकवाङ्मय सजिलैसंग प्रचलित भइरहने थियो भन्ने सदिच्छाले त्यसको निम्नांकित स्वरूप प्रदर्शित गराँउछु ।

वेदमनूच्याऽऽचार्योऽन्तेवासिनमनुशास्ति, सत्यं वद, धर्मं चर, स्वाध्यायान्मा प्रमदः, आचार्याय प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः, सत्यान्न प्रमदितव्यम् । धर्मान्न प्रमदितव्यम्, कुशलान्न, प्रमदितव्यम् भूत्यै न प्रमदितव्यम् स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम् । देवपितृकार्याभ्यां न प्रमदितव्यम्, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव, । यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि नो इतराणि । यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि, नो इतराणि । ये के चास्माच्छ्रेयांसो ब्राह्मणास्तेषां त्वयासनेन प्रश्वसितव्यम् । श्रद्धया देयम्, अश्रद्धयादेयम्, श्रिया देयम्, ह्रियादेयम्, भियादेयम्, संविदादेयम् । अथ ते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात्, ये तत्र ब्राह्मणाः समदर्शिनो युक्ता अयुक्ता अलूक्षा धर्मकामाः स्युर्यथा ते तत्र वर्तेरन् तथा तेषु वर्तेथाः । एष आदेशः, एष उपदेशः, एषा वेदोपनिषद् । एतदनुशासनम् । एवमुपासितव्यम् । एवमु चेदुपास्यम् । १-२-३-४ तैत्तिरीयोपनिषद् ।

अर्थ यसो - विद्यागुरु आचार्य आफ्ना अन्तेवासी (छात्र-छात्रा) लाई वैदिक-वाङ्मय पढाई सकेपछि यसरी उपदेश दिन्छन् । प्रिय-बाबू-नानी हो ! अब तिमी सधैं सत्य बोल्ने गर, धर्माचरण गर, प्रमाद रहित भएर धर्मग्रन्थ पढ, पढाउ । आफ्ना आचार्यलाई प्रियधन (गुरुदक्षिणा) टक्र्याएर विवाह गरेर सन्तान-बलियो पार । सत्यको विषयमा कहिल्यै प्रमाद (भूलचुक) नगर । धर्म-कुशलादि र ऐश्वर्य-प्राप्तिको विषयमा भूलचुक नगर । त्यस्तै पढ्ने-पढाउने कुरामा सधैं ध्यान दिने गर । देवता र पितृकार्य गर्नमा नचुक । मातृदेव पितृदेव एवं आचार्यदेव हुने बन । पाहुना-पाच्छालाई पनि देवता मान्ने होउ । जति राम्रा सत्कर्महरू छन् । तिनै-माथि ध्यान दिएर त्यसै गर्ने गर । विशेष गरेर जति हामीले गरेका पवित्र-चरित्रहरू छन्, तिनै-तिनैमात्र गर्ने गर । होस गर । अरू कुरा गर्ने हुँदैनन् नि ! जो कुनै पनि हामीहरू मध्यमा उत्तम विद्वान्, धर्मात्मा, ब्राह्मणहरू छन्, तिनीहरूकै संसर्गमा बसा-उठी गर्ने गर । कसैलाई केही कुरा दिंदा श्रद्धाले दिने गर । अश्रद्धाले दिने नगर र शोभा-लज्जा एवं भयले पनि दिने नगर । प्रतिज्ञाले पनि देउ । बाबु-नानी हो ! जब तिमीहरूलाई जीवनमा कहिले-कहिले कहीं-कहीं धर्म-कर्म ज्ञान-उपासना आदिका विषयमा कुनै प्रकारको शंका लागि हाल्यो भने, विचारक योगी-महात्मा तथा पक्षपात-रहित धर्मात्मा पुरुषहरू त्यस्ता विषयमा जसरी आफ्नो धर्म-कर्ममा अडेर जे जस्तो निर्णय लिन्थे र जसो गर्थे, तिमीले पनि त्यस विषयमा त्यसै गर्ने गर्नु । यो तिमीहरू प्रतिको आदेश (आज्ञा) हो, यै उपदेश हो । यही वेदको उपनिषद् (ज्ञानकाण्ड) हो । यही अनुशासन (शिक्षा) हो ।यसै गरी उपासना गर्ने गर । उपास्य (उपासना-आराधना गर्न योग्यको) तत्त्व पनि यही हो ।

सिद्धान्त

यस्तै थियो, हाम्रा प्राचीन ऋषि-मुनिहरूको वैदिक-प्रक्रिया । यी सबै कुरा साह्रै साह्रै स्मरणीयमात्र नभई अत्यन्त उपयोगी हुँदा कार्यरूपमा पनि परिणत हुँदै जाउन् भन्ने सदाग्रह साथै लेखक मेरो पनि सत्याग्रह छ । प्रबुद्ध मानव-जातिको अन्तराकाशमा जसलाई दहराकाश भन्दछन्, जसको प्रकाशमान स्वरूपको आफ्नै आत्मा अवस्थित छ र प्रस्फुट भइरहेकोछ, जसबाट त्यो क्रियाशील छ, त्यसैको त्यही स्वरूप प्राप्तिको निमित्त त्यस्ता महामानव महापुरुष अविचलित ढंगबाट पूजा-उपासना र आराधना आदि जे जति पनि सत्कर्म गर्दछन्, यी सब काम-कुराको गराई नै त्यो परब्रह्मको विशिष्ट-स्वरूप हो । यही एकरूपलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो बुद्धि र रुचि अनुसारका अनकौं कर्म बाट आराधना-उपासना आदि गरिएको हुन्छ । सत्कर्म अगाडि बढ्दै जांदा त्यही स्वरूपको परमात्मामा पुगेर,त्यसलाई भेटेर टुङ्गो लाग्छ । "ब्रह्मैवेदं सर्वम्" भन्ने भावना जाग्रत् हुन्छ र "ब्रह्म सत्यं जगन्मिथ्या" यस्तो विशुद्ध-दृष्टि र सद्‌बुद्धि प्राप्त हुन्छ । यहीं आइ पुगेपछि साधकले माथिका काम-कुराकै माध्यमबाट अर्थात् साधनबाट साध्य (ब्रह्म) भेट्टांउछ र त्यसैमा एकाकार हुन पुग्दछ यही हो उपरि निर्देशितवत् एकबाट अनेक हुने र अनेकबाट एक हुने गतिविधि ।

तस्मात् त्यसैमा मिल्न र त्यस्तै हुन हाम्रा पूज्य-पूर्वजहरूले आफ्नो प्रयास-प्रवर्धनद्वारा निरन्तर परिवृद्ध अभ्यास बढाउँदै आएका हुन् । अन्तमा यी सब कुरा उनीहरूले हामी आर्य हिन्दू-धर्मावलम्बी प्रिय-सन्ततिहरूलाई एकलौटी खान-पांउने गरी अपुताली पारेर समस्त वैदिक-संस्कृति छोडेर गएका छन् । यी सब कुराले हामीले हरतरहले श्रद्धा-भक्तिपूर्वक पूजा र ठूलो श्रद्धाले गतिलो आस्थाले त्यस महाप्रभुको उपासना-आराधना आदि अविच्छिन्नतया गरिहरनु अत्यावश्यक छ । नभए त्यत्रो महिमा र यत्रो गरिमा भएको त्यो परब्रह्म-परमात्माको स्वरूपाकलन गर्न अरू कुनै अवस्थामा पनि समर्थ हुन सक्ने खालका रहने छैनौं । यस्तो प्रपञ्चमा फंसेको मानव-मन त्यत्ति टाढासम्म पुग्न अथवा सोच्नसम्म पनि आफ्नो सुसंचित धन (विवेक-विचार) ले कदापि समर्थ हुनेछैन । यही निष्कर्ष हो ।

ब्रह्म-प्राप्तिको सदुपाय

त्यो महाप्रभुका अनेक रूप छन्, अनेक नाम छन्, जस्तो माथि उल्लेख गरियो । तिनै नाम-रूपधारी देवताहरूमा प्रधान र ज्यादै विशिष्ट मानिने अग्नि, वायु, सूर्य, सविता, मित्र, वरूण, द्यावा-पृथ्वी, अश्विन्, इन्द्र, ब्रह्मणस्पति, वास्तोष्पति, क्षेत्रपति आदि नामहरू अत्यन्त प्रभावशाली मानिन्छन् । अथर्ववेदको भाष्य-भूमिका पृष्ठ नं. १२३.१३ मा यिनै नामहरूका माध्यमबाट वेदमा गाइएको ब्रह्मको महिमा पूजा स्तुति नमस्कार आराधना उपासना आदिको त्यससंग ज्यादै बलियो र गहिरो सम्बन्ध जोर्ने, ऐक्य-प्रदर्शन गरांउने काम-कुराको राम्रो सदुपदेश छ । परन्तु यी सब कुरामा श्रद्धा र विश्वासको घनिष्टता छ । यी दुबै कुरा उपासकमा हुनु अत्यावश्यक छ । यी दुबै श्रद्धा र विश्वासको स्थिति सन्त-शिरोमणि तुलसीदासज्यूले आफ्नो मानस- रामायणमा यसरी उल्लेख गर्नु भएको छ ।

भवानीशंकरौ वन्दे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस श्लोकमा उल्लेख भएका भवानी-शंकर श्रद्धा, विश्वास, सिद्ध, र ईश्वर यी सबै त्यै बहुनाम-रूपधारी यौटै परब्रह्मको नाम र रूप हुन् । परन्तु यस्तो त्यो ब्रह्मको प्राप्तिको निमित्त पूज्य तुलसीदासज्यू भन्नु हुन्छ - म सर्वप्रथम स्त्रीलिङ्गी-भवानी र पुलिङ्गी-शंकरलाई आत्मसमर्पणपूर्वक वन्दना टक्र्याउँछु । मैले ठानेको र मानेकोछु कि श्रद्धा-नामकी देवी र विश्वास-नामको देवता यी दुबै भवानी र शंकरै हुन् । यी दुबैको आश्रय नलिई अथवा नपाई बडे-बडे सिद्ध महात्मा पनि आफ्नै भित्री हृदयाकाशमा बस्ने (अर्थात् मुटुभित्र बसेर हल्लिरहने, यहाँ प्राणीमात्रलाई जीवित राख्ने) त्यो ईश्वर नामको ब्रह्मलाई कुनै अवस्थामा पनि देख्नै सक्तैनन्, साक्षात्कार गर्नै सक्तैनन् । अब यसमा स्पष्टै देखिन्छ कि श्रद्धा र विश्वास साह्रै ठूला तत्त्व हुन् र यिनैका माध्यमबाट भवानी-शंकर नामका गुरूमा र गुरूबाको कृपा नपाए, अनुग्रह नबर्षिए सिद्धावस्थामा पुगिसकेका साधकहरू पनि त्यस तत्त्वलाई देख्न सक्तैनन् । सर्वथा अन्धै हुन्छन्, साक्षात्कार गर्न सक्तैनन् इत्यादि । अब उपर्युक्त पद्यबाट स्पष्ट भयो कि श्रद्धा, विश्वास, भवानी, शंकर यी चारै तत्त्व साधकमा हुनै पर्दछ र यिनको परिबृद्धिमा मात्र आफ्नो अभीष्ट ब्रह्मतत्त्वको बोध हुन्छ । तज्ज्ञात्वा तदेव भवति, भन्ने कुरा स्वतःसिद्ध हुन्छ । तस्मात् हामीहरूमा पनि यिनको अस्तित्त्व भए त्यसलाई बढाउँदै लानु श्रेयस्कर छ भन्ने निष्कर्ष हो ।

ब्रह्म ठीक माकुरा जस्तै हो ।

●

ब्रह्माण्डको सृष्टि, स्थिति र संहारमा संलग्न त्यस ब्रह्मलाई यौटा साधारण कीरो माकुरा जस्तै हो भनेर त्यसैमा आरोप गरेर हेरौं त ! कुरा अझ बुझ्न सजिलो हुनेछ । यसमा म स्वयंले लेखेको अध्यात्मज्ञान-परिपूर्ण अवधूत नामको खण्ड-काव्यमा दृष्टि दिंदा यस्तो देख्न र पढ्न एवं केहीबेर त्यसैमा गढ्न, सजिलै सकिन्छ । पढ्नुहोस् त, जसको राम्रो बोध भए पछि प्रस्तुत-ग्रन्थमा उहिल्यैदेखि अहिलेसम्म भनेर उल्लेख गरिएका विषयमा कत्तिको सामञ्जस्य बसेको, मिलेको देखिन्छ र पछिसम्मका विषय बुझ्नमा विना मूल्यको विना परिश्रमको सुमहती बौद्धिक सहायता पाइन्छ ।

छोडी आफ्नो उदरतलको सूत्र, जालो बनाई
खेली स्वेच्छा-सदृश त्यसमा, आफु छुट्टै गराई ।
आफै जस्ताहरू अरू रची, भै विनोदी विशेष
गर्नै आफ्नै उदरगत, हुन् माकुरा-तुल्य ईश ।।

प्रिय पाठकवर्ग ! यस्तो स्वरूपको आध्यात्मिक दृष्टिले साह्रै सरल, स्पष्टतया अर्थ बुझ्न सकिने हाम्रो राष्ट्रभाषा नेपालीमा लेखिएको श्लोकहरूको पनि राम्रैसंग व्याख्या गरि राख्नु पर्ने अवस्थाको अनुभूति मेरो अन्तर्हृदयमा उद्भूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको हुँदा म त्यही श्लोकका शब्दहरूमा खेल्दै, तिनैलाई ओल्टाउँदै-पल्टाउँदै र अर्थ्याउँदै जान्छु, पाठकहरू कुरो बुझ्दै "ए ! ब्रह्मको स्थिति यस्तो पो रहेछ, कुरा यिनै रहेछन्, यसैले माथि-माथि त्यसो भनिइदै आएको रहेछ र निराकार अविकृत परब्रह्मको स्थिति त्यस्तो माकुराकै जस्तै विकृत हुँदा यस्तो हुन आउँदो रहेछ" भन्ने स्पष्टबोध हुनेछ । जब कि पूर्वोक्तवत् शक्तित्रयसमन्वित भइ सच्चिदानन्दात्मक अवस्थामा रहँदा समयद्वारा प्रबुद्ध भएपछि त्यही तत्त्व हिरण्यगर्भको रूपमा परिणत हुन्छ र आफ्नो ज्योतिर्मय-प्रकाशले त्यसैबाट आफ्नै गर्भ (उदर) बाट विकृत हुँदै-हुँदै सृष्टि-विस्तारको सूत्र (धागो अथवा तन्तु) निकाल्न थाल्दछ । यसैको नाम हो सृष्टि । ठीक माकुराले आफ्नै पेटबाट सूत (धागो) निकालेर मक्क परेको जस्तो, अनि आफ्नो इच्छानुसारको रचना रच्न थालेको जस्तो, आफ्नै ढंगको र चाहिए जति लम्बाई-चौडाईको । त्यही माकुरो विकृत-ईश्वरको साक्षात् यौटै पेटको भाई होला जस्तो, । त्यसपछि त्यस्तो, त्यस्तोजाबो माकुरो यसैमा (जालोमा) मन लागेसम्म खेल्दछ । परन्तु त्यस जालोको अरू स-साना जीव-जन्तुहरूलाई फसाउने संरचनाकारिता (जालोको निर्माणधर्मिता)ले त्यस (माकुरो) लाई कहिल्यै फसाउन सक्तैन, त्यो सँधै त्यसबाट पृथक् रहन्छ । त्यसबेला ईश्वर भन्ने नाम पाएको त्यो ब्रह्म ब्रह्माण्ड-जालको बन्धनबाट सर्वथा पृथक् रहन्छ, कूटस्थ हुन्छ, तटस्थ रहन्छ, ठीक माकुरैजस्तो केवल स्वतन्त्र । त्यस समयमा पनि माकुरोले जस्तो अनेकौं बच्चा-बच्ची (अनन्त विश्व-ब्रह्माण्ड) सिर्जिन थाल्दछ । निकै समयसम्म त्यसैमा त्यही-रूपमा विनोद गरिरहन्छ । अन्तमा समय पुगेपछि ती नामरूपोपाधि-विशिष्ट अरू जीवसमूहलाई पुनः आफैंमा समेट्न थाल्दछ । ठीक माकुरोले जालो बनेको सूत्र (धागो) लाई समेटेर आफ्नो पेटभित्रै हाले जस्तो । अब त्यसै काव्यका दुई-चार श्लोक अरू पढौं, जसले स्थिति अझ स्पष्ट पार्नेछ ।

उब्जी इच्छा अतुल त्यसमा माकुरालाइ जस्तो
त्यस्तो साक्षात् पर-पुरुषमा "हुन्छु धेरै म" यस्तो ।
कस्तो कस्तो मन वचनले सोच्न औ भन्नसम्म
गाह्रै पर्ने, बहुविध रचे खेल, ज्यादै अचम्म ॥

देखा पर्दै अहह ! त्यसमा जीवका ताँति-ताँति
बढ्दै आए क्रमसँग निजी कर्मले भाँति-भाँति ।
खेल्ने जो हो स्थल,त्यसकनै भन्न लागे जगत् र
साथीलाई बहुविध तिनै जीव, छन् जो अपार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नालाई यम-नियमले ज्ञान-कर्मादिले र
भक्ति-श्रद्धा-तप र विधिले योगले उच्च-सार ।
आफ्नो त्यस्तो स्थिति र गतिमा आइने सूक्ष्म-चाल
खोली, आफैं मिलि-जुली बसे जालमा त्यो विशाल ॥

खेल्दा-खेल्दै बहुविध भए, छुट्टिए एक एक
विर्सें त्यस्तो गति-विधि त्यसै, भो व्यवस्था अनेक ।
बढ्दै आयो सकल तिनको नाम-रूपादि साथ
आफ्नो-आफ्नो रूचि संग-संगै वासनेच्छा अथाह ॥

जालो जस्तो त्यस जगतमा वर्ष, खण्डादि नाना
बन्दै आए सम, विषम, भू-भाग ठूला र साना ।
सर्दै आए तिनबिच पनी माकुरा-तुल्य जीव
बढ्दै आए अलि-अलि गरी फेरि दाम्पत्यबीच ॥

त्यल्ले गर्दा पर-पर भए जीव त्यस्तो जगत्का
गर्दै आए व्यवहृति स्वयं,चल्न लाग्यो व्यवस्था ।
बेग्ला-बेग्लै भइ पनि गए, छुट्टिए देश, काल
भन्दै आए पुर, नगर औ ग्राम भै भै विशाल ॥

जालोलाई हरतरहले रक्षिने चाहिएमा
मास्ने, भास्ने विविध-विधिको शक्ति ली एकतामा ।
राखी यस्तो नियम गतिलो त्यो जगज्जालबीच
गर्नै लाग्यो अनि सब कुरा माकुरो-तुल्य ईश ॥

अदिति-शब्दको व्यापकतामा विचार

अब म यी समस्त माथिदेखि यहांसम्म भनिएका र पछि ग्रन्थान्त सम्म भनिइने विषय-वस्तुको नाम र रूपका बारेमा यौटै शब्दले व्यवहृत हुने अर्थात् व्यवहार गरिने अथवा काम-कुरो चलाइने त्यही परब्रह्म हो, त्यही एकमात्र विश्वब्रह्माण्ड भरी व्याप्त र त्यही सर्वोच्च एकरसमय छ, भन्ने कुरा स्पष्ट पार्ने एवं अतिशय कल्याण गर्ने ऋग्वेद-संहिताको १.८९.१० यो यौटा अर्को ऋचा विद्वान्-पाठकवर्गको समक्ष उपस्थापित गर्दछु । लौ पढौं त !

ॐ अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः ।
विश्वे देवा अदितिः पञ्च जना अदितिर्जातमदितिर्जनित्वम् ॥

साधारण-अर्थ, अदिति नै द्युलोक हुन् र अदिति नै अन्तरिक्ष हुन् । अदिति नै माता हुन् तथा तिनै पिता हुन्, पुत्र हुन् । अदिति नै विश्वेदेवा हुन् । अदिति नै पञ्चजन हुन् । अदिति नै जात (जन्मिएको) हुन् एवं अदिति नै जनिष्यमाण (जन्मिइने) हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यसै ऋचामा केही बेर घोत्लिएर निष्कर्ष निकालौं र विशेष भनाईको तात्पर्य बुझौं ।

उपरि-निर्देशित निघण्टु अथवा निरूक्त ग्रन्थानुसार "अदिति" शब्द दीङ्क्षये, भन्ने धातुबाट क्तिन् प्रत्यय र छान्दस् ह्रस्व गरेर नञ्-समास गर्दा सिद्ध हुन्छ । यसको अर्थ निस्कन्छ-जो कहिल्यै पनि दीन हुँदैन । उपक्षीण हुँदैन । सम्पूर्ण सृष्टिको मुख्य-कारण भएमा पनि, त्यसलाई धारणा गरिरहेमा पनि खण्डित हुँदैन । सर्वदा एकरूपले संस्थित हुन्छ । यस्तै भएकोले त्यो अदिति-शब्दको अर्थ ती अखण्डनीय र अदीना हुन् भन्ने स्पष्ट हुन्छ । यद्यपि त्यसको अर्थ साधारणतः देवताहरूका माता एवं प्रजापति-कश्यप ऋषिकी पत्नी हुन् भन्ने निस्कन्छ तापनि मुख्यार्थमा लक्षणा-व्यञ्जनाले अग्नि, पृथ्वी आदि नै हुन् भन्ने प्रकट हुन्छ । प्रस्तुत-ऋचामा देवी-अदितिकै विभूतिहरूको वर्णन छ । गौणी-वृत्तिले यहाँ कार्यलाई नै कारण भनिएकोछ । कारण सर्वथा विलक्षण हुन्छ, परन्तु कार्य, कारण-तत्त्व बाट विलक्षण हुनै सक्तैन । यसै कारणले भनिएको हो कि कारण-रूपिणी अदिति बाट कार्यरूप-जगत् भिन्न छैन । यो सारा देखिने र सुनिने जगत् र प्रपञ्च तिनै अदितिकै विलास हो । यिनैलाई अर्को शब्दमा परब्रह्मकी शक्तिरूपिणी-महामाया हुन् भन्न वा मान्न करै लाग्दछ । तिनै अदिति सम्पूर्ण कार्य-कारणात्मक जगत् हुन् । यता अग्निरूप भएकीले अघर्षणीया छन् । पृथ्वी भएकीले सर्वधारिका मानिन्छिन् । अन्तरिक्ष-रूपिणी भएबाट सर्वव्यापी देखिन्छिन् । पञ्चजन तथा जात र जनिष्यमाण (जन्मिएकी र जन्मिने) पनि उनै भएकी-देखिएकीले सर्वरूपा छन् । यता यो अदिति-शब्दको प्रयोग जब प्रधान वा प्रकृतिको अर्थमा गरिन्छ त्यसबेला उनी परिणामिनी भएर सर्व हुन्छिन् । जब त्यै शब्दलाई चित्-सत्ताको अर्थमा प्रयोग गरिन्छ तब उनी सर्वविवर्तिनी ब्रह्म-चितिको सत्ताका रूपमा परिणत भएर त्यसैको बोधक हुन्छिन् । माथिका ऋचामा पढिएको द्यु-शब्द द्युलोक अर्थात् सर्वविध-सुखको वाचक छ । अन्तरिक्ष-शब्द विस्तार-बोधक छ र माता-पिता, पुत्र यी तीनै शब्दले कार्य-कारणको अभेद देखांउछ । विश्वेदेवा भन्नाको तात्पर्य हो, सम्पूर्ण देवता, इन्द्रियगण र मन पनि उनै अदिति हुन् । यता देवमाता हुनाले इन्द्रियाधिष्ठाता देवहरूका आधारभूत इन्द्रियहरूकी जननी पनि उनै हुन् । पञ्चजनाको अर्थ हो, पाचौं विषयानुगत भूतमात्रा र पञ्चमहाभूत, जसको गूढार्थ हो चारै वर्ण र वर्णवाच्य वस्तु, जसभित्र गन्धर्व, पितृगण, देवगण तथा असुर, राक्षस आदि पर्दछन् । जात र जनित्व शब्दले सोझै भूत र भविष्यको बोध भइरहेकैछ । यसरी समस्त ब्रह्माण्ड अदितिमय छ । भन्नाको तात्पर्य अब यो निस्कियो कि, यसरी अनेक नाम र रूपमा वर्णित ब्रह्म नै विश्वको सृष्टि, स्थिति र संहारका एकमात्र मुख्यकारण हुन् । यो कुरा प्रस्तुत प्रमाण-परिबन्दबाट स्वतःसिद्ध भयो, प्रतिपादित भयो कि सर्वं खल्विदं ब्रह्म, नेह नानास्ति किञ्चन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद अर्थ बुझेर पढ्नु पर्दछ

यसरी विवर्णित वैदिक-वाङ्मयको सम्पूर्ण अर्थ राम्रोसँग बुझ्ने गरी साधिकार-व्यक्तिले नित्य-निरन्तर अध्ययन, चिन्तन,मनन आदि गरि रहनु पर्दछ । यदि त्यसो गर्दैन भने त्यस्तालाई धेरैजसोले मन पराउँदैनन् स्वयं निरूक्तको १.१८ को निम्नांकित मन्त्र यसो भन्दछ, जुन माथि पनि पढियो ।

स्थाणुरयं भारहारः किलाभूदधीत्य वेदं न विजानाति योऽर्थम् ।
योऽर्थज्ञ इत्सकलं भद्रमश्नुते नाकमेति ज्ञानविधूतपाप्मा ॥

जुन व्यक्ति वेदको स्वर-पद-पाठ साथै स्वाध्याय भने गर्छ, तर त्यसको अर्थ बुझ्दैन, जान्दैन, भने अवश्य त्यो केवल भारी बोक्ने (बैल) गोरू जस्तै हो । जो अर्थ जान्दै-बुझ्दै पाठ गर्दै जान्छ, त्यो व्यक्ति ज्ञानद्वारा समस्त सञ्चित-पाप विनष्ट भई भद्र (कल्याण)प्राप्त गरेर स्वर्गादि-लोक (अभीष्टवस्तु) भेट्टाउछ। अस्तु

वेदपाठीको महत्त्व र पाठ-विकार

उपर्युक्त चारै वेदपाठको साह्रै ठूलो महत्त्व छ । परन्तु जुनसुकै वेदसंहिताको पाठ गर्न थालियो भने हरएक कण्डिका अथवा ऋचाका अन्तर्गत शब्द-पद-वाक्य आदिमा रहेका उदात्त अनुदात्त स्वरित वर्णको ठीक उच्चारण हुनु पर्दछ, बकार वकार स्पष्टतया छुट्याएर पाठ गर्ने गर्नु पर्छ र तिनैटै श.ष.स.को यथास्थानबाट उच्चारण निकाली पाठ गर्नुपर्छ । अस्पष्ट रूपमा खिचडी पारेर उपर्युक्त तिनैटे श.ष.स.को ब.व.को यौटै ठाउँबाट उच्चारण पारेर यौटै स्वर-विन्यास गरेर कहिल्यै पाठ गर्नै हुँदैन । यदि यसरी पाठ गर्न जानिएको छैन वा राम्रो ज्ञान छैन भने त्यस्तै शुद्धढंगले पाठ गर्न जानेका वैदिक अध्यापक आचार्य (गुरूदेव) सँग निहुरी-पस्री सिकाइमाग्नु पर्छ । विधि-विधानपूर्वक चारै वेद पढ्नु योग्य छ । तिनमा पनि विशेष गरेर हरएक कण्डिका-ऋचाको पाठक्रम अनेक प्रकारका छन् । तिनमा आठ प्रकारका पाठ-विकार मुख्य मानिन्छन् - तिनको स्वरूप यस्तो छ ।

जटा-माला-दण्ड-रेखा-रथ-ध्वज-शिखा-घनाः ।
क्रममाश्रित्य निर्वृत्ता विकारा अष्ट विश्रुताः ॥

प्रस्तुत ग्रन्थमा यत्ति भन्दा बढ्ता देखाउनु पर्ने आवश्यकता छुँदैछैन । भए पूर्वोक्तवत् गर्नुमा नै श्रेयस्कर हुनेछ ।

इति वैदिक्काल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौराणिककाल

ऐतिहासिक-ग्रन्थ रामायण र महाभारत

हाम्रो प्राचीन-शास्त्रमा जतातर्तै निम्नाङ्कित वाक्यको उल्लेख भएको पाइन्छ र तदनुसार तिनैका आधारमा समुचित मान्दै, उत्तम ठान्दै, मर्दा-पर्दा सम्मका समस्त क्रियाकलाप (काम-कुरा) हाम्रा पूर्वजहरूले पूर्वकालीन रीति-स्थितिको, गति-विधिको परम्परानुगत धाराप्रवाहमा अवगाहन-प्रत्यवगाहन, आलोडन-प्रत्यालोडन आदि गर्दै-गराउँदै आइरहेका हुन् र हामी आर्य-हिन्दूका सन्ततिहरूलाई सन्मार्ग-प्रदर्शन गराइ गएका छन् । यो सर्वसम्मत वाक्य हो- "इतिहासपुराणञ्च पञ्चमो वेद ईष्यते" इतिहास र पुराण यी दुवै पाँचौं वेद मानिन्छन् । इतिहास भनिन्छ, पहिले घटेका अर्थात् भएका कुराहरूलाई "इति ह आस" यी तीन शब्दको अर्थ हो - यस्तो भएको थियो । जस्तो कि पहिले एकमात्र ब्रह्म थियो, इच्छानुसार अनेक भयो र अनेक लीला-विनोद ग-यो इत्यादि । यो हो ऋग्वेद-कालीन सत्ययुगको इतिहास, जो पर्दिदै यहाँ सम्म आइयो । अब हेरौं त्रेतायुगको इतिहासको स्वरूप । त्यसपछि क्रमशः पुराणतिर लागौंला ।

रामायण

त्रेतायुगमा जब कि तामसी आसुरी-शक्तिको प्राबल्य थियो, संसारभरीका महापुरूष एवं देवजाति देखि लिएर मनुष्यजाति पर्यन्तका प्राणीमात्र साह्रै पीडित र त्रस्त भइहेका थिए । त्यसबेला यौटा अनौठो शक्ति (ऐश्वरीय माया) ले आकस्मिक रूपबाट अद्भूत कार्य सञ्चालन ग-यो । रत्नाकर नामक यौटा व्याधावृत्ति गर्ने लुटाहा जस्तो साधारण व्यक्तिमा आफ्नो अतुल प्रभाव पा-यो । त्यसैमा आफ्नो अचिन्त्य महामहिमा-सम्पन्न वैचारिक शक्ति सा-यो र अन्तमा संप्राप्त-सदुपदेशको आधारमा त्यो बसेको-बस्यै त्यस्तो शक्तिको आकर्षणले अभिभूत भएर स्वतः नजानिदो ढंगले तपस्याचरणमा संलग्न हुँदै गयो र त्यसै सर्वसमर्थ शक्तिको विषयमा निरन्तर अन्वेषण, मनन, चिन्तन आदि गर्दा-गर्दै समाधिस्थ भयो । त्यसबेला त्यसको शरीरको रूप बडो विचित्रको देखियो । केवल धमिरै-धमिराले भरिएको निकै उँचो माटाको ढिस्को जस्तो, यसैभित्र पुरिएको थियो त्यो । पछि समयले त्यसलाई परिपक्क पा-यो र बिउँझाई दियो । यसबेला त्यो केवल विशुद्ध ज्ञानवान्, त्रिकालदर्शी र ब्रह्माण्डभरका प्राणीमात्रको कल्याण-चिन्तक एवं प्रथमावस्थाको अन्तर्निहित क्रान्तदर्शिताको महत्त्वले सुसम्पन्न भइ सकेको थियो । तदनन्तर यसैका ज्ञान-ज्योतिका प्रकाशले आकर्षित तथा आल्हादित भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्कालीन ऋषिमुनिहरूले वल्मीक (धमिराको ढिस्को) बाट निस्किएको हुँदा त्यसको नाम राखे "वाल्मीकि" ।

त्यसपछि महर्षि नाम पाएका उनी कुनै दिन अत्यन्त पावन नदी-तमसा (हाम्रो भैसालोटनकी) का तीरको आफ्नो पवित्राश्रमबाट स्नानार्थ आफ्ना शिष्य-प्रशिष्यहरूको साथै नदी-तटमा पाल्नु भयो । त्यहाँ क्रौञ्चपक्षी (क-याङ-कुरूङ) को जोडी आफ्नो चाल-चलनले क्रीडा (विहार) गरिरहेको थियो । नजिकैमा यौटा निषाद (व्याधा) पनि थियो । महर्षि वाल्मीकिले हेर्दा-हेर्दै अकस्मात् त्यसले जोडी मध्यको भालेलाई बाण हानेर भुतुक्कै पारिदियो । पोथी त्यसका असह्य वेदनाले फत्र्याक् फत्र्याक् गर्न थाली । यो देखेर करूणाले भरिएका महर्षिको मन पग्लनसम्म पग्लियो र तत्कालमा संस्कृतमय-वाणीमा उहाँको श्रीमुखबाट यो वाक्य प्रादुर्भाव भयो, अकस्मात् निस्कियो -

मा निषाद ! प्रतिष्ठां त्वमगमः शाश्वती समाः ।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ।।

यसैको पद्यानुवाद - ए निषाद ! न पाएस् तँ कहिल्यै शान्ति वस्तुतः ।
मारिस् जो क्रौञ्चजोडीको यो भाले काममोहितः ।।

यो पहिलो लौकिक छन्दोबद्ध करूणाले भिजेको महावाक्य थियो । यसैका आधारमा पछि आदिकाव्य लेख्ने विचार भयो र तत्कालीन रघुवंश-प्रदीप दशरथ राजाका सुपुत्र श्रीरामको चालचलन र अनेकौं प्रकारका सद्गुण वैभवले आकर्षित एवं साह्लादित महर्षिले आफूले रच्न लागेको काव्य-कथाका वस्तुको नाम "रामायण" राख्नु भयो । जसको प्रारम्भिक अवस्थामा नै महर्षिले जगद्विधाता (ब्रह्माजी) को पनि अनुग्रहरूप वरदान प्राप्त गर्नु भयो ।

यी सब कुराको चर्चा-परिचर्चा एवं आदिमहाकाव्य वाल्मीकि-रामायणको चौबीसहजार श्लोकसंख्याको ग्रन्थसम्मको रूप-रेखा गति-विधि र तत्कालीन रीति-स्थिति तथा त्यस ग्रन्थको महत्ता आदिका समस्त विषय-वस्तु विशेषतः मद्वारा राष्ट्रियभाषामा तत्समपद्यमा अनुवाद गरिएको र ने.रा.प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित नेपाली वाल्मीकि-रामायणबाट र त्यसका आमुखमा अनुवादकद्वारा लेखिएको लेखबाट समेत समस्त विषय-वस्तु सजिलैसँग बोध हुने नै छन् । प्रसारित-प्रचारित हुँदैछ । हेरे बुझे हुनेछ । तस्मात् त्यसको विषयमा यहाँ संक्षेपमा विशेष कुरामात्र देखाइएको छ । किन कि ? यौटै कुरालाई मात्र बारम्बार खोतलिरहनु अनुचितै होला र पिँधिसकेको मसीनु पीठोलाई काम नपाएर निरन्तरै पिँधिरहनु जस्तै हुन जाला, भन्ने आशंकाले यत्तिमै समाप्त गर्नु उचित मान्दछु । बरू आदिकाव्य नाम पाएको यो रामायणको स्वाध्याय, मनन, चिन्तन आदिको महत्त्व देखाउने निम्नांकित यौटै श्लोक मात्र पढौं -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्वर्गप्रदं नित्यं चरितं राघवस्य तु ।
तस्माद् यत्नवता पुंसा श्रोतव्यं यत्नतः सदाः ।। इत्यादि

महाभारत

यो पनि यौटा द्वापरयुगको समस्त घटना देखाउन सक्ने क्षमता राख्ने अत्यन्त विशालरूपको इतिहास हो र माथि भनेभैं पाचौं वेद मानिने अत्युत्तम ग्रन्थ हो । यो विशेषतः अद्भूत आश्चर्यजनक आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक विषय-प्रदर्शन गराउने एवं तिनबाट हुने तिनौटै सांसारिक-ताप विनष्ट पारिदिन सक्ने, हामी सनातन-धर्मी व्यक्तिहरूको निमित्त अत्यावश्यक ग्रन्थमात्र नभएर निरन्तर अध्ययन, मनन, चिन्तन आदि गरिरहनु पर्ने ग्रन्थरत्न नै हो । अभ्क यसो भनौं कि संस्कृतवाङ्मयको सर्वोत्तम निधि (खानी) हो । यसमा धर्म, ज्ञान, कर्म, उपासना तथा नीति सदाचारिताका समस्त विषय-वस्तुहरू अत्यन्त सरस र सरलरूपले, सारै-सारका महत्त्वले परिपूर्ण गराएर विवेचन एवं प्रतिपादन गराइएका छन् । यसलाई जम्बूद्वीपान्तर्गत भारतवर्षको यौटा ज्यादै प्रमाणिक इतिहासको ग्रन्थ हुनाको साथै हाम्रो सांस्कृतिक-निधिको उद्गम स्रोत-(निस्कने मुहान) हो र समस्त विश्व ब्रह्माण्डको दर्पण, एवं सुमहान् ज्ञानकोश हो, भनेमा कुनै मत-मतान्तरका पथिकहरूले पनि सिति-मिति बात लगाउन सक्ने छैनन् । यसका रचयिता साक्षात् श्रीकृष्णद्वैपायन (व्यासदेव) ले यस ग्रन्थलाई उद्देश्य गरेर आफ्नै श्रीमुखले यस्तो आज्ञा भएको छ (यन्नेहाऽस्ति न क्वचित्) । कति छोटो वाक्यमा त्यस्तो आज्ञा भएको कि ? जो यो महाभारत ऐतिहासिक-ग्रन्थमा आध्यात्मिक, आधिदैविक र आधिभौतिक आदि विषय-वस्तुका कुरा-कन्थाहरू परेका छैनन् अथवा खोज्दा पाइएनन् भने, ती ती कुरा अथवा विषयहरू अन्त कहीं, कुनै ग्रन्थमा पनि अवश्य पाइने छैनन् ।

यसैको भीष्मपर्वान्तर्गत श्रीमद्भगवद्गीता हो । जसमा मानवजातिको कर्तव्यको राम्रो वर्णन भएको देखिन्छ, इति-कर्तव्यताको बोध गराइएको भेटिन्छ । यही आध्यात्मिकताको अथाह ज्ञानसागर हो । जहां खोजन सके, लिनसके, तदनुसार काम कुरो गर्न सके, बुद्धि-विवेकले ठमाएर कार्यरूपमा परिणत गर्न सके, मानव-जीवन स्वतः जीवन्मुक्तताको परमावस्थामा पुग्न सक्तछ । प्रस्थानत्रयी मध्यमा एक गनिएको श्रुति-स्मृतिको साररूप त्यै गीताग्रन्थको भाष्य (व्याख्या) लेख्ता पूज्यपाद भगवान् आद्य-शंकराचार्य अध्यायको अन्तमा आज्ञा हुन्छ, "इति श्री महाभारते शतसाहस्र्यां संहितायां वैयासिक्यां भीष्मपर्वणि श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसम्वादे........ नाम........ अध्यायः" । लौ, अब यो वाक्यको हरएक शब्दको अर्थ सम्झेर स्वरूप विचार गरौं त, त्यो महाभारत र यो त्यसैका पेटभित्रको भगवद्गीताको महत्ता कस्तो र कति सम्मको रहेछ ? यही पवित्रातिपवित्र महाभारतका अनेकौं-विषय-वस्तुलाई आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-वस्तु बनाएर भारतवर्षीय व्यक्तिहरूले मात्र होइन कि अपितु संसारभरीका विद्वान् तथा कवि-महाकवि एवं वैचारिक-वैज्ञानिकहरूले तत्तद्विषयका अनेकौं ग्रन्थहरूको निर्माण गरेका छन्, जुन हाम्रै हुन्, भन्न हामी सक्छौं, जसमा कविता, काव्य, निबन्ध, प्रबन्ध, एवं नाटकादि प्रधान छन् । यिनै त हुन् हाम्रा सांस्कृतिक-निधिका सत्-ग्रन्थरत्नहरू ।

तस्मात् यसरी सुप्रशंसित यो महाभारत अतिशय कल्याणकारक ऐतिहासिक-ग्रन्थ माथि भने जस्तै, खास पाँचौं वेद हो । यसको ग्रन्थसंख्या (श्लोकको गिन्ती) पूरा एक लाख छ । यसैकारण यसमा जतातते शतसाहस्र्यां संहितायां भनेको हो । सर्वप्रथम यसका पात्रहरूको परिचय-प्रदर्शन पूर्वक कौरव-पाण्डव पक्षका अठ्ठारह अक्षौहिणी सेनाहरूलाई, जो त्यसताक अ-आफ्नो अत्याचारिक-ढंगले पृथ्वीका भारमात्र भैसकेका थिए र समस्त मानव-जीवनकै निमित्त साहै-साहै उद्वेग र भयका कारण बनेका थिए, एकै ठांउमा जम्बा पारेर, अ-आफैंमा लडाएर, एकै चिहान पारिदिने साक्षात् कालात्मा त्यही सर्व-समर्थ प्रभु श्रीकृष्ण नामको व्यक्ति नै थियो, जसले आफू योद्धा नभए पनि युद्धभूमिमा सम्मिलित सम्पूर्ण व्यक्तिमात्रलाई सखापै पारिदियो । त्यसबेला समय थियो, विगत द्वापरयुगको अन्त हुने लागेको । लड्ने ठामको नाम थियो कुरूक्षेत्र । यस्तो, त्यस्तो विशाल रणभूमिमा आफ्नो प्यारो साथी अर्जुनलाई जो पाण्डव-पञ्चमा एक थियो र यौटा सानो भू-खण्डकै मात्र भने पनि प्राप्तिको साधिकार हकदार थियो । त्यसले त्यो नपाएको निहुँ झिके तापनि बलेको आगोमा घिउ थपेर म लड्दिन, बाबा ! आफ्ना बाजे, बराजू एवं अन्य मान्यजनहरूलाई मार्दिन बाबा ! भन्दा-भन्दै पनि गीता ओकलेर आत्मतत्त्वको रूप-रेखा देखाएर यी यहां मेला लगाएर भेला भएका सारालाई मैले पैले नै मारिसकेको छु "मया हतास्त्वं जहि मा व्यथिष्ठाः"। अब तिमी निमित्त मात्र बन, भनी-भनी रथी (अर्जुन)को सारथी भएको त्यो महाप्रभुले रथको अघिल्लो भागमा बसी-बसी, घोडाहरूलाई तर लगाउने हातको छडी (चाबुक) हल्लाउंदा-हल्लाउंदै मालूमी जादूगरले गरेको जस्तो गरी-गरी त्यहांका जनसमूहको प्राणशक्ति (आयु) नै आफूमा एकत्रित गराई छोड्यो । अठ्ठारह अक्षौहिणी सैन्य केवल अठ्ठारह दिनैमा सखाप भए । तिनमध्ये शेष भए, बांचे एघार व्यक्ति । पाण्डवपक्षका आठ, स्वयं सारथी एक, पांच पाण्डव, सातौं सात्यकी र आठौंमा युयुत्सु कौरवपक्षका कृपाचार्य, कृतवर्मा र चिरञ्जीवी अश्वस्थामा केवल तीन । यसरी यो महाभारतको महान् संग्राम समाप्त भयो ।

सान्त्वना-प्रदान

अन्तमा रूवावासीको साम्राज्यवादमा साम्यवाद ल्याउन रणभूमिमा अर्जुनका तीखा-तीखा बाणले रगताम्य भएर मृत्यु-शय्यामा डङ्गङ्ग परेर लडिरहेका, काल पर्खिरहेका महामानव एवं आध्यात्मिकादि-सद्भावनाका एकमात्र स्रोतः (मुहान) तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुण्यश्लोक, उदारात्मा, देवव्रत प्रातःस्मरणीयचरण श्री भीष्मपितामह भएमा पु-याई सबैका परम-श्रद्धास्थान र आत्म-आस्थाका चरम केन्द्र उनैका श्रीमुखबाट आफ्नी श्रद्धेया फुपू कुन्ती-देवीका छोरा युधिष्ठिर (नातामा आफ्ना जेठा दाजू) लाई प्राश्निक (प्रश्न गर्ने) बनाई आफूमा अनुशासित परमभक्त शिष्य जस्तो भएर उनैमाथि दया दृष्टि छोडेर नजिकै उनको अगाडि बसी भूत-भविष्यत्का सम्पूर्ण आर्यत्व-आर्षत्व-सम्पन्न व्यक्तिका गुठिल-गाँठाका कार्मिक एवं धार्मिक रहस्यहरू बुझाउन लगाई सनातन वैदिक धर्मसंरक्षण एवं परिवर्धन गर्ने उद्देश्यले त्यही प्रभुले नै त उनीहरूमा सुमहती शान्ति दिलायो । त्यसबेला युधिष्ठिरले सोधेका प्रश्नहरूको प्रामाणिक एवं सर्वमान्य उत्तर यही महाभारतको शान्तिपर्व र अनुशासन पर्वमा विस्तृत रूपमा वर्णित छँदैछन् । जसको रूप संक्षेपमा अत्यन्त प्रामाणिक महापुराण श्रीमद्भागवतमा प्रथमस्कन्धको नवौं अध्यायको २५ देखि २८ सम्मका श्लोकहरूमा वर्णित छन् । पढौं त ।

युधिष्ठिरस्तदाकर्ण्य शयानं शरपञ्जरे ।
अपृच्छद्विविधान् धर्मान् ऋषीणां चानुशृण्वताम् ।।
पुरुषस्वभावविहितान् यथावर्णं यथाश्रमम् ।
वैराग्यरागोपाधिभ्यामाम्नातोभयलक्षणान् ।। इत्यादि

पुराण

विशेषतः सर्वोत्तम परब्रह्मतत्त्व-प्राप्तिको प्रतिपादन गर्ने र अनेकौं विषय-प्रदर्शनगर्भक छन्दोग्रथित ग्रन्थको नाम हो पुराण । यिनको रूप र नाम अनेक छन् । जसमा आर्य-हिन्दूहरूको धार्मिक क्रियाकलाप र त्यसका अतिरिक्त अरू साहित्यिक विषयका विभिन्न पक्षहरू, पृथक् पृथक् विचारका रूप-रेखाहरू समाविष्ट भएकाले सांस्कृतिक-क्षेत्रमा यिनको विशेष महत्त्वपूर्ण स्थान छ । वेदहरूको पछि यिनको मान्यता एवं प्रामाणिकता सर्वमान्य छ । अत एव इतिहास (रामायण र महाभारत) को साथै यिनलाई पाँचौं वेद मानिएको स्पष्टै हुन आउँछ । भनिएको छ।

ऋग्यजुः सामाथर्वाख्या वेदाश्चत्वार उध्दृताः ।
इतिहासपुराणञ्च पञ्चमो वेद उच्यते ।। इत्यादि

यसैकारण यिनै इतिहास र पुराण (सहायक ग्रन्थहरू) द्वारा वेदहरूको तात्पर्य बुझ्दै जाउन् भनेर पाठकवर्गलाई सूचित गरिएको हो । इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् इत्यादि ।

यिनको बाह्यरूप र अन्तःस्वरूप स्मृति-(धर्मशास्त्र) ग्रन्थहरूको समान छ । यी पुराणहरूको समष्टिरूप हेर्दा यिनलाई प्राचीन र मध्यकालीन हिन्दूवर्गको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक, दार्शनिक, ऐतिहासिक, सामाजिक, एवं उच्च आध्यात्मिक र राजनैतिक शिक्षा-संस्कृतिको सर्वलोक-सम्मत ब्रह्माण्डकै कोश हुन् भन्न सजिलै सँग सकिन्छ । पुराणशब्दको अर्थ यही नै हो कि, जो आदिकाल देखि नै प्राणित (जीवित) छ । उच्चकोटीका पुराणहरू मध्यको वायुपुराणमा भनेको भेटिन्छ "पुराणं मनसासृजत्" ब्रह्माले पुराणहरूलाई मनैले सिर्जिए ।

यस्मात् पुरा ह्यनितीदं पुराणं तेन हि स्मृतम् ।
निरुक्तमस्य यो वेद सर्वपापैः प्रमुच्यते ।।

अर्को त्यस्तै उक्ति मत्स्यपुराणमा पाइन्छ, "पुरातनस्य कल्पस्य पुराणानि विदुर्बुधाः" । विद्वज्जनहरू अति प्राचीनकालको घटना-विवेचनाहरूलाई पुराण भन्दछन् । यता छान्दोग्य उपनिषद यसो भन्दछ - स होवाच ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणम्, चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदमिति ७।१।२ वेदानां पञ्चमं वेदम्, भनेर इतिहास र पुराणलाई खास पाँचौं वेद भन्ने सिद्ध गरेकोछ ।

यता श्रीमद्भागवत बाटै पनि श्री भीष्मज्यूले प्रतिपादनादि गर्नु भएका विषयहरूको बोध स्पष्टै देखिन्छ ।

दानधर्मान् राजधर्मान् मोक्षधर्मान् विशेषतः ।
स्त्रीधर्मान् भगवद्धर्मान् समासव्यासयोगतः ।।
धर्मार्थकाममोक्षांश्च सहोपायान् यथा मुने ! ।
नानाख्यानेतिहासेषु वर्णयामास तत्त्ववित् ।। इत्यादि-इत्यादि

यसरी प्रतिपादित रामायण र महाभारत भारतवर्षीय संस्कृत-साहित्यका सर्वोत्तम इतिहासका ग्रन्थ हुन् । यिनै पाचौं वेद मानिन्छन् ।

उपपुराण र महापुराण

अब म यी उपरिप्रशंसित पुराणहरूको स्वरूपाकलन गर्नपट्टि लाग्दछु ।त्यसमा सामान्यतया संक्षिप्तीकरण गर्नुमा नै बेला-बखत अनुसार श्रेयस्कर हुनेछ । परेमा यसले विस्तृतरूप पनि लिन सक्नेछ ।

उपपुराण

उपपुराण अठ्ठार प्रकारका मानिन्छन् र नाम, काम बहुधा पृथक् पृथक् भएका जानिन्छन् । यिनको नाम यस्तो छ । सनत्कुमार, नृसिंह, नन्द, शिवधर्म, दुर्वासस्, नारदीय, कपिल, वामन, उशनस्, मानव, वरुण, कलि,महेश्वर, साम्ब,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सौर, पाराशर, मारीच र भार्गव । यिनका काम अ-आफ्नै ढंगका देखिन्छन् र विशेष नाम अनुसारकै कामको महत्त्व देखाउँछन् ।

उपपुराण पाँचै लक्षणले युक्त हुन्छन् र यिनमा विशेष पाँचै कुरा देखाइएका हुन्छन् । ती लक्षणहरू यिनै हुन् ।

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् ।।

सृष्टि, लय र पुनःसृष्टि, देवताहरूको वंशावली, मन्वन्तर (मनुहरूको स्थिति र समयविभाग) एवं वंशानुचरित ऋषिवंश तथा राजवंशवर्णन यी कुराको वर्णन भएका ग्रन्थहरूको नाम हो उपपुराण ।

महापुराण

महापुराण अठारहै मानिन्छन् । यिनका नाम यिनै हुन् । यिनको रूप-रेखा श्रीमद्भागवत महापुराणको सिद्धान्तानुसार श्लोक-संख्या आदिको साथै नाम र नामैले स्पष्ट हुने काम पनि ठीक तल लेखिएको जस्तो छ । छन त यी कुराहरू अरू महापुराणमा पनि देखिन्छन्, तापनि यसैलाई महत्त्व दिँदै आएका छौं ।

महापुराणहरूको नाम		ग्रन्थ (श्लोक) संख्या
१)	ब्रह्मपुराण	दश हजार
२)	पद्मपुराण	पचपन्न हजार
३)	विष्णुपुराण	तेइस हजार
४)	शिवपुराण	चौबीस हजार
५)	श्रीमद्भागवत	अठार हजार
६)	नारदीयपुराण	पच्चीसहजार
७)	मार्कण्डेयपुराण	नौ हजार
८)	अग्निपुराण	पन्द्रहजार चार सय
९)	भविष्यपुराण	चौध हजार पाँच सय
१०)	ब्रह्मवैवर्त पुराण	अठार हजार
११)	लिङ्गपुराण	एघार हजार
१२)	वाराहपुराण	चौबीस हजार
१३)	स्कन्दपुराण	एकासीहजार एक सय
१४)	वामनपुराण	दश हजार
१५)	कूर्मपुराण	सत्र हजार
१६)	मत्स्यपुराण	चौबीस हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७) गरूडपुराण उण्ड्डैस हजार
१८) ब्रह्माण्डपुराण बाह्र हजार

जम्बा संख्या : ४,१०,००० चार लाख दशहजार

यस्ता स्वरूपका उपर्युक्त महापुराणहरू मध्यमा हामी सनातन-धर्मी भारतवर्षीय हिन्दूवर्गहरूमा श्रीमद्‌भागवत महापुराणकै उच्च स्थान छ र हामी यसैलाई धार्मिक आस्थाका पराकाष्ठाको केन्द्रस्थल ठान्दै-मान्दै आएका छौं । पुनः घर-घरमा जन-जनमा प्रतिदिन यसैको स्वाध्याय मनन, चिन्तन आदि गर्न पनि चुकेका छैनौं । किन र कसरी, यसको महत्त्व यस्तो भयो त ? भनेर आवश्यक अन्वेषण गर्दा आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तिनै ताप विनष्ट पारि दिने सुमहान् सामर्थ्य यसै श्रीमद्‌भागवत-महापुराणमा रहेछ र हाम्रा पूर्वजहरूले र हामीहरूले पनि यसलाई यस्तो महत्त्व दिएका रहेछौं । मर्दा, पर्दा पनि यसैको प्रयोग गरी आएका रहेछौं, भन्ने कुरा स्वतः सिद्ध भइरहेकैछ । यसैमा विवर्णित सार-तत्त्वरूप भगवान् श्री कृष्णको महत्त्व देखाँउदै पद्मपुराण -

सच्चिदानन्दरूपाय विश्वोत्पत्यादिहेतवे ।
तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ।।

नित्य सत्चित् र आनन्दरूपका विश्व-ब्रह्माण्डका सर्जक, स्थापक र संहारक तथा सांसारिक तिनैओटा, मनमा हुने रोग-शोकरूप आध्यात्मिक, दैव लागेर आइ पर्ने आगो पानी चट्याङ, फट्याङ् जस्ता आधिदैविक, पञ्चमहाभूतका विकारबाट हुने आधिभौतिक, तापलाई विनष्ट पारिदिने, समस्त विश्वब्रह्माण्डका विभूति-सम्पन्न प्रियभक्त-चित्ताकर्षक त्यो श्रीकृष्ण भनिने नीलिमामय तेजःपुञ्जलाई हामी आत्मसमर्पणपूर्वक अभिवादन गर्दछौं, यसो भन्दछ र त्यस्तै मान्दछ, ठान्दछ भने त्यस्ता सर्वव्यापक महामहिमाशाली अचिन्त्यशक्ति-सम्पन्न एवं कर्तुंमकर्तुमन्यथाकर्तुं समर्थ अनन्तकरूणावरूणालय महाप्रभु भगवान् श्री कृष्णको माथि दिएका विशेषणहरूले विश्लेषण गरिएको यो श्रीमद्‌भागवत महापुराण हो र त्यसैका आधारमा त्यसैमा उल्लेख भए सरह अब म यहां विश्वसृष्टि, त्यसको विकास, त्यसमा भगवल्लीला, विनोदमय-संस्थिति आदिका विषय-वस्तु प्रदर्शन गरांउदै बौद्धिक-क्षमतानुसार पौराणिक-कालको संक्षिप्त विवरण देखाँउने उपक्रमतिर लाग्दछु ।

श्रीमद्‌भागवत

यहींनिर विशेष ध्यान दिनु पर्ने, सम्झिराख्नु पर्ने कुरा यो छ कि महापुराणहरूमा विशेषतः निम्नांकित दश लक्षण हुन्छन् । जस्तो कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः ।
मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः ॥

प्रस्तुत महापुराणमा सर्ग, विसर्ग, स्थिति, पोषण, ऊति, मन्वन्तर, ईशानुकथा, निरोध, मुक्ति र आश्रय यी दशै कुराको समावेश यसको द्वादशस्कन्धमध्यको तृतीयस्कन्धदेखि द्वादशस्कन्धसम्म राम्रो भएको छ । यी सबै कुराको विशद व्याख्या मैले हिन्दीभाषामा लेखेको आफ्नो जीवनचरित्र "गति-विधियों की रूप-रेखाएँ" भन्ने ग्रन्थरत्नमा गरेकोछु । त्यसैको पृष्ठसंख्या २४९ देखि हेरे यथार्थ स्थिति-बोध हुनेछ । यसै महापुराणको ग्रन्थरत्नको श्लोक "जन्माद् यस्य यतः" देखि लिएर ग्रन्थान्तको श्लोक "नामसंकीर्तनं यस्य" सम्मका गद्य-पद्य आदिमा जम्बा कति वर्णसमाम्नाय (अक्षरहरू) छन्, तिनको प्रामाणिक गणनासम्म पनि गरेर यसको महत्त्व राम्रोसँग देखाएर राखि दिएकोछु । यस महापुराणमा जम्बा अक्षर माथि देखि तल सम्ममा पाँच लाख छयहत्तर हजार ५,७६,००० छन् (हेर्नुहोस् उक्त ग्रन्थ) । फेरि भनिएको छ कि उपरिप्रदर्शित दशौं तत्त्वमध्यको अन्तिम "आश्रयतत्त्व" (उपर्युक्त विशेषण-विश्लेषित परं ब्रह्म भगवान् श्रीकृष्ण)को स्पष्टीकरणपूर्वक प्रतिपादन गर्न माथिका अरू नवै तत्त्वहरूको स्वरूप देखाइएको सम्म हो । जस्तो कि "दशमस्य विशुद्ध्यर्थं नवानामिह लक्षणम्" भनिएको छ । अब यिनैको स्वरूप (लक्षण) श्रीमद्भागवतानुसार वर्णित हुँदै जानेछ । पाठकवर्ग अवश्य विचार गर्दै अघि बढ्नेछन्, ती के के कस्ता कस्ता रहेछन् ? साधक (उपासक) ले कुन कुन साधन (उपासनाको विधि अथवा पद्धति)द्वारा साध्य (उपास्य)लाई कसरी प्राप्त गर्दो रहेछ ? अवश्य विचार गर्ने नै छन् ।

श्रीमद्भागवत महापुराणको उत्पत्ति

●

भगवान् श्रीकृष्णद्वैपायन (व्यास) द्वारा निर्मित यो श्रीमद्भागवतको प्रारम्भिक प्रथमश्लोक "जन्माद् यस्य यतः" बाट सर्वप्रथम यिनै कुराले पाठकवृन्दको हृदयाकर्षण गराइएकोछ । जस्तो कि -

जसबाट यो जगत्को सृष्टि, स्थिति र प्रलय हुन्छ, त्यो परमतत्त्व सर्वदा सत्रूपमा नै सारा पदार्थमात्रमा अनुस्यूत (अनुगत) छ र असत्-पदार्थहरूबाट निरन्तर पृथक् छ। जड होइन, नित्यचेतन छ । परतन्त्र होइन सर्वथा स्वतन्त्र एवं स्वयं-प्रकाश छ । हिरण्यगर्भ भनौं वा ब्रह्मा होइन, त्यो भन्दा पनि माथिल्लो तहको, जसले उनलाई पनि आफ्नो सत्य-संकल्पले प्रारम्भमा वेद-ज्ञान दियो, जसको विषयमा संसारभरका महान्-महान् विद्वान्हरू पनि मोहित हुँदै (भ्रममा पर्दै) छन् । जस्तो सूर्य किरणमा जलको, जलमा स्थलको, स्थलमा, जलको भ्रम (भान) हुन्छ । ठीक त्यस्तै जसमा यो त्रिगुण (सत्व, रजः र तमः) मय स्वप्न-जाग्रत्-सुशुप्ति-रूपको सृष्टि मिथ्यारूप भएता पनि अधिष्ठान (त्यही परं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म) को सत्ता (आधार) पाएर सत्य जस्तै प्रतीत भइरहेकोछ, त्यो अथवा त्यस्तो आफ्नो स्वयंप्रकाश, सर्वोपरिको ज्योतिले सधैं सबै प्रकारले माया र माया-सम्बद्ध कार्यहरूबाट पूर्णरूपले मुक्त (छुट्टै) रहने परम सत्यरूप त्यही परं ब्रह्म-परमात्माको हामी ध्यान गर्दछौं ।

धर्मः प्रोज्झितकैतवोऽत्र, इत्यादिबाट

●

दोस्रो श्लोकबाट अनुबन्ध-चतुष्टय देखाइएको स्पष्टै देखिन्छ । जस्तो कि व्यासदेव महामुनिद्वारा निर्मित श्री मद्भागवत महापुराणमा मोक्षसम्मको फलपाइने, कामना-विहीन परम धर्मको निरूपण भएकोछ । त्यो कस्तो छ र के के छ ? इत्यादि । पुनः यसमा अन्तःकरण विशुद्ध भइसकेका सत्पुरूषहरूले जान्न योग्य त्यो वास्तविक वस्तु परब्रह्म-परमात्माको राम्रो निरूपण गरिएकोछ, जो आध्यात्मिकादि तापत्रयको समूलनाशक र आत्यन्तिक कल्याणकारक छ । यस्तो छ भने अरू साधन तथा शास्त्रान्तर चाहियो पो किन? जब कि भाग्यशाली सुजन यस महापुराणलाई सुन्ने इच्छा गर्दछन् भने त्यसै समय देखि तिनको हृदयाकाशमा ईश्वर स्वतः रोकिन्छन्, स्थिर भएर रहन्छन् । इत्यादि कुरा देखाइएको छ । प्राप्तव्य-वस्तुको विवेचना भएको छ ।

अब यहांको धर्मशब्दले निष्काम भागवतधर्मको प्रतिपादन गर्दछ । तदनन्तर वास्तवशब्दले सत्, वेद्यले चित् र शिवद-शब्दले आनन्द अर्थको बोध गराउदै सत्-चित्-आनन्दमय ब्रह्म नै प्रतिपाद्य विषय हो भन्ने निर्देश गरिएकोछ । भागवत भन्ने र सुन्नेको सुदृढ सम्बन्ध त्यसैमा रहेको देखिन्छ । आध्यात्मिकादि तीन ताप विनष्ट गराउनु नै मुख्य प्रयोजन छ । जिज्ञासु, मुमुक्षु र संसार चक्र-भ्रमणभीत व्यक्तिमात्र यसको श्रवण, मनन एवं चिन्तन गर्नका मुख्य अधिकारी हुन् भन्ने कुरा स्पष्टै छ । अन्तमा मुक्ति वा भगवत्प्राप्ति गर्नु अथवा गराँउनु नै मुख्य प्रयोजन हो । यी चारै कुरा अनुबन्ध-चतुष्टय हुन् र यिनको प्रतिपादन आदि-मध्य र अन्त सम्मका ठ-ठाउमा देखिन्छन् । ग्रन्थकारको सुदृढ लक्ष्यको महत्ता यसैबाट परिलक्षित हुन्छ ।

तेस्रो श्लोक "निगमकल्पतरो" इत्यादिले उपदेशगर्भक महत्त्व निर्देश गरेको छ, जस्तो कि - (मेरो पद्यानुवाद)

निगम-रूप-सुरद्रुम-मध्यको फल खस्यो, शुकको मुखमा पस्यो ।
रस सुधामय शेष छ, त्यै अब रसिक हो ! गर पान सके सब ।।

यसरी यो भागवत महापुराणको विषय-वस्तु प्रदर्शनको साथै यसको ब्रह्मरसास्वादनार्थ अधिकारी जनतालाई जागरूक गराई केही सन्तोष प्राप्त भएपछि महर्षि पराशरद्वारा वसुकी सुपुत्री पूर्वजन्मकी सत्यवतीका गर्भबाट दैवेच्छाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नन्दनन्दनानन्दिनी देवी-यमुनाको मध्यभाग (द्वीप) मा जन्मिएका भगवान् - कृष्णद्वैपायन व्यास जसको शरीरको अङ्ग-प्रत्यङ्ग नीलो झलझलाकार थियो, द्वीप (टापू) मा जन्मिएकोले द्वैपायन नाम र वेद चारखण्डमा विभक्त गरेकोले व्यास भन्ने उपनाम रहेको थियो र जो परिपूर्णरूप साक्षात् परमात्माको कलावतार-रूपका मानिन्थे । जसको जन्म वर्तमान चार मध्यका युग द्वापरको अन्तिम समयमा भएको थियो, उत्पन्न हुनु भयो ।

भगवान् व्यासको विचार र सत्कर्माचरण

कुनै दिन ब्राह्ममुहूर्तमा (एकाबिहानै) ठीक सूर्योदयको पवित्र समयमा उनी शान्तिपूर्वक पतित-पावनी देवी सरस्वती-नदीको पावनतम जलराशिमा स्नान सकेर एकान्तको पवित्र स्थानमा बसेका थिए । त्यसबेला महर्षि वेदव्यास भूत-भविष्यको पूर्णज्ञान सम्पन्न भइसकेका थिए । उनको दृष्टि सर्वव्यापक थियो र तीन त्रिलोक एवं चौथे भुवनको काम-कुरो स्थिति-रीति समस्त छर्लङ्ग देख्न सक्तथ्यो । त्यसबेला उनले देखे कि - यस्तो वर्तमान समयको जस्तो समय (काल) को हेरफेर हुंदा-हुँदै प्रत्येक युगमा धर्म-संमिश्रण एवं सांकर्य र त्यसको परिणामगर्भक प्रभावले भौतिक-पदार्थ सम्मको पनि शक्तिह्रास हुँदै रहन्छ, जो स्वाभाविकै पनि छ । तस्मात् संसारका मानववर्ग श्रद्धा-विश्वासहीन हुंदाहुंदै शक्तिविहीन सम्म हुन पुग्नेछन् । अनि त्यस्ताको बुद्धिले पनि स्वतः ठाम छाडि दिनेछ (अर्थात् कर्तव्याकर्तव्यको बोध हुन छोड्नेछ) । यता आयु पनि घट्दै जानु स्वाभाविकै हो । संसारी जनतामात्रको यस्तो दुर्भाग्यमाथि आफ्नो दिव्य-योगदृष्टि गाडेर त्यस्ता महामुनिले अब यस्ताको के गरे हित-भलो हुनेछ ? चारै वर्ण र चारै आश्रमको कल्याण कसरी होला ? भन्ने विषयमा स्वयं उनी धेरैबेर सम्म आफ्नो विशुद्ध हृदयमा विचार-विमर्श गर्दै रहे । वेदले भने जस्तो चारै होता, अध्वर्यु, उद्‌गाता र ब्रह्माद्वारा सम्पन्न गरिने चातुर्होत्र-कर्म संसारी जनताको हृदय विशुद्ध पार्न समर्थ छ, भन्ने सम्झेर यज्ञ-यागादिको प्रचार-प्रसार गर्न उनले यौटै वेदलाई चार भागमा छुट्याई दिए, जसको नाम ऋक्, यजुः साम र अथर्व राखे । तिनमापछि थपुवा इतिहास र पुराण पाँचौं वेद भनिन्छन् । यी मध्यको ऋग्वेदका स्नातक-ऋषि पैल र सामका गायक तथा विद्वान् ऋषि-जैमिनी एवं यजुर्वेदका एकमात्र स्नातक वैशम्पायन भए र अथर्ववेदका तत्त्वज्ञाता दरूणपुत्र सुमन्तु-मुनि र इतिहास पुराणका प्रवीण विद्वान् सर्वप्रथम वैशम्पायन ऋषि नै हुन पुगे । यसरी यी ऋषि मुनिहरूले अ-आफूले पाएको वेदको शाखालाई फेरि अनेकौं रूपबाट विभक्त पार्दै लगे । यसरी उन-उन ऋषिहरूका शिष्य, प्रशिष्य र यिनका पनि शिष्यहरूद्वारा उपरि तथासंस्तुत वेदका अनेकौं रूप-रेखा र शाखा-प्रशाखा हुँदै गए । अलिल कम बुद्धिका व्यक्तिहरू प्रति कृपा गरेर भगवान् व्यासले यसकारणले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद विभक्त गरि दिएका हुन् कि जसको स्मरण-शक्ति कम छ, त्यस्ताले पनि यी वेदको महत्त्व राम्रैसंग बुझेर तदनुसार काम-कुरो गर्न सकुन् ।

तदनन्तर स्त्रीजाति, शूद्रजाति र पतित-द्विजाति यी तिनै वर्गहरूलाई अलिल नजाती मानेर विशेषतः यिनीहरू वेदाध्ययन-श्रवणका निमित्त उपयुक्त अधिकारी छैनन्, भन्ने सम्झेर वेदोक्त धर्म-कर्माचरण आदिमा अनेकौं त्रुटि (भूल)हरू गर्दछन् भन्ने ठानेर, त्यस्ताको पनि कल्याण होस्, भन्ने हेतुले कृपा गरेर महामुनि व्यासले महाभारत-इतिहासको निर्माण गरे । यद्यपि भगवान् व्यास यसरी आफ्नो पूरा बौद्धिक-शक्ति लगाएर जीव-जन्तुमात्रको कल्याणार्थ मरिमेटतै रहेका थिए तापनि उनको हृदयमा चाँहिने जति सन्तोष प्राप्त भएन । यसले गर्दा उनको मन अतिशय खिन्न र उद्विग्न हुँदै गयो । अनि त्यही सरस्वती-नदीको एकान्त प्रदेशको पवित्र-तटमा बसेको-बस्यै धर्मज्ञाता व्यासजी मनमनै विचार गरेर यसरी स्वयंमा गम्न लागे ।

हरे ! मैले निष्कपट-भावले ब्रह्मचर्यादि-व्रतहरूको परिपालन सन्धारण आदि गरें । वेद-गुरूजन र अग्निदेवको यथोचित आदर र सम्मान गरें, उहांहरूको आज्ञा मानें, महाभारत निर्माणको छललले समस्त वेदको अर्थ यथार्थ खोलें, जसबाट स्त्री-शूद्र आदि पनि अ-आफ्नो धर्म-कर्मको राम्रै ज्ञान पांउन सक्छन् । यतातिर म स्वयं ब्रह्मतेजले सम्पन्न र समर्थ छु तापनि मेरो अन्तरात्मा किन हो किन ? अपूर्णकाम (गर्नु पर्ने काममा धोको नपुगेको जस्तो) छ, जस्तो अनुभव भइरहेको छ । हो पक्कै पनि हो ! अहिले सम्म मैले भगवतत्त्व प्राप्त गर्न सकिने धर्महरूको विवरण, वर्णन आदि गरेकै रहनेछु, कहीं-कहीं भए पनि राम्रो संग भएन क्या रे ? जुन धर्म परमहंस-महात्माहरूका लागि अत्यन्त प्रिय छन् ।

भागवतनिर्माणको उपक्रम

भगवान् व्यास यसरी आफैंलाई अपूर्ण सम्झी खिन्न उद्विग्न भइरहेको अवस्थामा त्यही आश्रममा उनको अगाडि देवर्षि-नारद ठ्याक्क उभिइन आइपुगे । यसरी अकस्मात् आफ्नो अगाडि उनलाई उभिएको देख्नासाथ व्यासले ज-याक-जुरूक्कै उठेर देवताहरूले पनि पूज्य देवर्षिको पाद्य अर्घ्य आदि समर्पण पूर्वक यथोचित स्वागत-सन्मान गरे । अब दुबै देवर्षि र ब्रह्मर्षि सुखसाथ अ-आफ्नो आसनमा बसे । अनि दुबैमा कुरा चल्यो ।वीणा हातमा लिनेले आफ्नो अगाडि हात जोडेर बस्नेलाई अलि-अलि मुस्कुराउँदै यसरी भने । के छ ? कस्तो छ ? भन्नुहोस् महान् सौभाग्यशाली व्यासजी । तपांईका शरीरभित्रको आत्मा र मन यी दुबै आफ्नो कर्म र त्यसका परिणामको चिन्तनले सन्तुष्ट छन् के ? साह्रै हर्षको कुरा छ कि, तपाईंको जिज्ञासा राम्रैसंग परिपूर्ण भयो हकि ? तपाँईको महान् रचना महाभारत जसरी परिपूर्ण भयो, त्यो अतिअद्भूत कुरा भयो, जो चारै कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका गति र विधिले भरिभराउ भएकोछ । यता सनातन ब्रह्मतत्त्व पनि तपाईंले राम्रै विचार गरेर त्यसको महत्त्व बोध प्राप्त गरि सक्नु भएकोछ । यति समर्थ भएर पनि तपाँई व्यासजी ! स्वयं आफैंलाई अकृतार्थ (गर्नुपर्ने काम-कुरा नगर्ने) पुरूषले गर्ने जस्तो आफ्नै विषयमा फेरि किन यस्तो चिन्ता गरिरहनु भएको हो ? कारण के प-यो ?

ब्रह्मर्षि-ब्यासको जिज्ञासा

यसरी देवर्षिले सोधेपछि महर्षिले भने- ठीक हो देवर्षि ! तपाँईले भने जस्तो यी सारा कुराहरू सत्य भए तापनि किन हो किन ? मेरो हृदय सन्तुष्ट छैन । मलाई पत्तो पनि छैन कि, किन यस्तो भएको हो र केले भएको हो ? तपाँईको ज्ञान अगाध र अथाह छ । फेरि तपाँई साक्षात् ब्रह्माजीकै मानसपुत्र हुनुहुन्छ। यिनै कारणले पनि बरू म तपाँईसँग नै सोद्धछु कि, यसको कारण के हो ? तपाँई सारा गुप्त राखिने काम-कुराको पनि रहस्य जान्नु हुन्छ । यो जान्नाको हेतु म यै भेट्छु कि - तपाँईले उनै पुराण-पुरूष परमात्माको उपासना आदि गर्नु भएकोछ, जो विशेषतः प्रकृति-पुरूष दुबैको स्वामी छ र यी दुबैको संसर्गमा न आइकन पनि, पृथक् रहेर पनि आफ्नो संकल्पमात्रले मायानुगत सत्व, रजः र तमः यी तीन गुणहरू द्वारा संसारको सृष्टि, स्थिति र प्रलय आदि गरिरहन्छ । यता फेरि देवर्षिजी ! तपाँई ठीक सूर्य जस्तै भएर तीनत्रिलोक चौधैभुवन घुमिरहनु हुन्छ । उता आफ्नो योगको शक्तिले प्राणवायु जस्तै भएर प्राणीमात्रको भित्री भागमा रहेर उनका अन्तःकरणको साक्षी पनि बन्न सक्नु हुन्छ । यस स्थितिमा योगानुष्ठान र नियम-पालनादि द्वारा परब्रह्म र शब्दब्रह्म दुबैको पूर्णता प्राप्ति गरिसके पछि पनि ममा जो जति कुराको न्यूनता रह्यो ? अब त्यै मलाई कृपापूर्वक यथार्थ भनि दिनुहोस् त ।

यसरी महर्षिले सोधेपछि देवर्षिले भने व्यासजी ! साँच्चै भनुं भने, तपाँईले भगवान्को निर्मल-यशको गायन विशेष गरेर गर्दै गर्नु भएको छैन । सुन्नुहोस्, मेरो यस्तो बलियो धारणा (सद्विचार) भइसकेकोछ कि जुन काम-कुराबाट भगवान् संतुष्ट हुँदैनन् त्यो शास्त्र अथवा ज्ञान बिलकुलै अधकल्चरो (अपुरो) हुनेछ । यता तपाँईले पुरूषार्थ-चतुष्टय (धर्म अर्थ काम र मोक्ष) को जस्तो राम्रो निरूपण गर्नु भएकोछ, त्यस्तो भगवान् वासुदेव (श्री कृष्ण) को महिमाको वर्णन पूर्वकको निरूपण गर्ने भएको छैन । सुन्नुहोस् ! जुन वाक्धाराले चाहे त्यो रसभाव अलंकारादिले सर्वतः सुशोभितै भएको किन नहोस्, सारा जगतैलाई पवित्रातिपवित्र बनांउन सक्ने भगवान् श्रीकृष्णका पावन कीर्ति एवं लीलाको गायन गर्दैन अथवा हुँदैन भने त्यसद्वारा निरूपित स्थान त केवल ध्वांक्षतीर्थ (कौवाहरूलाई बलि दिने ठांउ, रछ्यान) समान अपवित्र मानिन्छ । मानसरोवरको कमनीय कमलवनमा निरन्तर विहार गरिरहने राजहंसहरू जस्ता भगवान्का श्रीचरण-कमलको आश्रय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर बस्ने परमहंस-महात्माहरू कहिल्यै त्यस्तामा रमण गर्न मन पराउँदैनन्, र यसको विपरीत बरू सुन्दर-रचना नहोस् शब्द-विन्यास पनि दूषितै होस्, तर जसको प्रत्येक-पद भगवान्‌को सत्कीर्तिप्रदर्शन-सूचक नाम र गुणहरूले युक्त छन्, तिनै वाक्धाराहरू सारा जगत्‌को पाप-ताप नाश गरिदिन्छन् । किन कसरी ? भने व्यासजी ! सदाशय महापुरुषहरू त्यस्तै वाक्धारा सुन्न मन पराउँछन् र तिनैको गायन-कीर्तन आदि गर्दछन् । त्यस्तो निर्मल-ज्ञान पनि भगवद्भक्ति-विहीन भयो भने त्यस्तो सुशोभित हुनै सक्तैन । यस्तो स्थितिमा फेरि साधन र सिद्धि दुबैका अवस्थामा जो अभङ्गरूप-मात्र छ त्यो काम्य-कर्म र जो भगवदर्पण गरिएको छैन त्यस्तो सहैतुक निष्काम-कर्मै भएपनि कसरी सुशोभित हुन सक्ला र ?

देवर्षिद्वारा ब्रह्मर्षिलाई सत्य-तथ्यको निर्देश

महान् सौभाग्यशाली व्यासजी ! तपाईंको दृष्टि साह्रै दूरगामी र निष्कलंक छ। सत्कीर्ति पनि फैलिएकै छ । फेरि तपाईं सत्यमामात्र अड्ने हुनुहुन्छ । तस्मात् म भन्दछु कि, अब तपाईं सारा संसारी जीवहरूलाई समस्त भव-बन्धन बाट मुक्त गराईं दिन सर्वप्रथम समाधि चढाईं हाल्नोस् र त्यसैबाट प्राप्त हुने सद्वस्तुका विचारको माध्यमले अचिन्त्यशक्तिशाली भगवान्‌का लीलाहरूको स्मरण गर्नुहोस् । कुरा बुझ्नु होस् है, जो मनुष्य भगवान्‌का लीलाहरूलाई छोडेर अरू कुनै विषयादिका बारेमा केही भन्न अथवा लेख्न लाग्दछ भने त्यसको त्यो भन्ने लेख्ने इच्छाले नै रचिएका अनेकौं नाम र रूपका रचनामा त्यसलाई फसाउँछ, अर्थात् त्यसको बुद्धि भेद-भावले परिपूर्ण हुन्छ र त्यसैतिर लाग्दै जान्छ । जस्तो हावाको झोक्काले ढलपल भएको डुङ्गालाई कहीँ टिक्ने ठाउँ मिल्दैन, ठीक त्यस्तै, त्यस्ताको चञ्चल-बुद्धि क्यै गरेपनि स्थिर हुँदैन । यता संसारी जन स्वभावले नै विषयमा फँसिरहेका छन् । त्यसमाथि तपाईंले धर्मको बाटो देखाउने भएर निन्दित (पशुहिंसायुक्त) सकाम-कर्म गर्ने तरिको पो आज्ञा दिनु भएकोछ । यो साह्रै विपरीत कुरो भयो । किन, कसरी ? भन्नु हुन्छ भने ? अज्ञानी (मूर्ख) जनहरू तपाईंका त्यस्ता कुरालाई अघि तेर्स्याएर, तपाईंलाई नै प्रमाण मानेर, माथि भनेको जस्तो निन्दित कर्मलाई नै यही मुख्य-धर्म हो भन्ने ठानेर त्यस्ता धर्म-कर्मलाई वर्जित (निषेध) गर्ने शास्त्रीय-वाक्यहरू पट्टि ध्यानै नदिई, तत्त्व विचारै नगरी अगाडि बढ्दै जानेछन् ।

सुन्नुहोस् व्यासजी ! भगवान् पार पाइ नसक्नु छन् । तपाईं स्वयं विद्वान् भएकोले यो कुरा जानेकै हुनुहुन्छ । कुनै-कुनै विवेकी विचारवान् र ज्ञानी पुरुषमात्र सांसारिक विषय वासनाबाट निवृत्त (विमुख) भएर त्यस परमात्मतत्त्वको स्वरूपभूत परमानन्दको अनुभव गर्दछन् । यसकारण जो मनुष्य परमार्थ-बुद्धिले रहित छन् र मायाका गुणहरूबाट संसारमा नचाइएका छन्, त्यस्ता व्यक्तिहरूको आत्यन्तिक - कल्याणका निमित्त पनि अब तपाईं भगवान्‌का लीलाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वसाधारणका हितको दृष्टिले वर्णन गर्नुहोस् । जो मनुष्य आफ्नो धर्म-त्याग गरेर भगवान्का श्री चरणकमलको भजन-सेवन आदि गर्दछ, त्यसको त्यो भजन-सेवन गराई परिपक्क भइसके पछि हुने कुरा त परै जाओस्, यदि बीचमै छुट्यो भने पनि भन्नुहोस् त त्यसको कहीं कुनै प्रकारको अमङ्गल हुन सक्ला र ? अथवा जो भगवान्को भजन गर्दैनन् तर केवल स्वधर्मको परिपालना गर्दछन् भने त्यस्ताले के पो पाइहाल्लान् र ? तस्मात् बुद्धिमान् मनुष्यले निरन्तर त्यै तत्त्वलाई पाउने प्रयत्न गरिरहनु पर्दछ, जुन तत्त्व ब्रह्मादेखि लिएर कीट-पतङ्ग पर्यन्तका प्राणीहरूका ठूला साना योनि (जुनी) हरूमा अ-आफ्नो कर्मका फलस्वरूप जन्मद्दा र मर्दा पनि स्वयं प्राप्त हुँने सक्तैन । संसारका जति पनि विषयहरूका सुख छन् ती त विना चेष्टाकै प्राप्त हुन्छन्, जस्तो अकस्मात् दुःखादि आइलाग्छन् त्यस्तै आकस्मिक क्षणिक सुखदायी छन् । सुख-दुःखादिका विषयहरू सर्वत्र सबैलाई अ-आफ्नो कर्मका फलरूपमा अचिन्त्यगति भएको कालात्मा प्रभुको नियम-संयमको प्रवाहले प्राप्त भइरहन्छन् ।

व्यासजी ! जो भगवान्का चरणाविन्दको सेवक छ त्यो भजन-सेवन न गर्ने, कर्ममामात्र संलग्न रहने मनुष्यको सदृश दैववश कहिलेकहीं खराब व्यवहारी हुन गइहाल्यो भने पनि जन्म-मृत्युको भ्रमण-चक्रमा पर्दैपर्दैन । किन कि ? त्यसले एकपटक भगवान्को श्रीचरणाविन्दको जो समालिङ्गन पाइसकेकोछ, त्यसैलाई सँझेर त्यसबेला पनि छोड्न चाहँदैन र त्यसैको रसास्वादनमा लुटपुटिइ रहन्छ । जसबाट यो जगत्को उत्पत्ति-स्थिति र प्रलय हुन्छन्, तिनै भगवान् यो विश्वकै रूपमा पनि छन् । यस्तो छ तापनि यस संसारैदेखि पृथक् विलक्षण छन् । यो कुरा तपाईं स्वयं जान्ने हुनुहुन्छ तापनि यत्तिमात्र मैले तपाईंलाई संकेत सम्म गरिदिएको हूँ । व्यासजी ! तपाईंको दृष्टि अचूक छ र सबै कुरा देख्न सक्तछ । तस्मात् तपाईं स्वयं पक्कै जान्नुहोस् र मान्नुहोस् कि "म खास पुरूषोत्तम भगवान्को कलावतार हूँ र म स्वयं अजन्मा भएर पनि जगत्को कल्याण गर्न जन्म लिएर आएको हूँ" । यी सब खण्ड-खाद्यले अब तपाईं विशेषरूपले भगवान्का लीला-कथाको वर्णन कीर्तन गर्न थाल्नुहोस् । विद्वान्हरूले यै कुराको निर्णय गरेका छन् कि, मनुष्यको तपस्या, वेदाध्ययन, यज्ञानुष्ठान, स्वाध्याय, ज्ञान तथा दान आदिको एकमात्र प्रयोजन यही हो कि पुण्यकीर्तिशाली भगवान् श्रीकृष्णका गुण एवं लीलाहरूको वर्णन गर्नु ।

देवर्षिको पूर्वजन्म-वर्णन

मुनिराज व्यासजी ! सुन्नुहोस्, वितेका कल्प (सृष्टि)मा म आफ्नो पूर्वजन्ममा वेदवादी-ब्राह्मणदेवकी यौटी दासीको पुत्र थिएं । त्यै ताक-योगी-महात्माहरू वर्षा-ऋतुमा चातुर्मास्य-नियम पूरा गर्ने हेतुले त्यहीं बस्न पाल्नुभयो । केटाकेटीकै अवस्थाको भएता पनि उहांहरूको आवश्यक काम गर्न सक्छ भनेर ब्राह्मणदेवले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई खटाइ दिएका थिए । म त्यसबेला सानै केटो थिएँ ता पनि ममा त्यस्तो कुनै चञ्चलता थिएन । इन्द्रियको वेग रोक्न सक्थें । खेलकूद गर्न मन लाग्दैन थियो । उहाँहरूको आज्ञा जस्तै गर्नु पर्ने काम कुरो गर्दथें । म बोल्न पनि धेरै बोल्दैन थिएं । मेरो यस्तो बानी-बेहोरा देखेर ती समदर्शी-महात्माहरूले त्यस्तो दासीपुत्र म सेवक-बालकमा साह्रै ठूलो अनुग्रह गर्नुभयो । उहांहरूको खा ! खा ! भन्ने आज्ञा पाएर उहांहरूले खाएको भांडा-कुंडामा बचेको उहांहरूको उच्छिष्ट (जूठो-पूरा) म दिनमा एकपटक मात्र खाने गर्थें । यसले गर्दा मेरो सारा पाप विनष्ट भएछ । यसरी उहांहरूको सेवा गर्दा-गर्दै मेरो अन्तरात्मा शुद्ध भएछ । उहांहरू जसरी भगवदर्चना एवं भजन-कीर्तन आदि गर्नुहुन्थ्यो त्यै ठीक, त्यसै गर्नमा मेरो रूचि पनि बढ्दै गयो ।

वहां संधै माधव-कृष्णका कथा भन्नेहरूबाट सुनें भई दया ।
समस्त श्रद्धामय भै सुने पछि उनै परात्मातिर बढ्नगो रूचि ।।

मुनिराज व्यासजी ! यसरी जब भगवान्मा मेरो रूचि (श्रद्धा) बढ्दै गयो, तब उनै सुमनोहर कीर्तिशाली परात्मा-प्रभुमा मेरो बुद्धि पनि स्थिर हुँदैआयो । यता त्यही बुद्धिद्वारा यो सत् र असत्‌रूप सम्पूर्ण ब्रह्माण्डलाई उनै प्रभुले आफ्नो परब्रह्मस्वरूप आत्मामा केवल मायाले मात्र कल्पित गरेका रहेछन्, भन्नेमात्र देख्न थालें । यसरी शरद् र वर्षा यी दुवै ऋतुका चार महिनाभरी प्रातः, मध्यान्ह र सायंकालका तिनै समय ती महात्मा-मुनिहरूले भगवान् श्रीकृष्णको पवित्र यशको कीर्तन गरे । म चाहिं उहांहरूको श्रीमुखबाट निस्केका सबै कुरा सुन्दै-गुन्दै गएं । यसले चित्तको रजोगुण र तमोगुणका विकार निमिट्यान्न पारिदिने सुदृढ भक्ति मेरो हृदयमा स्वतः आविर्भूत हुँदैआयो । पछि ज्यादै आश्चर्यको कुरा के भयो कि ? महर्षि ! म उहांहरूको अत्यन्त अनुरागी थिएं, विनयी थिएं र उहांहरूको सक्तो सेवा गरेको प्रभावले मेरा सबै प्रकारका पाप-ताप आदि नाश भएछन् । यता मेरो हृदयमा श्रद्धा थियो, इन्द्रियमा संयम ! शरीर-वाणी र मनले म उहांहरूको साह्रै आज्ञापालक थिएं । अन्तमा त्यस्ता मजस्ता दीन-दुःखी माथि कृपा गर्ने महात्माहरू त्यस ठांउबाट अन्यत्र जान लाग्दा नलाग्दै म माथि कृपा गरेर त्यही अत्यन्त गुह्य-ज्ञानको उपदेश मलाई दिनुभयो, जसको सदुपदेश साक्षात् भगवान्ले आफ्नै श्रीमुखले गरि बक्सिएको थियो । त्यही उपदेशको प्रभावले नै जगद्-ब्रह्माण्डका रचयिता उनै परमात्मा-श्रीकृष्ण प्रभुको मायाको प्रभाव "ए ! त्यो यस्तो रहेछ" भन्ने मैले पनि राम्रोसंग जान्न-बुझ्न सकें, जसलाई जानी सकेपछि, त्यस प्रभुको परमपद प्राप्त हुन्छ ।

ए सत्य-संकल्प भएका व्यासजी ! पुरूषोत्तम भगवान् श्रीकृष्णको श्रीचरणारविन्दमा आफ्ना सम्पूर्ण काम-कुरा समर्पण गरिदिनु नै संसारका तिनै तापबाट मुक्ति पाइने औषधि हो । यो मुख्य कुरो मैले तपाईंलाई भनिदिएं । सुन्नुहोस् त ! जगत्का जीवहरूलाई जुन पदार्थ वा वस्तुको सेवन गर्दा जो जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोग लाग्दछ, त्यही पदार्थ अथवा वस्तु आयुर्वेदको चिकित्सा-व्यवस्था अनुसार प्रयोग ग-यो भने भन्नुहोस् त ? के त्यो रोग माशिन्न र ? ठीक यस्तै प्रकार यद्यपि समस्त कर्महरू मनुष्यहरूलाई जन्म-मृत्यु संसार-चक्रमा घुमाइ रहने छन् तापनि जब ती सबै भगवान्लाई नै समर्पित गरिइन्छन् भने त्यस्ता कर्मको त्यो कर्मत्व (कर्मपन) नै छुट्तछ । यो मर्त्यलोकमा मनुष्यद्वारा जो शास्त्रविहित सत्कर्म भगवान्कै प्रसन्नताको निमित्त गरिइन्छन्, तिनैबाट गर्नेलाई पराभक्तियुक्त-ज्ञान प्राप्त हुन्छ । त्यो भगवान्को प्रसन्नताको निमित्त गरिएको कार्मिक-मार्गमा भगवान्को आज्ञानुसारका आचरण, व्यवहार आदि गर्दा-गर्दै त्यस्ता पुरूषहरू निरन्तर भगवान् श्रीकृष्णका सद्‌गुण-गायनको साथ-साथै पवित्रातिपवित्र नामको कीर्तन र उहाँकै स्मरण आदि गर्दछन् । उनीहरू यसो भन्दछन् - हे प्रभो ! हजूरै वासुदेव हुनुहुन्छ । तस्मात् हजूरलाई यो हाम्रो नमस्कार छ । हामी हजूरकै ध्यान गर्दछौं । प्रद्युम्न, अनिरूद्ध र संकर्षण प्रभुलाई पनि नमस्कार छ । यसरी जो पुरूष चतुर्व्यूहरूपी भगवन्मूर्तिको नामद्वारा प्राकृतमूर्ति-रहित, अप्राकृत-मन्त्र नै मूर्ति भएका भगवान्-यज्ञपुरूषको पूजन-यजन गर्दछ, व्यासजी ! त्यसै पुरूषको ज्ञान परिपूर्ण हो र यथार्थ तथ्यमय हो ।

सुन्नुहोस् ब्रह्मर्षि ! जब मैले यसरी भगवान्द्वारा शास्त्रकथित शुभाज्ञा राम्रोसंग परिपालन गरें, तब यै कुरा अवगत भएर जगदीश्वर श्रीकृष्ण-प्रभुले मलाई त्यो आफ्नो आत्मज्ञान, ऐश्वर्य र आफ्नो भावरूप-पराभक्ति पनि दानरूपमा बक्सियो । पराशर ऋषिका सुपुत्र व्यासजी ! तपाँईको ज्ञान साह्रै प्रशंसनीय र उत्तम छ, अब तपाँई त्यही ज्ञानको माध्यमले भगवान्का सत्कीर्तिको एवं उनै प्रभुको स्नेहवात्सल्यपरक भक्तिपरिपूर्ण लीलाको राम्रोसंग वर्णन गर्नुहोस् । यसैले संसारभरका ठूला-ठूला ज्ञानी-ध्यानी- महात्माहरूको पनि यस विषयको जिज्ञासा (जान्ने इच्छा) परिपूर्ण हुनेछ । संसारी जनगण जो विशेष गरेर सांसारिक दुःख-संकष्टद्वारा निरन्तर पीडित भइरहेका छन्, तिनको त्यो दुःख-संकष्ट आदि केवल यसै गर्नाले मात्र शान्त हुनसक्छ । अँहं ! म त यसको अतिरिक्त अरू कुनै उपाय देख्तिन ।

देवर्षि नारदको श्रीमुखबाट यस्ता कुरा सुनेपछि ब्रह्मर्षि-व्यासले उहाँसंग उत्सुकतावश यसरी सोधे । नारदजी ! अब तपाँई आफ्नो दासीपुत्रका शेष-जीवनको अगाडिको कुरो भन्नुहोस् त ? त्यसरी तपाँईलाई सदुपदेश दिएर महात्माहरू गए पछि तपाँईले के के गर्नुभयो ? तब देवर्षिले आफ्नो पूर्व-जीवनको महत्त्वपूर्ण घटना यसरी भने । हुन्छ, सुन्नुहोस् महर्षि ! उहाँहरू गए पछि मैले यसो गरें । त्यसबेला मेरो उमेर केवल पाँचवर्षको थियो । यता मेरी आमा ममाथि अतिशय स्नेह (माया) गर्थिन् । म पनि निकै दिन त्यसैमा अल्झिरहें । के गर्नु र ? मानिसले चिताएको जस्तो हुँदो रहेनछ, गर्ने गराउने अर्कै रहेछ । एकदिन साँझपख मेरी आमा गाई दुहुन गोठतिर जाँदा उनको खुट्टाले यौटा कालो सर्पलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुन पुगेछ र त्यसैबेला त्यसले खुट्टामै दाँत गाडि दिएछ । मेरी आमा त्यहीँ क्षणमै मरिछन् । त्यो कुरा थाह पाए पछि मलाई त्यस्तो पीर लागेन । उल्टो ममाथि भगवान्को कृपा भयो भन्ने ठानेर म त्यहाँबाट सोझै उत्तरै-उत्तर ताकि अगाडि बढ्दै गएँ । अन्तमा अनकन्टारको वनमा पुगें । त्यहाँ पिपलको विशाल वृक्ष रहेछ र त्यहीँ त्यसकै नजिकका नदी-नालामा गएर नुहाएँ र केही पानी पिएँ । त्यसपछि त्यही पिपलको फेदमा थचक्क बसेर ती मुनि-महात्माहरूबाट सुने-गुने जस्तै आफ्नो हृदयमा रहने उनै परमात्माको त्यही स्वरूपको ध्यान मनलाई टक्कै रोकी निरन्तर गर्दैगएँ । यसरी ध्यान गर्दै जाँदा भगवत्प्राप्तिको उत्कट लालसाले मेरो आँखा आँसुले भरिभराउ भए र हृदयमा विस्तार-विस्तार भगवान्को स्वरूप आविर्भूत हुँदैगयो । व्यासजी ! त्यसबेला प्रेम-भावनाको अतिशय वृद्धिले मेरो सर्वाङ्गको एकेक रोम (रौंउ) पुलकित हुँदै गए र हृदय गद्‌गद र शान्त तथा शीतल हुँदै गयो । यस्तो परमानन्द-सागरमा म यसरी डुबेंछु कि, मलाई आफ्नो ध्यान, ध्याता र ध्येयको कत्ति आभासै भएन छ र यसरी ध्याता-ध्यान र ध्येयको ऐक्य भयो । भगवान्को त्यस्तो अनिर्वचनीय-रूप समस्त सांसारिक शोक-मोहादि विनष्ट पारिदिने र अन्तरात्मालाई अत्यन्त आल्हाद दिन सक्ने थियो । परन्तु केही क्षण पछि त्यो त्यहीँ बिलायो । म साह्रै खिन्न भएँ र ज-याक-जुरूक्कै आसनै बाट उठेंछु ।

त्यसपछि म झल्यांस्स भएर फेरि त्यही रूप हेर्ने प्रयत्न गर्न लागें । परन्तु मेरो चेष्टा विफलै भयो । म अत्यन्त अतृप्त भएर केहीबेर निक्कै नै आतुर भइरहें । यसरी त्यो अनकन्टारको निर्जन वनमा त्यस्तो प्रयत्न गरिरहेको देखेर स्वयं करूणानिधान प्रभुले जो वाणीका विषय हुँदैछैनन्, मलाई उद्देश्य गरेर बडो मीठो र गम्भीर-स्वरमा मेरो त्यस्तो शोक पन्छाई दिंदै आकाशवाणीको रूपमा यसरी आज्ञा भयो । ए, पाप-ताप विनष्ट भइसकेको बालक ! हन्त ! महान् दुःखको कुरा छ कि, तेरो हृदयमा मलाई प्राप्त गर्ने, खोज्ने लालसा (तीव्र इच्छा) बढि रहोस् भनेर नै मैले एकपटक तँलाई आफ्नो स्वरूप देखाइदिएको सम्म हुँ । मलाई प्राप्त गर्ने आकांक्षाले सुसम्पन्न भएका साधकहरू क्रमशः आफ्ना हृदयका सम्पूर्ण सांसारिक-वासना पूर्णरूपले त्याग गरिदिन्छन् । तँ त्यस्तो भइ सकेको छैनस् । थोरै दिन भए पनि सन्त-महात्माहरूको सेवाले तेरो चित्तवृत्ति ममा लाग्यो र स्थिर भयो । अब तँ यो प्राकृत मन-शरीर छोडेर मेरो पार्षद हुनेछस् । मलाई प्राप्त गर्ने यो तेरो सुदृढ निश्चय कहिल्यै, कुनै रंग-ढंगले पनि छुट्ने छैन र सारा विश्व-ब्रह्माण्डको प्रलयावस्थामा पनि मेरो कृपाले यी सारा कुराको स्मृति (सम्झना) तँमा अविचलरूपले रहिरहनेछ । इत्यादि

व्यासजी ! आकाश जस्ता सर्वव्यापक र अव्यक्तरूपका सर्वशक्ति-सम्पन्न परब्रह्म-परमात्मा यत्ति भनेर चूप लागे । यता त्यस्ता प्रभुको यस्तो ममाथि भएको कृपा अनुभव गरेर मैले सर्वश्रेष्ठ त्यो परम-पुरूषलाई शिर झुकाएर प्रणाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टक्र्याएँ । त्यै बेलादेखि म लाज-संकोच आदिका कुरा पन्छाएर भगवान्को अत्यन्त रहस्यमय मङ्गलकारी सुमधुर नाम तथा लीलाहरूको संकीर्तन र स्मरण गर्न लागें । स्पृहा (चाहना) र मद-मत्सर आदि मेरो हृदयबाट पहिल्यै छुटि सकेका थिए । तस्मात् अनि म आनन्दपूर्वक कालको प्रतीक्षा गर्दै पृथ्वीभरी घुम्न लागें ।

भगवान् नारदको देवर्षित्व प्राप्ति

महर्षि व्यासजी ! यसरी भगवान्को कृपाले मेरो हृदय शुद्ध भयो । सांसारिक-आसक्ति निमिट्यान्न भयो र भगवान् श्रीकृष्ण पट्टि निरन्तर ढल्किइँदै गयो । यस्तैमा केही समय पछि जसरी अकस्मात् चट्यांङ् बज्रन्छ त्यै ठीक मेरो मृत्यु आयो । मलाई विशुद्ध भगवत्पार्षद हुने अवसर आउँदा आफ्नो प्रारब्धकर्म समाप्त भै सकेको थियो र मेरो पाञ्चभौतिक-शरीर विनष्ट भयो । सृष्टिको अन्तमा जुनबेला भगवान् नारायण एकार्णव (प्रलयकालीन समुद्र) को जलमा शयन गर्दछन्, त्यसबेला उनैको पेटभित्र सुत्ने इच्छाले यो आफूले रचेको सारा सृष्टि-प्रपञ्च आफैंमा समेट-सामट पारेर जब ब्रह्माजी त्यसैभित्र पस्न लागे, ठीक यसैबेला उनैको श्वासको साथ म पनि उनकै हृदयभित्र पसें । एक हज्जार चतुर्युगी बितिसके पछि जब ब्रह्माजी त्यहाँबाट निस्किए र पूर्व-सृष्टिक्रमको जस्तो सृष्टि रचना गर्ने इच्छा गरे, तब उनका इन्द्रियहरूबाट मरीचि आदि ऋषिहरूकै साथ म पनि प्रकट भएं । त्यसै समय देखि म भगवान्का कृपाले वैकुण्ठादि दिव्यलोकमा र तीनलोक चौधभुवनको भित्र-बाहिर पनि बेरोकटोक घुमिरहन्छु । यसरी मेरो जीवनको नियम, उपनियम, व्रत, भजन, कीर्तनादि निरन्तर अखण्डरूपले चलिरहेकोछ । भगवान् वासुदेवद्वारा प्रदत्त यो स्वर-ब्रह्म विभूषित वीणामा लय मिलेको नारायण ! नारायण ! यो शब्दको तान छोडेर त्यसैको गान गर्दैं सारा संसारै घुम्दछु । जब म महाप्रभुका लीलाहरूको गान गर्न थाल्दछु त्यसबेला परात्मा-प्रभु जसको श्री चरणारविन्द सारा तीर्थ निस्कने ठाँउ हो र जसको सत्कीर्ति गाँउनु मलाई साह्रै प्यारो लाग्दछ, बोलाएको जस्तै ट्याक्कै मेरो हृदयमा आएर दर्शन दिन्छन् । जुन मनुष्यहरूको चित्त विषय भोगादिको कामनाले आतुर (विह्वल) भइरहेकोछ । त्यस्ताको निमित्त भगवान्का लीलाहरूको कीर्तन-स्मरण यो भवसागर बाट पार पुगिने जहाजै हो । यो मेरो आफ्नै अनुभव हो र काम-लोभादिको असह्य प्रहारले छिया-छिया भइसकेको हृदय भगवान् कृष्णको सेवनले जस्तो प्रत्यक्ष-शान्ति अनुभव गर्दछ त्यस्तो योग-नियम आदि योगमार्गादिले प्राप्त गर्न सक्तैन ।

व्यासजी ! तपाईं क्लेश कल्मष-आदि छुटेकोले स्वयं निर्मल हुनुहुन्छ । तपाईंले जो जति कुरा मलाई सोध्नु भएको थियो, त्यो सबै कुरा र मेरो आफ्नो जन्म एवं उपर्युक्त साधनाको रहस्य तथा आत्म-संतुष्टिको अत्युत्तम उपाय पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले तपाईंलाई यथार्थरूपले भनें । अब म जान्छु, यत्ति भनेर देवर्षिले ब्रह्मर्षिसंग जाने अनुमति लिएर वीणामा स्वर-ब्रह्मको तानमा परब्रह्मका नामको गान गर्दै-गर्दै स्वच्छन्द विचरण गर्न एकातिर लागे ।

कृष्ण-द्वैपायनद्वारा भागवतको पुनः संशोधन र घर-गृहस्थी

यसरी व्यासलाई मार्गदर्शन गराएर देवर्षि नारद पाल्नु भयो । यता सरस्वती-नदीको पावनतटमा ऋषि-मुनिहरूको अनेकौं रूपका यज्ञ-यागादि भइरहने शम्याप्रास नामको विशाल आश्रमकुञ्ज थियो । त्यसैको एक भागमा आफ्नो पनि कुटी बनाई महर्षि व्यास बसेका थिए । यसको वरिपरि बयरै-बयरको झाडी थियो । अब देवर्षिलाई विदा गरेपछि व्यास फर्किएर त्यही आफ्नो आसनमा थुचुक्क बसे । त्यसपछि जलाचमन गरे ।स्वयं संयत (स्थिरचित्त) भए । यसैबेला उनलाई समाधि चढ्यो । विशुद्ध भक्तियोगले मनलाई पूर्णरूपले एकाग्र र निर्मल बनाउँदा-नबनाउँदै आदिपुरुष परमात्मालाई र उनलाई आधार पाएर टिकेकी, उनैको आश्रय लिएकी त्रिगुणात्मिका मायालाई त्यहीबेला राम्रोसंग छर्लङ्गिने गरी, देखे । यही मायाद्वारा मोहित भएको यो जीवात्मा स्वयं परमात्मा जस्तै भएर पनि त्यसका तीनै गुण (सत्व रज तम) बाट स्वयं अतीत (परको, नाघेको) हुँदा-हुँदै पनि आफैंलाई त्रिगुणात्मक मान्दछ र यो मनाई-ठनाईबाट हुने अनेकौं अनर्थ, सांसारिक उपद्रवहरू, बेहोरी रहन्छ । यही अनर्थको, उपशम (शान्ति) गर्नु नै सर्वोच्च साधन हो केवल भगवान् प्रतिको भक्तियोग । परन्तु यो कुरा संसारका सर्वसाधारण जनताले कसरी बुझ्ने ? जब कि ? उनलाई यो कुराको राम्रो ज्ञानै छैन ।

यही कुरा सम्झेर महर्षि व्यासदेवले परमहंस-संहिता श्रीमद्भागवतको संरचना गर्नु भयो, नवीकरण गर्नु भयो, जसको श्रवणमात्रले परमपुरुष भगवान् श्रीकृष्ण प्रति पराप्रेममयी-भक्ति प्राप्त हुन्छे । जसले साह्रै चाँडो जीवात्माको अन्तःकरणमा संस्थित शोक, मोह र भय आदि विनष्ट हुन्छन् । यस्तो यो पावनतम ग्रन्थ श्रीमद्भागवत महापुराणको आवश्यक ठाउँ-ठाउँमा पुनरावृत्ति साथै संशोधन-क्रिया पूर्ण पार्नु भयो, अर्थात् परिपूर्णरूपले यो पारमहंस्यसंहिता भनिने श्रीमद्भागवत सुसम्पन्न पार्नु भयो ।

व्यासको घर-गृहस्थी

तदनन्तर व्यासदेवले आफ्नो घर-गृहस्थी बसाल्ने विचार गर्नु भयो र त्यसताकका ऋषि-जाबालकी वाटिका-नामकी सुपुत्री संग विवाह गर्नु भयो । पछि उनैका गर्भबाट शुक-नामक पुत्रको उत्पत्ति भयो । हेर्नुहोस् स्कन्दपुराण नागर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड, अ. १४७ । शुक जन्मदै देखि पूर्णज्ञानी थिए । शरीर पनि बलिष्ठ र पूर्ण यौवननिष्ठ थियो । बौद्धिक-दृष्टिले उनी आध्यात्मिकता-सम्पन्न थिए । तस्मात् सशरीरै स्वर्गतिर लागे । यस्तो चाल-चलन देखेर व्यासजी साह्रै खिन्न हुनु भयो र उनलाई फर्काउने विचारले बोलाउनु भयो-"यं प्रव्रजन्तमनुपेतमपेतकृत्यम्"इत्यादि (भागवत १.२.२ श्लोक) परन्तु उनी फर्केनन्, उतैतिर लागे । पछि साह्रै खिन्न भएका व्यासलाई भगवान् शंकर प्रकट भएर "भैगो पीर नमान व्यास ! तिमीलाई शुकको छाया (प्रतिविम्ब) सर्वत्र देखा पर्नेछ" । इत्यादि आज्ञा हुँदा व्यास शान्त भए । त्यसैले शुकदेवको बारेमा 'छायाशुक' भन्ने गरेको पनि देखिन्छ । (हेर्नुहोस् महाभारत शान्तिपर्व अ. ३४१) अन्तमा यै भागवतको अध्ययन आफ्ना पिता-व्यासदेव बाट शुकदेवले गरे । यता आफ्नी आमा सत्यवतीको नियोगगर्भक शुभाज्ञा पाएर आफ्नी भाई-बुहारी विचित्रवीर्यकी पत्नीहरूका गर्भबाट व्यासले धृतराष्ट्र, पाण्डु र दासीबाट विदुरको उत्पत्ति गराए । यो अत्यन्त प्रासङ्गिक कुरा छ । प्रिय पाठकहरूले सँभि राखे पछिसम्म काम दिन्छ ।

श्रीमद्भागवत अष्टादश महापुराण भित्रैको हो

●

यहाँ माथि वर्णित वाक्यहरूलाई लक्ष्य गरेर शंका-उपशंका उठ्न सक्नु स्वाभाविकै हुन आउँछ कि, महापुराणहरूको माथि देखाइएको संख्या र स्वरूपमा श्रीमद्भागवतको नाम आइ सकेकैछ भने फेरि यो पारमहंस्यसंहितायामित्यादि विशेषण-विभूषित अर्को त्यस्तो भागवत खोइ त ? देवीभागवत ? १.३ मा यौटै श्लोक देखिन्छ । "मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्ठयम् । ना. लिं. पाग्निपुराणानि कू. स्कं. गारूडमेव च ।। यत्रो प्रमाणित ग्रन्थमा त्यसको नामै उल्लेख छैन । तस्मात् त्यो यी पुराण भित्र पर्दैन । के हो ? इत्यादि कुरा अक्षरशः सत्य हो ! भनेको देखिन्छ-अष्टादश पुराणानां कर्ता सत्यवतीसुतः । यो वाक्य पनि माथिको शंकामा अर्को पुठ दिँदैछ । परन्तु विचार गर्ने मुख्य ठाम यहीं छ - भगवान् व्यासले आफ्नो विह्वलताको कारण देखाँउन यो वाक्य उपस्थापित गर्नु भएकोछ ।

किं वा भागवता धर्मा न प्रायेण निरूपिताः ।
प्रियाः परमहंसानां त एव ह्यच्युतप्रियाः ।। १.४.३१ भागवत

अँ ! यो श्लोकबाट स्पष्टै देखिन्छ कि, के मैले प्रायेण (विशेषरूपले) भागवत-धर्मको निरूपण गरिन ? यो व्यासजीकै विचार हो- जसबाट ओहो ! लौ बडो बर्बात भएछ, भन्ने भाव स्वतः प्रकट भइरहेछ । तिनै धर्म परमहंस-धर्मप्रेमी महापुरूषहरूको र आफ्नो कर्ममा कहिल्यै नचुक्ने परात्मा-प्रभुको निमित्त साह्रै नै मन पर्ने मध्यका हुन् । यहाँ त्यो प्रायेण-शब्दले यो कुरा देखाउदछ कि त्यस्ता धर्मको निरूपण (लेखा-जोखा) गर्न त गरेको थिएं । परन्तु जति गर्नु पर्थ्यो त्यति गर्नै सकेको रहेनछु । तस्मात् अब गर्छु अर्थात् त्यही भागवतमहापुराणमा राम्रोसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइछु । यो कुरा त्यही माथि देखाइएको प्रायेण भन्ने शब्दबाट पुनः पुनः स्पष्ट भइरहेकैछ । पछि देवर्षिको निर्देशनबाट अभिप्रेरित भएर भगवान् व्यासले त्यही अठ्टार पुराणभित्रको श्रीमद्भागवत महापुराणमा परब्रह्म-परमात्माको महत्त्व देखाउने र त्यस तत्त्व-प्राप्तिको मुख्य साधनभूत लीलामहापुरूष भगवान् श्रीकृष्णका दया-वात्सल्यादि सद्गुण र लीलाहरूको सदुद्देश्यपूर्ण प्रदर्शन गराएर पारमहंस्य-संहितायां भन्ने शब्दहरू प्रत्येक अध्यायको अन्तमा थपेर परिपूर्ण भइसके पछि त्यही भागवत-धर्मको गुठिल-गाँठो स्वयंले फुकाई सर्वप्रथम यसका सर्वोत्तम आधेयपात्र, आफ्ना सुपुत्र शुकदेवलाई पढाउनु भएको हो । हेरौं त । यही भागवत सातौं अध्यायको प्रथम स्कन्धको निम्नांकित श्लोक -

स संहितां भागवतीं कृत्वाऽनुक्रम्य चात्मजम् ।
शुकमध्यापयामास निवृत्तिनिरतं मुनिः ॥

अर्थ पढौं - महर्षि व्यासले पूर्वोक्त प्रकारले यो भगवद्धर्म-प्रेमी महापुरूषहरूको निमित्त साह्रै मिल्दो-जुल्दो संहिता बनाएर पूर्वरचित भागवतमा आवश्यक ठाउँ-ठाउँमा त्यसका अंशहरूको समावेश गराएर निवृत्तिमार्गमा मात्र रमिरहने आफ्ना छोरा शुकदेवलाई पढाए । अब यहां पनि माथिको प्रायेण शब्दको जस्तो अनुक्रम्य शब्दको स्वरूपगत अर्थ पनि विचार गरौं । अनुक्रमपूर्वक संस्थापन गरेर अर्थात् त्यस्ता विषय-वस्तुको निर्माण गरी क्रमसाथ ठाम-ठाममा राखेर (थपेर) ……… इत्यादि निस्कन आउँछ र परमहंस-महात्माहरूको प्यारो धर्मको निरूपण गरिएको स्पष्टै देखिन्छ । अब यी कुराहरूमा केही शंका-उपशंका बचे वा रहे गीताप्रेस गोरखपुर बाट प्रकाशित भागवत-स्तुतिसंग्रहको भूमिकामा दृष्टि दिनु भए बेस हुन्छ । तस्मात् यो श्रीमद्भागवत महापुराण अठ्टार महापुराण भित्रकै हो र पारमहंस्यसंहिता नाम राखेर त्यस्ता महापुरूषहरूको निमित्त प्रिय एवं सदा आचरणीय, मननीय तथा निदिध्यासनीय र भजनीय धर्मको शुभांश जति पछि थपिएको हो । माथिका यी सबै कुराले यही तथ्यता प्रकट भएको देखिन्छ ।

अझ यहां विवादस्पद कुरो के छ भने ? जस्तो कि भागवतको प्रथमस्कन्धको सातौं अध्यायमा भागवत बन्नु भन्दा पहिले महाभारत बनाइयो भनियो । त्यसबेला त्यो यस्तो र यत्रो थिएन । जस्तो र जत्रो अहिले पाइन्छ । कुरो दोठ्याङ् खाने प-यो, इत्यादि । यो कुरा बिलकूल ठीक हो, केहीबेरलाई हामी पनि मान्दछौं । परन्तु त्यसबेलाको त्यो महाभारत केवल चौबीस हजार ग्रन्थसंख्या भएकोमात्र थियो, पछि यो श्रीमद्भागवत बन्यो । त्यसबेला यसको स्वरूप पनि अरू सत्रै महापुराण सरह केवल बाह्र हजार ग्रन्थसंख्या मात्र भएको थियो । जब सारा पुराणहरू बाह्र हजार ग्रन्थसंख्यामा भएका, बनेका मात्र थिए । पछि, नारदोपदेश पाए पछि व्यासले त्यही बाह्र हजारको श्रीमद्भागवतमा त्यस्ता भागवतप्रिय पारमहंस्य धर्म-सम्बद्ध छ (६) हजार अरू श्लोकहरू त्यसैमा थपेर यसलाई अठ्टार हजार ग्रन्थसंख्या भएको बनाए । यस अधिकांमा साधारणतया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णित भगवान्का चरित्र र कथाका अंशहरू मात्र थिए । यसैलाई व्यासदेवले आफ्ना प्रिय-शिष्य रोमहर्षणलाई पहिले पढाएका हुन्। यो पछिको चाहि आफ्ना प्रिय पुत्र शुकदेवलाई यसको पूर्ण अधिकारी र सत्पात्र देखेर पढाए । तस्मात् त्यस्तो नमिल्दो कुरा तेर्स्याउने र श्रीमद्भागवत महापुराणलाई पनि व्यासले बनाएकै होइनन्, हुन् भने निकै पछिका विद्वान् श्रीवोपदेवले बनाएका । इत्यादि कुरा बक्नेहरूलाई, कहां तेह्रौं शताब्दी वि.सं. का वोपदेव, कहां द्वापरयुगका व्यास ? के त्यै ठीक हो त ? भन्दा वाक्बन्द भै खिस्स पर्नु पर्ला कि ? भन्ने हाम्रो सुदृढ धारणा छ । यी सब कुरामा प्रमाण हेर्नु परे माथि भनिएको भागवतस्तुति-संग्रह नामक ग्रन्थको भूमिकामा दृष्टि दिए अवगत हुने नै छ ।

भागवत-वक्ता श्रोताहरू

अं त ! अब भागवतका वक्ता-श्रोताको प्रसङ्गतिर लागौं । तिनै रोमहर्षणका सुपुत्र सूतजी एकपटक घुम्दै-घुम्दै पवित्र तीर्थ नैमिषारण्य (भारतको उत्तर प्रदेश) मा आइ पुगे । त्यसबेला त्यहां बडे-बडे महात्मा ऋषि-मुनिहरूको सम्मेलन भैरहेको थियो । कारण के थियो भने ? उहांहरू ठीक एक हजार वर्षमा परिपूर्ण हुने सत्र (ठूलो यज्ञ) गरि रहनु भएको थियो । वहांहरूको संख्या त्यसताक पनि झण्डै-झण्डै सबैतिरको मिलाएर एक लाख पुग्न खोज्दथ्यो । परन्तु यहांको त्यो पवित्र मेला भर्न भेला भएर हजार-वर्षे यज्ञमा दीक्षित हुने ऋषि-मुनिहरूको संख्या भने अठासी हजारको थियो । तेजस्वी र ब्रह्मज्ञान परिपूर्ण सूतजीलाई देख्नासाथ केहीबेर हवन-कर्म रोकेर उहाँहरूले उनको स्वागत-सत्कार गर्नु भयो र काम कुरो सकेर खाली भएको बेला उहांहरू सूतजीको अगाडि आई अनेकौं विषयका कुरा जान्ने-बुझ्ने इच्छाले उनैसंग यसरी सोध्नु भयो । सोध्नेमा त्यहां भेला भएका ऋषि-मुनिहरू मध्यका सर्वमान्य एवं कुलपति विद्या-वयोवृद्ध ऋग्वेदाचार्य शौनक मुनि नै थिए र यसरी सोधे ! सूतजी ! तपाँईले इतिहास (रामायण र महाभारत) साथैका अनेकौं पुराणहरू र धर्मशास्त्रका ग्रन्थहरू पनि एक-एक गरेर पढ्नु भएको छ र तिनको राम्रो व्याख्या पनि गर्नु भएकोछ । जति कुरा वेदज्ञातामा श्रेष्ठ र वेद-विभागकर्ता भगवान् बादरायणले एवं भगवान्को सगुण-निर्गुण दुबै रूप जान्ने अरू मुनिहरूले पनि जे जति कुरा जानेका छन् ती कुरा एक-एक गरेर तपाँई विशेषतः सबै जान्नु हुन्छ । तस्मात् अब ती तपाँईले अध्ययन र व्याख्यान गरेका सर्वोच्च ग्रन्थहरू मध्ये कहां कुन-कुनमा के कति र कस्ता कस्ता सार-सारका तथ्य कुराहरू छन् ? ती सबै हामीलाई सुनाइ दिनोस् । कलियुगका मानिसहरू विशेषतः मन्द-भाग्यका छन् र हरएक विषयले पीडित छन् । यता उनको आयु पनि साह्रै छोटो छ । अब त्यस्ताको के के गर्दा निरन्तर कल्याण हुन्छ ? त्यही सुन्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको यस्तो प्रश्न सुनेर सूतजी भन्दछन् । सुन्नुहोस् मुनि हो ! ठीक छ । म तपाँईहरूले सोधे जस्तै विषय भरिएको श्रीमद्भागवत महापुराणको महत्त्वमा आधारित कुरा भन्दछु , जसमा भगवान् श्रीकृष्णका दया-वात्सल्यादि सद्गुणहरू जगत्का जीवात्माहरूलाई सुन्दा-सुन्दै आकर्षित र आल्हाहित गराउने लीला-कथाद्वारा परिपूर्ण छन् । यसलाई निर्माण गरेर भगवान् व्यासदेवले आफ्ना छोरा श्री शुकदेवलाई पढाउनु भयो । उहाँले ऋषि-श्राप द्वारा भयभीत भएर गङ्गातटमा प्रायोपवेश (आमरण अनशन) व्रत लिएर बसेका महाराज परीक्षित्लाई संयोगवश सुनाउनु भयो । म पनि भाग्यले डो-याँइदै त्यहीं पु-याइएं । त्यहीबेला शुकदेवको अनुमति पाएर यसको अध्ययन गरें । अब म मेरो जस्तो अध्ययन छ, जतिसम्म मेरो बुद्धिले यसलाई ग्रहण गर्न सकेकोछ त्यै ठीक, तपाँईहरूलाई पनि सुनाउँछु भनेर स्वयं वक्ता भएर श्रोता अरू मुनिहरूलाई सुनाएका हुन् । यता प्रासङ्गिकरूपमा साधिकारी श्रोता भगवच्चरित्र-श्रवणोत्सुक महाराज परीक्षित्लाई स्वयं शुकदेवले सुनाउनु भएकोछ र उता एकादशस्कन्धमा स्वयं भगवान् श्रीकृष्णाले आफ्ना प्रिय एवं भक्त-उद्धवलाई यही पारमहंस्य धर्ममय भगवत्तत्त्वको उपदेश बक्सिएकोछ । पछि उद्धवले ऋषि-मैत्रेयजीलाई र उनले विदुरलाई यही कुरो सुनाएका छन् । सर्वप्रथम ब्रह्म-नारद संवाद छ र यसको उपक्रम यस्तै छ । यसमा आख्यानमा आख्यान आएकोछ र रूपकमा रूपक थपिएकोछ । प्रस्तुत यस ग्रन्थमा चाँहि आवश्यक अंशमात्र झिकी प्रसङ्गानुसार वर्णन गरिँदै जाइनेछ । यतातिर पनि ध्यान जाँदै गरोस् ।

विनिवेदन

श्रद्धेय पाठकगण ! तपाँईहरूमा कर-जोरी बिन्ती यो छ कि यो ग्रन्थ पढ्दा विषय त्यस्तै गम्भीर र गहनतम भएकोले शनैः शनैः पढ्दै, यसैमा गढ्दै गए सजिलो पर्ला, सबै विषय-वस्तु राम्रैसंग बुझिंदै जाइएला र आत्यन्तिक कल्याण होला, भन्ने हेतुले मैले यस ग्रन्थलाई यत्रो परिश्रम गरेर कैयौं महिना लगाएर यसरी लेखें भने लेख्नु, खोजमेल गर्नु भन्दा त बसी-बसी आनन्दसंग पढ्नु, बुझ्दै जानु धेरै सजिलो होला कि ? भन्नुको तात्पर्य हो - चाँडै उकताई दिनु हुँदैन, यदि झर्को लाग्ने रहेछ भनेर दुई चार वाक्य पढेर छोडिदिए अथवा केही पर पुगेर छोडि दिए पनि साह्रै नमजा कस्तो-कस्तो खल्लो-खल्लो जस्तो हुनेछ । तस्मात् यसलाई सबै पढ्नु पर्छ, सबै बुझ्नु पर्छ, भन्ने तेरो भनाई होइन, भन्ने कुरा पनि न सम्झनु होला । जस-जसलाई यस्तो विषय-वस्तुमा जिज्ञासा छ, तीव्र उत्कण्ठा छ अथवा सुदृढ रूचि छ, त्यस्ता- हाम्रा तपाँईजस्ता राष्ट्रिय-पुरूषहरूलाई यसो भनिरहनु पर्दैन, त्यस्ता-त्यस्ता विषयका ग्रन्थरत्नहरू स्वयं खोजी-खोजी निरन्तर प्रयत्न गरेर अवश्य पढ्ने र यसैमा गढ्ने नै छन् । अब रह्यो अधकल्चा व्यक्तिका कुरा, त्यस्तालाई यस्ता विषय-सम्बद्ध ग्रन्थहरू संग के वास्ता ? के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतलब ? जो हिंड्छ, बाटो त्यसलाई नै छ, भने जस्तो हामी आफ्नो शान्तिक्षेत्र-घोषित राष्ट्रको आफ्नै घरको शान्तिमय वातावरणमा बसेर यस्तै-यस्ता काम-कुरा गरि रहनेलाई अहिले विशेष गरेर पृथ्वीतलका स्वर्ग जस्ता विश्वका राष्ट्रहरू एशिया यूरोप अमेरिका आदिका अमरावती-पुरी जस्ता सफा, सुन्दर र सुविशाल बाटा (मार्ग)हरू भएर पो के ? त्यस्ता-त्यस्ता ठाँउहरूमा आफ्नो शारीरिक लावण्यले आगन्तुकहरूलाई अ-आफ्ना काम-कलाका अभिव्यक्तिले आकर्षित गर्दै क्षणिक आनन्दाभास दिलाएर उनीहरूको जीवनै बर्बाद पारि दिने गौराङ्गिनी अर्धनग्न स्वर्गीय रम्भा-मेनका जस्ता सुकोमलावयवा देवीहरूका कर-कमलबाट टक्र्याएको मदिरासव पान गरेर आफूलाई ठ्याक्कै स्वर्ग पुगेको अनुभव गरिने पन्थ (मार्ग अथवा मत मतान्तर)हरू भएर पो के ? जब कि हामी वनका घाँस-पात जडीबूटीमा सर्वोत्तम मानिने सोमलता ल्याएर चुटी-कुटी त्यसैको रस-पान गरेर अमर हुने र मक्क पर्नेहरूका पवित्र-सन्तति हौं र त्यसै गरेर त्यस्तै हुनमा निरन्तर संलग्न भइरहेकाछौं । तस्मात् सोझै भनौं विषय-वस्तु यिनै हुन् । यिनमा मन लाग्छ, रमाउछ भने श्रद्धा-विश्वास छ, रूचि छ भने तदनुकूल भएर पढ्नु, छैन भने, उनीहरूको बाटो त्यै हो, हाम्रो यै हो (अगाडि जाऔं) । परिणाम निकट भविष्यमै अनेकानेक रूपका देखिने नै छन् ।

पौराणिक-सृष्टि

सृष्टि हुनु भन्दा पहिले विश्व-ब्रह्माण्ड प्रलयकालको जलमा डुबेको थियो । त्यसबेला केवल नारायण नाम लिएका कालात्मा भगवान् समस्त ब्रह्माण्डको सारतत्त्व पुञ्जीभूत शेष-शय्यामा अशेष (सम्पूर्ण) बनेर सुतिरहेका थिए । उनमा माथि भनिएझैं केवल इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिमात्र गुप्त र सुप्त भइरहेका थिए ।

यता* काल-शक्ति निरन्तर जागरूक भएर समयावलोकन गरि रहेको थियो र

* (संक्षिप्तकाल गणना) परमाणु देखि लिएर ब्रह्माण्ड-सृष्टि-स्थिति र संहार हुने बेलासम्मको काल (समय)को वर्णन-क्रम निकै विस्तृत छ । प्रस्तुतग्रन्थमा त्यसको त्यस्तो आवश्यकता नभएकोले मोटा-मोटी ढंगले मात्र हेर्दा यस्तो देखिन्छ । हामी मनुष्य-जातिको ठीक एक वर्षको समय देवताहरूको पूरा एक दिन भरीको हुन्छ । यसैलाई हामी एक वर्ष पूर्ण भइ सकेपछि दिव्य-वर्ष एक भन्दछौं ।

युग चार छन्, सत्य, त्रेता, द्वापर र कलि । यिनमा त्यस्तो दिव्य चार हजार (४०००) वर्षको सत्ययुगको समय मानिन्छ । यसमा पनि सन्ध्यांशको समय आठसय (८००) मिल्दछ र सत्ययुगमा जम्बा अठ्चालिस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा वातावरण शान्त एवं निष्क्रिय थियो । यो बेला त्यस्तो शक्तिसम्पन्न महाप्रभुको सृष्टि कार्यबाट अवकाश लिने समय थियो । ठीक त्यस्तै, जस्तो आगो-कारणतत्त्व, काठ-कार्यतत्त्वमा छिपेर रहेको हुन्छ र घर्षण पर्दा निस्कन्छ । यता त्यो परमात्मा पनि विश्व-ब्रह्माण्डका प्राणीहरूको सूक्ष्मशरीरलाई नै आफैंमा लीन गराएर आफ्नो आधार एकाकार-जलराशिलाई बनाएर त्यसैमा सुतेका थिए । तर फेरि सृष्टिकाल हुँदा ठीक समयमा जगाउन उनले कालशक्तिलाई मात्र जागृत् गराइ राखेका थिए । यसरी आफ्नै स्वरूपिणी चिच्छक्ति (माया) को साथ एक हजार चौघडी (सृष्टिकर्ता ब्रह्माजीको रात) सम्म जलमा सुति सके पछि त्यही कालशक्तिले उनलाई जीवात्माहरूमा कर्मको प्रवृत्ति (सञ्चालन) को निमित्त प्रेरणा गर्‍यो । ठीक यै बेला उनले आफ्नो त्यही शरीरभित्र लीन भएका अनन्त लोक देखे, जुनबेला भगवान् नारायणको दृष्टि आफूमै मिलिरहेका ब्रह्माण्ड भरीका अनन्त जीवात्माहरूका लिङ्गशरीरादि सूक्ष्मतत्त्वहरूमा पर्‍यो, त्यही बेला काल (समय) को आश्रयमा बस्ने रजोगुणले क्षुभित भएर त्यो एकैबाजि सृष्टि-रचनाको निमित्त उनको नाभिप्रदेश (नाइटोको छिद्र) बाट बाहिर निस्कियो ।

सय (४८००) दिव्य वर्ष हुन पुग्दछ । त्यही अनुसार गणना गरिन्छ र त्यस्तै त्रेतायुगमा छत्तीस सय (३६००) दिव्य वर्ष हुन्छ र द्वापर युगको चाँहि चौबीस सय (२४००) एवं कलियुगको भने बाह्र सय (१२००) दिव्य वर्षको समय मानिन्छ । यसरी मनुष्यको काल (समय)को गणनाको हिसाबले माथिदेखि तलसम्मको कालको संख्या (गिन्ती) जोरजाम गर्दा कलियुगको सत्ता (विद्यमानता) चार लाख बत्तीस हजार (४,३२०००) वर्षको हुन आउछ । क्रम यस्तै छ । यसैभित्र समस्त-ब्रह्माण्ड-भरीका प्राणीमात्रको जीवन-क्रममा निरन्तर हेरा-फेरी भइरहन्छ ।

मनुष्यलोकको काल गणना अनुसार माथिका चारै युगको एक पटकको घुमाईलाई एक चतुर्युगी (चौघडी) भन्दछन् । यस्ता चौघडीको एक हजार पटकको घुमाई (अर्थात् काल विताई) सृष्टिकर्ता-ब्रह्माजीको एक दिन हुन्छ र रात पनि त्यत्तिकै काल (समय) को मानिन्छ । यसरी ब्रह्माजीको दिन र रात सकिए पछिको यो ब्रह्माण्ड- निकायको पुनः सृष्टि हुनुलाई कल्प भन्दछन् । यही कल्प-(काल)भित्र विभिन्न नामका चौदह मनुले ब्रह्माण्ड-भोगको अ-आफ्नो समय विताउछन् । यिनका भोगको समय ७१ चौघडी भन्दा केही बढी ६/१४ को हुन्छ । यसै समय भित्र मनुवंशी राजाहरू सप्तर्षि, देवगण, इन्द्र एवं उनका सेवक गन्धर्व-यक्षादि र मनुष्य, पितृगण तथा अन्यान्य महापुरूषहरूको उत्पत्ति हुन्छ र सीमित अवधि सम्म अ-आफ्नो अधिकार भोग गर्दछन् । यी सब कुरा भगवदिच्छाको आधारमा नियमित रूपले हुँदै रहन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मशक्ति जाग्रत् गराउने कालद्वारा भगवान् नारायण (विष्णु) को नाभिबाट प्रकट भएको त्यो सूक्ष्मतत्त्वरूप-पिण्ड कमलकोशको रूपमा सहसा माथि-माथि बढ्दै गयो र त्यसले देदीप्यमान सूर्यकै जस्तो आफ्नो तेजले त्यो अपार जलराशिलाई झल्झलाकार पार्दियो । सारा गुणहरूलाई प्रोज्ज्वल बनाउने त्यो सर्वलोकमय कमलमा उनै विष्णु भगवान् अन्तर्यामी-रूपले प्रवेश गरे, जब कि उद्गमस्रोतै थिए । तब त्यसैमा, त्यसैको माथिल्लो भागमा कसैले न पढाईकन स्वयं वेदका स्मर्ता तथा ज्ञाता साक्षात् वेदमूर्ति ब्रह्माजी प्रकट भए, जसलाई पछिल्लो कालकाले स्वयम्भू भने । त्यस कमलको माथिल्लो भागमा बसेका उनले जब कहीं कुनै लोक देखेनन् तब उनी आंखा तानी-तानी आकाशमा चारैतिर गर्दन घुमाई हेर्न लागे । त्यसबेला परात्माको इच्छाले उनका चारै दिशामा अकस्मात् चार मुख उब्जिए । त्यसबेला प्रलयकालीन वायुका झोक्काले उठेका छालका वेगले त्यो जलराशिको मास्तिर उठेको त्यस्तो कमलमा बसेका आदिदेव ब्रह्माजीलाई आफ्नो र त्यो लोकतत्त्वरूप कमलको पनि केही रहस्य पत्तै भएन । एकदिन उनी यही चिन्ता गरिरहेको अवस्थामा अकस्मात् त्यही प्रलयको समुद्रमा उनले व्यञ्जन-वर्णमा सोह्रौं र एक्काइसौं त र प अर्थात् दुबै, अक्षर सँग-सँगै हुंदा तप-तप (तपस्या गर) भन्ने यी शब्दलाई दुबै पटक गुञ्जिएको सुने र तदनुसार तपस्या गर्दै गए ।

ब्रह्माजीको सोच-विचार

अब उनी त्यहां बसेको-बस्यै स्वयंमा सोच्न लागे । यो कमल-कोशमा बसेको म को हूं ? यो कमल पनि विना कुनै तत्त्वको आधार न पाई यो अपार जलराशिमा कसरी उत्पन्न भयो ? पक्कै पनि यसको तल (फेदमा) कुनै न कुनै यस्तो वस्तु हुनुपर्छ, जसको आधारमा यो टिकेकोछ । यति विचार गरेर ब्रह्माजी त्यो कमलको नाल (डण्डी) को छिद्रै-छिद्रको बाटो गरेर तल-तलै गए । परन्तु त्यो डण्डीको आधार स्थल खोज्दा नाभि-स्थानमा पुगेता पनि उनले त्यस तत्त्वलाई यै हो भनेर ठमांउन सकेनन् । त्यस अपार जलराशिमा आफ्नो उत्पत्ति-स्थान खोज्दा-खोज्दै ब्रह्माजीको धेरै लामो समय बित्यो । यही काल त भगवान् कालात्माको जटिल चक्र हो, जो प्राणीमात्रलाई निरन्तर भयभीत पारेर तिनको आयु निरन्तर क्षीण पारिरहेकोछ । अन्तमा केही सीप नलागी त्यहांबाट मास्तिरै फर्किएर त्यही आफ्नो आधार-स्थल कमलमै बसेर विस्तार-विस्तार प्राणवायु रोकेर चित्तलाई संकल्पहीन (निष्क्रिय) बनाए । यसरी पूरा दिव्यपुरुषको पूर्ण आयु (दिव्य एकसय वर्ष) बराबरको समय पर्यन्त योगाभ्यास गरिसकेपछि ब्रह्माजीलाई राम्रो बोध (ज्ञान) भयो कि जब उनले त्यसरी तल गएर खोज्दा पनि देख्न, पांउन नसकेको आफ्नो अधिष्ठान (आधार थलो) सहसा आफ्नै हृदयमा शनैः शनैः पूर्णरूपमा आविर्भूत हुंदोछ र आफ्ना अनेकौं पार्षदद्वारा सुशोभित एवं सेवित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइरहेकोछ । तब उनी स्वयं धेरैबेर सम्म जिल्ल परिरहे ।

त्यसबेला पनि ब्रह्माजीको हृदयमा विश्व-रचना गर्ने तीव्र इच्छा बढ्दै थियो । यता यसैबेला ब्रह्माजीले भगवान्‌को नाभिबाट उत्पन्न भएको कमल, जल, आकाश, वायु र आफ्नो शरीर केवल यति पाँच कुरामात्र देखे । तब उनले धेरै नपाएर त्यही प्रभुको मानसिक स्तुति गरे । त्यसपछि विश्व-सृष्टि गर्न चाहने ब्रह्माजीलाई भगवान्‌ले श्रीमद्भागवतको द्वितीय स्कन्धको चतुःश्लोकी भागवतको सदुपदेश दिएर विश्व- प्रपञ्च रच्न र त्यसलाई बढांउन अभिप्रेरित गराइ बक्स्यो । त्यो चतुःश्लोकी भागवतको रूपान्तर यस्तो छ -

जो म स्वयंले श्रीमद्भागवत समग्र अनुवाद गर्दा राष्ट्रभाषामै उत्रिसकेकोछु । तस्मात् त्यति अंशमात्र यहां देखाँउनु उचित ठान्दछु । किन कि ? यो साह्रै सरल छ ।

चतुःश्लोकी-भागवत

अनुभूति पराभक्ति-ज्ञान-विज्ञानयुक्तको ।
म भन्छु सुन ब्रह्माजी ! तत्त्व अत्यन्त गुह्य यो ।।
जस्तो विस्तार मेरो छ, जो छ लक्षण, कर्म र ।
गुण-रूपहरू जो छन् तत्त्वानुभव लौ गर ।।

थिएं पैले म नै, केही न थियो, कार्य-कारण ।
पछाडि पनि मै हुन्छु शेष, त्यै शेष नै हुं म ।।
ममा वास्तवमा छैन म विना भिन्न वस्तु क्यै ।
दुइटा चन्द्रमा जस्तै यो देखिन्छ असत्यकै ।।

ग्रह-मण्डलमा जस्तो राहु देखिन्न त्यै ठिक ।
सबैमा मै छु, देखिन्न, "मेरो माया" यही त छ ।।
जो देखिन्छ विना वस्तु आत्मामा छैन सत्य त्यो ।
मेरो माया यही नै हो मोह-आभास-रूपको ।।

जस्तो सम्पूर्ण प्राणीका देहमा कार्य-रूपले ।
पृथ्वी आदि महाभूत छन् पसेका स्वरूपले ।।
स्थानमा उनका त्यस्तै रूपमा पहिल्यै सुन ! ।
हुंदा कारणरूपैमा नपस्ने पनि छन् पुनः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै छु म त प्राणीका देहको दृष्टिमा भने ।
सबैको देहमा यौटै आत्माको रूपमा हुने ॥
आत्माको दृष्टिले हेर्दा आत्मा-भिन्न पदार्थ क्यै ।
न हुँदा, एक मै नै छु, न पर्ने तिनमा कसै ॥

निषेध-ब्रह्म यो ह्वैन, भन्छ जो, भन्छ अन्वय ।
यही हो, यी दुबैबाट छ पृथक् ब्रह्म, सत्य छ ॥

सर्वदा सब ठाँमैमा सबैमा एकरूप छ ।
जो तत्त्व, भगवान् ब्रह्म, हुँ म त्यै एक वस्तुतः ॥
तत्त्व आत्मा-परात्माको चाहन्छन् जान्न जो जन ।
तिनले यत्तिले मात्र जान्नु पर्दछ, लौ गुन, ॥

ब्रह्मा ! अब तिमी जान निर्विकल्प-समाधिले ।
मेरो रूप र सिद्धान्त श्रद्धा-विश्वासमात्रले ॥
अनि पो मोहिने छैनौं तिमी कल्प-विकल्पमा ।
कस्तै होस्,कहिल्यै, फेरि रहौला स्व-स्वरूपमा ॥

यसरी प्रकृति र पुरूषका स्वामी भगवान् कमलनाभ- नारायण सृष्टि रचना गर्न खोज्ने ब्रह्माजीलाई जगत्को (विश्व-ब्रह्माण्डको) अभिव्यक्ति र अनुभूति गराएर पुनः आफ्नो नारायणरूपमै अदृश्य (लुप्त) हुनुभयो । त्यसपछि ब्रह्माजी आफ्नो कार्यक्रम पूर्ण गर्नेतिर लागे । पूर्वकृत आफ्नो तपस्याको र आत्मज्ञानको प्रभावले अब उनमा सुमहती शक्तिले विज्ञान बढि सकेको थियो । तस्मात् प्रलयकालीन वायुको झोक्काले त्यो आफू बसेको कमल साथै आफू पनि निरन्तर हल्लिरहेको अनुभव गर्दा त्यो उर्लिरहेको जलराशिको साथै त्यस्तो वायुको झोक्कालाई पनि आवश्यक मात्रामा आफैंमा मिलाए, अर्थात् पिइ दिए । न्यपाद्वायुं सहाम्भसा । अब सबै छर्लङ्ग र शान्त भए पछि त्यो आफैं बसेको सारा आकाशै ढाक्ने कमलनालतिर यसो दृष्टि दिएर सोचे कि - अब म वितेको कल्पमा लीन भएका लोकहरूलाई यसैबाट उब्जाएर विश्वसृष्टि गर्छु । तब उनी स्वयं शक्तिमान् बनेर त्यो कमलनालमा व्यापकरूपले तलदेखि माथिसम्म प्रवेश गरेर एकाकाररूपले सँस्थित भए र त्यो यौटैको तीन भाग लगाए । भूः, भूवः, स्वः, । यद्यपि त्यो यति ठूलो र विशाल थियो कि चौधै भुवन अथवा त्यो भन्दा पनि अधिक लोकहरूको रूपमा विभाग गर्न सकिन्थ्यो, तापनि आफूमा भइरहँदै आएका यौगिकशक्तिले यस्तो हुन पुग्यो । विशेषतः सांसारिक जीवहरूको कर्मफल भोग गर्ने ठामहरू भनेर यी तीनै लोकको शास्त्रमा वर्णन भएको देखिन्छ । जो निष्काम-कर्म गर्ने पुरूषहरू छन्, उनीहरूलाई महः, जन, तप र सत्यलोकरूप ब्रह्मलोक प्राप्त हुन्छ। पृथ्वीतलदेखि माथिका यी सातै लोकको महत्त्व अनिर्वाच्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माजीद्वारा विश्वभरीका प्राणीहरूको उत्पत्ति

विषय वा वस्तुको एकरूप अथवा अर्कोरूपमा पुग्ने स्थिति नै काल-भगवान्को स्वरूप वा आकार हो । काल आफ्नो स्थितिमा त सर्वदा निर्विशेष अनादि र अनन्त छँदैछ । त्यसैलाई निमित्त बनाएर जगन्नियन्ता भगवान् हर-क्षणमा आफैंलाई सृष्टिको रूपमा प्रकट गर्दछन् । पहिले यो विश्व-ब्रह्माण्ड उनकै मायाले लीन भएर ब्रह्मरूपमै स्थित थियो । त्यसैलाई अव्यक्तरूपका कालको माध्यमद्वारा उनले पुनः पृथक् रूपबाट प्रकट गरेका हुन् । यो जगत् जस्तो अहिले छ, त्यस्तै उहिल्यै पनि थियो र पछि पनि रहनेछ । यसको सृष्टि नौ प्रकारको छ । प्राकृत-वैकृत-भेदले दशौं प्रकारको सृष्टि योटा अर्को प्रकारको पनि मानिन्छ । यसको प्रलय, काल, द्रव्य तथा गुणहरूद्वारा तीन प्रकारले हुन्छ । पहिलो सृष्टि, महतत्त्वको हो र भगवान्को प्रेरणाले सत्वादि गुणमा वैषम्य हुनु नै यसको स्वरूप हो । दोश्रो सृष्टि, अहंकारको हो, जसबाट पृथ्वी आदि पञ्चमहाभूत तथा पांच कर्मेन्द्रियको उत्पत्ति हुन्छ । तेस्रो सृष्टि, भूतसर्ग भनिन्छ, जसमा पञ्चमहाभूतलाई उत्पन्न गराउने तन्मात्रवर्ग शब्द स्पर्श रूप रस र गन्ध प्रधान छन् । चौथो सृष्टि, इन्द्रियहरूको हुन्छ । यी ज्ञान र क्रियासँग सम्बद्ध छन् । पाचौं सृष्टि, सात्विक अहंकार बाट समुत्पन्न इन्द्रियाधिष्ठाता देवताहरूको हो । मन पनि यसैभित्र पर्दछ । छैटौं सृष्टि, अविद्याको हो । यसमा तामिस्र, अन्धतामिस्र, तम, मोह र महामोह यी पांच कुटिल ग्रन्थिहरू छन् । यिनैले जीवात्माका बुद्धिको आवरण र विक्षेप गर्ने गर्दछन् । यी छवटा प्राकृत-सृष्टि हुन् ।

वैकृत-सृष्टिको विवरणमा भगवान् आफ्ना चिन्तकहरूको दुःखनाशक छन् र रहन्छन् । यो सारा जगत्-प्रपञ्च उनैको लीलाविलास हो । उनै ब्रह्माको रूप लिएर रजोगुण स्वीकार गरी जगत्को रचना गर्दछन् । उपरिनिर्देशित छ-प्रकारको प्राकृत-सृष्टि पछि सातौं प्रधान वैकृत-सृष्टि निम्नांकित छथरी स्थावर-वृक्षादिको हुन्छ । वनस्पति, ओषधि, लता, त्वक्सार, वीरूध् र द्रुम । ती यिनै हुन्- यिनको सञ्चार तल (फेद)देखि माथि-माथि जाने हुन्छ । यिनमा विशेषतः ज्ञानशक्ति अल्लि कमै हुन्छ र भित्र-भित्रै केवल स्पर्शको अनुभव गर्दछन् । प्रत्येकमा विशेष गुण रहन्छ । आठौं सृष्टि तिर्यक् योनि (पशु- पक्षी)को हो र यो अठ्ठाइस प्रकारको मानिन्छ । यिनलाई काल (समय)को ज्ञान हुँदैन र तमोगुण ज्यादा हुनाले यिनीहरू केवल खान, पिउन, मैथुन गर्न र सुत्नमात्रै जान्दछन् । यिनीहरूलाई घ्राणशक्ति बलियो हुँदा सुंध्दैमा वस्तु (पदार्थ)को ज्ञान हुन्छ । यिनको हृदयमा विचार-शक्ति अथवा दूरदर्शिता आदि कत्ति हुँदैनन् । यी तिर्यक्-जातिमा गाई बाख्रा भैंसी कृष्णमृग सुंगुर नीलगाई रूरूमृग भेंडा ऊंट यत्ति चाहिं द्विशफ (दुइ खुर भएका) पशु कहिन्छन् । एकशफ (एक खुट्टे)मा गधा घोडा खच्चर गौरमृग शरभ र चमरी यत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछन् । पांच नंग्रे पशुहरूमा कुक्कुर श्याल ब्वाँसो बाघ बिरालो खरायो दुम्सी सिंह वानर हात्ती कछुवा गोही र मगर आदि पशुहरू पर्दछन् । पक्षीमा बकुल्लो गिद्ध बट्टाई बाज भास भल्लूक मुजुर हंस सारस चखेवा कौवा र चमेरो आदि उड्ने जीव हुन् । नवौं सृष्टि मनुष्यको हो । यो यौटै प्रकारको छ, यसको आहारको प्रवाह माथि-मुखबाट तलतिर झर्नेछ । स्थावर, पशुपक्षी र मनुष्यको सृष्टि एवं अगाडि भनिने देवसर्ग वैकृत-सृष्टि हुन् ,जसको गणना माथि गरिसकिएको छ । यिनीहरूको अतिरिक्त सनत्कुमार आदि ऋषिहरूको सृष्टि जो कौमारसर्ग कहिन्छ, त्यो प्राकृत-वैकृत दुवै-थरीको मानिन्छ । देवसृष्टि आठ प्रकारको छ । देवता पितृ असुर गन्धर्व अप्सरा यक्ष राक्षस सिद्ध-चारण विद्याधर भूत-प्रेत पिशाच किन्नर किम्पुरुष अश्वमुख आदि त्यसैभित्र पर्दछन् । जगत्कर्ता ब्रह्माजीबाट रचेको यही दश प्रकारको सृष्टि हो ।

सृष्टि-विस्तार

यही दश प्रकारको सृष्टिले सारा विश्व-ब्रह्माण्ड व्याप्त गरेकोछ । त्यसपछि ब्रह्माजीले अज्ञान अथवा मोहमा मात्र अड्ने तामिस्र आदिको सृष्टि गरे । अन्तमा यिनको काम-कुरा हेर्दा र सोच्ता त्यो पापपूर्ण-सृष्टिले साह्रै उपद्रव गर्न लाग्यो र उनले त्यसलाई मन पराएनन् । पछि भगवान्को ध्यानद्वारा मानसिक सृष्टि गरे । यसबाट चार व्यक्तिको उत्पत्ति भयो । ती यी हुन्-सनक, सनन्दन, सनातन र सनत्कुमार । यी चारै ऊर्ध्वरेता निवृत्ति (मोक्ष) धर्मपरायण महापुरुष थिए । पछि यिनलाई आज्ञा दिए । बाबु हो ! सृष्टिविस्तार गर । परन्तु यिनले त्यस्तो मोक्षपरक-मार्गमा मात्र ढल्किरहेको मन यतातिर लगाँउन उचित सम्झिएनन् र स्वीकार गरेनन् । यसले ब्रह्माजीलाई साह्रै रीस उठ्यो र उठेको यो क्रोध रोक्नै नसक्ता उनका आँखिभौंका बीचबाट त्यो यौटा कुमार (शिशु) को रूपमा बाहिर निस्क्यो । जसको स्वरूप नीलो-रातो थियो । यिनै देवताहरूमा पहिले जन्मेका भगवान् भव थिए । जन्मना साथै रूँदै-रूँदै उनले भने हे जगत्पिता ! मेरो नाम र ठाम के हो र कुन कुन हो ? भनि दिइबक्सियोस् । ब्रह्माजीबाट आज्ञा भयो, भैगो न रोऊ म तिम्रो नाम राखि दिन्छु र ठाम तथा पत्नीहरू पनि दिन्छु । सृष्टिविस्तार गर्दै जाऊ । सुन ! रूद्र आदि नामको साथै तिम्रो एघारओटा अंश हुनेछ । बस्ने ठाम इन्द्रियादि हुनेछन् र तिम्रा पत्नीहरू धी, वृत्ति आदि एघारै हुने छन् । अब उनीहरू अ-आफैंमा मिलिजुली सृष्टि बढाउन लागे । परन्तु उनीहरूले रचेको सृष्टिबाट जन्मेका सन्ततिहरूले सारा संसारै ध्वस्त हुन लाग्यो र ब्रह्माजीले डरांउदै भने भो, बाबा भो ! अब यस्ता प्रजा उत्पन्न नगर, बरू तपस्या गर्न लाग, यसैले तिमीहरूको हित-भलो हुनेछ । त्यसपछि ब्रह्माजीले भगवान्को ध्यान गरेर शक्तिसञ्चित भए पछि लोकसृष्टिमा सर्वश्रेष्ठ मानिने दशओटा मानसिक पुत्रहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्माए । तिनका नाम हुन्-मरीचि, अत्रि, अङ्गिरा, पुलस्य, पुलह, क्रतु, भृगु,वसिष्ठ,दक्ष र नारद ।

स्वायम्भुव र शतरूपाको उत्पत्ति

यत्ति गरे पनि राम्रो सृष्टि बढ्न सकेन र निकै दिक्क भएर ब्रह्माजीले सोचे-म यसरी सृष्टिविस्तार कार्यमा लाग्दा-लाग्दै पनि सृष्टि बढेन भने अब के गरूं ? पक्कै पनि दैवले साथ दिएन "दैवमत्र विघातकम्" यत्ति सोच्ता नसोच्तै ब्रह्माजीको शरीर अकस्मात् दुई भागमा विभक्त भयो । त्यसमा यौटा स्त्रीको र अर्को पुरूषको रूप थियो । पुरूषरूप-शरीरको नाम रह्यो सार्वभौम सम्राट् स्वायम्भुव मनु । स्त्रीरूपको चाहिं महाराज्ञी शतरूपा । यी दुबैको मैथुन-धर्मबाट प्रजासृष्टि हुँदै गयो र बढ्दै गयो । यिनका सन्तानमा दुइ छोरा र तीन छोरी भए । छोराको नाम प्रियव्रत र उत्तानपाद रह्यो । छोरीको क्रमशः आकूति, देवहूति र प्रसूति रह्यो । यी पाचैं सन्तानका अ-आफ्ना नामले नै आजसम्म पनि अ-आफ्नो कामको महत्त्व बताइ रहेका छन् र साह्रै सार्थक छन् । मनुले जेठी छोरी आकूतिको विवाह ऋषिवर्य रूचि सँग र माहिली देवहूतिको कर्दम सँग एवं कान्छी छोरी प्रसूतिको चाहीं दक्ष प्रजापतिसँग गरिदिए । यी तीनओटै जोडीबाट उत्पन्न प्रजा-सृष्टिले समस्त विश्व ब्रह्माण्डै परिपूर्ण पा-यो ।

श्वेत-वाराहावतार

तब मनु-महाराज र महारानी-शतरूपाले ब्रह्माजीलाई यसरी बिन्ती चढाए । प्रभो ! आज्ञानुसार अझ पनि सृष्टि बढाउँदै लैजाने थियौं, परन्तु राम्रोसँग बस्ने ठाम नै छैन । प्रलयकालमा डुबेकी पृथ्वी जलैमा छन् । तस्मात् यिनलाई माथि उकास्ने उपायतिर लागे बेस होला कि ? अब ब्रह्माजी उनका यस्ता कुरा सुनेर निकैबेर अलमल्ल परे । यस्तैमा उनको नासारन्ध्र (नाकको प्वाल) बाट यौटा बूढीऔंला जत्रै आकारको वराहशिशु (बँदेलको बच्चो) निस्कियो र त्यहांका सबैले हेर्दा-हेर्दै छिनैभरमा विशाल हात्ती जत्रो भयो । सबै आश्चर्य-चकित भएर हेर्दै थिए । यता त्यो बँदेल निकै ठूलो स्वरमा गर्ज्यो र त्यै विशाल जलराशि भित्र पसि हाल्यो । पछि तल पुगेर पृथ्वीलाई आफ्ना दुवै दाह्राका बीचमा राखेर सर्र मास्तिर उक्लँदै थियो, त्यसैबेला त्यहां विहार गरिरहने यौटा विशाल दैत्य (हिरण्याक्ष) ले त्यो बँदेललाई आफ्नो हातको गदाले मजैसँग ठोक्दियो । तर बँदेलले किञ्चित् मानेन र उल्टो त्यो दैत्यलाई नै मारेर दाह्राले उठाई पृथ्वीलाई त्यही जलराशिको माथिल्लो भागमा ल्याएर आफ्नो अचिन्त्य-शक्तिको आधारमा "प्रजा धारयतीति धरा" भन्ने नाम राख्तै संस्थापन गरेर विश्वक्सेन नामको त्यो हरि त्यहीं हरायो । त्यसपछि दाम्पत्यधर्म बाट सृष्टि-विस्तार बढ्दै गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वायम्भुव-मनुको वंशविस्तार र द्वीप-समुद्रादिको उत्पत्ति

उपरिवर्णितवत् मनुका दुई छोरा मध्यका जेठा प्रियव्रत अद्भूतै शक्तिशाली भए । हुनाको कारण यही थियो कि पहिले उनी त्यस्ता बाबु-आमाका त्यस्तो सद्गुण सम्पन्न वीर्य र रजको अंशबाट उत्पन्न भएका थिए, जसमा विश्व-ब्रह्माण्डको पूर्णज्ञान थियो । दोस्रो उनले भगवान् नारदजीको राम्रो सेवा-शुश्रूषा गरेका थिए । गुरूदेवहरू प्रसन्न भए भने के दिँदैनन् र ? उनले आफ्नो भएभरको ज्ञान-विज्ञानको विशाल भण्डारै तिम्रो हो बाबु ! राम्रोसंग यिनको उपयोग र उपभोग गर, भनेर आधिभौतिक आधिदैविक र आध्यात्मिक गुप्त-रहस्यहरू सारा सिकाइ दिएका थिए । यसले गर्दा राजकुमार प्रियव्रत सांसारिक-व्यवहारबाट एक प्रकारले पन्छि सकेका थिए । यिनै कारणले उनी परमार्थतत्त्वलाई अझ दरो बनाउन त्यसैको अध्ययन, मनन, चिन्तन गर्नपट्टि नै रमाइ रहन्थे ।

सृष्टिविस्तारमा आघात र निरसन

उनको यस्तो व्यवहारले सृष्टि विस्तारमा ठूलो आघात पा-यो । सृष्टिकर्ता ब्रह्माजी निकै चिन्तित भएर आफ्ना सुपुत्र स्वायम्भुव-मनुलाई साथ लिएर अब उनी प्रियव्रत भएको ठाममा आएर उनलाई यसो भने कि नातिबाबु ! तिमी यताउता नलागी सृष्टि-विस्तार गर्ने कामतिरै लाग । प्रियव्रतले बिन्ती चढाए कि पितामह ! म पनि यिनै कुरा सोच्तै थिएं, परन्तु यसमा अनेक विघ्न-बाधा आइ पर्दा रहेछन् । यता काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि शत्रुहरूले कहिल्यै छोड्दा रहेनछन् । अनि म के गरूं । ब्रह्माजीले भने । हुन त हो बाबु ! तर तिमी त्यतातिर कत्ति ध्यानै न दिएर आफ्नो कामैपट्टि ध्यान दिँदै जाउ। यी यस्तै हुन् र आफ्नो नामकै ठीक काम गरि रहन्छन् र संसारका प्राणीमात्रलाई फंसाइ रहन्छन् । कुरो बुझ, यिनै छ वैरी वशमा हुनेको, के गर्न सक्ला घरवारले पो ? तस्मात् भनेको मान । तब उनको शिर झुक्यो, त्यसै गर्छु भने । यता ब्रह्माजी स्वायम्भुवको साथै आफ्नो धामतिर लागे । यसैबेला स्वायम्भुव-मनुले समाजको हरएक विषयको व्यवस्था दीगो र दरो बनाई छोड्दिने लक्ष्यले त्यसैबाट मनुष्यमात्रको हित-भलो हुने सम्झेर संसारीहरूको योग-क्षेम दुवै राम्रोसंग प्रवृत्त भई रहुन् र निरन्तर भगवद्धर्ममा रमुन् एवं तदनुसार सत्कर्माचरण गर्दै जांदा मुक्तिपर्यन्त प्राप्त गर्न सकुन्, भन्ने अभिप्रायले यौटा सर्वमान्य स्मृतिग्रन्थ लेखे, जसको नाम 'मनुस्मृति' रह्यो । जसभित्र अनेकौं धर्महरूको समावेश छ र तथ्यतापूर्ण कर्तव्याकर्तव्यादिको निर्देशन छ ।

यो ग्रन्थ हामी हिन्दूधर्मीहरूको लागि अचेलसम्म पनि कुनै काम-काज पर्दा वा गर्न लाग्दा अत्यन्तै प्रामाणिकता-पूर्ण निर्णय लिने गरी आएको ग्रन्थ हो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुति (वेद) पछिको यो स्मृति-ग्रन्थले साह्रै ठूलो स्थान ओगटेको छ र प्रमाणिक छ ।

प्रियव्रतको काम-कुरा

त्यसपछि प्रियव्रतले प्रजापति-विश्वकर्माकी सुपुत्री बर्हिष्मती संग विवाह गरे । उनीबाट यिनका दशओटा छोरा जन्मिए । यी दशै ओटा शील-स्वभाव-गुण-रूप आदिमा उच्चकोटिका भइकन पनि कर्मनिष्ठ र महान् पराक्रमी थिए । यौटी छोरी ऊर्जस्वती नामकी भइन् । छोराहरूको नाम थियो आग्नीध्र, इध्मजिह्व, यज्ञबाहु, महावीर, हिरण्यरेता, घृतपृष्ठ, सवन, मेधातिथि, वीतिहोत्र र कवि । यी दशैवटा अग्निका पनि नाम हुन् र समान छन् । यिनमध्ये कवि, महावीर र सवन महान्-नैष्ठिक ब्रह्मचारी भए । पछि महाराज-प्रियव्रतले अर्की पत्नी पनि विवाह गरे । यिनबाट तीन छोरा उत्तम, तामस र रैवत भए । यी तीनै पछि गएर अ-आफ्नै नामका मन्वन्तरका अधिपति भए ।

पृथ्वी र समुद्रको विभाग

अब उनले यो विचार गरे कि - भगवान् सूर्य सुमेरू-पर्वतको परिक्रमा गर्दा लोकालोक-पर्वत सम्मकी पृथ्वीको जत्ति अंश प्रकाशित पार्दछन्, त्यसमा आधाभाग- मात्र प्रकाशित (चम्किलो) हुन्छ । आधाभागमा निरन्तर अन्धकारै रहन्छ । यस्तो हुनु भएन, अब म रातलाई पनि दिनै बनाउछु, भन्ने संकल्प लिएर सूर्यकै जस्तो वेग भएको यौटा ज्योतिर्मय एकचक्र (पाङ्ग्रे) रथमा चढेर ठीक सूर्य जस्तै गतिशील हुँदै पृथ्वीको सातपल्ट परिक्रमा गरे । भगवान्को सत्-उपासनाले उनी आफूले चिताएको कुरा पूर्ण गर्न सक्ने भइसकेका थिए, सत्यकामः, सत्यसंकल्पः भने ठीक । त्यसबेला उनका रथको पाङ्ग्रोले जो खाल्डो बनाँउदै गयो, ती सात खाल्डा सातैओटा समुद्र भए । तिनबाट जो पृथ्वीका अंशहरू माथि परे तिनै सात ओटा द्वीप भए । तिनको नाम क्रमशः यिनै हुन् - जम्बू, प्लक्ष, शाल्मली, कुश, क्रौञ्च, शाक र पुष्कर-द्वीप । यिनमा पहिलो-पहिलो भन्दा दोस्रो-दोस्रो द्वीप परिमाण (लम्बाई-चौडाइ) . मा दुगुना(डबल) छन् र समुद्रहरूको बाहिर पृथ्वीको चारैतिर फैलिएका छन् । उत्पत्तिकालमा यी सातै समुद्र क्रमैले क्षार (नुनिलो) जल, ऊखुको रस, मदिरा,. दही, घिउ, मही (तक्र) र मीठो जलले परिपूर्ण भएका थिए ।

त्यसपछि बर्हिष्मतीपति महाराज-प्रियव्रतले आफ्ना आज्ञापालक ती सातै पुत्रहरूलाई यिनै सातद्वीपको सर्वेसर्वा अधिपति बनाइ दिए । छोरी ऊर्जस्वतीको विवाह शुक्राचार्य (दैत्य-दानव एवं असुरका गुरू) संग गरिदिए । यिनैबाट देवयानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मेकी हुन् । यसरी आफ्नो कर्तव्य पूरा गरेर महाराज प्रियव्रत भगवान् नारदले देखाएको बाटोको अनुसरण गर्न लागे ।

आग्नीध्रको वृत्तान्त

तदनन्तर उनका जेठा छोरा महाराज आग्नीध्र आफ्नो भागमा परेको जम्बूद्वीपका प्रजाको धर्मपूर्वक परिपालन गर्न लागे । तपस्या नगरी कसैले केही पाएको देखिंदैन र त्यसैको आधारमा मनुष्यले जे पनि पाउन अथवा चाहेको कुरा गर्न, सक्तछ । यो कुरा सर्वत्र प्रसिद्ध छ । तस्मात् म पनि सत्पुत्र-प्राप्तिको निमित्त तपस्या नै गर्दछु, भनेर प्रजापतिका अधिपति ब्रह्माजीकै आराधना गर्न लागे । ब्रह्माले उनको अभिप्राय बुझेर आफ्नो सभाकी गायिका-अप्सरा पूर्वचित्तिलाई उनी भएमा पठाइ दिए । उनलाई देखेपछि महाराज आग्नीध्रले निकै मजाका ठट्टा-मस्करीका कुरा गरेर उनीसँग विवाह गरे । अन्तमा त्यस अप्सराबाट नाभि, किम्पुरुष, हरिवर्ष, इलावृत, रम्यक, हिरण्यमय, कुरू, भद्राश्व र केतुमाल नामका नौ छोरा जन्मिए । महाराज आग्नीध्रका सद्वीर्यका यी नवै छोराहरू आमाका गुण, रूप, शील-स्वभाव थपिंदा साह्रै नै योग्य भए । पछि त्यो आफ्नो भागमा परेको जम्बूद्वीपको नौ भाग (खण्ड) बनाएर तिनैका नाम जस्ता नाम भएका यिनैलाई अंशबण्डाको रूपमा बाँडि दिए । परन्तु उनको मन भने त्यही अप्सरातिरै लहल्सिरहेकोले वैदिक-कर्मकाण्डको विधानानुसार उसैको (पूर्वचित्तिको) लोक प्राप्त गरे । यता उनीहरूले क्रमशः मेरू-पर्वतकी छोरीहरू मेरूदेवी, प्रतिरूपा,उग्रदंष्ट्री, लता, रम्या, श्यामा, नारी, भद्रा र देववीति सँग विवाह गरेर गार्हस्थ्य-सञ्चालन गर्न थाले ।

भगवान् ऋषभदेवको आविर्भाव

महाराज आग्नीध्रका जेठा छोरा राजा नाभिको सन्तान थिएनन् । पछि उनले यज्ञ गरेर त्यसैको फलस्वरूपमा पुत्र-प्राप्ति गर्छु भन्ने ठानी वैदिक-विधिपूर्वक यौटा महान् यज्ञ गरे । यज्ञ पूर्ण हुंदा-नहुँदै स्वयं जगदीश्वर परमात्मा उनको अगाडि प्रकट भइबक्सियो । सारा झुकेर स्तुति गरे । ऋषिहरूले विन्ती चढाए । प्रभो ! हाम्रा यी यजमान राजा-नाभि सन्तान नभएकोले यसरी यो बाटो प्रभुलाई प्रसन्न गराएर हजुरजस्तो पुत्र प्राप्त गर्न चाहन्छन् । तस्मात् यिनको यो इच्छा पूर्ण पारि बक्स्योस् । तब भगवान्बाट आज्ञा भयो । ऋषि हो ! मै जस्तो त मै यौटै छु । अब कसरी दिउँ ? तस्मात् तपाईंहरूको वचन राख्न म आफैं अंशकला लिएर यी नाभिको पुत्रको रूपमा अवतार लिनेछु । तदनन्तर नाभिराजाकी धर्मपत्नी मेरूदेवीका गर्भबाट स्वयं भगवान् वासुदेव दिगम्बर संन्यासी र ऊर्ध्वरेता महामुनिहरूको धर्म प्रकट गर्न, देखाउन आफ्नो नाम ऋषभदेव राखेर शुद्ध सत्वमय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीविग्रह लिएर अवतरित भइबक्सियो । स्वयं भगवान् यसरी राजा नाभिको पुत्र भएर जन्मि बक्सिए पछि र आफ्नो प्रभाव प्रकट गर्न लागी बक्सिए पछि सुरराज इन्द्रले प्रभुको शक्तिसँग प्रतिस्पर्धा गरेर एकपटक उहाँको भू-भागमा वर्षा गराँउन ठ्याप्पै रोकी दिए । पछि भगवान् ऋषभदेवले त्यसबेला "अजनाभ वर्ष" नामको त्यसवर्ष भरी आफ्नो योगशक्तिद्वारा विपुल वर्षा गराएर सुभिक्ष (सहकाल) ल्याई दिइ बक्सियो । यता राजा नाभि र महारानी मेरुदेवी त्यस्ता महाप्रभुलाई लालन-पालन गर्दै, बाबु, छोरा, इत्यादि भन्दै त्यसै गरेर बस्नमा आनन्द मान्दै गए । निकै लामो समय वितेपछि समस्त प्रजापालन-भार पुत्र ऋषभदेवमै सुम्पेर दुबै राजा-रानी बदरिकाश्रमतिर लागे र भगवान् नर-नारायणको आराधनामै सन्तुष्ट भएर रहँदा-रहँदै यथासमयमा प्रभुमै लीन भए ।

ऋषभदेवको जीवनचर्या

यता ऋषभदेवले त्यसबेला अजनाभ भनिने वर्षको खण्डलाई कर्मभूमि सम्झेर लोकसंग्रहको दृष्टिले पनि पहिले केही कालसम्म गुरुकुलमा गएर चाँहिने विद्या पढेको जस्तो गरी बक्सियो र पछि गुरु-दक्षिणा टक्र्याई गृहस्थ-धर्ममा प्रवेश गर्ने आज्ञा लिइ बक्सियो र सुरराज इन्द्रले टक्र्याएकी सुयोग्य कन्या जयन्तीसँग विवाह गरिबक्सियो । तदनन्तर श्रुति-स्मृतिमा बताए जस्ता अनेकौं सत्कर्महरू गर्दा-गर्दै महारानी जयन्तीको गर्भबाट आफैं जस्ता सद्‌गुण सम्पन्न एक सय छोराहरू उत्पन्न गराइ बक्सियो । यिनमा जेठा छोराको नाम भरत रह्यो । यी ज्यादै ठूला योगी थिए । अब त्यो अजनाभवर्ष उनकै पालादेखि "भारतवर्ष" भनिन लाग्यो । भरतका भाईहरू मध्ये कुशावर्त, इलावर्त, ब्रह्मावर्त, मलय, केतु, भद्रसेन, इन्द्रस्पृक् विदर्भ र कीकट यी नौ भाईहरू अरू नब्बे भाईहरूमा श्रेष्ठ थिए । कवि, हरि, अन्तरिक्ष, प्रबुद्ध, पिप्पलायन, आविर्होत्र, द्रुमिल, चमस, करभाजन, यी नौ भाईहरू महान् ज्ञानी भागवत-धर्मका उपदेशक भए । बाँकी एकासीवटा रानी-जयन्तीका गर्भोत्पन्न राजकुमारहरू पिताको आज्ञा मान्ने विनीत एवं वेदतत्त्वमर्मज्ञ र निरन्तर यज्ञ-यागादि गरिरहने विशुद्ध ब्राह्मण भए । ऋषभदेव भगवान्ले आफ्नो शासनकालमा सयौं-सयौं ठूला-ठूला यज्ञादि गरिबक्सियो । एकपटक उहाँले ठूल्ठूला ब्रह्मर्षिहरू द्वारा विभूषित ब्रह्मावर्त-देशको सभामा सारा प्रजाजनको अगाडि आफ्ना त्यस्ता विनीत र सुशिक्षित छोराहरूलाई सतत्त्वको शिक्षा दिन यसरी निर्देश (सदुपदेश) बक्सियो - नाऽयं देहो, इत्यादि । बाबु हो ! मर्त्यलोकमा यो मनुष्य-शरीर निरन्तर दुःखमय विषय-भोग गर्नाको निमित्तमात्र होइन । यी सुखःदुःख त विष्टा-भक्षी कुकुर-सुँगुर आदिलाई पनि मिल्दछन् । तस्मात् यस्तो मानव-शरीर पाएर यसले दिव्य तपस्या नै गर्नुपर्दछ । यसैबाट शरीर विशुद्ध हुन्छ र अनन्त ब्रह्मानन्द पाइन्छ । इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरतको राज्याभिषेक

अब उहाँले आफ्ना जेठा छोरा भरतलाई सारा प्राणीहरूप्रति अत्यन्त दयालु र भगवान्का भक्त तथा भक्तहरूका पनि भक्त (सेवक) एवं निपुण प्रजापालक देखेर आफ्नो राजसिंहासनमा संस्थापित गरी सारा अभिभारा उनैलाई सुम्पिदिइ बक्सियो र आफूलाहिँ उपशमशील तथा निवृत्ति-धर्ममा रम्ने महामुनिहरूलाई भक्ति-ज्ञान र वैराग्यरूप-भगवत्तत्त्वको सच्छिक्षा दिनको निमित्त केवल शरीरमात्र लिएर घर ब्रह्मावर्त बाट बाहिर निस्कि बक्सियो । हुंदा-हुंदा निरन्तर परब्रह्मानन्दमा मात्र लीन भएर रहँदा उहाँले आफ्नो शरीर दिगम्बर (बिलकुल नाङ्गो) भएको पनि ख्याले गरि बक्सिएन । त्यसबेला उहाँका शिरका केशहरू जतातते छरिएका थिए। पागलकै जस्तो चाल-चलन थियो । लूटो-मूढो, अन्धो, बहिरो, भूत-प्रेत-पिशाचहरूकै जस्तो आफ्नो छाँटकाँट देखाँउदै केवल अवधूत जस्तो भएर जहाँ पायो त्यहीँ जान, घुम्न,लागि बक्सियो । यसरी हिंड्दा-घुम्दा, तत्कालीन दुष्टहरूले सताँउन सम्म सताए । थुके, चुटे, कुटे, विष्टा-मूत्र पर्यन्त फेंकी-फेंकी साह्रै दुःख दिए । यत्ति सम्म गर्दा पनि उहाँ चूपको चूप, निरन्तर महाशान्त ! त्यस समय उहाँ सोचि बक्सिन्थ्यो । यो जनता यस्तै हो, योग-साधनमा महान् विघ्न हो । तस्मात् यसबाट बच्न साह्रै घीन लाग्दो वृत्तिले रहनु पर्दछ । दुर्गन्धले भरिएको हुनुपर्छ । यो गमेर उहाँले अजगर-वृत्ति लिई बक्स्यो । एक ठाँउमा बसेको-बस्यै पाए खाई दिने, दिशा-पिशाब त्यहीँ गरि दिने र त्यसैमा सुति-सुती आफ्नो शरीर सारा त्यसैले पोतिदिने सम्म पनि गर्न लागि बक्स्यो र अन्तमा अनेकौं देश घुम्दा-घुम्दै मुखमा ढुङ्गो च्यापेको- च्याप्पै, ठीक उन्मत्तको जस्तै जगल्टा छरिएको-छरियै बिलकूल दिगम्बर (नाङ्गो-चुङ्गो) को रूपमा कुटकाचलमा पुगेपछि त्यहाँ बाँसहरू जुद्धा निस्केको डँढेलोले उहाँको शरीरलाई विशुद्ध भस्मै बनाई दियो ।

तदनन्तर भस्मास्थि-संचयन गर्न त्यसबेला त्यहाँ पुग्नेहरू निकै-निकै भए र तिनमा विशेषतः तत्कालीन जैनाचार्यहरू जैनधर्म-प्रसारकहरु र अरू उहाँहरूका अनुयायीहरू आफ्नो सुगन्ध द्रव्य द्वारा सुवासित शरीर-सौष्ठवका माध्यमले ऋषभदेव जस्ता महान् ज्ञानी र तपस्वी महाप्रभुको त्यस्तो जुगुप्सित र घृणित मानिने शरीरको एवं आश्रमातीत आचरणको वृतान्त सुनेर पछि गुनेर कुलकाचलका त्यसताकका राजा अर्हत्ले पूर्व-संचित पापको फलरूप-भवितव्यको वशमा परेर आफ्नो त्यस्तो विशुद्ध सनातन-धर्म त्याग गरेर अत्तो न पत्तो त्यस्तै हुन त्यै धर्म स्वीकार गरेका हुन् । तस्मात् हामी तिनैलाई धर्मोपदेष्टा आचार्य मानेर त्यसैको प्रचार-प्रसार गर्दछौं भन्दै जैनाचार्यहरू आधुनिककाल पर्यन्त त्यसै गर्नमा संलग्न हुनुहुन्छ । (हेर्नुहोस् श्रीमद्भागवत पञ्चम-स्कन्धको पाचौं अध्याय) हामी सनातन धर्मीहरूमा र उहाँहरूमा केवल आत्मानात्म्यवादमा मात्र पृथक्ता छ र हामी जैनधर्मी आचार्यहरूलाई उहाँहरू खास वैदिक-धर्मी नै हुनुहुन्छ, भन्दैछौं र त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्वाचरण गरिदिनु हुन आग्रह अभ्यर्थना गर्दैछौं । परन्तु उहाँहरू भने हामीहरूलाई हामी तिमीहरू जस्ता सनातन-धर्मी होइनौ, हामी खास राजा-अर्हत्का अनुसरक जैन-धर्मी हौं ।, हाम्रो धर्म अलग्गै हो, पृथक् हो, आज्ञा हुन्छ । अनि हामी विवश छौं । सबै स्वतन्त्र छन्, विचार स्वतन्त्र छ । सबै सबै काम-कुरा गर्न सधैं स्वतन्त्र छन् । यस स्थितिमा अब गर्नु के ? कसैलाई साम्राज्यवादै मन पर्छ, चाहिन्छ, कसैलाई साम्यवाद उचित ठहर्छ र त्यसैबाट एक- छत्त पार्नु समुचित मानिन्छ । संसारभर क्रान्तिवादले व्याप्त गरिसक्यो र हामी आफ्नो राष्ट्रलाई शान्तिक्षेत्र घोषित गरेर शान्तिवादमै अडिरहेकैछौं । परन्तु उहाँहरू भने यस्तै-यस्ता वादविवाद-वादमै अडिरहनु हुन्छ । यो अहिले देखिको वाद-विवाद होइन, प्राचीनकालदेखिकै बद्दै-बद्दै आएको आत्मघात हो । महान् दुःखको कुरा यो छ कि यस्तोमा पनि, हामीहरूले उहाँहरूको जैनधर्मलाई श्रद्धाको दृष्टिले हेरेर राष्ट्रिय-मान्यता दिंदा-दिंदै पनि हामी हिन्दूवर्गमा हाम्रो वैदिक धर्ममा निरन्तर आक्षेप गर्दै अनेकौं कुरो-कन्थो कोट्याई रहेको सुनिन्छ र भोगिन्छ भने हामीले अनि गर्ने के ? जब कि संसारैबाट वर्ण-धर्म, आश्रम-धर्म, भक्ष्याभक्ष्यविचार एवं गम्यागम्य-विवेक आदि सुदूर समुद्र पारका पश्चिमी राष्ट्रहरूमा पुगिसके, अर्थात् हामीलाई छोडिसके तथापि केही बाँकी छन् भने केवल दुवै लिङ्ग मात्र छन्, यौटा स्त्रीलिङ्ग, अर्को पुरूषलिङ्ग । यिनैद्वारा हाम्रो संसारको सार्वत्रिक क्षेत्रमा स्वतन्त्ररूपले मर्यादा-विहीनतालाई स्वीकार गरेर अनवरत स्वच्छन्द व्यवहार चलिरहेको देखिन्छ । यही साह्रै घीन लाग्दो दुःख छ ।

बौद्धधर्म र जैनधर्मको स्वतन्त्रता

●

यस्तो अवस्थामा पनि जैन-धर्मीहरू बौद्धधर्मीहरूका साथै हाम्रो सनातन-वैदिक-धर्म-संस्कृतिलाई होच्याँउदै हाम्रै ठूलो हो भनेर कुर्लन्छन् र हामी त्यसको बदलामा तं-छाड्, मछाड् गर्दै उनीहरू संग निरन्तर कुम (काँध) जोर्न जान्छौं, यसै धर्ममा लाग्नु पर्दछ भन्दछौं र उनीहरू हाम्रोमा मिल्न आओ भन्दैछन् भने यी व्यर्थका अनर्थजनकै कुरा हुन् कि ? जस्तो लाग्दछ । इतिहास यही हो, यसै भन्दछ । अनि के-को वाद-विवाद ? देशको साथै हामी देशवासी पनि संबैधानिक हिन्दू-धर्म-सापेक्ष भएकाले यत्ति सम्मको गुनासो गरि राख्नु समुचित मानेर गरिएको हो । जो अपरिहार्य सनातन-धार्मिकता संग सम्बद्ध छ ।

हाम्रो र जैनधर्मीहरूको भिन्नता के-के कुरामा कति-कति छ ? यी कुरा त हामी सनातन-धर्मीहरूलाई राम्रैसंग अवगत भइरहेकैछ । गीतामा श्रीकृष्णको विचार यस्तो छ । हामी निम्नांकित विचारमै समाश्रित छौं ।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत् सर्वकर्माणि विद्वान् युक्तः समाचरन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै सच्छिद्रा उहाँहरूले हामीहरूलाई पनि दिनु पर्ने हो । त्यस्तो पाइँदैन । केवल सप्तभङ्गी-स्याद्वादको आधारमा त्यो तथासंस्तुत परब्रह्म-परमात्मा, छैन कि, छ कि, हो कि, होइन कि, अस्ति वा नास्ति वा जस्तो दोधारे-नीतिमा निरन्तर दोठ्याइङ्खाने स्थितिमा त्यस्ता कुरालाई आफ्नो सिद्धान्त मानेर हामी जस्ता सनातन- धर्मीहरूको अगाडि राख्तैमा हामीले स्वीकार गर्ने पो कसरी ? जैन-धर्म बौद्ध-धर्म त्यसैबेलादेखि केही वैचारिक पृथक्तामात्र लिएर ईश्वरसत्तामा वास्ता-व्यास्ता र दृढास्था राख्ते नराख्ने समान-धर्मी भएर जन्मेका झण्डै-झण्डै जुम्ल्याहा जस्ता एकै पेटका दाजुभाई हुन् । यौटा दाहिने हात हो भने अर्को देब्रे हात हो । उपस्थापित पौराणिक वाक्य "बुद्धो नाम्नाऽजिनसुतः कीकटेषु-भविष्यति" भन्ने भविष्यति क्रियापदले "पछि हुनेछ" भन्ने स्पष्टै देखिएकैछ । तस्मात् हामी त्यही आफ्नो धर्ममा अड्छौं, जब गीतापाठ गर्दा यस्तो लेखेको पाउँदैछौं ।

श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥

यी अ-आफ्ना धर्मका विषयमा सांकेतिक रूपले भनिएका यत्ति कुरा नै प्रशस्त छन् । आवश्यक सम्झिएमा तल आधुनिक कालमा भनौंला । किनकि ? जब यहाँ पनि सनातन हिन्दूधर्म-सापेक्ष देश भएर पनि निरपेक्ष जस्तो, कस्तो-कस्तो सर्वधर्म समन्वय-राष्ट्र भइ हाल्ला कि, जस्तो स्थितिको देखिंदैछ ।

भारतवर्ष र भरतखण्ड

●

प्रिय पाठकवर्ग ! तथासंस्तुत एवं परब्रह्मरूप-ऋषभदेवको शासनकालमा वर्तमान भारतवर्षको नाम "अजनाभ वर्ष" थियो भन्ने कुरा अलि माथि पढियो । जब उहाँका जेठा छोरा महाराज भरतले ज्येष्ठ-श्रेष्ठ उत्तराधिकारीको क्रमले राज्यशासन भार आफ्नो हातमा लिए, त्यसबेला देखि उपर्युक्त अजनाभ-वर्षको नामै भारतवर्षको नाममा परिवर्तित भयो । यसको पनि अंशबण्डा गर्दा, खण्ड-खण्ड गरी भाग लगाउँदा महाराज भरतको भागमा परेको खण्डलाई "भरत-खण्ड" भन्न थालियो । यो कुरा हामीले प्रतिदिन भनिने पढिने हरि ॐ .... जम्बूद्वीपे भारतवर्षे भरत-खण्डे आर्यावर्तान्तर्गते हिमवत्पर्वतैकदेशे पशुपत्यादिराष्ट्रदेवदेवीनां सन्निधाने नेपाल-देशे ....स्थाने........................ग्रामे वा इत्यादि शब्द-पद-संयुक्त, संकल्प-वाक्यबाटै स्पष्ट देखिंदैछ । मैले पनि ग्रन्थारम्भमै आफ्नो संकल्पमा उल्लेख गरेकैछु । तस्मात् राजनीतिक-दृष्टिकोणले विभक्त नभएको अवस्थाको हेराईले हाम्रो यो राष्ट्र पनि समग्र भारतवर्षको भरतखण्ड भित्रै पर्दोरहेछ र त्यसो भन्ने गरी आएका रहेछौं, जो नेपालबाट भारत छुट्टिएर विभक्त भएको अवस्थाको कालदेखि अहिले सम्म पनि त्यस्तै भन्दैछौं र पछि सम्म पनि भनिरहेनेछौं । यो प्राक्तनकालीन-स्थिति हो र यसमा वर्तमानकालको राजनीतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्ध सम्म पनि छैन । पाठक ध्यान दिने नै छन् ।

राजर्षि-भरतको जीवनचर्या र देहत्याग

त्यसपछि राजर्षि भरतले विश्वरूपकी सुपुत्री पञ्चजनीसँग विवाह गरेर उनी बाट पाँचोटा सुपुत्र उत्पन्न गराउनु भयो । यिनको नाम सुमति, राष्ट्रभृत्, सुदर्शन, आवरण र धूम्रकेतु थियो । तदनन्तर दया-वात्सल्यादिको आधारमा प्रजा-परिपालन आदि गर्दै ठूलठूला अनेकौं यज्ञ-यागादि द्वारा भगवान् वासुदेवलाई सुप्रसन्न पार्दै - "विना इच्छा छोड्नै पर्ने यो शरीर इच्छैले किन नछोड्नु" भन्ने सद्विचारले आफ्नो भागको सारा श्री-सम्पत्ति छोराहरूमा यथावत् भागबण्डा लगाई दिएर, ल बाबु हो ! अब राम्रोसँग प्रजापालन गरेर यसको उपभोग गर है । भनेर उनीहरूको अनुमति लिई आफ्नो राजधानीबाट सरासर पुलहाश्रम (हरिहराश्रम) पाल्नु भयो । हामी यस ठामलाई हाम्रै काली-गण्डकीको तीर भन्दछौं । यसको उद्गमस्थानमा भगवान् मुक्तिनाथ राजहुन्छ । यहांको कुण्ड "दामोदर कुण्ड" भनिन्छ र शालिग्राम-शिलाहरू विशेषतः भित्र-बाहिर पनि अनेकौं रूपका चक्रो-चक्रले परिपूर्ण भएका पाइन्छन् र यहींबाट बहँदा-बहँदै तलतिर आइपुग्छन् । यहीं स्थिरासन गरी बसेर अनेकौं वर्षपर्यन्त तपस्या गरी प्रति प्रातः, मध्यान्ह एवं सायं यो गायत्रीपरक महामन्त्र जप गर्न लाग्नु भयो ।

ॐ परोरजः सवितुर्जातवेदो देवस्य भर्गो मनसेदं जजान ।
सुरेतसादः पुनराविश्य चष्टे हंसं गृध्राणं नृषद्रिङ्गिरामिमः ।। भा ५।७।१४

भगवान् श्रीसूर्यको कर्मफलदायक तेजःपुञ्ज प्रकृति (माया) बाट पनि धेरै परको छ । त्यसैले आफ्नो सत्संकल्पद्वारा यो विश्व-ब्रह्माण्डको उत्पत्ति गरिएको हो । त्यही सतत्त्व अन्तर्यामीरूपले यसमा प्रविष्ट भएर आफ्नी चैतन्यमयी-शक्तिका माध्यमले विषय-भोगादिमा निरन्तर लुब्ध यी जीवहरूको रक्षा गर्दछ । हामी त्यही सद्बुद्धिका प्रवर्तक सुमहत् तेजको स्तुति गर्दछौं, त्यसैको शरण पर्दछौं ।

यसपछि उहांको पाञ्चभौतिक-पिण्ड (शरीर) काल (समय) ले योटा मृग-शिशुको लालन-पालनमा फंसाएर, त्यसैको स्नेह-वासनामा लहस्याएर यथासमयमा विलुप्त गरायो । यता प्रारब्धकर्मको साथै सञ्चितकर्मको अवशिष्टताले उहाँले पुनः मृगै भएर जन्मनु पऱ्यो । परन्तु त्यस जन्ममा पनि उहांको त्यस्तो पूर्वजन्म-स्थितिको उच्चतम स्मृति यथावत् रहिरह्यो । अन्तमा तीर्थको पावनतम जलमा आधा शरीर डुबाएको-डुबायै त्यस जुनिबाट पार पाउनु भयो । त्यसबेला उहांको श्रीमुखबाट यो पद्य निस्किएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

यज्ञाय धर्मपतये विधिनैपुणाय योगाय सांख्यशिरसे प्रकृतीश्वराय ।
नारायणाय हरये नम इत्युदारं हास्यन् मृगत्वमपि यः समुदाजहार ।।

राजर्षि-भरतको ब्राह्मणत्व प्राप्ति र ब्रह्मलीनता

पुनः कालान्तरमा पूर्वोद्दिष्टकारणवशात् अङ्गिरस-गोत्रका कुनै ब्रह्मर्षिकी कान्छी पत्नीको गर्भबाट जुम्ल्याहा पुत्र-पुत्रीको जन्म भयो । यो जोडीमा पुत्र भएर जन्म लिने साक्षात् महाभागवत राजर्षि भरतै होइबक्सिन्थ्यो । अवधूत धुस्रे-फुस्रे देखिने, बौलाहा जस्तो, चिन्है गाह्रो पर्ने जस्तो, कस्तो कस्तो यही ब्राह्मण-जन्ममा उहाँले तत्कालीन सिन्धु-सौवीर देशका सम्राट रहूगणलाई ब्रह्मज्ञानको विशद उपदेश दिएर सांसारिक-वासनामुक्त गराइ बक्सियो र आफूले पनि यथासमयमा ब्रह्मलीनता प्राप्त गरिबक्सियो ।

संस्मरणार्थ उद्बोधन

प्रिय पाठकवर्ग ! अब म यो प्रसङ्ग टुंग्याएर अर्कैतिर लाग्दछु । लाग्नु पर्ने कारण यही पर्‍यो कि - प्राचीन पाश्चात्य विद्वान्मात्र होइनन् कि आधुनिक कतिपय पूर्वीय विद्वान्हरू पनि उतैतिरको सिद्धान्तानुसार आर्यत्वको उद्भव-स्थल सिन्धु-घाटीका वरपरका देशहरू मोहन-जोदडो, हरप्पा, सुमेरु, कीकट, द्रविड, वेबिलोन आदि नै हुन् । यतैबाट शिक्षा-संस्कृति-सभ्यता आदि लिएर आर्यहरू सर्वत्र विश्वभरी फैलिएका हुन् "तस्मात् मुख्य थलो यही हो र यहींका हामीहरू आर्य हौं" इत्यादि भन्ने गर्दैछन् । जस्तो कि केही अगाडिमात्र आफ्नो चोला बदलेका इराने शाहँशाह आफूलाई "आर्यमेहेर" यो उपाधिले परिभूषित भइरहेको घोषित गर्दथे । त्यतातिरका अरू इराकी ईरानी अफगानी आदि साना-ठूला राष्ट्रहरू पनि अझै पनि त्यो उपाधि-ग्रहण गर्न जमर्को कसिरहेका देखिंदैछन् भने त्यस्ता आर्य-महानुभावहरू को को रहेछन् ? आर्यत्वको लक्षण (सींग-पुच्छर) के-के कस्ता-कस्ता रहेछन् एवं के कस्ता काम-कुरा गर्दा त्यो आर्यत्व कायम हुंदो रहेछ ? त्यस्ता व्यक्तिहरू कहाँ- कहाँ पुगेर कसरी त्यो आर्यत्वको र वैदिक सनातन-हिन्दूधर्मको प्रचार-प्रसार एवं परिबर्धन गरे ? यी सब कुरा देखाउन, प्रतिपादन गर्नकै निमित्तको यो लेखकको उपक्रम हो भन्ने कुरा संझी-बुझी राखे बेस होला कि ? एवं तल लेखिने, देखाइने स्थिति बुझ्न हामी भारतवर्षीय निवृत्ति-परायण शान्तिप्रिय व्यक्तिहरू माथि लागि रहेको र पछि लाग्न सक्ने वृथापवाद निराकरण गर्न अथवा त्यस विषयमा प्रामाणिक ढंगले प्रतिबोधन गराउन हामी पनि पूर्णरूपले समर्थ हुने थियौं कि ? भन्ने सम्मको मात्र यो प्रयत्न हो । प्रसङ्गवश यी कुरा ग्रन्थान्त सम्म पनि आउन सक्ने नै छन् । अझै अघि बढौं, दरो जरो समातै जाऔं । अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिश्चक्राधिष्ठाता भगवद्भक्त ध्रुवको जन्म-कर्मादि

स्वायम्भव मनु महाराजका दुई छोरामध्येका जेठा सुपुत्र राज-राजेश्वर श्री प्रियव्रतको यो वंशीय चरित्रवर्णन माथि भनिए जसरी टुङ्गो लगाएर अब म उनका कान्छा सुपुत्र श्री उत्तानपाद महाराजको वंशीयचरित्रवर्णन अत्यन्त संक्षेपमा देखांउदछु । जुन हाम्रो वैदिक-धर्मको शाश्वतकर्मको प्रवर्धक र विस्तारक भनेर प्रशंसित हुंदै आएकोछ ।

महाराज उत्तानपादको दुई पत्नी थिए । जेठी सुनीति र कान्छी सुरूची । यिनमा जेठी भन्दा कान्छी राजाकी निकै प्यारी थिइन् । यिनबाट जन्मिएको यौटै छोरो थियो उत्तम नामको । जेठीपट्टिका सुपुत्र ध्रुव थिए । यिनमा पितृस्नेह कमै थियो । एकदिन बाबुको काखमा बसेर पितृबात्सल्य-सुख म पनि भोगि हालूं न त, भाई उत्तम दाहिनेतिर बसेर खेल्दैछ भने म देब्रेतिरको काखको भागमा गएर बस्छु, भनेर त्यसै गर्नमात्र के लागेका थिए, ठीक यसैबेला कान्छी मुमा-बडामहारानीले उनलाई रोक्तै भनिन्- ए ध्रुवे ! त्यो तैंले बस्ने ठांउ होइन, बुझिस् । त्यहां बस्न त घनघोरको तपस्या गरेर भगवान्लाई प्रसन्न पारेर फेरि मेरो कोखबाट जन्म लिन सकिस् भनेमात्र तं आफ्ना बुबाको त्यस्तो काखमा बस्न पांउनेछस् । जा, पर जा, निक्ली जा । यति कान्छी आमाका श्रीमुखबाट निस्किएका कुरा सुने पछि उनी रूंदै-रूदै आफ्नी आमाकहां आएर ती सबै कुरा सुनाए ।

पछि देवी-सुनीतिले यसो भनिन् बाबु ध्रुव, मेरो प्राण ! तिम्री कान्छी आमाले भनेको कुरा अक्षरशः सत्य हो बाबा ! जोसुकै व्यक्ति होस्, यदि सर्वोच्च-स्थान प्राप्त गर्न खोज्दछ भने त्यसले सर्वोच्च शक्तिमान् भगवान्कै आराधना एवं तपस्याचरणादिले त्यो महाप्रभुलाई नै प्रसन्न पारेरमात्र प्राप्त गर्न सक्तछ । यी कुरा अहिले देखि नै विचार गर्ने गर है बाबा ! यति भनेर आमा चूप हुन नपांउदै उनी तुरून्त जङ्गल पसेर त्यसै गर्ने अठोट लिएको-लियै घरबार सारा छोडेर उतैतिर हिंडि-हाले । बीचबाटोमा अकस्मात् उनको प्राक्तन-संस्कारद्वारा आकर्षित भगवान् देवर्षि नारदज्यूसंग भेट भयो र उहांले त्यो पांच वर्षे बालकको छांट-कांट एवं अभिप्राय बुझेर तीनछक्क पर्दै आज्ञा भयो - ओहो, मेरा प्रिय राजकुमार बाबू ! क्या हो ? कता हिंडेको ? किन हिंडेको ? भन त बाबा ! तब उनले जस्ताको तस्तै सारा कुरा उहांको श्रीचरणमा बिसाई दिए । त्यसपछि उहांले आज्ञा भयो । ए भगवत्तत्त्वमा सुदृढ आस्था राख्ने बालक ! तिमी केटाकेटी होइनौं टेका-टेकी पो रहेछौं हकि ? यसैले त यतापट्टि पनि टेक्तै हिंड्न लागेका रहेछौं । ठिक्कै हो, तर बाबु ध्रुव ! सुन त, मेरो पनि निकै-निकै जन्म बिते, त्यै बेला देखि म पनि त्यसै तत्त्वको खोजी गर्दै यो विश्वब्रह्माण्ड यसरी चहार्दैछु । तर भेट्न वा पांउन सकेको छैन । अब के तिमी त्यसैलाई पांउने वा भेट्ने आशा राख्तै जङ्गल पस्तैछौं ? ठीक छ, पस, तर सम्झि राख है । मेरो विचारमा त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

द-नं.१८३४२

तत्त्व त साह्रै दुराराध्य (सुसंयत भएर निरन्तर आराधना उपासना-गर्दा पनि खुशी पार्नैं नसकिने) छ नि, होस् गर है ! (यो कुरा बालक ध्रुवका हृदयको सद्भाव र बालक त्यस तत्त्वप्राप्तिको लागि अधिकारी छ, छैन ? यो ठमाउन नै उहाँले प्रश्नको रूपमा ध्रुवको अगाडि राखि दिइ बक्सिएको थियो) ।

महामन्त्रोपदेश

जब त्यसमा पनि बालक अड्यो, तब उहाँको हृदय साह्रै गद्गद भयो । तदनन्तर यो महान् मन्त्र "ॐ नमो भगवते वासुदेवाय" त्यसबेलामा निरन्तर जप्ने गर है, राजकुमार बाबु ! भनेर कान फुकि दिएर एकातिर लागि बक्सियो । अधिकारी शिष्य जङ्गलतिर पस्यो र त्यसपछि जो भयो सबै हामी हिन्दूहरूलाई ज्ञान भएकै कुरा हो । अन्तमा विश्व-ब्रह्माण्डको सर्वोच्च शिशुमार-चक्रमा संस्थित गराउन दैवी-शक्तिले विमान पठाउदा उहाँले आफ्नी सर्वोत्तम पतिधर्म-पालिका माता देवी-सुनीतिलाई अघिल्लो विमानमा राज भएर सत्कर्म फल भोग गर्न सवारी भएको देखि सके पछि मात्र आफू उपर्युक्त स्थानतिर गएको र त्यहीं राज भएको कुरा हामी सबैलाई राम्रैसंग बोध भइरहेकैछ ।

द्रोहको फल

यता कान्छी बडामहारानी सुरुचिज्यूका छोरा उत्तम, अलिल क्रूरविचारका थिए र शिकारै मात्र खेलिरहन्थे । एकदिन शिकार खेल्न वनभित्र पस्ता यौटा यक्षले उनलाई मारी नै दियो । त्यसैका पीरले बडामहारानी पनि संगै मरिन् । आफ्नो त्यस्तो आदर्श यहीं छोडेर गइन् ।

आदिराज पृथु र अर्चिदेवीको उत्पत्ति

आफ्नो धाममा जानु भन्दा अघि शासन-कालमा महाराज ध्रुवले शिशुमारकी सुपुत्री-भ्रमि संग विवाह गरेर उनबाट कल्प र वत्सर नामका दुई छोरा उत्पन्न गराएका थिए । पछि उनको विवाह वायुदेवकी पुत्री इला संग पनि भयो र उनबाट यौटै पुत्र जन्मिए । यिनको नाम रह्यो उत्कल । यिनको आत्माले घर-गृहस्थीमा फस्न नमान्दा उनी निवृत्तिकै मार्गतिर लागे । त्यसपछि उनका भाई वत्सरले राज्य चलाए । यिनैका वंशधरमा वेन जस्ता अलिल खराब विचारका राजा भए । धेरै टिक्नै सकेनन् र प्रजाको आक्रोशद्वारा त्यसै बिलाए । यता राजा नभएको राज्यमा हाहाकार उठ्यो । पछि तत्कालीन ऋषि-मुनिहरूले आफ्नो अलौकिक वैज्ञानिक-प्रतिभाले उनको मृत-शरीर बाट अविलम्ब सारतत्त्व निकाले । परन्तु त्यो केवल पापांशको राशिमात्र निस्किएछ । पछि म के गरूं ? के गरूं ? भन्न थाल्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँहरूबाट आज्ञा भयो निषीद, निषीद ! (बस ! बस !) यसैले यसलाई "निषाद"भन्ने नाम राखिदिए । पुनः मनोयोगपूर्वक त्यस मृतकको सारतत्त्व-एकत्रित बाहुयुगल, मथ्ता त्यहाँबाट यौटा स्त्री-पुरुषको जोडी निस्कियो । पुरुष-लिङ्गीमा आदिराज महाराज पृथु नै थिए र स्त्रीलिङ्गीमा महारानी अर्चि थिइन् । यिनलाई देख्ता त्रिकालज्ञ व्यक्तिहरूले "उनीहरूलाई यी धरामातालाई यो अराजकताबाट बचाऊ, राज्यशासन सँभाल" भने । यता यी दुइका रूप-रेखा र लक्षण देख्ता सारा जनता साह्रै प्रसन्न भएर उनका भावि-सत्कर्मको प्रशंसा गर्न लागे । तर पृथुले उनीहरूलाई बीचैमा रोक्तै यसरी भने - पहिले काम गर्न देउ । अनिमात्र यस्तो राजा, उस्तो राजा, भन्न थाल । इत्यादि ।

पृथुको पृथ्वी-दोहन

●

तदनन्तर राजाले राज्यको स्थिति हेरे । जुनसुकै विषयमा पनि भताभुङ्ग भइरहेकोछ । जनता साह्रै दरिद्र छन् । भोका-नाङ्गा छन् । यसको कारण खोज्दा कालको प्रभावले दुराचारीहरूले साह्रै पिरिएकी पृथ्वीले सम्पूर्ण खाद्यपदार्थहरू र आवश्यक विषयका उपभोगका वस्तुहरू सबै आफैंमा दबाई-छिपाई सकेकी रहिछन् । यसैले यस्तो भएको रहेछ, भन्ने पत्ता पाए । त्यसपछि धरणी-माता प्रति जाइलाग्दा तत्काल गौमाताको रूप धरेकी पृथ्वीले यसो भनिन्-राजन् ! तिम्रा सारा जनता साह्रै दुराचारी एवं भ्रष्टाचारी भएकाले नै मैले यसो गर्नुपरेको हो र गरेकी हूँ । अब मलाई तिमी यथेष्ट-रूपले दोहन गर । म बाट झिक्न सकेसम्मको वस्तु वा पदार्थ झिक, निकाल । यत्ति भने पछि राजा स्वयंले र अरू ऋषि-मुनि साथका जनताले पनि पृथ्वीको दोहन गरेर यथेष्ट-वस्तुहरू निकाले । त्यसपछि सर्वशक्ति-सम्पन्न राजाले जतातते अग्लो होचो डांडा-कांडाले भरिएकी पृथ्वीलाई आफ्नो धनुको टुप्पाले नै धेरैजसो सम्म (बराबरीकी) पारिदिए । अपवाद-रूपमा सम्याउन बांकी रहेका गिरि-शिखरहरू मध्यको सर्वोच्च गिरिकूट-सागरमाथा हाम्रै नेपाल-राष्ट्रको राष्ट्रिय महत्ता-प्रदर्शित गराइ रहेकैछ ।

प्रजा व्यवस्थापन र सीमांकन

●

यत्ति गरेर प्रजाहरूको व्यवस्था मिलांउन शासन सुगमरूपले चलांउन र पछि सम्मलाई राम्रो दीगो हुने पार्न, यिनै महाराज पृथुले गाउं, शहर, पत्तन, दुर्ग, गोपालन-स्थान, गोपनिवास-स्थल, एवं आकर (भूगर्भस्थ- निधि) उपनगर, पहाड तलतिरका ठाउँ (बेसी) आदिको सीमा-बद्धरूपले नामाकरण गरी प्रजाको संस्थापनपूर्वक शासन गर्दै गए । यस अघि यत्ति राम्रो व्यवस्था मिलेको शासन थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथु राजाद्वारा अश्वमेध-यज्ञ सम्पादन, एवं अनेकौं पाखण्ड-धर्मको उत्पत्ति

त्यसपछि राजा पृथुले अनेकौं यज्ञ सम्पादन गरे । उनान्सयौं अश्वमेध-यज्ञ समाप्त भयो । पछि सयौं पु-याउन गरिएको अश्वमेध-यज्ञमा अर्काको महत्ता बढ्ला, मेरो घट्ला भन्ने ईर्ष्यालु दृष्टि लिई रहने देवराज इन्द्र "ए यो म भन्दा निकै ठूलो ख्यातिमान् हुन पो लाग्यो" भन्ने तुच्छ-विचारले यज्ञार्थ छोडिएको मुख्य घोडा नै हरेर दौडियो । यसबेला त्यो इन्द्रले स्वयं डराएर, कसैले नचिनुन् भनेर कवच पैहिएको जस्तो छल गरी पाखण्डी-रूप धरेको थियो । यो कुरा त्यस यज्ञमा आचार्यत्व स्वीकार गर्नु भएका ऋषिराज अत्रिले देख्नु भयो र महाराजाधिराज पृथुका सुपुत्रलाई तत्काल आज्ञा दिनु भयो - "जाउ, त्यसलाई ठोकेर तुरून्त आफ्नो घोडा फर्काएर ल्याउ" । राजकुमार आकाशतिर दौडिए । त्यसबेला इन्द्रले आफ्नो शिरमा राम्रो जटाजूट बाँधेको थियो । यता शरीरभरी भस्मै-भस्म दलेको थियो । त्यसको त्यस्तो रूप देखेर उनले त्यसलाई साक्षात् मूर्तिधारी धर्मै हो भन्ने ठानेर आफ्नो चुक्तै- नचुक्ने बाण छोड्नै सकेनन् र त्यसै फर्केर आए । यस्तो देखेपछि महर्षि अत्रिले फेरि उनलाई आज्ञा भयो । राजकुमार बाबू ! यो देवगण-मध्यमा साह्रै नीच इन्द्रले तिम्रो यत्रो यज्ञमा ठूलै विघ्न पा-यो । यो मायावी हो । तस्मात् तुरून्त यसलाई मारि हाल । यस्तो आज्ञा पाए पछि फेरि राजकुमार त्यसैलाई झम्टिन पुगे । अन्तमा केही नलागेर त्यस्तो वेष (भेष) र त्यो घोडालाई त्यहीं छोडी इन्द्र तत्क्षणमै अन्तर्ध्यान (विलुप्त) भयो । घोडा लिएर उनी फर्किए ।

राजकुमारको यस्तो पराक्रम देखे पछि देख्नेले उनको नामै विजिताश्व (घोडा जित्ने) राखि दिए । परन्तु उता इन्द्रले सहनै सकेन र यज्ञ-मण्डपको चारैतिर अन्धकारै-अन्धकार फैलाइ दियो । यसैबेला पुनः त्यसले यूप(मौलो) मा बाँधिई सकेको घोडालाई लुकी-छिपी सिक्री समेतै हरेर लग्यो । महर्षि अत्रिको दृष्टि पुनः त्यसमाथि पऱ्यो र पृथु-कुमारलाई यसरी आज्ञा गर्नु भो । के हेर्छस् ए ! ठोक बजियालाई । अब आंखा गाडेर यसो हेर्दा उनले देखे (खप्पर) र खट्वाङ्ग लिएको रूप छ, तस्मात् यस्तो धार्मिक पुरूषलाइ मार्नै हुँदैन, भन्ने भ्रामक-विचार उब्जिएकोले उनले केही गरेनन् । यसपछि पनि उनलाई महर्षिले प्रेरणा बक्सियो र यस्तो पाजीलाई मारि नै दिन्छु भन्ने ठानी धनुमा बाण चढाए । अब उनको चर्को रूप देखेर इन्द्र आफ्नो त्यस्तो रूप र यज्ञको घोडा पनि त्यही छोडी आफू त्यहींको-त्यहीं बिलायो । उनी घोडा लिएर फर्किए । उता त्यो इन्द्रले पहिले धरेको र पछि छोडेको रूप जो पाखण्डको खण्ड-खण्ड थियो, त्यसैलाई हामी पाखण्डधर्म र यी धर्म मान्नेहरूलाई पाखण्डी ठान्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै हामी वैदिक-धर्मीहरू पनि त्यसले खाउला, पाउला भन्ने द्रोहले इन्द्र जस्ता महत्त्वशाली व्यक्तिले त्यसबेला अनेकौं पटक लिएका र छोडेका ती ती नग्न रक्ताम्बर एवं कापालिक आदि पाखण्डपूर्ण आचार-विचारमा रमाउनेहरू पट्टि लहस्सिएर यिनै सिद्ध- महात्मा हुन्, साक्षात् धर्मकै मूर्ति हुन्, भन्ने ठमाउने सांसारिक मनुष्यहरूको बुद्धि त्यस्तै-त्यस्ता भ्रममा मोहित भइरहेको देख्तैछौं । किन कि ? यो नास्तिक-मत (सिद्धान्त अथवा पन्थ) यसो हेर्दा ज्यादै राम्रो र गर्न सजिला जस्ता देखिन्छन् र अनेकौं नचाँहिदा तर्कले, जुक्तिले साँच्चै हुन् क्या रे ? भन्ने जस्ता चतुर्याईं, फट्याईं भरिएका आफ्नै लक्ष्यतिर ढल्काँउने, फसाउने मात्र हुन् । अतः यो वस्तुस्थिति बाट यो वातावरणै बाट हामी सनातन धर्मी आर्य-हिन्दूहरूले यस्तो आफ्नो वैदिकधर्ममा लाग्नुमा नै श्रेय र प्रेय दुवै प्राप्य छन्, भन्ने सत्य-स्थितिको राम्रो बोध प्राप्त गर्नुमा नै श्रेय हुन्छ भन्ने ठान्नु पर्दछ । यसरी हाम्रो धर्ममा आघात पार्ने यस्ता पाखण्डी-धर्म त्यसैबेला देखि नै संसारभरी फैलिंदै आएका छन् ।

यस प्रसङ्गबाट जम्बा तीन कुरा यस्तो हुनुपर्छ, भनेर स्पष्टै देखिए । पहिलो राजसत्ताको महत्ता, दोश्रो पाखण्ड-धर्मको निरसनीयता, तेश्रो मन्त्रद्रष्टा ऋषिहरूको सुयोग्यता र सत्पात्रता । यसैकारण उनीहरूले वैदिकध्वनिमा यसरी उद्घोषणा गर्दै आएका हुन् "वयं राष्ट्रे जागृयाम पुरोहिताः" हामीहरू आफ्नो राष्ट्रमा ए राजा ! तिम्रो निमित्त हित-कल्याण चिताँउने भएर निरन्तर तत्पर हुँदै जागरूक (सतर्क) भइ रहनेछौं । इत्यादि ।

तदनन्तर राजाधिराज पृथुका त्यस्ता सुपुत्र विजिताश्वको वंशविस्तार वैदिक धर्मपालक आर्य-महापुरूषहरूको समूहका समूह लिएर साह्रै राम्रोसँग संसारभरी व्याप्त हुँदै गयो । पछि-पछि यसै वंशमा ठूला-ठूला यज्ञ यागादिका कर्ता सत्कर्मादिका रक्षिता एवं प्रजादुःखहर्ता वैदिक धर्मप्रसार-प्रचारकर्ता महापुरूषहरूले तदनुसारको अ-आफ्नो कार्य परिपूर्ण गर्दै गए । यसरी आदिकालानुगत पावनतम यो शाश्वत वैदिक-धर्म समस्त संसारव्यापी हुँदै आयो र शाश्वत-शान्तिप्रद भएर रह्यो।

मनुकी जेष्ठ सुपुत्री आकूतिको विवाह र वंशवर्णन

स्वायम्भुव मनु-महाराजकी महारानी शतरूपाका गर्भबाट तीन छोरी आकूति, देवहूति र प्रसूति जन्मिएका थिए, भन्ने उल्लेख भएकैछ । तिनमध्येकी जेठी छोरी आकूतिलाई आफ्नी धर्मपत्नीको अनुमति लिएर ऋषिप्रवर-रूचि सँग विवाह गरिदिए । त्यसमा प्रण यस्तो थियो कि, ऋषिवर ! तपाँईहरू बाट जो पहिलो पुत्र होला, त्यो हामीलाई दिनु पर्नेछ । छोरी भइन् भने तपाँईहरू नै राख्न सक्नु हुनेछ, इत्यादि । कालान्तरमा यिनै दम्पतीबाट यौटा जुम्ल्याहाको उत्पत्ति भयो र त्यसमा पुत्रको नाम यज्ञ रह्यो, जो साक्षात् यज्ञस्वरूपी भगवान् विष्णु नै भइ बक्सिन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDT

पुत्री उनैसँग कहिल्यै न छुट्टिने देवी लक्ष्मी नै थिइन् र उनको नाम रह्यो दक्षिणा । प्रण अनुसार पुत्र (आफ्नो दौहित्र) चाहिं मनुले आफ्नो घर ल्याएर पालन-पोषण गरेर राखे । कन्या चाहिं बाबु-आमाकै घरमा शुक्लपक्षकै चन्द्रकला सदृश बढ्दै गइन् । पछि सबैको स्वीकृतिले यी दुबै वर-बधू हुन पुगे । कालान्तरमा यिनबाट बाह्र ओटा सुपुत्र जन्मिए । यिनको नाम सुन्ने पर्छ । के कस्ता रहेछन्, बुझ्ने पर्छ । ती यिनै हुन् - तोष, प्रतोष, सन्तोष, भद्र, शान्ति, इडस्पति, इध्म, कवि, विभु, स्वन्ह, सुदेव र रोचन । यी बाह्रै नाम निकै सार्थक छन् र साह्रै मिल्दा-जुल्दा छन् । अन्धाको नाम कमललोचन जस्तो र दरिद्रनाथको नाम लक्ष्मीनाथ जस्तो अमिल्दा होइनन् । यिनै मनु र शतरूपाका छोरा-छोरी नाति-नातिनी पट्टिका सन्तान-दरसन्तान र तिनका पनि पींढीका-पींढीले यो अचेल विश्व भनिने सारा संसारमात्र नभएर अनन्त विश्व-ब्रह्माण्डै भरियो । यी हुन् हाम्रा वैदिक इतिहासका कुरा, जो आधुनिककाल सम्म पनि सत्य-तथ्य पूर्णरूपले कायमै छन् र सबैले मानिएकै छन् ।

मनु-महाराजकी माहिली सुपुत्री देवहूतिको वंशवर्णन

मनु महाराजले माहिली सुपुत्री देवहूतिलाई ऋषिवर कर्दमजीसँग विवाह गरि दिए । यिनबाट एक पुत्र र नौओटी पुत्रीहरूको जन्म भयो । छोरा साक्षात् भगवदंशावतारी सांख्यशास्त्रको सिद्धान्तका प्रवर्तक एवं प्रसारक भगवान् कपिलदेव नै होइबक्सिन्थ्यो । उहाँले नै सर्वप्रथम आफ्नी आमा देवहूतिलाई त्यो शास्त्रको महत्त्व खोली सदुपदेश बक्सियो । उहाँका नवैओटी दिदीहरूको विवाह ऋषि-कर्दमले विशिष्ट ऋषिहरू सँग गरि दिनु भयो । जेठी छोरी कला, मरीचि ऋषिलाई र दोस्री अनसूया अत्रिलाई, तेस्री श्रद्धा अङ्गिरालाई एवं चौथी हविर्भू पुलस्त्यलाई, पाचौं गति पुलहलाई, छैठौं क्रिया क्रतुलाई, सातौं ख्याति भृगुलाई, आठौं, अरून्धती वसिष्ठलाई र नवौं कान्छी छोरी शान्ति, ऋषि-अथर्वालाई शास्त्रीय विधिवत् सुम्पिदिनु भयो । यी नयै जोडीको दाम्पत्य-जीवन साह्रै राम्रोसँग विश्वभरी फुल्दै-फैलिंदै एवं वैदिक-धर्मको सुवास छर्दै, त्यसैमा जनतालाई आल्हादित पार्दै परिबृद्ध हुँदै गयो । पछि गएर सारा ब्रह्माण्ड यिनकै पुत्र-पुत्रादिले नै ढपक्क ढाके ।

मनुपुत्री प्रसूतिको वंशविस्तार

कान्छी सुपुत्री प्रसूतिलाई मनु-महाराजले ब्रह्मपुत्र दक्ष-प्रजापतिलाई बक्सियो । यिनबाट सोह्रौटी छोरी-छोरीमात्र जन्मिए, तिनको नाम यिनै हुन् । कस्ता मिल्दा र सार्थक छन् पढौं त ! श्रद्धा, मैत्री, दया, शान्ति, तुष्टि, पुष्टि, क्रिया, उन्नति, बुद्धि. मेधा, तितिक्षा, ह्री र मूर्ति । यी तेह्र ओटीको विवाह दक्षले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात् धर्मराजसँग गरिदिए । चौधौं स्वाहा नामकी छोरी अग्निदेवलाई दिए ।पन्ध्रौं छोरी स्वधालाई पितृ-गणहरूलाई सुम्पिदिए । सोह्रौं कान्छी छोरी देवी-सतीको विवाह संसारका संहारकारण एवं जन्म-मृत्युविनाशक भगवान् शंकर सँग गरिदिए । यिनीहरू बाट भने कुनै सन्तान हुने पाएनन् । परन्तु अरू पन्ध्रौं जोडीहरूबाट जन्मेकाहरूले भने समस्त विश्वब्रह्माण्डै व्याप्त गरे । यसरी माथि वर्णन गरिँदै आएका महामहिमाशाली एवं पुण्यकीर्ति-सम्पन्न महापुरूषहरूको वंशपरम्पराले सर्वत्र व्याप्त ग-यो । माथिको विशेषतामा अर्को गुरूता तथा व्यापकता थपियो । अब यहाँ उपर्युक्त सिन्धुघाटीको मोहन जोदडो संस्कृतिका विस्तारको मुख्य थलो रहेछ कि हाम्रो यही भारतवर्ष रहेछ ? यो र आर्य को को रहेछन् र कताबाट गएका वा आएका रहेछन् ? यसमा यत्तिले न पुगे तल अझ विचार गर्दै गरूँला ।

आर्यावर्त र आर्यजन

अब यी उपर्युक्त कुराहरू केहीबेरको लागि यहीं छोडी राखौं र वैदिकधर्म-सुसम्पन्न आर्यत्वविभूषित हिन्दूधर्मावलम्बीहरूको बाहुल्य भएको हाम्रो राष्ट्र नेपाल आर्यावर्त भित्र पर्छ, पर्दैन ? आर्यावर्त-प्रदेश कुन हो र कति सीमाको कहाँको कत्ति हो ? त्यतातिर दृष्टि दिऔं । आर्यावर्तको शास्त्रोक्त-लक्षण हो -

आ समुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ।।

पूर्वीय-समुद्र र पश्चिमी-समुद्रको मध्यभागस्थित हिमालय एवं विन्ध्यपर्वतका बीचको भूखण्डलाई आर्यावर्त भनिन्छ । यो हाम्रो भारतवर्षीय भरतखण्डान्तर्गत नेपाल-राष्ट्र पनि माथिको संकल्पमा पढिए जस्तो यसैभित्र पर्दछ । यसैका निवासी हौं हामी सारा आर्य-नेपाली । राष्ट्र आर्यावर्तान्तर्गत भएकोले राष्ट्रकै महत्त्वबर्धक रूपमा हामी सारा उपरि तथासंस्तुत ऋषि-मुनिहरूका सन्ततिहरू नेपाली भनिंदै आएका हौं । यो साह्रै स्मरणीय कुरा हो ।

उपरि-निर्देशित सृष्टिविकास-क्रममा समुत्पन्न ब्रह्मर्षि-राजर्षि एवं मानवर्षिहरूले जब कि आर्यत्वको मात्र होइन कि यावत् ब्रह्माण्डनिकाय भित्रका हृदयान्तर्गत-परब्रह्मत्व परिपूर्ण व्यक्तिमात्रको लक्षण त्यही हो र त्यसैले विभूषित आर्य-व्यक्तिको सल्लक्षण यही हो भनेर मानेकै छन् र धर्म-शास्त्रादिमा पनि तदनुसार नै लक्षण वर्णित भएका देखिन्छन् ।

कर्तव्यमाचरन् कार्यमकर्तव्यमनाचरन् ।
तिष्ठति प्रकृताचारे स वै आर्य इति स्मृतः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

कर्तव्य-कर्म गरिरहने र अकर्तव्य-कर्म पट्टि ध्यानै नदिई प्रकृत आचार-विचारमा मात्र अड्ने व्यक्ति नै आर्य कहिन्छ । यी सब शास्त्रीय-प्रमाणले हामी नेपाल-राष्ट्र-निवासी सारा नेपालीमात्र सद्धर्म-कर्मादि गर्दै त्यसैमा टिक्तै आएका छौं भने स्वतः आर्य हौं भन्ने सिद्धै छ ।

वैदिक-कालीन आर्यहरूको रूप-रेखा र बर-व्यवहार

यी आदिकालीन आर्यजनहरूको रीति-स्थिति एवं बर-व्यवहार निम्नांकित-वत् थियो । यस्ता विशुद्ध-हृदयका व्यक्तिहरू तृणविरूध् एवं गुल्मादि-संकीर्ण अनकन्टारका जङ्गल चहारेर सोमलता खोज-मेल गरी ल्याई काट-कूट पारी थिचि-मिची, विशुद्ध-रस निकाली त्यही पिउने गर्दथे । अनि भन्दथे "सोमं पिबामः, अमृता अभूमः" । उनीहरू यो सोमरसलाई नै ब्रह्मद्रव मान्दथे । रथ हाँक्ने तथा घोडा-खच्चरहरूको लगाम-काठी बनाउने जस्ता काममा मात्र प्रायः छालाकै प्रयोग गर्दथे । यी सब कुरा ऋग्वेदका तत्तत्स्थलका ऋचाहरूबाट स्पष्टै देखिन्छ । तिनैबाट पनि यो ज्ञात हुन्छ कि, उनीहरू ऊनका कपडाहरू स्वयं निर्मित गरेर लगाउने गर्दथे । स्त्रीजातिहरू विशेषतः ऊन कात्ने र बुन्ने गर्दथे । कपडा दान गर्ने नियम पनि यिनैमा थियो । दुबै हाथमा सुनका कंकण (बाला) पहिरन्थे । सुगन्धित पुष्पमाला यिनको कण्ठ प्रदेशमा निरन्तर सुशोभित भइ रहन्थ्यो । तिनमा अनेकौं रंगका प्रकाशोज्ज्वल मणि-रत्नहरू जडिएका हुँदा यिनले पनि तिनको शोभा निकै नै बढाइ रहेको देखिन्थ्यो । यिनीहरू अन्योन्यको सहयोगपूर्वक फलामका एवं सुनैका पनि कलात्मक सयौं ढोका भएका घरहरू सम्म पनि बनाउदथे । शत्रुहरूलाई आवश्यक परे कारागारमै जाकी दिन्थे । पाले-पहरा राख्ने प्रचलन थियो । घोडा-दौडमा प्रण (बाजी) लगाँउथे । रथ सुन-चाँदिले मढिएका काठैका हुन्थे । विशेष गरेर रथ निर्माण-कलामा भृगु-वंशीय पुरुषहरू नै प्रवीण भएका देखिन्थे । आर्यहरू प्रायः माला साथै खड्ग-तलवार आदि लिएर लड्ने गर्दथे । कवच तथा शिरस्त्राण (टोपी) आदि पैह्रन्थे । तिनमा नानाधातु-मणिरत्नादि जडिएका पनि देखिन्थे । दुबै हातमा पञ्जा लगाउथे । अटाए सम्म बाणहरू राखी पछिल्लो काँधमा ठोक्रा भिर्दथे । धेरैजसो अ-आफ्नो हतियार आदि चम्किलो-धारिलो बनाउनको लागि अनेकौं प्रयत्न गर्दथे र सान लगाई रहन्थे । यता ऋषि-मुनिहरू पत्नीव्रती थिए र स्त्रीजातिको सन्मान गर्न जान्दथे । यिनका छोरा-छोरी आदि पनि हुन्थे । तिनीहरूका पालन-पोषणका निमित्त चाँहिदो खेती-पाति पनि गर्ने गर्दथे । दैनिक व्यवहारमा आवश्यक तत्तत्कर्म गर्ने जातिहरू संग उनको सम्बन्ध सुदृढ रहन्थ्यो । यसरी आफ्नो सारा व्यवस्था मिलाएर अन्योन्यमा हामी सबै उनै एक परब्रह्म-परमात्माका अँशियारे वँशियारे हौं, तिमीहरू पनि त्यस्तै हौ, भनेर सदुपदेश दिने गर्दथे र अ-आफ्नो कर्मले, धर्मले, त्यही विश्वात्मालाई प्राप्त गर्ने चेष्टा गरौं भन्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक-विद्विप्तता

पुनः यी आर्यजनहरूमा पूर्णविश्वास थियो कि कलुषित एवं प्राकृतिक गुण-मुग्ध तथा रूपविलुब्ध आत्मा (जीव)को नैरन्तर्य्येण जन्म एवं मृत्यु आदि भइरहन्छ भन्ने बलियो धारणा थियो । स्वर्ग-नरक भनिने स्थान (लोक) हरू अवश्य छन्, भन्ने सुदृढ भावना रहेको देखिन्थ्यो । अ-आफ्नो कर्माचरणको फल जो पाप-पुण्यमय र मिश्रित छ, अवश्यमेव सबैले भोग्नु नै पर्छ भन्ने कुरा अ-आफैंमा भन्ने र सम्झाउने गर्दथे । वैदिकधर्म-कर्मादि नै सर्वोच्च मानिन्थ्यो । पछि-पछि त्यसको रूप विकृत हुँदै र बिग्रँदै आयो। विश्वभरी त्यस्तो धर्मले, सम्बद्ध बर-व्यवहारले अनेकौं रूप लिँदै गयो । त्यस्ता तिनै धार्मिक व्यक्तिहरूले अ-आफ्नो विचार अथवा तर्क-युक्ति आदिलाई नै सर्वोत्तम हो भनेर चाहे त्यो योग्य-अयोग्य ग्राह्य वा अग्राह्य जस्तोसुकै किन नहोस्, सुदृढ-रूपले प्रश्रय दिँदै सार्वत्रिक-प्रचार गर्न लागे । अन्ततोगत्वा यिनै व्यक्तिहरू स्वयं धर्मोपदेशक भएर धर्मभीरू-जनतालाई हिंसकले भेंडा-बाख्रालाई घिसार्दै मुन्ट्यांउदै बध्य-स्थलतिर लगे जस्तो तत्कालीन देश-विदेशका प्रायशः विश्वका सर्वोच्चशासक पर्यन्तलाई अनेकौं रूपका चाहिँदा नचाहिँदा तर्क एवं युक्तिका माध्यमले फकाई-फुल्याई, केही नलागे बहक्याई वेदबाह्य तथा अनुपयुक्त गर्हित धर्म-कर्माचरणादिमा शिक्षित एवं दीक्षित गराई उनीहरूकै माध्यमबाट समेत अबोध भयत्रस्त-जनतालाई बलात् आफ्नो अनुगामी बनांउदै अ-आफ्नो बहुमुखी स्वार्थसिद्ध गर्न निरन्तर सफल हुँदै आए । क्रमशः यसै गरी वैदिक धर्मका संकीर्णरूपको भयप्रद-विक्षिप्तता बढ्दै आयो । आजकल पनि विश्वभरीका राष्ट्र-राष्ट्रमा यो धार्मिक-संकीर्णता व्याप्त भइरहेको हामी साराको अगाडि छँदैछ ।

वैदिकधर्मको विशेषता

प्रिय पाठकवृन्द ! अब यी सबै अनावश्यक धार्मिक चर्चा-परिचर्चालाई छोडेर हामी आफ्नै शाश्वत वैदिक-धर्मतिर लागौं र केहीबेर त्यही सनातन आर्य-धर्मको विशेषतापट्टि ध्यान दिँदै जाऔं । यसमा यत्तिले अर्थात् निम्नांकित वाक्यावलिले न पुगे पछि आवश्यक तत्तत्स्थलमा यसको महत्त्व हेर्दै जाऔंला । अस्तु

वैदिक-धर्ममा खास गरेर अधिकारी भेद छ । जो जस्तो रूचि र स्वभावको व्यक्ति हुन्छ, त्यो त्यस्तै विषयतिर ढल्किन्छ र भगवत्प्राप्तिका निमित्तको त्यस्तै-त्यस्ता साधन खोज्न थाल्दछ । तिनमा योग, कर्म, ज्ञान र भक्ति आदि साधक-पुरूषका रूचि वैचित्र्यका प्रमुख साधन हुन् । यिनैका माध्यमबाट त्यसले साध्य-वस्तु (ईश्वर अथवा ब्रह्म) भेट्टांउछ । यिनमा ब्रह्मैकतावाद देखि लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मबहुत्ववाद सम्मका अनेकौं साधन छन् । यसमा यसो उच्चस्तरीय बुद्धि-वृत्ति घुमाई हेर्दा यो महत्त्व अरू धर्ममा छँदैछैन र देखिँदै-देखिँदैन ।

अर्को कुरा वैदिक-धर्ममा उपासना गरिने देव अथवा देवीहरूको "केवल यसैलाई मात्र पूजा-आजा आराधना-उपासना आदि गर्नुपर्छ" भन्ने कुनै तोकुवा विषयै छैन । साधक (पूजक-उपासक)हरूमा कुनै भूत-प्रेत आदिकै आराधक छन् भने, कुनै अनेक नाम-रूपधारी देवताहरूका छन् र कुनै पाञ्चायन देवताका एवं कुनै सगुण-निर्गुण ब्रह्मका । यो सुमहान् गौरव पनि यही शाश्वत वैदिक-धर्मकै त हो।

यसमा मुख्य विशेषताको कुरो यो छ कि यो वैदिक हिन्दू-धर्मको प्रवर्तक (चलाँउने) अरू कुनै व्यक्ति नै छैन । जब कि आधुनिक कालका, परन्तु निकै पुरानो धर्मका प्रवर्तक हूँ, भन्ने खाले ईसाले ईसाई धर्म, जैनी-पारसनाथ आदिले जैनधर्म र गौतम-बुद्धले बौद्धधर्म, एवं जरथुष्ट्रले पारसीधर्म, मुहम्मदले मुस्लिमधर्म आदिको मत-पन्थ र सिद्धान्त चलाएर त्यसैको प्रचार-प्रसार गरे-गराए । त्यस्ता अरू व्यक्तिगत अथवा अल्पसंख्यक समाजका किन नभनौं ? अ-आफ्ना बल-वीर्य र विपुल-शक्तिका आधारमा कत्तिले चलाई रहेकैछन् । यसमा उदाहरण खोज्ने हो भने प्रमाण अनेकौं देखांउन सकिन्छन् । परन्तु प्रबुद्ध र सुशिक्षित पाठकवर्गमा त्यसको आवश्यकता आंउदै आंउने छैन भन्ठादछु । यस स्थितिमा यो वैदिक सनातनधर्मका प्रवर्तक तथा प्रसारक त यौटा त्यही परब्रह्म-परमात्मा भनिनेलाई छोडेर अरू त्यस्ता एवं आचार्य बनेका, महापुरुष कहलाइएका व्यक्तिहरूलाई त यो धर्मको महत्ता, विश्वव्यापकता तथा प्रेयःश्रेयः-प्रदायिताको एवं सार्थकताका गन्धसम्मको पनि कत्ति ज्ञानै थिएन, जब कि उनीहरू अ-आफ्ना त्यस्तै-त्यस्तो रंगटोमा रिंगिरहेका थिए, जसलाई त्यही ब्रह्मले सर्वप्रथम उत्पन्न ब्रह्माजीको हृदयमा उद्भूत गरायो । तस्मात् यो हाम्रो वैदिक-धर्म जसको नामै शाश्वत-सनातनधर्म छ, वेदराशिको प्रादुर्भूतिको साथ-साथै आविर्भूत भएको थियो । यसैकारण पनि यसको कुनै प्रवर्तक अथवा उद्भावक अझ यसो भनौं कि जन्मदाता अरू कुनै छँदैछैन र यो धर्म पनि उपर्युक्त वेदराशिवत् अपौरुषेयै हो ।

धर्मान्तरको स्वरूप

●

पाठकवर्ग ! उपर्युक्त धार्मिक-तत्त्वको निर्णयका विषयमा साह्रै गहिरिएर आलोचना-प्रत्यालोचना आदि गरिरहनु पर्ने र यौटा टुङ्गोको टुङ्गोमा पुगेर मात्र मौरीले मह जोरेझैं तत्तद्विषय-वस्तुमा उपनिषद् पुराण-स्मृति-ग्रन्थादिबाट परब्रह्मगत-सत्तत्त्वबोध भए पछि मात्र त्यसैको विषयमा निरन्तर मनन चिन्तन निदिध्यासन आदि गर्दा-गर्दा सांसारिक आत्मा (जीव) ले परमात्मैकता प्राप्त गर्दछ भन्ने कुरा राम्रो ज्ञान प्राप्त गरिसकेका व्यक्तिहरूका निमित्त अवगत भएकैछ । यता धर्मान्तरको स्वरूपतिर यसो घोत्लिएर, अझ केहीबेर विवेक-बुद्धिले विचार गरि हेर्नें

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो भने, यही वैदिकधर्मको सर्वव्यापक सदर्थपूर्ण महत्त्व भित्र अनर्थ उत्पादक अनेकौं प्रचलित धर्महरू स्वार्थ-सिद्धिका निमित्त निरन्तर प्रवृत्त भइरहेका देखिन्छन् । यिनले साह्रै अनर्थ गरे-गराएका छन् । धर्मको नाममा संसारभरी अशान्ति र उत्पात भइरहेका छन् । जतातते नाइके हुनेहरूले भ्रान्तिलाई शिर चढाएर नैरन्तर्येण धार्मिक-क्रान्ति गरे-गराएका छन् । ईसाइधर्ममा प्रोटेस्टाइन र क्याथोलिक दुई फ्याक भयो । जैनधर्ममा श्वेताम्बरी र दिगम्बरी निस्किए । बौद्धधर्ममा स्वयंमा समेत मतैक्य छैन । मुस्लिमधर्ममा शिया र सुन्नी अ-आफैंमा निरन्तर काट-मार गर्दैछन् । उता चिनियांहरूमा प्राचीनकालको भनिएको शिन्तो-कन्फ्युसियधर्ममा बौद्धधर्मले द्वरो जरो गाडिसकेकाले त्यहांकोले पनि निरन्तर उत्पातै-उत्पात जन्मिरहेको सुन्दैछौं । यस्तैछ ।

सर्व पदं हस्तिपदे निमग्नम्

●

हात्तीको पाइला भित्र अरू साराको पाइलो अटांउछ भने झैं, माथि-माथि भनिईदै देखाँउदै आए अनुरूपको वैदिक-धर्मबाट स्पष्टै देखिन्छ कि-प्रस्तुत हिन्दूधर्मको मानसिक, वाचिक र शारीरिक सत्कर्माचरणरूप तपस्याबाट नै निस्किएर हुर्कैर-बढेर छरिएर पूर्वोक्त अवस्थासम्म आइ पुगेका चाँहिने-नचाँहिने यी प्रचलित धर्महरू हुन् । यो हाम्रो निर्णयात्मक सैद्धान्तिक कुरा हो, जस्तो कि मानसिक तपस्या, अहिंसा, अस्तेय, आदिमा आधारित एवं तिनैबाट निःसृत जैन-बौद्ध आदि धर्महरू छन् भने वाचिक-स्नेह, सद्भाव आदि बाट ईसाइ-धर्मको उत्पत्ति भएको हो र शारीरिक-तपस्या (उत्कट साहस) आदिबाट नै उद्भव भई मुस्लिम-धर्म टिक्तै आएको स्वतः अनुभूत हुँदैछ । त्यसैगरी वैदिक-धर्मको आंशिक सदाचरण-ग्रहण बाट शिन्तो-कन्फ्युसियस चिनियां-धर्म टिकेको र हाम्रा वैदिक-देवता अग्निको पूजा आराधनालाई प्रधानता दिएर पारसिक-धर्म र सूर्य-पूजनको महत्त्व जानेर र आंकेर इजिप्सियन र बेबिलोनियन आदि क्षेत्रिय-धर्महरू चलिरहेका हुन् र छन् ।

वैदिक-धर्मको रागद्वेषादि-विहीनता

●

यता यो वैदिक सनातनधर्मको यी उपर्युक्त धर्महरूसंग न कत्ति माया-मोहादि नै छ, न कसै प्रति विरोध वा द्वेषादि । यसको अरू धर्महरूसंग केही सम्बन्ध छ भने त्यही छ, जो ब्रह्मको प्रकृति र प्रकृतिद्वारा निर्मित विषय-वस्तुहरूमा तटस्थताको सम्बन्ध छ । मूर्तिपूजा गर्दै न गर्ने ईसाइ र मुस्लिम-धर्मीहरू पनि स्वरूपतः हाम्रा विधर्मी भएता पनि उनीहरूको पनि यसले कहीं केही विरोध गरेको देखिंदैन । न त वर्णधर्म आश्रमधर्म आदि मान्दै नमान्नेहरूको विरोध अथवा निन्दा आदि नै गरेको देखिन्छ । यही त वैदिक-धर्मीहरूको निम्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुहाउने राम्रो कुरा हो । अरूको त के कुरा ? बरू के भने वैदिकधर्ममा दीक्षित एवं स्वयं त्यसैमा आजीवन-समर्पित तथा वेदभाष्यनिर्माता तथा आर्यसमाजका संस्थापक स्वामिप्रवर दयानन्द-सरस्वतीज्यू हामी सबैले सुने-जानेकै कुरा हो, मूर्तिपूजा-विरोधी (केवल निर्गुण ब्रह्मको उपासकमात्र) हुनुहुन्थ्यो तापनि हामी आफ्ना ध्येयतत्त्वको प्रतीकरूपमा मूर्तिपूजकहरू उहांमा यस्तो र यत्ति सम्मको आदर तथा श्रद्धाभाव राखी "यो त उहांको वैयक्तिक विचार हो" भन्ने यस्तो सद्भावनाले हेर्दै समुचितरूपमा उहांले समाजलाई दिनु भएको अरू अनेकौं बौद्धिक सन्मार्ग-प्रदर्शनरूप महादान प्रति साभार कृतज्ञता प्रकट गर्दै शिर झुकांउदैछौं भने अरूहरू प्रतिको त के कुरा ? यस्तै-यस्ता खाले विशेषताहरूले नै सुशोभित भइरहेको यो वैदिकधर्मको स्पृहणीय एवं प्रशंसनीय सुमहत्ताको दिव्य-सत्ता हो ।

वैदिक-धर्मको लक्षण

यी सब विशेषता तथा महत्ता आदि यही वैदिक-धर्मभित्र रहस्यात्मक ढंगले गुप्त तथा सुप्तरूपमा अवस्थित भइ रहेकोले तिनैलाई जागृत एवं उद्बोधित पार्नको निमित्त वेदको स्वाध्याय-मनन-चिन्तनादि गरिरहंदा त्यसभित्र अरू अनेकानेक गुठिल-गांठा खोल्ने कडीहरू सजिलैसंग पत्ता लगाँउन सकिन्छ । यी सब कुरालाई राम्रोसंग खोजेर-खोतलेर हाम्रा श्रद्धेय भारतवर्षीय बालगङ्गाधर तिलकले निर्देश गरेका छन् कि वैदिकधर्मको लक्षण यो हो -

प्रामाण्यबुद्धिर्वेदेषु साधनानामनेकता ।
उपास्यानामनियम एतद्धर्मस्य लक्षणम् ।।

अर्थात् श्रुति-स्मृतिका ग्रन्थमा अकाट्य प्रमाणको दृष्टि हुनु, साधनमा अनेकता रहनु, उपास्यदेवताको विषयमा यसैलाई भज्नु, मान्नु पर्दछ भन्ने बन्धन नहुनु आदि नै त वैदिकधर्मको सुस्थिर लक्षण हो र महान् महत्त्व हो । खास वैदिकधर्मको प्रामाणिक-लक्षण यस्तो हो र यस्तै हामी हिन्दू-धर्मावलम्बीहरूको हुनु पर्दछ । जस्तो कि महाभारत, पुराण एवं स्मृतिग्रन्थहरूमा उल्लेख भएकोछ ।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।

धैर्य, क्षमा, दम, चोरी नगर्नु, भित्री-बाहिरी शुद्धि हुनु, इन्द्रिय-जयी रहनु, बुद्धि-विद्या-सत्य यी तिनै कुरा हुनु र क्रोध भनेको हुँदै नहुनु । यी दशैओटा गुण-सम्पन्न व्यक्ति नै पूर्णरूपले धर्मनिष्ठ कहिन्छ । तस्मात् हिन्दूमात्रले यिनै कुरामा विशेष ध्यान दिनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै मत्स्यपुराणको धर्मको लक्षण पर्दौं -

अद्रोहश्चाप्यलोभश्च दमो भूतदया तपः ।
ब्रह्मचर्यं तथा सत्यमनुक्रोशः क्षमा धृतिः ॥
सनातनस्य धर्मस्य मूलमेतद्दुरासदम् ॥

यही त वैदिक सनातन-हिन्दूधर्मको मूल (दरो जरो) हो ।

शंकास्पद मोहन जोदडो सभ्यताको थलो

प्रियपाठकवर्ग ! यहीं आएर म यो कुरा देखाउन साह्रै बाध्य भएं कि-यसरी निष्कर्ष निकालिएको हाम्रो वैदिककाल देखि उद्भूत, अनेकौं सत्प्रयत्नले तिखारिँदै-सिंगारिँदै आएको सदाचार एवं सत्कर्मले, संयम-नियमले सुसमृद्ध भएको र पूर्णविकासको रूप लिएर विश्वव्याप्त भइसकेको तथासंस्तुत पूर्वीय-संस्कृति एवं सदाचरण भनौं वा सभ्यतालाई केवल ई.सं. ३०००/३५०० वर्ष अघिको मोहन-जो-दडो नामको सिन्धुनदीका वरपरको तत्कालीन व्यापारिक-केन्द्रमा उत्खनन गर्दा प्राप्त भएका हांडो-भांडो झिटी-झाम्टा तथा सुवर्णमुद्रा (जसमा वृषभ) नन्दी आदि अंकित भएको देखिन्छ - को आधारमा पूर्वकालीन वैदिक-सभ्यताको उद्भावक जन्माउने) थलो यही हो, भन्नु कहांसम्म उचित हो ? त्यस्तै स्वयं त्यस धर्मको विरूद्धाचरणमा निरन्तर प्रवृत्त हुँदै आएर पनि "हामी नै सबभन्दा पहिला आर्य हौं, आर्यत्व द्रविडहरूले ल्याएका हुन वा होइनन् ? निर्णयात्मक वाक्यमा केही भन्न सक्तैनौं, तापनि हामीबाटै यो आर्य-संस्कृति एवं हिन्दू-सभ्यता दृश्यमान समस्त विश्वभरमा, राष्ट्र-राष्ट्रका सामाजिक जन-जनका घर-घरमा पुगेको हो भन्ने ठान्दैछन् र त्यसमा मुख्य कारण हामी नै हौं भन्ने कुरासम्म पनि त्यतातिरका आधुनिक व्यक्तिहरू अझैसम्म पनि मान्दैछन् । मोहन-जो-दडो, हरप्पाका संस्कृति-सभ्यताका ध्वंसावशेष-प्रदर्शक मुख्य केन्द्रस्थल हो भन्ने पनि ठहराउँदैछन् । त्यस स्थान देखि सिन्धुनदीको सुदूर पश्चिममा पर्ने मिश्र उत्तर-पश्चिममा पर्ने एलाम, सुमेरू, क्रीट (कीकट) तथा माइनोन एवं उत्तरमा पर्ने हरप्पा आदि देशीय क्षेत्रीय अप्रामाणिक एवं असम्भाव्य तथा केवल आनुमानिक वक्तव्यका आधारमा उहांहरूको त्यस्तो भनाईलाई हामी हो, त्यो त्यस्तै हो, यथावत् सत्य हो, भनेर कसरी मानि हाल्न सक्तछौं र ? जब कि त्यो थलो नै आर्यावर्त भित्र पर्दछ र जो पश्चिमी समुद्रको वारीकै छ । हामी आर्यावर्तको लक्षण यस्तो पांउछौं । जो माथि पनि देखाइयो -

आ समुद्रात्तु वै पूर्वादा समुद्रात्तु पश्चिमात् ।
तयोरेवान्तरं गिर्यो (हिमविन्ध्ययो) रार्यावर्तं विदुर्बुधाः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

विद्वज्जनहरू आर्यावर्त-प्रदेशको सीमांकन गर्दै यस पद्यको व्याख्या यसरी गर्दछन् । पूर्वीय एवं पश्चिमी समुद्रका बीचको र हिमालय देखि लिएर विन्ध्य-पर्वतका छेउ सम्मको भूखण्ड नै आर्यावर्त हो । त्यसै भित्र बस्ने हामी आर्य हौं। तस्मात् हाम्रो राष्ट्र पनि यही आर्यावर्त-भित्रैको हो र विशेषतः आर्षधर्मानुयायी हामी त्यस्तै आर्य हौं । (हेर्नुहोस् माथिको दैनिक-संकल्पको पूर्वांश) आर्यशब्दको निरूपण गर्दा पनि विद्वान्हरूले यसरी गरेका छन् ।

कर्तव्यमाचरन् कर्म ह्यकर्तव्यमनाचरन् ।
तिष्ठति प्रकृताचारे स वै ह्यार्य इति स्मृतः ।।

आर्य भनिने व्यक्तिमात्रको लक्षण यही हो, जो गुणवाचक छ र पूर्वोक्तवत् निर्णय दिने हाम्रा धर्मशास्त्रादिका ग्रन्थहरूमा जतातते पाइन्छ । अब माथिका श्लोकको अर्थ पढौं त, कर्तव्य कर्म गरि रहने र अकर्तव्य कर्म पट्टि ध्यानै नदिने एवं प्रकृत आचार-विचारमा मात्र अड्ने व्यक्ति नै "आर्य" कहिन्छ । यस स्थितिमा पूर्वोक्त स्थिति-रीतिमा तथा उच्च वैदिक-संस्कृतिमा आजसम्म टिक्दै आएका हामीहरूमा र त्यस्ता राग-द्वेषप्रिय उहांहरूमा खास आर्य को को रहेछन् ? किन हाम्रो र उहांहरूको विचारमा संकीर्णता आयो ? वैमत्य रह्यो ? यसैमा मध्यपूर्वका पाश्चात्य र पूर्वीय विद्वान्हरूका साथै अहिले सम्मका पुरातात्त्विक वस्तुका अन्वेषकहरूको सम्म पनि सैद्धान्तिक-निर्णय र यौटै विचार नभई अनेकौं वाद-विवादको रूप लिई "हामी त्यतैका आर्य हौं" भन्ने कुरामा आजसम्म पनि तं छाड्-मछाड् चलिरहेकै देखिन्छ । यसो, हेर्ने हो भने, त्यो मोहन-जो-दडो भनिने स्थान आजकलको पाकिस्तान राष्ट्रको सिन्धप्रदेशीय लरकाना जिल्लाकै अन्तर्गत ३५ माइल भित्रकै हो भन्ने मानिन्छ । सबैलाई ज्ञान भएकै कुरा हो । त्यसो भन्ने पाश्चात्य पद्मानुगत विद्वान्हरूमा पनि यस बारेमा कत्ति मतैक्य छुँदैछैन, देखिँदैन । उनीहरू भन्दछन्-अहिले त्यो महानगर कहलाएको मोहन-जो-दडोको विवादास्पद थलो भूगर्भमा लुप्त भयो, सुप्त भयो । त्यसको विद्यमानताको समय थियो ई.सं.पूर्व २००० वर्ष सम्म । त्यसपछि मात्र उक्तस्थान आफ्नो स्वरूपले विहीन बनाएको हो । अन्वेषकहरूको भनाई अनुसार मिश्रदेशको गिर्जाका पिरामिडको निर्माण ई.सं. ३५०० वर्ष अगाडिकै हो र त्यसका निर्माता त्यहांका सम्राट् फराउनले त्यसताकको चलन अनुसार दासहरूद्वारा दैहिक-शोषण गरी बनाउन लगाएको हो भन्ने विषयमा कलम चलाउने समस्त व्यक्तिहरूले अ-आफ्ना पुस्तकहरूमा लेखेको पनि हामीहरूले पढ्दै-गढ्दै आइरहेकैछौं । यी कुरा कहां सम्म सत्य हो ? विचारणीय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्का-उपशङ्का

यता भारत मध्यप्रदेशकी पावनतम नदी नर्मदाको वरपरका ठाउं-ठाउंमा पुरातात्त्विक वस्तुको अन्वेषणार्थ खन्दा पाइएका खण्डहर रूपमा रहेका तत्-तत् मठ-मन्दिर एवं महलहरूका ध्वंसावशेष विषय-वस्तुहरूको निर्माण भएको समयको काल-तत्त्वज्ञ विद्वान्हरूद्वारा निर्धारित समयको अपेक्षा त्यताका जान्ने-ठान्नेहरू त्यस्ता कुरामा ठीक कछुवा र खरायोको गतिकै सदृश देखिन्छन् । पुनः यसैलाई ऐतिहासिक दृष्टिले हेर्ने हो भने पूर्वकालमा प्राप्त कतिपय वस्तु अथवा पदार्थका आधारमा लेखिएको इतिहास पछिल्लो कालमा त्यस्तै-त्यस्ता अरू वस्तु वा पदार्थ पाइए भने बाध्य भएर तिनैलाई सत्य-तथ्यपूर्ण मान्नु पर्ने हुंदा अघिल्लो इतिहासै बदल्नु पर्ने कुरा स्वतः सिद्ध हुन आउंछ । यी सारा कुरा पनि पूर्व सम्बन्धित वस्तु अथवा कुराहरू सँगै निरन्तर सम्बद्ध छन् । हो ! त्यसताकका देशहरूमा मिश्र यौटा सुसभ्य देश थियो होला, एवञ्च त्यसका वरपरका देश-विदेशहरूको पनि मोहन-जो-दडो संग व्यापारिक सम्बन्ध सुदृढ थियो होला, यो कुरा हामी यताका पनि मान्दछौं, जब कि मिश्रको र सुमेरू-क्षेत्रीय एवं मोहन-जोदडो लिपिमा समानता छ भन्ने भनाईको आधार लिएर धेरैले लेखेको देख्तछौं तापनि त्यसमा पनि आवश्यक सुवर्णराशि र रत्न-मणि आदि जर-जवाहिरात भारतको रत्नागिरि बाट त्यहां लगिएको हो, भन्ने कुरा पनि उनीहरू सहर्ष स्वीकार गर्दैछन् । अन्तमा यसो पनि भन्दछन् कि-त्यताका संग प्राचीन-संस्कृति र सभ्यतामा पनि यताकै जस्तो साह्रै निकटताको सम्बन्ध थियो । अन्योन्यमा यिनीहरू यी सब विषय-वस्तुहरूको आदान-प्रदान आदि पनि गर्ने गर्दथ्यौं । उहांहरूकै भनाई अनुसार द्रविडहरू केवल व्यापारिक दृष्टिले त्यतातिर गएका थिए । पछि यिनीहरूको सूर्य-पूजाको प्रभाव उनीहरू माथि शनैः शनैः पर्दै-पर्दै गयो । एवं प्रकार देवता, सर्प, आंधिहुरी प्रतिको विना तर्क-युक्ति-संगत अन्धविश्वास बढ्दै आयो भन्ने कुरा पनि उतैका ऐतिहासिक व्यक्तिहरूले अर्थ न बर्थ स्वीकार गरिरहेकै छन् । यसमा पनि भन्दछन् कि-द्रविडहरू यहां आउनु भन्दा अगाडि मोहन-जो-दडोका विषय-वस्तुहरूको, त्यो क्षेत्रको अस्तित्त्वै लुप्त भइसकेको थियो । यसैताक त्यो महानगरमा रहेका आर्यहरूसंग युद्ध गर्ने खास असुर थिए, अनार्य थिए । यसै युद्धलाई शासक र शासित एवं मालिक र नोकरहरूको राग-द्वेषादिपरिपूर्ण बृहत्तम-समर देवासुर-संग्राम एवं दासराज्ञ-युद्ध हो भन्दछन् । चाहे जे होस्, यस्तो उहिलेको कुरा मात्र के ? आजकल पनि यौटै आमाका छोरा सहोदर भाई-भाईमा त भइरहेको देखिन्छ भने दिति-अदिति साक्षात् दिदी-बहिनी सौता-सौताका छोराहरूमा अधिकार-प्राप्तिका निमित्त लडाई झै-झगडा भइरहनुमा केही भन्नु नै छैन । यो त स्वाभाविकै हो । परन्तु के यी वस्तु-विषय र तत्कालीन व्यक्तिहरू पनि आदिकालीन नै हुन् त ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

यसमा ऋग्वेदको उल्लेख

ऋग्वेदको १-५ मण्डलमा यस बारेको वर्णनको झलक देख्न पाइन्छ । यी लड्ने जातिहरू मध्ये कीकट, पणीय र किरात आदि नै प्रधान थिए । यिनको धर्म र संस्कृति-सभ्यता आदि त्यसताकको केवल नाममात्रावशिष्ट त्यही मोहन-जो-दडोको महानगर सँग मिले-जुलेको थियो । वेदका मन्त्रद्रष्टा गृत्समद जस्ता आर्य-महापुरूषहरूको आगमन धेरै पछि मात्र यतातिर भएको हो भन्ने पनि उनीहरूको भनाई छ । इतिहास माथि भनिए जस्तो यस विषयमा अझै सम्म प्रामाणिकवाक्य ओकल्ने क्षमता राख्न सक्ने भैसकेको स्थितिमा छँदैछैन । सर्वथा लाटो छ, गोज्याङ्ग्रो छ, जो स्पष्टतया केही बोल्नै सक्तैन । अनि गरोस् के ? कार्य उत्पादन क्षमता(साधन) हुँदै न भएकोले स्वयं कारण भए तापनि आफ्नो साध्य भेट्न, तथ्य प्राप्त गर्न, कुनै ठोस प्रमाण देखाउनै सक्तैन ।

अब भन्नुहोस् पाठकगण ! कसरी यस्तो विषयमा लेख्नु ? के लेख्नु ? अरूले आफ्नो अप्रत्यक्ष विद्वत्ता देखाउदा अलि नराम्रै मान्लान् कि जस्तो लाग्छ, जब कि विश्वभरीका ऐतिहासिक एवं पुरातात्त्विक अन्वेषक विद्वान्हरू पूर्वोक्तवत् कुहिरोका कागहरू जस्तै त्यत्तिकैमा रनभुल्ल भैरहेका छन् । हाम्रो, हामी भारतवर्षीय व्यक्तिहरूको खास गरेर मेरो भनाई त यस विषयमा यस्तो छ कि, जो यत्रो परिभ्राट् गरेर आदिकाल देखि आधुनिककाल सम्मको सृष्टि एवं सृष्टि-विकास देखाउँदै ती ती वैदिक आर्ष एवं आर्य-महापुरूषहरूका सन्तान-दरसन्तानले अनन्त विश्व ब्रह्माण्डको प्रत्येक भाग अर्थात् समस्त उना-कुनासम्म ढाकेर, छ्यापछ्याप्ति भएर आफ्नो त्यस्तो आर्यत्व-प्रदर्शित गर्दै, त्यसैको सदाचरणमय सदुपदेश दिँदै अरूलाई पनि आफैं जस्तो पार्दै तथा वैदिक सनातनी हिन्दूधर्मको पाठ पढाउँदै रहेका देखिँदै आए भने हाम्रा यी कुरा उहाँहरूले पनि स्वतः सिद्ध भइसकेको भए पनि मान्नै पर्छ भन्ने छैन, भन्ने पनि त अवगत हुनु उचित सम्म भइरहोस्, यदि उहाँहरूले पनि मान्ने हो भने त "विश्वं भवत्येकनीडम्" भन्ने श्रुति-वाक्यांश जस्तै सारा विश्व यौटै गुँड (सारा विश्व-मानवजातिको यौटै बस्ने ठाँउ) भइहाल्थ्यो नि । यो साम्राज्यवादको महत्त्व यसरी किन बढिरहन्थ्यो ? । यो वाद-विवादको अवसादमा र फसादमा पर्नै पर्दैनथ्यो ।

ब्रह्माण्डकै उत्पतिमा शङ्का

पूर्वनिर्देशित स्थितिमा अब म यहाँ यौटा सानो कुरा प्रिय पाठकहरूको समक्ष राख्न चाहन्छु, जो आजको ठीक एक महिना १९८७-९-२८ ई.सं. का दिन दिल्लीमा बसेको आधुनिक वैज्ञानिकहरूको सभामा यस्तो भनिएको थियो । भन्ने मुख्यव्यक्ति डा० जयन्त वी. नर्लिकर थिए । यिनको भनाई थियो कि ब्रह्माण्डको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति अझैसम्म पनि रहस्यमय भइरहेकोछ र ब्रह्माण्डको मूलमा कुन तत्त्व थियो ? यो कुरा राम्रोसँग जान्न र बुझ्न गण्यमान्य वैज्ञानिकहरू अनेकौं उपकरण लिएर सामूहिकरूपले राती-दिन लागि रहेकै छन् । परन्तु यो जिज्ञासाको कार्यक्रममा कसरी-कतिसम्म सफल हुन सक्तछन् ? यो त समयले नै भन्न सक्ला । यता यस विषयमा अनेकौं खालका विचार अथवा अवधारणाहरू पनि प्रस्तुत गरिए कि, ब्रह्माण्डको मूल जस्तो वस्तु वा पदार्थ छ, छैन ? ब्रह्माण्डको मूल र अन्तरिक्ष-विज्ञानको व्याख्यानमा निर्णय लिन बसेको यस सभाको अध्यक्षता दिल्ली विश्वविद्यालयका कुलपतिले लिएका थिए । डा. नलिंकरले भने - ब्रह्माण्डका मूलको प्रश्नमा आकाश-गङ्गामा सूर्यका स्थानको अलिल अगाडिको धारणासँग सम्बन्ध जोड्दै जाँदा यस्तो विचार थियो कि - आकाशगङ्गमा सूर्यको स्थान ठीक बीचभागमै छ र उनै केन्द्रमा छन् । सारा ग्रह-नक्षत्रहरू तिनैको परिक्रमा गर्दछन् इत्यादि । पछि २०।२५ वर्ष बित्तां नबित्ता त्यो धारणा, त्यो विचार, विलकूलै असत्य सावित भयो र यो सत्य प्रमाणित भयो कि, जो आकाश-गङ्ग हामी देख्तछौं, त्यसको अतिरिक्त त्यहाँ अरू असंख्य आकाश-गङ्गहरू छन् । पछि उनले यन्त्र (श्लाइड) को सहाराले त्यो कुरा सिद्ध गरेर देखाइ दिदै भने कि, लौ हेर्नुहोस् अरबौं, खरबौं ताराहरू ग्रह- नक्षत्रहरूका समूहका समूह यो ब्रह्माण्डमा छन् । यिनीहरूको अन्योन्यमा के कस्तो सम्बन्ध छ र अ-आफूमा तिनीहरूको के कस्तो प्रभाव पर्दछ ? यस विषयमा पनि आफ्नो बौद्धिक-तर्कको आधारमा प्रकाश पार्दै उनले पुनः यसो पनि भने कि ? त्यसको त्यो आफ्नो ठाँउबाट यो पृथ्वीमण्डल यत्ति टाढा छ कि यो दूरत्व पार गर्न प्रकाश (ज्योतिष्कण) लाई पनि तीस हजार वर्ष लाग्दछ, इत्यादि (हेर्नुहोस् उपरि अंकित मितिको नवभारत टाइम्स) । यो साह्रै विचारणीय कुरा हो ।

यो प्रसङ्गबाट अब यो कुरा सिद्ध भयो कि, आधुनिक वैज्ञानिकहरू पनि हामीहरूले भने जस्तो ब्रह्माण्ड अनन्तै छन्, भन्नु हुंदोरहेछ र हामी पूर्वीय-विद्वान्हरूको उपरि-प्रदर्शित सिद्धान्तानुसार ब्रह्माण्ड-सृष्टिको मुख्यकारणरूप प्रकाश केन्द्र सूर्यलाई नै सर्वप्रथम हो भन्ने मान्नु हुंदोरहेछ । निष्कर्षरूप यो तथ्यपट्टि पनि सुदृष्टि दिएर हेरौं कि ठीक, श्रुतिवाक्य "सूर्य आत्मा जगतस्तस्थुषश्च" भने जस्तै सूर्य नै हिंड्ने न हिंड्ने समस्त चराचर-प्राणीमात्रको आत्मा र प्रकाशक-तत्त्व हुन् । यसरी अब हामी पूर्वीय र पाश्चात्य गति-विधिका अनुसरक विभिन्न विचारधाराका विद्वान्हरूमा झण्डै-झण्डै सामञ्जस्य हुँदै आयो । अरू कुरा यसै ग्रन्थको तलतिर वर्णन गरिने भूगोल-खगोल प्रसङ्गमा हेर्न पुगौंला ।

सगरमाथा (एवरेष्ट) सर्वमान्य एवं पवित्र उच्चस्थल

●

भारतको उत्तरी सीमा काश्मीर देखि लिएर दक्षिणी-सीमा कन्याकुमारी सम्म पश्चिमी-सीमा सिन्धु प्रदेशदेखि पूर्वी सीमा भारत-आसाम वङ्गलादेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अविभक्तावस्थाको वङ्गल) सम्म परिधि(सांध) को भू-खण्डको भागलाई (भारतवर्ष) भन्दछन् । यसैभित्र हाम्रो राष्ट्र पर्दछ । यो कुरा पहिले देखि भनिंदै आइएकोछ र पछिसम्म पनि भनिइनेछ । तस्मात् हामी भारतवर्षीय हौं न कि भारतीय । निम्नाङ्कित प्रामाणिक-पद्य पढौं ।

उत्तरं यत्समुद्रस्य हिमाद्रेश्चैव दक्षिणम् ।
वर्षं तद्भारतं नाम भारती यत्र सन्ततिः ॥

उपर्युक्त चारकिल्ला भित्र बसोबासो गर्ने वैदिक सद्धर्म-कर्माचरणशील पूर्वज-आर्ष-व्यक्तिहरूको त्यस्तो सद्व्यवहारलाई नै जो श्रुति-स्मृतिसम्बद्धमात्र छ, प्रधानता दिने एवं तदनुसार गर्ने, सदाचार-विचारका पुरूषहरू नै ग्रन्थारम्भ देखि नै आर्य-हिन्दूहरूका पूर्णाधिकारी सिद्ध गरिंदै, मानिंदै आएभैं हामी तिनैभित्रका भारतवर्षीय ऋषिमुनिका सन्तति हौं । तस्मात् यो कुरा अ-आफ्ना स्मृति-भण्डारमा सुरक्षित पारी राख्नका लागि सदाग्रह गर्दछौं । अझै यसमा गहीरो विचार लिएर हे-यौ भने वर्तमान-संसार चीन राष्ट्रद्वारा शासित तिब्बत(भोट) लाई त्रिविष्टप (स्वर्ग) हो भन्दछ भने, अमेरिकालाई पाताल । यसो भन्नाको तात्पर्य हो - यी दुवै राष्ट्र अ-आफ्ना ठांउमा पृथ्वी गोल छ भन्ने दृष्टिले हेर्दा ठीक माथि र तल पर्दछन् । यसरी स्वर्ग मानिएको त्यै तिब्बत र नेपालको राष्ट्र-सीमामा रहेको विश्वको सर्वोच्च गिरिशिखर-सगरमाथा (एवरेष्ट) को उत्तरी आधाभाग तिब्बतको र दक्षिणीभाग नेपालको भइरहेकोछ । हामी दुवै राष्ट्रले समान-अधिकारले भोगि रहेकैछौं । यसैको माथिल्लो भागको शिरःप्रदेश (चुचुरो)मा पनि हामी दुवै राष्ट्रको महत्त्व बढ्ने गरी महादानी असुर सम्राट् बलिराजासंग महर्षि एवं प्रजापति कश्यपका सुपुत्र ब्रह्मचारी वटु वामनले उनको महायज्ञ-मण्डपमा पुगेर ठीक बेला पारी आफ्नो त्रैलोक्यव्यापी महत्त्व छिपाई केवल आफ्नो पाउ बराबरको "तीन पाउ मात्र अटांउने भूखण्ड माग्दा" हुन्छ, मैले दिएं, अब आफैं नापेर लेउ, "के, के, कत्ति कसरी नापेर लिन्छौं हेरौं" भनी सत्यवचन दिए पछि, लिनेले अर्थात् नाप्नेले एक पाउले पृथ्वीदेखि माथिका सातै लोक र अर्कोले पृथ्वीदेखि तलका सातै लोक आफ्नो पार्न त्यही सगरमाथाको थाप्लोमा राखी त्यसैलाई आफ्नो अचिन्त्य-शक्तिशाली महिमाद्वारा थिच्दै तल पुऱ्याइएको हो भन्ने कुराको यथार्थ-प्रमाण श्रीमद्भागवतको अष्टमस्कन्धको बीसौं अध्यायको अन्तिम श्लोकले दिंदैछ ।

क्षितिं पदैकेन बलेर्विचक्रमे नभः शरीरेण दिशश्च बाहुभिः ।
पदं द्वितीयं क्रमतस्त्रिविष्टपं न वै तृतीयाय तदीयमण्वपि ॥

यसै कारणले सगरमाथाको मात्र होइन कि हामी दुवै मित्र-राष्ट्र नेपाल-तिब्बतको गौरव र सर्वोच्चता आधुनिक विश्वभरीका राष्ट्रहरूले मानि आएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहीं नै राजर्षि भगीरथको भगीरथ-प्रयत्नले सुसमृद्ध भएकी देवी सुरधुनी (आकाशगङ्गा) सर्वप्रथम उपरि तथासंस्तुत सगरमाथाको शिरोभागमा समाधिस्थ भएर राज भएका लोककल्याणकारी भगवान् शिवको विशाल-जटाजूटमा ओर्लेकी हुन् र धेरै-धेरै समयसम्म त्यहीं रुमल्लिएर बल्ल-तल्ल तलतिर झरेकी हुन् । यिनै भागीरथी नाम पाएकी देवी गङ्गा आफ्नो उद्गम-स्थल तथाप्रस्तुत यै हाम्रो सगरमाथाको एक खण्ड बाट राजर्षि-भगीरथको पछि-पछि लाग्दै-लाग्दै जाँदा अन्तमा गङ्गा-सागर-संगम स्थल वङ्गलको खाडीमा पुगे पछि राजाधिराज सगरका सन्ततिहरूलाई पवित्र एवं तत्तत्कर्म-बन्धन मुक्त गराई आफ्ना प्रिय-सागरसंग एक भएकी हुन् ।

आदिकालीन संस्कृति तथा सभ्यताको उद्गमस्थल धर्म-क्षेत्र, कुरुक्षेत्र

भारतवर्षीय-धर्मक्षेत्र कुरुक्षेत्र पवित्रतम ऐतिहासिक-स्थल भरीमा ऐतिहासिक प्रत्येक पार्थिव कण-कणहरूका माध्यमले प्राक्कालीन वैदिक-इतिहाससंग ओतःप्रोतः भएको पाइन्छ । वेदको उच्चतम अध्ययन तथा चिन्तन-मनन एवं ठूला-ठूला यज्ञ-यागादि वैदिक ऋषि-मुनिहरूले यसैका प्रदेशमा बहेकी तत्कालीन सरस्वती-नदीको पावन-तटका वरपर बसेर गरेका थिए । हाम्रा सर्वोत्तम धर्मशास्त्रका ग्रन्थहरूको निर्माण तथा उद्गम पनि यहीं भएको हो । आदिमनु स्वायम्भुवले भारतवर्षीय संस्कृति एवं सभ्यताको यथार्थ स्वरूपप्रदर्शन गराउने विश्वभरीका आर्यत्व-परिपूरित हिन्दूहरूका निमित्त सुमहान् संविधान जस्तो, निरन्तर सन्मार्ग-प्रदर्शक स्मृति (मनुस्मृति) ग्रन्थको निर्माण पनि यहीं बसेर गरेका हुन् । यी सब कुराले कुरुक्षेत्र भारतका अरू धार्मिक स्थानहरू भन्दा ज्यादै पवित्र मानिन्छ । यसैले यसको महत्त्व महनीय छ । जब कि वर्तमान विश्वभरीका राष्ट्रहरूमा कहीं पनि सुन्दर-संस्कृति एवं शिष्ट-सभ्यता आदि विकासको कुरा त परै जाओस्, त्यसको जरोसम्म पनि गाडिएको थिएन, त्यसै समयदेखि यो कुरुक्षेत्रको स्थिति यस्तो भइसकेको थियो । सम्पूर्ण विद्या, कला, ज्ञान-विज्ञान आदिको आविर्भाव हुनाको साथै आजकल संस्कृति-सभ्यता आदि भनिने काम-कुराको पहिलो उत्पत्तिको स्रोतः यही स्थान भनिन्थ्यो र मानिन्थ्यो पनि । यही ठाम देवभूमि र कर्मभूमिको साथै यज्ञभूमि आदिका सन्नामले अभिहित भइसकेको थियो । तदनुसारको धारणामा आधारित अनेकौं कर्महरू गरिईदै जाने यही मुख्य थलो ठह-याइएको सम्म थियो । विशेषतः यहीं वैदिक-ऋषिमुनिहरू निवास गर्दथे । पछि गएर कुरु-पाण्डुवंशी भाई-भाईको महाभारतको महायुद्ध यहीं भयो । यत्रो विशाल भारतको अरू स्थान हुंदा-हुँदै त्यहीं क्षेत्रमा नै गएर लडाईं गर्नु पर्ने मुख्य कारण यही थियो कि तथासंस्तुत यस पुण्यभूमिमा मरि हाल्यौं भने पनि "सुपवित्रतीर्थस्थानमरणात् सद्योमुक्तिः" भन्ने संस्कृतको उक्तिझैं मुक्तै हुनेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

भन्ने यै सिद्धान्तले त्यहीँ लड्न पुगेका हुन् । यसै स्थानमा रथी-अर्जुनका सारथि बनेका भगवान् कृष्णले गीता-नदीको निर्मल ज्ञानधारा बहाएर केवल अठारै दिनमा दुबैतर्फका गरी अठारह अक्षौहिणी सेना भुसुक्क पार्न लगाएका हुन् । अतएव यही कुरुक्षेत्रलाई धर्मक्षेत्र भनिएको हो । श्रीमद्भगवद्गीताको उठान (शुरू) को श्लोकांश हेरौं "धर्मक्षेत्रे कुरुक्षेत्रे" इत्यादि ।

यहीं माथि भनिएका वैदिक-देवता अग्नि, वायु, इन्द्र, सोम, विष्णु र प्रजापति आदिले यसै ठामलाई पवित्र यज्ञभूमि मानेर अ-आफ्ना ढंगका अनेकौं यज्ञ गरेका देखिन्छन् । सृष्टि गरिसके पछि सर्वप्रथम ब्रह्माजीले त्यसलाई बढाउनको निम्ति यहीं अनेकौं यज्ञ-यागादि गरे । त्यसपछि ऋषि-मुनि-ब्रह्मर्षि आदिको पनि पुण्यसञ्चयन गर्ने मुख्य थलो यही भयो । उनीहरूले यहीं अनेकौं धर्मशास्त्र एवं कल्पसूत्र, गृह्यसूत्र आदि सांस्कृतिक, धार्मिकग्रन्थहरूको निर्माण गरे । कुरुवंश-प्रवर्तक सुप्रसिद्ध राजाधिराज कुरूले त आफ्नै हातले यज्ञस्थल संशोधन गर्दा हलो जोती सक्ता नसक्तै भगवान् विष्णुबाट यस्तो वर पाए कि, यो प्रदेश ए कुरु राजा ! तिम्रै नामले "कुरुक्षेत्र" भनेर प्रसिद्ध हुनेछ इत्यादि ।

यही पुण्यमय धर्मक्षेत्र एवं पावनतम कर्मभूमि तथा शर्म (शान्ति-सुख) प्रद कुरुक्षेत्रमा ठूला-ठूला पर्व-दिनहरूमा विशेष गरेर सूर्य-ग्रहणादि उपरागयुक्त सुमुहूर्तमा स्नान-दानादि-सत्कर्म गर्नानिमित्त सारा भारतवर्षभरीका सनातन-धर्म-प्रेमी जनताहरू निरन्तर ओइरिएका देखिन्छन् । श्रीमद्भागवत दशमस्कन्धको बयासियौं अध्यायमा "महत्यां तीर्थयात्रायां तत्रागन् भारतीः प्रजाः" भनेर यसको महत्त्व अरू देखाइएकोछ । यसबाट पनि देखिन्छ कि ? समस्त भारती प्रजाहरू त्यहां भगवान् कृष्ण संग "स्नानार्थ गएका छन् । यी कुरा त्यही अध्याय हेर्दा, पढ्दा अवगत हुने नै छ ।

कुरुक्षेत्रको अर्को महत्ता

यता उत्खननबाट प्राप्त वस्तुहरूको पुरातात्त्विक विचार-विमर्शको आधारमा तथाकथित सिन्धुघाटी र हडप्पा ई.सं. २५०० र पछिल्लो काल ई.सं. ८६ पूर्व २२००, १८०० मानिएको आधुनिक संस्कृति-सभ्यताको औद्योगिक-स्थल जुन जनसमक्ष प्रकाशमा आएकोछ, त्यो उक्त कुरुक्षेत्रको दौलतपुर, मिर्जापुर, भगवानपुर आदि गांउ-ठांउमा ढिस्का-ढिस्की खन्दा-खोस्र्दा प्राप्त भइसकेका छन् । तिनैबाट पनि निर्णय गरिसकेका छन् कि तथाकथित शंकास्पद सभ्यता-संस्कृति-विकासको थलो मोहन-जो-दडो भन्दा कुरुक्षेत्रको तथासंस्तुत संस्कृति र सभ्यता साह्रै प्राचीन हो, इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहीं नै राजर्षि भगीरथको भगीरथ-प्रयत्नले सुसमृद्ध भएकी देवी सुरधुनी (आकाशगङ्गा) सर्वप्रथम उपरि तथासंस्तुत सगरमाथाको शिरोभागमा समाधिस्थ भएर राज भएका लोककल्याणकारी भगवान् शिवको विशाल-जटाजूटमा ओर्लेकी हुन् र धेरै-धेरै समयसम्म त्यहीं रूमल्लिएर बल्ल-तल्ल तलतिर झरेकी हुन् । यिनै भागीरथी नाम पाएकी देवी गङ्गा आफ्नो उद्गम-स्थल तथाप्रस्तुत यै हाम्रो सगरमाथाको एक खण्ड बाट राजर्षि-भगीरथको पछि-पछि लाग्दै-लाग्दै जांदा अन्तमा गङ्गा-सागर-संगम स्थल बङ्गालको खाडीमा पुगे पछि राजाधिराज सगरका सन्ततिहरूलाई पवित्र एवं तत्तत्कर्म-बन्धन मुक्त गराई आफ्ना प्रिय-सागरसंग एक भएकी हुन् ।

आदिकालीन संस्कृति तथा सभ्यताको उद्गमस्थल धर्म-क्षेत्र, कुरुक्षेत्र

●

भारतवर्षीय-धर्मक्षेत्र कुरुक्षेत्र पवित्रतम ऐतिहासिक-स्थल भरीमा ऐतिहासिक प्रत्येक पार्थिव कण-कणहरूका माध्यमले प्राक्कालीन वैदिक-इतिहाससंग ओतःप्रोतः भएको पाइन्छ । वेदको उच्चतम अध्ययन तथा चिन्तन-मनन एवं ठूला-ठूला यज्ञ-यागादि वैदिक ऋषि-मुनिहरूले यसैका प्रदेशमा बहेकी तत्कालीन सरस्वती-नदीको पावन-तटका वरपर बसेर गरेका थिए । हाम्रा सर्वोत्तम धर्मशास्त्रका ग्रन्थहरूको निर्माण तथा उद्गम पनि यहीं भएको हो । आदिमनु स्वायम्भुवले भारतवर्षीय संस्कृति एवं सभ्यताको यथार्थ स्वरूपप्रदर्शन गराउने विश्वभरीका आर्यत्व-परिपूरित हिन्दूहरूका निमित्त सुमहान् संविधान जस्तो, निरन्तर सन्मार्ग-प्रदर्शक स्मृति (मनुस्मृति) ग्रन्थको निर्माण पनि यहीं बसेर गरेका हुन् । यी सब कुराले कुरुक्षेत्र भारतका अरू धार्मिक स्थानहरू भन्दा ज्यादै पवित्र मानिन्छ । यसैले यसको महत्त्व महनीय छ । जब कि वर्तमान विश्वभरीका राष्ट्रहरूमा कहीं पनि सुन्दर-संस्कृति एवं शिष्ट-सभ्यता आदि विकासको कुरा त परै जाओस्, त्यसको जरोसम्म पनि गाडिएको थिएन, त्यसै समयदेखि यो कुरुक्षेत्रको स्थिति यस्तो भइसकेको थियो । सम्पूर्ण विद्या, कला, ज्ञान-विज्ञान आदिको आविर्भाव हुनाको साथै आजकल संस्कृति-सभ्यता आदि भनिने काम-कुराको पहिलो उत्पत्तिको स्रोतः यही स्थान भनिन्थ्यो र मानिन्थ्यो पनि । यही ठाम देवभूमि र कर्मभूमिको साथै यज्ञभूमि आदिका सन्नामले अभिहित भइसकेको थियो । तदनुसारको धारणामा आधारित अनेकौं कर्महरू गरिंदै जाने यही मुख्य थलो ठह-याइएको सम्म थियो । विशेषतः यहीं वैदिक-ऋषिमुनिहरू निवास गर्दथे । पछि गएर कुरु-पाण्डुवंशी भाई-भाईको महाभारतको महायुद्ध यहीं भयो । यत्रो विशाल भारतको अरू स्थान हुंदा-हुंदै त्यहीं क्षेत्रमा नै गएर लडाईं गर्नु पर्ने मुख्य कारण यही थियो कि तथासंस्तुत यस पुण्यभूमिमा मरि हाल्यौं भने पनि "सुपवित्रतीर्थस्थानमरणात् सद्योमुक्तिः" भन्ने संस्कृतको उक्तिझैं मुक्तै हुनेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने यै सिद्धान्तले त्यहीं लड्न पुगेका हुन् । यसै स्थानमा रथी-अर्जुनका सारथि बनेका भगवान् कृष्णले गीता-नदीको निर्मल ज्ञानधारा बहाएर केवल अठारै दिनमा दुबैतर्फका गरी अठारह अक्षाहिणी सेना भुसुक्क पार्न लगाएका हुन् । अतएव यही कुरुक्षेत्रलाई धर्मक्षेत्र भनिएको हो । श्रीमद्भगवद्गीताको उठान (शुरू) को श्लोकांश हेरौं "धर्मक्षेत्रे कुरुक्षेत्रे" इत्यादि ।

यहीं माथि भनिएका वैदिक-देवता अग्नि, वायु, इन्द्र, सोम, विष्णु र प्रजापति आदिले यसै ठामलाई पवित्र यज्ञभूमि मानेर अ-आफ्ना ढंगका अनेकौं यज्ञ गरेका देखिन्छन् । सृष्टि गरिसके पछि सर्वप्रथम ब्रह्माजीले त्यसलाई बढाउनको निम्ति यहीं अनेकौं यज्ञ-यागादि गरे । त्यसपछि ऋषि-मुनि-ब्रह्मर्षि आदिको पनि पुण्यसञ्चयन गर्ने मुख्य थलो यही भयो । उनीहरूले यहीं अनेकौं धर्मशास्त्र एवं कल्पसूत्र, गृह्यसूत्र आदि सांस्कृतिक, धार्मिकग्रन्थहरूको निर्माण गरे । कुरुवंश-प्रवर्तक सुप्रसिद्ध राजाधिराज कुरूले त आफ्नै हातले यज्ञस्थल संशोधन गर्दा हलो जोती सक्ता नसक्तै भगवान् विष्णुबाट यस्तो वर पाए कि, यो प्रदेश ए कुरू राजा ! तिम्रै नामले "कुरुक्षेत्र" भनेर प्रसिद्ध हुनेछ इत्यादि ।

यही पुण्यमय धर्मक्षेत्र एवं पावनतम कर्मभूमि तथा शर्म (शान्ति-सुख) प्रद कुरुक्षेत्रमा ठूला-ठूला पर्व-दिनहरूमा विशेष गरेर सूर्य-ग्रहणादि उपरागयुक्त सुमुहूर्तमा स्नान-दानादि-सत्कर्म गर्नानिमित्त सारा भारतवर्षभरीका सनातन-धर्म-प्रेमी जनताहरू निरन्तर ओइरिएका देखिन्छन् । श्रीमद्भागवत दशमस्कन्धको बयासियौं अध्यायमा "महत्यां तीर्थयात्रायां तत्रागन् भारतीः प्रजाः" भनेर यसको महत्त्व अरू देखाइएकोछ । यसबाट पनि देखिन्छ कि ? समस्त भारती प्रजाहरू त्यहां भगवान् कृष्ण संग "स्नानार्थ गएका छन् । यी कुरा त्यही अध्याय हेर्दा, पढ्दा अवगत हुने नै छ ।

कुरुक्षेत्रको अर्को महत्ता

यता उत्खननबाट प्राप्त वस्तुहरूको पुरातात्त्विक विचार-विमर्शको आधारमा तथाकथित सिन्धुघाटी र हडप्पा ई.सं. २५०० र पछिल्लो काल ई.सं. ८६ पूर्व २२००, १८०० मानिएको आधुनिक संस्कृति-सभ्यताको औद्योगिक-स्थल जुन जनसमक्ष प्रकाशमा आएकोछ, त्यो उक्त कुरुक्षेत्रको दौलतपुर, मिर्जापुर, भगवानपुर आदि गांउ-ठांउमा ढिस्का-ढिस्की खन्दा-खोस्र्दा प्राप्त भइसकेका छन् । तिनैबाट पनि निर्णय गरिसकेका छन् कि तथाकथित शंकास्पद सभ्यता-संस्कृति-विकासको थलो मोहन-जो-दडो भन्दा कुरुक्षेत्रको तथासंस्तुत संस्कृति र सभ्यता साह्रै प्राचीन हो, इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उता सातौं शताब्दीका महाराजाधिराज हर्षबर्धनले यसै कुरुक्षेत्रको अन्तर्गत थानेश्वर गाँउलाई राजधानी बनाएका थिए र भारतको धेरै जसो भू-भाग सम्म आफ्नो राज्यविस्तार गरेका थिए । यसैताक सुप्रसिद्ध चिनीयाँ-यात्री ह्वेनत्साङ्ग भारत घुम्दै-घुम्दै यहीं आइपुगेका थिए । उनले यस क्षेत्रका अनेकौं ठाँउ-गाँउको निरीक्षण-परीक्षण गरेर यस क्षेत्रको सक्तो प्रशंसा गरेका हुन् र पछि फर्केका हुन् । यहाँ यज्ञकर्ता तथा ग्रन्थ-निर्माताहरूको अनेकौं कुराको स्मारक-रूपका विभिन्नविधाका मूर्तिहरू पनि संस्थापित छन् र गएर हेर्न तथा यस्ता संस्कृतिहरू आफैंमा सुसज्जित गरि राख्न त्यस ठाँउमै पुगेर अध्ययन गर्नु अत्यावश्यक छ। यहाँको अर्को विशेषता के छ भने ? सन्निहित-सरोवर र ब्रह्मसरोवर नामका सरोवर (ठूला-ठूला तलाउ) ज्यादै निर्मल जलका छन् र हेर्ने-देख्ने व्यक्तिमात्रको हृदयलाई अतिशय आनन्दित र आल्हादित बनाइ छोड्दछन् । यी सब कुराले यही स्थान पूर्वीय विद्वानहरूको सिद्धान्तानुसार प्राचीन-संस्कृतिको उद्गमस्थल हो ।

यो क्षेत्र अठ्चालिस कोशको परिधि (घेरा) भित्रको छ र तीनसय साठी पवित्र-तीर्थहरूले परिपूर्ण छ । महाभारत-पुराण आदिमा यसको महत्त्व जतातते देखिन्छ । अब सोचौं त, यस स्थितिमा कसरी त्यो सिन्धुघाटी तथा हड्प्पातिरको सभ्यता तथा संस्कृतिलाई ज्येष्ठ हो, श्रेष्ठ हो, भन्ने ? हामी भारतवर्षीय व्यक्तिहरूले आफ्नो भइरहेको गौरवमा, आर्य-संस्कृतिको महत्त्वमा ठूलो आघात पर्ने गरी सहर्ष स्वीकार गर्ने ? यस स्थितिमा पारीकाले र त्यसका वरपरकाले अझै पनि यस्तो हुँदा-हुँदै पनि "मेरो गोरूको बाह्रै टक्का" भनेकोमा उनीहरूको काग-कराई सुन्दै न सुनेर हामी हाम्रो यथार्थको यस्तो पीना सुकाँउदै अघि बढौं ।

जातिवाद र चातुर्वर्ण्य

●

जाति-शब्दले हरएक प्राणीमात्रको अ-आफ्नो उत्पत्ति देखाँउछ । प्राणी चार प्रकारका हुन्छन्, जरायुज, अण्डज, स्वेदज र उद्भिज्ज । यिनमा साल-नाल सहित जन्मिने जातिलाई जरायुज-जाति भन्दछन्, जस्तो मनुष्य, पशु आदि । फूलबाट जन्मिने जातिको नाम हो अण्डज, जस्तो चराचुरूङ्गी र सर्प आदि । स्वेदज-जाति पसिना तथा तातो ऊर्जा आदिबाट जन्मिने जति, जस्तो लामखुट्टे, जुम्रा, लिखा जस्ता र अरू वर्षाकालमा देखिने स-साना जीवहरू हुन् । उद्भिज्ज, पृथ्वीलाई छेडेर जन्मिने रूख, झार-पात आदि । यी चार प्रकारका प्राणीहरू मध्ये तीनथरी जातिको त कुरै भएन । विशेष प्रबुद्ध कहिने मानव-जातिकै कुरा गरौं । यसै जरायुज-जातिलाई लिएर यौटा वैदिकमन्त्र पाठकवर्गको समक्ष उपस्थापित गरेर कुरा झिक्नु भन्दा पहिले यसो भनौं -

आहार-निद्रा-भय-मैथुनञ्च सामान्यमेतत्पशुभिर्नराणाम् ।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आहारा (खाने-पिउने) निद्रा (सुत्ने) भय (त्यसै पनि लौननि ! क्यै होला कि? भन्ने कुरा) मैथुन (जोडा-जोडी भएर भोगिने क्षणिक आनन्द) आदि यी चारै कुरा पशु आदिमा र पुरूषहरूमा कत्ति फरकै छैनन् । परन्तु मनुष्यहरूमा यौटै विशेषता केही छ भने धर्ममात्र छ । त्यै धर्मको स्वरूपमा यस्तो भनिन्छ "धारणाद्धर्ममित्याहुः" मनुष्य-जातिले आफ्नो हृदयान्तरमा बलियो संग टिकाई राखेको "यो काममा अथवा यस विषयमा मैले जुनसुकै अवस्था आई परेता पनि अवश्य यसै गर्नुपर्छ, यसको विपरीत त्यसो कहिल्यै पनि गर्नै हुँदैन" भन्ने विधि-निषेधरूपको विवेकमय सद्‌विचारकै नाम हो धर्म । यसैलाई राम्रोसंग अर्थात् नचुकीकन परिपालन गरिएको छ भने गर्नेलाई त्यसै धर्मले निरन्तर रक्षा गर्दछ । यसैले भनिएको हो "धर्मो रक्षति रक्षितः" यी सबै पछि-पछि हुने र विकसित हुँदै जाने सामाजिक-व्यवस्था मिलाई राख्न र त्यसैमा समाजलाई टिकाउन आदिकाल देखि नै वेदले यसो भन्दै आएको हो ।

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो व्यजायत ।।

उपर्युक्त वाक्यावलीमा त्यही परब्रह्मको मुख (पवित्र स्थान) ब्राह्मण-जाति हो क्षत्रिय-जाति दुबै बाहु, एवं वैश्य-जाति दुबै तिघ्रा र शूद्रजाति दुबै पाउ हुन् । अर्थात् यिनै स्थानबाट यी चारैको उत्पत्ति भएको हो । मुख्य अर्थ यही हो । लाक्षणिक अर्थ हेर्नै, बुझ्ने हो भने- मुख जस्तो पवित्र स्थानबाट समुत्पन्न ब्राह्मण-जाति सदैव सत्कर्माचरणशील हुनु पर्दछ र त्यसको मुखबाट विनिःसृत वाक्यावली पनि ठीक त्यस्तै अर्थात् त्यसकै सदृश निरन्तर परिपालित हुने पर्दछ । यसोभए मात्र त्यो जाति "ब्रह्म जानातीति" ब्रह्म जान्दछ भने ब्राह्मणः, ब्राह्मण कहलाइन्छ, भने जस्तो सार्थक हुन सक्तछ, सदुपदेश दिन सक्तछ । बाहुबाट निस्केका क्षत्रियजाति बाहुमा "बाहोर्मे बलमिन्द्रियम्" भने जस्तो बल-वीर्यादिले परिपूर्ण भएको हुंदा सामाजिक व्यवस्थाको संरक्षक मानिन्छ । त्यस्तै तिघ्रा जस्तो गतिशील-स्थानबाट उत्पन्न वैश्य-जाति आफ्नो उत्तमगतिको सामाजिक उन्नति (कृषि, गोपालन, वाणिज्य आदि) को माध्यमले वृत्तिकै अनुसार सुसमृद्ध भएकोछ भनेमात्र पो वैश्यजातिमा उत्तम कहिन्छ । यस्तै पाउबाट उत्पन्न शूद्र-जाति माथिका तिनै जातिको सेवा-सुश्रूषा सहयोगादि बाट आवश्यक अर्थोपार्जनादिका माध्यमले आफ्नो दैनिक व्यवहार चलांउदै भगवद्‌भजनादि गरी जीवन-यापन गर्ने वृत्ति भएको मानिन्छ र अत्युत्तम कहिन्छ ।

गीतामा भगवद्वाक्य

●

उपर्युक्त यी सारा कुराको व्यवस्था मिलांउने उपर्युक्त वेदवाक्यमय एवं तदनुप्राणित-ब्रह्म मै हूं, जो म अहिले तिमीलाई गीता सुनांउदैछु भनेर अर्जुनलाई उद्बोधन गर्दै स्वयं भगवान् कृष्ण आज्ञा गर्नु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ।। गीता ४.१३.

सत्व रजः तमः आदि तीन गुण र सत् असत् (पापपुण्य) आदि कर्म केलाएर अथवा छुट्याएर मैले नै ब्राह्मण, क्षत्रिय वैश्य र शूद्र आदिको चातुर्वण्य-व्यवस्था मिलाइएको हूँ । ए अर्जुन ! त्यसको कर्ता पनि मै हूँ । त्यस्तो हो तापनि तिमी मलाई अकर्ता (केही गर्दै नगर्ने) हो भनेर संझ । सुन ए मेरी पवित्र कर्माचरणशील फुपू-कुन्ती-देवीका सुपुत्र अर्जुन ! यता तिमी भन्नलाई भने मैले नै चातुवर्ण्य सृष्टि, गरें, भन्दछौं, त्यसमा पुनः आफैंलाई अकर्ता (कतृर्त्वविहीन) हूँ पनि भन्दछौं भने, ती ती त्यस्ता त्यस्ता कर्मको फल कल्ले भोग्ने ? शास्त्रमा भनेको कुरा "अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्" हामीले पनि जानेकैछौं । अब यसमा तिमी हाम्रो चित्त बुझ्ने के उत्तर दिन सक्तछौं ? भन्लाउ, त्यसको समुचित उत्तरमा मेरो भनाई यो छ - म अव्यय कहिल्यै घटबढ नहुने, सधैं एकनासे छु । मेरा ती ती नियम-उपनियम सम्बद्ध श्रुति-ग्रन्थका धारा-उपधाराहरू सुन ए प्रिय अर्जुन ! अनन्त विश्वब्रह्माण्ड-व्यवस्था-सञ्चालन निमित्तका संविधानभित्रैका हुन् भन्ने संझ, जो कहिल्यै पनि कस्तै भए पनि विश्वब्रह्माण्डै उल्टिए तापनि अलिकति सम्म पनि तल-माथि पर्दै-पर्दैनन्, हेर-फेर हुँदै-हुँदैनन् । यस स्थितिमा मायाका वृत्ति र व्यवहारले तिमीले शंका गरेको जस्तो त्यस्तो कर्मको कर्ता भएको मैलाई वस्तुतः परमार्थरूपले अकर्ता (क्यै नगर्ने) नै रहेछन् भन्ने संझ । किन कि ? यस्तो म नैरन्तर्य्येण अव्यय (नित्य एकरस अविनाशी) छु । जस्तो वेदले मेरो निर्गुण एवं सगुण दुबै रूपको महत्त्व तथा गुरूत्व त्यस्तै छ, भनेकोछ । त्यही ठीक म पनि छु अव्यय र अकर्ता । हेर्नुहोस् - गीता शांकरभाष्य

उपर्युक्त चारै जातिका कर्म के के कस्ता कस्ता रहेछन् ? तिनको रूप-रेखा गीताको १८ अध्यायको ४२ श्लोक देखि ४५ श्लोक सम्मका श्लोकहरूमा स्पष्टै देखिन्छन् । तस्मात् यो प्रसङ्गलाई यहीं छोडौं ।

जन्मना जातिः

हाम्रा श्रुति-स्मृतिका शास्त्रमा देखिन्छ । "जन्मना जातिः" अथवा "कर्मणा जातिः" जन्मले जाति (जात-पात) हुन्छ, छुट्याइन्छ कि कर्मले ? यी दुबै प्रश्न अ-आफ्ना ठाँउमा साह्रै बलिया छन् । जातिले वर्ण (ब्राह्मणत्वादि) निर्धारण गर्ने (तोक्ने) हरू भन्दछन् कि-त्यो त माथि देखाइएको, श्रुति (वेद) के उक्तिबाट स्वतः सिद्ध भइरहेको छ कि विराट् ब्रह्मको मुख आदि स्थानबाट उत्पन्न भएका ब्राह्मणादि जातिहरूको जन्मैले जातिवाद सर्वथा मान्य छ । तस्मात् जन्मै देखिको जाति नै श्रेष्ठ हो, अत्युत्तम हो । यता गीताको उपर्युक्त भनाई छ, गुण र कर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रीति-स्थिति हेरेर मैले (म ब्रह्मले) चारै वर्ण सृष्ट गरेको हूँ । तस्मात् जन्मनेको के कस्ता गुणहरू छन् । त्यसको पूर्वसञ्चित-कर्म के कस्तो छ ? यी सब कुराको विचार उपर्युक्त सृष्टिक्रममै रहेकोछ । यी दुबै अ-आफ्ना ढंगका सिद्धान्तलाई लिएर भइरहेको र चल्दै आएको उहिल्यै देखिको वाद-विवाद हाम्रा पूज्य-पूर्वजहरूमा हिजो-आजसम्म पनि यथावत् जस्ताको त्यस्तै रहि रहेकैछ । यस विषयमा केही ध्यान दिने पाठकहरूलाई यो कुरा अवगत भएकै हुनुपर्छ । जन्मले नै जातिको महत्ता र श्रेष्ठता निस्किएको र मानिदै आएको यौटा महाभारत सौप्तिकपर्वको प्रसङ्ग हेरौं, बडो विचारणीय छ । केहीबेर ध्यान दिंदै जाऊं । पढ्दै जांदा धेरै-धेरै ज्ञातव्य विषयहरू आंउने नै छन् परन्तु यी चांहि गौणरूपमा उपलब्ध हुने हुन् ।

जातिगत ब्रह्महत्यामा विचार-विमर्श

महाभारतको युद्धस्थल कुरुक्षेत्रमा कौरव-पाण्डव दुबै तर्फका अठ्ठार हजार अक्षौहिणी-सेना युद्धमा संलग्न हुँदै मृत्यु-मेलामा भेला भएका थिए । त्यसैबीच अठ्ठारै अध्यायमा बखानिएको गीताका महावाक्यहरूलाई सर्वव्यापक ऐश्वरीय-महत्त्वशाली तात्कालिक ध्वनि-नियन्त्रक यन्त्रले आफैंमा नियन्त्रण (निबद्ध) ग-यो र केवल अठ्ठार दिनैमा त्यत्रो र त्यस्तो अद्भुत-युद्ध समाप्त भयो । बचे केवल एघारै जना, पाण्डवपक्षका आठ, कौरव-पक्षका तीन (यो कुरा माथि गएको भए पनि पुनरुक्त नसम्झनु होला) । तिनमा यौटा स्वयं महाकालात्मा भनिने एवं रण-भूमिमा चहार्दा-चहार्दै ती ती प्रदूषित-विचारका महारथी महावीर भनाउंदाहरूको अवशिष्ट आयुको अंश जति यसो वरपर, यता-उता हेर्दा-हेर्दै खिंचेर, समेटेर आफैंमा लिने शक्ति भएको त्यै कृष्ण भनिने, आफ्नो प्रिय साथीको साथी वा सारथि बनेको यौटै व्यक्ति थियो, जसको यस्तो रंग-ढंग त्यस्तो चाला-माला अलिल परै बसेर राम्रैसंग निरीक्षण-परीक्षण गरिरहेका नातामा सबैका बाजे (पितामह) पर्ने देवव्रत (जसलाई सबै भीष्म-पितामह भन्दथे) अर्का थिए, जो वर्णका क्षत्रिय भए पनि बडे-बडे ब्रह्मर्षि एवं परतत्त्वज्ञाता तथा महान्-महान् विद्वान् महात्माहरूलाई पनि सदुपदेश दिन, सतत्त्वको निर्देशन गर्न सर्वथा समर्थ थिए । तिनै महापुरुष, महावीर एवं महारथी रणक्षेत्रमा अर्जुनका तीखा-तीखा बाणले सर्वाङ्ग छेडिएर, रगताम्य भएर मृत्यु-शय्यामा लडिरहेको बेला आफ्नो अन्तिम अवस्थामा पनि त्यै महाप्रभुलाई आफ्नो अगाडि पांउदा त्यसैलाई यसो भनेर मैले अैले माथि भनेका कुरामा पुठ दिएर त्यस प्रभुलाई प्रभावित पारि छोडेथे । हेर्नुहोस् भागवत प्र.अ.९ को भीष्मस्तुति - जसको एकांशमात्र तल छ । पढौं त -

सपदि सखिवचो निशम्य मध्ये निजपरबलयो रथं निवेश्य ।
स्थितवति परसैनिकायुरक्ष्णा हृतवति पार्थसखे रतिर्ममास्तु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अं त ! यसरी अर्काको बचे-खुचेको आयु जति आफैंमा समेटेर लिने प्रभु रणभूमिमा बच्ने व्यक्तिहरू मध्यको एक थियो । पाण्डव पांच थिए । अर्का सात्यकि र युयत्सु थिए । यसरी पाण्डव पक्षमा यिनै आठ व्यक्ति बचेका हुन् । कौरव-पक्षका तीन व्यक्तिमा अवशिष्ट यिनै देखिन्छन्-तिनको नाम हो कृतवर्मा, कृपाचार्य र अश्वत्थामा ।

यस पृष्ठभूमिमा उपरिसंस्थापित जातिवादको प्रसङ्गतिरै लागौं । त्यसबेला जब महाभारतको सर्वसंहारक लडांई समाप्त भएर केही शान्त वातावरण हुनमात्र के लागेको थियो, दुर्योधन आफ्नो समस्त अभिमान विलुप्त भइसकको हुंदा स्वयंले हार मानेर यौटा विशाल सरोवरमा लुकेर बसिरहेका थिए, ठीक यसै समयमा अश्वत्थामाले विचार गरे कि - जीवनभर जसको अन्न-पानी खाएर म यत्रो भएं, त्यसको केही प्यारो हुने अथवा केही सन्तोष हुने कुनै न कुनै काम मैले गर्न सकें भने, नूनको सोभो गरेको जस्तो त हुने थियो ? यस्तो ठानी र उचितै मानी आधारातको बेला पारी राजरानी द्रौपदीको अन्तःपुरभित्रै पसी उनका पांचै पतिबाट जन्मेका पांचै छोराहरूको शिर चटाचट काटी दुर्योधनको अगाडि लगेर तेर्स्याई, देखाई स्वयं उनी त्यस दोषबाट बच्न कसैलाई पनि ज्ञात नहुने ठामतिर भाग्दै गए । यता रुवाबासी चर्कन सम्म चर्क्यो र द्रौपदीको आर्तक्रन्दन अर्जुनले सुन्नै सकेनन् । पछि फुल्यांउदै द्रौपदीलाई उनले यसरी भने - मेरी रानी ! जो भो भै गयो, अब नरोउ, म त्यो आततायी नीच-ब्राह्मणको शिर गाण्डीव-धनुबाट छुटेका बाणहरूले छिनालेर तुरुन्तै ल्याँउनेछु । तिमी त्यसैमाथि चढेर खलको हालौली । यत्ति भनेर आफूले जसो भन्यो, उसै मान्ने र तुरुन्तै त्यसो गर्नै, आफ्नो प्यारो साथी र सारथि त्यही प्रभुको साथ रथारोहणको माध्यमले अश्वत्थामालाई भम्टिदै गएर भेट्टाए पछि पशुलाई डोरीले टन्काएर ल्याए जस्तै घिसारेर ल्यांउदा-ल्याँउदै बीच-बाटैमा सारथि हुनेले रथीलाई यसो भन्यो-के हेर्छौं ए अर्जुन ! यो नीच-ब्राह्मण हो, जसले सुतेका अबोध एवं निरपराध बालकहरूलाई ठामैमा गएर मारिदियो । तस्मात् खास आततायी हो यो । आततायीको लक्षण सुन -

अग्निदो गरदश्चैव शस्त्रोन्मत्तो धनापहः ।
क्षेत्रदारहरश्चैतान् षड्‌विद्यादाततायिनः ।। शुक्रनीतिः

अर्काको घरमा आगो सल्काई दिने, विष ख्वाउने, शास्त्र हातमा लिएर उन्मत्त भएर रिङ्ने, अर्काको सर्वस्व लुट्ने, खेतबारी भुसुक्क पारिदिने एवं अर्काकी पत्नी नै हरेर आफ्नी बनाउने, यी छ व्यक्तिहरू आततायी हुन् । यस्ता नीच-कर्मी व्यक्तिहरूलाई र अबला-महिला तथा गुरू-ब्राह्मण-वृद्ध एवं अबोध-बालकहरूलाई मार्ने दुष्टहरूलाई देख्ने बित्तिकै यता-उता हेर्दै नहेरी मारि हाल्नु पर्दछ । सुन, मनुस्मृतिको सैद्धान्तिक-प्रमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम् ।
आततायिनमायान्तं हन्यादेवाविचारयन् ॥

यी वाक्य भन्नेले केवल सुन्नेको धर्म-परीक्षण गर्नमात्र यी कुरा भनेको थियो न कि आफ्नो सिद्धान्त पोखेर । तस्मात् त्यो कुरा बुझ्नेले भन्नेको आज्ञा मानेन । अन्तमा रज्जुबद्ध अश्वत्थामा द्रौपदीको अगाडि ल्याएर लडाइए । यता त्यस्तो अवस्थाका उनलाई देख्ने बित्तिकै उल्टो देवी-द्रौपदीले आफ्नो नारीत्वको दया-वात्सल्यादि सद्गुणका आधारमा तिनैबाट प्रेरित भएर उनैलाई अझ श्रद्धा-भक्तिले अभिवादन टक्राएर आफ्ना पतिदेवसँग यसरी बिन्ती चढाइन् - ए हजूर ! ओहो, यो के गरिबक्सेको ? यस्तो गर्नु साह्रै अनर्थ भएन र ? सुनि बक्सियोस् त ! जसका कृपा-प्रसादले, निरन्तर ओइरिरहेको स्नेह-सद्भावनाले हामीले यत्रो महत्त्व र गुरूत्व प्राप्त गऱ्यौं, ती हाम्रा परमपूज्य गुरूदेव श्रीद्रोणाचार्य सन्तानका रूपमा यी अश्वत्थामाको स्थानमा विराजमान होइबक्सिन्छ । अर्को कुरा, म मेरा छोराहरू मर्दा यसरी रोए-कराए जस्तो, आर्तक्रन्दन गरे जस्तो यिनलाई मारि दिंदा यिनकी जननी देवी-कृपी रोइबक्सिन्न होला र ? आज्ञा होस् मेरा राजा ! ब्राह्मण-कुलको यस्तो द्रोह गरेमा गर्नेको हित-भलो पो कसरी होला र ? तस्मात् तुरून्त बन्धन फुकाइ दिइबक्सियोस् । इत्यादि

अत्र विचारः - त्यस्ता सन्नारीको सदादर्शमय वाक्य कस्तो हुंदोरहेछ ? यस्तै सन्नारीहरू भएर त हाम्रा यस्ता गांउ-ठांउमा पनि शास्त्रमा "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः" भनिएको हो, भन्ने कुरा हामी सबैका मुख-मुखमा छँदैछ । के हाम्रो राष्ट्रमा त्यस्तो अवस्थामा सम्म पनि त्यसो भन्न सक्ने एवं त्यस्तो सच्चरित्रको स्वरूप धान्न सक्ने उदाहरण भएर, त्यस्तै छौं, भन्ने देखांउन निरन्तर कम्मर कस्ने सन्नारी-देवीहरू छँदैछैनन् त ? यो नारीवर्ष घोषित सन् १९८८ को प्रसङ्गमा को को कस्ता कस्ताले के के भन्दैछन् ? त्यो सब कुरा हामी सबै सुन्दछौं । परिणाम हेर्दै जाऔं, जो जस्तो निस्कला देख्ने नै छौं । अस्तु

त्यसपछि अर्जुनले तत्कालमै आज्ञा माने । बन्धन फुक्यो । अश्वत्थामा साराको अगाडि निहुरमुन्टी न भएर बसिरहे । यता देवी-द्रौपदीको भनाई साह्रै उचित, साह्रै तर्क-युक्तिसंगत र हृदयाल्हादक मानेर सभ्य-सभासद्हरूले ठीक हो ! ठीक हो ! भनेर अनुमोदन गरे । परन्तु माहिला भाई (भीमसेन) अलिल चर्को स्वभावकै भएकाले त्यो कुरा मान्न त के सहनै पनि सकेनन् र यसो भनि हाले - के कुरा गर्छौ ? सभ्य हौं भन्छौं ? यो त पूरा आततायी हो । यसले न आफ्नो निम्ति, न आफूलाई दाना-पानी भरिदिनेको निम्ति हित अथवा स्वार्थपूर्ति हुनेगरी सुतेका शिशुहरूलाई माऱ्यो । केवल बेठाममा बेकाममा व्यर्थै माऱ्यो । अतः छोड्नै हुँदैन, ठोक, के हेर्छौ ठोक, इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लौ हेर्नुहोस् प्रियपाठकगण ! यसरी चर्कियो यो अवसाद र फसाद । यस स्थितिमा भीमसेन र द्रौपदीको श्रीमुखतिर हेरेर दुबैको अभिप्राय राम्रोसँग बुझेर आफ्ना मित्र अर्जुन पट्टि फर्की त्यै नाइके हुने प्रभु यसरी कड्क्यो - सुन ए अर्जुन ! ब्राह्मण-जाति जतिसुकै कुकर्म गर्ने नीच एवं पतितै भए पनि मार्ने हुँदैन, परन्तु पूर्वोक्तवत् आततायी छ भने छोड्ने हुँदैन । कुरा बुझ, मेरो यो दुवै भनाईको सत्यता तुरून्त संस्थापित गर । अर्को कुरा द्रौपदीलाई संझाउदा तिमीले गरेको प्रतिज्ञातिर - पनि ध्यान देउ र माइला दाईका भनाईको पनि समादर गर । यस्तो भन्नेले त्यस्तो भनेको सुनेपछि तत्कालमा अर्जुनले अश्वत्थामाको शिरोभागको चूडामा रहेको चूडामणिद्वारा सुशोभित केशराशि (जगल्टा) नै समातेर धारिलो तलवारले उनलाई चारपाटे मुडी हाहा-हाहा, गर्दै, गरांउन लगाउँदै त्यो छाउनीको पारी पट्टितिर लखेट्दिए ।

अब यहां भागवतकार व्यास आज्ञा गर्नु हुन्छ -

वपनं द्रविणादानं देशान्निर्यापणं तथा ।
एष हि ब्रह्मबन्धूनां वधो नान्योऽस्ति कर्हिचित् ।। १.७.५८

मुड्नु, सर्वस्व गर्नु र देश निकाला गर्नु, यी तीन कुरा मृत्यु-सदृशै हुन् । ब्राह्मणजाति साह्रै नै नीच एवं पतितै भए पनि कुनै अवस्थामा पनि बध्य (मार्न लायक) हुँदै-हुँदैन । यो हो जातिवादको महत्त्व । जन्मना जातिः, जन्मैदेखि जाति हुन्छ भनेको ।

यौटा यस्तै हाम्रो राष्ट्रिय-शासनमा आइ परेको घटना हेरौं । वि.सं.१९९७ सालमा तत्कालीन शासकहरूले आफ्नो स्वार्थ सिद्धि गर्न "यी सारा राष्ट्रद्रोही हुन्" भन्ने घोषित गरी धेरै-धेरै राष्ट्रिय कर्मठ व्यक्तिहरूलाई झुण्ड्याई गोली हानी मारिसके पछि, त्यस्तै अभियोग लगाइएका ब्राह्मण-जातिको बारेमा के गर्ने ? भन्ने विषयमा ठोस निर्णय लिन यौटा धार्मिक-सभामा छलफल गराए । अन्तमा सभाले निर्णय दियो कि ब्राह्मण भएपछि जातिले नै उच्च छन् । तस्मात् (अवध्यो ब्राह्मणः) भनिएकोले कुनै हालतमा पनि मार्ने हुन्न । त्यसो हुँदा तिनीहरूलाई मारेनन्, झुण्डयाएनन् । पछि २००७ साल पछि यिनै व्यक्तिहरू ठूला-ठूला राष्ट्रिय संमानित-पदमा पुगे । केही त्यस्ता प्रसंशनीयकर्मा पुरुषहरू त आफ्नो आयुको घडी सम्म पुग्दा पनि आफ्नो यस्तो राष्ट्रका आधुनिक शासकहरूले आफू भितरे भएर अरू हामी जस्तै सारालाई इतरे बनाएर बांकीलाई तिमीहरू खास तिरर-वितरे हौ, भन्दै निरीह-जनतालाई उचाली-पैछारी अझ २०५७ साल अघि नै नेपाललाई सुविकसित मात्र होइन अपितु स्वर्गै बनाई छोड्लान् कि हेरेर मात्र मरौंला भनेर बाँचिरहनु पर्ने बनाइएको छँदैछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को कुरा यो पनि छ कि "जन्मना जायते शूद्रः संस्कराद्विज उच्यते" जन्मदा सारा शूद्र हुन्छन् र क्रमशः संस्कृत हुँदै जाँदा द्विज, दुइपल्ट जन्मिएका कहिन्छन् र अ-आफ्नो कुलको जातिमा मिल्दै-वढ्दै उच्च हुँदै जान्छन् । यसमा अरू पनि अनेकौं श्रुति-स्मृतिका प्रमाणहरू प्राप्तछन् तापनि यहाँ यौटै अङ्गिरा-स्मृतिको ९.७ को पद्य उपस्थापित गरिन्छ ।

अनधीत्य द्विजो वेदानन्यत्र कुरूते श्रमम् ।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति मानवः ।।

अब माथिको संस्कार-शब्दले यो निष्कर्ष निकाल्यो कि, ती तीनै ब्राह्मण, क्षत्रिय र वैश्यको त्यस्तो अ-आफ्नो जातिले गरेको व्यवहार अथवा क्रियाकलापै भनौं, राम्रा सद्गुण र सत्कर्मले परिपूर्ण हुँदै गएका छन् भने जन्मान्तरमा ती ती जातिका व्यक्ति-विशेषहरू उच्च-उच्च योनिमा जन्मँदै तदनुकूल सत्कर्माचरण गर्दै जान्छन् । छान्दोग्य उपनिषद् ५.१० मा यस्तो देखिन्छ । तद् य इह रमणीयचरणा अभ्यासो ह यत्ते रमणीयां योनिमापद्येरन् ब्राह्मणयोनिं वा क्षत्रिययोनिं वा वैश्ययोनिं वा इत्यादि । यता फेरि त्यहीं भनिएको छ कि पुनर्जन्मको विषयमा ब्राह्मण आदि योनिको प्रशंसा गर्दै योनिको लक्षण-जात-जन्मबाट गरेको सत्कर्म स्पष्टै छ, जो स्वतः फलवान् हुन्छ । यौटा निकै घतलाग्दो कुरा ऋषिप्रवर पाराशरज्यू आफूले लेखेको ग्रन्थ पाराशर-स्मृतिमा यस्तो आज्ञा हुन्छ ।

दुःशीलोऽपि द्विजः पूज्यो न शूद्रो विजितेन्द्रियः ।
कःपरित्यज्य दुष्टां गां दुहेच्छीलवतीं खरीम् ।।

दुःशीलै भए पनि ब्राह्मणै पूज्नु योग्य छ । इन्द्रिय-वेग रोक्न सक्ने छ भन्दैमा शूद्रलाई पूज्नु त कसरी योग्य होला र ? जस्तो कि गौ-माता अलिल खराब स्वभावकी छन् भनेर तिनलाई छाडी राम्रो शील-स्वभावकी छ भन्दैमा गदहीलाई कसले पो दुही हाल्ला र ? तस्मात् यी सब कुराले जन्मैले अर्थात् जातैले ब्राह्मणादि-वर्ण स्वतः सिद्ध छ र मान्य छ ।

कर्मणा जातिः (गुण-कर्मवाद)

माथि भने देखाएका कुराहरू जो गीता १८ अ ४२-४५ का हुन् अ-आफ्ना वर्ण र आश्रम धर्ममा राम्ररी प्रयुक्त हुँदै गए भने चारै वर्णको उत्तरोत्तर उन्नति समृद्धि आदि प्राप्त हुँदै जान्छ र उनीहरू माथि-माथि पुग्दै जान्छन् । जस्तो कि त्यहीं भनिएको छ -

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यहां विचारणीय धेरै कुराहरू छन् । प्राचीन कालदेखि नै जन्मना जातिः र कर्मणा जातिः यी दुइ पक्षमा अ-आफ्ना तर्फबाट जोड दिंदा-दिंदै, छलफल गर्दा- गर्दै एवञ्च छल छोडेर फल लिन, यै पक्ष ठीक हो भन्ने निर्धारण गर्न, बडे-बडे सांप्रदायिक विद्वान्हरूको अ-आफ्ना पक्ष, सिद्धान्त आदिको उचितानुचित आकर्षणले टुङ्गोमा पुग्न, सीमित टुङ्गो भेट्टाउन सफल भएकोछ भन्ने अहिले सम्म पनि देख्न- सुन्न पाइएको छैन । यस्तो स्थितिमा जब भगवान् स्वयं "चातुवर्ण्यं मया सृष्टं गुणकर्मविभागशः" गुण र कर्मको विभाग गरेर अर्थात् तिनलाई छुट्याएर तदनुसार- स्व-कर्माचरण गर्ने यिनै हुन् भनेर मैले यी चारै वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र) सृष्ट गरें, आज्ञा हुन्छ, तापनि उपर्युक्त वाद-विवाद चलिरहेकैछ । यता व्याकरण महाभाष्यकार पतञ्जलि महर्षि २.२.६ द्वारा आज्ञा हुँदैछ, "सर्वे एते शब्दा गुणसमुदायेषु वर्तन्ते ब्राह्मणः, क्षत्रियो, वैश्यः शूद्र इति" यहांका ब्राह्मणादि शब्दहरू "ब्रह्म वेदं जानातीति ब्राह्मणः" भन्दा गुणवाचकै हुन आंउछन्, न कि जातिवाचक । बृहदारण्यक उपनिषद्मा गार्गीलाई संम्झाउदा आएको "अथ य एतद् गार्गि विदित्वाऽस्माल्लोकात्प्रैति स ब्राह्मणः" यो श्रुति-वाक्यमा पनि गुण-कर्मकै बोध भइरहेकोछ, स्पष्ट झल्किएकै देखिन्छ । पुनः श्रुतिको "ब्राह्मणोऽस्य मुखमासीत्" को कण्डिका वा ऋचाको तात्पर्य पनि यही हो । तस्मात् गुण र कर्मद्वारा नै सिद्ध हुने जाति नै जाती हो । जस्तो राजर्षि विश्वामित्र क्षत्रिय र अरू त्यस्तै-त्यस्ता तल्ला खाले मानिने जातिहरूको पनि उपल्लो जातित्त्व-प्राप्तिको महत्त्व र गुण-कर्मद्वारा ब्रह्मर्षित्व लाभ हुनु आदि पनि सर्वोच्चता हो । तस्मात् यही नै ठीक हो, इत्यादि ।

आश्रम-व्यवस्था

मानव-जातिको जीवनकाल (आयु) ठ्याक्कै एक सय वर्षको मानिएकोछ । अझ साह्रै सदाचारी निष्ठावान् व्यक्तिको त भगवान् श्रीकृष्णको जस्तो पूरा एक सय पच्चीस वर्ष सम्मको हुन्छ भन्ने हामी वैदिक-धर्मीको बलियो धारणा छ । यत्रो लामो जीवनकालमा केवल केही दिन मात्र टिक्ने आधिभौतिक-वस्तु धन-वैभवको संग्रह गरेर मात्र हुँदैन, जसबाट आत्मिक-चिरस्थायी शान्ति प्राप्त हुने सक्तैन । सतत्त्वको ज्ञान एवं क्षर-अक्षरतत्त्वको महत्त्व पनि बुझ्नि राख्नुपर्दछ । एवञ्च प्रयत्नवान् बनी त्यसमा पनि साधिकारी हुनुपर्दछ, रसवान् बन्नुपर्दछ र श्रद्धा-विश्वासपूर्वकको धार्मिक-भावनाले मात्र त्यस्तो आनन्दानुभव गर्न सकिन्छ । अन्यथा वृथा हुन्छ । यही उद्देश्यले मानवजाति आफ्नो जीवन अत्यन्त आनन्दमय पार्नको लागि तत्तत्सुदृढ धारणा-सम्बद्ध स्मृतिग्रन्थको निरन्तर अध्ययन एवं मनन-चिन्तन आदि गर्ने गर्दथ्यो । तिनमध्ये केही व्यक्तिहरू वन पसेर मुनिधर्मानुसरण गरेर सारा वैषयिक काम-कुरा छाडी ऋषिचर्या गर्ने गर्दथे । पहिले-पहिले क्रमशः त्यो यत्न, त्यो परिश्रम, पांच प्रकारको हुन्थ्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययनात्मक, सर्जनात्मक, तपस्यात्मक, सेवात्मक र योगात्मक । यिनै श्रमवृत्तिलाई औंल्याएर, आफ्नै हुन् भन्ने ठानेर त्यो जीवनकाल (आयु)को चार भाग गराई तदनुसार जीवन-यापन गर्दै आँउन लागे । त्यसमा एक-एक भागको समय पच्चीस-पच्चीस वर्षको अवधिको मानिदै आयो । यिनै भागहरू आश्रम-व्यवस्था निर्देशक कहिँदै आए । "आ समन्तात् श्रमो यत्र, अथवा आश्राम्यन्ति जना यस्मिन्, अनेन वा" यस्तो यिनको व्याख्या गरिन्छ । यिनै आश्रमलाई सुदृढ सोपान (माथि-माथि चढ्ने सीँढी) बनाएर त्यस्तो परिश्रम गर्नै गरि आएको हो । यिनैको चार रूप र चारै नाम यस्तो रह्यो । अन्तिम पाचौंसम्म मानिन्छ । जस्तो कि ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र संन्यासाश्रम, हंस - परमहंस आदि। यसमा शास्त्रीय उक्ति यस्तो छ ।

चतुष्पदी हि निःश्रेणी ब्रह्मण्येषा प्रतिष्ठिता ।
एतामारुह्य निःश्रेणीं ब्रह्मलोके महीयते ।।

त्यस्तै महाभारतमा पनि यी आश्रमहरूको र आश्रमगत धर्म-कर्मको राम्रो व्यवस्था देखाइएकोछ । यिनमध्ये ब्रह्मचारी र तिनका धर्मकर्मको निरूपण आवश्यक जति माथि-माथि विवर्णित हुँदै आए । अब यी कुरा उहिलेका भएर नै खुइलिँदै आए र आजकल त्यो गुरूकुल-वासको ठाम, जहां "यसो यसो गर्नै पर्छ, यसो-यसो गर्नै हुन्न" भन्ने विधि-निषेधमय वाक्यको थियो, अब अहिले यहीं आएर पाश्चात्य शिक्षा-संस्कृतिका सम्प्रसारण एवं प्रचारण चतुर लार्डमैकाले महोदयका नीतिको अन्तर्गत ठूला-ठूला विश्वविद्यालय भनिने र त्यसमा संस्थापित छात्रावास (होष्टेलहरू) ले लिइसके । यस विषयमा यत्ति भन्नु नै प्रशस्त छ, भन्ने संझनु पर्दछ । जब कि आश्रम-व्यवस्था आदिको त के कुरा ? जहां धर्म पनि, आफ्नो सत्कर्मादि पनि डलर-सलर येन-वेन र औण्ड-पौण्ड आदिमा साटिन थाल्यो । गति एवं त्यसको रीति-स्थिति कस्तो छ ? आर्य-धर्माचार्यहरू कस्ता-कस्ता छन् ? र हामी जस्तालाई भेंडा-बाख्रा बनाएर संप्राप्तपद-मानदण्डाधिकारको अभिमानले अघि सरिसरी कहां पु-याँउन लागेका छन् ? यी कुरा हामी-हामीले जाने-भोगेकै छौं । समय साह्रै बलवान् छ । आवश्यक परे त्यसैले परिणाम देखांउने नै छ । काल फिर्ता भनेर कालै पर्सनु छ ।

प्रमुख षोडश-संस्कार

हामी वैदिक-धर्मावलम्बी आर्य-हिन्दूहरूको अनेकौं ४२.४०.१६ आदि मानिने संस्कारहरू मध्यमा केवल सोह्रै ओटा प्रमुख-संस्कार मानिन्छन् । अब केहीबेर तिनै पट्टि सुदृष्टि दिँदै अगाडि बढ्दै जाऔं । लिनेले-मान्नेले लिने छन्, मान्ने नै छन् । यिनको रूप-रेखा क्रमशः यस्तो छ । ती कहिले-कहिले क-कस्ता अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक विधि-विधानद्वारा सुसम्पन्न गरिन्थे, जो अहिले सम्म पनि केही हामी भारतवर्षीय जनतामा प्रचलित छँदैछन् । हेर्दै, तिनैमा दृष्टि फेर्दै जाऔं ।

सर्वप्रथम व्यक्तिमात्रको जीवन-मार्गमा, जसभित्र जुनसुकै कुरा पनि पर्दछ, उत्तरोत्तर विकास एवं परिमार्जित हुँदै जानुको नाम हो संस्कृति, संस्कार तथा बौद्धिक-विस्तार । यसको विकास हाम्रो भारतवर्षमा पहिल्यै (जन्मै) देखि हृदयमा लगाइ दिइराखेको सांस्कृतिक अपरिहार्य-मुद्राको छाप, अझ यसो भनौं जो कहिल्यै नमेटिने गरी सुपरिस्कृत बौद्धिकविचार-धारा पछिसम्म साह्रै प्रबल एवं आकर्षक तथा आल्हादक रूपमा टिकेको हुन्छ र त्यसैले त्यस व्यक्तिलाई मृत्युपर्यन्त तदनुरूप कार्य गराउंदै लैजान्छ, त्यसैमा अभिप्रेरित गराउंदछ । यही हो प्रस्तुत-संस्कृति अथवा संस्कारको महिमा । यो विशेषतः मानवजातिमा मात्र अभिव्यक्त हुन्छ । जन्मनु भन्दा अघि र जन्मे पछि त्यस्तो संस्कार-सम्पन्न बालक त्यसको त्यस्तो पहिलो छापो (मुद्रा) लाग्दै गएकोछ भने मानवता, नैतिकता तथा नैष्ठिकता एवं सदाचारिता आदि बाट सुसम्पन्न हुँदै जान्छ र त्यसैले अथवा त्यस्ताले आफ्नो समाज र राष्ट्रैलाई पनि सजिलैसंग • स्वयं आदर्श बनेर आफैं जस्तो पार्न सक्तछ, आफ्नै सद्विचार-धारामा मिलांउन सक्तछ । यो कुरा त विश्वभरीका राष्ट्रिय व्यक्ति-व्यक्तिले चाँहे तिनीहरू दिग्दिगन्तवासी नै किन नहोऊन् मजैसंग मानिआएकै छन् ।

यस स्थितिमा अ-आफ्नो राष्ट्रिय-भावना र धारणा अनुकूल समस्त सत्कर्म-धर्माचरणमा तत्तद्-देवताका शक्तिको महत्त्व संस्मरणपूर्वक उनीहरूको त्यस्तो शक्ति र सहायता प्राप्त गर्न हरएक व्यक्तिमात्र अभ्यर्थना-उपासना आदि गरिहेकै देखिन्छन् । चाहे ती हिन्दूधर्मी हुन् वा मुस्लीम-धर्मी अथवा क्रिश्चियन, जैन, बौद्ध, सिख तथा अन्य प्रचलित मत-मतान्तर धर्मी वा पन्थी । यस्तो वातावरणमा व्यक्ति-व्यक्तिको बौद्धिक-विकासमा पनि अ-आफ्नो रूचि र चाहना अनुसार ती ती देवताहरूकै शक्ति-सहायता र अनुग्रहकै अपेक्षा गरिरहन्छ । त्यसमा देवताहरू यदि त्यस्तै शास्त्रीय विधि-विधान पुगेका क्रियाकलापहरू विशिष्ट भएका छन् वा निस्किए भने स्वयं अदृश्य भएता पनि तिनीहरूको इच्छानुसारको उद्देश्य परिपूर्ण गराइ दिन्छन् । शास्त्रमा यसो भनेको सबैले जानेकै छौं । पढौं त -

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ।
यं तु रक्षितुमिच्छन्ति सुबुद्ध्या योजयन्ति तम् ।।

देवताहरू आफ्नो प्रियभक्त-व्यक्तिको रक्षा गर्नु पर्दा लाठो लिएर गोठालाले पशुहरूको रक्षा गरे जस्तो ढंगबाट कहिल्यै रक्षा गर्दैनन्, परन्तु जसको रक्षा गर्न चाहन्छन्, त्यसलाई सद्बुद्धि दिएर, तदनुसार गर्न लगाएर गर्दछन् । अतएव त्यस्तो संस्कार बढांउन र जाग्रत् गराई राख्न यी संस्कारहरूको आवश्यकता पर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र यथासमयमा सुसम्पन्न पार्दै रहनु पर्दछ । यही हाम्रो प्राक्तन संस्कृति थियो अहिलेसम्म पनि टिकेकै छ र हाम्रा पछिकाले पनि टिकाउने नै छन् ।

यी सब कुरा स्मृति-ग्रन्थहरूमा र पुराणादिमा तथा तत्तत्समयमा हाम्रा पूर्वज ऋषि-मुनिहरूद्वारा प्रणीत मनु पराशर वसिष्ठ अङ्गिरा याज्ञवल्क्य आश्वलायन आदिका स्मृति-ग्रन्थहरूमा स्पष्टतया अभिव्यक्त भएका छँदैछन् । तर स्त्रीजाति र शूद्रहरूको निमित्त भने विना मन्त्र-प्रयोग गरी अन्य उच्चजातिका पुरुषहरूको गरे-गराएको जस्तो अ-आफ्नो रीति-स्थिति अनुसार गर्नु गराउनुमा नै श्रेयस्कर छ भनिएकोछ :

अमन्त्रका तु, कार्येयं स्त्रीणामावृद्धशेषतः ।
संस्कारार्थं शरीरस्य यथाकालं यथाक्रमम् ।। मनुस्मृतिः २.६६

गर्भाधान

जनकको अस्फुट-वीर्यलाई जननीको रजः-परिपूरित गर्भमा संस्थापन गर्ने काम-कुरालाई 'गर्भाधान' भन्दछन् । प्राचीन वैदिकयुगमा त्यसबेला विष्णु-त्वष्टा-प्रजापति र देवी-सरस्वतीको सर्वप्रथम स्तुति-गान गरिन्थ्यो । विशेषतः यसको विधि-विधान पुराणादिमा र बृहदारण्यक उपनिषद्मा विशिष्ट सद्गुण-सम्पन्न पुत्रोत्पत्ति गर्न त्यस्तै पवित्र सात्विक भोजनादिको पनि राम्रो व्यवस्था भएकोछ । अर्को कुरा गर्भाधान गर्ने तिथि-नक्षत्र र सुमुहूर्त सम्मका शुभ-अशुभ अवस्थाको राम्रो विचार गरिने प्रचलन थियो, जो अद्यापि त्यस्तै वैज्ञानिक सत्कर्मी विद्वद्वर्गमा उच्चकोटीको चलन मानिएकोछ । गर्भमा प्रवेश गराउन लागेको बाबुको वीर्य आमाका हृदयभित्रका आत्माकै छापो लागेको जस्तो देखिन्छ अर्थात् सादृश्य पाएको हुन्छ । त्यसमा कुनै-कुनै शिशुमा जननीको भन्दा जनककै विशेषता एकोरिएको, थुप्रेको पनि देखिन्छ । यसैले यो अवस्थाको गर्भिणीलाई नीच-जातिका व्यक्तिहरूसंग र त्यसै-त्यस्ता कुकर्मी व्यक्तिहरूसंग बसाउठी, बोल-चाल सम्म गर्न पनि हाम्रा पुर्खाहरूले वर्जित गराएका हुन् । बाबु-आमाको उत्तमोत्तम विचार एवं सद्भावना आदिको संचिन्तन, तेजस्वीपुत्रका प्राप्तिको कामना, दैवी-शक्तिको सामीप्य-प्राप्ति आदि नै यो गर्भाधान संस्कारको विशेषता हो । तस्मात् उपर्य्युक्त विधि-विधानले बीजाधान गर्नु उचित हुन्छ । यो निरन्तर ध्यान दिई राख्नु पर्ने कुरा हो ।

पुंसवन

छोरो जन्माउने सत्कर्मको नाम नै पुंसवन हो । यसमा सर्वप्रथम सम्बद्ध देवताहरूको स्तुति गरिन्छ । तदनन्तर ती ती देवताहरूबाट पुत्र-प्राप्तिको वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मागिन्छ । यो बेला आयुर्वेदोक्त औषधि-प्रयोग गराउने प्रचलन पनि छ । यी सब कुरा गर्दै गए गर्भस्थ-शिशुको राम्रो विकास र निरन्तर कल्याण हुन्छ भन्ने सामाजिक- धारणा छ । यो संस्कार गर्भ रहेको तेस्रो महिनामा गरिन्छ ।

सीमन्तोन्नयन

यो संस्कार चाँहि विशेष उत्सव-प्रधानै हुन्छ । यसमा पति पत्नीका केशराशिको श्रृंगार-पट्टार गरिदिने गर्दछन् र बीचमा सिंउदो काटेर त्यसमा पवित्र दूब्यादि संस्थापित गर्दछन् । वैदिककालमा वीणावादकहरूले वीणामा गाएर सोमराजको स्तुति गर्ने गर्दथे । यो संस्कार चौथो महिनामा हुन्छ ।

विष्णुबलि

गर्भाधानको आठौं महिनामा विष्णुबलि दिने संस्कार गरिन्छ र विष्णुलाई चौसठ्ठी बलि टक्-याइन्छ । पछि विष्णुसूक्तद्वारा स्तुति गरिन्छ । यसको प्रभावले गर्भस्थ-शिशुको राम्रो संरक्षण हुन्छ र सजिलै प्रसूति (सुत्केरी) हुने मानिन्छ ।

जातकर्म

शिशुको जन्म हुँदा साह्रै ठूलो हर्षानुभव हुन्छ । यसबेला सबभन्दा पहिले वैश्वानर-देवको परितुष्टिका निमित्तको विधि-विधान गराइन्छ । त्यसले नवजात-शिशुको पछि गएर तेजस्विता र शक्तिबृद्धिको सम्भावना प्रायः बढ्दै जान्छ भन्ने धारणा छ । तर यो संस्कार नाभिच्छेदन भन्दा पहिले नै हुनुपर्दछ । तदनन्तर पृषदाज्यादिले हवनादिले गर्नु पर्दछ । यसैबेला पिता हुनेले यो वैदिक मन्त्र पढ्नु पर्दछ । अस्मिन् सहस्रमित्यादि । त्यसपछि बालकको दाहिने कानमा "वाक् वाक् भूर्भुवः स्वः सर्वं त्वयि दधामि" इत्यादि मन्त्र पाठ गर्नु पर्दछ । त्यही बेला वेदोसि.............. इत्यादि मन्त्र पढेर शिशुको गुप्त नाम राख्नु पर्दछ । साल-नाल सहित यसरी जन्मिने बालकको छाँट-काँट हेर्ने हो भने बौद्धिक-स्तरको अस्फुट अवस्थामा पनि आफ्नो नाभिबाट कमल-नली निकाली ब्रह्माजीका माध्यमले यत्रो सृष्टि-प्रपञ्च खडा गर्ने साक्षात् आदिनारायणकै सादृश्य प्राप्त गरेको स्पष्टै छ । हाम्रो राष्ट्रिय टुक्का सन्धी भन्दा लम्धी के कम्ति ? भने जस्तै भरखर जन्मेको त्यस्तो जाबो शिशु आदिनारायणसंग राम्रै प्रतिस्पर्धा गर्ला जस्तै देखिन्छ । सम्पूर्ण अङ्ग- प्रत्यङ्गमा समानता छ । त्यसपछि शिशुलाई स्तनपान गराइन्छ । यो विधि समन्त्र सम्पन्न हुनु पर्दछ । यसबेला देवी-सरस्वतीको प्रार्थना-स्तुति गर्नु अत्यावश्यक मानिन्छ । तब मात्र शिशुका गुरु-जन बाबु-आमा आदिले शुभाशीर्वाद दिन्छन् । [illegible] दही, मह र घिउ चटाएर शिशुको पूर्णायुको कामना

Nepal Sanskrit University, Balmeeki Campus, Katmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिन्छ । बालकको सद्‌बुद्धि बढोस् भन्ने उद्देश्यले कानको नजिकै मुख लगेर यसो भन्नु पर्दछ -

मेधां ते देवः सविता मेधां देवी सरस्वती ।
मेधां ते अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥

तदनन्तर शिशुको दाहिने काँध छोएर पिताले यसो भन्नु पर्दछ । अश्मा भव, परशुर्भव । हिरण्यमस्तृतं भव, वेदो वै पुत्रनामाऽसि, त्वं जीवः शरदः शतमिति । इन्द्र ! श्रेष्ठानि द्रविणानि धेह्यस्मै प्रयन्धि मघवन्तु जीवन् । त्यसपछि अश्मा परशु र हिरण्य माथि राखेर शिशुको सर्वोच्चता सिद्ध गराइन्छ । यसैबेला दुबै बाजे (यौटा दान लिने बाजे, अर्का हर्ष बधाइको बाजा बजाउने बाजे) हरूले निकै-निकै दान-मान बक्सिस-सक्सिस आदि प्राप्त गर्दछन् ।

षष्ठिका-पूजन

बालक जन्मेको छैठौं दिनमा देवी-षष्ठिकाको सविधि पूजन गरिन्छ र त्यो रात-भरी महोत्सव मनाएर धूप-दीप आदि प्रज्वलित गराएर राखिने प्रचलन छ । यसै दिन भावी (दैव) शिशुको ललाट (निनार) मा जीवन-क्रमको रूप-रेखा लेख्तछन् भन्ने परम्परागत शास्त्रीय र आप्तवाक्य पनि हिन्दूवर्गमा प्रचलित भइरहेकैछ ।

नामकरण

नवजात शिशुको पूर्वोक्तवत् गुह्यनाम राखिसकेको भए पनि नामको ठूलो महत्त्व भएको हुँदा सर्वसाधारणले व्यवहार गरिने नामको आवश्यकताले जन्मेको दशौं अथवा बाह्रौं दिनमा नामकरण-संस्कार गरिन्छ । हाम्रो यहां एघारौं दिनमै गर्ने चलन छ । साराको व्यवहार चलाउने र सामाजिक क्रिया-कलापमा शुभकारक यो प्रथा भाग्यहेतु मानिन्छ । मनुष्यले पछि गएर नामैबाट सत्कीर्ति आदि समर्जित गर्दछ । यी सब कुराले पनि यो संस्कार गर्नु अत्यावश्यक ठानिन्छ । यसमा अरू ऋषि-मुनिहरूको मत (सिद्धान्त) भन्दा देवगुरु बृहस्पतिकै मतको प्रमाण तल उपस्थापित गराइन्छ ।

नामाऽखिलस्य व्यवहारहेतु शुभावहं कर्मसु भाग्यहेतु ।
नाम्नैव कीर्तिं लभते मनुष्यस्ततः प्रशस्तं खलु नामकर्म ॥

कुन कुन वर्ण (जात) का शिशुको के कस्तो नाम राख्नुपर्दछ ? यो कुरा मनुस्मृतिमा यसरी स्पष्ट उल्लेख भएकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्गल्यं ब्राह्मणस्य स्यात् क्षत्रियस्य बलान्वितम् ।
वैश्यस्य धनसंयुक्तं शूद्रस्य तु जुगुप्सितम् ॥

जस्तो ब्राह्मणको "कृष्णप्रसाद शर्मा" कृष्णस्य भगवतः परब्रह्मणः प्रसादो यस्मिन्, सः । क्षत्रियको वीरेन्द्र-वीरविक्रमः । (वीराणां, वीरेषु वा (इन्द्रः) -) वर्मा स एव वीरविक्रमः । वैश्यको भाग्यदत्त-गुप्त, भाग्येन दत्तः, स एव गुप्तः । शूद्रको भने सुन्दैमा अलि कस्तो-कस्तो जस्तो लाग्ने दासः शब्द पछाडि लागेको नाम राख्नुपर्दछ । यसैमा राख्ने-राखिने दुबैको हित-भलो छ । यसरी यी चारै वर्णको नामको पछाडि शर्मा, वर्मा, गुप्त र दास लगाइने व्यवस्था छ ।

निष्क्रमण

●

जन्मको चौथो महिनामा बालकको यो संस्कार गरिन्छ । यसमा सर्वप्रथम पूर्वाह्नमा श्रीसूर्यको दर्शन गराइन्छ । यसको प्रधानता वैदिककाल देखि नै देखिँदै र बताईदै आएको हुँदा भारतवर्षीय महत्ता मानिएको हो । त्यसबेला पिताले यसो भन्नु पर्दछ ।

तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् ।
पश्येम शरदः शतं जीवेम शरदः शतम् ॥
शृणुयामः शरदः शतं, प्रब्रवाम शरदः शतमदीनाः ।
स्याम शरदः शतं, भूयश्च शरदः शतात् ॥

त्यसैगरी रात्रिमा चन्द्र-दर्शन गराइने विधान छ । मन्त्र यिनै हुन् । यी सब परब्रह्म-परमात्माका विभूति हुन् । यस कर्मले बालकमा तिनैको प्रभाव पर्दछ भन्ने धारणा छ । यी सबै कुरा सोचेर हाम्रा उहिलेका महान् वैज्ञानिक पूर्वजहरूले त्यसो गर्ने गरी आएका हुन् ।

अन्नप्राशन

●

यो संस्कार शिशु छ महिनाको भएमा गरिन्छ, जसमा शिशुलाई अन्न खुवाइन्छ । यसैलाई अन्नप्राशन भन्दछन् । यद्यपि जन्मावस्थामै दही, मह र घिउ चटाई सकिएकोछ तापनि अब क्रमशः शिशुको शारीरिक-विकास हुँदै आएकोले त्यसमा अझ बढी तुष्टि-पुष्टि आदि थप्ने उद्देश्यले अन्नप्रति रूचि बढाउन त्यसो गरिएको हो । ऋग्वेदको उपवेद-आयुर्वेदमा यस्तो देखिन्छ - आहारशुद्धौ सत्वशुद्धिः, सत्वशुद्धौ ध्रुवा स्मृतिः, स्मृतिलाभे सर्वग्रन्थीनां विप्रमोक्षः । इत्यादि । यो संस्कारमा शिशुलाई ख्वाइने अन्न साह्रै विशुद्ध र पाच्य हुनु पर्दछ । यसले व्यक्तित्वको विकास हुँदै जान्छ । यसमा विशेषतः दही, मह, र घृत मिलाएको राम्रा-राम्रा दाना भएको चामलको भातै ख्वाउन उचित मानिन्छ । भातको गाँस दिँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिताले भूः भुवः स्वः यी तीन शब्द उच्चारण गरेर तीनपटक दिनु पर्दछ । यो अन्न साक्षात् देवरूप हो र त्यसका स्तुतिको पनि विधान छ । हामी आर्य-हिन्दू हौं भन्नेहरू अझै पनि भात खाँदा तलको मन्त्र पढेर, त्यसको महत्त्व गाएर मात्र खाने गर्दछौं ।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ।।

यसपछि अरू मन्त्र पढेर पञ्चबलि चढाएर गाँस हालिन्छ ।

वैदिकयुग भन्दा निकै पछि यो चलन (प्रथा) चलेको हो कि, जस्तो देखिन्छ । शिशुलाई यसरी अन्नप्राशन गराइ सके पछि आरामसाथ सुताएर त्यसको अगाडि त्यसका भावि-जीवनको रूप-रेखा देखाउने अनेकौं प्रकारका आजीविकाका साधन कागज, मसी-कलम आदि र कुटो-कोदालो तथा अन्यान्य वैज्ञानिक शस्त्र-अस्त्र एवं खगोल-भूगोलका प्रतीकरूपका पदार्थ अथवा वस्तुहरू खेलौनाकै रूपमा भएपनि राखिन्छन् र त्यसले त्यसबेला बामे सर्दै वा घिस्रँदै-घिस्रँदै जे जो पदार्थ एवं द्रव्यलाई छुन्छ, समात्छ, त्यसैबाट त्यस शिशुको जीवन-वृत्ति चल्दछ भन्ने सम्मको टुङ्गोमा पुग्दछन् । यही हिन्दूधर्मीहरूको अपरिहार्य-परम्परा हो ।

चूडाकर्म

शिशुको चूडाकर्मको संस्कार जन्मेको वर्षै दिनमा अथवा तेश्रो वर्षमा गरिन्छ। केशहरूको छाँट-काँट गरी त्यसको केही अंशलाई लिएर पवित्र द्रव्यहरू मिसाई चूडा (गुजुल्टो) बनाइ दिन्छन् । यसमा विशेषतः बाबु-आमाको प्रधानता हुन्छ । यसैबेला देखि शिखा (टुपी) राख्न थालिन्छ । शिरको माथिको भाग अर्थात् बीचमा ब्रह्मरन्ध्रको पवित्र-स्थान छ । यो साह्रै कमलो र सर्वोत्तम स्थान हो । शिखाको गुजुल्टो बनाएर यहीं राखि छोडे त्यो ब्रह्मरन्ध्र स्थानको साह्रै बचावट हुन्छ । सानो-तिनो ठक्कर- सक्कर त्यहीं लाग्न गयो भने पनि त्यसैले बचाँउछ । यस्तो विचार पनि यसैको अन्तर्गत छ । यसमा शास्त्राचार-देशाचार र कुलाचारलाई नै प्रधानता दिएर चूडाकर्म गरिने विषयमा अनेकौं धारणा छन् । कहीं कहीं आधुनिक वातावरणमा टुपी राख्नु सम्म पनि असभ्यता-प्रदर्शन गर्नु जस्तो भइसकेकोछ तापनि भारतका दक्षिणी- ब्राह्मणहरूले यसको आदर्श धानेको शिरोभागतिर दृष्टि दिंदा निकै मोटो टुपीको गुजुल्टो राखेको राम्रैसँग देखिन्छ । यस चूडाकर्मको उपयुक्त समय अतिक्रान्त भएको ख्याले नराखी शिशुको व्रतबन्ध-कर्म गरिंदा सँग-सँगै गरिँदै आएको पनि देखिन थालिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपनयन (व्रतबन्ध)

वैदिककालमा यो संस्कार-विधि साह्रै महत्त्वपूर्ण मानिन्थ्यो । पछि पौराणिक कालमा आएर अलिल विकृत हुँदै गयो । कालको निर्धारण हुँदै आयो र तदनुसार गरिँदै आयो । "वसन्ते ब्राह्मणमुपनयीत, ग्रीष्मे राजन्यं, शरदि वैश्यमित्यादि" । यसरी व्रतबन्ध गरिने वटु (बालक) को उमेर तोकियो । ज्योतिष-ग्रन्थ मुहूर्तचिन्तामणि आदिमा भने ठीक, क्रमशः ब्राह्मणवर्गको गर्भबाट जन्मिएको आठ वर्षमा र क्षत्रियको गर्भबाट एघार तथा वैश्यको बाह्र वर्षमा व्रतबन्ध गर्ने-गराउने व्यवस्था तोकिँदै आयो र तदनुसार गर्ने चलन (परम्परा) बस्यो । त्यसमा यसो हेर्दा सुप्रसिद्ध धर्मशास्त्र-ग्रन्थ मनुस्मृतिमा टुङ्गो लगाएर भनेको देखिन्छ ।

ब्रह्मवर्चसकामस्य कार्यं विप्रस्य पञ्चमे ।
राज्ञो बलार्थिनः षष्ठे वैश्यस्येहार्थिनोऽष्टमे ।। २।३७।

ब्रह्मवर्चस (तेज) चाहने ब्राह्मण-शिशुको व्रतबन्ध पाँचौं वर्षको अवस्थामा गर्नु पर्दछ । बल-वीर्य बढोस् भन्ने क्षत्रिय-शिशुको छुऔं वर्षमा र श्री-सम्पत्ति चाहने वैश्यजातिका-बालकको आठौं वर्षमा गर्नु पर्दछ । यसरी शास्त्रीय विधि-विधानानुसार बालकको उपनयन-संस्कार, यज्ञोपवीत-धारण, जुन पहिले तीन डोरा पितृऋण, ऋषिऋण र देवऋण चुकाउनु पर्ने प्रतीकरूपमा धारणा गराइन्छ र पछि पहिर्याइने अर्थात् थपिने तीन डोरा क्रमशः गृहस्थाश्रम-वानप्रस्थाश्रम र संन्यासाश्रममा जाइने स्वरूपका प्रतीक मानिन्छन्, पहि-र्याइन्छ, जसको विषयमा यस्तो भनिन्छ ।

अमौक्तिकमसौवर्णं ब्राह्मणानां विभूषणम् ।
देवतानां पितृणाञ्च भागो येन प्रदीयते ।।

मुक्ता-मणि आदि रहित, विना सुवर्णको ब्राह्मणहरूको विभूषण (अलंकार) यज्ञोपवीत नै हो । जसको माध्यमबाट पितृ-ऋषि र देवताहरूलाई समुचित भाग दिइन्छ । यी सब कुरा सम्पन्न भइसके पछि बालकको वंश-परम्परागत इष्ट-मन्त्र त्यो गायत्री होस् अथवा अरू कुनै देव-देवीको अभीष्ट मन्त्रै किन नहोस्, त्यस कर्ममा नियुक्त आचार्यद्वारा सुनाइन्छ । अबको त्यो वटुले बेला-बेलामा मुण्डन, मेखलाधारण, समिधादान, हवन, सावित्री-शिक्षण आदि गरिरहनु पर्ने नै यस संस्कारमा प्रमुख अङ्ग हुन आउँछन् । त्यसपछि त्यस्तै वैदिक-मन्त्रले देवताको स्तुति गरी व्रत-धारणा एवं सत्संकल्प गर्नु पर्दछ । यी सब कुरा परिपूर्ण गरिसकेको त्यस्तो वटु-शिष्यलाई गुरू बनेका आचार्यले यसो भन्नु पर्दछ र भने जस्तै गराउन सक्नु पर्दछ। मम व्रते ते हृदयं दधामि, मम चित्तमनुचित्तं तेऽस्तु, मम वाचमेकव्रतो जुषस्व, बृहस्पतिस्त्वा नियुनक्तु मह्यम् । पछि यसो भनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमादेश दिनु पर्दछ । ब्रह्मचार्यसि अपोऽशान, कर्म कुरु, दिवा मा स्वाप्सीः, आचार्याधीनो वेदमधीष्व इत्यादि । यत्ति क्रिया-कलाप सम्पन्न गराई आफ्नो शाखाको वेद-संहिताको केही मन्त्र पढाई सकेपछि ब्रह्मचारी-वटुलाई पुनः यसरी सदुपदेश दिनु पर्दछ । यो, यो काम अर्थात् यसो-यसो गर्ने हुन्न, यसो-यसो यो-यो काम-कुरा कहिल्यै पनि गर्न छोड्ने हुन्न नि, ध्यान दिइ राख है ।

तदनन्तर ब्रह्मचारी वटु आफ्नो उमेर २५ वर्ष नपुगे सम्म निरन्तर गुरु-कुलमै बसेर संयम-नियम-पालनपूर्वक गुरु र गुरुआमाको आज्ञापरिपालन गर्दै चौधै शास्त्र र चौसट्ठी कलाको राम्रो अध्ययन गर्दथ्यो। गुरु-गुरुआमा त्यसलाई आफ्नो औरस-पुत्र जस्तै सम्झन्थे । त्यस ब्रह्मचारी वटु-शिष्यमा आफ्नो स्नेह र वात्सल्यादि सद्‌गुणको ओइरो लगाई दिइ रहन्थे । यसरी त्यस ब्रह्मचारी-वटुले समस्त सच्छिक्षा सजिलैसँग प्राप्त गर्दथ्यो ।

विशेषतः निषेध-विधिवाक्यको संस्मरण गराउँदै सच्छिक्षाण दिने गर्दथे । त्यस समयमा वेद पढ्न चाहने एवं ब्रह्मज्ञान प्राप्त गर्न खोज्ने कुलीन द्वादशवर्षीय छात्राहरू निस्कि हाले भने तिनको पनि व्रतबन्ध-संस्कार गरि दिएर मात्र छात्रात्व स्वीकार गर्ने प्रचलन थियो र गरिन्थ्यो पनि । जस्तो भनिन्छ कि "पुराकाले तु नारीणां व्रतबन्धनमिष्यते" पछि नारीजातिको त्यो क्रिया, त्यो संस्कार विवाहकालमै पूर्ण गरिन लाग्यो । बाणभट्ट जस्ता उच्चस्तरीय महाकविले आफ्नो सर्वस्पृहणीय कृति (रचना) संस्कृतगद्य-महाकाव्य कादम्बरीमा महाश्वेताले, जो गन्धर्वराजकी सुपुत्री थिइन्, यज्ञोपवीत-धारण गरेको कुरा यसै सिद्धान्तका आधारमा वर्णन गरेका हुन् । यत्ति भइसके पछि समावर्तन-संस्कारको पालो आउँछ । त्यसको विधि-विधान यस्तो छ -

समावर्तन

समावर्तन-संस्कार भनेको गुरु-कुलको त्यस्तो संयम-नियम परिपूरित सुपवित्र आश्रमबाट घर फर्किनुको नाम हो । विद्यार्थीहरू गुरु-गृहमै निवास गरेर विद्याप्राप्त गरिसके पछि आफ्नो घर फर्किने गर्दथे । त्यस्तो विद्यार्थी सर्वप्रथम विधिपूर्वक स्नानादि गर्दथ्यो र त्यस्तो साग-पात खाएको, धोती-उपर्ना लगाएको, नियम-उपनियम आदि पालेको समस्त सास्ति-सासना दुःखादि बिर्सिएर विद्याध्ययनका माध्यमले आफ्नो जीवनकालको चतुर्थांश आयु बिताइ सकेपछि अब ठाँटिएर, कसिएर अर्थात् गृहस्थीकै रूप जस्तो आफ्नो रूप पनि सुरम्य पारेर अघिल्लो आश्रममा प्रवेश गर्ने विचारले आचार्य (गुरुदेव) को अगाडि आएर आफ्नो हृदयैबाट कृतज्ञता प्रकट गर्दै यसरी बिन्ती चढाउथ्यो । त्वं हि नः पिता योऽस्माकमविद्यायाः परं पारं तारयसि, इत्यादि । गुरुदेव ! जन्म-जन्मान्तरको ऋणी भएँ, यो ऋणबाट निर्ऋण हुने काम-कुरा गर्दै रहनेछु । यस स्थितिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजूरको प्रिय हुने केही वस्तु वा पदार्थ गुरू-दक्षिणाको रूपमा टक्र्याउन पाएँ भने निश्चिन्त भएर आज्ञा बक्से अनुसार अर्को आश्रमतिर लाग्ने थिएँ । जो आज्ञा, इत्यादि । तब आफ्नो प्रिय-शिष्यको त्यस्ता कुराले गुरूदेवको पनि हृदय साह्रै गद्गद हुन्थ्यो र गुरूदेव त्यसको स्वयं अभिनन्दन गर्दथे । तदनन्तर गुरूदेवलाई इच्छानुसारको गुरू-दक्षिणा टक्र्याएर गृहस्थाश्रमतिर पस्ने तरखर गर्नेपट्टि लाग्दथ्यो, अर्थात् "आश्रमादाश्रमं गच्छेत्" भन्ने नियम पालन गर्दथ्यो । कुनै-कुनै विद्यास्नातक व्यक्तिहरू सांसारिक प्रपञ्चबाट साह्रै विरक्त भैसकेका रहेछन् भने तिनीहरू एकैबाजी वानप्रस्थ अथवा संन्यासाश्रमतिर लाग्न पनि सक्तथे ।

भगवान् कृष्ण र बलरामको समावर्तन-संस्कार

यसमा यौटा समुज्ज्वल उदाहरण यस संस्कारको आदर्शवादलाई अगाडि राखेर भगवान् कृष्ण र बलराम दुबै भाईको सम्बद्ध प्रसङ्गबाट हेरौं । यी दुबै आफ्ना सुपुत्रहरूको व्रतबन्ध-संस्कार पूर्वनिर्देशित विधि-विधान बाट सुसम्पन्न गराई सके पछि क्षमा तथा धैर्यका प्रतिरूप-पिता श्री वसुदेवले ती दुबै भाईलाई आफ्नो निवास- प्रदेश भारतको मथुरा बाट गुरूकुलमा पस्न र त्यहीँ बसेर पढ्न, भारतको म.प्र. अन्तर्गत उज्जैन-निवासी पूज्य एवं आचार्यप्रवर काशगोत्रीय सान्दीपनिज्यू कहाँ पठाइ दिए । वहाँ यी दुबै भाईले संयम-नियमपूर्वक ब्रह्मचर्य-व्रत परिपालन गरेर आफ्ना तत्कालीन प्रिय-सतीर्थ्य सुदामा आदिको साथै त्यस्ता गुरूदेवको पात्राऽपात्रत्व निरीक्षण-परीक्षण बाट साल्हाद एवं सन्तुष्ट भएको आत्माले दिएको सत्य-शुभाशीर्वादको साथै आफूले अनेकौं जन्ममा प्राप्त गरेको अलौकिक सद्विद्या आदि र लौकिक चर्तुर्दश-विद्या तथा चतुःषष्ठि-कलाहरू केवल चौसठ्ठी दिनभित्रै प्राप्त गरे ।

अन्तमा सम्पूर्ण विद्या-कलाको सारतत्त्व प्राप्त गरिसके पछि यी दुबै भाई एक दिन गुरूदेव तथा गुरूआमाको अगाडि उभिइन पुगे र हृदयै देखि उर्लेको श्रद्धा-सद्भावनाले उहाँहरू दुवैको श्रीचरणमा पसारिए । त्यसपछि गद्गद् भएको आत्माबाट निकालिएको यस्तो वाणीमा बिन्ती बिसाए । पूज्यचरण गुरूदेव ! तथा गुरूआमा ! हजूरहरूको असीम-कृपाले अपार स्नेह-वात्सल्यले हामीले पाँउनु पर्ने कुराको महत्त्व प्राप्त ग-यौं ठीक "यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः । यस्मिंस्थितो न दुःखेन गुरूणाऽपि विचाल्यते", गीतामा भने जस्तो । प्रातः स्मरणीय-चरण हजूरहरूको सदाज्ञा पाँउन आफ्नो घर फर्कनु, समावर्तन संस्कार परिपूर्ण गर्नु अगाडि केवल आफ्नो कर्तव्य पाल्न, अच्युत भन्ने आफ्नो नाम आफैंमा कायम राख्न, श्रीचरणमा बिन्ती चढाँउछौं कि, गुरूदक्षिणाको रूपमा केही प्रिय-वस्तु हामीबाट ग्रहण गरि दिइबक्सन, जो यस्तो समर्थ पारि दिइ बक्सेर टक्र्याउन समर्थ छौं र भन्दछौं - आज्ञा पाए त्यही अनुसारको हजूरहरूको प्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं अभीष्ट पदार्थ, त्यो जस्तोसुकै वा जेसुकै किन नहोस्, टक्र्याउने थियौं र गृहस्थाश्रमको लागि घर फर्कने थियौं । अब जो आज्ञा !

भगवान् कृष्ण र बलरामद्वारा गुरूदक्षिणा-प्रदान

अब यस्ता सर्वसमर्थ प्रिय-शिष्यका आश्चर्यजनक श्रद्धा-सद्भावप्रदर्शक त्यस्ता कुरा सुनेर बूढा-बूढी दुबैलाई अत्यन्त आल्हादक परमानन्दले छोपि हाल्यो। दुबैले आफूलाई चैतन्यावस्थामा राख्न साह्रै गाह्रो पर्ने अनुभव गरे । बूढी-गुरूआमा त साक्षात् परमात्मामा मिले जस्ती, शुद्धि-बुद्धि विहीन, कस्ती-कस्ती भइसकेकी थिइन्। बूढा गुरूदेवले भने आफूलाई निकै संयमपूर्वक रोकेर साह्रै शान्त भएर त्यसो भन्ने आफ्ना प्राणप्रिय-शिष्यलाई यसो भने । माथि के भन्यौ रे बाबु हो । यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः । ठीक हो ! अब म पनि त्यस्तै भइसकें बाबु हो ! तिमीहरू जस्ता सत्पात्रभूत-शिष्यमा आफ्नो भएभरको झिटी-झाम्टा (आध्यात्मिक, आधिदैविक, एवं आधिभौतिक सम्बद्ध समस्त विद्या) सुम्पी दिन पाएकोमा आफैंलाई अहोभाग्यवान् सम्झन्छु । कुरो बुझ्‍ है बाबु हो ! अब ममा पनि कुनै पनि विश्वब्रह्माण्ड- सम्बन्धित विषय-वस्तुको योग-क्षेम (नपाएको कुरा पाउने र पाएका वस्तुको संरक्षण गर्ने) को आशा-अभिलाषा नै बचेको देख्तिन, छँदैछैन । जे जो जति थिए ती सबै विशेषतः तिमी दुबैलाई सुम्पिसकें । अब भयो, पुग्यो, भैगो जाओ ! मैले अनुमति दिएं । वैवाहिक-विधि सम्पन्न गरेर अ-आफ्नो घर गृहस्थी राम्रोसँग संभाल र आदर्शमय सदाचरणद्वारा समर्जित सत्कीर्तिले विश्व-ब्रह्माण्ड ढपक्क ढाक है । अं अर्को कुरा सुन ! आफ्ना भन्नेहरूको धोकोको पोको परिपूर्ण पारेर मेटाओ र संसारीहरूमा अलिल नराम्रो विचार राख्ने एवं वैदिक-सनातन धार्मिक-आचार-विचारमा आघात पार्ने तथा शान्तिप्रिय नियमी-संयमी व्यक्तिहरूमाथि विना कारण त्यस्तो उनीहरूको सद्विचारमा, शान्तितत्त्वमा निरन्तर प्रहार गर्न सक्रिय हुने व्यक्तिहरू छन् भन्ने सुन्यौ भने अथवा स्वयंले देख्यौ वा भेट्टायौ भने, त्यस्तालाई तुरून्तै पन्छाइ दिनु, त्यस्ताको शारीरिक अस्तित्त्वै मेटाई दिनु आदिकर्म गर्नुमा सामाजिक-कल्याण हुन्छ भन्ने संभेर जाओ है बाबु हो ! अब मलाई केही चाहिंदैन । उल्टो तिमी दुबैले मलाई यस्तो बनाएर ब्रह्मानन्द-रसास्वादन गर्नाको अतिरिक्त अरू केही खोज्दै न खोज्ने, चाँहिदै न चाँहिने बनाएर छोडिदियौ । यही नै सर्वोत्तम गुरूदक्षिणा तिमीहरू बाट मैले पाएं । धन्य हौ बाबु हो ! भो अब भयो, पुग्यो । लौ अब जाओ !

गुरूदेवबाट यस्तो शुभादेश पाए पछि अब दुबै भाईले गुरूदेवको श्रीचरणमा पसारिइ रहेको आफ्नो शिर उठाए । यता महामुनि-सान्दीपनि उनीहरूको त्यस्तो चाल-चलन देखेर हेर्दा-हेर्दै दुबै आँखा टलक्क टल्काएर समाधि लागे जस्तै भए। यसैबेला पूज्य-गुरूआमाका आँखा भने उघ्रेर लोभिएको दृष्टिले, स्नेह-वात्सल्य उर्लिएको भावले बररर बलिन्द्रधारा आंसु खसाल्दै यी दुबै आफ्ना पुत्र जस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाईपट्टि हेरिरहेका थिए । यस्तो देख्ने बित्तिकै अब दुबै भाई गुरू-आमा-हजूर ! भन्दै उनकै श्रीचरणमा अ-आफ्नो शिर पसारो पार्न पुगि हाले र यसरी बिन्ती चढाए । आज्ञा होस् आमा ! आज्ञा होस् ! जो आज्ञा हुन्छ, जसो गर्न आज्ञा हुन्छ, हामी त्यो कुरा पूरा गर्न गुरूदेवका कृपाले हजूरको स्नेह-वात्सल्यले समर्थ भइसकेका छौं । तस्मात् अवश्य पूर्ण गर्दछौं । इत्यादि भनेपछि गुरू-आमाको श्रीमुखबाट स्नेह र मातृ-वात्सल्यले अभिप्रेरित एवं आकर्षित आत्माको प्रेरणाले यो शब्दराशि निस्कियो । सुन त बाबु हो ! हामी दुबै पति-पत्नी आफ्नो एकमात्र पुत्रलाई साथ लिएर धेरै वर्ष अघिको कुरा हो, पश्चिम समुद्र-निवासी भगवान् सोमनाथको दर्शन गर्न गएका थियौं । वहां स्नान गर्दा-गर्दै समुद्रको निकै ठूलो तरङ्ग (छाल) उर्लिएर आयो र अकस्मात् छोरालाई हुत्याई लग्यो । हामी रूँदै-रूँदै फर्कियौं । अब बाबु हो ! तिमीहरू त्यस्ता भइसकेकाछौ भने, त्यसको गुन सम्झन्छौं भने, त्यसैलाई खोजमेल गरि ल्याई दिन सक्छौ भने त्यही ठूलो गुरूदक्षिणा हुने थियो ? सक्छौ ! त्यस्तो गुरू दक्षिणा दिन सक्छौ त ?

गुरू-आमाको यस्तो याचना सुन्दा दुबै भाई हर्ष-गद्गद भएर बिन्ती चढाए । सक्छौं, पक्कै सक्छौं, गुरू-आमा ! हजूर निश्चिन्त भएर राजहोस् ।हामी जतिसक्यो चाँडि गुरू-भाईलाई यहीं लिएर आउंछौं । यसरी गुरू-आमालाई सान्त्वना दिएर त्यस्ता गुरूबाट प्राप्त गरेको सद्विद्याले, कलाले पनि गर्न सक्ने उपाय जानेका दुबै भाई चितांउने बित्तिकै अगाडि खडा हुने आफ्नो रथमा चढेर वहां (प्रभास-क्षेत्रमा) पुगी समुद्रभित्र पस्न मात्र के लागेका थिए, ठीक यसैबेला त्यहांबाट मनुष्याकारको यौटा व्यक्ति निस्क्यो र यिनीहरूसंग यसरी आफ्नो बिन्ती बिसायो । प्रभो ! मैले हजूरहरूकी गुरू-आमाको पुत्र हरेर ल्याएको होइन, हो त म (समुद्र) भित्र रहेको यौटा पञ्चजन नामक दैत्यले मेरो छालको भित्रभित्रै गएर ती ब्राह्मण-बालकलाई हुत्याई ल्याएको हो । त्यसबाट यत्ति कुरा सुन्ने बित्तिकै कालो आंगे भाई चाँहि तत्कालमै हुत्तिएर समुद्रभित्र पसिहाल्यो र त्यस दैत्यलाई मारी त्यसको पेट चिरेर हेर्दा यौटा निकै ठूलो शंख भेट्यो (यही पाञ्चजन्य शंख हो) । पछि त्यसैलाई लिई बाहिर निस्की सेतो आंगे दाजुलाई संगै लिई त्यही शंख फुक्तै त्यहींबाट सरासर यमलोक पुग्यो र वहां पनि यमराजले टक्र्याएको आदर-भाउको, पूजा-आजाको सन्मान भोगी यमराज स्वयंले ल्याई अगाडि राखि दिएको गुरूभाईलाई लिएर फर्किई गुरू-आमाको अगाडि राखिदियो। तदनन्तर गुरूदेव र गुरू-आमाले ज्यादै नै हर्ष गद्गद भएर दिएको - बाबु हो! तिमी दुबैले हामीसंग पढेको-सिकेको विद्या-कला आदि अयातयाम (कहिल्यै पनि बासी नहुने, अर्थात् संझने बित्तिकै काम दिने) हुन् भन्ने थपुवा आशीर्वाद पाई लौ ! अब जाओ, भन्ने शुभाज्ञा शिरोपर गरी यी दुबै ब्रह्मचारी-वटु राम-श्याम घर (मथुरा) फर्केका हुन् ।त्यसपछि घर भित्रिए पछि गर्नु पर्ने समावर्तनक्रिया सुसम्पन्न भएको हो । यो हो श्रीमद्भागवत अन्तर्गत भगवान् कृष्ण-जीवनको कुरो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरूदक्षिणा-प्रदानार्थ स्नातक-कौत्सको द्रव्ययाचन

त्यस्तै यौटा अर्कों विशुद्ध वैदिक-संस्कृति भित्रको गुरूदक्षिणा-प्रदानार्थ द्रव्ययाचन-सम्बद्ध महाकवि कालिदासको रचनान्तर्गत रघुवंशीय कथा पनि प्रिय पाठकहरूको अगाडि उपस्थापित गर्दछु ।

रघुवंश-प्रदीप राजराजेश्वर रघु-महाराज अनेकौं रूपका यज्ञ-यागादि गर्दा-गर्दा र त्यसमा दिनु पर्ने बहुविध दान-दक्षिणा एवं बर-बक्सिस दिंदा-दिंदा श्रीसंपत्ति भनिने वस्तुका नाममा केही बांकी रहेका भएनन् । उनको आर्थिक अवस्था यत्तिसम्म दयनीय भयो कि खाने-पकाँउने भाडा-कूंडा सम्म पनि माटै-माटाका बनाउन लगाएर तिनैबाट काम चलाउने सम्मका भइसकेका थिए, तापनि आफ्ना प्रिय-प्रजाको संरक्षण तथा परिपालन आदि स्वधर्म-कर्मादि मनोयोगपूर्वक गरिरहेकै थिए । ठीक यसैताक उनको राज्य-सीमा भित्रका अनेकौं आश्रममा संस्थित महान्-महान् मुनिहरू मध्यका यौटा चतुर्दश विद्यापारङ्गत आचार्यप्रवर बरतन्तु-नामका मुनि पनि थिए । त्यसताक यिनको साहै ख्याति थियो । यिनैका यौटा कौत्स नामका ज्यादै सुशील र सत्पात्र शिष्य थिए । एकदिन मौका पारेर स्नातक यिनले आफ्ना गुरूदेव उनीसंग यसरी बिन्ती चढाए कि गुरूदेव ! म माथि हजूरको साहै ठूलो कृपा भयो । चौधै विद्या पाएं । अब जा, इच्छानुसार ब्रह्मचर्याश्रम छोडेर अर्कै आश्रमतिर लाग्, भन्ने आज्ञा पाए तदनुसार गर्नै थिएं । परन्तु गुरूदेव ! निष्किञ्चन छु, केही छैन तापनि श्रीचरण छोड्नु अगाडि केही गुरूदक्षिणा टक्र्यांउन पाए साहै सन्तुष्ट एवं कृतकृत्य हुने थिएं । जो आज्ञा गुरूदेव ! के टक्र्यांउ ? आज्ञाहोस् ।

प्रिय-शिष्य कौत्सका यस्ता कुराले गुरूलाई झन् सन्तुष्ट बनायो । उनले भने बाबु ! तिमीसंग के पो छ र मलाई गुरूदक्षिणा दिन्छौं ? भैगो नि, पर्दैनजेल तिमीले जे जो जति मेरो सेवा ग-यौ त्यही सबभन्दा ठूलो गुरूदक्षिणा भएन र ? लो भैगो, अब जाउ है ! गुरूका यी कुराले चेलोको चित्तै बुझेन र उसले फेरि आफूले टक्र्याँइने गुरूदक्षिणा स्वीकार गर्न आग्रह ग-यो । तैपनि केही टक्र्यांउन पांउ गुरूदेव ! गुरूले पुनः स्नेहपूर्वक आज्ञा गरे । भै गयो बाबू ! पर्दैन जाउ, यसरी निरन्तर भन्दा-भन्दै पनि चेलोले लिंडेढिपी कसिरह्यो । अन्तमा गुरू झोक्किएर यसो भने । ए कौत्स ! तैंले मसंग चौधै विद्या पढिस्, तस्मात् अब मलाई गुरूदक्षिणा दिन सक्छस् भने एक-एक विद्याको एक-एक करोडका हिसाबले चौधै करोड द्रव्यराशि लिएर आ, जा । अब देख्यो चेलो हुनेले तमाशा, त्यसमा पनि निकै मजाको । सोच्न लाग्यो- कहां पांउने, कसरी पांउने त्यत्रो द्रव्यराशि ? मन साहै भ्रमित भयो । अन्तमा विद्याध्ययनजन्य सद्बुद्धिले बाटो देखाइ दियो । कौत्सले झ्वाट्ट - सम्झिए "राजा प्रकृतिरञ्जनात्" आफ्ना प्रजाको आवश्यकता परिपूर्ण पारि दिई संरक्षण-संभरण गर्नेलाई नै यथार्थतः राजा भन्दछन्, भने जान्छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म पनि अब तिनै हिजोआजका आफ्ना देशीय-राजा रघुकहाँ । परन्तु हिजो-आज उनको आर्थिक स्थिति निकै खस्किएको छ अरे - खाने, पकाँउने, भाँडा- कूँडा पनि माटैका बनाँउन लगाएर काम चलाँउदै छन् अरे, यस्तै सुन्दछु । अब के गरूँ ? बाटाभरी यिनै कुरा खेलाँउदा-खेलाँउदै यस्तै विचार गर्दै उनी अझ अगाडि बढ्दै गए । चाहे जस्तोसुकै अवस्थाका किन नहुन्, नामका राजा हुन् र ? हुन् त, ती कामैका राजा । हो ठीक हो ! त्यस्तै कहाँ जानु पर्छ । आफ्नो मर्का बिसाँउनु पर्दछ । तिनै हुन् सुमहान् हृदयका उदार महापुरूष र त्यस्ताको स्वभाव यस्तो हुन्छ भनेर मलाई गुरूदेवले पढाई बक्सिँदा आज्ञा भएको वाक्यमा ध्यान दिएकोछु । "शतहस्तः समाहर, सहस्रहस्तः संकिर" भने ठीक उनी स्वयं सयौं हातले धन-वैभव जोरजाम गर्छन्, तर आश्चर्यै हो, हजारौं हातले छरिदिन्छन् अरे । धन्य हो !

यस्तै कुरा सोच्ता-सोच्तै कौत्स-मुनि पुगे सरासर राजभवनको प्रवेशद्वारमा । त्यसताक त्यस्ता राजाहरूको भवनको मूलद्वार निरन्तर खुला रहन्थ्यो । त्यस्ता विचारका राजालाई कुनै प्रकारको भय आशंका आदि रहँदै रहँदैनथ्यो । द्वारपाल केवल नाममात्रका रहन्थे । गात्ररक्षकको चलनै थिएन । मानिसको आकार-प्रकार हेर्नै बित्तिकै यो यस्तो खालको व्यक्ति हो, यसलाई राजा भएमा पु-याए हाम्रै कल्याण हुन्छ भन्ने व्यक्तिमात्र प्रवेशद्वारको वरपर घुमिरहन्थे । तब त्यस्तै व्यक्तिहरूले मुनि-कौत्सलाई राजाको विश्रामकक्षमा पु-याइदिए । एकछिन पछि राजा त्यहीं आए । उनलाई देख्ने बित्तिकै कौत्सले यसरी शुभाशीर्वाद टक्र्याए । स्वस्ति राजन् । तिम्रो उत्तरोत्तर कल्याण होस्, पारलौकिक श्रेय र ऐहलौकिक प्रेय यी दुवै कुरा नैरन्तर्येण परिपूर्ण भइरहुन् । निरन्तर त्याग र यस्तै तपस्या गर्न सक्ने र त्यस्तैमा मनका वृत्ति लगाइ रहने होउ । उनले दिएका यी कुरा राजाधिराज-रघुले आफ्नो झुकेको शिर माथि थापे । हृदय साह्रै प्रसन्न भयो । पछि मुनिसँग यसरी विनम्र निवेदन गरे । मुनिवर ! तपाँई जस्ताको शुभागमनले आज मेरो भाग्योदयमा निकै परिवर्तन भयो । आज्ञा होस्, निःशंक आज्ञा होस् । म के गरूँ ? यहाँ म कहाँ पाल्नु हुनु पर्ने कारण के प-यो ? म त्यो कुरा सर्वथा परिपूर्ण गर्नै चेष्टा गर्दछु । राजाको यस्तो शुभादेशले कौत्सलाई साह्रै ढुक्क गरायो । तब उनले आफ्नो समस्त वृतान्त यथार्थ बिन्ती चढाए । उनको त्यस्तो "चौध करोड रूपैयाँ, त्यो पनि विना जौ तिल कुशको मलाई देउ" भन्ने अभ्यर्थना सुन्दा राजाको अन्तर्हृदय गुरूभक्ति-प्रतिको श्रद्धाले त्यस्तो सद्भावनापूर्ण-परमविश्वासले, भरिभराउ भएको याचनाले भित्र-भित्रै साह्रै छचल्कियो, गद्गद भयो । परन्तु तत्कालमा त्यत्रो वैभव राज्यकोषागारमै छैन, के गरूँ, कसो गरूँ ? कसरी यस्ता सत्पात्र ब्राह्मणको हातमा तारिख दिन पाँउ ? यस्तै कुराले अब त्यस्तो राजाको हृदय दोस्रो क्षणमा साह्रै खुम्चियो, निकै चाउरियो । तब शौर्य-वीर्यादि-सुसम्पन्न रघु-राजाको औदार्य्यले तुरून्त काम गरिहाल्यो र याचक मुनिसँग यसो भने - मुनिवर । तपाँईको यो याचना म परिपूर्ण गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईंहरू जस्ताकै यो यौटा सर्वसमर्थ-व्यक्ति हो, भन्ने सद्भावना पाएकोले निष्किञ्चनै भएर पनि हर-तरहले समर्थ छु । परन्तु मुनिवर ! केही समय पाउं ! त्यत्तिञ्जेल मेरो अतिथि-शालामा गएर राजहोस् । म चाँडै नै सुप्रबन्ध मिलाई आवश्यक द्रव्यराशि टक्र्याउनेछु, भने । अब मुनि-कौत्सले तत्कालमा त्यस्तो राजाज्ञा सहर्ष स्वीकार गरे । तदनन्तर राज-भृत्यले उनलाई अतिथि-शालामा लगेर विश्राम गराए ।

राजा रघुको ओजस्विता र महत्ता

यता राजाधिराज रघुले तुरुन्तै आफ्ना सैन्यका प्रधान-सेनापतिलाई बोलाउन पठाएर यस्तो परमादेश दिए । सेनापति ! सुन त, मलाई अहिल्यै निकै धन-वैभवको अति आवश्यकता पऱ्यो । यता राज्यको कोषागार रित्तो छ । यस स्थितिमा अन्त कहींबाट अथवा कसैबाट यस कुराको पूर्ति हुने सक्तैन । तस्मात् मेरो विचार सुदृढ भयो कि, गन्धर्वलोकतिर जाने, द्रव्यप्राप्तिका निमित्तको अभियान चलाउने । सजिलै पाए बेसै भयो, नपाए अथवा लड्नै परे देवताहरूका धन-वैभव आदिका संरक्षक गन्धर्वराज कुबेरजीसंग नै जम्काभेट गरी आवश्यक सर-सम्पत्तिमात्र लिएर फर्कने । लौ भन, अब तिमी यस विषयमा के कस्तो सरसल्लाह दिन्छौं ? राजाको त्यत्रो आंट-कांट देखेर नै व्यामोह होला जस्तो सेनापतिले साह्रै झुकेर यसरी बिन्ती चढायो । राजाधिराज प्रभो ! बेला-बखत हेरी सोचि बक्सेको कुरा सर्वोत्तम ठानें र त्यसै गर्नु उचित मानें । जो आज्ञा ! यत्ति उनका कुरा सुनेपछि उनले राजाबाट पुनः यस्तो आदेश पाए । जाउ, भोलि नै सैन्याभियानको प्रबन्ध मिलाउ । म स्वयं त्यसमा प्रधान-सेनापति हुन्छु नि ! यसमा मेरो पद-मान खोसियो भन्ने न संझ है ।

रात-वित्यो, उषाकाल भयो । राजालाई जगाउने सुमधुर स्वरका बाजे-गाजेहरूले बाजा बजाए । वैदिक-मन्त्र गाँउने विशिष्ट बाजेहरूले पुरुषसूक्तादि महामन्त्र गाए । शंखनाद घन्कियो, घंट बजे । ठीक यसैबेला पवित्र नद-नदीका निर्मल जलपरिपूर्ण माटै-माटाका गाग्रा भरी-भरी वैदिक मन्त्राभिसिंचित पावनतम जलराशि अन्तःपुर-कक्षाको अग्रभागमा राखी विप्रदेवहरूले मन्द-मन्द ध्वनि आउने गरी ताली बजाए । अर्का थरि ऋषि-मुनिहरूले स्वयं उपस्थित भइ राजालाई व्युंझाए । (यही हो उच्चस्तरीय राजसंस्कृति । (हेर्नुहोस् - राजा दशरथलाई व्युँझाउदाको त्रेतायुगीन रीति-स्थिति, मैले नेपालीमा अनुवाद गरेको वाल्मीकि-रामायण, ने.रा.प्र. प्रतिष्ठानको प्रकाशन) । तब राजा रघु अन्तःपुरबाट बाहिर निस्किए । ठीक यसैबेला राजाका रित्तो कोषागारका रक्षकहरू दौडा-दौड गर्दै त्यहीं आई पुगेर हात जोड्दै भुईंमा दुबै घूंडा टेकी राजालाई यसरी बिन्ती चढाए । राजराजेश्वर प्रभो ! प्रभुको उत्तरोत्तर समृद्धि बढोस् र निरन्तर जय होस् । श्रीचरणमा बिन्ती चढाउछौं कि, यौटा महान् आश्चर्य भइरहेछ । प्रभो ! हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय-कोषागारको माथिल्लो भाग वरिपरि निरन्तर विपुल सुवर्णराशि वर्षा भइरहेछ । जो आज्ञा ! इत्यादि

दिने-लिनेमा तेरो-मेरो

यो शुभ-समाचार सुन्दा राजा रघुको हृदय साह्रै आल्हादित एवं हर्षगद्‌गद भयो । यता अरू सुन्नेहरूको आत्मा नै श्रद्धा र सद्‌भावनाले छचल्किएर बाहिरै निस्कन्छ कि जस्तै पा-यो ।

सेनापतिले ठाने - "हाम्रो सैन्याभियान चलाउने मन्त्रणाको सुईंको पाएर नै केही हानी-नोक्सानी होला कि, भन्ने आशंकाले धनपति-कुबेरजीले स्वयं लत्तो छाडी यसो गरी दिएका हुन् । तदनन्तर स्वयं राजा-रघु अतिथि-शालातिर लागे । वहाँ पुगेर शिर झुकाएर अभिवादन टक्र्याएर कौत्सलाई यसरी निवेदन गरे । मुनिवर ! अब मैले आवश्यक द्रव्यराशिको समुचित प्रबन्ध गरें । त्यसलाई ग्रहण गर्न स्वीकृति दिनु भए हामीहरू सबैको सार्वत्रिक-कल्याण हुने थियो । त्यसपछि मुनिलाई अगाडि लगाएर सारा लावालश्कर पछि लगाउँदै राजा राष्ट्रिय-कोषागारतिर लागे । वहाँ त्यो विपुल सुवर्णराशि देखाउँदै मुनिलाई यसो भने - स्वीकार होस्, यही हो, सबै हो । अब त्यहाँ त्यत्रो विपुल सुवर्णराशि देख्तैमा कौत्समुनि ता एकदमै आत्तिए । पछि केही स्थिर भएर बररर आँसु खसाल्दै राजासँग यसरी बिन्ती गरे । राजन् ! यत्रो सुवर्णराशि लगेर म के पो गरूं ? मलाई केवल गुरूदक्षिणा टक्र्याउन आवश्यक चौध करोड रूपैयाँ मात्रको सुवर्ण बक्सियोस्, अरू मलाई चाहिँदैन । शास्त्रमा भनेको छ - अधिकं योऽभिकाङ्‌क्षेत स स्तेनो दण्डमर्हति । आफूलाई चाँहिने भन्दा बढि द्रव्यादिको आकांक्षा (प्राप्तिको इच्छा) राख्ने व्यक्ति पक्कै पनि स्तेनै (चोरै) हो, त्यस्तालाई दण्डै गर्नु पर्दछ । तस्मात् त्यत्ति भन्दा बढ्ता म लिने सक्तिन । तब राजाले यसो भने । ठीक आज्ञा भयो मुनिवर । म पनि त्यसै भन्छु । हजूरले लगेर बचेको सुवर्ण पनि मलाई चाँहिदैन, म पनि लिन्न, लिएं भने म पनि स्वयं दोषी हुन्छु । यसमा अरू कसैको पनि लिने अधिकार छँदैछैन । कुरा सुन्नुहोस् मुनिवर ! तपाँईको निमित्त प्राप्त भएको यो द्रव्यराशि समस्त तपाँईकै हो । तस्मात् तपाँईले नै लगि दिएर उपभोग गरिदिए हामी सारा अत्यन्त सन्तुष्ट र आफ्नो यस्तै क्रिया-कलापले साह्रै नै परिपुष्ट भइ रहने थियौं । राजाले यत्तिसम्म भन्दा पनि कौत्स-मुनिले त्यो समस्त द्रव्यराशि स्वीकार गर्न सक्तै सकेनन् । यसरी निकैबेर सम्म राजा रघुमा र मुनि कौत्समा तेरो-मेरो चलिरह्यो । मुद्दा छिन्ने कुनै पनि आधुनिक न्यायमूर्ति त्यहाँ पुग्नै सकेनन् । यस्तो मुद्दा अझै सम्म पनि ठाँटी रहेकैछ । यस्तो रूप लिएर यसरी समाप्त हुन्थ्यो यो हामी वैदिक-धर्मीहरूको समावर्तन-संस्कार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैवाहिक-संस्कार

विवाह पहिले-पहिले मुख्यरूपमा सन्तान प्राप्तिको निमित्त एवं संयुक्तढंगले सत्कर्म-धर्माचरणको लागि, गौणरूपमा क्षणिक प्राकृतिक-सुख प्राप्त गर्ने हेतुले गर्ने गरिन्थ्यो । यी सबै कुराले वैवाहिक-संस्कारको अत्यन्त ठूलो महत्त्व देखिन्छ । यसमा वर-बधूका योग्यताको परीक्षा भित्री-बाहिरी दुबै प्रकारले दुबै तर्फबाट हुने गर्दथ्यो । बाहिरी योग्यतामा सर्वप्रथम सर्वाङ्ग ठीक-ठाक भए नभएको र राम्रो नराम्रो रूपबाट छाँटकाट हेरेर जाँच(परीक्षण) गर्ने गरिन्थ्यो । त्यसमा पुरूषमा र नारीमा हुनुपर्ने सद्गुणहरूमाथि आँखा गाडिन्थ्यो । भित्रिया-परीक्षा भने दुबै वर-बधूको विद्या-प्रतिभाका माध्यमबाट दुबैको कुल-शील-स्वभाव आदिको परिचयनद्वारा नै गर्ने प्रचलन थियो । उमेर हेरिन्थ्यो, जाँचिन्थ्यो । बरको उमेर कममा पच्चीस वर्षको र बधूको कममा सोह्र वर्षको हुने पर्दथ्यो । यस विषयमा अनेकौं ऋषि-मुनिहरूको विभिन्न मत-सिद्धान्त देखिन्छ । वर-बधूको उमेर तीन वर्ष सम्मको अन्तर परेको भए केही लछारिन्न, भन्ने पनि धेरै ऋषि-मुनिहरू छन् । कुनै "दशवर्षा भवेद्गौरी ह्यत ऊर्ध्वं रजस्वला" भन्दछन् भने कहीं-कहीं दशवर्षको उमेर पुग्नु भन्दा पनि कम उमेरकी कन्याको विवाह गरिदिने प्रचलन चलाइ आएको पनि देखिँदैछ । यस विषयमा विशेषतः वसिष्ठ-स्मृति र महाभारत अनुशासन-पर्व एवं ब्रह्मपुराण आदिमा निकै निकै मत-मतान्तर छन् ।

धर्मपत्नीको आवश्यकता र महत्ता

भारतवर्षीय हिन्दूधर्मीहरूको यस्तो बलियो धारणा छ कि रित्तो-घर घर भनिँदैन, गृहिणी (धर्मपत्नी) भएको घर नै भरिएको घर हो वास्तवमा घर भन्नु नै गृहिणी हो । "न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते" इत्यादि । गृहिणी पुरूषकी अर्धाङ्गिनी मानिन्छिन् । धर्मपत्नी भएर उनी यज्ञकर्ममा सहायक हुन्छिन् । यिनैबाट पुत्र प्राप्त गरेर पुरूष पूर्ण हुन्छ । यिनैबाट पुरूषलाई परापूर्व देखि लागिरहेको तीनवटा देवऋण, ऋषिऋण र पितृऋण आदिबाट पुरूष सजिलै - मुक्त हुन सक्तछ । पत्नीको क्षेत्र (गर्भ) मा आधान गरेको आत्मारूप (वीर्य)बीज छोरो भएर जन्मिने हुँदा (आत्मा वै जायते पुत्रः) भनिएको छ । तद्वत् पत्नीको साह्रै महत्त्व मानिन्छ र विवाह गर्नु अत्यावश्यक छ । वैदिक एवं पौराणिककालमा वैवाहिक संस्कारमा स्वयंवरणविधा, आफू खुशी वरले बधूको र बधूले वरको चयन गर्ने (रोज्ने) प्रचलन थियो । आधुनिक कालमा आएर यसको आधिक्य निःसीम हुँदै आयो । उच्चवर्णका केटा-केटीले अत्यन्त नीच वर्ण एवं कर्मका केटा-केटीहरू सम्मलाई पनि स्वच्छन्दाचरणपूर्वक रोज्न लागे र उनैसँग अन्योन्यमा समस्त बर-व्यवहार गर्न लागे । यसमा कुनै पनि लेखक वा कविले केही भन्ने वा लेख्ने सम्मको गति-विधि राख्ने सक्तैन । सामाजिक-मर्यादा जोगाँउन, हिन्दूत्व बचाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्न, कुराले होइन, कामैले समर्थ छन् भने यो वैदिक हिन्दूधर्म-सापेक्ष राष्ट्रमा यी सब कुराको संरक्षण आदिमा ठेक्का लिनेले स्वयं गर्ने नै छन् होला, नगरे ठेक्का स्वतः तोडिने प्राचीन-प्रणै छ । आफैं गर, आफैंले आफ्नो जीवन सुधार, भन्ने खाले हामी त्यस्ता छौं भने, त्यस्तै विचार राख्तछौं भने गीताको भगवदुक्ति "उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् । आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः" ।। भने ठीक अ-आफ्नो उद्धार गर्दै जानेनै छौं र यसरी हाम्रो पूर्व-संस्कृतिमा विकृति थपिंदै आयो । यो ठीक हो वा होइन ? भन्ने विचार गर्न सक्नेले यी कुरा आफ्नो पूर्णाधिकार भित्र पारून् भन्ने सम्मको यो अनुरोध अगाडि राख्तछौं ।

अं त ! माथिको प्रसङ्ग-पक्डौं । विवाह आठ प्रकारका हुन्छन् । ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच । गार्हस्थ्य-धर्म राम्रोसंग चलांउन वरले बधूको र बधूले वरको उपर्युक्त ढंगबाट चयन(वरण) भइसके पछि वैवाहिक-संस्कार सम्पन्न हुन्थ्यो । उपरिनिर्देशित आठ प्रकारका विवाहमा पैलेका चार प्रकारका-विवाह विधि-विधानपूर्वक हुने हुँदा आर्यधर्मानुगत मानिन्छन्, बांकी चार आर्यधर्म-व्यक्तिरिक्तका । आर्यमा द्विज-शब्दले उच्चरित ब्राह्मण क्षत्रिय एवं वैश्य यी तिनौटै जाति जानिन्छन् । यिनको उपर्युक्तवत् उपनयन आदि संस्कार हुन्छ । दुबैपटक संस्कार न हुँदा शूद्र र संस्कृत भइसके पछि अ-आफ्नो जात-पात रीति-स्थिति एवं संस्कृति आदिमा संस्थित हुँदा द्विज कहिन्छन् । आर्येतरहरूमा यिनीहरू भिन्न अरू सबै जाति र नीच-संसर्गीहरू गनिन्छन् । आर्य-विवाहमा सर्वप्रथम वरण-विधि प्रचलित छ। बांकी चारओटै विवाहमा त्यो विधि रहँदैन । यी सबै कुराको विधि-विधान एवं रूप-रेखा श्रुति-स्मृतिका ग्रन्थहरूमा जतातत्तै बेलि-बिस्तार देख्न, पढ्न पाइन्छ । यसमा "कन्यारत्नं दुष्कुलादपि ग्रहणीयम्" भन्ने छ तापनि सगोत्र सपिण्ड सप्रवर आदिका वर-बधूको विवाह अथवा स्वयंवर कदापि गर्नै हुँदैन । यो हो वैदिक-धर्मानुयायी हिन्दूहरूको संस्कृति । यसै विषयलाई लिएर श्रीमद्भागवतमा यसरी उल्लेख भएको हो ।

ययोरात्मसमं वित्तं जन्मैश्वर्याकृतिर्भवः ।
तयोर्विवाहो मैत्री च नोत्तमाधमयोः क्वचित् ।।

आर्यजनहरूमा पहिले-पहिले वैवाहिक-संस्कार सम्पन्न गर्न साह्रै सजिलो थियो । संप्राप्तविद्य-ब्रह्मचारी वटु उपर्युक्त समावर्तनादि कर्म समाप्त गरेर गृहस्थ-धर्ममा पस्न र बस्न चाहन्थ्यो भने आफ्ना गुरूजनको साथै केही अभिन्न-हृदयका मित्रहरू लिएर कन्यागृह जान्थ्यो र त्यहां उपयुक्त स्वागत-सम्मान पाएर कन्याका-संरक्षकहरू बाट उपस्थापित वरणीया-कन्याको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाणिग्रहण गर्दथ्यो । त्यसबेला यो मन्त्र पढ्दथ्यो ।

गृह्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदष्टिर्यथा सः ।
भगोऽर्यमा सविता पुरन्धिर्मह्यं त्वादुर्गार्हपत्याय देवाः ।।

तदनन्तर कन्याका संरक्षक-पिता आदिले कन्याको दाहिने हातको बूढी औंला समाती विधि-विधानपूर्वक वरको हातमा राखिदिन्थे । यसरी कन्यादान गरिन्थ्यो । त्यसपछि कन्यालाई तलको मन्त्र पढेर शुभाशीर्वाद दिन्थे । दिनेहरूमा आफ्ना परिवारका गुरूजनका साथै हितैषी-इष्टमित्र र सखी सहेली-दौंतरी आदि पनि हुन्थे। वैदिकमन्त्र यो थियो । सम्राज्ञी श्वशुरे भव, सम्राज्ञी श्वश्र्वां भव, ननान्दरी सम्राज्ञी भव, सम्राज्ञी अधिदेवृषु । दुलही ! तिमी अब आफ्नो घर गएपछि आफ्ना पूज्य सासु-ससुरा जेठाजू-जेठानी एवं देवर-देवरानी तथा नन्द एवं उनका पतिदेवहरू एवं सारा आफ्ना परिजनहरूलाई आफ्नो उत्तम शील-स्वभाव र बर-व्यवहारले रिझाएर श्रद्धा-स्नेह एवं सद्भावनाले उनीहरू माथि नै उल्टो हुकुम (अध्यादेश) चलांउन सक्ने साक्षात् साम्राज्ञी (चक्रवर्ती राजाधिराजकी धर्मपत्नी) जस्तै भएर बसे हैं, बाबा !

यसअघि विवाह-मण्डपमा वैवाहिक-कर्म गर्दा-गर्दै साक्षी बनेका अग्निदेव र जलपूर्ण घडाहरूको क्रमशः तीनपटक परिक्रमा गरेर वरले बधूलाई यसो भन्थ्यो - अमोऽहमस्मि सा त्वं, सा त्वमस्यमोऽहं, द्यौरहं पृथिवी त्वं, सामाहमृक् त्वं, ताविह विवहावहै । प्रजां प्रजनयावहै सुप्रियौ रोचिष्णू सुमनस्यमानौ जीवेव शरदः शतमिति । त्यसपछि ध्रुवदर्शन गराइन्थ्यो । यसमा मैले लेखेको "मौलिक संस्कृत-महाकाव्य ययातिचरितम्" मा वर-बधू ययाति र देवयानीको वैवाहिक-संस्कार सम्पन्न हुँदा आचार्य शुक्र-कन्यापिताको शुभाज्ञाले उपर्युक्त विधि सकेपछि वर-बधूले अन्योन्यमा राम्रो प्रण गरेकाछन् । त्यसमा हाम्रो वैदिक-संस्कृति एवं तदानीन्तन सामाजिकता तथा साहित्य-लालित्य-प्रदर्शनको परिपूर्ण वैभव देखिएकोछ । त्यसपछि साप्तपदीन-मन्त्र पढिन्थ्यो । यो मन्त्रपाठ साह्रै महत्त्वपूर्ण मानिन्थ्यो ।

यी सब वैवाहिक विधि-विधान समाप्त भइ सके पछि छोरी-ज्वाईलाई घर-गृहस्थी चलांउन सजिलो होस्, राम्रोसंग अन्योन्यको क्रिया-कलाप परिपूर्ण गर्न सकुन् भनेर केही दाइजो-पात दिने प्रचलन पनि चल्दै आएको देखिन्छ । हिजोआज त्यसै रोगले हाम्रो समाजलाई साह्रै नै पिर्दै आएकोछ । हाम्रो मित्रराष्ट्र भारतको दशा (अवस्था) त महादशीमा परिणत भएकोछ । दहेज (दाइजो-पेवा) नामको यो महारोगले दुलहीले ल्यांउदै-ल्यॉउन नसकेको वा कम दाइजो ल्याएकोमा मर्नु-मरांउनु एवं आगोमा डढेर-मर्नु-मार्नु आदि भैरहेका देखिंदैछन् । ठीक हो ! हुनेले दिनै पर्छ । परन्तु नहुने, दिन नसक्ने निम्नस्तरका सामाजिक व्यक्तिहरूमा पनि त्यसको प्रभाव पर्ला कि ? भन्ने खालको सतत परिबृद्ध आशंकाले छोरीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैवाहिक-संस्कार सम्पन्न गर्ने विषयमा अब छोरी वयस्क भइसके पछि पनि सक्ने नसक्लान् कि ? भन्ने चिन्ताले चिन्तित भइरहनु पर्ने अवस्था आइसकेको छ । तर हाम्रो यहां (नेपालमा)भने ती सब मर्ने-मार्ने कुरा अद्यापि भारतबाट यता प्रवेश गर्ने, सकेका छैनन् । हामीले विदेशी-मुद्रा कम भएरै होला आयात(पैठारी) गरेका पनि छैनौं । यही सौभाग्यको कुरा हो ।

स्वयम्वर-प्रथा र त्यसको-प्रचलन

प्राचीन वैदिककाल देखि नै स्वयम्वर-प्रथाको प्रचलन आज सम्म पनि अघि बढ्दै आएकोछ । आदिराज-मनु स्वायम्भुव र महारानी शतरूपाकी छोरी ऋषि-रुचिकी धर्मपत्नी आकूतिबाट जन्मेका छोरा यज्ञ र छोरी दक्षिणाको आदिकालतः समागत प्रेम-सम्बन्ध बाट स्वयम्वर प्रथा प्रारम्भ भएको हो । त्यसपछि अनेकौं ऋषि-मुनिहरूका र राजा-महाराजाका छोरा-छोरीहरूले पनि स्वयं पति वा पत्नीको वरण गरेर राम्रो गार्हस्थ्य चलाएको देखिन्छ । स्वयं दमयन्तीले महाराज-नललाई रूचाउंदा र रोज्न जांदा स्वयम्वर-समारोहमा त्यस्ती ओजस्विनी एवं सच्चरित्रा-विदुषी वर-वर्णिनीले मलाई रोज्लिन् कि, भनेर स्वयम्वर-सभामा सर्वोत्तम वर बनेर सुशोभित हुन आई पुगेका इन्द्र, अग्नि, वरूण र यमराज जस्ता वैदिक-देवताहरूलाई सम्म टेढो-दृष्टिले हेर्दा-हेर्दै उनैमा सुदृढ प्रेमाभिसिञ्चित वरमाला पहि-याइ दिइन् । त्यस समारोहमा सम्मिलित हुन पुगेका हाम्रो राष्ट्रका त्यसताकका नेपाली-राजा पनि थिए भन्ने कुरा महाकवि श्री हर्षले नैषध-महाकाव्यमा उल्लेख गरेको स्पष्टै देखिन्छ। श्रीरामको स्वयम्वर देवी-सीताले प्रणपूर्ण (धनुषभङ्ग) भइसके पछि मात्र गरेको कुरा सर्वविदितै छ । यसअघि सत्ययुगमा पनि देवी-गौरीले आफ्नो मनोयोगद्वारा भगवान् शंकरलाई पति पांउ भनी तपस्या गर्दा-गर्दै पति हुने प्रभु स्वयं उनको अगाडि खडा भएपछि र "देवि ! आजदेखि म तिम्रा यस्ता गुणहरूले किनेको खास दास भएं" भने पछि मात्र विवाह-संस्कार सम्पन्न भएको हो । देवी-रूक्मिणीको त्यस्तै भो । आफूलाई आफ्नो जेठो दाजु-रूक्मीले चेदिराज शिशुपाललाई विवाह गरेर दिन लाग्दा त्यसको सुईंको पाएर अन्तिम घडीमा उनले यौटा चिठ्ठी लेखी स्वाश्रित ब्राह्मणको हात भारतको महाराष्ट्र बरार बाट द्वारकासम्म भगवान् कृष्णलाई पठाई, उहाँले पत्र पढिसक्ने बित्तिकै राता-रात वहां पुगी देवी-रूक्मिणीलाई उनले "मां राक्षसेन विधिनोद्वह वीर्यशुल्काम्" भनेझैं हरेर द्वारका ल्याई ब्राह्म-विधिले विवाह गरेका हुन् भन्ने कुरा हामी सबैले जानेके छौं ।

हिजोआजको स्वयम्वर एवं विवाह-विधिका कुराको त चर्चै नगरे धेरै बेस होला । जब कि विश्वभरीका राष्ट्र-राष्ट्रमा सब कुरामा अदला-बदली भइसक्यो। वैदिक तथा पौराणिक कालका समस्त आदिकालीन संस्कारहरूमा तथा अ-आफ्नो देशीय-वंशीय-परम्परामा धेरै-धेरै स्वतन्त्ररूपको परिवर्तन आयो । प्राचीन नियम,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयम, विधान, उप-विधान सबका सब शिथिल हुँदै गए । सारा वर्ण तथा आश्रमीहरूले स्वतः लत्तो छाड्दै आए र हुंदा-हुंदा लिङ्ग केवल दुइटै मात्र अवशिष्ट भए । योटा स्त्रीलिङ्ग र अर्को पुल्लिङ्ग । तेस्रो नपुंसकलिङ्ग मानिने ईश्वर भनांउदा देवताहरू खास नपुंसकलिङ्गी दुङ्ग-दुङ्गीमात्र भएर रहे । तिनको त्यस्तो राम्रो बानी पनि नराम्रो हुँदै आयो र उनीहरू पनि समुद्रपार हुन मात्र मन पराउन थाले । तिनको महत्त्व यसरी घट्दै आयो । यस स्थितिमा पूर्वोक्त आठ प्रकारका विवाह-विधि मध्यका पहिलेका ब्राह्म, दैव, आर्ष र प्राजापत्य-विवाहमा पनि ज्येष्ठ एवं श्रेष्ठ ब्राह्म-विवाहको त यो रूप छ भने यसका अतिरिक्त अरू चार आसुर, गान्धर्व, राक्षस तथा पैशाच आदि विवाहका रूप-रेखाको खोतल्खातल नगर्नुमा नै भलो हुनेछ । यी संस्कार-पछि गरिने अनेकौं मृत्युपूर्वका र मृत्युपछिका संस्कारहरू त हामीले गर्नै गर्दै आएका छँदैछौं । न गरे संसारै मुर्दाले ढाकिन्छ ।

भूगोल-वर्णन

अब हामी संक्षेपतः भूगोलको स्वरूप हेर्नपट्टि लागौं । माथि सातद्वीप र सात समुद्रको उल्लेख सम्म भयो । त्यसमा जम्बूद्वीप सर्वोत्तम मानिएकोछ । यसैमा हामी रहेकाछौं । ठीक भूमण्डलरूप कमलकोष (फक्रे-फुलेको) जस्तैले उपमित, सात महाद्वीप छन् । त्यो तहैतह परेको मध्यको (बीच) भागलाई नै जम्बूद्वीप भन्दछन् । यो ठीक एकलाख योजन(एक योजनमा चार कोश हुन्छ) परिधि (सीमा र विस्तार) भएको कमलपत्रकै जस्तो गोल (बाटुलो आकारको) मानिन्छ यसलै पृथ्वी गोल छ, भन्दछन् । यसमा अरू नौ नौ हजार योजन विस्तार भएका नौ नौ वर्ष (खण्ड) छन् । यिनमा यिनको सीमा छुट्याँउने आठोटा मुख्य पर्वत छन् । यिनको ठीक बीचमा "इलावृत" नामको दशौं वर्षपर्वत पर्दछ । यसैको बीचमा ती आठैओटा कुल-पर्वतको राजा (शिरोमणि) सुमेरू पर्वत छ । यो नै त्यो भूमण्डलरूप- कमलको कर्णिका (गाँठो) हो । यो माथिदेखि तलैसम्म सुनै-सुनको छ अर्थात् निरन्तर साह्रै उज्ज्वल-पहेंलो रूप लिएर झल्किरहने छ। यसैलाई माथि हिरण्यगर्भ भनिएको हो र त्यो अविकृतावस्थाबाट विकृत हुने परब्रह्मको रूप मानिएको हो । यो ठीक एक लाख योजन उँचो छ । यसको विस्तार 'फैलावट' शिखरमा बत्तीस हजार, मूलमा सोह्र हजार योजनसम्म तल गाडिएको छ अर्थात् पृथ्वीदेखि बाहिर त्यसको उँचाई चौरासी हजार योजनको छ ।

नवै वर्षका वर्ष-पर्वतहरु

त्यो बीचको इलावृत-वर्षका उत्तरतिर नील, श्वेत र शृङ्गवान् नामका तीनओटा   बडे-बडेमाका पर्वतहरू छन् । यिनैले रम्यक, हिरणमय र कुरू यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनै नामका वर्षको परिधि (सीमा) छुट्याउँछन् । यी पूर्वदेखि पश्चिम क्षार (नुनिलो पानीको) समुद्रसम्म फैलेका छन् । यिनमध्ये प्रत्येकको चौडाई दुइ-दुइ हजार योजनको छ । लम्बाईमा पहिलो-पहिलो भन्दा पछिल्लो क्रमशः दशमांश बाट कहीं केही बढी, कहीं केही घटी छन् र लम्बाईमा भने बराबरीका छन् ।

त्यसको दक्षिणपट्टि उ-पछि-उ गरेर निषध, हेमकूट र हिमालय नामका तीन वर्षपर्वत छन् । माथिका नील आदि पर्वतै जस्ता यी पनि पूर्वबाट पश्चिमैतिर फैलिएका छन् । यिनको उँचाई दश-दश हजार योजनको छ । यिनबाट क्रमैसँग हरिवर्ष, किम्पुरुषवर्ष र भारतवर्षका सीमाको साँध लगाइन्छ । त्यो इलावृत-वर्षको पूर्व र पश्चिमतिर उत्तरमा नील, दक्षिणमा निषधपर्वत सम्म फैलेका गन्धमादन र माल्यवान् नामका दुइ पर्वत छन् । यिनको चौंडाई दुइ-दुई हजार योजनको छ र यी भद्राश्व र केतुमाल नामका दुबै वर्षको सीमा निर्धारण गर्दछन् । यिनीहरूका अतिरिक्त मन्दर, मेरूमन्दर, सुपार्श्व र कुमुद यी चारैओटा दश-दश हजार योजन उँचा र त्यत्तिनै चौंडा पर्वत सुमेरू-पर्वतको आधारभूत अवष्टम्भ-गिरि जस्तै बनेर रहेका छन् । यी चारैओटा गिरिको माथितर अर्थात् शिरोभागमा ध्वजा झाँट-काँटका क्रमैले यी चारैओटा आँप, जामुनो, कदम्ब र बरका वृक्षहरू छन् । प्रत्येक एघार-हजार योजन उँचाई र त्यत्तिकै चौंडाईका छन् । मोटाईमा भने एकसय-सय योजनका छन् । पुनः यी पर्वत-शिखरमा क्रमशः च-चारोटै ठूला-ठूला सरोवर (तलाउ) छन्, जो क्रमैले दूध, मह, उखुको रस र सुमिष्ट पानीले निरन्तर भरीभराउ भइरहेका हुन्छन् । यिनको उपभोग गर्ने गन्धर्व-यक्ष-किन्नरादि उपदेवहरूलाई स्वभावतः अनेकौं ढंगका योगका सिद्धिहरु प्राप्त हुन्छन् । यिनैमा पुनः एक-एकओटा दिव्य उपवन छन् । यिनको नाम नन्दन, चैत्ररथ, वैभ्राजक, र सर्वतोभद्र छ । यी दिव्योपवनहरूमा प्रधान देवताहरू अनेकौं सुर-सुन्दरीहरूका नायक बनेर निरन्तर उनीहरूका साथ यथेच्छ विहार गरिरहन्छन् । त्यसबेला अरू उपदेवता गन्धर्व-यक्ष-किन्नर आदि द्वारा यिनको महिमा एवं स्तुति-गानादि गरिन्छ ।

उपर्युक्त चारै वृक्षको महत्त्व

मन्दराचलको मध्यभागमा जो एघार सय योजन उँचो देवताहरूको आँपको रूख छ, त्यसबाट पहाडका टाकुरा जत्रा ठूला-ठूला र अमृतै जस्ता साह्रै मीठा फलहरू झर्दछन् । ती जब फुटेर-गलेर परलन्छन् तब तिनको रसबाट दशैदिशा सुगन्धित हुन्छन् र तिनैबाट रातो-रातो मीठो-मीठो रस बहन थाल्दछ । पछि त्यसको खोलो भएर अरूणोदा नामकी नदी बन्दछिन् । यिनै अरूणोदा नदीको आफ्नो पावनतम जल-धाराले त्यो इलावृत-वर्षको पूर्वीप्रदेश सिञ्चित पार्दछ । यिनैका जलले देवी-पार्वतीका सेविका गन्धर्वी यक्षिणी किन्नरी आदि निकै-निकै नै पवित्र हुन्छन् । यिनका शरीरको स्पर्श पाएर फैलिएको वायु त्यहाँबाट दश-दश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजन वरिपरिको प्रदेशलाई सुगन्धित र आल्हादित पार्दछ ।

त्यस्तै त्यो जामुनाको रूखबाट हात्ती जत्रा ठूला-ठूला कोयै नभएका फलहरू खस्तछन् र तल आइपुगे पछि फुट्दछन् । यिनैको रसबाट जम्बूनामकी नदी प्रकट हुन्छिन् र इलावृत वर्षको दक्षिणी भाग सिञ्चित पार्दछिन् । यिनैका दुवैपट्टि-तट प्रदेशभरका मृत्तिका (माटो) हरू त्यसैले भिजेर वायु र सूर्यको तेजले सुक्तछ र सम्पूर्ण देवलोकलाई प्रोज्ज्वल बनाउने जाम्बूनदनामको सर्वोत्तम सुवर्ण बन्दछ । यही सुवर्ण (नम्बरी सुन) देव-उपदेवहरू अ-आफ्नो तरूणी रमणी प्रियाहरूको साथै मुकुट कंकण बाजू-बाला मेखला आदि आभूषण-विभूषण बनाएर अ-आफ्नो शरीरमा पहिरन्छन् ।

त्यस्तै उपर्युक्त सुपार्श्व-पर्वतमा जो विशाल कदम्ब (कदम) को वृक्ष छ, त्यसमा तल-माथि गरेर पाँच ओटा ठूला-ठूला टोड्काहरू छन् । यिनबाट पाँचौटा मधु (मह) का धाराहरू निस्कन्छन् । यिनले इलावृत-वर्षको पश्चिमी भाग अत्यन्त सुवासित भइरहन्छ । त्यसतिरका जो जति व्यक्तिहरू यसको रसास्वादन गर्दछन्, तिनको मुखबाट निस्केको वायु आफ्नो चारैतिरको सय-सय योजन सम्म निरन्तर सुगन्धित बनाउछ ।

त्यस्तै कुमुद-पर्वतमा जो शतबल्श नामको वट (वर) को वृक्ष छ । त्यसका जटाहरू (त्यान्द्रातुन्द्री)बाट निम्नगा (तलैतिर बहने) अनेकौं नद-नदीहरू निस्किइ रहन्छन् । यी सबै चिताए अनुसारको भोग्य वस्तु दिन सक्ने छन् । विशेषतः यिनबाट दूध दही मह घिउ चाकु अन्न वस्त्र शय्या आसन र आभूषण-विभूषण आदि सकल पदार्थ पाउन सकिन्छ । यिनका धाराहरूले कुमुद-गिरि शिखरबाट बहँदै- बहँदै इलावृत-वर्षको उत्तरीभागलाई सिञ्चित गर्दछन् । यी पदार्थको उपभोग गर्नेहरूको छाला चाउरी पर्नु, कपाल फुल्नु, थकाई लाग्नु, शरीर बाट दुर्गन्ध निस्कनु, कान्ति खस्किनु, अङ्ग-प्रत्यङ्ग भाँचिनु आदि शारीरिक-कष्ट हुँदै-हुँदैनन् ।

जस्तो कमल-कर्णिकाको वरिपरि केसरै-केसर हुन्छ, ठीक त्यस्तै, यो सुमेरू-पर्वतको मूल (फेद) मा चारैतिर कुरङ्ग कुरर आदि बीसओटा अरू बडे-बडे पर्वतहरू छन् । यिनका अतिरिक्त सुमेरूको पूर्वीभागमा जठर र हेमकूट नामका दुइओटा पर्वत पर्दछन् । यी दुबै अठार-अठार योजन लम्बाई र दुइ-दुई हजार योजन चौडाईका छन् । यसैगरी पश्चिमतिर पवन र पारियात्र, दक्षिणतिर कैलास र करवीर एवं उत्तरतिर त्रिशृङ्ग र मकर नामका पर्वत पर्दछन् । यी अष्ट-पर्वत भनिन्छन् । यिनैले घेरिएको सुमेरू-पर्वत माथि भनिइदै आए जस्तो सुनै-सुनले निरन्तर झल्किरहन्छ, टल्किरहन्छ । यसै सुमेरू-पर्वतका शिखर (टाकुरा) मा भगवान्- ब्रह्माजीको सुवर्णपुरी छ । यो नगरी आकार-प्रकारमा चारैतिर समवृत्त (बराबरीको) र एक करोड योजन विस्तार (फैलावट) भएको छ । यही सर्वोच्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थान हो । यसको तलतिर पूर्व आदि आठ दिशा र उपदिशाहरूमा तिनका अधिपति इन्द्र आदि आठ लोकपालहरूका आठै-ओटा पुरी (राजधानी) पर्दछन् । यी नगरीहरू अ-आफ्ना स्वामीहरूकै अनुरूप तिनै-तिनै दिशामा रहेका छन् र परिमाणमा भने ब्रह्माका सुवर्णपुरीको चौथाईका छन् ।

गङ्गावतरण

महादानी वैदिक-विचार-धाराका दैत्य-दानव एवं असुरहरूका राजाधिराज विरोचनपुत्र बलि-राजाले आफ्नो सर्वोत्तम यज्ञमा माग्ने दरिद्र-ब्राह्मण भएर आएका ऋषिप्रवर एवं प्रजापति कश्यपकी धर्मपत्नी अदितिका गर्भबाट जन्मिएका साक्षात् यज्ञमूर्ति वामन-देवलाई, हुन्छ, ब्राह्मणदेव ! यहाँले मागे अनुसारको तीनपाउ जमीन म अवश्य दान गर्छु, लौ अब आफ्नो पाउले भेटे सम्मको पृथ्वीको भाग के-के कहाँ-कहाँ नाप्नु पर्छ, नापेर लिनु, भनेपछि आफ्नो पाउको विस्तार (फैलावट) देखाउने भगवान् वामनदेवको बायाँ श्रीचरणको बूढी औंलाको नङले छुँदैमा ब्रह्माण्ड-कटाहको माथिल्लो भागमा प्वाल प-यो र त्यसै छिद्रबाट यौटा पावनतम जलस्रोत निस्कियो । अन्तमा त्यसैले अनन्त विश्वब्रह्माण्ड-व्यापक भगवान् वामनको श्रीचरण प्रक्षालन ग-यो । यसैबेला यो घटनाले तीनछक्क परेका राजा-बलिले आफ्नी धर्मपत्नी देवी-विन्ध्यावलीको साथै भगवान्को श्रीचरणको दर्शन-स्पर्शन- पूजनादि गर्दा पादप्रक्षालनपूर्वक सिन्दूर अबीर केसर आदि विविध रंगले त्यो जलधारा राते भयो र साह्रै पवित्र बन्दै प्रवाहित हुँदै गयो । यसबेला त्यसको नामै (भगवत्पदी) रह्यो । त्यही धारा पछि, निकै पछि, स्वर्गको माथिल्लो भागमा रहेको ध्रुवलोकमा आइपुग्यो । यहाँ आइ पुगेपछि, यसको नामै बदलिएर विष्णुपदी भनिन लाग्यो । यहाँ त्यस्ता महाभागवत ध्रुवले यो हाम्रा कुलदेवताको श्रीचरणोदक हो भनेर शिर चढाउने गर्दछन् । त्यसपछि यही जलधारालाई सप्तर्षिगण "यो हाम्रो तपस्याको परम-सिद्धिको चरम-फल हो" भनेर अ-आफ्नो जटाजूट भरी पारिरहन्छन् । तदनन्तर आकाश-गङ्गा नाम लिएको त्यो जलधारा करोडौं-करोड देवयान (विमान)ले भरिएको आकाशमा उत्रेर चन्द्रमण्डललाई समेत आप्लावित पार्दै सुमेरू-गिरिको माथिल्लो भागमा अवस्थित ब्रह्मलोकमा खस्तछ ।

गङ्गादेवीको चार रूप (धारा)

हेरि ! यी ब्रह्माण्डपवित्र-कारिणी देवी-गङ्गा यहाँ आइ पुगे पछि आफ्नो त्यस्तो एकमात्र जलधारालाई चार धाराको बनाउछिन् र चारै नाम लिन्छिन् । सीता, अलकनन्दा, चक्षु र भद्रा । तदनन्तर चारैतिर बहन थाल्दछिन् । पछि आफैसंग मिल्न आउने ठ-ठाउका सारा नद-नदी-नालाहरूलाई समेत आफैमा मिलाई आफ्ना प्रिय-समुद्रसँगै मिल्न पुग्दछिन् । ती चारधारा मध्यकी एक धारा बनेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवी-सीता चाँहि त्यो ब्रह्मलोक बाट तल झरेर केसराचलको सर्वोच्च शिखरको बाटो लिँदै तल झर्दै गन्धमादन-पर्वतको थाप्लोमा खस्छिन् र भद्राश्व-वर्षलाई आप्लावित गरी पूर्वतिरको क्षार-समुद्रमा मिल्दछिन् ।

यसै गरी चक्षुनामको गङ्गाको धारा माल्यवान्-पर्वतको शिखरमा पुगेर वहाँबाट बेरोकटोक केतुमाल-वर्षभरी बहँदै पश्चिमतिर बाट समुद्रमा मिल्दछ । त्यस्तै गरी देवी-भद्रा मेरूपर्वतको शिखरबाट उत्तरतिर पुग्दछिन् र यौटाबाट अर्को पर्वत हुँदै उत्तरतिर शृङ्गवान्‌को टाकुराबाट खसेर उत्तर-कुरू-देश भएर उत्तरतिरै बहँदै समुद्रैसंग मिल्न पुग्दछिन् । देवी-अलकनन्दा चाँहि ब्रह्मलोकबाट दक्षिणतिर खसेर अनेकौं गिरि-शिखर नाघ्दै-नाघ्दै हेमकूट-पर्वतमा आइ पुग्छिन् । त्यहाँबाट यी देवी-अलकानन्दा तीव्रगतिले हिमालयका अग्ला-अग्ला डाँडा-काँडा छिचोल्दै भारत-वर्षमा आइपुग्छिन् र यसका निकै क्षेत्र र प्रान्तहरूलाई आफ्नो सिञ्चनले निरन्तर उर्वरा बनाई दक्षिणतिरबाट सागर (गङ्गासागर) मै मिल्न पुग्दछिन् । यिनको प्रवाहमा स्नान-ध्यान गर्न पाँउनु पनि हामी यतातिरका कतिपय धर्मभीरू हिन्दूहरूलाई साह्रै ठूलो सौभाग्योदय भए जस्तो मान्नु पर्दछ । तर सकिन्न, कारण दरिद्रता नै छ ।

देवताहरूको स्पृहा (चाहना)

तथासंस्तुत जम्बूद्वीपका एकमात्र सम्राट् आग्नीध्र-राजाले आफ्ना नवै छोरा-हरूलाई जसको नाम नाभि, किम्पुरूष, हरिवर्ष, इलावृत, हिरण्मय, कुरू, रम्यक, भद्राश्व, केतुमाल थियो, ठीक यस्तै नाम राखी वर्ष भनिनेमात्र उपनाम थपी, अंशबण्डा गरिदिएका थिए । तदनन्तर यी नवै राजाहरूले पनि अ-आफ्नो नामबाट वर्षको नाम प्रचलित गराई जम्बूद्वीपका खण्ड-खण्डमा शासन चलाउन लागे । यी वर्षहरूमा माथि भनिंदै आएझैं भारतवर्ष नै सर्वश्रेष्ठ कर्मभूमि हो र यसको महत्त्व एवं गौरवको प्रशंसा स्वर्गादिलोक-निवासी देवताहरू पनि मुक्तकण्ठले यसरी गर्ने गर्दछन् ।

अहो ! अमीषां किमकारि शोभनं प्रसन्न एषां स्विदुत स्वयं हरिः ।
यैर्जन्मलब्धं नृषु भारताजिरे मुकुन्दसेवोपयिकं स्पृहा हि नः ।। भा .५.२१

यसै भारतवर्षको उत्तरी-प्रदेशमा स्वयं परात्मा नर-नारायणको रूप लिएर तपस्याचरणमा निरन्तर संलग्न होइबक्सिन्छ । वहाँको महत्त्व जाने-बुझेका स्वयं देवर्षि-नारदजी चारै वर्ण र चारै आश्रमका श्रद्धा-निष्ठावान् भारतवर्षीय-जनता साथै यसरी उहाँको आराधना-उपासना गर्नु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्तद्वर्षीय विभिन्न-रूपका भगवान्‌को आराधना

जम्बूद्वीपको माथि-माथि भनिंदै आएका खण्ड-खण्ड (वर्ष) हरूमा विभक्त तत्तद्वर्षहरूमा साक्षात् परब्रह्म-परमात्मा तत्तद्वर्षभरीका नर-नारीहरूको सार्वत्रिक हित-भलो गरिदिने भएर अनेकौं रूपमा आफ्नो स्थायी-आवास बनाएर विराजमान होइबक्सिन्छ । ती वर्षमध्यको इलावृत-वर्षमा स्वयं भवानीपति भगवान् भव (श्रीशंकर) केवल आफैं यौटैमात्र पुरूष भएर राजहुन्छ । अनेकौं सेविकाहरू (केवल स्त्रीजातिमात्र) उहांका साथ रहन्छन् । यसरी त्यस इलावृत-वर्षमा राज भएर भगवान् लोकशंकर परमपुरूष-परमात्माको वासुदेव, प्रद्युम्न, अनिरूद्ध, एवं संकर्षण-नामक यो चतुर्व्यूह-मूर्ति मध्यको संकर्षणनामको आफ्नो कारण-रूप तमःप्रधान चौथो मूर्ति (रूप) को ध्यान-स्थित मनोमय श्रीविग्रहको रूपमा चिन्तन गरि बक्सिन्छ र निम्नांकित महामन्त्रको उच्चारण गर्दै यसरी एघारओटा भकार भएको पद्य (श्लोक) ले स्तुति गरिबक्सिन्छ । ॐ नमो भगवते महापुरूषाय सर्वगुणसंख्यानायाऽनन्तायाऽव्यक्ताय नम इति ।

भजे भजन्याऽरणपादपंकजं भगस्य कृत्स्नस्य परं परायणम् ।
भक्तेष्वलं भावितभूतभावनं भवापहं त्वा भवभावमीश्वरम् ॥

यसै गरी भद्राश्ववर्षमा धर्मपुत्र भद्रश्रवा र उनका प्रधान-प्रधान सेवक भगवान् वासुदेवको हयग्रीव नामक धर्ममय प्रिय-मूर्तिको ज्यादै श्रद्धा र निष्ठावान् भएर हृदयमा संस्थापित गर्दै निम्नांकित मन्त्र जपेर यसरी स्तुति गर्दछन् ।

ॐ नमो भगवते धर्मायाऽऽत्मविशोधनाय नम इति

हरिवर्षमा भगवान् नृसिंहरूपले राज हुन्छ । प्रभुको त्यो प्रियरूपको आराधना-उपासना महाभागवत प्रल्हाद त्यो वर्षका पुरूषहरूका साथै निष्काम-भक्तियोगद्वारा गर्नु हुन्छ र यो महामन्त्र जप्नु हुन्छ ।

ॐ नमो भगवते नरसिंहाय नमस्तेजस्तेजसे आविराविर्भव वज्रनख वज्रदंष्ट्र कर्माशयान् रन्धय, रन्धय, तमो ग्रस, ग्रस ॐ स्वाहा । अभयमभयमात्मनि, भूयिष्ठाः ॐ क्ष्रौम् ।

केतुमाल-वर्षमा भगवान् कामदेवको रूपले राजहुन्छ र उहांलाई साक्षात् रमादेवी आफ्ना समस्त वर्षपुरूष सेवक-सेविकाहरूका साथै आराधना-उपासना गर्दै यस्तो मन्त्र जप गर्नु हुन्छ ।

ॐ ह्रां ह्रीं ह्रूं नमो भगवते हृषीकेशाय । इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रम्यक-वर्षमा राजराजेश्वर सत्यव्रत जो पछि वैवश्वत मनु भए, आफ्ना सेवक वर्ष-पुरूषहरूका साथै ठूलो भक्तियोगपूर्वक आफूमाथि अतुल-कृपा गर्ने महामत्स्यको आराधना गर्दै यस्तो महामन्त्र जप्नु हुन्छ ।

ॐ नमो भगवते मुख्यतमाय नमः सत्वाय प्राणायौजसे सहसे बलाय महामत्स्याय नम इति ।

हिरण्यमय-वर्षमा कूर्म (कछुवा)रूप धारण गर्ने भगवान् यो वर्ष देवताको रूपमा राज हुन्छ । त्यहांका निवासी जनता सँगै पितृराज श्री अर्यमा भगवान्‌को त्यो प्रियरूपको आराधना-उपासना गर्दछन् र यो मन्त्रको जप गर्दछन् ।

ॐ नमो भगवते अकूपाराय सर्वसत्वगुणविशेषणायानुपलक्षितस्थानाय नमो वर्ष्मणे नमो नमो भूम्ने नमो नमोऽवस्थानाय नमस्ते ।

उत्तरकुरू-वर्षमा यज्ञरूपमय भगवान् वराहरूप-धारण गरेर राज हुन्छ । त्यहांका पुरूषहरूका साथै देवी-धरा वसुन्धरा माता अविचल भाव-भक्तिले उहांको आराधना-उपासना गर्दै यो मन्त्र-जप गर्दछिन् ।

ॐ नमो भगवते मन्त्रतत्त्वलिङ्गाय यज्ञक्रतवे महाध्वरावयवाय महापुरुषाय नमः कर्मशुक्लाय त्रियुगाय नमस्ते ।

किम्पुरूष-वर्षमा देवी-सीता र भाई-लक्ष्मण साथका भगवान् रामलाई परम-भागवत हनुमान् किम्पुरूष-वर्षका जनता सँगै निश्चल-भक्तिले आराधना गर्दै यो मन्त्र जप्तछन् ।

ॐ नमो भगवत उत्तमश्लोकाय नम आर्यलक्षणव्रताय नम उपशिक्षितात्मन उपासितलोकाय नमः । साधुवादनिकषणाय नमो ब्रह्मण्यदेवाय महाराजाय नमः ।।

उपर्युक्त नवैओटा वर्षले परिपूर्ण यो जम्बूद्वीपको पनि अरू आठ-ओटा उपद्वीप बनेका छन् भन्ने विद्वान्‌हरू निकै छन् । तिनको संस्कृत-नाम स्वर्णप्रस्थ, चन्द्रशुक्ल, आवर्तन, रमणक, मन्दर, पाञ्चजन्य, सिंहल, हरिण, लंका आदि हुन् । यसो भन्नुमा भनाईको आधार यो छ कि, सगरराजाका साठीहजार छोराहरूले आफ्नो यज्ञको चोरी भएको घोडा खोज्न जांदा चारैतिर बाट पृथ्वी खन्दा-खन्दा बनेका हुन् । यिनै भारतीय साना-ठूला उपमहाद्वीपहरूलाई आजकलको प्रचलित भाषामा श्रीलंका, जावा, सुमात्रा, थाइलैण्ड, इण्डोनेशिया, वर्मा, सिङ्गापुर र वालीद्वीप हुन् भन्दछन् । यसरी जम्बूद्वीपको अन्तर्गत भारतवर्षको र त्यसका अधिष्ठाता वर्ष-देवता तथा जनताको पनि संक्षेपतः यथार्थ-तथ्यको वर्णन पाठकवर्गको अगाडि राखियो । अब यसै गरी खगोलको स्वरूप पनि त्यस्तै दृष्टिले हेर्दै जाऔं । के कस्तो रहेछ र छन् ? पहिले अरू छओटै द्वीपहरूको रीति-स्थिति हेरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वीपान्तरहरू

तथासंस्तुत एवं वर्णित जम्बूद्वीपका अतिरिक्त, छओटा अरू द्वीपहरू छन् । ती सबैको संक्षिप्त वर्णन यस्तो छ । जसरी सुमेरूपर्वत जम्बूद्वीपले घेरिएको छ । त्यै ठीक, त्यो जम्बूद्वीपलाई पनि क्षार-समुद्रले र त्यस्तै क्षार-समुद्रलाई पनि आफूभन्दा दुगुणा-बढीको प्लक्ष-द्वीपले घेरेको छ । यहां योटा सुमहान् सुवर्णमय प्लक्ष (पाखरी)को वृक्ष छ । यसैले यसलाई 'प्लक्षद्वीप' भन्दछन् । यहांका द्वीपाधिपति प्रियव्रतका सुपुत्र इध्मजिह्व सर्वप्रथम थिए । यहांका वर्ष (खण्ड) सातैओटा मानिन्छन् । वर्षपर्वत र नदीहरू पनि सातैओटा छन् । यहांका सारा जनता सूर्योपासक छन् । यो प्लक्षद्वीप पनि आफैं जस्तो विस्तार भएको इक्षुरसको समुद्रले घेरिएको छ । यसको अगाडि शाल्मली (शिशौ)को वृक्ष छ । यसैले यसको नाम त्यही रहेको हो । यसको पनि सातैओटा वर्ष(खण्ड) छन् र सातै वर्षपर्वत एवं सातै नदी छन् । यहांका राष्ट्रदेवता सोम (चन्द्र) मानिन्छन् । जनता तिनैको आराधना गर्दछन् । त्यस्तै सुरोद-समुद्रको अगाडि त्यसभन्दा दुगुना आकार-प्रकारको कुशद्वीप छ । माथि भनिएका द्वीपहरू जस्तै यो पनि आफ्नै विस्तार भएको घृत-समुद्रले घेरिएको छ। यहां कुशै-कुशको भाडी छ । त्यसैले यसको नाम कुशद्वीप रहेको हो। यहां पनि सातै वर्षपर्वत र सातै नदीहरू छन् । यहांका राष्ट्रदेव अग्नि मानिन्छन् । जनता यिनैका आराधक छन् । त्यसपछि घृत-समुद्र र त्यसको परिमाण भन्दा द्विगुणा बढीको क्रौञ्चद्वीप पर्दछ । यो पनि आफ्नै जत्रो परिमाण भएको दुधको समुद्रले घेरिएको छ । यहां क्रौञ्चनामको ज्यादै विशाल पर्वत छ । त्यसैले यसको नाम नै क्रौञ्चद्वीप रहेको हो । यहांपनि सातै वर्षपर्वत र सातै नदी छन् । यहांका वर्षपुरुषहरू (आपो देवता) जलका देवताको उपासना गर्दछन् । त्यस्तै क्षीर-समुद्रको अगाडि बत्तीस लाख योजन विस्तार भएको शाकद्वीप छ । यो पनि आफ्नै जत्रो परिमाण भएको तक्र (मही)को समुद्रले घेरिएको छ । यहीं शाकनामको योटा बडेमाको वृक्ष छ । यसैले द्वीपको नाम नै शाकद्वीप रहेको हो । यहां पनि सातै पर्वत र नदी छन् । यस द्वीपका देवता वायु छन् र त्यस द्वीपभरीका जनता यिनैको आराधना गर्दछन् । त्यसको अगाडि पुष्करद्वीप पर्दछ । यो चारैतिर बाट आफूभन्दा दुगुना विस्तार भएको मीठो जलको समुद्रले घेरिएको छ । यहां योटा आगाको रांको जस्तो हर-हरांउदो सुवर्णमय लाखौं पात भएको योटा विशाल कमल छ । जो साक्षात् ब्रह्माजीको आसन मानिन्छ । यसै द्वीपको मध्यभागमा पूर्व र पश्चिम छुट्याउने मानसोत्तर नामको दशहजार योजन अग्लो र त्यत्तिकै फैलिएको विशाल पर्वत छ । यसभन्दा माथि चारै दिशामा इन्द्रादि-लोकपालहरूका चारै पुरी (लोक) छन् । यसै पर्वतको चतुर्दिक् श्रीसूर्यका रथको संवत्सरात्मक चक्र (पाङ्ग्रो) देवताहरूको दिन-रात अर्थात् उत्तरायण र दक्षिणायनको क्रमले निरन्तर घुमि-रहन्छ । यहांका निवासीहरू परब्रह्ममूर्तिकै आराधना गर्दछन् र यो मन्त्र पढ्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्तत्कर्ममयं लिङ्गं ब्रह्मलिङ्गं जनोऽर्चयत् ।
एकान्तमद्वयं शान्तं तस्मै भगवते नमः ।।

त्यसको अगाडि लोकालोक-पर्वत पर्दछ । यो पर्वत सबैतिर सूर्य आदि ग्रहहरूको प्रकाशद्वारा प्रकाशित र अप्रकाशित प्रदेशहरूका बीचमा तिनीहरूलाई छुट्याउन रहेको हो । यसैले सीमा बांध्दछ । सुमेरूपर्वत देखि मानसोत्तर पर्वत सम्म जति फरक छ, दूरता छ, त्यति सम्मकी पृथ्वी शुद्धोदककी छन् । त्यसभन्दा परकी धरा-माता सम्पूर्ण सुवर्णमयी छन् । यो स्थानलाई सृष्टिकर्ताले स्वर्ग, मर्त्य, पाताल यी तीनै लोक बाहिर चारैतिर सीमारूपमा स्थापित गरेका (राखेका) हुन् । यो यत्ति अग्लो र लामो छ कि, यसलाई एकातिर बाट प्रकाशित पार्ने श्रीसूर्यादि ज्योतिष्तत्त्व देखि लिएर ध्रुवलोक सम्मका ज्योतिर्मण्डलका किरणहरू अर्कोतिर पुग्ने सक्तैनन् । भूगोलका पूर्वीय-विद्वान्हरूले प्रमाण, लक्षण र स्थिति अनुसार यो सारा भुवनतल अर्थात् लोकमण्डलको विस्तार यत्ति नै हो भनेर ठह-याएका छन् ।यो सारा भूमण्डल जम्बा पचास करोड योजनको छ । यसको साढे बाह्र करोड योजन विस्तार भएको यसै भूमण्डलको माथिल्लो तहमा संस्थित सृष्टिकर्ता ब्रह्माजीले सारा लोकालोकको स्थिति धान्न, ऋषभ, पुष्करचूड, वामन र अपराजित नामका यी चारोटा गजराज अर्थात् दिग्गजहरू संस्थापित गरेका छन् । यहां अरू कुनै पनि संसारी साधारण-पुरुषहरू पुग्ने सक्तैनन् । केवल महायोगीहरूको मात्र गति छ । श्री सूर्य यो अचेतन खण्ड (ब्रह्माण्डमा) वैराजरूपले व्यापकता लिएर निरन्तर विराजमान छन् । यसैकारण यसलाई मार्तण्ड भनेको हो । यी सब खण्ड-खाद्यले गर्दा माथि-माथि भनिंदै आएभैँ यसैलाई "हिरण्यगर्भ" भन्दछन् ।

संक्षिप्त खगोल-वर्णनमा ग्रहहरूको स्थिति

भूगोलको परिमाण माथि देखांउदै आए ठीक खगोलको पनि त्यस्तै परिमाण छ। सम्झने कुरा हो - भटमास र केराउका गेडाको ठीक दुइ फल्ल्यांटा भए जस्तो त्यो भूगोल र यो खगोल पनि एक-एक फल्ल्याटा गरी दुई भाग (खण्ड) मा बांडिएको छ। यी दुबैका बीचमा अन्तरिक्ष-लोक पर्दछ । यही नै ती दुबैको सन्धिस्थान हो । यिनैका बीचका सूर्य-नारायण आफ्नो प्रकाशले स्वर्ग, मर्त्य र पाताल यी तिनै लोकलाई प्रकाशित पार्दछन् । उत्तरायण, दक्षिणायन र मेषविषुवत् एवं तुला-विषुवत् नाम लिएका क्रमपूर्वकका मन्द, शीघ्र र समान-गतिले दिन तथा रातलाई छोटो-लामो र बराबरीको पार्ने यिनै सूर्य नारायणको गति हो । श्री सूर्यको वेदमय यो एक पाङ्ग्रे रथ पूर्व दक्षिण पश्चिम र उत्तर चारै दिशामा निरन्तर घुमिरहन्छ । कुमालेको चक्र घुम्दा त्यसमा टिकेर बसेका कमिला-समिलाहरूको स्थिति र गति जस्तो हुन्छ, त्यस्तै सुमेरूपर्वत र ज्योतिश्चक्र (ध्रुवलोक अथवा शिशुमारचक्र) लाई दाहिने पारेर प्रदक्षिणा गर्ने सूर्य आदि ग्रहहरूको हुंदैन । कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के छ त भने ? काल(समय) को भिन्नता (हेराफेरी) ले भिन्न-भिन्न राशि र ग्रह-नक्षत्रादिमा अवस्थित देखा पर्दछ । फेरि यी कहिलेकाँहि वक्र-गतिले हिँडछन् । कालात्मा भगवान् आदि-नारायणले लोककल्याण र आत्मशुद्धिको लागि आफ्नो वेद(ज्ञान) मय विराट्स्वरूप लाई काल (समय) को बाह्र महिनामा विभक्त गरेर वसन्त आदि छ ऋतुमा तिनको यथायोग्य गुणादिको विधान (नियम-उपनियमादि) बनाएका छन् । त्यसैले यस्तो भइरहन्छ ।

चन्द्रमा सूर्य भन्दा एक लाख योजन माथि छन् । यिनको गति साह्रै चाँडो छ । यसैकारण यी अरू ग्रहहरू भन्दा साह्रै चाँडो दौडन्छन् । सूर्यको वर्षदिनको भ्रमण-मार्ग एक महिनामा र एक महिनाको बाटो सवा दुई दिनमा तथा एक पक्षको बाटो एकैदिनमा काटिदिन्छन् । कृष्णपक्षमा आफ्नो क्षीण-कलाले पितृगणको र शुक्ल-पक्षमा आफ्नो बढ्दो कलाले देवताहरूको दिन-रातको विभाग गराँउछन् । यिनका पूर्ण कला जम्बा सोह्रैओटा छन् र तिनैले संयुक्त मनोमय, अन्नमय र अमृतमय हुँदा-हुँदै सम्पूर्ण प्राणीमात्रको परिपोषण गर्दछन् । यसैले यिनलाई सर्वमय भन्दछन् । यिनीदेखि तीन लाख योजन माथि अभिजित् साथैका अठ्ठाइस नक्षत्र छन् । कालात्मा भगवान्ले यिनलाई कालचक्रमा संस्थापित गरेका हुन् । अतः यिनीहरू सबै त्यही सुमेरुपर्वतलाई दाहिने पारेर निरन्तर भ्रमणशील छन् । यिनीहरू भन्दा दुइ लाख योजन माथि शुक्र ग्रह छन् । यी सूर्यका गतिको अनुसरण गर्दछन् । जस्तो राम त्यस्तै श्याम, भनेझैं बुध पनि शुक्र-गतिका ठीक छन् । मङ्गल ग्रह भने यिनीहरू भन्दा दुई लाख योजन माथि छन् । यदि यिनी डेढो-मेढो भएर हिँडेनन् भने एक-एक राशिलाई तीन-तीन पक्षमा काट्तै हिंड्छन् । यो स्थानभन्दा धेरै माथि बृहस्पति छन् । यी पनि वक्र गति लिएनन् र सोझै आफ्नो बाटो हिँडिरहे भने एक-एक वर्षमा योटा राशि भोग्दछन् । बृहस्पति भन्दा दुई लाख योजन माथि शनैश्चर छन् । यी सबै ग्रह भन्दा एघार लाख योजन माथि कश्यपादि-सप्तर्षि देखा पर्दछन् । कालात्मा भगवान् विष्णुको परमपद "ध्रुवलोक" को यिनीहरूद्वारा निरन्तर प्रदक्षिणा भइरहन्छ र संसारी प्राणीमात्रको हित-भलो चिताइ रहिन्छ ।

ध्रुवलोक

यी सप्तर्षिहरूको पूर्वोक्त स्थान भन्दा तेरह लाख योजन माथि ध्रुवलोक पर्दछ। यहाँ भगवान्का परमभक्त उत्तानपाद-महाराजका सुपुत्र ध्रुव रहन्छन् । जसको जीवनचरित्र माथि बखानियो । यही स्थान भगवान्को परमपद मानिन्छ । कश्यप आदि प्रजापति र धर्म-प्रभृति महापुरुष यसैको श्रद्धा-भक्तिपूर्वक प्रदक्षिणा गर्दछन् । यो ज्योतिश्चक्रको परमोत्तम स्थान नै कल्पपर्यन्त (प्रलय नभए सम्म) टिक्ने विश्व-ब्रह्माण्डको मुख्य आधार स्थान हो । भनौं कि ? मिही (दाँई गरिने गोरुहरू घुम्ने ठाँउ) जस्तै मुख्य टेको हो । यसैलाई समस्त सूर्यादि ग्रह र अरू नक्षत्रहरू निरन्तर प्रदक्षिणा गरि रहन्छन् । पृथ्वी घुम्दिनन्, यसैले यिनको नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अचला, एकनासे स्थिर) भनिएको हो । तस्मात् पृथ्वी घुम्दछिन् भन्ने पाश्चात्य-सिद्धान्तका विद्वान्हरूसँग हामी पूर्वीय यस्तो-सिद्धान्तमा टिक्ने व्यक्तिहरूको सिद्धान्त मिल्दैन । यदि पृथ्वी आधा मिनेटको निम्ति मात्र पनि घुमिन् भने तिनमा टिक्ने हामीहरूको के गति होला ? हामीले भोगि आएकै हौं कि वि.सं. १९९० सालमा झण्डै दुई मिनट सम्म पृथ्वी घुम्दा अर्थात् भुईंचालो जाँदा कहाँ-कहाँ के-के चाला भयो ? पृथ्वी फाटेर पानीका ठूला-ठूला स्रोतहरू निस्के, समुद्र उर्लिन सम्म उर्लिएर के के ग-यो ? भएका द्वीपका द्वीप भासिएर मासिए । त्यस्तै हुँदै नभएका ठाउँमा द्वीपका द्वीप उब्जिए । भोगेकै हो, सुनेकै छौं । अनि कसरी पृथ्वी घुमिरहने ? तस्मात् पूर्वीय सिद्धान्त अनुसार पृथ्वीको अर्को नाम नै स्थिरा हो, जो सधैं स्थिर रहन्छिन् ।

राहु आदिको स्थिति

सूर्यको दस हजार योजन तलतिर राहु जस्ता अरू ग्रहहरू घुम्दछन् । यो राहुले भगवान्कै कृपाले केही अंशमा देवत्व र ग्रहत्व प्राप्त गरेको हो । चन्द्रमण्डलको विस्तार बाह्र हजारको छ भने यसको तेह्र हजार योजनको छ । समुद्रमन्थन बाट निस्केको अमृतपान गर्ने बेलामा यो राहु देवताको पंक्ति (लहर) मा सूर्य र चन्द्रको बीचमा आएर बस्यो । यसैबेला ती दुबैले त्यसको छिद्र पाएर भेद (पोल) खोलिदिए । यसैकारण ती दुबै चन्द्र-सूर्य माथि चर्को वैरभाव राख्दै पूर्णिमा र अमावास्याको दिन त्यो राहु ती दुबै माथि झम्टन पुग्दछ । यो देखेर भगवान्ले तिनको रक्षार्थ मध्यभागमा आफ्नो चक्र-सुदर्शन राखिदिइ बक्सियो । अनि राहु त्यसको तेजले पराभूत भएर केही बेर मात्र ती दुबैको अगाडि परेर फर्किन्छ । हामी यसैबेलालाई ग्रहण लाग्यो भन्दछौं ।

अन्तरिक्ष

राहु भन्दा दश हजार योजन तल सिद्ध, चारण, गन्धर्व, यक्ष, विद्याधर आदिको निवासस्थान छ । यिनको तल जहाँ सम्म वायुको गति छ । मेघमाला डम्म भएको देखिन्छ, त्यो सारा अन्तरिक्ष-लोक भनिन्छ । यही राक्षस पिशाच भूत-प्रेत आदिको विहारस्थल मानिन्छ । त्यस भन्दा तल ठ्याक्कै एक सय योजनमा यो पृथ्वी-तल छ । जहाँ सम्म गरुड हंस बाज-गिद्ध आदि प्रधान-प्रधान पक्षी उड्न सक्छन् त्यहाँ सम्म यसको सीमा (साँध) छ ।

भूगर्भका सात लोक

यस पृथ्वीतलको पनि गर्भमा यी सात लोक छन् । अतल, वितल, सुतल, तलातल, महातल, रसातल, पाताल । हिजोआज प्रचलित वाक्यावलीमा भनौं भने यी लोकहरू अतिशय विकसित र भोग-विलासका साधनभूत अत्यन्त समृद्ध छन् । यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूगर्भका विल (लोक)हरूमा मायावी मयदानवले आसुरी शक्तिको उच्चताले बनाएका भौतिक-पदार्थमा निकै नै मजा आउने, उच्च देखिने, भोगपरक नगरीहरू सुशोभित भएर रहेका छन् । यिनैमा अनेकौं महाप्रभावशाली आधुनिक महापुरुष भनाउदाहरूको निवास छ ।

भगवान् अनन्त संकर्षण

यसको ठीक तीस हजार योजन तल अनन्त-नामले सुप्रसिद्ध भगवान्की तामसी नामकी कला छ । यो अहंकार रूपकी भएकाले द्रष्टा र दृश्य आफैंमा खिंचेर यौटै बनाइ दिन्छे । यसैले पाञ्चरात्र-आगमका अनुयायीहरू यही कलालाई संकर्षण भन्दछन् । यी अनन्त-भगवान्को एक हजार शिर छन् । यसैले यी महाप्रभुलाई वेदले -

सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।
स भूमिं सर्वतः स्पृत्वाऽत्यतिष्ठद् दशाङ्गुलम् ।।

इत्यादि भनेको हो । विशेषतः यिनको महत्त्व वर्णन गर्न ठूला-ठूला महायोगीहरू पनि अपूर्णै हुन्छन् । यिनैबाट अनन्त-ब्रह्माण्डको सृष्टि, स्थिति र लय आदि हुने गर्दछन् । यत्रो सुविस्तृत विश्व-ब्रह्माण्ड यिनैका शिरको यौटा छेउमा टिकेको छ । यस्ता विश्व-ब्रह्माण्ड अनन्त संख्यामा छन् र कुन कुन चाँहि कुन कुन ठाँउमा कहाँ कहाँनेर छन् ? यो कुरा स्वयं यी महाप्रभुलाई पनि पत्तै छैन र यस्तै हेतुले स्वयं उहाँको नाम अनन्त भनिएको हो । यसरी प्रशंसित स्वयं सर्वसमर्थ महाप्रभु अनन्त-ब्रह्माण्ड निवासी समस्त प्राणीमात्रको निरन्तर कल्याण चिताएर राजभएको छ ।

नरकको स्थिति, नाम र काम

संसारमा कर्म गर्ने प्राणीहरू मध्ये जम्बा तीनथरीका व्यक्तिहरू देखिन्छन्, सात्विक, राजस र तामस । यिनको श्रद्धामा पनि ठूलो अन्तर(भिन्नता) देखिन्छ । त्यस्तै यिनका कर्मको गति पनि भिन्न-भिन्न हुन्छन् । धेरै-थोरै रूपमा भए पनि कर्म गर्ने समस्त प्राणीमात्रले आफूले गरेको कर्मको फल त्यो जस्तोसुकै राम्रो अथवा नराम्रो किन नहोस्, अवश्यमेव भोग्नै पर्दछ, ठीक "अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्" भने जस्तो । कर्मको परिणाममा जो हजारौं रूपका नारकीय-गति भोगिनु पर्नेछन् तिनको नाम, जम्बा-जम्बी अठ्ठाइसओटा ठूला-ठूला मानिन्छन् । यिनलाई तामिस्र, अन्धतामिस्र आदि भन्दछन् । यी नरकहरू त्रैलोक्य, (स्वर्ग, मर्त्य र पाताल) भित्रैका मानिन्छन् र दक्षिणातिर पृथ्वी भन्दा तल पानी भन्दा माथि रहेका छन् । यहाँ अग्निष्वात्ता आदि पितृगण छन् । यिनीहरू अ-आफ्ना वंशधरहरूको निरन्तर हित-भलो चिताइ रहन्छन् । यही नरक-लोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् सूर्यका पुत्र पितृराज यम आफ्ना सेवकहरूका साथै यसैलाई राजधानी बनाएर संयमिनी पुरी नाम राखी बस्तछन् र भगवान्‌को आज्ञा-पालनमा तत्पर रही आयु (जीवन-काल) सकिएका संसारी प्राणीहरूलाई आफ्ना दूतहरूद्वारा अगाडि ल्यांउदा उनीहरूले गरेका दुष्कर्म (पापाचरण) को ठीक-ठीक निरूपण गरी फलस्वरूप-दण्ड दिने गर्दछन् । यसै ठाँउको नाम हो नरक ।

परब्रह्म-परमात्माको स्थूलरूप

यसरी समस्त पृथ्वी, त्यसको अन्तर्गत द्वीप-द्वीपान्तर, वर्ष-नदी-पर्वत, आकाश-ज्योतिर्गण र नरक आदि लोकको वर्णन संक्षिप्तैमा भएपनि सुसम्पन्न भयो । यही नै कर्तुमकर्तुमन्यथाकर्तुं समर्थ सर्व्वोच्च शक्तिमान् परब्रह्मको तदन्तर्गत परम एवं चरम सूक्ष्म स्वरूप हो , यही नै अनन्त-ब्रह्माण्डका नायक एवं कर्ता, धर्ता र हर्ता महाप्रभुको स्थूलरूप हो र अनन्त जीवात्माहरूको एकमात्र आश्रय (आधार) स्थान हो ।

ईश्वर-सिद्धि र त्यसका प्राप्तिकोगति-विधिमा नियम-उपनियम

हिजोआजको यो वैज्ञानिक-युगमा थरि-थरिका विज्ञानको आविष्कार हुँदै रहेकोले मानव-जीवन अनेकौं सुख-सुविधाले परिपूर्ण भइरहेको भोग्दैछौं । यी भौतिक-साधनहरू प्राप्त गरेर कुनै विचारवान् व्यक्ति छ भने त्यसको मनमा स्वाभाविक-जिज्ञासा हुन सक्तछ कि ? भौतिक-क्षेत्रमा उत्तरोत्तर एउटा भन्दा अर्को अद्भूत-अद्भूत आविष्कार भइरहेको छ, के त्यस्तै हरएक मानव-जीवनको आत्मिक-कल्याणको सम्बन्धमा पनि त्यस्तो कुनै आत्मशान्तिदायक अनौठो जीवन-पद्धतिको आविष्कार भइसकेको छ ? जसले मानव-जीवनको हरएक द्विविधालाई एवं भ्रम-शंकालाई निमिट्यान्न पारिदिन सकोस् र अध्यात्म-ज्ञानको आत्मिक-महत्ताको सर्वाङ्गीण-विकास होस्, प्रत्यक्ष-दर्शन अथवा जीवात्मा द्वारा परमात्माको साक्षात्कार गर्न सकियोस् ? कस्तो राम्रो हुने थियो होला, कति सुख-शान्ति पाइने थियो होला ? यदि त्यस्तो पनि कुनै आविष्कार हुन सकेको भए ? यो सार्वत्रिक अशान्त-वातावरणको अन्योन्यमा देखिइ रहेको महत्त्वाकांक्षाले भ्रान्त रणभूमिरूप अग्निकुण्डमा उत्तप्त मानव-जीवन यी सब काम-कुराहरू यथावत् कायम राखेर यस मार्गको सत्पात्रत्व-विभूषित पथिक बन्न पनि निरन्तर तम्सेको भए र त्यस्तै कुनै न कुनै आधुनिक विज्ञानमा जस्तो आध्यात्म-ज्ञान प्राप्त गरेर स्वरूपतः सच्चिदानन्दात्मक ब्रह्मका प्राप्तिको बारेमा पनि कुनै ठोस आविष्कार गर्न सकेको भए ? जसबाट जीवनको सर्वाङ्गपूर्ण विकासको उच्चस्तरीय जीवन-पथ देखाउन मानव-वर्गको अगाडि राख्न समर्थ भएको भए ?

यसको निमित्त निम्नांकित वाक्यहरूमा सुदृष्टि दिएर साधकले तिनै कुरालाई साधन बनाएर उपर्युक्त साध्यतत्त्वलाई संयमपूर्वक सुगमरूपले प्राप्त गर्न सक्तछ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनैलाई श्रुति-स्मृतिको सार हो भन्ने शास्त्रीय-सिद्धान्त सम्झन सक्तछ । जस्तो कि मानव-जीवनको सर्वाङ्गपूर्ण आध्यात्मिक-विकासको निमित्त ज्येष्ठ र सर्वश्रेष्ठ मूलमन्त्र हो - आफ्नै आत्माप्रति आस्तिक-भावना तथा ईश्वर-सत्तामा सुदृढ-आस्था र सतत-सत्कर्म निष्ठा । अब यसैमा केही कुरा विचार गर्दै जाऔँ - जो प्रचलित भौतिकविद्या र पदार्थ-विद्याको मौलिक तत्त्वबोध बाट जान्न सकिन्छ । ती सब वस्तुको मूल-कारण परमात्मा नै हो । यो नियमले ईश्वर-सिद्धिको निमित्त ठोस युक्ति दिइएकोछ । यसैभित्र अरु सारा तर्क एवं युक्तिहरु पर्न आएका छन् । जस्तो कि उदयनाचार्यको न्यायकुसुमाञ्जलि जस्ता सैद्धान्तिक-ग्रन्थमा देखिन्छ ।

जुन संसारमा हामी बसेका छौँ, यसमा मुख्य रूपले दुवै पदार्थ छन् । यौटा त प्रतिदिन हाम्रो व्यवहारमा आँउने जगत्का यी देखिने पदार्थ (वस्तु) हरु हुन् । अर्को हो तिनको यथार्थ ज्ञान, जसबाट हामीहरु तिनको उपभोग गर्दछौं । यी दुवैको आदिकारण हो त्यही परमेश्वर, तिनको उद्गमस्रोतः, जो माथि-माथि वर्णन गर्दै आइयो । यो कुरामा कसैको पनि वाद-विवाद वा मतभेद आदि कदापि हुनै सक्तैन, अर्थात् सर्वमान्य छ कि ती ती पदार्थ एवं तिनीहरु संग सुदृढ सम्बन्ध राख्ने तिनका उत्पत्तिको यथार्थ ज्ञान । यी दुवै यो संसार-सम्बद्ध छन् । जब कि यी सबै यहीं छन् वा देखिन्छन् र भोगिन्छन् भने अवश्यमेव यो सब कुराको आविष्कार (उत्पत्ति) कुनै न कुनैबाट भएकै हो । तस्मात् त्यो मूलकारण अर्थात् आविष्कारक त्यही परमेश्वर हो, सृष्टिको आदिकालमा तत्तद्वस्तु अथवा पदार्थहरुका उद्भावक अझ यसो भनौं कि निर्माता तथा तिनको सज्ज्ञानका प्रदाता एवं त्त आदिकालीन व्यक्तिहरुको हृदयमा त्यस्तै-त्यस्तो भाव उब्जाउने प्रेरक, त्यही एकमात्र परमतत्त्व थियो । त्यसपछि मात्र गएर तत्कालीन ऋषिहरुको सत्प्रयास बाट ती सब कुराको विकास र परिष्कार हुँदै गयो । तस्मात् समस्त सृष्टि-प्रपञ्चको निर्माणमा मूलतत्त्वका अतिरिक्त ईश्वर अरुमा त्यस्तो सम्बद्ध भएका देखिँदैनन् । तथासंस्तुत ईश्वर सृष्टिको मूलभूत-पदार्थहरुमा र सृष्टि रचनमा मात्र मूल (आदि) कारण मानिन्छन् । तदनन्तर मानव-सुबुद्धि र विवेक-विज्ञान नै ईश्वरनिर्मित-भौतिक पदार्थहरुलाई अनेकौं रूप दिन समर्थ हुँदै आएका देखिन्छन् । अर्को प्रचलित उदाहरण हेरौं - गाग्रा-गाग्री, गहना-सहना बनाउनु छ भने साधक (बनाउने कुमाले अथवा सुनार) ले सर्वप्रथम माटो पानी चक्र दण्ड लौरो-धागो एवं सुन आगो औजार आदि आवश्यक सर-सामान जोर्नै पर्छ । तबमात्र गाग्रो-गाग्री गहना-सहना आदि साध्य वस्तु बनाउन सक्तछ । यी सबै कुराहरु भित्र कुमाले वा सुनार बनाउन वा नबनाउन र बनी सकेका वस्तुहरूलाई बिगार्न अथवा एकथोकको अर्कैथोक बनाउन सजिलै सक्तछ । यो सब कुराहरुभित्र आदिकारण, मूलकारण, उपादानकारण, निमित्तकारणहरु छिपेका हुन्छन् । तिनैद्वारा कार्य सिद्ध हुन्छ । ठीक त्यस्तै, यहां पनि ईश्वरको स्थिति छ । ईश्वर-सत्ताको साथै वस्तु-सत्ता स्वतः सिद्ध भइरहेको स्पष्टै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्तत्पदार्थ (वस्तु) मात्रबाट कसैलाई पनि यथार्थ-तत्त्वज्ञान प्राप्त हुनै सक्तैन, किन कि ? पदार्थमात्र जड हो । यस स्थितिमा जडपदार्थ कसरी कसैलाई त्यस्तो ज्ञान दिन समर्थ हुन्छ र ? पक्षान्तरमा यसो भनौं भने पनि कि ? कुनै पनि पदार्थ (वस्तु) देख्ने बित्तिकै देख्नेलाई तिनको बोध (ज्ञान) हुन्छ । यदि त्यस्तो भए सबैलाई स्वतः ज्ञान हुनु पर्दथ्यो । विशेषतः मनुष्यको त्यस्तो समस्त पदार्थ-मात्रको ज्ञान, नैमित्तिक हुन्छ र यो केवल त्यसैसंग सम्बद्ध रहन्छ । यी सबै कुराले पनि ज्ञानको आदिकारण एकमात्र त्यही ईश्वर हो, जो अनेक नामले संबोधित भइरहेकोछ ।

योगसूत्र १.२६ मा निम्नांकित यो सूत्र छ र त्यसमा यसो भनिएकोछ - "स पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्" अर्थ हो - संसारका पदार्थ र त्यसका ज्ञानको प्रादुर्भाव जब ईश्वरको सत्ता (विद्यमानता) लाई सिद्ध गर्छन् भने तब यो संसारको उद्भावक, नियामक, संस्थापक तथा संहारक सम्म पनि त्यही ईश्वर रहेछ भन्ने कुरा स्वतः सिद्ध भइरहकोले मान्नै पर्छ ।

पुनः आस्तिक विद्वान्हरु ती जुनसुकै धर्म-मत वा संप्रदायकै किन नहुन्, उपर्युक्त यी सब कारणले ईश्वरलाई नै दृश्य-श्रूयमाण ब्रह्माण्ड भरीका व्यक्ति अथवा पदार्थमात्रको आदिकारण मानेर जगत्कर्ता ठह-यांउदै छन् र त्यसैलाइ व्यवस्थापक एवं संहारक मान्दैछन् । यी सब कुराको यथार्थज्ञान हुनु नै मानव-जीवनको सार्थकता हो, नैष्ठिकता तथा महत्ता हो । यो पनि सबैले मानेकै छन् । यी सब कुराको यथार्थ ज्ञान, माथि त्यसरी विश्लेषित वेदराशिबाट नै प्राप्त हुन्छ र वेदै समस्त वाङ्मयतत्त्वको अपार-निधि हो । तस्मात् म पनि त्यस महत्तम-ज्ञानका प्राप्तिमा पूर्ण अधिकारी छु र मैले पनि त्यो ज्ञान प्राप्त गर्नैपर्छ भन्ने सुदृढ चेष्टा लिएर हरएक मानवले त्यसैका प्राप्तिको लागि सर्वथा प्रयत्नवान् हुनै पर्छ । यो वर्णाश्रमधर्मानुगत प्रबुद्ध मानवमात्रका अधिकार भित्रको कुरा हो ।

अर्को कुरा यो पनि छ कि "सर्व पदं हस्तिपदे निमग्नम्" भनेझैं यौटैमात्र त्यो परमात्मतत्त्वको ज्ञान भएपछि त्यसबाट सिर्जिएका र व्यवस्थित बनाइएका तथा संहृत हुने यावत्पदार्थमात्रको स्वतः बोध हुन्छ । विद्ययाऽमृतमश्नुते, ऋते ज्ञानान्न मुक्तिः , ज्ञानान्मुक्तिः, तत्त्वज्ञानान् निःश्रेयसम्, इत्यादि वैदिक-वाङ्मयका सद्वाक्यहरु बाट पनि राम्रै बोध हुन्छ कि, सांसारिक अरु विषय-वस्तुहरु भन्दा पनि उच्चतम आध्यात्मिक-ज्ञान प्राप्त गर्नु नै परमधर्म हो त्यसका निमित्तको सत्कर्माचरण चरमकर्म हो । त्यसैका प्राप्तिका निमित्तको गतिमा सुदृढ समुन्नति भर्नु हो ।

संसारमा जुनसुकै कुरामा पनि दुइ पक्ष देखिन्छन्, यौटा सत्, अर्को असत् । यिनमा अपवादरुपले कुनै-कुनैलाई छोडेर धेरैजसो विवेकी-विचारवान् व्यक्तिहरु भवाट्टै असत्तिर कुनै अवस्थामा पनि लाग्दै लाग्दैनन् । "न्यायात् पथः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रविचलन्ति पदं न धीराः" धीर एवं विवेकी पुरुषहरू न्याय-मार्ग छोडेर कुमार्गतिर पाइलै सार्दैनन्, भनेझैं यावत्-जीवन त्यसै तत्त्वप्राप्तिका निमित्त मरिमेटिरहन्छन् र गीतामा उल्लेख भएझैं "यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः" भन्ने ठान्दछन् र मान्दछन् । मनुष्यले आफ्नो आत्माको उद्धार आफैंले गर्नु पर्दछ, कहिल्यै पनि कुनै अवस्थामा पनि आफूलाई दीन-हीन सम्झनु हुँदैहुन्न । आफ्नो आत्मा नै सबै कुरा हो, सहायक बन्धु हो । यदि कुनै पनि जीवात्मा आफ्नो आत्मालाई त्यस्तो सम्झेर तदनुकूल आचरण गर्दैन भने त्यसभित्रको त्यही आत्मा त्यस (जीव)को लागि भयानक-शत्रु हुन पुग्दछ "आत्मैव रिपुरात्मनः" । यही नै महान् विचारणीय कुरा हो ।

यही आत्मामा उपर्युक्त सत्तत्त्व-परमात्माको ऐक्यमय सन्निवास छ । त्यही स्वयंप्रकाश ज्योतिष्मान् पूर्ण-परब्रह्म हो । सारा भौतिकपदार्थ मरणधर्मा छन्, नाशवान् छन् । तस्मात् यसैका प्राप्तिको निमित्त हामीले निरन्तर मरिमेट्नु पर्दछ । उपनिषद्-वाक्य हामीलाई त्यसको निमित्त सदुपदेश दिएर "चरैवेति, चरैवेति" भन्दै त्यसै गर्न, त्यस्तै हुन अभिप्रेरित गर्दछ । "असतो मा सद्गम, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय" इत्यादि, सदुपदेशगर्भक प्रार्थना गर्दैछौं ।

अन्तमा त्या टुङ्गो जस्तो परमात्माको टुङ्गो (सच्चिदानन्दरूपको स्थिति) मा पुग्न बिलकूल बुङ्गो (निरीह एवं निःस्पृह) भएर निम्नांकित वैदिकमन्त्र पढ्दै आत्म-समर्पणपूर्वक त्यसैको शरणमा परौं । यस बाहेक सांसारिक-प्रपञ्च बाट उम्किन अथवा "पुनरपि जननं पुनरपि मरणम्" को चक्रबाट छुट्न, अर्को कुनै उपाय छँदैछैन ।

यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै ।
तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ।।

सर्वप्रथम जसले ब्रह्मालाई उत्पन्न गरायो र त्यसैलाई आफ्नो समस्त रहस्यको तत्त्व (सार) भूत वेदराशिको पूर्ण बोध गरायो, त्यस्तो त्यो जीवात्माको सुबुद्धि-प्रकाशक एवं निरन्तर हृदयाकाशमा झल्झलाकार-रूपले संस्थित परब्रह्म-परमात्माको म यो समस्त सांसारिक-प्रपञ्च बाट मुक्त हूँ, (छुटकारा पाँउ) भन्ने हेतुले शरण-ग्रहण गर्दछु ।

प्रिय पाठकवृन्द ! यहां यौटा कुरा सम्झाँउने प्रयत्न गर्दछु कि, माथि पढिएका जस्ता वैदिकमन्त्रहरू साह्रै-साह्रै गूढार्थका छन् । जसभित्र यता हामीले प्रतिदिन जप्ने गायत्रीको स्वरूपै छर्लङ्गिएको पाँउछौं भने उता श्रीमद्भागवतको पैलो श्लोक "जन्माद् यस्य यतः" को समस्त आध्यात्मिक-तत्त्व-पुञ्जले पुञ्जीकृत एवं ओतःप्रोतः भइरहेको स्पष्टै देख्छौं । तस्मात् उपरिवर्णित यी सब कुरामा साह्रै स्थिरता र धीरता लिएर निरन्तर मनन-चिन्तन र अन्तमा तिनै विषय-वस्तुको बारेमा निदिध्यासन आदि गर्नुमा नै आत्मकल्याण रहेछ भन्ने पाँउछौं । यही नै स्मरणीय छ । अस्तु

इति पौराणिककाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिककाल

भूगोलमा सर्वोपरि-राष्ट्र नेपाल

प्रिय पाठकवृन्द ! साह्रै-साह्रै हर्ष एवं सौभाग्यको कुरा यही भयो कि, यसरी म सारा दृश्यादृश्य-ब्रह्माण्ड सोतल्दै, त्यसको इयत्ता आँक्तै यहाँसम्म आइ पुगें । अहिलेसम्मको यो मेरो प्रयास यसरी अत्यावश्यक काम-कुराहरूको ऐतिहासिक अन्वेषण गर्दै आफ्नो नेपाली-समाजको अगाडि राख्तै विशेषतः भारतवर्षीय-महत्ता देखाउँदै यहींसम्म आइपुग्ने थियो, जसभित्र आफ्नो राष्ट्रको समस्त विषय-वस्तुको संक्षिप्तीकरणपूर्वकको वर्णन गर्नु आदि नै पर्दछ । अब म आधुनिकतातिर लाग्दछु । आधुनिक-कालको वर्णन-प्रसंगमा विशेषतः पाठकहरूको ध्यानाकर्षण यसरी गर्दछु, कि, संसार ज्यादै ठूलो एवं सुविशाल छ । यस स्थितिमा कुनै पनि लेखक होस् वा कवि स्वयं-क्रान्तदर्शी तथा त्रिकालज्ञ नै किन नहोस्, संसारभरीको हाल-चाल लेख्न गाह्रै पर्दछ होला । तस्मात् अब म अन्ततिर नलागि ग्रन्थैतिर लाग्दछु । राष्ट्रिय रीति-स्थिति देखाँउनु नै श्रेयष्कर संझन्छु । त्यसमा पनि साह्रै संक्षेपमा । अस्तु

यसमा आफ्नो उपल्लो-तहको वैचारिक एवं विवेचक सुदृष्टि छोड्ने हो भने पूर्वावस्थाको अविभक्त नेपाल-राष्ट्रको रूप-रेखा यस्तै थियो र यस्तै हो, अझ चन्द्र-सूर्य उदाउन न छोड्नुञ्जेल यस्तै रहनेछ, भन्ने सद्भावनाले यसलाई हेर्न, नेपालीत्व सुसञ्चित गर्न, भावीसन्तति नेपाली-जनतामात्रमा सप्रेम अनुरोध गर्दछु, जुन यी निम्नांकित वाक्यावलीको हाम्रो विभक्तावस्थाको पावनतम-राष्ट्रको वार्तमानिक स्वरूपमा, रीति-स्थिति एवं सबै विषयका गति-विधिमा, व्यक्ति-परिवार र समाजमा एवं सामाजिक काम-कुरा आदिमा स्वत्वका सामञ्जस्यको औदार्य-दृष्टिले हेरी विश्वका कुनै पनि राष्ट्रको राष्ट्रियता भन्दा हाम्रो आफ्नो राष्ट्रियता सर्वथा अन्यून छ, स्वतः सार्ववैषयिक परिपूर्ण सम्पन्न छ भन्ने जानी-ठानी र मानी तदनुकूल सदाचरण गर्न, वैदिक-धर्मको प्रचार-प्रसार भर्न एवं राष्ट्र कतिपय कारणवश पूर्ण विकसित हुन नसके पनि निरन्तर गरिरहेको सत्प्रयास बाट सुविकसित पार्न तथा त्यसको संरक्षण गर्दै देशीय प्रोज्ज्वलता आफैं-आफैद्वारा निरन्तर भर्दै जाने सत्प्रेरणा प्राप्त गर्न म यो दुराग्रह रहित सदाग्रह गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतवर्षीय शिरोमुकुट नेपाल

सर्वप्रथम नेपाल-राष्ट्र आफ्नो अविभक्तावस्थामा पनि उपरिवर्णित सातै महाद्वीप जम्बू, प्लक्ष, शामली, कुश, क्रौञ्च, शाक, पुष्कर आदिको शीर्षस्थ जम्बूद्वीपको अन्तर्गत भारत एवं भारतवर्षको पनि शिरोमुकुट भइरहेको कुरा त हामी जताततैका भूगोलका रूप-रेखाभित्र देख्तै आइरहेकै छौं । यिनै सात द्वीपहरू हिजोआजको भाषामा एशिया, आष्ट्रेलिया, अफ्रिका, यूरोप, दक्षिण अमेरिका, उत्तर अमेरिका र अर्कान्टिका आदि नामले संबोधित भइरहेका छन् । यस स्थितिमा त्यही जम्बूद्वीपको नौ वर्ष (खण्ड) मध्यको भारतवर्षको पनि "भरतखण्डे" सर्वश्रेष्ठ हो भन्ने माथि देखाउँदै आएका कुरा अनुसार भारत तथा नेपालराष्ट्र अविभक्तावस्थामा जस्तो यौटै थियो, अर्थात् भारत नेपालकै अधीन थियो, कालान्तरमा गएर अनेकौं खण्ड-खाद्य बाट विभक्त हुंदा पनि नेपाल सर्वतन्त्र-स्वतन्त्र-राष्ट्र भएरै रहिरहेकैछ । अब यसको त्यस्तो महत्ता र गुरुता किन भयो र कसरी आजसम्म रह्यो ? भन्ने शंका-उपशंका कुराहरू निस्के भने तलका वाक्यहरू राम्रोसँग अध्ययन गर्दै जांदा अझ स्पष्ट छर्लंगिदै जानेछन् ।

हामी प्रतिदिन माथि भनि आएझैं संकल्प पढ्दा यसो भन्दछौं ॐ................ जम्बूद्वीपे, भारतवर्षे भरतखण्डे आर्यावर्तान्तगतहिमवत्पर्वतैकदेशे, नेपालदेशे, पाशुपत्यादिराष्ट्रदेवदेवीनां सन्निधाने स्थाने .... ग्रामे, इत्यादिवाक्यले उपर्युक्त कुरालाई नै प्रामाणिक नमानी सुखै पाँइदैन । तस्मात् हामीले हाम्रो राष्ट्रको भन्दा ज्यादै विशाल र लम्बाई चौंडाईको त्यत्रो भूभाग, वर्तमानरूपको भूभाग उपर्युक्त वैदिक-धर्मिता, आर्यत्व-सुसमृद्ध-हिन्दू-नैष्ठिकता, एवं आध्यात्मिक-ज्ञान-वैज्ञानिकता तथा उच्चशिक्षा-संस्कृतिका सदंशहरू आफ्नो भागमा राखेर अर्थात् आवश्यक परे वा मागे हाम्रो राष्ट्रको अखण्डत्ता-सार्वभौमिकता तथा सर्वतन्त्र-स्वतन्त्रता लिएर, संरक्षण, आदिमा यथोचितसम्मान-प्रदर्शनपूर्वक आवश्यक सहयोग गरी दिने एवं सार्वदेशिक हित-भलो चाँहने र त्यस्तै गर्ने, प्रण (शर्त)मा अरू सारा कुरा भारतैलाई सुम्पिदिएका थियौं । यै हो त्यसबेलाको विना कागज-कलमको सन्धिपत्र । तस्मात् त्यो एकछत्ते हाम्रो त्यस्तो राम्रो धारणा, जो अहिलेसम्म पनि हामी सारा राष्ट्रिय व्यक्ति-व्यक्तिमा एवं विभिन्न वर्ण-आश्रम-धर्मी जनतामा तथा विभिन्न जाति-जातिमा कहिल्यै नमेटिने गरी अहार्य एवं अवार्य मुद्राङ्कित भएर रहेकोछ र त्यसैमा उत्तरोत्तर सद्विचार बढ्दै आएकोछ । यसमा प्रमाण, तर्क-युक्ति एवं समुचित वक्तव्य, जे भनौं यिनै हुन् र यस्तै छन् । अझ सबभन्दा बलियो कुरो के छ भने, जो ती भारतीय सर्वसाधारण जनता सम्मले पनि मानिदै-स्वीकार गर्दै आएको तथ्यता तलका वाक्यसमूह बाट अझ छर्लङ्ग हुँदै जानेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रदेव भगवान् पशुपतिनाथ र देवी गुह्येश्वरी

सबभन्दा पहिले म नेपाल-राष्ट्रको महत्ता एवं गुरुता तथा पावनता आदि विषय-वस्तुको प्रदर्शन गराउनु भन्दा अगाडि स्थानीय परिवेश र रीति-स्थिति देखाउनु नै उपयुक्त मानेर त्यतैतिर लाग्दछु । जो यस्तो छ ....

हाम्रो नेपालको राजधानी काठमाण्डूबाट भण्डै तीन कोश जति टाढा उत्तरतिर पर्ने पर्वत-मालामध्यको सुमेरु जस्तो शिखर (डाँडो) छ, जो शिवपुरी कहिन्छ । त्यसैको अन्तर्गत गोमुखाकार यौटा रमणीय एवं सुपवित्र-स्थानलाई हामी वाग्द्वार भन्दछौं । त्यहींबाट निस्केकी यौटी निर्मल-जला नदी वाग्वती (वाग्मती) आफ्नो पावनतम जल-प्रवाहलाई दक्षिणतिर बहाउंदै विमानधावन-स्थान आइ पुग्दा नपुग्दै पश्चिमतिर लाग्दछिन् ।त्यहांबाट केही भूभाग सम्म उत्तरवाहिनी हुन्छिन् । यस स्थानदेखि अलि माथिल्लो भागमा हाम्रो राष्ट्रकी देवी-गुह्येश्वरी सतीदेवको पौराणिक व्याख्यानुसार गुह्य (मलद्वार) पतन भएको सिद्धपीठ छ, जहां देवीको निरन्तर सान्निध्य रहन्छ । यो स्थान अथवा मन्दिर भनौं साह्रै ठूलो साधना-स्थल मानिएको छ । यहां भारतवर्षीय वैदिक तथा तान्त्रिक विद्वान्हरू दूर एवं सुदूर-प्रदेशबाट आएर विशेषतः त्यस्तै-त्यस्तै विधि-विधान तथा अ-आफ्नो पद्धतिबाट देवी गुह्येश्वरीको आराधना-उपासना गरिरहेका देखिन्छन् । यस्तै छ यी परब्रह्मकी कायाकी छाया जस्ती महामाया देवी-गुह्येश्वरी (देवी-पार्वती) को महनीय महत्ता ।

अँ त ! यी नदी-वाग्वती त्यहीं केही बेर अलमलिएर सोझै पश्चिम गौरीघाट तिर लाग्दछिन् । त्यसपछि उनी आफ्नो नाम सूर्यघाट राख्तै निकै अग्ला पूर्व-पश्चिमका डांडा-कांडा छिचोल्दै केही दक्षिणतिर आइपुग्छिन् । यसबेला यिनको नाम पुनः आर्यघाट रहन्छ । यहां हाम्रा पूज्य-पूर्वज आर्यहरूको पावन-कर्माचरणको प्राचीन-महत्त्व देखांउदै दक्षिण-भागको तटप्रदेश माथिको मन्दिरभित्र संस्थित हाम्रा राष्ट्रदेव भगवान् पशुपतिनाथको श्री चरण-प्रक्षालित जलस्रोतः एवं निर्माल्यादि आफ्नो शिर (प्रवाह) माथि राखेर यद्वा आफैंमा मिलाएर त्यहीं वरपरका मृतकदाह-स्थल (चिता) बाट तलतिर आफैंमाथि निरन्तर प्रक्षिप्त शव-भस्मादिले स्वयं धवलित हुँदै अवशिष्ट-विशिष्ट अस्थिसम्म पनि साथै लिएर आफ्नो प्रवाह देवी-भागीरथी गङ्गमा मिलाँउन भारतैतिर लाग्दछिन् ।

श्लेष्मान्तक-वन

यिनै यहीं आइपुगेकी वाग्वती-नदीको उपर्युक्त पश्चिम दक्षिण एवं पूर्व-उत्तर पट्टिको र उहिलेका राजा-महाराजाहरूले चार किल्ला तोकि (बाँधी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेको क्षेत्रांशलाई नै हामी "पशुपतिक्षेत्र" भन्दछौं, मृगस्थली, किरात-दम्पत्ती-क्रीडा-स्थल आदि पवित्र नामले संबोधित गर्दछौं। यिनै जगदीश्वर भगवान् पशुपतिले स्वयं रसिक भएर देवी-पार्वती (गुह्येश्वरी) संग अनौठो मृगरूप धरेर कहिले-कहीं अद्भुतरूपका किरात-किरातीनी (भिल्ल-भिल्लीनी) बनेर विहार गरेका कुराहरू एवं यस स्थान वरपरका विषय-वस्तुहरू हाम्रा श्रीमुखले मात्र गाएका नभएर स्मृतिग्रन्थ-स्कन्दपुराण तथा शिवपुराण आदिले धेरै-धेरै अघिदेखि महत्त्व बखान्दै आएका देखिन्छन्। यिनै पौराणिक-वाक्यका आधारमा माथि भनेझैं ती दुबै भगवान्-भगवती पशुपति र देवी पार्वतीको विहार-स्थलको सीमांकन गरेर हाम्रा पूर्वजहरूले यसको नामाकरण गरेका हुन्, श्लेष्मान्तकवन एवं "पाशुपत क्षेत्र"।

विकासार्थ सुधार समिति

यसै क्षेत्रका विकास, सुधार तथा सौन्दर्यीकरणादिको मन्थर गतिमा निरन्तर उन्नति गर्दै र समुन्नति भर्दै भक्तजन-मानसमा अगाध श्रद्धा-विश्वास सुसज्चित गर्दै जान, गन्तव्यस्थलमा लान, हाम्रा राष्ट्रनायकका दम्पती-युगल निरन्तर संलग्न भइरहेको देखिन्छ, जसमा हामी जनताको सक्तो शारीरिक, बौद्धिक एवं आर्थिक सहयोग प्रत्यर्पित छ। यसैको क्रियाकलापमा सम्बद्ध भै यो लेखकले पनि त्यसको पूर्व-समितिमा प्र.अ. को पदमा रही वि.सं. २०३४ सालदेखि २०३८ सालसम्म सक्तो सेवा टक्र्याएको हो। यो नयां समितिको संस्थापन चाँहि ठीक आज वि.सं. २०४४ साल शिवरात्रीको एकवर्ष अघि यही दिन भएको हो र नाम "पाशुपत क्षेत्र विकास कोष" राखी त्यसको सार्वत्रिक संसाधन-प्रशोधन तथा परिष्करण एवं आवश्यकतानुसार तत्तत्स्थलमा नविनीकरण र पुनरुद्धार आदि गर्न आर्थिक-प्रबन्ध मिलाउन सार्वजनिक चन्दा संकलन हुँदै आएकोछ। आजसम्म संकलित द्रव्यराशिको संख्या दुई करोड दश लाख पुगेको छ भन्ने कुरा आजैको २०४४।११।५ को रेडियो प्रसारणबाट अवगत भएकोछ। अब आशा छ यस क्षेत्रको सार्वत्रिक सुधार आदि हुने नै छ। जब कि यो पावनतम सत्कर्ममा स्वयं राजदम्पती कटिबद्ध भएको देखिन्छ।

भगवन्मन्दिर

यसै पाशुपत-क्षेत्रको मध्यभागको उपर्युक्त नदीको दक्षिणतिरको केही माथिल्लो भागमा भगवान् पशुपतिनाथको सुरम्य दुइतले प्रासाद (मन्दिर) सुशोभित छ। यो मन्दिरको छानाका तामाका दुवै तलाका पातामा स्वर्ण-जल (मोलम्बा) लेपिएका छन्। यिनमाथि भगवान्-सूर्यको समुज्ज्वल किरण पर्दा ती छानाहरू टल्किएर र स्वयं ... हृदय-पटलमा आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलौकिक प्रकाश फेंकेर भित्रको अन्धकार राशिलाई नै विनष्ट पार्दैछ कि जस्तो देखिन्छ । यसै मन्दिरको वरपर, तल-माथि हाम्रो प्राचीन राष्ट्रिय प्रस्तर एवं काष्ठ-कला तथा संस्कृति-प्रदर्शक एवं भगवान्का पार्षदभूत अनेकौं देव-देवीका प्रतीक-रूपका मूर्तिहरू अंकित भएका देखिन्छन् । भगवन्मन्दिरको अग्रभागमा र मन्दिर भित्र पनि भगवान्का प्रियवाहन (नन्दी) को ठिक्क सानो र बाहिर अगाडिको मझौलो र पछाडिको सुनको मोलम्बा लगाएको सुविशाल तिनौटा नन्दीका प्रतीक मूर्तिहरू छन् ।

भगवान् पशुपतिनाथको प्रतीक-रूपको लिङ्ग-मूर्ति र पूजनक्रम

●

उपरिवर्णित परिधिको सुरम्य भगवन्मन्दिर-भित्र हाम्रा राष्ट्रदेव भगवान् शंकरको राष्ट्ररक्षक-रूपमा रहेको तलदेखि माथिसम्म झण्डै दुई अढाई हात लामो र चारैतिर गरी एक हात चौडाईको प्रस्तर (शिला) कला सुसमृद्ध-शिरोभागमा विभिन्न रूपको लिङ्गाकारको पाषाण-मूर्ति छ । यसै मूर्तिको अधोभागमा योनिका समानाकारको जलहरी छ र यसैभित्र यो लिङ्ग प्रविष्ट छ । यसैलाई हामी श्रद्धालु भक्तजन सर्वोच्च ज्योतिर्लिङ्ग मान्दछौं । भवाट्ट हेर्दा यो लिङ्गमूर्तिमा केवल चारैतिर चारैओटा श्रीमुख देख्तछौं । तिनमा पूर्वतिरको श्रीमुखको नाम हो तत्पुरूष, दक्षिणतिरको अघोर, पश्चिमपट्टिको सद्योजात र उत्तरपट्टिको वामदेव । यिनैमा वैदिक विधि-विधानानुसार प्रतिदिन पूजा गरिन्छ । त्यस्तै आम्नायवादी तान्त्रिक-विद्वान्हरू यस लिङ्गमा छ ओटा श्रीमुखको परिकल्पना गर्दछन् र क्रमशः पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय तथा उत्तराम्नाय यी चारै आम्नाय (पद्धति) ले र निकै फराकिलो विशेषतः निरन्तर केही अंशमा ज्योतिज्ज्वाला प्रकट भइरहने लिङ्गको अनुपात सदृश चौडाई भएको शिरोभागलाई ईशान-नामले अभिहित गरी ऊर्ध्वाम्नाय पद्धतिले र लिङ्गको मूल (फेद) भागलाई अधराम्नायको विधि-विधानबाट भगवान् कालाग्निरूद्रको नामोच्चारणपूर्वक आराधना-उपासना गर्ने गर्दछन् । पूजन-क्रममा निगम र आगम दुबै रूपको पद्धति प्रचलित छ ।

पूजनक्रम

●

मूर्तिको शिरोभागमा प्रतिदिन श्रीयन्त्र लेखिन्छ र महामाया आद्या-प्रकृति ललित-त्रिपुर-सुन्दरी जगन्माता महादेवीको वैदिकविधि अनुसार तान्त्रिकविधानलाई अगाडि सारी आवाहनादि साथै पूजन गरिन्छ । विशेषतः पूजा-विधिमा वैदिक-तान्त्रिक दुबै विधान प्रचलित छ, जो षोडशसूक्तात्मक र षडाम्नाय भित्रको हो । पूजकहरूमा दक्षिण-भारतका भट्टहरूकै प्राबल्य छ । यिनै सर्वप्रथम वैदिक विधानानुसार शुक्ल यजुर्वेदीय रूद्राध्याय पाठ गर्दै-गर्दै भगवान्को प्रतीकरूपको त्यो ज्योतिर्लिङ्गलाई तिनै वाग्वती नदीको पवित्र जलानयनपूर्वक स्नानार्चनादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराएर पञ्चामृतद्वारा संस्कृत र सुपरिष्कृत पारी सुवर्ण तथा मणि-रत्नादिका नाना अलंकारादिले विभूषित गराई मध्यान्होत्तर कालको पूजनार्चन-विधि समाप्त पार्दछन् । त्यसबेला शैवभक्तगणको उपस्थिति निकै संख्यामा रहेको हुन्छ । पुनः सायंकालमा आरति गरिन्छ । यस समयमा पनि भगवन्मन्दिरको भित्रिया चारै द्वारमा साह्रै निकटस्थ भएर बस्न पुगेका भक्तजनहरू अ-आफ्नो भाषामा प्रभुको स्तुति-पाठ गरि रहेका हुन्छन्, जो साह्रै-साह्रै श्रद्धा-भक्ति उत्पन्न गराउने र आल्हादक हुन्छ । यस्तै छ यसको विवरण-पूर्ण महत्त्व ।

ज्योतिर्लिङ्गको महिमा

भारतवर्षीय विभिन्न प्रान्तमा द्वादश-ज्योतिर्लिङ्ग भएको कुरा हामीलाई विशेषतः अवगत भएकैछ । परन्तु हाम्रो यहांको यो ज्योतिर्लिङ्गको महत्ता भने अनेकौं शास्त्रीय प्रमाण बाट प्रतिपादित छ र स्वतः सिद्ध छ । स्कन्दपुराणान्तर्गत केदार-खण्डमा र हिमवत्खण्डमा शिवपुराण तथा पशुपतिपुराणादिमा अन्य स्मृति-ग्रन्थहरूमा पनि यै ज्योतिर्लिङ्गको महत्त्व बखान्दै, यसैलाई प्रधानता दिंदै आएको देखिन्छ । वेदराशि यसैको महिमा गाउँदै प्रतीकरूपमा यसैलाई सर्वोत्कृष्ट मान्दै यसरी भन्दछ ....

सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।
सभूमिं सर्वतः स्पृत्वाऽत्यतिष्ठद् दशाङ्गुलम् ।।

हजारौं-हजार शिरका, हजारौं नेत्रका र हजारौं-हजार रश्मिमाला-सुशोभित त्यो ज्योतिर्मय लिङ्गान्तर्गत महापुरूष समस्त विश्व-ब्रह्माण्डलाई व्याप्त गरेर केवल दशै अङ्गुलको रूपमा व्यक्ति-वस्तु र सम्पूर्ण पदार्थहरूमा यत्र तत्र विशेषतः सर्वत्र व्याप्त भएर रहेकोछ ।

ठीक यही कण्डिकाको अर्थलाई आफ्नो वाक्यमा परिणत गरी यौटा सुप्रसिद्ध शैव-महाकवि श्री जगद्धरभट्टज्यू त्यसको त्यस्तै स्वरूप चित्रित गर्दै हामी जस्ता अधकल्चा शैव-भक्तहरूलाई उद्बोधित पार्दै भन्नुहुन्छ - हेर त बाबु हो ! त्यो तथ्य तत्त्व कस्तो रहेछ ?

सहस्रशीर्षा पुरूषः पुनातु वः सहस्रचक्षुर्भगवान् सहस्रपात् ।
गलेऽङ्घ्रिमूले नयने च निश्चलास्त्रयोऽप्यमी यं पुरूषा उपासते ।।

हजारौं शिरका भगवान् शेष यिनै अशेष एवं विशेष भगवान् महेशको नीलो कण्ठमा बसेर, हजारौं नेत्र सुसमृद्ध भगवान् देवेन्द्र जसको श्रीचरणमा बसेर र हजारौं किरण-समूहसम्पन्न भगवान् श्रीसूर्य-नारायण जुन यिनै महाप्रभुको दक्षिण नेत्रमा बसेर अर्थात् यी तीनै भगवान् शेष, भगवान् देवेन्द्र, भगवान् सूर्य-नारायण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसको निरन्तर निश्चल भएर सेवा गरिरहन्छन् त्यो ज्योतिर्लिङ्ग-स्वरूपी सच्चिदानन्दघन परमात्मतत्त्व तिमी जस्ता प्रिय भक्तहरूको हृदय सबै प्रकारले विशुद्ध बनाइ दिउन् । शुक्ल-यजुर्वेदका पांच कण्डिका "तन्मे मनः शिवसंकल्पमस्तु" यसै भनेर यिनै प्रभुको गुणगाई रहेका पाइन्छन् । तिनै प्रस्तुत निगमागमद्वारा सुपूजित अनन्त शक्ति सम्पन्न सर्वसमर्थ प्रभु नै भगवान् पशुपतिनाथ हुन् । "सर्वे जीवाः पशवस्तेषां पतिः पशुपतिः" संसारभरका जीवहरू पशु हुन्, यिनैका पति, पशुपति, साराका एकमात्र गति, जसको महत्त्व-बोधले एवं उत्कट श्रद्धा-विश्वासले जीवमात्रको यो पशुत्व छुट्तछ, जसबाट सारा प्राणी अर्थात् जगत्मात्र आबद्ध छ । वेद माथिको वाक्यमा निषेध-विधिमय सत्कर्माचरणका माध्यमले मात्र त्यो परात्मतत्त्व सजिलैसंग प्राप्त गर्न सकिन्छ, भन्दै यो कण्डिकाको अंश थप्तछ । "तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पन्था विद्यतेऽनाय" इत्यादि । सर्वतः प्रबुद्ध जीवात्मा यै तत्त्वलाई राम्रो गरी जान्न सक्तछ एवं अपमृत्यु र महामृत्यु सम्म पनि सजिलै हटाएर भवसागर-पार पुग्दछ । त्यही दश अंगुलको रूपले सर्वत्र व्याप्त भइरहेको परमात्म-तत्त्व समस्त प्राणीमात्रको शिरदेखि पैतालासम्म समानरूपले रहेको छ । पुनः जो आत्मानुभूतिको माध्यमबाट नै ऋषि-मुनि ज्ञानी-ध्यानी एवं तपस्वी-योगीहरूद्वारा अ-आफ्नो विधि-विधान एवं पद्धतिलाई नै साधन बनाएर उपासनादि गर्दा प्राप्त हुन्छ,भन्दैछन् । यही शास्त्रीय-सिद्धान्त छ । पुनः विशेषतः यही परमतत्त्व जीवमात्रमा जीवनशक्ति दिने र नित्य-सत्य, आनन्दमय विज्ञानघन एवं सर्वतन्त्र-स्वतन्त्र तथा कर्तुमकर्तुमन्यथाकर्तुं समर्थ छ र चैतन्यमय छ ।

लिङ्गोत्पत्तिको पूर्वरूप

●

एवञ्च यही ज्योतिर्मय भगवान्-पशुपतिनाथको शान्त-सौम्यरूपको लिङ्ग प्रभुको प्रतीकोपासनाको रूपमा यहीं उद्भूत (प्रकट) भएको हो भन्ने कुरा पौराणिक आख्यानादिमा प्राप्त हुन्छ, जो यस्तो छ-प्राक्कालिक प्राकृतिक-तत्त्वहरू विकृत भइसके पछि प्रलयान्त चल्ने संसाररूप रङ्गमञ्चमा नाटकको प्रदर्शनमय सृष्टि-प्रपञ्च विस्तार गर्न, तदन्तर्गत स्व-स्वसंस्कारानुगत प्रत्येक प्राणीको मनोविनोद हेर्ने अनौठो औत्सुक्यले, इच्छाले, ज्ञान-क्रिया-शक्तिले परिपूर्ण भएर हाम्रो राष्ट्रमा पशुपतिनाथका नामले ज्योतिर्लिङ्ग सर्वप्रथम त्यसबेला आविर्भूत भयो, जब सृष्टिको प्रारम्भमा जन्मांउने कमल-नाले विष्णुमा र त्यसैमा जन्मिने चारमुखे ब्रह्माजीमा अहं-ममाभिमानले निकैबेर सम्म तँ-तँ र म-म जन्मायो, अर्थात् तं भन्दा म ठूलो, होइन, तं भन्दा मै ठूलो नि, भन्दा-भन्दै "विश्वमा सर्वे-सर्वा मै मात्र हूं" भन्ने गर्व सम्म बढायो । अन्तमा दुबैमाको त्यो अनुचित अहंता तथा ममता छुटांउन, दुबैमा सामञ्जस्य ल्यांउन, यौटा तर्क नै गर्न नसकिने सत्य चैतन्यमय आनन्दातिशय-समृद्ध विशाल-ज्योतिको मुस्लो ठीक लिङ्गाकारको आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आल्हादक-प्रकाशले ती दुबै विष्णु र ब्रह्माजीलाई अभिभूत पार्दै दुबैको बीचमा प्रकट भयो । दोस्रो क्षणमा त्यसैबाट ध्वनि (आवाज) निस्कियो र स्पष्टै सुनियो कि "यो ज्योतिर्लिङ्गको आदि अथवा अन्त (छेउ वा टुप्पो) भेट, भेट्ने ठूलो हुनेछ" इत्यादि । यसै उक्तिको आधारमा छेउ-टुप्पो भेट्न यौटा तलतिर लाग्यो, अर्को मास्तिर । अन्तमा यौटा प्रपञ्चमा लाग्ने, टुप्पो भेटें भन्ने अर्थात् असत्यभाषी (ब्रह्माजी) सधैंका लागि सबै बाट नै नपुजिने (अनादृत) भयो । अर्को तलतिर जाने "सोभ्फै मेरो केही लागेन" भन्ने (विष्णु) चाहिं सधैंका लागि सबैबाट पूजिने (आदर-सम्मान पाँउने) भयो । यो हो ज्योतिर्लिङ्गको प्राकट्यको प्रामाणिक-पौराणिक आख्यान । अस्तु

तत्तदेव सः

त्यो निराकार एवं निरञ्जन ज्योतिष्तत्त्व यही हो, जो हिरण्यगर्भादिले माथि-माथि अभिहित तथा प्रतिपादित हुँदै आयो । पुनः जो तिनैकालमा अप्रतिबाधित छ, कसैले केही गरेर पनि, कसै गरे पनि, केही लछारिन्न र सर्वशक्तिमान् छ, स्वयंप्रकाश छ र सर्वोपरि छ । यही नित्य सत्य-तत्त्वको स्तुति शुक्लयजुर्वेद आफ्नो चारौं अध्यायको पाचौं कण्डिकामा यसरी गर्दछ ।

तदेजति तन्नैजति तद्दूरे तद्वदन्तिके ।
तदन्तरस्य सर्वस्य तदु सर्वस्याऽस्य बाह्यतः ॥

त्यही परमात्मा सारा जगत् (प्राणीमात्र) लाई यथायोग्य नियमानुसार सञ्चालन गरेर सुसमृद्ध भइरहेकोछ । अप्रबुद्ध जनता यस्तो ईश्वरलाई पनि आरोप लगाउदै भन्दछन् - त्यो चल्दछ, क्रियाशील छ । परन्तु वेद यसैलाई भन्दछ तन्नैजति । त्यो परमात्मतत्त्व कहिल्यै चल्दैन, सधैं स्थिर छ, एकरस छ । कारण यही छ कि त्यो यत्र-तत्र सर्वत्र परिपूर्ण छ । जसप्रति सम्मान प्रदर्शन गर्न, त्यसको यस्तो महत्ता गाउन प्रस्तुत "ग्रन्थको उत्थानमै ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवशिष्यते" यो उपनिषद्गान गरेर आत्मसमर्पण गरिएको छ । तद् दूरे, त्यो परमात्मा अधर्मात्मा अविद्वान् एवं श्रद्धा विश्वासविहीन व्यक्तिबाट धेरै धेरै टाढा छ । अर्थात् त्यस्ता व्यक्तिहरू त्यो तत्त्वलाई हजारौं-हजार जुनि सम्ममा पनि प्राप्त गर्न सक्तैनन् । तद्वदन्तिके, सत्यनिष्ठ, जितेन्द्रिय एवं श्रद्धा-विश्वासी ईश्वरसेवी व्यक्तिहरूको निमित्त भने त्यो तत्त्व साह्रै-साह्रै नजिक छ । जो आफूभित्रै, आफ्नो आत्मामै भेट्तछन् । पुनः त्यै परमात्मतत्त्व देखिने र नदेखिने सम्पूर्ण विश्व-ब्रह्माण्डभित्र र बाहिर एवं त्यसको मध्यभागमा पनि समान-रूपले व्याप्त भइरहेको छ, त्यो ठामै छैन, जहां त्यसको अखण्ड-सत्ता नहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः यसै तत्त्वलाई ठूला-बडा मुनि-महात्मा एवं योगी तपस्वी आदि पनि कवि-महाकविहरूका साथै हामी जस्ता निरीह श्रद्धालुहरू आत्मसमर्पणपूर्वक प्रतिदिन, प्रतिक्षण यसरी निम्नांकित संस्कृत-वाक्यावली प्रयोग गरेर स्तुति गर्दछौं ।

नमामीशमीशाननिर्वाणरूपं वरेण्यं विभुं व्यापकं सर्ववेदस्वरूपम् ।
अजं निर्गुणं निर्विकल्पं निरीहं चिदानन्दमाकाशवासं भजेऽहम् ।।

म त्यो प्रभुलाई शिरोनमनपूर्वक नमस्कार टक्र्याउँछु र उनैको आराधना-उपासना गर्दछु, जो संसारी व्यक्तिमात्रको नियामक छ , वरेण्य (प्राप्त गर्न योग्य) छ र सर्वव्यापक छ, एवं चारैवेदको रूप धर्नेछ । त्यस्तै स्वयं अजन्मा तथा निर्गुण(मायाका अथवा प्रकृतिका तीनै गुण सत्वः रजः र तमः देखि रहित धेरै परको) छ । विकल्प नभएको छ अर्थात् आफू जस्तो अर्को न भएकोछ । जसमा कुनै प्रकारको चेष्टा (इच्छा आदि) छँदै छैनन् र नित्य चैतन्य-संयुक्त आनन्दमय छ । आकाशवासी दहराकाश (मुटु भित्रको खालि ठाम) मा संस्थित, यस्ता प्रभुको म निरन्तर सेवा गर्दछु, आराधना-उपासनादि गर्दछु । यही हो त्यो परब्रह्म-परमात्म-तत्त्व, जसका निर्गुणत्वको यसरीं उपर्युक्त पद्यको प्रत्येक-शब्दमा उल्लेख भएकोछ । यही नै त हो हाम्रा राष्ट्रदेव भगवान् पशुपतिनाथको सौम्य, शान्त, लिङ्ग-रूप उपरि तथासंस्तुत ज्योतिष्तत्त्वको परम एवं चरम महत्त्व ।

लोकशंकर-साम्ब सदाशिवरूप

●

जब यिनै प्रभु लोकलीलार्थं आफ्नो सगुण-साकार-रूपधारी बन्दछन् तब उनैका इच्छानुसार उद्भूत प्राणीमात्रका मनो-वचनले तर्कना सम्म पनि गर्न नसकिने लीलाविहारहरू गर्न थाल्दछन् । मायाका भनौं वा प्रकृतिका तिनै गुण र रूपका आधारमा जे पनि हुन सक्तछन्, जे पनि गर्न सक्तछन् । यिनका यसैबेलाका सत्कर्माचरणमय लीला-विहारहरूलाई हामी अनेकौं दृष्टिले हेर्दछौं र अ-आफ्नो धारणा-भावनानुसार यसरी स्तुति गर्दछौं -

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः ।
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं वो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः ।।

यो हो ब्रह्मा, विष्णु एवं रूद्र यी तीनै देवका सगुणरूपको ब्रह्ममयैकत्व एवं तत्सामञ्जस्य । जब यिनै महाप्रभु आफ्नो प्रतीक-रूपको निर्गुण शान्त तथा सौम्याकारलाई त्यही आफ्नो मन्दिरमा छोडेर लीला-विहारार्थ तथा दुष्टसंहार र भक्त-संरक्षण आदि काम-कुरा गर्न-गराउन बाहिर निस्कन्छन् तब उक्त मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि निकै कोशपरको विश्वका राष्ट्रभरमा सर्वोच्च मानिएको गिरि-शिखर सगरमाथा (एभरेष्ट)को शिखरैमा विराजमान हुन पुग्दछन्, तब अ-आफ्नो प्राक्तन पाप-पुण्यमय कर्मानुसार ब्रह्माण्ड-चक्रमा कर्मफल भोग्नका निमित्त निरन्तर घुमिरहेका प्राणीहरूको रीति-स्थिति र चाल-चलन आदि अवलोकन गर्न थाल्दछन् । यसबेला उनको यथार्थ-नाम रहन्छ, कैलासवासी ,साम्ब,सदाशिव, शंकर, जगन्नाथ, विश्वनाथ र पशुपतिनाथ आदि । त्यसबेला पनि उनका प्रिय भक्तजनहरू अनेकौं स्तुति-नुति पूर्वकका शुक्ल-यजुर्वेदीय रूद्राध्यायान्तर्गत षोडशसूक्तका सर्वाङ्गपरिपूर्ण कण्डिका द्वारा "विशेषतः, नमः शंकराय च मयस्कराय च नमः, शिवाय च शिवतराय च" । इत्यादि मन्त्र पाठ गर्दै यसो भन्दछन् । हे कल्याणस्वरूप ? हे कल्याण गरिदिने प्रभो ! तिमी हाम्रो श्रेय गरी दिने हौं र मोक्ष-सुख दिनेछौं । यस्ता हजुरलाई हाम्रो यो नमस्कार छ । हे साम्ब- सदाशिव प्रभो ! तिमी नै हामीलाई सांसारिक-सुख (प्रेय) प्राप्त गराई दिने हौ र तिमी नै कल्याण गरिदिने छौ । हजूरबाटै यी जीवहरूको सार्वत्रिक कल्याण हुन्छ, जो अरूबाट हुनै सक्तैन । इन्द्रिय-मन र आत्मालाई उत्तम-मार्गमा प्रवृत्त गराई परम सुख (मोक्ष) सम्म दिने पनि तिमी नै हौ । शिव हौ, नाथ ! तिमी नै मङ्गलमय छौ एवं आत्यन्तिक-कल्याणरूप पनि तिमी नै हौ । यिनै कारणहरूले हामी हजूरलाई यस्ता आफ्ना सद्‌गुणद्वारा परिपूर्ण गराई दिइबक्सन निरन्तर नमस्कार गर्दछौं ।

भगवान् शंकरको स्थाणुत्व (ठूटो-मूढोपन) ग्रहण

आध्यात्मिक (मानसिक र शारीरिक) आधिदैविक तथा आधिभौतिक यी सांसारिक त्रितापले निरन्तर पीडित स्वभक्तजनको पीडानुभव स्वयंमा गर्दा-गर्दा जब यी प्रभु स्वयं पीडित भइ स्थाणु (ठूटो-मूढो) को रूप लिन्छन् अर्थात् निर्विकल्प-समाधिको अवस्थामा पुग्दछन्, त्यसबेला पनि कालशक्ति (यमराजको भय र रोग आदि) बाट बच्न चाहने प्रबुद्ध भक्तजन एवं उदारात्मा-महात्मा एवं कवि-महाकविहरू आफ्नो अतुल मनोयोगद्वारा त्यहीं पुगेर त्यस्तै स्थितिमा पनि प्रभुको यसरी स्तुति गर्न थाल्दछन् । उनीहरू भन्दछन् -

सर्वज्ञ-शम्भु-शिव-शंकर-विश्वनाथ-मृत्युञ्जयेश्वर-मृड-प्रभृतीनि देव ! ।
नामानि तेऽन्यविषये फलवन्ति किन्तु त्वं स्थाणुरेव भगवन्मयि मन्दभाग्ये ॥

हे स्वयं-प्रकाश प्रभो ! हजूरका सर्वज्ञ, शम्भु, शिव, शंकर, विश्वनाथ, मृत्युञ्जय,ईश्वर, मृड आदि शुभनाम, जस्तो कि क्रमशः सबैकाम कुरा जान्ने, परमकल्याण गर्ने, मङ्गल दिने, लोककल्याण गर्ने, एवं जगत्का स्वामी, मृत्यु जित्ने, सर्वसमर्थ तथा अनन्त सुख दिने आदि भनिने जे जो जति छन् ती सबै साहै-साहै हृदयाकर्षक र आल्हादक छन्, सार्थक छन्, यथार्थ छन्, अर्थात् अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे जस्तै फल दिने छन् र स्वप्रिय-भक्तजनहरूमा उत्तमोत्तम फल लिएर चरितार्थ भइरहेकै छन् । परन्तु सुन ए जगदीश्वर नाथ ! म जस्तो मन्द-भागी (सानो भाग्यको) व्यक्तिको निम्तिमा त तिमी खाली स्थाणु (ठूटो अर्थात् पत्र, पुष्प, फल र शाखा-प्रशाखा आदि केही हुँदै नभएको सूखो वृक्ष) नै भयौ, ठीक त्यस्तै जो प्रलयकालमा पनि एकरसले अशेषरूपमा शेष हुन्छ । धन्यै हौ नाथ ! धन्य, धन्य !

त्यस्तै अर्को यौटा काव्यगत आलंकारिक चमत्कारितापरिपूर्ण पद्य पढौं । कवि भन्दछन् -

यस्ते ददाति रवमस्य वरं ददासि यो वा मदं दधति तस्य दमं विधत्से ।
इत्यक्षरद्वयविपर्ययकेलिशीलः किं नाम कुर्वीति नमो न मनः करोषि ।।

यसको पद्यानुवाद नै पढौं - यस्तो छ - त्यसमा यो अनुवादक यसो भन्दछ - हे भगवन् पशुपते !

दिन्छन् भने रव विभो ! प्रभुमा कसैले दिन्छौ तिमी वर उनीहरूमा मजैले ।
गर्छन् भने मद कुनै, उनलाई किन्तु चेताउछौ दम दिएर पछी-परन्तु ।।
खेल्छौ परेश ! दुइ अक्षरबीच उल्टो-पाल्टो गरेर यसरी, प्रभु हौ विनोदी ।
लौ हुन्छ, खेल, नम दिन्छु म नाथलाई, उल्ट्याउ हेरूँ, मन देउ त लौ मलाई ।।

यी दुवै श्लोकमा कुनै शैव-महाकविले रव, वर, मद, दम, नमः र मनः यिनै ६ ओटा शब्दको माध्यमले आफ्नो उक्ति वैचित्र्यमा विशेषता थुप-याई भगवान् शंकरको स्तुति गरेको देखिन्छ र निकै महत्त्व भरिएको अनुभूत हुन्छ । यी छअै शब्दको अर्थ यस्तो छ ।

१. रव, शिव, शंकर, शम्भो, इत्यादि आर्त-पुकारमय शब्दावलीहरू
२. वर, भक्तहरूलाई मन लागेका कुराहरू
३. मद, घमण्ड अथवा शेखी
४. दम, दण्ड वा उचित सजाय
५. नमः, आत्मसमर्पणपूर्वक टक्र्याएको नमस्कार
६. मनः, मनै भयो अथवा ध्यान

यी शब्दहरूको भाव कतिसम्म उच्चस्तरको छ र भगवान् पशुपतिनाथको सत्स्तुति कस्तो हृदयाह्लादक छ ? त्यो त प्रभो ! हजूरले एक-पटक मात्र भएपनि म-माथि मन (ध्यान) दिए तत्कालैमा मेरो भुक्ति-मुक्ति दुवै हुनेछ भन्ने स्पष्टै खुलेकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को एउटा सैद्धान्तिक निगमागमपरक पशुपति समस्त-भूतपति एवं आदिशक्ति पराम्बाका पतिको सत्स्तुति-गान गरौं - जो गायक तथा स्तावकको इच्छापूर्ति गर्न सर्वथा समर्थ छ । इच्छा भए निरन्तर प्रातः सायं श्रद्धा-विश्वास पूर्वक पाठ गर्दा शीघ्रातिशीघ्र स्वतः फलप्रद सिद्ध हुनेछ ।

शांकरी-स्तुति

●

त्वं देवश ! निरन्तरं विजयसे संविच्छ्रितः स्वात्मभू-
स्तेषामेव हृदन्तरे कृतपदो ध्यातश्च दृष्टश्च तैः ।
यैर्नित्यं समुपास्यसे स्वगतया वेदागमैः शुद्धया
सद्बुध्या गुरूलब्धया च सुदृशा संबर्धितः स्वात्मनि ॥

●

विश्वस्मिन् परितो विदृश्यत इमे सांसारिका मानवाः
प्रोद्विग्ना भवतापतस्त्वयि रतिं कुर्वन्ति हीनाशयाः ।
तांस्तान् स्वाध्यवसायशम्बलयुतान् नित्यं तथोच्चाशयान्
दत्वा सम्मतिमात्मनैव भगवंस्तत्तापतस्त्रायसे ॥

●

इत्थं मार्गनिदर्शकोऽसि सततं भूत्वाऽपि भूतः स्वयं
भूतप्रेतयुतः श्मशाननिलयो भूतैकधामा स्वतः ।
डाकिन्यादिभिरावृतो मृतजनोद्धाराय तद्राहतः
संभूतं भसितं सितं हितमिति स्वे धारयन् राजसे ॥

●

श्रीविद्या जयतीह विश्वविषये सर्वोत्तमा सम्मता
विद्वद्भिः समुपासिता विजयदा संविन्मयी स्पन्दिनी ।
यामाश्रित्य शवोऽपि तत्स्थितिमयो भूत्वा शिवस्त्रैपुर-
स्तां देवीं त्रिपुरां विनोदयसि यत्तते महत्त्वं विभो ! ॥

●

तन्त्रमन्त्रमयाद् यन्त्राच्छिवशक्तिमयं वपुः ।
संक्रीडते यदुद्भूय, सोऽहं वन्देऽत्र तन्महः ॥

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी पाँचै श्लोकको अर्थ पढौं -

हे देवाधिदेव प्रभो ! निरन्तर हजूरको जय-जय होस् । संसारमा हजूरै सर्वश्रेष्ठ भइबक्सिसन्छ । किन कि ? हजूर आफ्नै आत्माबाट उत्पन्न हुने संवित्तत्त्व (दहराकाशमा उत्पन्न भइ रहने ज्ञान-विज्ञानप्रवाह) मा राज हुन्छ र ती प्राणीमात्रको त्यै हृदयको भित्री-तहमा हजूरको आवास छ । त्यहीं नै तिनीहरूले हजूरको ध्यान गर्दछन् । दर्शन पाउंछन् पनि । फेरि नाथ ! वेद र आगम (तन्त्रशास्त्र) को अध्ययन बाट साह्रै विशुद्ध भएका र गुरुकृपा बाट प्राप्त सद्‌बुद्धिले तथा आफ्नो आत्मामै सदभ्यासद्वारा बढाउँदै लगेको सत्यदृष्टिले उनीहरूबाट हजूरै समुपासित (राम्रोसंग सेवा गरिआएका) होइबक्सिसन्छ ।

हे नाथ ! यो विश्व-ब्रह्माण्ड भरीका सांसारिक मनुष्यहरू तापत्रय (आध्यात्मिक, आधिदैविक र आधिभौतिक) ले साह्रै-साह्रै उद्विग्न भएर, तिनबाट बच्ने ठाम नपाएर तथा तुच्छ आशय (वासना) का फेरमा परेर एवं तिनीहरूलाई नै अंगालेर हजूरमा रति (प्रेम) गरेका देखा परिहरेका छन् । यस स्थितिमा पनि हे पशुपतिनाथ प्रभो ! आफ्नो त्यही सुदृढ निश्चयमा टिकेका र त्यसैलाई सामल-तुम्बल बनाई हर-तरहले उच्च-आशय (उत्तमोत्तम आशा-अभिलाषा) बनाई सकेका आफ्ना प्रियभक्तहरूलाई स्वयं आफैंले उनीहरूको घट्टमा घाम लगाई दिएर विशुद्ध पारी ती तीनै तापबाट मुक्त गराइ दिन्छौ । भगवन् ! धन्य हौ धन्य ।

हे श्मशानवासी भोले बाबा ! खोई के के पो भनेर तिम्रो स्तुति गरौं ? नाथ ! तिमी स्वयं भूत (पृथ्वी, अप्, तेज, वायु र आकाश)मय छौ । यस्तो भएतापनि यसरी निरन्तर आफ्ना हुनेहरूलाई सन्मार्ग-दर्शन गराउंछौ । स्वयं भूत-प्रेतहरूले घेरिएर श्मशान-मसान चहार्दै डाकिनी-शाकिनी आदिले जेलिएर मरेका जनहरूको पनि उद्धारै गरि दिउं न भन्ने विचारले तिनीहरूलाई पोल-पाल पारी तिनीहरूको लाश डढेर शेष भएका विशुद्ध भस्मराशिलाई नै उनीहरूको हित-भलो गर्ने हो, भन्ने सँझी-सँझी आफ्नो पवित्र शरीर भरी दली-दली एवं मली-मली साह्रै सुशोभित हुन्छौ नाथ ! यो के चाल हो ? बुझ्नै सकिन्न ।

यो विश्वभरमा विवध विद्या-कला-सुसमृद्ध विषयहरूमा श्रीविद्या (महामन्त्र पञ्चदशी षोडशी सहित) नै सर्वोत्तम विद्या हो र त्यसैको महनीय-महत्त्व छ । अत एव बडे-बडे ब्रह्मर्षि दुर्वासा तथा आद्य-शंकराचार्यादि र राजर्षि एवं उहांहरूको सिद्धान्तमा टिक्ने अरू अनुयायी हामीहरू पनि त्यसै भन्दछौं र त्यही कुरो सर्वथा अकाट्य मान्दछौं । यसै हेतुले त सर्वमान्य विद्वान्हरू पनि तिनै आदिशक्ति महामाया देवी-त्रिपुरसुन्दरीको आराधक एवं उपासक भइरहेका छन् । यिनै देवी प्राणीमात्रको दहराकाशमा संवित् (ज्ञानधारा-प्रवाहिनी)मयी हुन् र यिनैद्वारा उनीहरूको हृदयान्तराल[illegible] स्पन्दन (निरन्तर ढुक, ढुक भइरहने क्रिया) गतिशील भइरहेकोछ । जसलाई आफैमा संधारण गर्दा शवरूपका भगवान् शिव (हजूर) पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले हजूरमा भइरहेको शिवत्व प्राप्त गरेर स्वयं त्रिपुराधिष्ठाता बनेर त्यस्ती महादेवी त्रिपुरसुन्दरीलाई सम्म पनि अनेकौं रंग-ढंग बाट विनोद (मनोरञ्जन) गराँउछौं । हे सर्वव्यापक प्रभो । यही त हजूरको सर्वोच्च महामहिमा हो ।

तन्त्र एवं मन्त्रद्वारा सुपरिस्कृत यन्त्र (श्रीयन्त्र अथवा श्रीचक्रादि) बाट शिव-शक्तिरूपको एकता प्राप्त शरीर, जसबाट उत्पन्न भएर अनेकौं क्रीडा (विहार) गर्दछ, म त्यही ज्योतिष्पुञ्जलाई निरन्तर वन्दना गर्दछु ।

हाम्रा राष्ट्रदेव भगवान् पशुपतिनाथको श्रीचरण-सेवामा समर्पित यी दुबै स्तोत्रको महत्त्व निकै-निकै ठूलो छ, जस्तो लाग्दछ । यो त पाठकहरूले स्वयं विचार गर्ने कुरा हो । उपर्युक्त दुई श्लोकका रचयिता संस्कृतका महाकवि श्रीजगद्धर-भट्टज्यू र तलका यी पाँचै श्लोकको रचयिता यी अक्षरहरूको लेखक म स्वयं हूँ ।

भगवान्-पशुपतिनाथको रौद्ररूप

यसपछि जब भगवान् पशुपतिनाथ वैदिक-धर्म संरक्षणार्थ एवं स्वभक्त-जनोद्धरणार्थ तथा दुष्टसंहारार्थ आफ्नो उपरि तथासंस्तुत शान्त-सौम्य-स्वरूपलाई अतिशय भयंकर रौद्ररूपमा परिणत गर्दछन्, त्यसबेला त्यो रूपले गर्नु पर्ने सारा काम-कुरा निमेष भरमै परिपूर्ण पार्दछन् । यस अवस्थामा उहाँको त्यो रौद्र-अघोर-रूपको पनि समस्त विद्वान् प्रिय-भक्तजनहरूका साथै शुक्ल-यजुर्वेदान्तर्गत रूद्राध्यायका "नमो घोरेभ्यो घोरतरेभ्यः" आदि र असंख्याताः सहस्राणि ये रूद्रा अधिभूम्याम् । तेषां सहस्रयोजने वधन्वानि तन्मसि" एवं "ते नो, मृडयन्तु तं द्विष्मो यश्च नो द्वेष्टि तमेषां जम्भे दध्मः इत्यादि कण्डिकाद्वारा निरन्तर स्तुति गर्दै रहन्छन् । अस्तु

प्रिय पाठकवृन्द ! भगवान् पशुपतिनाथको महत्त्वका विषयमा अझ जिज्ञासा बढे वा उत्सुकताले प्रेरित भए स्वयं मैले लेखेको सम्पादक र प्रकाशकमा बडे बडे हूँ भन्नेहरूको नाम र मूर्ति देखाइएको वि.सं. २०१७ सालमा प्रकाशित "सपरिचय सुधार कार्यको विवरण (सचित्र) उपत्यकाञ्चल नेपाल" नामक गहनतम अन्वेषणपूर्ण पुस्तकमा एकपटक सुदृष्टि परे समस्त कुराको यथार्थ तथ्य-बोध हुने नै छ ।

राष्ट्र

अब आए हाम्रो राष्ट्र नेपाल - सम्बद्ध विषयका कुरा । यिनमा माथि-माथि देखाएका र राष्ट्रिय-महत्त्व प्रदर्शित गर्दै आएका समस्त विषय-वस्तुहरू पर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रको सेरो-फेरो र त्यसले घेरेको पूर्व मेची-नदी र पश्चिममा महाकाली सम्मको एवं उत्तरमा चीनराष्ट्र द्वारा प्रशासित तिब्बत (भोट) तथा दक्षिणमा भारत-सीमा सम्मको भू-भाग हाम्रे राष्ट्र-नेपालको हो । यस परिधिभित्र बस्ने हामी सारा नेपाली हौं । जातिमा अनेक छौं तापनि अरू विदेशीहरू द्वारा नेपाली भनेर सम्बोधित हुंदा हामी सारा एक जातिका ठहरिन्छौं र साहै जाती जाति मानिन्छौं, त्यसैमा गौरवान्वित हुन्छौं । यो सर्वतन्त्र-स्वतन्त्र राष्ट्र हो । यो राष्ट्र उहिल्यैदेखि अहिलेसम्म कसैको अधीनमा परेन र निरन्तर स्वतन्त्र र अखण्ड हुँदै-रहँदै आयो । राष्ट्रदेव भगवान् पशुपतिनाथको अक्षुण्ण-सत्ताले एवं निरन्तर वर्षीरहेको अनुपम कृपाले चन्द्र-सूर्य उदांउन र अस्तांउन नछोडेसम्म रहिरहनेछ पनि । बरू यसलाई निरन्तर यस्तै पारिराख्न र यसको सक्दो सर्वाङ्गीण-विकास गर्न, भइरहेको प्रगतिमा समुन्नति भर्न, कराल-कलिकालको अनर्थोत्पादक चाल र जालबाट यसलाई सबैतिरबाट मुक्त गराइ राख्न, हामी राष्ट्र-निवासी सबै नेपालीमात्रले तन, मन र आवश्यक परे धनसम्म पनि सुम्पेर "नेमुनि" द्वारा "नेपाल" नामाकरण गरिएको एवं चारवर्ण छत्तीस जातको समानुपातिक फूलवारी बनेको यो राष्ट्रको राजा-प्रजा सबै एकत्रित भएर सत्य, विशुद्ध प्रशासन-व्यवस्था चलांउन तथा "नेपाल यौटा महान् सच्चरित्रमय स्वतन्त्र आर्ष-धर्मानुप्राणित हिन्दूराष्ट्र हो" भन्ने देखाँउन उच्च सत् आदर्श यस्तो हुनुपर्छ, भन्ने कुरा उदाहरणरूपमा परराष्ट्रहरूलाई निरीक्षण-परीक्षण गराँउन निरन्तर अग्रसर हुँदै यसको राजनीतिक दुर्गम-क्षेत्रमा अघि बढ्दै जानु छ ।

तस्मात् निरन्तर यसैमामात्र दत्तचित भएका हामी सारा राजादेखि रंकसम्मका जनताले ध्येय एवं उद्देश्य त्यस्तै लिई व्यक्तिगत सुख-स्वार्थ छाडी तिनै राष्ट्रिय सत्कर्ममामात्र संलग्न भइरहनु आवश्यक देखिन्छ, जब कि वातावरण पनि यस्तै-त्यस्तै बनिसकेको छ । यदि उपर्युक्त काम-कुरा सम्पादन गर्नुका अतिरिक्त विषयान्तरमा एवं प्रिय-वस्तुको संग्रहतिर रूमल्लिई तिनैको उपभोगमा रमिरहन थाल्यौं भने कसरी राष्ट्रिय-कल्याण होला र ? विचारणीय विषय छ । त्यसै गरेमात्र हामी (नेपाली-जाति)पनि निकट-भविष्यमै हाम्रा मित्रराष्ट्रहरूको समुन्नत राजनीतिक दांजोमा दांजिएर आफ्नो राष्ट्रिय-राजनीतिको प्रशासनगर्भक आदर्शवादको माध्यमले त्यस क्षेत्रमा सर्वोच्च-स्थान ओकट्न सर्वथा समर्थ हुने नै छौं । जसरी अतिशय समुन्नत एवं सुविकसित हाम्रा मित्रराष्ट्रहरू हरेक क्षेत्रमा, राजनीतिमा, अत्यावश्यक विषय-वस्तुका अङ्ग-प्रत्यङ्गमा अ-आफ्नो बौद्धिक-शारीरिक-श्रम-जन्य सत्प्रयत्नले उच्चस्तरीय हुन पुगेका छन् र अझ त्यस्तै प्रयासमा संलग्न भैरहेका देखिँदैछन् । यो अतिशय-संक्षिप्त रूपको व्यक्तिगत भनाई हो । लेखक अथवा कवि राजनीतिको डुलमुले नीतिमा केवल भीतिमात्र देख्दछ । तस्मात् धेरै टाढै रहेर "राजा शिरमा छन्, जनता हृदयमा" भन्दछ । यही साह्रै राम्रो कुरो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय-ध्वज

हाम्रो राष्ट्रिय-ध्वज साह्रै दर्शनीय छ र सुख-शान्तिप्रद तथा मङ्गलसूचक चन्द्र-सूर्य-अंकित छ । रातो पृष्ठभूमिमा नीलो घेराले चारैतिर घेरिएको तथा माथिल्लो भाग चन्द्रमाले र तल्लो भाग सूर्यले सुशोभित छ। यो राष्ट्रिय-ध्वजमा यसरी चन्द्र-सूर्यलाई प्रतीकरूपमा सन्निवेश गराई यसलाई यत्रो उच्चस्थान एवं राष्ट्रिय- सम्मान प्रदान गरी बेला-बेलामा राजादेखि रंकसम्मका राष्ट्रिय-व्यक्तिले अभिवादन टक्र्याउदै आउनु पर्ने व्यवस्था मिलाएको कुरा अनुभूत गरी आउनुमा हामीहरूकै महत्त्व र गौरव झल्कदैछ । भगवान् चन्द्र आफ्नो सर्वत्र-शान्तिप्रद प्रोज्ज्वल किरणसमूहले साह्रै आल्हादक मानिन्छन् । उनका परिपूर्ण रूपका अनेकौं विधामा प्रयोग गरिने विद्या-कलाहरू सोह्रैओटा छन् । तिनमा कृष्णपक्षको प्रतिपदा-तिथिदेखि अमावस्यासम्म प्रतिरात्रि एक-एक कला क्षीण हुँदै जान्छन् । त्यसबेला अवशिष्ट भएको यौटै कला सर्वोत्तम कला हो र यसैलाई विद्वान्‌हरू "अमृतकला" भन्दछन् । यही कला शुक्लपक्षको प्रतिपदा तिथिदेखि पुनः प्रतिरात्रि एक-एक कलाको अनुपातमा बढ्दै जान थाल्दछ र पूर्णिमाको रातमा परिपूर्ण सोह्रै कलासम्पन्न हुन्छ। यिनै षोडश कला-परिपूर्ण भगवान् चन्द्रको प्रतीकरूपमा चन्द्रमण्डलको वरिपरि रेखा (चोसो-मोसो) निकाली त्यसैको स्वरूप (प्रतीक) देखाई त्यसैलाई हाम्रो राष्ट्रिय-ध्वजको माथिल्लो भागमा राखिएको हो । त्यस्तै बाह्र महिनाको बाह्रैओटा विभिन्न नामका सूर्यको प्रतीक रूपमा बाह्रै-ओटा रेखा (चोसो-मोसो) अंकित गराई त्यसलाई झण्डाको तल्लो भागमा राखिएको हो । यो झण्डा धेरै-धेरै पहिलेका राजा-महाराजाहरूले आफ्नो राष्ट्रिय विद्वत्सभाको निर्णयानुसार संस्थापित गरेका हुन् । पछि लिच्छवि-नरेशहरूले यसै राष्ट्रिय-ध्वजलाई आफ्नो अगाडि राखी मान्यता दिनु नै समुचित ठान्दै आए । तदनन्तर अंशुवर्मा-मानदेव जस्ता नेपाल-नरेशले भक्तपुर-चांगुको नारायण-मन्दिरमा यसै ध्वजलाई समेत श्रद्धा-भक्तिपूर्वक समर्पण गरी भगवान् नारायणको पूजनादि गरे । यसका अतिरिक्त कान्तिपुर-भित्रका अनेकौं देव-देवीका मठ-मन्दिरहरूमा पनि हाम्रा राष्ट्रिय सामाजिक-व्यक्तिहरूले अ-आफ्नो श्रद्धा-भक्ति अनुसार अनेकौं देव-देवीहरूको मठ-मन्दिरहरू निर्माण गराई तिनको बाहिरी भागैमा त्यही एवं त्यस्तै राष्ट्रिय-ध्वजका प्रतीकरूपमा अनेकौं धातुका कहीं-कहीं त सुनैका मोलम्बा लगाइएका ध्वज (झण्डा) हरू समर्पित गरी गाडि-छोडी दिएका छन् । यी कुरा हाम्रो देशभरीका त्यस्तै दुर्गम-प्रदेश सम्ममा बनेका मन्दिरहरूमा गएर त्यसैमा ध्यान दिएर हेर्दा जताततै देख्न सकिन्छन् । परन्तु कराल-कलिको छली प्रभावले त्यस्ता ध्वजाको त के कुरा मन्दिरभित्रैका देव-देवीका त्यस्ता-त्यस्ता पुनर्निर्माण गर्नै नसकिने बहुमूल्य एवं अमूल्य मूर्तिहरू सम्म पनि आफ्नै हो भन्ने संझी देशी-विदेशी कतिपय तुच्छ विचारका पुरूषहरूले अ-आफ्नो साथैमा विदेशतिर लगे । यी सब कुरा देखि-भोगी रहेकैछौं । यसरी त्यस्ता ध्वजाहरू लुप्त हुँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएर बचेका केही ध्वजामा पनि चन्द्र-सूर्यका प्रतीकरूपमा कुँदिएका ती ती सोह्र एवं बाह्रओटा रेखा (चोसो-मोसो) पनि खिइँदै,नासिँदै, मासिँदै गए । राष्ट्रियशासक लिच्छवि-नरेश तथा मल्ल-नरेशहरूको शासनकालसम्म त्यस्तै कायम भएको यो राष्ट्रिय-ध्वजाको रूप राणा-शासनकालमा आएर विकृत हुन पुग्यो । चन्द्रमाको त्यस्तो पूर्णता प्रतिबोधक षोडश-रेखांकित-स्वरूप कायम राख्ता देख्नेहरूलाई साह्रै अप्ठ्यारो भयो, भ्वाट्ट चिन्ह, कठिनै हुने भयो । तस्मात् अर्धचन्द्र (गर्धने चन्द्र) माको स्वरूपै राखौं, भन्ने सर-सल्लाह गरी त्यस्तो गरी राखेका हुन् । जो अहिलेसम्म पनि कायमै छ । कसले यी सब कुरामा ध्यान दिने र त्यसमा विचार गर्ने ? हामी जस्ता सांस्कृतिक जनता यी सबै कुराले नै त रनभुल्ल परेकाछौं । मैले लेखेको २०१७ सालमै प्रकाशित राष्ट्रिय-चरित्र नामक ऐतिहासिक महाकाव्यको पहिलो गाताको पातामै माथि भनिएका स्वरूपको नेपालको नक्सा र सीमाना भित्रको हिमशिखर-माला-मण्डित सगरमाथा (एवरेष्ट) को शिरोभागमै गाडिएको त्यही ध्वजा सुशोभित भएको देखिन्छ ।

राष्ट्र-ध्वजको स्वरूप र विश्लेषण

पुनश्च माथि भनिंइदै आए ठीक नेपाल-भारत अविभक्तावस्थाको नेपाल-भारतको मानचित्र (नक्सा) हेर्दा त्यसको शिरमै सर्वोत्तम राष्ट्र हाम्रो नेपाल रहेको र यसैको उच्चभाग सागरमाथामै यो झण्डा गाडिएको पक्कै हो भनिंदैछ । यसैको ठीक चन्द्र-सूर्यांकित यो झण्डा भारतको दक्षिण-सीमा तालिमनाडू-केरलमा देखिने तीन चोसे रूप भारतको वङ्गालको खाडीमा देखिने अर्को तीन चोसे खण्ड नै हाम्रो झण्डा हो र व्यापकरूपले चन्द्र-सूर्य फर्फराउँदै फैलिदै गएको जस्तै उपमित भएर अहिलेसम्म पनि यथावत् रहेको स्पष्ट देखिंदैछ । तस्मात् यो हाम्रो राष्ट्रिय-ध्वजको महत्त्व यस्तो छ र यसरी अद्यावध्यपि रहेकैछ । यता यसमा रहेको छेउ-छाउको नीलो रेखा (घेरो) चाँहि शान्तिको प्रतीक हुँदै हिन्दमहासागरको नीलो अथाह जलराशिको सीमा देखाउने प्रतीकरूपकै हो । बाँकी रह्यो रातो पृष्ठभूमि, त्यो चाँहि केही हा भने अविभक्तावस्थाको नेपाल-भारतवासी समस्त प्राणीमात्रका शरीरको जीवनको प्रतीक हो, रक्तसंचारणको - मूर्तरूप हो । अब यी कुरा उहिलेका भइसके र खुइलिसके । परन्तु यसलाई पुरातात्विक र साँस्कृतिक दृष्टिले हेर्ने हो र निहुँ खोज्न थाल्ने हो भने छोड्नै हुँदैन । केवल राजनीतिक-दृष्टिले भने हेर्नै-हुँदैन । अस्तु

राष्ट्रभाषा

जुनसुकै राष्ट्रको पनि आफ्नो क्षेत्रीय-भाषाहरू मध्यैको खास एउटै भाषा राष्ट्रभाषा हुन्छ । त्यसैलाई सर्वोपरि मानिन्छ । कहीं-कहीं राजनीतिको परिप्रेक्ष्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक पनि उद्घोषित गराइन्छन् जस्तो भारतमा संवैधानिक भाषामा अनेकता छ । परन्तु हाम्रो राष्ट्रमा त्यस्तो छैन । जस्तो कि यस ग्रन्थको उत्थान कालदेखि अवसानकालसम्म जे जो जति पनि विषय - वस्तु परिदर्शित भए अथवा हुनेछन् ती सबै कुराको एकमात्र आधार हाम्रो राष्ट्र-भाषा नेपाली नै भएर आएकोछ । तस्मात् भाषाको महत्त्व ज्यादै ठूलो छ र व्यापक छ । भाषा त्यसैको नाम हो, जसका माध्यमले जस्तोसुकै व्यक्ति वा प्राणी किन नहोस्, आफ्नो हृदयको भाव प्रकट गर्न अर्थात् सुन्ने-बुझ्नेको हृदयमा भनाईको ठीक-ठीक अभिप्राय भर्न अथवा सार्न, समर्थ हुन्छ । यसैबाट आफू-आफूमा (परस्पर) का भन्न-भनाउन बुझ्न-बुझाउन चाहिएका सारा व्यावहारिक काम-कुरा सुगमतया चल्न सक्तछ । भाषा(बोली) सृष्टिकर्ता ब्रह्माजीदेखि लिएर कीरा-फट्यांग्रासम्मका प्राणीहरूको अ-आफ्नो प्रकारको अनेकौं छांट-कांटको थरिथरिको हुन्छ । यिनमा पनि कसैको बिलकूल मूक (लाटो, बोल्दै नबोली प्रयोग गरिने)हुन्छ भने, कसैको इङ्गितमय (इशारै बाट बुझिने) हुन्छ, त्यस्तै कसैको केवल ध्वनिमय र कसैको सुगम शब्दमय हुन्छ । यसैलाई भन्दछन् भाषा ।

भाव-प्रकटन, विचार-बोधनमा मुख्यकारण भाषा

संसारभरीका प्राणीहरूमा विशेष गरेर प्रबुद्ध मानव-जातिको भाषा अथवा हृदयको अ-आफ्नो भाव तथा विचार आदि प्रकट गर्ने प्रणाली, प्रथमतः ध्वनिमय हुँदै वाङ्मय-रूप लिंदै सुन्ने व्यक्तिमात्रका हृदयको भित्रीतहमा पसेर आफ्नो भनाईको तात्पर्य राम्रोसंग बुझांउन समर्थ हुन्छ र अ-आफ्नो बात-व्यवहार राम्रोसंग चलांउदछ । अर्थात् अभिप्राय-पूर्ति गर्दछ । यिनै प्रबुद्ध प्राणीहरू मध्यका हामी मनुष्यवर्ग कहिन्छौं । हामीमा पनि देश-काल तथा संस्कार आदि वस्तु वा पदार्थका आधारमा अ-आफ्ना वर्गको भाषालाई नै महत्त्व दिएर, अझ यसो भनौं लिएर भाषामा अनेकता आउनु, पृथक्ता रहनु, कुनै ठूलो कुरा देखिंदैन । यो कुरा स्वतः निर्विवादै छ । नेपाल हाम्रो राष्ट्र हो । यसैले हामी जहां जाऔं, सात द्वीपमध्यका कुनै द्वीपमा पुगौं, हामीलाई सबैले नेपाली नै भन्दछन् । यसैलाई हामी आफ्नो गौरवको कुरा ठान्दछौं । यता प्राचीन-कालदेखि नै प्रचलनमा ल्याइएको लेख्ने-पढ्ने भाषामा प्रयुक्त हुँदै आएको र सुपरिस्कृत तथा सुसमृद्ध हुँदै फैलिंदै-झयांगिंदै आफ्नो जरो दरोसंग गाडिसकेको राष्ट्रिय-वृक्ष जस्तो हाम्रो राष्ट्र-भाषा अरू राष्ट्रिय अनेकानेक-भाषाहरू भएता पनि तिनीहरूमध्ये नेपाली नै सर्वोत्तम राष्ट्रभाषा हो । उता बडामहाराजा पृथ्वीनारायण शाहले भने जस्तै - यो हाम्रो राष्ट्र नेपाल, चारै वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र) र अरू विकृत-जातिका छत्तीसै जातका व्यक्तिहरूकै मानवाधिकार भित्रको समान रूपको फले-फुलेको राम्रो उद्यान (बगैंचा) हो । तस्मात् यो तथासंस्तुत हामी मध्यका विभिन्न जाति-जातिको अ-आफ्नो एक, एक भाषा (बोली) छ । जसलाई हामीहरू आफू-आफूमा निरन्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोग गर्ने गर्दछौं । आफ्नो परम्परागत मातृभाषा बोल्दछौं तापनि एक भाषा बोल्नेले अर्को भाषा बोल्नेलाई भेटे वा केही कुरा भन्नु-बुझाँउनु अत्यावश्यक परिहाल्यो भने तत्कालमा आफ्नो राष्ट्रभाषा नेपाली भनेर वा बोलेर काम चलाउँदै गरि आएका छौं । यसमा कुनै असजिलो पर्ने कुरा छँदैछैन । सार्वजनिक एकता यही राष्ट्रभाषामा टिकेको छ ।

यसरी हाम्रो राष्ट्रभाषा नेपाली ज्यादै व्यापक हुँदै मेचीदेखि महाकालीसम्म र भोट (तिब्बत) देखि भारत-सीमा तराईप्रदेशसम्म जन-जनको हृदयान्तर्गत भई त्यहीं नै आफ्नो दरो-जरो गाडि सकेको समुन्नत भाषा हो । तस्मात् यस भाषालाई उहिले-उहिलेका राजा-महाराजाहरूले राम्रो राष्ट्रिय-भाषाको स्थान दिएर लेख्ने, बोल्ने र आफ्नो प्रशासन-व्यवस्थामा समेत निरन्तर प्रयोग गर्ने गरि आएका हुन् । पछिका शाह-नरेश बडामहाराजाधिराज पृथ्वीनारायण शाह जस्ताले त "बूढा मरे, भाषा सरे" भनी यसै भाषालाई निरन्तर समर्थन गर्दै महान् महत्त्व दिएको भोग्दैछौं ।

हाम्रो राष्ट्रका प्राचीन राजाहरू

यसै राष्ट्रको भारतसंग अविभक्तावस्थाको एकछत्ते स्थितिमा पूर्व-उत्तरप्रदेशतिर बाट यहां निकै-निकै मूढ़ेबल प्रयोग गर्ने खालका केही उत्साही किरात(भिल्ल) जातिले प्रवेश ग-यो र यहांका केही बाठा-टाठा हौं भन्नेहरूलाई मन्याक्-मुरुक् पारेर स्वयंघोषित राजा भई राज्य-सञ्चालन गर्न लाग्यो । यिनका नायकको रूपमा सर्वोत्तम ठानिएका "यलम्बर हाङ्" नै सर्वप्रथम राजा थिए । निकै पछि उनको स्थान हुमतिहाङ्ले लिए । समयान्तरमा किराती-राजा थुंकोले राज्य-सञ्चालन गर्न थालेपछि "विश्वविख्यात "देवानां प्रियः" भन्ने सदुपाधिधारी एवं महान् बल-वीर्यशाली महाराजाधिराज अशोक बुद्धजन्म-स्थान लुम्बिनीमा आएर आफ्नो स्मारकरूपमा स्तम्भ (अशोकस्तम्भ, यसैलाई भनिन्छ) आदि गाडी उनी भारतैतिर फर्किए । यी महाराजधिराज पहिले शैव-वैष्णव आदि वैदिक-धर्मी थिए र त्यसै धर्ममा साह्रै निष्ठावान् तथा सत्कर्मिष्ठ रहेका थिए । परन्तु यी महान् उत्साही राजाले आफ्नो राज्य प्रबर्धन एवं क्षेत्रविस्तार-क्रममा अन्य राष्ट्रका राजाहरूसंग लड्दा-लड्दा साह्रै ठूलो तथा संख्यातीत नर-संहार गरे ।अन्तमा यसको परिणाममा उनी साह्रै उद्विग्न हुंदा- हुँदै उन्मत्तै जस्ता पनि हुन पुगे । निकै पछि मन सह्मालियो र अहिंसा-प्रिय बौद्ध- धर्ममा दीक्षा लिएर शान्ति प्राप्त गरे । यिनका त्यो धर्मचक्रको महत्त्व एवं त्यसको गुरूत्व आजकाल पनि विश्वका सुप्रसिद्ध राष्ट्र भारत, लंका, जापान, थाईल्याण्ड, चीन, वर्मा आदि एघार राष्ट्रहरूमा रहेकै छन् र प्रतिरक्षित एवं प्रबर्धित हुँदैछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि ती किराती-राजाहरूमा साह्रै बेस मानएका गस्तिमहाङ् राजा भए। यिनी पछिका क्रमलील राजा श्रेष्ठ मानिन्छन्। यसैताक पश्चिमतिरबाट सोमवंशीहरू प्रवेश गरी उनीहरूलाई राज्यासन बाट लखेट-लाखेट पारी स्वयं शासन गर्न लागे। यिनमा मुख्य नायकको नाम थियो भास्करभूप-वर्मा। अन्तमा उनी मरेपछि मुनिवर्मा आदि लिच्छवि-नरेशहरूको राज्य-सञ्चालनकाल निकैसम्म बढ्दै आयो। धेरैपछि सुप्रसिद्ध वृषदेवले राज्य-सञ्चालन गरे। यसपछिका मानदेव राष्ट्रिय मान र शान उँचो पार्न सदैव सन्नद्ध रहने व्यक्ति विशेषै हुन्। यिनले राष्ट्रको हित-भलो हुने ठूला-ठूला काम-कुराहरू गरे र त्यसताक नेपालको यो राजधानीमा स्नानादि गर्ने त कुरै छोडौं खानेपानी सम्मको पनि साह्रै कष्ट थियो। यसैलाई मेटाउन यी लिच्छवि-नरेशहरूले गरेका सत्प्रयासको महत्त्व गाउन हामी नेपालीहरूले कहिल्यै विर्सनु हुँदैन। यसमा राजा-मानदेवको उल्लेख गर्दै शिला-फलकमा उत्कीर्ण ढुंगेधाराको उद्घाटन समारोहमा पढिएको यौटै संस्कृतश्लोकको रूप-रेखा हेरौं -

स्वप्राणैरपि लोकरक्षणकृते कार्येषु युक्तात्मना
सर्वाञ्छत्रुगणान् रणे जितवता, क्ष्मां रक्षता सर्वथा ।
तेनेदं श्रुतिधर्मशास्त्रविहितां धर्मक्रियां कुर्वता
लोकानां सुखकाम्यया सुविमलं पानीयमानीयत ।।

यो "नेपालेश्वरगौरवम्" नामक संस्कृतनाटक अन्तर्गत यौटा प्रास्तन पद्य हो। जसले लिच्छवि-नरेश मानदेवको त्यसकालको महत्त्व देखाइरहेकोछ। वि.सं. २०३५ साल कार्तिक महिनामा हाम्रो संस्कृत अध्ययन संस्थान वाल्मीकि-विद्यापीठले संस्कृत-भाषामा मलाई अनुरोधपूर्वक लेख्न लगाई जर्मन राष्ट्रका संस्कृत-विद्वानहरूलाई यहाँ (काठमाण्डूमा) आमन्त्रित गरी सांस्कृतिक-विषय तथा वस्तुहरूको प्रदर्शन-क्रममा यस नाटकलाई महेन्द्र-पुलिस क्लबको रङ्गमञ्चमा विशेषतः उहाँहरूलाई नै देखाइएको हो। यो पाण्डुलिपिका अवस्थाको संस्कृतनाटक पछि वि.सं. २०४२ सालमा उक्त विद्यापीठले नै प्रकाशित गरेको हो। अहिले त्यसैको अंश यहाँ उदाहरणार्थ संस्थापित गरेको हूँ।

शाह-नरेशहरूमा सर्वोत्तम श्री ५ पृथ्वीनारायण शाह

●

त्यसपछि कर्नाटक-वंशीय राजाहरूले निकै समय पर्यन्त राज्यको उपभोग गरे। अन्तमा मल्लवंशीय व्यक्तिहरूको प्राबल्य बढ्दै आयो र यिनमा पहिला नेपालका राजा अरिदेव मल्ल भए। पछि यिनका वंशियारे र अंशियारेले काठमाण्डू उपत्यकालाई तीन भागमा बाँडेर मल्लशासन चलाउने क्रम बढाँउन लागे। यिनमा सर्वश्रेष्ठ शासक जयस्थिति-मल्ल नै हुन्, जसले स्थिति बाँधे। पछि ध्याएर काठमाण्डूका अन्तिम मल्ल-राजा जयप्रकाश र भक्तपुरका रणजीत सिंहै तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ललितपुर (पाटन) का शासक बनेका प्रधानेहरूलाई आफ्ना अनेकौं राजनीतिका संघर्षमय भीतिप्रद-नीति देखाई पश्चिमी प्रदेश गोर्खाका राजा हाम्रा सर्वोत्तम शासक श्री ५ बडामहाराजाधिराज सद्‌पाधि प्राप्त गरेका पृथ्वीनारायण शाहले यो राष्ट्रलाई वर्तमान स्थितिको रूप दिन एवं तत्कालीन बाइसी-चौबिसी राजाहरूको राज्य-सञ्चालन-प्रणाली उपयुक्त नदेखिंदा त्यसलाई मटियामेट पार्न एकीकरणको राजनीतिक अभियानलाई सफल गराएपछि वर्तमान नेपालराष्ट्रको रूप-रेखा खडा गराए। यसैले जर्मनका बिस्मार्क जस्ता महान् शौर्य-वीर्य सम्पन्न व्यक्तिविशेष यिनै हुन् भनिने र गनिनेमा सर्वोच्च मानिन्छन् ।

त्यसपछिका शाहवंशीय नेपाल-नरेशहरूको परम्परामा राजेन्द्र-राजाको राज्य-सञ्चालन कालमा राष्ट्रमा राजा-रानी र युवराज-सुरेन्द्रको त्रयीशासन चलेर साह्रै नै अवनति र दुर्गति हुँदै आयो । परिणाममा नेपाल नरेशहरूले एक सय चार वर्षसम्म आफ्नो राज्य-सञ्चालनाधिकारै गुमाँउनु प-यो । (राणा हौं भन्ने जङ्गबहादुरका भाई-भाईहरूले क्रमशः अ-आफ्ना पालाका नेपाल-नरेशहरूलाई कत्ति वास्तै नराखी अझ भनौं भने, कत्ति टेर्दै नटेरी शासन चलाएर नेपालकी वसुन्धरा-माताको ल.न्टो चुस्नसम्म चुसे । यही एकसय चारवर्ष भित्र "वीरभोग्या वसुन्धरा" भन्ने संस्कृत-उक्ति चरितार्थ पार्दै स्वयं-स्वयंमा उपभोग गर्दै-गर्दै आए । पछि यत्तिसम्म गरे कि नेपालका सर्वोत्तम राजा श्री ५ त्रिभुवनको अप्रत्यक्ष-नेतृत्वमा गटित भएको वि.सं. १९९३ साले सुप्रसिद्ध राणाशासन-विनाशकसमूहका प्रमुख-प्रमुख व्यक्तिहरूलाई सं. १९९७ सालमा पक्री धेरैसम्म थुन-छेक गरी अन्तमा राष्ट्रिय विशिष्ट-शिष्ट मानिएका व्यक्तिहरूको बैठकको ठहर भनी शुक्रराज, दशरथ चन्द, धर्मभक्त जस्ता राष्ट्रिय वीर-पुरूषहरूका साथै कलिलै उमेरका गङ्गलाल जस्ता राष्ट्रिय-शासन परिवर्तनमा महान् उत्साही व्यक्तिहरूलाई जात-पातमा अलि तल्लो-मानी कसैलाई झुण्डयाई, कसैलाई गोली हानी मार्न लगाए । टंकप्रसाद, रामहरि, चूडाप्रसाद, गोविन्द प्रसाद आदि सहयोगीहरूलाई जातिमा उच्च भएकोले मार्नु हुँदैन भन्ने घट्टमा घाम लागेकोले चारपाटे मुडी बराहावतार भगवान्को साक्षात् कान्छा भाई सुंगुर-महानुभावैलाईसम्म पनि मारी त्यसैको मासु ख्वाँउन लगाई फेरि भयालखानामै जीवन-पर्यन्त कैद तोकी राणावर्गले पुनः पूर्ववत् शासन चलाँउन लागे ।

प्रजातन्त्र प्रवर्धक श्री ५ त्रिभुवन

यता यी सब कुरा आफ्नो अगाडि नै भृत्यसरीका राणा-शासकहरूले गरेको देखे पछि राजा त्रिभुवन साह्रै-साह्रै उद्विग्न भएर त्यसको निराकरण गर्न आफ्ना तिनोटै सुपुत्र सर्वश्री युवराज-महेन्द्र तथा अधिराजकुमार हिमालय र वसुन्धरा तथा पौत्र श्री ५ वीरेन्द्र र धीरेन्द्रको साथै केही-सामाजिक व्यक्तिहरूसँग आवश्यक सर-सल्लाह गरी २००७ साल कार्तिक एक्काइस गतेका दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतीय-राजदूत चन्द्रेश्वरको संदेश-प्रेषणका आधारमा उनके निवास भवनमा आफ्ना समस्त परिवार लिएर उनके माध्यमद्वारा भारतको आवश्यक राजनीतिक सहयोग प्राप्त गर्न आकस्मिक-रूपले सवारी भयो । त्यसपछि उता मामा-घर गएको बेला परेकोले आफ्ना माहिला नाति केवल पांचवर्षे श्री ५ ज्ञानेन्द्रलाई यहाँ छोड्दिई सारा कुराको सुप्रबन्ध मिलाई श्री ५ त्रिभुवन दिल्ली सवारी भइबक्सियो । यता राणाहरूले तत्कालमा बैठक बसाई राजा-त्रिभुवनलाई राज्यच्युत घोषित गरी उनै ज्ञानेन्द्रलाई उत्तराधिकारी मानी राज्यासनमा संस्थापित गराइ हाले । यो सारा क्रिया-कलापले गर्दा नेपाली व्यक्ति-व्यक्तिमा असह्य आक्रोश बढि हाल्यो र यसले मेचीदेखि महाकालीपर्यन्तका जनता तत्कालमै अनेकौं रूपबाट राणा-शासनको विरुद्ध क्रान्ति गर्नमा संलग्न भइ हाले । यसले जहाँ-तहाँ अर्थात् नेपाल अधिराज्यभरी जनक्रान्तिको अकथनीय ज्वाला दन्कनसम्म दन्कायो । जसमा संख्यातीत धन-सम्पत्तिको साथै हुनसम्म जनसमूह ध्वंस भयो । यसमा निकै पहिले देखि राणा-शासन मटियामेट पार्न, प्राण-प्रणले लागिरहेका अनेकौं प्रकारका राजनीतिक दलका दल नेपाली-कांग्रेस, राष्ट्रिय-कांग्रेस आदि नामका गरम र नरम विचारका व्यक्तिहरू थिए र यिनीहरूले पनि अन्योन्यमा संयुक्त भई क्रान्ति गर्न र सफल-पार्न राष्ट्रिय सार्वत्रिकरूपमा थालिसकेका थिए ।

राणाशासन-पतन

तदनन्तर राणा-शासकहरू राज्य-सञ्चालन गर्ने अधिकारमा टिक्नै नसक्ने भए । यस काम-कुरामा हामीलाई भारत-सरकारले दिनसम्म राजनीतिक सहयोग दियो र त्यसको सट्टा हामी सारा राजादेखि रंकसम्मका नेपाली जनताबाट केवल फोस्रो धन्यवाद मात्र नभएर हृदयबाट उर्लेको यै सत्य साधुवाद "हामी तिम्रो सहयोगको आभारी छौं, र रहने छौं" भन्ने शब्दको साथै प्राप्त ग-यो । वि.सं. २००७ साल फागुन चार गते राजा त्रिभुवन आफ्ना सारा पुत्र-भृत्यादिको साथै काठमाण्डू भित्रि बक्सियो र ७ गतेका दिन "अब हाम्रो राष्ट्रमा प्रजातान्त्रिक राष्ट्रहरूमा रूप-रेखा भए जस्तो प्रजातान्त्रिक शासन-प्रणालीद्वारा राष्ट्र-शासन चल्नेछ" भन्ने उदारवादले ऐतिहासिक-घोषणा भयो र अन्तरिम मन्त्रीमण्डल खडा गरी राज्य-शासन चल्न लाग्यो । यसको केही दिन अगाडि नै राणा-शासकले जन्म-कैद सम्म ठेकेका उनीहरूका कुदृष्टिका अभियुक्त हाम्रा सारा उपर्युक्त दाजुभाईहरूलाई छोडी दिइसकेको थियो । यो दिन नेपाली-मात्रको निम्ति साह्रै ठूलो सौभाग्यको र हर्षोल्लासको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ त्रिभुवनको उपचारार्थ विदेश-यात्रा

आफ्नो राज्याधिकारको परम्परागत शासन-प्रणाली आफ्ना भृत्यका वर्गहरूमा लामो समयदेखि रहिरहेको आफूमा अनुभव गर्दा-गर्दा र त्यसलाई छुटाँउने अनेकौं सद्‌विचार तथा प्रयत्नमा निरन्तर लाग्दा-लाग्दा राजाको स्वाभाविक हृदय-स्पन्दनमा केही आधिक्य आंउदै गयो । यो कुरा चिकित्सकहरूका माध्यमबाट सारा जनताले थाहा पाएर निरन्तर चिन्तित हुँदै गए । यता यहांका डाक्टर-वैद्यहरूले राजामा विन्ती पारे कि-केही दिनको लागि विदेश गएर उपचार गराँउन पाए सरकारको स्वास्थ्यको साथै हामी साराको हृदय पनि स्वस्थ हुने थियो कि ? ठीक भन्यौ, हुन्छ, जान्छु, भनेर राजा स्वीट्‌जरल्याण्ड सवारी भयो र त्यहांको ज्यूरिच नामको अस्पतालमा राज भयो । उपचार हुँदै गयो । त्यसको केही दिन पछि पुनः वि.सं. २०११ सालको फाल्गुन मसान्तको दिन राजाको हृदयगति अवरूद्ध हुन गयो । त्यो खबर फैंकिएर यहां आएपछि त्यसको भोलिपल्टै राज-परम्परानुसार राज्यसिंहासनमा उत्तराधिकारीले अवरोहण गर्नु पर्ने हुंदा तत्काल युवराज श्री ५ महेन्द्र प्राचीन राजदरवार हनुमान ढोकामा राखिएको पारम्परिक राज्य-सिंहासनमा अवस्थित भई नेपाल-राष्ट्रका सर्वेसर्वा श्री ५ महाराजाधिराज भइ बक्सियो र यसरी आफ्ना कान्छा भाई वसुन्धरालाई प्रथम परमादेश बक्सियो - यो मैले लेखेको राष्ट्रिय- चरित्रनामक ऐतिहासिक महाकाव्यको बाइसौं सर्गको पहिलो र दोस्रो श्लोक हो । पढौं त -

सारा खप्तै मन अतिदुखी स्वर्ग जांदा नरेन्द्र
कल्पी-कल्पी व्यतित रजनी भै सकेमा महेन्द्र ।
भन्छन् आफ्ना अनुजकन ती साथ रानी-मुमाको
जाऊ कान्छा ! अब तिमी वहां, लाश ल्याऊ बुवाको ।।

जो जो पर्ला अब सब कुरा माहिला-भाई साथ
गर्दै गर्छु, प्रखर-दुख यो खप्न सक्नेछु माथ ।
छोडी चिन्ता, खपि, गर सबै "धर्म यस्तै छ हाम्रो"
ल्याई याहीं नृपति-शव त्यो गर्नु संस्कार राम्रो ।।

अब अगाडिको कार्यक्रम राजनीतिको रूप लिएर बढ्‌दै गयो । स्वर्गीय-राजाको प्रजातान्त्रिक व्यवस्था राज्य-सञ्चालनार्थ कायम गर्ने भन्ने पूर्वोक्त घोषणा अनुसार संसदीय-चुनावको रूप-रेखा तयार भयो र वि.सं. २०१५ साल फागुनमा निर्वाचनको तिथि निर्धारित भयो । चुनाव भयो र परिणाममा नेपाली काङ्ग्रेसका नायक विश्वेश्वर-प्रसाद कोइराला प्रधानमन्त्री बनाइए । शासन चल्दै बढ्‌दै र आफ्नो ढङ्गले अगाडि सर्दै गयो । यो धेरै जसोलाई त्यत्तिको मन परेन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाले २०१७ साल पौष १ गते आफ्नो अधिकार प्रयोग गरी भताभुङ्ग पारी दिइबक्सियो । त्यसपछि यो पञ्चायत-शासन-प्रणाली लागू र चालू गराइ बक्सियो । जो अहिले चलिरहेकैछ । त्यसपछि श्री ५ महेन्द्र जो साह्रै-साह्रै दूरदृष्टिका कुशल-शासक एवं परराष्ट्रनीति-संबर्धनदक्ष तथा स्वराष्ट्रको महत्त्व स्वयं विश्वभरका राष्ट्र-राष्ट्र घुमी-घुमी यसरी बढाई दिने र तिनमा हाम्रो गौरव छरिदिने तथासंस्तुत हाम्रा राजा वि.सं. २०२८ सालमा चितौनको आफ्नो दियालो वङ्गला नामको राजभवनमा आकस्मिक-रूपले हामी प्रजाजनलाई टुहुरो पारी एक्लै स्वर्गतिर सवारी भइबक्सियो । यसले सुमहती क्षति गरायो ।

वर्तमान नेपाल-राष्ट्राध्यक्ष

तदनन्तर स्वर्गीय राजाको वंश-परम्परानुसार जेष्ठ-श्रेष्ठ पुत्र भएकोले उत्तराधिकारीको रूपमा युवराज श्री ५ वीरेन्द्रले तत्कालमा माथि भनिएकै विधिले राज्यसिंहासनमा आरोहण गरि बक्सियो । त्यसबेला राजोचित उहांको पूर्ण नाम "श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह" भन्ने रह्यो । अब राष्ट्रको समस्त शासन आदि कार्य-सञ्चालन भार आफ्नो सुदृढ स्कन्ध-युगलमा आइ परेकाले तदनुसार तात्कालिक कार्यकलाप आफैंले निर्देश दिइ सम्पन्न गराँउन लगाइ बक्सियो । यता राष्ट्रमा पञ्चायत शासन-प्रणाली आफ्नो गतिमा अघि बढिरहेकै थियो र सक्तो उन्नतितिर लम्किर्दै थियो ।

शुभ-राज्याभिषेक

समय यसरी अघिल्तिर बढ्दै जांदा नजर्दि राष्ट्रिय-व्यक्तिहरूद्वारा निर्धारित नयां राजाको शुभ-राज्याभिषेकको शुभ-मुहूर्त नजिकिंदै आयो । यो दिन थियो वि.सं. २०३१ साल फाल्गुनमासको बाह्रौं दिन । यसै दिनको लागि अत्यावश्यक वैदिक विधि-विधान अनुसारका सर-सामान देश-विदेशहरू बाट स्वयं गएर अथवा मगाएर सारा राष्ट्रिय प्रजाले जोर-जम्बा गराई सकेका थिए । धेरैजसो राष्ट्र-राष्ट्रका राष्ट्रिय व्यक्ति-विशेष एवं राष्ट्राध्यक्षहरू आमन्त्रित भएर स्वयं यस समारोहमा सम्मिलित हुन यहां आइसकेका थिए । तब प्रातःकाल देखि नै वैदिक-ब्राह्मणहरूद्वारा सुसम्पन्न यज्ञ-मण्डपको सुमनोहर राज्य-सिंहासनमा राजा-रानीलाई शास्त्रीय विधानानुसार अनेकौं देशी-विदेशी तीर्थहरूबाट समाहृत पवित्रतम एवं सुसंस्कृत जलराशिले चारै आश्रम र चारै वर्णका प्रजावर्गद्वारा अभिषेक टक्र्याइयो । साराले महोत्सव मनाए । त्यसबेलामा राजा-प्रजाको हृदयोद्गार एवं सत्याभिव्यक्ति श्रुति-स्मृतिका महावाणीका रूपमा आदेश-निर्देशको ढंगबाट यसरी समस्त अधिराज्यभरका भू-खण्डका कण-कणमा व्याप्त हुंदै गयो । जो यस्तो छ -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा र राजधर्ममा श्रुति-स्मृतिको निर्देश

पूर्वोक्त विधि-विधान अनुसार त्यसरी राज्याभिषेक प्राप्त गरिसकेका राजालाई भगवान् वेद आफ्नो अङ्गभूत अथर्ववेदको काण्ड छको ९८ मन्त्रद्वारा यस्तो निर्देश दिन्छन् ।

ओम्, त्वामिन्द्राजाधिराजः श्रवस्युस्त्वं भूरभिभूतिर्जनानाम् ।
त्वं दैवीर्विंश इमा वि राजा युष्मत्क्षत्रमजरं ते अस्तु ।।

हे राजन् ! तिमी चिरस्थायी राजाहरूका पनि सर्वोत्तम राजाधिराज-परमात्माको कृपाले यस राष्ट्रका प्रजाका शासक राजा भएका छौं । अब तिमी दिव्य-सद्गुणहरू आफूमा बढाएर यी आफ्ना प्रजाहरूको निरन्तर भलो हुने गरी यिनमा शासन गर र आफ्नै पृथ्वीका-भूखण्डको परिपालन गर । संक्षेपमा कि, महाप्रभुका अनुकम्पाले नै तिमी राजधर्म-परिपालक राजा भएका छौ । तिम्रो यो राष्ट्र कहिल्यै पनि विनष्ट नहोस्, निरन्तर चिरस्थायी हओस् ।

त्यसपछि प्राचीनकालका आर्य-जनता आफ्नो राष्ट्रको सुरक्षार्थ ऋग्वेद १०।१७३।५ को मन्त्रले यसरी प्रार्थना गर्दथे ।

ध्रुवं ते राजा वरुणो ध्रुवं देवो बृहस्पतिः ।
ध्रुवं त इन्द्रश्चाग्निश्च राष्ट्रं धारयता ध्रुवम् ।।

हे राजन् ! तिम्रो यो राष्ट्रलाई वरुण-देवता अविचल राखुन् । बृहस्पति स्थिर बनाउन् । इन्द्रदेव यसलाई सुदृढ राखुन् र अग्निदेव निश्चल-रूपले सन्धारणा गरून् ।

तदनन्तर "आ ब्रह्मन् ब्राह्मणो" इत्यादि शुक्ल-यजुर्वेदको २२.२२ को मन्त्रले राष्ट्रको समुन्नतिको निमित्त शुभाशंसा व्यक्त गरिन्छ । यस मन्त्रको समग्र पूणार्थ ग्रन्थको प्रारम्भमै गरि सकिएकोछ । पुनः यसो भनिन्छ "वयं राष्ट्रे जागृयाम पुरोहिताः" पूरः अग्रे हितं कल्याणमाचरन्ति ये ते नाम पुरोहिताः (राष्ट्रिय कर्तव्यमा निरन्तर ध्यान दिएर अगाडि-अगाडिको निमित्त हित-भलो हुने काम-कुरा-पट्टि लाग्दै जाने महान्-महान् राष्ट्रिय व्यक्तिहरू (न कि हिजो-आज होमे-डामे भनिने बाजेहरू) नित्य सतर्क भइ रहने छन् इत्यादि । यसपछि प्रजाजन राजालाई यसो पनि भन्दथे। अथर्ववेदको ५.१.७ को यो सदुक्ति ध्यान दिएर सुन र त्यस्तै गर्ने गर "ब्रह्मचर्येण तपसा राजा राष्ट्रं हि विभ्रति" ब्रह्मचर्य-समृद्ध तपस्याचरणले राजा आफ्नो राष्ट्र सञ्चालन समर्थ हुन्छ । अर्को तलको ऋचा (भनाइ) मा ध्यान देऔं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिवृत्य सपत्नानभि या नो अरातयः ।
अभिपृतन्यन्तं तिष्ठामि यो न इरस्यति ।। ऋग्वेद १०.१७.२

जो जो हाम्रा विरूद्ध छन्, हिंसक-शत्रुहरू छन्, जो सैन्य लिएर हाम्रो राष्ट्रमा लड्नाको अभिप्रायले आइ लाग्छन् तथा जो हाम्रो द्वेष गर्छन्, ए राजा ! अब तिमी ती सबै दुष्टहरूलाई परास्त गर, अभिभूत पार । "राजा प्रकृतिरञ्जनात्" भनेझैं यथार्थ कामको राजा बन, स्मृतिकार मनु महाराजको ७.१४४ को उक्ति जस्तै गर । क्षत्रियस्य परो धर्मः प्रजानामेव पालनम् । तस्मात् राजन् ! तिम्रो स्वधर्म यही हो । यसैगरी तिमीले धर्मको रक्षा गर्‍यौ भने त्यै धर्मले तिम्रो रक्षा गर्नेछ । धर्मो रक्षति रक्षितः । यी हुन् प्रामाणिक कुरा । त्यस्तै महाभारत शान्तिपर्वमा युधिष्ठिरलाई राजधर्मोपदेश दिँदै भीष्मपितामहले भनेका छन् ।

सदानुरक्तः प्रकृतिः प्रजापालनतत्परः ।
विनीतात्मा हि नृपतिर्भूयसीं श्रियमश्नुते ।।

तदनन्तर राज्यशासनमा राजालाई सावधान तथा सतर्क बनाएर यो निम्नांकित ऋग्वेदको १०.७३१ को मन्त्र पढेर शुभाशीर्वाद दिँदै प्रजाहरू यसरी भन्दछन् ।

आ त्वा हार्षमन्तरेधि ध्रुवस्तिष्ठा विचाचलिः ।
विशस्त्वा सर्वा वाञ्छन्तु मा त्वद्राष्ट्रमधिभ्रशत् ।।

ए राजा ! हामीले तिमीलाई राष्ट्रपति बनाएका छौं । तस्मात् तिमी यो राष्ट्रको सर्वे-सर्वा भयौ । अतः राष्ट्रमा परिआएका र परिआउने सम्पूर्ण काम-कुरा गर्न सक्रिय हुँदै निरन्तर स्थिर एवं अविचल भइ रह्यौ । सारा प्रजा तिमीलाई मन पराइ रहुन् । अब उप्रान्त तिमी त्यस्तो काम गर्दै जाउ, जसको प्रयोगले तिम्रो यो राष्ट्र नष्ट-भ्रष्ट हुन नपाओस् ।

यसै मन्त्र मुनिको अर्को यौटा मन्त्र पढौं -

इहैवैधि च्योष्टाः पर्वत इवाविचाचलिः ।
इन्द्र इवेह ध्रुवस्तिष्ठेह राष्ट्रमुपधारय ।।

राजा ! तिमी साक्षात् पर्वतै जस्तो स्थिर, (अचल) भएर यस राष्ट्रमा आफ्नो शक्तिको जरो गाड । राज्यच्युत होइने जस्ता निन्द्य काम-कुरापट्टि ध्यानै नदेउ । इन्द्रकै जस्तो निश्चल भएर रहु । यो राष्ट्रलाई ढपक्क-ढाक र आफूमै स्थिर बनाई राख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब राजा आफ्ना प्रजाजनलाई समुचित उत्तर दिँदै यसरी सुदृढ एवं साहसिक प्रतिज्ञागर्भक वाक्योच्चारण गर्दछन् ।

अहमस्मि समान उत्तरो नाम भूम्याम् ।
अभीषाडस्मि विश्वाषाढाशां विषासहिः ।। अथर्ववेद १२.१.५४

म आफ्नो राष्ट्रको निमित्त जे जस्तो पनि खप्न सक्ने भएर राज्य-शासन-सञ्चालन गर्नेछु । आफ्ना प्रजाजनमा आइ परेका दुःख पीर-बाधा मर्का आदि विनष्ट पार्नको लागि निरन्तर मरिमेट्नेछु । यसका अतिरिक्त राष्ट्रमा आइ पर्ने असह्य कष्टादि र अन्य कुनै प्रकारको आपत्-विपत् आइ परि हाले पनि, चाहे ती जता सुकै बाट आएका किन नहोउन्, जस्ता आंउन्, जुनबेला आंउन् कत्ति चिन्ता नलिई तिनलाई समूलै मास्ने र नाश्ने सुप्रयत्न गर्दै रहनेछु ।

अर्को त्यस्तै मन्त्रार्थ पढौं -

यद्वदामि मधुमत् तद्वदामि यदीक्षे तद् वनन्ति मा ।
त्विषीमानस्मि द्युतिमानवान्यान् हन्मि दोहतः ।।

आफ्नो राष्ट्रको सम्बन्धमा म जो भन्नेछु, त्यो त्यसैका सहायताको लागि हुनेछ । म पूर्णप्रकाशमय वर्चस्वशाली र साह्रै बुद्धि पु-याएर यो राष्ट्रको दोहन गर्न खोज्ने, एवं अनेकौं रूपबाट सम्पूर्ण श्री-सम्पत्ति आफ्नो पार्न आंट गर्ने, दुष्ट प्रकृतिका व्यक्तिहरूलाई निमिट्यान्नै पार्ने प्रयत्न गर्नेछु । यो थियो स्वयं राजाले गर्ने प्रतिज्ञा र पढिने मन्त्र,

यत्ति भइसके पछि यो राज्याभिषेकको समस्त क्रिया-कलाप समाप्त हुन्थ्यो यसपछि गरीब-गुरूवाहरूलाई यथेष्ट दान-दक्षिणा आदि दिइन्थ्यो र राष्ट्रिय-महोत्सव मनाइन्थ्यो ।

शतपथ-ब्राह्मणको अर्को यौटा १३.२।२.६को उक्तिमा यस्तो भनेको पाइन्छ कि

राष्ट्रमेव विश्याहन्ति तस्माद्राष्ट्री विशं घातुकः ।
विशमेव राष्ट्रायाद्यां करोति तस्मादाष्ट्री विशमत्ति नपुष्टं पशुं मन्यते ।।

ए राजा ! यदि तिमी माथि भने जस्तो गर्दैनौ भने तिमीले नियुक्त गरेका राजकर्मचारीहरू नै तिम्रो राष्ट्र स्वतः नष्ट-भ्रष्ट पारि दिनेछन् । होश गर ! भनेर यस मन्त्रले अझ सतर्क (सावधान) गराएको देखिन्छ । त्यस्ता राजकर्मचारीहरू जो प्रजाजनहरूको वास्ता-व्यास्ता गर्दै नगर्ने, टेर्दै नटेर्ने भए भने राज्यभरी अनेकौं ढंगका गुप्तरूपका प्रपञ्च र छल-छद्म रची यी प्रजाहरूको संहार गरि छोड्नेछन् । यी कुरामा तिम्रो सुदृष्टि पुग्न सकेन भने ए राजा ! तिमी स्वयं एक्ला हुनेछौ । त्यसबेला स्वच्छन्द र उन्मत्त जस्तै भएर शासक र प्रजारक्षक हुंदा-हुंदै पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजा-विनाशक एवं घातक हुनेछौ । अत एव कुनै पनि यस्तो व्यक्तिलाई राज्यको सर्वाधिकार दिँदै नदेउ । जस्तो मांसाहारी सिंहादि अन्य पशुहरूलाई मारेर आफैं हृष्ट-पुष्ट हुन्छ, ठीक त्यस्तै, स्वच्छन्द भयौ भने, चाहिने नचाहिने काम-कुरा गर्न लाग्यौ भने, तिमी पनि प्रजाजनलाई भुसुक्क पार्नेछौ । तस्मात् राष्ट्रशासन-सञ्चालन गर्ने पूर्ण सर्वाधिकार आफैंमा राखि छोड र कसैलाई पनि आफ्नो भन्दा ठूलो अधिकार दिँदै न देउ त्यस्ता राष्ट्रका आभिजात्य वैभवादिद्वारा सुसम्पन्न व्यक्तिहरूलाई । त्यस्ता व्यक्तिहरूले अनेकौं छल-छद्म बाट धोका दिई तिम्रो श्री-सम्पत्ति सम्म आफ्नो पारी स्वार्थसिद्ध गर्नेछन् । तस्मात् आफ्ना प्रजालाई अब देखि राजा ! तिमी कहिल्यै पनि स्वतन्त्र (छाडा) नगराउ । उनीहरूलाई निरन्तर धार्मिक कर्माचरणमा प्रवृत्त गराउँदै राम्रोसँग शासन गर्दै जाउ । यसैगर्दा तिम्रो राष्ट्र सुरक्षित हुँदै निरन्तर अघि बढ्दै जानेछ ।

श्रुतिको अर्को निर्देश छ - राष्ट्रमा राष्ट्रपति हुनेले विवेक-विचारबाट एवं सद्गुणी राष्ट्रभक्त व्यक्तिहरूलाई मात्र राष्ट्र-शासनको अधिकार दिएर उनीहरूकै सर-सल्लाह अनुसार प्रशासन चलाउने व्यवस्था मिलाउनु पर्छ । यजुर्वेदको २५.२५ को निम्नांकित कण्डिकामा यस्तो भनेकोछ ।

यत्र ब्रह्म च क्षत्रं सम्यञ्चौ चरतः सह ।
तं पुण्यं लोकं प्रज्ञेषं यत्र देवाः सहाग्निना ।।

जुन राष्ट्रमा विद्वान् ज्ञानी ब्रह्मतत्त्ववेत्ता ब्राह्मणहरू र त्यस्तै क्षत्रिय-वीरहरू तथा संस्तुत शक्ति-सम्पन्न भएर राष्ट्रिय क्रिया-कलाप परिपूर्ण गर्दछन् त्यो राष्ट्र नै पुण्यशाली हो । जहां अरूहरूको त के कुरा ? साक्षात् देवताहरू पनि अग्निदेवकै साथ सुसमृद्ध हुने चेष्टा गर्दछन् ।

मनुस्मृतिको ११.१२ पद्यमा देखिन्छ -

एकोऽपि वेदविद्धर्मं यो व्यवस्येद् द्विजोत्तमः ।
स विज्ञेयः परो धर्मो नाज्ञानामुदितोऽयुतैः ।।

श्रुति-स्मृतिका वेत्ता विप्रदेवहरू मध्यको यौटैले जुन धर्मको प्रामाणिक श्रेष्ठता प्रदर्शनपूर्वक जो व्यवस्था निर्धारित गर्दछ । त्यही सर्वोत्तम धर्म हो । किन कि ? अज्ञानीहरू हजारौं-लाखौं भए पनि तिनीहरूले दिएको व्यवस्था कहिल्यै मान्य हुने सक्तैन । ठीक त्यस्तै जस्तो भनेको छ "एकश्चन्द्रस्तमो हन्ति न च तारागणा अपि"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभा-संस्थापन

यी सब कुराले पनि राजाले आफ्नो र राष्ट्रकै हित-भलो गर्न तथा संरक्षण संबर्धन एवं संभरण गर्न र सर्वोत्कृष्टता संस्थापित गर्न स्थायीरूपमा तीन सभाहरू संस्थापन गर्नु पर्दछ । जस्तो कि ऋग्वेद आफ्नो २०.३८.६ को ऋचाद्वारा निर्देश गर्दछ ।

"त्रीणि राजाना विदथे पुरूणि परि विश्वानि भूषथः सदांसि" इत्यादि

यसमा राजाले तीन सभा संस्थापन गर्ने निर्देश छ । सभाका नाम हुन, विद्या-सभा, धर्म-सभा र राज-सभा । यिनैबाट राज्यको प्रशासन व्यवस्था चल्ने प्रबन्ध मिलाउनु पर्दछ । अथर्ववेदमा पनि यसको उल्लेख भएको पाइन्छ ।

"तं सभा च समितिश्च सेना च" । सभ्याः । सभां मे पाहि, ये च सभ्याः सभासदः । इत्यादि सभा समिति र सेना शास्त्रीय-निर्देशानुसार खडा गरी तिनैको विचार-विमर्श द्वारा राज्य-सञ्चालन गर्नु सर्वोत्तम मानिएकोछ ।

राजाले इन्द्रिय-जयी हुनैपर्छ

उपर्युक्त यी सब कुराहरूमा राजाले आफ्ना इन्द्रियहरूलाई छाडा गराँउनु हुँदै-हुँदैन । सधैं विजितेन्द्रिय हुनैपर्छ । किन कि ? कुनै विषयमा पनि अलिकति चुक्यो कि, रड्क्क रड्कियो कि, आफैं च्युत होइने हुंदा भगवान् अच्युतलाई भेट्ने कुरै भएन । यता आफ्नो साथै राष्ट्र र राष्ट्रिय-प्रजाजनहरूलाई समेत अनर्थको अत्यन्त भयानक खाल्डोमा जाक्न पुग्दछ ।

जस्तो कि भनेको छ "जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः" । त्यस्तै चाणक्यज्यूको भनाई भेटिन्छ "राज्यमूलं हि इन्द्रियजयः" तस्मात् कुनै पनि राष्ट्रको राजा किन नहोस, त्यसले सर्वप्रथम इन्द्रियगण जित्न सक्ने हुनुपर्छ, नभए आफ्नो साथै आफ्ना प्रजाजनको संरक्षण-संबर्द्धन आदि गर्नै सक्तैन । त्यस्तै श्रीमद्भागवत ४।२१।२४ को निम्नांकित श्लोक देखिन्छ - जुन देशको राजा आफ्ना प्रिय प्रजाजनलाई पारम्परिक धर्मको सच्छिक्षा दिंदैन र त्यसमा तिनलाई प्रवृत्त गरांउदैन भने केवल कर मात्र उठाएर खाने त्यस्तो राजा प्रजाजनकै पाप-ताप स्वयंले भोग गर्दछ र आफ्नो सुयशका साथै पुण्य-सुन्य पनि शून्यै पार्दछ ।

य उद्धरेत् करं राजा प्रजा धर्मेष्वशिक्षयन् ।
प्रजानां शमलं भुङ्क्ते भगञ्च स्वं जहाति सः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यता त्यस्ता सुयोग्य राजाहरूलाई भ्रष्टाचारी-दुराचारी र अत्याचारीहरूलाई चाहे त्यो जो सुकै वा जस्तो सुकै किन नहोस्, समुचित दण्ड दिने अधिकारको व्यवस्था देखाउँदै स्मृतिकार स्वयं मनु महाराज आज्ञा हुन्छ ।

स राजा पुरुषो दण्डः स नेता शासिता च सः ।
चतुर्णामाश्रमाणां च धर्मस्य प्रतिभूः स्मृतः ॥
दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति ।
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः ॥ ७.१८

प्रिय पाठकवर्ग ! अरू यस विषयका राज्यशासन-सञ्चालन प्रणालीको गुठिल-गाँठाले भरिएका तत्त्वहरू देखाँउने र तिनीहरूलाई राम्रोसँग फुकाएर आफ्नो वशमा सँस्थित पारेर रामराज्य चलाउन सकिने व्यवस्था आदि स्वरूपतः प्रदर्शन गराइएको सर्वाङ्गपरिपूर्ण प्राचीन ऐतिहासिक ग्रन्थ श्रीमद्वाल्मीकिरामायण नै हो । यसैलाई हाम्रो सुपरिस्कृत नेपाली-भाषामा मूलसंस्कृत ग्रन्थबाट पूर्णानुवाद गराएर जस लिने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान नै हो । यश कमाउने र आत्मसंतोष समुपार्जन गर्ने यसको अनुवादक र यस ग्रन्थको लेखक म नै हूँ । त्यसैको अयोध्याकाण्डको सयौं (१००) अध्यायमा यी सब कुराको विशद-व्याख्याको रूपमा उल्लेख भएकोछ । भाई-भरत राज्याधिकारी दाजु-रामलाई आफ्नो भइसकेको राज्य फर्काइ दिन्छु, मेरो हो भनेर म सञ्चालन गर्दिन, भन्ने ठानेर सेना-मेना साथै चित्रकूटमा भेट गर्न जाँदा दाजु-रामले भाई भरतलाई "बाबु" भरत ! सुविशुद्ध-राज्यमा यस्तो यस्तो ………………… यत्ति यत्ति कुरा अवश्यमेव हुनै पर्दछन् । अब भन त ! के ती सब कुरा तिम्रो राज्यमा पनि भइसकेका छन् ? भनेर प्रश्नका रूपमा श्रीरामका श्रीमुखबाट निर्देशित भएका छँदैछन् । उपर्युक्त विषयमा अब अरू अनावश्यक कुराहरू देखाइरहनु लेखक अनुचितै सम्झन्छ र निवेदन गर्दछ कि, हेर्न, बुझ्न आवश्यक ठाने वा जिज्ञासाले ताने, यस्ता कुरामा रूचि लिने मनले माने त्यही ग्रन्थ-रत्न हेरे अथवा पढे यथार्थ वस्तु-स्थिति बोध हुने नै छ ।

राष्ट्रिय शासन-प्रणालीमा पञ्चायत-व्यवस्था

●

हाम्रो राष्ट्रिय शासन-प्रणालीमा यसो सुदृष्टि दिएर हेर्नै हो भने वर्तमान शासन-व्यवस्थालाई साह्रै बलियो र निकै दरो, जरो गाडि सकेको यौटा सुदृढ एवं परिमार्जित शासन-प्रणाली हो भन्न कसैले पनि हिचकिच्याउनु पर्दैन । जुनसुकै राष्ट्रका राजनीतिक नेताहरूले पनि यसलाई "न राम्रो हो, वेठिक हो" भनि हाल्न सितिमिति गाह्रै पर्दछ । यसमा राष्ट्रिय सुप्रसिद्ध व्यक्तिहरूको स्थानीय एवं क्षेत्रीय व्यक्तिहरूको पनि यथेष्ट समावेश हुन्छ र यो शासन तिनैबाट चल्दछ । त्यसमा त्यसको पहिलो रूप र अवस्था अथवा व्यवस्थै भनौं यस्तो छ । सर्वप्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बद्ध-व्यक्तिले, अथवा हाम्रो राष्ट्रिय-राजनीतिमा पदार्पण गर्न चाहने साधिकार पुरुष वा नारी-जातिले शासन-प्रणालीका अनुरूपको नियमानुकूल भएर त्यसमा प्रवेश गर्न आफ्नो कार्यक्रम अगाडि बढाउनु पर्दछ । यसका आधारभूत स्तम्भहरू जस्ता छ - ओटा वर्गीय-संगठनहरू छन् । ती यिनै हुन् - किसानसंगठन, मजदूरसंगठन, युवकसंगठन, प्रौढसंगठन, भू.पू. सैनिकसंगठन र महिलासंगठन । यी छओटा संगठन अ-आफ्नो नियम-उपनियमका समुचित परिधिभित्र संवैधानिक रूपले स्वतः आवद्ध भइरहेका छन् । तदनुरूप राजनीति अथवा शासन-प्रणालीभित्र आउन चाहने कुनै पनि साधिकार व्यक्ति निस्कन्छ भने त्यस्ताले सर्वप्रथम उपर्युक्त छओटा संगठन मध्यको यौटा न यौटा संगठनको सदस्यता प्राप्त गरेकै हुनुपर्दछ । यत्ति भए पछि मात्र त्यसको राष्ट्रिय-राजनीतिमा एवं शासन-प्रणालीमा प्रवेश गर्ने मूलद्वार प्रशस्त हुन्छ, अर्थात् खुल्दछ ।

अबको पञ्चायत-शासन व्यवस्थामा हाम्रो सरकारले आफ्नो अधिराज्य ग्राम-पञ्चायत, जिल्ला-पञ्चायत, अञ्चल-पञ्चायत र राष्ट्रिय पञ्चायतको तह सम्ममा विभक्त गरेकोछ । उपर्युक्त वर्गीयसंगठनको सदस्यता प्राप्ति देखि ग्राम, जिल्ला, अञ्चल र राष्ट्रिय पञ्चायत सम्मका पाँचै तह (खण्ड) को भद्र-भलादमीहरूको समावेश भएको ठाउँको नाम हो पञ्चायत । यिनमा क्रमशः स्थानीय-क्षेत्रीय आदि तहमा प्रतिस्पर्धाको दृष्टिले उमेदवार-व्यक्ति उठ्दै "म निर्वाचित हूँ" भन्दै जान्छ र स्थानीय एवं क्षेत्रीय जनताले यो लायक व्यक्ति हो "यसैलाई चुन्नु पर्छ र यसैले हाम्रो सार्वत्रिक हित-भलो गर्नेछ" भन्ने ठमाएर त्यसलाई निर्वाचित गराउछन् भने त्यस्तो व्यक्ति पुनः माथिल्लो तहमा निर्वाचित हुन, उमेदवार बन्न सक्तछ । यसरी यो पञ्चायत-शासन प्रणालीमा माथि भने जस्ता पांचओटा निकै मजा-मजाका भंङ्खाराहरू छन् । यिनलाई छिचोलेर अगाडि ठेगानामा अर्थात् राष्ट्रिय-पञ्चायतमा पुग्न सक्ने व्यक्ति नै माननीय कहिन्छ । अरू तल्ला तहका साधारण पञ्च कहलाउछन् । परन्तु हाम्रो अधिराज्य भरी चारहजार पन्द्रओटा ग्राम-पञ्चायत छन्, पचहत्तरओटा जिल्ला-पञ्चायत र चौधओटा अञ्चल पञ्चायत छन् । यिनमा पार पाएर अर्थात् क्रमशः ती ती तह-तहमा निर्वाचित भएर राष्ट्रिय-पञ्चायत-सभा कक्षमा पुग्नु अलिल गाह्रै छ । कारण अन्योन्यमा उमेदवारहरूको प्रतिस्पर्धा साह्रै न राम्रो रूपको हुन्छ र कहिले कहीं आफै-आफैमा हात-मुख छोडेको सम्म खप्नु पर्ने हुन आउछ । पुनः यसमा आकस्मिकरूपले अनेकौं विघ्न-बाधाहरू पछि-पछि लागेर आइरहेका हुन्छन् । निर्वाचित हुन चाहनेहरूलाई चित्त-विद्रावक स्थितिमा सम्म पु-याउछन् । यी सब काम-कुरामा निरन्तर सफल भएर, सक्रिय रहेर निर्वाचित ठहरिएका पञ्चमहानुभावहरू राष्ट्रिय पञ्चातयको सभाभवनमा सुशोभित हुन पुग्दछन् र माननीय शब्दले सम्बोधित हुन्छन् । राष्ट्रिय-पञ्चायतको सभाभवनमा त्यस्ता निर्वाचित माननीय उपाधि-विभूषित व्यक्तिहरूको संख्या अथवा स्थान भर्नौं केवल एक सय चालिसमात्रको छ । त्यसमा अधिराज्यभरीका निर्वाचित माननीयहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानमात्र एक सय बाह्को छ । बाँकी अठ्ठाइस स्थान संविधान-प्रदत्त अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराजबाट अञ्चल-अञ्चलका सुयोग्य व्यक्तिहरूलाई स्वयं मनोनित गरी परिपूर्ण गराइ बक्सिन्छ । यो अधिकार राजामा छ । यी सब कुरामा अर्थात् निर्वाचन-प्रक्रियामा हाम्रा राष्ट्राध्यक्षको कत्ति पनि व्यवधान हुँदैन । पछि गएर तिनै माननीय महानुभावहरूले नवनिर्वाचित सरकार बनाउन मत (राय) लिन थाल्दछन् र उपयुक्त व्यक्तिलाई अगुवा बनाई, यिनको प्रधानमन्त्रित्वमा सरकार बनोस्, भनेर बहुमत देखाई श्री ५ महाराजाधिराजको समक्ष आफ्नो प्रस्ताव पु-याउछन् र त्यसमा आफ्नो कुनै हस्तक्षेप विनाको केवल संविधान-प्रदत्त अधिकारको प्रयोग मात्र भएको राष्ट्राध्यक्षको स्वीकृति प्राप्त गर्दछन् । त्यस पछि त्यही प्रधानमन्त्रीले आफ्ना विचार-आचार मिल्ने खालका व्यक्तिहरूलाई नाना-रूपका मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीका पदमा संस्थापित गरेर शासन व्यवस्था चलाउन पुनः राष्ट्राध्यक्षका समक्ष उपस्थापित गर्दछ र स्वीकृति प्राप्त भए पछि त्यस्तै गर्दै जान्छ जस्तो अहिले छ । यसैको नाम मन्त्रिपरिषद् वा मन्त्रिमण्डल रहन आउछ । यसरी हाम्रो शासन-व्यवस्था पञ्चायत-पद्धति वि.सं. २०१७ साल देखि व्यवहृत हुँदै, चल्दै आएकोछ । यसका मुख्य प्रवर्तक अथवा योजनाबद्ध रूपबाट सञ्चालक स्वर्गीय श्री ५ महेन्द्रवीरविक्रम शाहनै होइबक्सिन्छ । यसैलाई वर्तमान राजा देखि रंकसम्मका समस्त हामी नेपाली जनताहरू अझ परिपुष्ट एवं सर्वतोभावेन परिबृद्ध पार्नमा निरन्तर संप्रद्धचित्त भइरहेका छौं । समयले हाम्रो यो देशलाई पनि सुसमृद्ध र विकसित राष्ट्रहरूको समक्ष उभ्याई देला भन्ने आशाले, उत्कट अभिप्रायले हामी अ-आफ्नो ठामबाट र त्यस्तै-यस्तै कामबाट तदनुरूप प्रयत्न गर्नमा अग्रसर हुँदैछौं ।

यसरी सर्वाङ्ग-परिपूर्ण भएको यो पञ्चायती-व्यवस्था अर्थात् शासन सञ्चालन-सभा राष्ट्रिय-विधायिका परिषद् अथवा सर्वोच्च-समिति कहिन्छ । यसका अतिरिक्त कार्यपालिका र न्यायपालिका नामका दुइटा अ-आफ्नो अधिकारक्षेत्रमा स्वतन्त्ररूपले कार्य-सम्पादन-दक्ष समिति निरन्तर कार्यशील भइरहेका छन् । हाम्रो राष्ट्रिय-व्यवस्था सञ्चालन-शक्तिमा सर्वोच्च शक्ति श्री ५ महाराजाधिराजै होइबक्सिन्छ । अधिराज्यभरी कहीं कुनै-कुनै कुरामा तल-माथि परिहाल्यो भने स्वयंबाट सोची-विचारी तत्कालीन समुचित आदेश-निर्देश एवं परमादेश-पर्यन्त बक्सिन्छ ।

प्रिय-पाठकगण ! अरू हाम्रा राष्ट्रिय विविध-पक्षका साहित्य संस्कृति ज्ञान-विज्ञान एवं स्थापत्य-वस्तु, काष्ठ र प्रस्तर-कला-निर्माणादिका प्रदर्शन आदिका विषय-वस्तुहरूमा, जसको वर्णन विशेषतः विदेशी मित्रराष्ट्रहरूले पनि निरन्तर मुक्तकण्ठले गरि रहेका छन् र प्रशंसित भइरहेका छन्, मैले यहाँ त्यसरी वर्णन गरि रहनु पर्ला जस्तो लागेन, समुचित मानिन । किन कि ? त्यसो गरि रहँदा ममाथि नै चर्वित-चर्वण चपाई सकेको खाद्य-पदार्थलाई निरन्तर चपाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रह्यो, पिष्टपेषण ग-यो, भन्ने दोष लाग्ला भन्ने आशंकाले यसो भन्छु कि हामी नेपालीमात्र आफ्नी मातृभूमिको माटो छोएको बेलादेखि नै क्रमशः त्री सब आफ्ना भनिने विषय-वस्तुको ज्ञान राख्नमा नैसर्गिकरूपले साह्रै नै दक्षता समर्जित गरिसकेका हुन्छौं । यदि कसै-कसैमा त्यसको न्यूनता छ भने ती ती विषय-वस्तुहरूमा विशिष्ट ज्ञान राख्ने दक्षता प्राप्त गर्नें हाम्रा राष्ट्रिय-विद्वान्हरूले लेखेको तत्तद्विषय-सम्बद्ध लेख-निबन्ध-प्रबन्धहरूका माध्यमले स्वतः अवगत हुने नै छ । अब यहां ती सब कुराको उल्लेख गरिरहनु अनावश्यक सम्झन्छु ।

विकासोन्मुख-राष्ट्र नेपाल

यता हाम्रो राष्ट्र अरू विकसित-राष्ट्रको-अपेक्षा निकै नै अविकसित छ तापनि अवश्य विकासोन्मुख छ । यसैलाई विकसित पार्नको लागि हाम्रो प्रयत्न निरन्तर वामेसर्दै र हात-गोडा फड्कार्दै, विकसित हुँदै आउँदोछ । नेपाल-माता वसुन्धरा सर्वदुग्धा छन्, परन्तु हामी नेपालीमात्र यिनलाई पहिलेका सत्ययुगी राजाधिराज वैन्य-पृथुले जस्तो दुहुन, यिनलाई साक्षात् कामधेनु नै हुन् भन्ने ठानेर अ-आफ्ना बुद्धि-वैभवले सार-सार तत्त्वहरू झिक्न, उपयुक्त वत्स-पात्रादिको परिकल्पना गरेर सजिलो र राम्रो ढंगबाट आफ्नो राष्ट्रलाई चाहिने वर-वस्तु आदि भूगर्भका कच्चा पदार्थ निकाल्न, अल्लि गति-विधि पुगिसकेका छैनौं । यही मन खल्लो पार्ने कुरा छ । साधकले साध्यवस्तु भेट्न, उपयुक्त साधन पाइहाल्न प्रयत्न गर्दा-गर्दै पनि हात पार्न सकि हालेको छैन । यसै कारणले पनि त्यस्तो विकसित पार्न खोज्ने हाम्रो राष्ट्रिय-धोको परिपूर्ण पार्न, सर्वतोभावेन समर्थ भइ सकेका छैनौं । यसमा हामीलाई चाँहिने ज्ञान-विज्ञानको साह्रै नै खांचो भइ रहेको अनुभूत हुंदोछ । यता राम्रो प्रविधि छैन भने उता प्राविधिज्ञको ठूलो खांचो (अभाव) छ । यस विषयमा हाम्रा हितैषी-मिष्ट्रराष्ट्रहरूले हामीलाई हरएक क्षेत्रमा, विषय-वस्तुमा सक्तो बौद्धिक, शारीरिक र आर्थिक सहयोग दिइरहेका छन् तापनि प्रत्येक क्रिया-कलापमा अनेकौं बिघ्न-बाधा आइ परि-परी रोकिएको र रोकिने स्वतः अनुभव गरिरहेका छौं ।यो पनि समय पाएर अवश्यमेव हट्नेछ ।

यता राष्ट्रिय ज्ञान-विज्ञान, कला-कौशल, शिक्षा-संस्कृति आदिका विषयमा हामी जहांसम्म पुगेका छौं, जे छौं, जस्ता छौं, ती ती विषय-वस्तुमा अझ प्रगति गर्न, उच्चस्तरीय समुन्नति भर्न, निरन्तर प्रयत्नवान् हुँदैछौं । यसमा हामीलाई शिक्षा-दीक्षा दिने, मार्ग निर्देशक हुने हाम्रै पूर्वकालीन अभिभावकहरू नै हुन् भन्दा विदेशीहरूले कुनै अत्युक्ति मान्नु वा ठान्नु पर्ने छैन । प्राचीनकाल देखिका हाम्रा पूज्य-गुरूजन एवं निर्देशकहरूको सच्छिक्षाको फल यसरी हामी नेपालीमात्रमा निरन्तर फलिरहेको छ र हामी उपभोग गर्दैछौं । त्यसैले यत्तिसम्मका भएर यहांसम्म आइरहेका छौं । हाम्रो कला-कौशल साह्रै ऊंचो छ र प्रशंसनीय छ । यता प्रस्तर-कला मठ-मन्दिरमा कुँदिएका देखिन्छन् अथवा ढुङ्गका स्तम्भमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलाफलकमा अंकित पाइन्छन् भने काष्ठ-कला मठ-मन्दिरका टुँडाल-टुँडालमा निरन्तर झल्किरहेका छन् । उता हामी राजादेखि रंकसम्मका नेपालीमात्रका पुराना-पुराना स-साना घर-छाप्रा देखि लिएर ठूला-ठूला राजभवन-पर्यन्तका कोठा-कोठामा ढोका-ढोकामा अंकित भित्तिचित्रहरूले पनि हाम्रो पूर्वकालीन हरएक विषयको कला-कौशलताको ललितकला-प्रियताको उच्चता देखाइ रहेकाछन् । यिनै सब कुराले निरन्तर आकर्षित भएर हाम्रो देशमा प्रतिदिन पर्यटकको रूपमा आउने विदेशी मित्रराष्ट्रहरूका व्यक्तिविशेषहरू पनि अन्ततोगत्वा ती सब कुराले साह्रै नै आकर्षित र आल्हादित भएर स्वदेश फर्किन्छन् । खास गरेर यसैबाट त हाम्रो राष्ट्रमा तत्तद्राष्ट्रको विदेशी-मुद्रा संकलित भइरहेको छ । विशेषतः यही नै त हाम्रो विदेशी मुद्राका आगमनको मुख्यस्रोतः हो । यसरी हामीहरू सर्वतोभावेन परिपूर्ण हुँदैछौं ।

अब भन्नुको तात्पर्य यही निस्कन आयो कि - हामी अथवा हाम्रो राष्ट्र कुनै विषय-वस्तुमा पनि न्यून छैन । तर कत्ति भने "कतिपय खण्ड-खाद्यले माल पाएर चाल न पाउने भने जस्तो माथिका यी सब कुरामा राम्रो उन्नति गरेर समुन्नति भर्न सकेका छैनौं । ठेगानमा पुग्न सकेका छैनौं, पाउनु पर्ने जति सर्वाङ्गीण परिपूर्णता पाइ सकेका छैनौं । जब कि राष्ट्रमा राज्यशासन-सञ्चालन गर्न अनेकौं मन्त्रालय संस्थापित छन् र हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराज द्वारा संविधानप्राप्त अधिकार प्रयोग गरी निर्वाचित व्यक्तिहरूबाट औंल्याइएको व्यक्तिलाई प्रधानमन्त्रित्व दिई, त्यसैका प्रधानतामा नियुक्त तत्तद्विभागीय-मन्त्री राज्यमन्त्री र सहायक-मन्त्रीहरूका माध्यमले उनैका मातहतमा रहेका तत्तत् मन्त्रालयहरूका विभाग, उपविभाग एवं अन्यान्य सरकारी-अर्धसरकारी र गैरसरकारी संघ-संस्था आदि कार्यालयहरू सञ्चालित भइ रहेकाछन् र तत्तद्विभागसम्बद्ध सुयोग्य व्यक्तिले, अधिकारीले सक्तो बल-वर्गतले विभागीय बुद्धि-वैभवले निरन्तर मरिमेटेर अ-आफ्नो जिम्वेदारीको काम-कुरा सुसम्पन्न गर्दैछन् ।

यस स्थितिमा हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराजको निरन्तर सुदृष्टि पुगेर समय-समयमा आवश्यक मार्गनिर्देशनरूप आदेश-उपदेश आदि प्राप्त भइरहेकैछ । अझ यसमा सार कुरो यही छ कि ? आगामी ई. सन् २००० सम्ममा हाम्रो राष्ट्रलाई समुन्नत राष्ट्रहरूको दांजोमा पु-याउने र राष्ट्र र राष्ट्रिय-व्यक्तिहरूले आफ्नो नाक अझ ठाडो तुल्याउने यस्तो राजाको उन्नत तथा परिवृद्ध इच्छालाई हामी नेपालीमात्रले सर्वप्रथम यी सब काम-कुरामा चाहिने वर-वस्तु साधन, उपसाधन आदि जोर-जाम गरेर, तिनको न्यूनतामा परिपूर्णता भर्न अर्थात् आवश्यकता परिपूर्ति गर्न अ-आफ्नो ठाउंबाट अ-आफ्नै काम-कुराले निरन्तर मरिमेट्तै छौं । यस्तो हाम्रो होस्टे (लक्ष्य) मा कतिपय मित्रराष्ट्रहरूले पनि हैंसे (सहयोग) मिलाउंदैछन् । यसमा हामी स्वतः शान्तिप्रिय छौं । उता हाम्रो राष्ट्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिक्षेत्र घोषित छ । विश्वभरी देखिरहेका छौं, कस्तो र कति सम्मको अशान्ति छ ? कस्तो भयानकता सर्वत्र व्यापकता लिएर अघि बढ्दोछ, तापनि हाम्रो राष्ट्र र राष्ट्रनिवासी राजादेखि रंकपर्यन्तका हामी सारा निरन्तर यस्तो सुमहती शान्ति अनुभूत गरिरहेका छौं भने, के यो सुमहान् उपलब्धि होइन त ? राजाले राष्ट्रनायकको रूपमा राष्ट्रदेवसंग गरेका भगवान् पशुपतिनाथले हाम्रो निरन्तर कल्याण गरून् भन्ने श्रद्धा-सद्भावनामय वाणीको अभिव्यक्ति के हामीले नै गरेको होइन त ? जब कि राजा नै राष्ट्रनायक छन् । तस्मात् पूर्वोक्त विषय-वस्तुमा अझ राम्रो सुदृष्टि जाओस् र निरन्तर सक्रिय भएर आफ्नो काम कुरा अघि सारियोस् भन्ने यो लेखकको पनि करजोरी विन्ती छ । किन कि ? राष्ट्र-नेपाल हामी चारवर्ण छत्तीस-जातैको हो र हामी नेपाली हौं । अस्तु

आर्यशब्द र आर्यजन

अब यहां केही बेर आर्यशब्दको व्याख्या हेरेर त्यसको स्वरूपाकलन गर्नपट्टि लागौं । किन कि ? हाम्रो राष्ट्रभरी छरिएर बसेका हामीहरू विशेषतः आर्यै-आर्यहरू हौं । आर्य शब्दको अर्थ हो "अर्यं प्रकृतं कर्तव्यमाचरितुं योग्य आर्यः" अर्थात् समयोचित शास्त्र-निर्दिष्ट सन्मार्गमा अड्ने गण्य एवं श्रेष्ठ व्यक्ति नै आर्य हो । शब्द-रत्नावली नामक संस्कृतकोषमा आर्यशब्दको अर्थ यही मानिएको छ। सुप्रसिद्ध अमरकोशकारले भनेका छन् "महाकुलकुलीनार्यसभ्यसज्जनसाधवः" यसको अर्थ यस्तो निस्किन्छ, जो आकृति-प्रकृति एवं शिष्टता-सभ्यता ज्ञान-विज्ञान तथा आचार-विचार र शील-स्वभाव आदिमा श्रेष्ठता, प्राप्त गरी सकेको हुन्छ त्यही व्यक्ति आर्य हो । त्यस्तै ज्यादै पुरानो मानिएको महान् प्रामाणिक कोष-ग्रन्थ शब्दकल्पद्रुममा आर्य-शब्द अलि विस्तृतरूपमा यसरी निर्धारित भएकोछ ।

मान्यः उदारचरितः शान्तचित्तः, न्यायपथालम्बी, प्रकृताचारशीलः सततसत्कर्मानुष्ठानरतः इत्यादि, भनिएको पाइन्छ । आर्य योग्य यस्तै सद्गुणी व्यक्तिहरू हुन् भनेर ठहऱ्याएकोछ । पुनः यस्तो लेखेको पनि शास्त्रीय-ग्रन्थहरूमा जतातते देखिन्छ ।

कर्तव्यमाचरन् कर्म ह्यकर्तव्यमनाचरन् ।
तिष्ठति प्रकृताचारे स वै आर्य इति स्मृतः ॥

प्रकृत-कर्म गर्ने र अकर्तव्य कर्म गर्दै नगर्ने एवं प्रकृत सदाचारमा मात्र टिक्ने पुरुष नै आर्य कहिन्छ । यस्तै आर्य र अनार्य व्यक्तिको यथार्थ-तथ्यता लिन अथवा तिनलाई राम्ररी छुट्यांउन मनु-महाराजको स्मृतिग्रन्थको १०.५७ मा लेखिएको देखिन्छ । "आर्यरूपमिवानार्यं कर्मभिः स्वैर्विभावयेत्" इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्यपुरूषहरूको रूप-रेखा, चाल-चलन आदि जे जस्तो छ, ठीक त्यसैको विपरीत काम-कुरा गर्नेहरूलाई यी अनार्य हुन् भनेर सम्झनु-जान्नु पर्दछ । ऋग्वेदमा पनि १०.६५.११ मा, आर्या व्रता विसृजन्तो अधि क्षमि, यसको अर्थ हो-तिनै व्यक्तिहरू आर्य भनिन्छन् र मानिन्छन् जो यो पृथ्वीभरी सत्य, अहिंसा, परोपकार तथा पवित्रता आदि आफूमा सुसज्जित गर्न, विशेषरूपका उत्तमोत्तम व्रतहरू धारण गर्दछन् ।अरू आर्यत्वका विशेषता देखाउने विवरणहरू माथि-माथि नै विशेषरूपले उल्लेख भइ सकेका छन् । अस्तु

हिन्दू र हिन्दूत्व

अब यहाँ हिन्दूशब्दको स्वरूप हेरौं - यो हिन्दूशब्द "हन हिंसागत्योः" भन्ने र "हिसि हिंसायाम्" भन्ने यी दुबै धातुबाट सिद्ध हुन्छ र यसको अर्थ यस्तो निस्कन्छ - कायिक, वाचिक तथा मानसिक आदि अनेक रूप लिने हिंसा देखि धेरै टाढा रहेका, छल, छद्म आदि गर्दै नगर्ने, दुष्ट माथि दिने तथा आफू अर्कामाथि जाई लाग्दै नलाग्ने र आइलाग्नेलाई ठेगान लगाई दिने व्यक्ति नै आर्य हुन् । धर्मच्युत एवं स्वकर्मच्युत हुने र शास्त्र, गाई, ब्राह्मण, देवता र राष्ट्रिय-राजालाई मान्दै नमान्ने तथा कसैको आदर-सम्मान गर्दै नगर्ने व्यक्तिहरू चाँहि पतितै हुन् भनेर उचित दण्ड दिने वा दिलाउनेहरूलाई नै सर्वोत्तम हिन्दू भनिन्छ । अर्को एउटा प्रामाणिक वाक्य पढौं -

हिनस्ति तपसा पापान् दैहिकान् दुष्टमानसान् ।
हेतिभिः शत्रुवर्गांश्च स हिन्दूरभिधीयते ।।

आफ्नो तपस्याले देह र मनमा उठेका समस्त पाप-तापादि (कुविचार र कुभावना) लाई जसले विनष्ट पारेकोछ र आफ्ना हाथ-हथियारले शत्रुहरूलाई निमिट्यान्नै बनाइ सकेकोछ त्यस्तो व्यक्ति नै हिन्दू भनिन्छ । यै हो हिन्दूको राम्रो लक्षण । अझ केहीक्षण गढेर हेरौं त -

हिंसया दूयते यश्च सदाचरणतत्परः ।
वेद-गो-प्रतिमासेवी स हिन्दूमुखवर्णभाक् ।।
ओंकारमूलमन्त्राढ्यः पुनर्जन्मदृढाशयः ।
गोभक्तो भारतगुरुर्हिन्दुर्हीनत्वदूषकः ।।

जो हिंसा (परपीडा) आदि गर्नमा र अर्काले गरेको देख्तैमा साह्रै दुःखित हुन्छ र स्वयं निरन्तर सत्-आचार आदि परिपालन गर्नमा तत्पर रहन्छ एवञ्च जो पुनः वेदको-गाइको तथा ईश्वरका प्रतिमाको श्रद्धा-विश्वासपूर्वक सेवा गर्दछ त्यही व्यक्ति नै उच्चस्तरको हिन्दू मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः उठेको बेलादेखि सुत्ने समयसम्म गरिने पूजा-पाठ आदिका मन्त्रहरूमा जसले ॐकार लाई नै प्रधानता दिएर त्यसैको सर्वप्रथम उच्चारणपूर्वक अरू विधि-विधान गर्ने गर्दछ र मरे पछि फेरि अवश्यै जन्मिनै पर्दछ, भन्ने पुनर्जन्मवादमा दृढ-विश्वास राखेको हुन्छ र जो पुनः भारतवर्षमा आफैंलाई सुयोग्य-स्थान प्राप्त गर्न समर्थ हुन्छ र जो कहिल्यै आफूलाई दीन-हीन ठान्दैन, उँचो सम्झेर तदनुसार काम-कुरा गरेर टिक्तछ, त्यही व्यक्ति उच्च हिन्दू हो । यस्ता पुरुषहरूले बस्ने ठामलाई हिन्दूस्तान भनिन्छ, जुन उत्तरमा हिमालयदेखि लिएर दक्षिणमा कन्याकुमारीसम्म फैलिएको भू-भाग पर्दछ, जसलाई देवनिर्मित कर्मभूमि हो भन्ने हामी पूर्वीय आर्ष-आर्यजनहरूको बलियो धारणा छ ।

हिमालयं समारभ्य यावदिन्दुसरोवरम् ।
तं देवनिर्मितं देशं हिन्दुस्थानं प्रचक्षते ।। बार्हस्पत्य-स्मृतिः

त्यस्ता पवित्र कर्म गर्ने व्यक्तिमात्रलाई सनातन-वैदिक-धर्मका उपदेशक एवं स्मृतिकार मनु-महाराज आफ्नो सर्वमान्य तथा सर्वदा-मान्य स्मृति-ग्रन्थमा यस्तो आज्ञा हुन्छ ।

एतद्देशप्रसूतस्य एकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।

यो देशको अर्थात् उत्तरमा हिमगिरिशृखलामण्डित (हाम्रो नेपाल पनि यसैभित्र पर्दछ) । पर्वतराज-हिमालयको माथिल्लो भाग देखि दक्षिणी समुद्रपर्यन्त कन्या-कुमारीसम्म र पश्चिममा सिन्धु-घाटीदेखि लिएर पूर्वीय वङ्गल-प्रदेशको ब्रह्मपुत्र नद वा नदीको तट-प्रदेश सम्मको चार किल्ला भित्रको ब्रह्मावर्त-क्षेत्रान्तर्गत आर्यावर्तको भू-भागमा चारै वर्णमा अगाडि जन्मेका ब्राह्मणदेव बाट यो विश्व-ब्रह्माण्ड भरीका सारा मनुष्यवर्ग अ-आफ्नो वर्ण-धर्म र आश्रमधर्मका चरित्रहरू अर्थात् सदाचरणमय धर्म-कर्मादिको सत्-शिक्षा लिने गरून् ।

यो हो हामी वैदिक-धर्मी हिन्दू-जातिलाई उहाँले बक्सिएको सद्उपदेश । यस भनाईको तात्पर्य बुझेर सार-ग्रहणपूर्वक सर्वाङ्गपरिपूर्ण वेदको राम्रो अध्ययन गर्न सके अथवा केही अंशमा मात्र भए पनि त्यसको तत्त्व बुझ्न सके केही भइ हाल्थ्यो कि ? त्यस्तै हामी पनि सच्चा हिन्दू भइ हाल्थ्यौं कि ? भन्ने सम्मको गुनासो हो, जो एक्लै बसेर एकान्त कुना रुँगेर यसरी गरिएको हो र केवल दुराशी-दुराशाले भरिएको सदाचार भित्रैको हो । यी सब कुराहरूले परिपूर्ण भएमात्र हामी हिन्दू कहलाउनेहरूको हिन्दूत्व जो पूर्वोक्तरूपले सुसमृद्ध हुनेपर्छ, जोगिने थियो कि ? केवल गणानां त्वा इत्यादि अक्षरहरूमात्र पढेर अथवा पढाएरमात्र हुँदैन होला कि ? यसमा जस्तो सोचे, जस्तो गरे राष्ट्रिय हित-भलो हुन्छ त्यस्तै सोचौं, त्यस्तै गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् कृष्णले आफ्ना प्रिय-साथी अर्जुनलाई निरन्तर कर्मयोगी बनाउने सदिच्छाले आफैंले पैले गाएर, फलाकेर-सुनाएको गीताको तलको यौटा गीत गाएर लेखक पनि हाम्रा प्रिय-पाठकवृन्दलाई उद्बोधन गर्न चाहन्छ, राम्रो लागे अथवा ठीक हो, भन्ठाने सुनी-गुनी राखे निकै राम्रो हुन्थ्यो कि ? -

त्यो संसारवृक्ष-सम्बद्ध गीताको गीत यही हो पढौं -

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।। १५.१

केहीबेर यसको निम्नांकित व्याख्या राम्रोसंग पढौं र तात्पर्य बुझ्दै जाऔं । ऊर्ध्वमूल जरो (फेद-सेद) माथितिरै-माथितिर फर्किएको अर्थात् फैलिएको, कालको परिणामले सूक्ष्मकारण र नित्यतत्त्व ज्यादै महान् भएकोले नै यी सबकुरा भन्दा धेरै माथिको, जस्तो कि श्रुतिमा भनिएकोछ "उर्ध्वमूलोऽवाक्शाख एषोऽश्वथः सनातनः" (कठोपनिषद्) माथितिर मूल भएको तलतिर हांगा-बिंगा फैलिएको यो पिप्पलको वृक्ष सांहै पुरानो हो, अर्थात् ननाशिने हो इत्यादि । त्यस्तै महाभारतमा पनि यसको बारेमा यस्तो उक्ति देखिन्छ ।

अव्यक्तमूलप्रभवस्तस्यैवाऽनुग्रहोच्छ्रितः ।
बुद्धिस्कन्धमयश्चैव इन्द्रियान्तरकोटरः ।।

महाभूतविशाखश्च विषयैः पत्रवांस्तथा ।
धर्माधर्म-सुपुष्पश्च सुखदुःखफलोदयः ।।

आजीव्यः सर्वभूतानां ब्रह्मवृक्षः सनातनः ।
एतद्ब्रह्मवनं चैव ब्रह्मा चरति नित्यशः ।।

एतच्छित्वा च भित्वा च ज्ञानेन परमासिना ।
ततश्चात्मरतिं प्राप्य तस्मान्नावर्तते पुनः ।। महाभारत अश्वमेधपर्व ४७.१२.१५

यस्तो अवितर्क्य संसाररूपी मायामय-वृक्ष, जसको हांगाबिंगा मास्तिरै फैलिएका छन्, जसको महत्तत्त्व अहंकार-तन्मात्रादि नै शाखा हुन् भनिन्छ, र जसलाई क्षणिक-नाशवान्, न श्वस्थः अस्वस्थः, भोलिसम्म पनि नटिक्ने भनेर विद्वान्हरू भन्दछन्, अव्यय हो अर्थात् सांसारिक माया-प्रपञ्च अनादि काल देखि प्रवृत्त भइरहेकोले यो संसार-वृक्ष नित्य घटबढ आदि हुँदै न हुने र संसारभरका प्राणीसमूहका देहादिको आश्रय लिएर बढिरहेको मानिन्छ र यही नै अव्यय अविनाशी समानरूपले रहने कहिन्छ। यसै वृक्षलाई पत्र (पात-सात) का रूपका चारै वेदहरूले ढपक्क ढाकेका छन्, सुरक्षित पारेका छन्, पुण्य-पापरूप कर्मको फल दिने छन्, यस्तो संसार-वृक्षलाई जसले राम्रोसंग जान्दछ, वेद जान्ने अर्थात् वेदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त रहस्यमय तत्त्वार्थ जान्ने त्यही हो भन्दछन् । यसपछि गाइएका तीनचार श्लोकहरूमा त्यसकै महत्त्व देखाइएका छन् र त्यस ठाम-धाममा तिनै व्यक्तिहरू पुग्न सक्तछन्, त्यहीं टिक्तछन् भनिएकोछ। जस्तो कि -

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनिष्ठा विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥ इत्यादि

उपर्युक्त संसार-वृक्षको जरो भेट्नुमा नै यसको तात्पर्य छ ।

गीता-गायकका सुप्रसिद्ध दुइ चेला

अब यसै प्रसङ्गमा तिनै गीता गाउने एवं महाभारतको संग्राम-भूमिमा कुनै पनि शस्त्रास्त्र छुँदै नछोई त्यत्रो प्राणीसमूहलाई भुसुक्क पारि दिने महानुभावले पनि स्वयं गुरू भएर केवल दुबैओटा चेला बनाएका देखिएका छन् । किन न बनाउन् ? कस्ता-कस्ताले त कति-कति बनाइ रहेका छन् भने यिनले त केवल दुइटैमात्र बनाए । धेरै बनाउन उचित ठानेनन्, यही त ठूलो दुःखको कुरा छ । तिनमा यौटा प्रवृत्ति-मार्गमा लाग्यो, अर्को निवृत्तिमार्गमा हिंड्यो र उतै रमाउँदै रह्यो । प्रवृत्ति-मार्गमा हिड्ने अर्जुनै हुन्, यिनका प्रियशिष्य (चेला), जसले महाभारत-युद्धमा भेला भएका आफ्ना बावु-बाजेहरूलाई मार्दिन बाबा ! मार्दिन भन्दा पनि वर-परका तल-माथिका तेह्र-तेइसका कुराहरू देखाँउदा देखाँउदै उपदेशका रूपमा दिंदा-दिंदै अन्तमा साह्रै हार खाएर, केही सीप नलागेर नचलेर "शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम्" भनेर शिष्य हुन कबोल गरेपछि बाबु-बाजेहरूलाई मार्न लगाई छोड्यो र आफ्नो कर्तव्यपथमा नचुकेर अच्युत त्यसैलाई भेटि छोड्ने प्रवृत्ति-मार्गको पथिक बनाई छोड्यो ।

अर्का निवृत्ति-मार्गका पथिक हुने उनैका नाता-गोता भित्रैका उमेरका अलिल जेठा उद्धव हुन् । यिनी त्यो समयमा ती महाप्रभुका अगाडि ठिङ्ग उभिइन पुगे, जब आफ्नो समस्त शक्ति समेटेर स्वकुलसंहारी प्रभु पृथ्वीतलबाटै आफ्नो धामतिर लाग्नै लागेका थिए । तब आफ्नो हृदयबाट पग्लिदै-पग्लिदै आएको अश्रुधारा नेत्र- युगलबाट बररर झार्दै र त्यसैले उनको श्रीचरणयुगल प्रक्षालित गर्दै यसरी आफ्नो हृदयको उद्गार पोख्तै उनले भने - सर्वतत्त्वज्ञ-शक्तिमान् प्रभो ! बाल्यकाल देखि नै सहवास पाँउदै आएं, जुठो-पूरा खाएं । आफूमा रहेका समस्त दुर्गुणहरूले निरन्तर हजूरलाई नै पिर्दै रहें । यस्तो हुंदामा पनि हजूरमा रहेका सद्गुणहरू ममा सर्नै सकेनन् । अब अन्तिम अवस्था आइसक्यो भन्ने जसै ठानें यो संसार स्वप्न-दृष्टवस्तु जस्तै रहेछ भन्ने मानें । अतः यसबाट हामी जस्ताको पनि छुट्कारा होस् र नैरन्तर्येण त्रिकालाबाधित अनन्त-सुख (मोक्ष) प्राप्त होस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि । यिनै कुरालाई भागवत-वक्ताले श्रीमद्भागवतको एकादशौं स्कन्धको छैठौं अध्यायमा यसरी देखाउनु भएकोछ ।

वातरशना य ऋषयः श्रमणा ऊर्ध्वमन्थिनः ।
ब्रह्माख्यं धाम ते यान्ति शान्ताः संन्यासिनोऽमलाः ॥
वयं त्विह महायोगिन् ! भ्रमन्तः कर्मवर्त्मसु ।
त्वद्वार्तया तरिष्यामस्तावकैर्दुस्तरं तमः ॥

यसपछि भगवान् वासुदेवले उनलाई आफ्नो सुयोग्य अधिकारी-शिष्य (चेला) मानी भागवतको उक्त एकादश-स्कन्धको सातौं अध्यायदेखि भण्डै स्कन्ध-समाप्ति-पर्यन्त अध्यात्मज्ञान-परक निवृत्तिमार्गतिर प्रवृत्त हुने सदुपदेश दिंदा र शिष्यले लिंदा पर्याप्त भएर तत्कालमै चेला भएका उद्धवजी वरपर कतै नहेरी बदरीकाश्रमतिर लागि हाले र उनी ब्रह्मतत्त्वको मनन-चिन्तन-निदिध्यासन आदि गर्दा-गर्दै त्यो स्थितिमा पुगे, जहां पुगेपछि , जहां अडेपछि, त्यस्तो व्यक्ति यस्तो सम्भन्छ र कुनै कुराले पनि त्यस्तालाई विचलित पार्नै सक्तैन ।

यं लब्ध्वा चापरं लाभं मन्यते नाऽधिकं ततः ।
यस्मिन् स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥ भगवद्गीता

यही हो प्रवृत्तिमार्ग र निवृत्तिमार्गको स्वरूपाकलन ।

भारतवर्षीय हाम्रा सन्नारीहरू

हाम्रा भारतवर्षीय सन्नारी-देवीहरूको महिमा वेद-उपनिषद्ले तथा स्मृति एवं पौराणिक-ग्रन्थहरूले निरन्तर गाइरहेको हामीले जतातते देखी-पढी त्यसको प्रशंसा गर्दै-गर्दै आजसम्म आइरहेका छुंदैछौं र बेला-बेलामा बखत हेरी भन्ने गर्दछौं "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः" कुरा सर्वथा ठीक हो । किन कि ? देवतालाई पनि त त्यस्ता देवीहरूको आवश्यकता परिरहन्छ । तस्मात् उनीहरू पनि तिनमा रमाउंने नै भए । आफ्नो पुण्यांश शेष भए सम्म उनीहरू पनि देवत्व कायम राख्न स्वर्गादि-लोकमा पाइने विषय-वस्तुको उपभोगादिमा निरन्तर मरिमेट्ने नै भए । अनि हाम्रो कुरा त भन् अर्कै-अर्कै हुंदै आयो र यसो पनि भन्ने गर्दै आयौं "न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते । इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता सन्नारी देवीहरूको महत्त्व

हामी गृहस्थी-व्यक्तिमात्रका घरभित्रका दिन-प्रतिदिन गर्नु पर्ने समस्त काम-कुराको व्यवस्था मिलाएर आफैंलाई र आफ्नालाई सुख-शान्ति पुऱ्याएर निश्चल-प्रेमले, निरन्तर बढ्दो आस्थाले , स्नेह-वात्सल्यले सारा परिवारलाई यथोचित स्थान-सन्मान दिएर सर्वत्र ढपक्क ढाकेर जस्तो सुख-दुःख परे पनि खपेर, भोगेर बस्न, त्यसैमा टिक्न, सक्ने यी सन्नारी देवीहरूको महिमा हामी पुरूषजाति जति जाती भएर गाएता पनि पूर्णरूपले गाँउने सक्तैनौं । पूर्ण हुने पाउदैनौं । यसमा त्यस्ता देवीहरूको हार्दिक-इच्छा, मानसिक आशा-अभिलाषा आदि एकैबाजी परिपूर्ण पारिदिएर आफैंमा सन्तोष लिने एवं पूर्णता-प्राप्त गर्ने यौटै महापुरूष देखिन्छन्, ती हुन् उहिलेका मनु-महाराजका माहिला ज्वांई ऋषिप्रवर कर्दमज्यू, जो वैदिक आर्यधर्मका सदादर्श र सर्वोत्तम-शक्तिशाली थिए । उनले पत्नीको रूपमा महाराजाधिराज स्वायम्भुवकी पुत्री देवी-देवहूतिलाई प्राप्त गरि सके पनि पत्नीले निरन्तर गरिरहेको आफ्नो (पतिको) सेवापट्टि पहिले-पहिले त पटक्कै ध्यानै दिएनन् । यसो भनौं निरन्तर परब्रह्म-परमात्मातिरै अल्झिरहेको उहांको इन्द्रिय-वृत्तिले त्यतातिर ध्यान दिने अवसरै पाएन । यता पत्नीको पति-प्रति समर्पित भइरहेको सेवा-भाव झन्-झन् एकोहोरिएर निरन्तर बढ्दै गयो । त्यसैले पनि यता पत्नी-राजकुमारी देवहूतिको सद्भावना उहांप्रति अझ गहिरिंदै गयो । संयोगै न हो, एकदिन पतिदेव-ऋषिराजको अगाडि उहांलाई प्रतिदिन चाँहिने भगवत्पूजन-सामग्री तं-तयार पारेर केही शारीरिक मलीन अवस्थामा बसिरहेकी आफ्नी धर्मपत्नी देवहूतिमाथि अकस्मात् उहांको नेत्रयुगल परि हाल्यो । तब आश्चर्य-जनक वातावरण उत्पन्न भयो । पत्नीको उपर्युक्त स्थितिका मनोभाव एवं शारीरिक हीनता-दीनताको रूप जस्ताको तस्तै पतिको हृदयान्तर्गत भयो । पत्नीको सेवाजन्य समस्त पारिश्रमिक अनुभूतिहरू पतिको हृदयमा परे, सर्र सरे । तब उहांको श्री मुखबाट यी वाक्य झरे -

सिद्धाऽसि भुङ्क्ष्व विभवान् निजधर्मदोहान् ।
दिव्यान् नरैर्दुरधिगान् नृपविक्रियाभिः ।। भागवत ३.२३.८

राजाधिराजकी सुपुत्री एवं मेरी प्रिय धर्मपत्नी देवि देवहूति ! तिमी जस्ती सन्नारीलाई आफ्नी पत्नीको रूपमा पाएर म साह्रै हर्षगद्गद भइरहेकोछु । यता यस्ती क्षीण-हीन अवस्थामा पनि तिमीले जो मेरो सेवा गरिहेकी छौ, यसैले तिमी स्वयंसिद्ध भइसकेकी भयौ । अब तिमीले त्यस्तो कुनै कष्ट गरिरहनु पर्दैन । सुन त मेरी रानी ! "म राजा हुं, मैं सर्वेसर्वा हूं, मलाई संसारभरका सारा उपभोगका विषय-वस्तुहरू इच्छानुसार प्राप्त हुन्छन्" भन्ने यस्तो अभिमान गर्ने राजा-महाराजाहरूलाई जो जति विषय एवं उपभोगका वस्तु वा पदार्थहरू कहिल्यै पनि प्राप्त हुन सक्तैनन, तिनै भोग-विलासका समस्त वैभव एवं सामग्रीहरू तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो यस्तो पातिव्रत्य धर्म-पालनले अब स्वयं उपभोग गर्न सक्छ्यौ । यिनलाई मैले आफ्नो स्वधर्ममा सन्निष्ठ भएर, त्यसैमा टिकेर निरन्तर तपस्या गर्दा समाधि चढाउदा र सद्विद्याको परिशीलनको माध्यमले आत्म-योगद्वारा समर्जित गरेको हुँ र यिनै परब्रह्म-परमात्माका सत्प्रसाद हुन् बुझ्यौ ! ल उपभोग गर । इत्यादि भनेर आश्चर्यजनक ढंगले उनका हृदयको धोको (इच्छा-अभिलाषाको सञ्चित पोको) पु-याइदिनु भयो ।

यो त भयो सत्ययुगको कुरा, जसभित्र वैदिक एवं उपनिषद्-कालका देवीहरू मैत्रेयी गार्गी आदि पर्दछन् । त्रेतायुगमा पनि त्यस्ता सन्नारी-देवीहरू धेरै नै भए । सर्वप्रथम देवी-सीता नै निस्किइन् । यस्ता अरू देवी पनि निकै छन् । यी हुन् राजर्षिहरूका सुपुत्री सन्नारीहरूका कुरा । देवी-सावित्री देवी-दयमन्ती आदि आफ्नो पतित्त्व-धर्ममा टिकेका र त्यसैको आदर्श छोडेर सुयोग्य स्थानमा पुगेका अरू पनि धेरै-धेरै छँदैछन् । त्यसपछिका तिनै सन्नारी देवीहरूको सदादर्श-मार्गमा निरन्तर हिँडेका देवी-रूक्मिणी जस्ता आज पनि हाम्रो समाजमा देखिँदैछन् । यस्ता नारीको प्रशंसामा मैले लेखेको धेरै अघि सं. २०१७ सालमा मुद्रण-प्रकाशन गरेको रूक्मिणी-विवाह नामक खण्डकाव्यको दुवै श्लोक यहाँ देखाउनु योग्य ठान्दछु ।

लक्ष्मी जस्ता, अतुल-गुणका आश्रय-स्थान दिव्य
हामी जस्ता अशक-नरका शक्ति, आधार मुख्य ।
हुन् यी नारी महित-चरणा, क्षान्तिले शान्ति साथ
पार्छन् तुच्छै क्षितिकन पनी, सुम्पिई प्रेमपाश ।।

टारी आपत् स्वजन-गृहको पीर-संकष्ट भारी
खारी-खारी अविचल लिँदै बुद्धिको भार भारी ।
हारी-हारी तल-तल हुँदै, ठीक पारी विचारी
नारी हुन्छन् सफल बहुधा जित्नमा ठाम पारी ।। इत्यादि

हाम्रो राष्ट्रको नारी-समाज पनि कम छँदै छैन । तर कत्ति भने चाँहिदो बौद्धिक-स्तरमा अल्लि निम्नस्तरको अवश्य देखिँदोछ । अब यसैलाई उच्चस्तरमा लैजान, त्यस्तै पार्न हाम्री राष्ट्रनायिका बडामहारानी स्वयं अगुवा भएर कटिबद्ध भइबक्सिन्छ । अरू स्त्री-समाजका महिलाहरू पनि निर्देशानुसार त्यसै गर्न सक्तो प्रयत्न गरिरहेका देखिँदैछन् । यही हो सामाजिक-सेवाको चूलीमै चढ्न र त्यसैमा बढ्न लागेको क्रियाशील नारीजातिको महत्ता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन

●

स्वर्गीय-राजा महेन्द्रले यसैको परिष्कृत प्रयोगमा सर्वाङ्गीण राष्ट्रिय-कल्याण छ, राष्ट्रिय सार्वभौमिक महत्त्व छ एवं भाषैकता तथा क्षेत्रीय-अखण्डता यसैबाट निरन्तर टिक्न सक्तछ, भन्ने सद्विवेक-विचारले यसलाई अझ सुदृढ पार्न, यसको महत्ता अधिराज्य भरीका जन-मानसमा छापो लाग्ने गरी सार्न, राजकीय प्रज्ञा-प्रतिष्ठान जस्तो विद्वत्सभा नामक संस्था खडा गरेर त्यसको सञ्चालनार्थ राम्रो व्यवस्था मिलाएर "आफू मरे पनि यी मेरा समस्त राष्ट्रिय काम-कुरा कहिल्यै नमरून्" भन्ने सद्भाव प्रदर्शन गराएर सम्बद्ध-व्यक्तिहरूको घट्टमा ज्यादै प्रकाशिलो घाम लगाएर आफू स्वर्गतिर सवारी भएको हामी सबैले थाहा पाइरहेकैछौं । वर्तमान महाराजाधिराजले पनि यस संस्थालाई निरन्तर प्रोत्साहन दिएर भाषा-साहित्य आदिको संबर्धनमा यसको गति-विधि बढाउन अत्यावश्यक विषय-वस्तुको न्यूनता हटाइ दिइ बक्सिएकैछ । यस स्थितिमा पनि हाम्रो राष्ट्रिय प्राज्ञ-सभा उपर्युक्त समस्त काम-कुरामा आफ्नो सर्वोच्च बौद्धिक सहयोग कसरी पु-याइ रहेकोछ ? के के कस्ता कस्ता लघुकालीन तथा दीर्घकालीन, साहित्य-कला ज्ञान-विज्ञान एवं अन्यान्य विषय-वस्तुका परिबर्धन नैमित्तिक योजना-परियोजनाहरू मूर्तरूपमा जनसमक्ष आइसकेको प्रतिष्ठान संस्थापित भएको काल वि.सं. २०१४ सालदेखि अहिलेसम्म पनि पुरस्कार प्रदान गरिने जस्ता केही कुरालाई मात्र अपवाद रूपमा छोडेर राष्ट्रिय सन्तोषको सास फेरेर हेर्न, देख्न सम्म पनि पाइएको छैन । हो, दुई-चार ओटा विभिन्न खाले पुस्तक त्यहांबाट प्रकाशित भएका देखिन्छन्, परन्तु ती पनि उहांहरू जस्ता प्रज्ञावान् विद्वान्हरू बाट लिखित नभएर अरू बाहिरिया पारिश्रमिक-ग्राही विद्वान्हरूबाटै भएका हुन् भन्न राम्रैसंग सकिन्छ । अर्को कुरा बेला-बेलामा प्रतिष्ठानबाट प्रदर्शित हुने "सांस्कृतिक कार्यक्रम" मानिने एवं यस्तो महत्त्वपूर्ण शब्दप्रयोग गरेर देखाइने नाच-सांच र कम्मर भांच, गाउ, बजाउ, ठोक-ठोक इत्यादि विषय-वस्तु हेर्न अर्थ खर्चेर परिणाममा अनर्थ किनमेल गर्न त्यस बजारमा जाने गरेकाछौं । सदाशाको ठांउमा दुराशा भरेर आवश्यक तथा अनावश्यक तमासा हेरेर पूर्वोक्त समस्त विषयका आशा-अभिलाषा आदि त्यहीं छोडेर अन्तमा दुलही भित्र्याई दिएका जन्ती-जस्ता भएर अ-आफ्नो घर-घर फर्किन्छौं । स्थिति यस्तै छ । सब-भन्दा महत्त्वको कुरा यस संस्थानको यही छ कि यस प्रतिष्ठानबाट वितरित हुने, लाखौं सम्मका पुरस्कारहरू वर्ष-प्रतिवर्ष सत्पात्रमा दिने गरिन्छ ।

सुपरिष्कृत-भाषाको महत्ता र संस्कृतको सत्ता

●

भाषाको महत्त्व गांउदा अथवा बयान गर्दा अझ यसो भनौं त्यसको रूप-रेखा हेर्दा संस्कृत-भाषा नै सर्वोपरि भाषा हो । भाषान्तर यसैका हांगा-बिंगा हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल-भाषा-वृद्ध संस्कृतै हो भन्ने कुरा देख्न र लेख्न सम्म त बात लाग्दैन कि भन्न सम्म पनि सोच्नु पर्ने अवस्था आइसकेको हामीले अनुभव गरिहेकाछौं। चण्डी-पाठ गर्ने कुनै देखिइहाले भने उनीहरूको श्रीमुखबाट निस्केको वाक्धारा सुन्दछौं "विद्याः समस्तास्तव देवि ! भेदास्त्रियः समस्ताः सकला जगत्सु" ए सर्वशक्तिशालीनी आधारशक्ति स्वरूपिणी देवि ! यो विश्वभरी जति पनि विद्या (भाषा) प्रचलित छन् ती सबै हजूरकै भेद (अङ्ग-उपाङ्ग) होइनन् र ? त्यस्तै ए जगदीश्वरी आमा ! जति पनि कलावती (सीप अथवा घर-गृहस्थी सञ्चालनादिका कुराहरू जान्ने) स्त्रीजातिहरू छन्, के ती सबै पवित्र हृदयका सन्नारीहरू पनि हजूरकै भेद (अङ्ग-उपाङ्ग आदि) होइनन् कि कसो ? यी सबै संस्कृतमै सुन्दा र गुन्दा संस्कृत-भाषा नै सर्वोत्तम भाषा (विद्या) हो भन्ने कुरा स्वतः सिद्ध भइसकेकोछ। घाम लागेको बेलामा घट-पट आदि पदार्थमात्र झललल देखिए जस्तो देखिंदैछ। अरू भाषाहरू यसै भाषाका मौलिक-मुहानबाट निस्केका हुन् र यसैका दिदी-बहिनी सरीका हुन् भन्ने संसार-भरीका विद्वान्हरूले भनेर, मानेर, हामी जस्तालाई अनेकौं ढंगले अझ पनि बुझांउदै छन् र हामी पनि बुझ्दैछौं। यो संस्कृत-भाषा अथवा विद्या सद्वस्तुको ज्ञान दिलांउन सक्ने प्रतिभा-मेधा आदि आत्मिकस्तर समुन्नत बनांउने र सुमहान् कला-कौशल समर्जित गरिने मुख्य-साधन हो, भन्ने पनि अवगत (बोध) हुँदैछ। यसैको आश्रय लिएर साधक (उपासक) अथवा विद्यार्थीवर्ग एवं क्रियाशील-व्यक्तिहरू अ-आफ्नो इप्सित (मन लागेको) साध्य (सिद्ध गरिने वस्तु अथवा चाहेको कुरा) मजैसंग प्राप्त गर्न सफल भइरहेका देखिंदैछन्। यही संस्कृतका भाषालाई देववाणी भनिन्छ र सृष्टिको आदिकालदेखि नै वैदिकधर्ममा दीक्षित आर्यत्व-विभूषित हिन्दू-जनतामात्रमा यही गीर्वाण-वाणी भन्न-सुन्न र लेख्नसम्ममा प्रयुक्त हुँदै आएकोहो। विशेष गरेर यसलाई त्यस्तै सद्गुणवैभव-सम्पन्न व्यक्तिहरू नै विशुद्ध शाब्दिकरूपमा बोल्ने गर्दथे। पछि-पछि गएर यसको स्वरूप मूलरूपबाट स्वतः भासिंदै-मासिंदै जान लाग्यो। अनेकौं रूपका देशी-विदेशी सांस्कृतिक छांट-कांट लिएका प्राकृतिक-भाषा, जनभाषा आदि नामका सुसंस्कृत-संस्कृत-भाषाका दिदी-बहिनीहरू निस्कंदै आए, बढ्दै आए र जन-मानसमा निकै गढी-गढी रहन लागे र लाग्दैछन्। पहिलो कालका देवता ऋषि-मुनि र राजा-महाराजाले यही संस्कृतभाषा (विद्या) यथार्थतः सर्वोच्च आदिकालीन हो र हृदयको भाव एवं सद्विचार आदि प्रकट गर्न तथा अरूलाई बुझांउनसम्म पनि साह्रै समर्थ विश्वजन-मानसमा संस्थित अध्यात्मज्ञान-वर्धक सद्विद्ये हो भनेर यसैलाई सर्वोच्चस्थान एवं मान दिंदै आएका हुन्। यिनै कारणले गर्दा पछि-पछिका श्रुति-स्मृतिका सद्भाव-सद्गुण एवं सद्विचारहरू यसै भाषामा लेखिन लागे। तिनैका आधारमा हाम्रा सामाजिक सत्कर्महरू चल्दै आएर गरिंदै-गरांइदै आएका देखिंदैछन्। मर्दा-पर्दा अझै पनि हामीहरू होमे र डोमेलाई अगाडि लगाई तत्कालका विधि-विधान गर्ने गर्दैछौं। होमे बाजे (गाला बजाउने) का मुखबाट निस्केका वैदिक-मन्त्रका ध्वनिका साथै डोमे (बाजा बजाउने तल्ला जाति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको दुःख-शोक आदि प्रकट गर्ने बाजा बजाइएका मीठो नमीठो राम्रा नराम्रा आवाजमा यथायोग्य वर्णाश्रमोचित काम-कुरा गर्दैछौं र यत्तिकैले पनि आफ्नो प्राक्तन हिन्दूत्व जोगाइ राखेकैछौं । यी सब काम-कुराहरूमा त्यही संस्कृतभाषाको महत्ता देखिँदैन र ? के यत्तिकैले पनि संस्कृत विद्याका सत्ताको हाम्रो राष्ट्रमा ठूलो महत्ता छ, भन्न, उद्घोषणा गर्न, मिल्दैन होला त ? कामले गरेर देखाउन नसके पनि कुराले देखाउनमा किन पछि पर्ने ? यो विचार पनि बेसै होइन त ? के हाम्रो राष्ट्रमा संस्कृत (विद्या) को अध्ययन-अध्यापन क्रम यत्तिकैमा सीमित छैन त ? जब कि भाषाको महत्ता पाश्चात्य-भाषा-प्राबल्यतिरै ढल्किइ सक्यो ।

महेन्द्र-संस्कृत-विश्वविद्यालय

हाम्रा स्वर्गीय राजा महेन्द्र स्वर्गका राजा महेन्द्र जस्तै सुयोग्य एवं विद्या-बुद्धि-सम्पन्न महान् विवेकी व्यक्तिविशेष हुन् भन्न, हृदयैदेखि स्वीकार गर्न, न कि हो, भनेर उड्दो आवाजले औपचारिकतामात्र भर्न, सारा अधिराज्यभरका जनता सर्वदा तम्तयार रहिरहेकै छन् । कारण ? त्यस्ता राजाको रूप यहाँ नरहे पनि सद्गुण र सत्कर्महरूले सारा राष्ट्रभरका उना-कुना ढपक्क ढाकेकै छन् । यी कुरामा कसैको प्रतिवाद हुन सक्ला र ? राजा-महेन्द्रले नै विगत सं. २०२४ सालमा प्रस्तावित संस्कृत-विश्वविद्यालय-संस्थापनार्थ हाम्रो पश्चिमी दाङ्ग-प्रदेशमा देश-विदेशका सुप्रसिद्धसंस्कृत विद्याका तत्त्वज्ञ तथा धर्माचार्य-शंकराचार्य एवं करपात्री जस्ता लोकोत्तर संस्कृत-विद्याका अनेकौं विधाका महत्त्व बुझ्ने-जानेका व्यक्तिहरूको भेला गराई त्यसमा उत्कट रूचि राखेर त्यहाँ उपस्थित भएका अन्यान्य स्थानीय एवं क्षेत्रीय शिष्ट-विशिष्ट सामाजिक व्यक्तिहरूको, विद्वन्मण्डलीको पूर्वोक्त संस्कृत-विश्वविद्यालय-संस्थापन वैषयिक उपयुक्तानुपयुक्त स्वसद्बुद्धि-प्रदानमय प्रस्तावित-सभामा स्वयं पनि यौटा आदर्श-राजाले गर्ने सत्कर्म प्रदर्शनार्थ उपस्थित रही समस्त सारतत्त्व बुझी "अवश्य राष्ट्रमा संस्कृत-विश्वविद्यालय खोल्नै पर्छ" भनी स्वयंले निर्धारित गरी त्यसको समुचित प्रबन्ध मिलाउदा मिलाउँदै २०२८ सालमा यो नेपालको महेन्द्र-राजा त साह्रै संस्कृत-प्रिय पो रहेछ ए, यस्तालाई पृथ्वीतलमा राखि छोड्नै हुँदैन, हाम्रो देववाणी (संस्कृत) मात्र बोलिने अमर-सभा सुधर्मामा ल्याई त्यसको यौटा सुयोग्य सदस्य बनाई राखौं भन्ने स्वर्गका राजा-महेन्द्र-पर्यन्तले आफैंमा विचार-विमर्श गरी उतै लगेपछि यो विश्वविद्यालय संस्थापनको कार्यक्रम निकै समयसम्म ठ्याप्पै रोकिइ रह्यो र वर्तमान नेपाल-नरेशले आफ्ना स्वर्गीय पिताको त्यस्तो सदिच्छा पूर्ति गरिदिनाको निमित्त आवश्यक प्रबन्ध मिलाई वि.सं. २०४४ मा महेन्द्र-संस्कृत-विश्वविद्यालयको संस्थापन साथै समुद्घाटन सुसम्पन्न गराएको हो । यसलाई चाहिने विधि-विधानको साथै यथेष्ट आर्थिक-व्यवस्था प्रदान गरिएकैछ । राजाले आफू स्वयं कुलपतिमा रहेर समस्त सम्बन्धित काम-कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्चालन-भार उपकुलपति आदिमै छोड्दिइ बक्सिएकोछ । यसरी यो महेन्द्र-संस्कृत-विश्वविद्यालय अगाडि बढ्दोछ । राम्रो र नराम्रो भन्ने कुरा त सञ्चालन-परिपाटीमा निर्भर गर्ने कुरा हो । हेर्दै जाऔं यो कसरी सञ्चालित हुन्छ र सफलता अथवा विफलता के के कसरी प्राप्त गर्छ ?

शान्तिक्षेत्र-प्रस्ताव तथा समर्थन

●

आफ्नो राज्याभिषेक सुसम्पन्न भइसकेपछि वि.सं. २०३१ सालमा विश्वभरीका राष्ट्रको अगाडि हाम्रो राजाले "शान्ति-सुख-समृद्ध हाम्रो राष्ट्र नेपाल शान्ति-क्षेत्र घोषित होस्" भन्ने प्रस्ताव राखेर त्यसको समर्थनको निमित्त सारा विश्वभरका राष्ट्रलाई आव्हान गरिबक्सियो । तदनन्तर क्रमशः विश्वभरीका संख्यामा दुईसय भन्दा बढी पुगेका राष्ट्र-राष्ट्रहरू मध्यका झण्डै आधा १०५ जति राष्ट्रहरूले समर्थन गरिसकेका छन् र बांकी राष्ट्रहरूले पनि यथासमयमा अवश्य समर्थन गर्ने छन् भन्ने राजा साथै हामीले पनि अपरिहार्य आशा राखेकाछौं । यसरी हाम्रो राष्ट्र शान्तिक्षेत्र घोषित भैसकेको छ र सर्वत्र विकासोन्मुख सुप्रबन्ध मिलाँउने तरखरपट्टि सक्दो प्रबन्धले अग्रसर हुंदोछ । तर कति भने निर्देश दिनेले दिएको आदेश-परमादेश लिनेले पांउनेले तत्काल शिर थाप्ते नथापी आ ! गर्दै-गरौंला, भनेर नीच मारे पछि अर्थात् दिनेलाई नै एक्लो पार्न खोजेपछि, कस्तो स्थिति होला ? अथवा कस्तो परिणाम निस्कन आउंला ? त्यो कुरा त यस्तै पछिल्लो इतिहासले नै बतांउछ । यसमा यत्ति कुरा भन्दा बढि लेख्ने ठाउं नै छैन ।

भगवन्मूर्ति र अनेकौं पावन-तीर्थस्थल नेपाल

●

माथि भनिए जस्तै प्राचीन कालदेखि नै हाम्रो अधिराज्य भरी अनेकानेक भगवन्मूर्तिहरू कहीं-कहीं स्वयं उद्भूत (निस्किएका) र यत्र तत्र प्रायशः हाम्रा पूज्य-पुर्खाद्वारा संस्थापित सर्वत्र देखिंदैछन् । परन्तु कहिले-कहीं ती अचल-मूर्तिहरू पनि एकै ठाउंमा कसरी यसरी थन्किरहनु ? भन्ने ठानेर हामी जस्तै अनेकौं द्वीपान्तर घुम्न जाने बानी लागेका जस्ता चल देखिन्छन् । यसैले त विशेष गरेर विदेशी-पर्यटक महानुभावहरूले हाम्रो राष्ट्रलाई मन्दिरै-मन्दिरको मुलुक मान्दछन्, जहां ती-ती स्थान र मन्दिरनिर्माण-कला जो कहीं-कहीं काष्ठकला र प्रस्तरकलाको उत्कृष्ट उदाहरणरूपका छन्, तिनैलाई हेर्न, तिनैमाथि आंखा गाड्न, तिनको स्वरूपाकलन गर्न निरन्तर यसरी ओइरिरहेका छन् । जहां ती-ती स्थलको नजिक-नजिक विशेषतः पावनतम नदी-नालाहरू बहिरहेका देखिन्छन् । यिनीहरू हाम्रा उच्चतम-नदी कोशी, गण्डकी, महाकाली जत्तिकै शुद्धिकारिणी नदेखिए पनि उपर्युक्त देवताको सान्निध्य पाएर काय-शुद्धि गरिदिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साह्रै समर्थ छन् । यसरी यिनको परिवेशले पनि हाम्रो राष्ट्र अतिशय पवित्र वैदिक-धर्म-कर्ममय मानिन्छ ।

शार्क-सम्मेलन र त्यसका अध्यक्ष हाम्रा राजा श्री ५ वीरेन्द्र

●

नेपाल, बङ्गलादेश, भूटान, भारत, पाकिस्तान, श्रीलंका र मालद्वीप समेतका यी सातै राष्ट्राध्यक्ष एवं सरकार-प्रमुखहरूले दक्षिण एशियाली क्षेत्रीय संगठन (शार्क)को नामले करीब चार वर्ष अगाडि यौटा संस्था स्थापित गरेका थिए । त्यसको उद्देश्य थियो-एक अर्काको पारस्परिक सम्बन्ध सुदृढ पार्दै जाने एवं अन्योन्यमा सम्बद्ध सार्वभौमिकता, क्षेत्रीय अखण्डता तथा स्वतन्त्रता आदिमा सार्वत्रिक मान्यता दिँदै प्रत्येक विषयमा आवश्यक सहयोग लिँदै र दिँदै अगाडि बढ्ने । इत्यादि ।

यस स्थितिको यो संगठनले आफ्नो त्यस्तो उद्देश्य-पूर्तिको लागि सर्वप्रथम सन्१९८५ मा बङ्गलादेशमा त्यहांका राष्ट्राध्यक्षको अध्यक्षतामा आफ्नो सभा (बैठक) सञ्चालन ग-यो । त्यसपछि अर्को साल सन् १९८६ मा भारतको कर्णाटक प्रान्त (बङ्गलोर) मा त्यहांका सरकार-प्रमुखको अध्यक्षतामा सम्पन्न भयो । तदनन्तर वि.सं २०४४ साल कार्तिक १२ गते तदनुसार ई सं.१९८७ को नोभेम्बरमा हाम्रो राष्ट्रमा उक्त संगठनको तेश्रो सभा बस्ने पूर्व निर्धारित निर्णयानुसार हामी राजादेखि रंकसम्मका सबैले सदस्य मित्र-राष्ट्रका श्रद्धेय राष्ट्राध्यक्ष तथा सरकार-प्रमुखहरूको समुचित स्वागत-अभिनन्दन सम्पादन गर्ने अत्यावश्यक काम-कुरा परिपूर्ण गर्‍यौं र यथासमयमा ने.रा.प्र.प्रतिष्ठानको तत्काल-निर्मित भव्य-सभास्थलमा हाम्रो राष्ट्राध्यक्ष श्री ५ वीरेन्द्र वीरविक्रम शाहको अध्यक्षतामा साह्रै राम्रोढंगले उक्त सम्मेलन सम्पन्न भयो । शार्क-संगठनका सदस्य महानुभावहरूले अ-आफ्नो अभिप्राय अ-आफ्नो ढंगले अभिव्यक्त गरे, जो साह्रै सन्तोषप्रद थियो, जसको समस्त श्रेय हाम्रो राष्ट्राध्यक्षमै जान्छ । यसै सभामा अनेकौं विषय-सम्बद्ध प्रस्तावहरू पारित भए । यिनको कार्यान्वयनको अभिभारा हाम्रो राजधानीमा संस्थित शार्क-सम्मेलन सचिवालयकै छ र यथासमयमा त्यसको परिपूर्ति त्यसैले गर्ने नै छ ।

आकस्मिक नरसंहार

●

विगत वि.सं. २०४४ फागुन २९ गतेका दिन अपरान्ह-कालमा आकस्मिक रूपले हाम्रो राजधानीमा यौटा अभूतपूर्व दुर्घटना घट्यो । त्यो यस्तो र यसरी भयो कि राष्ट्रिय दशरथ-रंगशालामा उक्त दिन पनि बराबर चलिआएझैं फुटवल खेलको प्रतिस्पर्धा चलिरहेको थियो । त्यसका वरिपरि दर्शकवृन्द झण्डै पच्चीस हजारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संख्यामा खेलको परिणाम हेर्न समुत्सुक भइरहेका थिए । ठीक त्यसैबेला करीब पौने चार बजे अकस्मात् निकै ठूलो आँधि-हुरी आयो । त्यसमा पनि पानीको वर्षाले भयानक रूप लियो । खेलाडीहरूका साथै ग्या दर्शकगण आत्तिए र त्यसबाट बच्न, सुयोग्य ओत पाइने ठाम खोज्न रंगशालाभित्रको त्यत्रो जनसमूह मूलद्वार - (जहाँबाट भित्र पसिन्थ्यो र निस्किन्थ्यो हुत्तिइदै) तिरै आत्तिइदै एकैपटक सत्तो वेगले दौडिइदै पुग्यो । परन्तु महान् दुःखको कुरो यही भयो कि त्यसबेला उक्त मूलद्वार साह्रै बलियो ढंगबाट बन्दै गरिएको थियो । यता पच्चीसौं हजार दर्शकको भीड यसरी मूलद्वारमै जम्मा हुंदा आकस्मिकरूपले हुन गएको संघर्षले बाहिर निस्कने तं-छाड्-म-छांड्को दुराग्रहले अ-आफैंमा थिचाथिच-मिचामिच परिहाल्यो, यस्तो हुनु स्वाभाविकै थियो । यसको परिणाममा सरकारी भनाई अनुसार मर्नेहरूको, अझ यसो भनौं, सोझै तत्काल वैकुण्ठ जानेहरूको संख्या केवल सत्तरी पुगेको देखिन्छ । मर्ने र बांच्ने दोसांधे व्यक्तिहरूले भने साह्रै चांडो साधन र सहयोग पाएकोले हाम्रो काठमाडौं उपत्यका भरीका अस्पतालहरू ढपक्क ढाक्न पुगे । यसरी हाम्रा प्रिय दाजु-भाईहरूको यो आकस्मिक दैवी-दुर्घटनाले हामी सारा राज्यभरका नेपालीमात्रको हृदय साह्रै-साह्रै द्रवित भइरहेको छ र ऐतिहासिक दुर्घटना सम्झदा अझै पनि मार्मिक-पीडा अनुभव गर्दैछ । यसैदिन सांझ पख हाम्रा राजा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह उपत्यका भरीका अस्पतालहरूमा राखिएका मर्ने बांच्ने दोसांधमा परेका यो दुर्घटनामा पर्ने घाइतेहरूलाई सान्त्वना दिन र स्वयंले हार्दिक सहानुभूति प्रकट गर्न ठ-ठाउंमा पुगेर निरीक्षण गरी उपर्युक्तवत् गरिबक्सियो । स्वयं राजाले यसो गरि दिंदा हामी देख्ने-सुन्ने जनताको हृदय पनि खुशीले साह्रै गद्गद् भयो ।

विश्वहिन्दू-सम्मेलन

प्रिय पाठकगण ! तदनन्तर विगत वि.सं. २०४४ सालको चैत्र ११ गतेदेखि १५ सम्म अर्थात् तदनुसार ई.सं. १९८८ मार्चको ता. २४ देखि २८ ता. सम्म ५ दिनको विश्वहिन्दू-सम्मेलन गर्ने गराउने भन्ने सद्विचार विश्वशान्तिको उद्देश्य लिएर हाम्रा सामाजिक केही व्यक्तिहरूमा निरन्तर बढ्दै आयो । त्यसमा अत्यावश्यक काम-कुराहरू सुसम्पन्न पार्न, चाहिदो निर्णय लिन, हाम्रो अधिराज्यको राजधानी काठमाण्डूको ठांउ-ठांउमा अनेकौं पटक सभा बस्यो । त्यसमा यो लेखक पनि आमन्त्रित भएकोले धेरैजसो बैठकमा भाग लिन सम्मिलित हुंदै गयो । अन्तमा अनेकौं विचारधाराका शिष्ट-विशिष्ट र अशिष्ट व्यक्तिहरूका "मुण्डे मुण्डे मतिर्भिन्ना कुण्डे-कुण्डे जलं यथा" भनेझैं विभिन्नरूपका वाक्धाराले यसलाई पनि निकै आकर्षित गरायो । धेरैबेर सुन्दै जांदा उहांहरूमा आवश्यक मतैक्य देखिएन । अन्तमा मन अलिल खल्लो पारेर लेखक फर्कियो । त्यसपछि हिन्दूधर्मावलम्बी धर्माचार्यादि र अरू देशी-विदेशीहरूलाई उक्त सम्मेलनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मिलित हुन आग्रह गर्न जाने अयोजकवर्ग निरन्तर सक्रिय हुँदै गयो । समय अगाडि बढ्दै आयो । यथासमयमा हामी अधिराज्य-निवासी आर्य-हिन्दूहरूले पनि अ-आफ्नो ढंगले शास्त्रीय विधि-निषेधात्मक वाक्यका आधारमा ठ-ठाँउमा त्यसको महत्त्व गाँउन लगायौं र आफैंले पनि बढ्दो आस्थाले गाँउन सम्म गायौं । यसरी सम्मेलन समारोह प्रारम्भ हुने शुभसमय भरे-भोलि हुँदै साह्रै नजिक आयो । प्रशंसनीय एवं स्पृहणीय महत्त्वको कुरा के भयो भने तथासंस्तुत विश्वहिन्दू-सम्मेलन महासभाको उद्घाटन समारोहमा उपर्युक्त चैत्र १२ गते राष्ट्रिय रङ्गशालामा स्वयं हाम्रा राष्ट्राध्यक्ष श्री ५ महाराजाधिराज सरकारले जो उद्घाटन भाषण भनौं वा सनातन हिन्दू-धर्मप्रतिको सुदृढ आस्थामय हृदयोद्गार भनौं स्वयंले प्रकट गरिबक्सियो, यही नै यस सम्मेलनको सर्वोत्तम उपलब्धि ठहरियो । सर्वमान्य छँदै थियो तापनि व्यापकताले गुरूत्व र महत्त्वको दृष्टिले सर्वग्राह्य हुन आएको कुरा उपस्थित जनसमूहले एवं विविध-धर्मी आमन्त्रित जनता तथा विभिन्न मतावलम्बीहरूले पनि स्वतः सर्वोच्च हो भनेर आत्मानुभव गरेको देखिन आयो । यद्यपि सम-सामयिक देशी-विदेशी पत्र-पत्रिकाहरूले यसो-उसो भनेता पनि पक्ष-विपक्षमा चाँहिदो नचाँहिदो कुराहरू लेखेता पनि यथार्थतः हाम्रा राजा राष्ट्रिय संविधानिक हिदू-धर्ममा कत्तिको आस्थावान् रहेछन्, स्वयंले त्यसैमा प्राणपणले टिक्तै आएका रहेछन् र त्यसैका संरक्षक एवं परिपोषक रहेछन् भन्ने कुरा सारा अधिराज्यवासीले स्वतः अनुभव गरे र "यथा राजा तथा प्रजाः" भन्ने सदुक्ति चरितार्थ पार्न निरन्तर कटिबद्ध हुँदै गए । तदन्तरका दिनहरूमा वेद-विद्याश्रम वनकालीको भव्य एवं सुरम्य प्राङ्गणमा उपस्थित धर्माचार्यहरूको र अनेकौं विधर्मी परन्तु हिन्दूधर्म-प्रति राम्रो विचार राख्ने व्यक्तिहरूको प्रवचन क्रम चल्यो । अन्तिम चैत्र २५ गतेका दिन त्यस समारोहको समापन (विसर्जन) भने हाम्री बडामहारानी श्री ५ ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको बाहुलीबाट सुसम्पन्न भयो ।

यसैदिन पूर्वार्द्ध-कालमा हाम्रा राष्ट्राध्यक्षका सुपुत्र राजसिंहासनको एकमात्र उत्तराधिकारी युवराज श्री ५ दीपेन्द्र वीर विक्रम शाहको उपनयन-संस्कार शास्त्रीय-विधिवत् प्रपूर्ण गराइयो। यसमा सम्मिलित हुन विदेशी शंकराचार्यहरूको साथै भारतीय भूतपूर्व राजा-महाराजाहरूको पनि शुभागमन भएको थियो । यसरी यो संस्कारले पनि शाश्वत-हिन्दूधर्मको महत्त्व सुविस्तृत रहेछ भन्ने वस्तुतः स्पष्ट गरायो ।

पाञ्चायन-देवपूजक हिन्दूवर्ग

हिन्दूधर्मावलम्बीहरूको समाजमा विशेषतः पाञ्चायन-देवको वैदिक, पौराणिक र तान्त्रिक पद्धतिका माध्यमले प्रतिदिन षोडशोपचारले पूजनादि गर्ने प्रचलन पौराणिक-कालदेखि चलिआएको हो र हिजोआज सम्म पनि यथावत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचलित छँदैछ । त्यसमा भगवान् गणेश, शिव, विष्णु, दुर्गा, सूर्य यी पाँचै देवता प्रधान मानिन्छन् र पूजा-क्रममा सर्वप्रथम कर्मपात्र-संस्थापन, देहशुद्धिको निमित्त संकल्प-वाचन एवं कर्मसाक्षीभूत दीप-कलश-गणेश पूजनपूर्वक अष्टदलांकित यन्त्रमा मूलदेवता (आफ्नो इष्टदेव उपर्युक्त पाँचै देवतामा कुनै एक) को प्रतिष्ठापन आवाहन-पूजन आदि गरेर मूलदेवताको मन्त्रार्थ अनुसन्धान साथै वैदिक-पुरुषसूक्त र पौराणिक पद्यमय-मन्त्रले पूजनादि सम्पन्न गरिन्छ । यसमा भगवान् शिवको उपर्युक्त पूजनान्तर गरिने स्तुति-नुतिको स्वरूप हाम्रा राष्ट्रदेव भगवान् पशुपतिनाथको महत्त्व उपस्थापित गर्दा माथि नै निर्दिष्ट भइसकेको र अरू अवशिष्ट चार देवताको माथि भनेझैं गरी पूजनादि गरिसकेपछि गरिने स्तुति-नुतिको स्वरूप तल लेखिए ठीक यस्तो छ । यी सब मेरै रचनाभित्रकै हुन् । संस्कृत भाषामै छन् ; यिनको अर्थ खोलिनु पर्ने त्यस्तो आवश्यकता छैन जस्तो लाग्दछ । नित्य पाठमात्र गरे पनि अ-आफ्ना इष्टदेव बनेका अथवा भएका यी देवता यै स्तुतिबाट साह्रै चाँडो सुप्रसन्न भइ अभीष्टवस्तु दिन समर्थ हुनेछन् भन्ने लाग्दछ । इच्छुक व्यक्तिले यिनलाई प्रयोगमा ल्याए स्वयं अनुभूत हुने नै छ । भगवान् कृष्णको सदुक्ति "न हि कल्याणकृत् कश्चिद्दुर्गतिं तात गच्छति" अनुसार निष्कामरूपले सत्याचरण-पूर्वक कल्याणमय सत्कर्म गरिरहने व्यक्ति कुनै अवस्थामा पनि दुरवस्थामा पुग्दै-पुग्दैन, भने जस्तो छ । त्यो स्तुति-नुतिको स्वरूप क्रमशः यस्तो छ ।

तिनमा सर्वप्रथम भगवान् गणेशको -

ॐ लम्बोदर देवदेव भगवंस्त्वं राजसे प्राणिनां
श्रद्धाभ्यासपरे विचिन्तनमये हीने विकारैर्हृदि ।
ज्ञात्वा तत्त्वमिदं भजन्ति बहुधा त्वत्पादपद्मं प्रभो !
सद्भावैः परिपूर्णचेतस इमे सांसारिकाः सज्जनाः ॥

तास्तान् भक्तवरान् स्वतः श्रितपदान् ध्येये स्थितान् स्वात्मना
त्वां प्राप्तुं निजकर्मभिर्बहुविधैः सक्तांश्च रक्तांस्तथा ।
त्वं गौरीप्रिय ! नित्यमेव दयसे, तेषां स्वभावांश्च तान्-
जानंस्तत्सदृशान् दृढं विरचयंस्तांस्ताञ्च भावानपि ॥

इत्थं त्वं भगवन् ! स्वयं विकृतितः प्रादुर्भवन् सन्नपि
तत्रत्यां प्रकृतिं श्रितः परतरे ताभ्यामुमाभ्यामपि ।
व्यक्ताव्यक्तमयेऽखिलात्मनि जगज्जात्मके ब्रह्मणि
स्वात्मानं विनिवेश्य तत्र रमसे तस्माद्विभो ! ते नमः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यं संस्मृत्य हृदा पूर्वं प्रबुद्धा विबुधा बुधाः ।
आरभन्ते स्वकार्याणि ससुखं साध्नुवन्ति च ।।
शिवयोः शक्तिपुञ्जं तन्महो देवोपदेवयोः ।
नेतृत्वमाप्नुवद् वन्दे गणनाथमनुत्तमम् ।।

भगवान्-सूर्यनारायणको -

स्वामिन् भास्कर ! भास्करोऽसि तव तद्भासा समस्तं जगत्
प्रत्यक्षं प्रतिभाति भौतिकमयं ह्यक्षणवतां प्राणिनाम् ।
श्रेष्ठ्यं गौरवमत्र यद्विलसितं प्राणन्ति यस्योदयाज् -
जीवाः स्थावरजङ्गमाः स्वचरितैः प्रीणन्ति तत्त्वां प्रभो ! ।।

श्रद्धापूर्णहृदो जनाः प्रतिदिनं त्वत्सारथेर्दर्शनात्
प्रागेवाऽत्र विभो ! विहाय शयनं स्वाचारसंरक्षणे ।
संलग्नास्त्वरितं समाप्य सकलं स्वं कर्म शौचादिकं
त्वामाराधयितुं नदीजलगताः कुर्वन्त्युपस्थानकम् ।।

तेजोरूपिणमीश्वरं दिनकरं क्षेमङ्करं प्राणिनां
त्वां स्तुत्वा स्तुतिभिर्नमोनम इति प्रोद्घुष्य पश्चाद्विजाः ।
अर्घोऽयं परितुष्टयेऽस्तु भगवन् ! ध्यायेम तत्ते पदं
भर्गश्चोदयताद्धियोऽस्य सवितर्मन्त्रं जपन्त्यत्र ते ।।

एवं त्वां भगवन्तमादिपुरुषं सत्यं शिवं सुन्दरं
रूपेणाऽप्रतिमं सदास्तुतकरं श्रेयस्करं चिन्मयम् ।
सानन्दं परमेश्वरं त्रिजगतां स्मृत्वा स्थिरेणात्मना
ध्यायन्तः सुजना भवन्ति भगवंस्त्वय्येव लीनाःस्वतः ।।

विद्यन्ते शक्तयो यस्य इच्छाज्ञानक्रियात्मिकाः ।
याभिः सर्वमिदं सूते योऽस्मै चिन्महसे नमः ।।
इत्थं स्तुवन्ति यं देवं तेजोमण्डलमध्यगम् ।
वन्देऽहं सवितारं तं सच्चिदानन्दरूपिणम् ।।

भगवती-देवीको -

देवि ! त्वं परमार्थतोऽसि जगतां तत्तस्थुषां प्राणिनां
प्राणा आत्ममयी परात्परतरा विश्वस्य बीजं च सत् ।
ओतःप्रोतमिदं जगत् कलयसे शक्त्या स्वयाऽतर्क्यया
व्यक्ताव्यक्तविहारिणी विजयसे सा त्वं पराम्बा ततः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे त्वां समुपासतेऽर्भकनिभाः सांसारिका मानवाः
स्वोत्पत्त्या प्रथमं निदानमिति यत्तस्याऽपि सा त्वं प्रसूः ।
येनाऽऽत्मा परिशुद्धिमेति च यतः सन्दृश्यते तत्त्वतो
दृश्यादृश्यमयं जगत् परिणमद् रूपान्तरे चाम्बिके ! ।।

अम्बे ! त्वं प्रकृतिः परासदसतो यन्नामरूपात्मकं
विश्वं भात्युरुधा विभक्तमतुलं संशीर्यमाणं पुनः ।
तज्ज्ञानक्रियया विभर्षि समये संवर्ध्य सर्वं स्वतः
संहृत्यात्मनि लीलयैव शुभदे ! त्वं लीयसे ब्रह्मणि ।।

तस्मात्त्वां वयमत्र सन्नतिततिं श्रद्धोपहारात्मिकां
संगृह्यावनताःस्म विश्वजननीं ध्यायन्त उच्चाःशयैः ।
त्वत्पादाम्बुजयोः समर्प्य तदिमां मातस्त्वमेकागति -
रस्मानुद्धर तावकान् कृतनयान् मग्नान् भवे, ब्रूमहे ।।

सच्चिदानन्दरूपेण सर्वभूतेषु या स्थिता ।
तां देवीं त्वां नमामोऽद्य शरण्ये ! कुरु नः शिवम् ।।

भगवान् विष्णुको

विष्णो ! साधन-साध्यरूप ! भगवंस्त्वं साधकानां हृदि
प्रोद्भूयैव निरन्तरं विजयसे तान् दर्शयन् स्वं स्वतः ।
सिद्धोऽसौ तत एव पश्यति सुखं सद्भावतो भावितं
स्वात्मानं नियमैर्हितैर्विधिगतैर्वाक्यैर्युतं तद्गतम् ।।

पञ्चत्वं समुपेत्य पञ्चभिरिमैः स्वैरिन्द्रियैः पञ्चसु
संस्यूतैर्विषयेषु तुष्यतितरां भूत्वा च तेभ्यः पृथक् ।
स्थित्वैवाऽत्र सुखं चिरं सदसदो दूरं स्थिते ब्रह्मणि
स्वात्मीभूय तदैक्यमाप्य जयति स्वात्मत्वमेवाश्रयन् ।।

इत्थं ये भगवन्नुपासत इह त्वां भावयन्तोऽनिशं
सिद्धान्ताननुसृत्य शास्त्रगुरुगांस्ते त्वज्जनाः सज्जनाः ।
ते धन्या हि महात्मनश्च सततं जीवन्ति ते वस्तुत
आचार्याश्च त एव पूज्यचरणास्ते स्वामिपादाः स्वतः ।।

तेषामेव महात्मनां धृतधियां ब्रह्मात्मिका ध्यानगा
दीक्षाऽस्मान् कुरुताच्च तच्चितिगतान् मत्स्यी यथाण्डानिव ।
उद्धारो भविता तदैव भगवंस्तन्नामरूपात्मकाद्
विश्वस्मादपसृत्य यद्वयमहो ! ध्यायेम सच्चिन्महः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णो ! व्यापकरूपेण स्वच्छाज्ञानक्रियात्मिका ।
यत्त्वया धार्यते शक्तिः साऽस्मान् पातु निरन्तरम् ।।

भगवान्शंकरको स्तुति-नुतिको स्वरूप माथि भगवान् पशुपतिको महत्त्व देखाँउदा देखाइ सकिएकोछ ।

यसरी यी पाँचै देवहरूका उपासक अ-आफ्ना इष्ट-देवहरू प्रति साह्रै बलियो धारणा र आस्था राख्ने हुन्छन् । तत्पात् एकले अर्का-देवको उपासकलाई अलिल नराम्रो दृष्टिले हेर्छन् । यसैकारण यी पाँचै संप्रदायवादी कहिन्छन् । यिनको संप्रदाय शैव, गाणपत, सौर, शाक्त र वैष्णव कहिन्छ । अ-आफ्नो क्षेत्रबाट यी सबका सब अरूको संप्रदायलाई हेय (तुच्छ) सम्भेर अ-आफ्नो संप्रदाय सर्वोत्तम मान्दछन् र तदनुसार क्रिया-कलाप गर्ने गर्दछन् ।

भयानक-भूकम्प

●

प्रिय पाठकवृन्द ! यसरी लेख्ता लेख्तै विगत वि.सं. २०४५ साल भाद्र ५ गते तदनुसार ई.सं. १९८८ अगास्त २० ता. को प्रातः ४ बजेर ५५ मिनेट जाँदा जब कि सारा संसार प्रकृति-देवीको मीठो र न्यानो काखमा मस्तसँग निदाइ रहेको थियो, अकस्मात् भूकम्प भयो । हामी काठमाण्डू-निवासी-जनता, ज-जसले यसको धक्का आफूमा अनुभव गरे, तत्कालमा उठेर "भूकम्प भयो, तुरुन्त उठेर बाल-बच्चा लिई घर-बाहिर निस्क र सुरक्षित ठाँउमा बस्न बाहिर आओ" भन्ने हल्ला-खल्ला गर्दै घर-बाहिर निस्क्यौं । छिनभरमै अ-आफ्ना परिवारका साथ घर-बाहिर मूल-सडक वरिपरि भरिएर बस्यौं । केही बेर पछि निकै नै हल्ला-खल्ला बढ्दै गयो । साराको हृदय महान् डरले आक्रान्त भयो । सबैले सम्भियौं कि, अब प्रलयै हुन पो लाग्यो कि, क्या हो ? कहीं १९९० साल माघ २ गते दिउसो दुइ बजेतिर गएको भूकम्प जस्तो र जत्रो सर्वसंहारकारी भुँइचालो त जान लागेन ? यस्तैमा सबैतिरबाट फेरि आबाज आयो थामियो-थामियो, इत्यादि । यसरी काठमाण्डूभित्र धरा-माता हल्लिएको समय केवल चालिस सेकेण्ड मात्र थियो । यत्तिकैले पनि घर-सर हल्लिनुमात्रको कुरा के ? हामी साराको हृदय पनि हल्लिएको हल्लियै भयो । केहीबेर पछि उज्यालो भयो । अब अलि शान्त र आश्वस्त भएर उताउति हेर-विचार गर्न लाग्यौं । तर भूकम्पको भड्काको आफूमा रहिरहेको आवेशले गर्दा हामी समस्त काठमाण्डू-निवासी जनता केवल कुहिराको काग जस्ता रनभुल्लैमा परिरहेका भयौं ।

समय वित्तै गयो । सबै अ-आफ्ना काम-धन्दामा लाग्दै गयौं । यता सरकार सचेत भयो र आफ्नो संचार-साधनको माध्यमले आफ्नो अधिराज्यभरीको स्थिति, जो त्यस्तो भूकम्प जाँदा कहाँ, कहाँ के, कस्तो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कति, कति धन-जनको क्षति भयो ? बुझ्न-बुझाउन गर्न पट्टि लागि हाल्यो र रेडियो, आ.वा., टेलिफोन आदि द्वारा बुझ्नु पर्ने कुराहरू बुझेर हामी जनतालाई क्रमशः अवगत गराँउदै गयो । यसले पनि हामीहरू लाई अझ बढी आतंकित बनायो । कारण ? जहाँ-जहाँ धन-जनको क्षति भयो, त्यो सारा हाम्रै थियो । जस्तो यौटै शरीरको अनेक अङ्ग हुन्छ र यौटामा पीर-बाधा पर्दा अर्को त्यसको पीरले स्वयं पीडित हुन्छ, ठीक त्यस्तै । यसमा हाम्रो अधिराज्यको पूर्वाञ्चलतिर साह्रै नै धन-जनको क्षति भयो । सरकारले तत्कालमा सक्तो प्रयास गरेर धन-जनको साथै आवश्यक उपचारका साधन र औषधिहरू लिन लगाएर चिकित्सकहरूको दल समेत पठायो । गर्नसम्म, सकेसम्म उद्धार-कार्य सुसम्पन्न गरायो, शान्ति दिलायो । पछि-पछि रेडियो आदिबाट सुनिंदै गयौं - कि पूर्वी-प्रान्तमा मर्नेहरूको संख्या आज वि.सं. २०४५ भाद्र २० सम्म ७०६ र घाइते हुने ५१५ एवं भत्किएका घरको संख्या करीव १८ हजारसम्म पुगेको पत्ता लाग्यो । बांच्ने र घाइते हुनेहरूलाई आवश्यक विषय-वस्तुको सहायता पु-यांउन सक्तो प्रयत्न गर्दछौं, सारा सरकारी-गैरसरकारी-संघ-संस्था आदिले पनि सामाजिक व्यक्तिहरूको साथै सक्तो सहयोग निरन्तर गरिरहेकै छन् । इत्यादि कुराको उद्घोषणा ग-यो ।

उता मित्रराष्ट्र भारतमा पनि त्यसरी गएको भूकम्पले साह्रै साह्रै विनाश ग-यो । पछि पछि सुन्दै गर्‍यौं, हाम्रो राष्ट्र-सीमा सँगैको भारतको उत्तर-पूर्वीय-प्रान्तहरूमा यसले ठूलो प्रभाव पा-यो । भयानक आतङ्क फैलायो । विशेषतः विहारको मधुवनीमा, दरभङ्गामा, मुंगेरमा, पटना आदि ठांउ-ठांउमा ठूलो धन-जनको क्षति भयो । सरकारले पनि हर-तरहको सहयोग गर्दा पनि आवश्यक औषधि-उपचार र खाद्यान्न आदिको सहायता पु-यांउदै पनि संभाल्नै नसकिने होला जस्तो स्थिति आयो । त्यतातिर मर्नेहरूको संख्या झण्डै ७०० पुग्न लागेको पत्र-पत्रिका बाट पढियो । अझै पनि साह्रै ठूलो त्रास फिजिंदैछ र भयानक-आतंक फैलि रहेकैछ । यो १९९० साल पछिको ज्यादै ठूलो भूकम्प भएको मानिन्छ, जो कहीं ४० सेकेण्ड कहीं-कहीं ६० एवं ७० सेकेण्ड सम्म गएको ठहरिन्छ । यसरी यो प्राकृतिक-प्रहारले हामी नेपाल-भारतनिवासी जनता साह्रै-साह्रै पीडित र दुःखित भयौं । अब यसमा हाम्रा राष्ट्रदेव पशुपतिनाथले र भारतका विश्वनाथले हाम्रो निरन्तर रक्षा गरून्, अनवरत शान्ति दिउन् । यसभन्दा बढी अरू गर्ने पो के सक्तथ्यौं र ?

संप्रदायवादमा अनिन्द्य एकतत्त्वमय हिन्दू-धर्मको गौरव

अब यहां केहीबेर सावधान भएर विचार गरेर हेरौं । विश्वभर अनेकौं रूपका धर्म, मत, पन्थ, संप्रदाय आदि प्रचलित-विषयहरूमा विहङ्गवलोकन गर्ने हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने, साह्रै नै विविधता तथा विषमता आदि निरन्तर बढिरहेको पाँउछौं । सर्वप्रथम त्यो संप्रदाय भन्ने शब्दको स्वरूप हेरौं । यो शब्द संस्कृत-व्याकरण अनुसार "दाण् दाने" भन्ने अर्थमा दा धातुबाट निस्केको हो र सम्. प्र. उपसर्ग लाग्दा संप्रदाय यस्तो सिद्ध हुन्छ । यस स्थितिमा प्रदा भन्ने शब्दको अर्थ राम्रो संग दिनु-हुन्छ भने त्यसको पनि अगाडि सम् लाग्दा सम्यक् ज्ञान अर्थात् उच्च-स्तरीय ज्ञान, प्रदान गर्नु भन्ने सिद्ध हुन्छ । जो संसारको सृष्टि-स्थिति-संहार गर्ने त्यही एकमात्र ब्रह्मतत्त्वसंग सम्बद्ध छ। अपवादरूपमा जो ईश्वर (त्यो सगुण होस् वा निर्गुण) को सत्ता मान्दैनन्, त्यस्ता मत, पन्थ, अङ्गीकार गर्नेहरूलाई छोडेर अरू सबै संम्प्रदायवादीहरूको धारणाको, आराधना-उपासनादिको एकमात्र अवलम्बन त्यही तत्त्व देखिंन आंउछ । मात्र भारतवर्षीय-विद्वान्हरू यही चरम तथा परमतत्त्व सत्यको अन्वेषणमा उहिल्यैदेखि अहिलेसम्म निरन्तर प्रयत्नशील हुँदै आए । यस विषयमा ज-जसले त्यस तत्त्वको साक्षात्कार गरे, तिनैले जस्ताको तस्तै गरेर त्यसको रूप-रेखा र रीति-स्थिति एवं त्यसको गति-विधि विश्वका जनताको अगाडि राखि दिए । त्यस्ता क्रान्तदर्शी तथा परतत्त्व-स्वरूपाकलक महापुरूषहरूको सदाचरण एवं परमतत्त्व प्राप्तिको निमित्तका धर्मको सत्कर्मबाट स्वतः आल्हादित तथा आकर्षित भएर तिनैतिर लाग्दै गए अर्थात् त्यस्तै काम-कुरा गर्ने र उनीहरूले माने-पाले जस्तो धर्म-कर्म मान्ने, त्यही मार्गबाट त्यस तत्त्वलाई पाँउन जान्ने हुँदै आए । भन्नुको तात्पर्य हो । त्यस्ता सत्यान्वेषी एवं साक्षात्कारी व्यक्ति-विशेषको सिद्धान्त र सद्विचारको अनुयायी हुँदै र संख्यामा उत्तरोत्तर बृद्धि गर्दै यताउति सर्दै-सर्दै आए । यो निर्विवाद-तथ्य कुरा हो । यिनै त्यस्ता महापुरूषहरूका अनुयायी हुने समूहको अर्थात् जमातको नाम पछि गएर संप्रदाय, मत, पन्थ इत्यादि भनिदै प्रसिद्ध हुँदै आयो । यही हो संप्रदायवादका उत्पत्तिको सार्वदेशिक परिभाषा । यही सांप्रदायिक वर्गले अ-आफ्ना तथासंस्तुत-संप्रदायका प्रवर्तक एवं उपदेशक-पूर्वजहरूको तिनै विचारलाई, तिनै सिद्धान्तहरूलाई आफू पछिका पींढीका पींढीमा "सर्वथा उपादेय छन्, ग्राह्य छन्" भनेर सर्वत्र प्रचार-प्रसार गर्दै अ-आफ्नो क्षेत्र परिवृद्ध तथा सुसम्पन्न पार्दै आयो र कालान्तरमा तिनै विचार-प्रवाहहरू एवं सैद्धान्तिक-स्रोतः उपयुक्त तर्क-युक्ति र प्रमाणद्वारा परिमार्जित तथा परिपुष्ट भएर हस्तांकित लिपिबद्धरूपमा विकसित हुँदै सर्वत्र व्याप्त भए ।

यसरी बढ्दै आएको यसको परिधिमा गारूडी-दृष्टिले हेर्ने हो भने भारतवर्ष-भरी उपरि तथासंस्तुत सत्यान्वेषणका निमित्तको प्रयास निरन्तर पूर्वकथितरूप लिएर चल्दै-बढ्दै आयो र पूर्वोक्तवत् परिणाममा क्रमशः अनेकौं संप्रदाय, मत, पन्थ आदि निस्कँदै वैचारिक-परिपुष्टता लिंदै आए । तिनमा प्रधान यिनै हुन् । अद्वैतवाद, विशिष्टाद्वैतवाद, द्वैतवाद, द्वैताद्वैतवाद, शुद्धाद्वैतवाद, शैव, शाक्त, गाणपत, सौर, वैष्णव एवं गोरखपन्थी, कबीर-पन्थी, नानकपन्थी, जैन, बौद्ध, ब्रह्मसमाजी, प्रार्थनासमाजी, दादूपन्थी, रामसनेही, बाराकरी र राधास्वामी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वामीनारायण तथा गोसाईं-मतहरू छन् र प्रचलित हुँदै आए । विभिन्न यी संप्रदाय र मत-पन्थ आदिमा लाग्नेहरूको संख्या पनि प्रशस्त हुँदै गयो । यिनीहरूको मनै लोभ्याउने र आफ्नैतिर तान्न सक्ने प्रवचन र भाषण आदिले सम्बद्ध-सत्यज्ञानावस्थामा त्यसको जिज्ञासामा अतृप्त-स्थितिका जनता त्यसैका प्राप्तिको तृप्तावस्थामा पुग्न, निरन्तर-सक्रिय हुँदै स्वतः त्यतैतिर तानिइदै गए । यसरी अ-आफ्नो क्षेत्रको संप्रदाय अथवा मत-पन्थ आदि प्रसार-प्रचार हुँदै जाँदा समाजका विभिन्न वर्ग-वर्गका जनता अ-आफ्नो विचार र रूचिका माध्यमले अत्यन्त आल्हादित भएर स्वतः आकर्षित हुँदै आए र अन्तमा स्वयं उनीहरू पनि आफ्ना-पूर्वजहरू जस्तै ती-ती संप्रदाय-मत-पन्थका उपदेशक र प्रवर्तक जस्तै भए । यही हो क्रमबद्धरूपले हुँदै-बढ्दै आएको संप्रदायवादको सार्वदेशिक इतिहास ।

सनातन हिन्दू-धर्मको विशुद्धता

●

उपर्युक्त स्थितिमा हाम्रा भारतवर्षीय त्यस्ता शाश्वत-धर्मप्रेमी महापुरूषहरूमा कहिल्यै तेरो-मेरो परेन अर्थात् तेरो ईश्वर नीच, मेरो उच्च, भन्ने अर्थमामात्र झै-झगडा भएन, परेन, वाद-विवाद भएन । अझ भनौं भने यो चाँहि मत वा पन्थ संप्रदायको अनुसरण गर्नाले पांइने ईश्वर ग्राह्य हो, उपादेय हो, यो चाँहि अग्राह्य र हेय हो, इत्यादि विषयमा कहिल्यै वैमनस्य भएन । कहीं-कहीं भइहाल्यो भने पनि सम्बद्ध-वस्तुको साधन-उपकरण आदिमामात्र । भारतवर्ष बाहिरका द्वीप एवं उपद्वीपहरूमा एशिया यूरोप आदिका गांउ-ठांउका विधर्मी अर्थात् हिन्दूधर्मेतर व्यक्तिहरूद्वारा स्वयंमा अनुभूत र प्रवर्तित एवं प्रसारित पूर्वसंस्तुत त्यस्तो सत्यान्वेणको सत्परिणाम-जन्य त्यस तत्त्वलाई त्यो होइन, अर्थात् तिमीहरूको त्यस्तो ईश्वरै छैन, अथवा त्यस्तो ईश्वर यस्ता साधन र उपकरणद्वारा पांइदै-पांइदैन भन्ने आदि कुरा बकेर त्यस्ता व्यक्ति-विशेषहरूले उनीहरूको निन्दा, अपमान आदि गरेर कहिल्यै उछित्तो गाएनन् । यही हो हिन्दू धर्मको गौरव । यस्ता आर्य-हिन्दूहरूमा त्यस्तो सांप्रदायिकताको स्वरूप भित्र पनि यौटा यै धारणा सुदृढ रूपले रहँदै आएको देखिन्छ कि "एकं सद्विप्रा बहुधा वदन्ति" भने ठीक त्यो यौटै सर्वान्तर्यामी सर्वव्यापक ईश्वर तत्त्वलाई अ-आफ्नो विषय-वस्तुगत तर्क-युक्ति र प्रमाणहरूद्वारा अनेकौं रूपले देख्तछन् । त्यही ठीक आफूमा अनुभूत भएका वस्तु (ब्रह्म वा ईश्वर) को रीति-स्थितिको विषयमा अझ जिज्ञासाले सोधेमा चाँहिदो सदुपदेश दिन्छन् । परन्तु यसका अतिरिक्त भारतवर्ष बाहिरका जो जति पनि धर्म, मत, पन्थ, अथवा संप्रदायवादी व्यक्तिहरू छन्, उनीहरू भने आफ्नो त्यस्तो ती ती विषय-वस्तुहरूलाई छोडेर अरूको त्यो जस्तो सुकै सर्वोच्च यद्वा जस्तोसुकै सर्वोत्तम भए पनि निरन्तर निन्दा मात्र गर्नै होइन कि अपितु समूलोच्छेदन गरेर अर्थात् जरैदेखि छिनालेर निर्भिद्याउन्ने पारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोड्दछन् र कहिले-काहीं आफ्ना अनुयायीहरूलाई यस्तो पनि उपदेश दिन्छन् कि "यता लाग्यौ भने यो धर्मले अथवा मतले वा संप्रदायले तिमीहरूको सत्यानाशै पारेर छोड्दछ" । इत्यादि भन्न सम्म पनि हिचकिचाउँदैनन् । यी सब कुरा भने सनातन हिन्दू-धर्ममा छँदैछैनन् भन्ने पनि स्वतः सिद्ध भइरहेको देखिँदैछ । यो यौटा कुरा हिन्दू-धर्मकै भित्रको महत्त्वमा विशिष्टको हो ।

धार्मिक संकीर्णता र विदिप्तता

केवल विश्वास र श्रद्धामा आधारित परन्तु तर्क तथा युक्ति एवं अन्य प्रमाणहरू मान्दै न मान्ने भारतवर्ष बाहिरका इस्लाम र ईसाई धर्मीहरूले अनेकौं राष्ट्र-राष्ट्रमा भएको धार्मिक-संघर्षमा अत्यन्त भयानक र साह्रै जुगुप्सित ढंगबाट परिपूर्ण इतिहास स्वयंले लेखेर, छोडेर गएको कुरा, हामीले पढि रहेकैछौं । यस्तो हुनाको कारण खोजनपट्टि लाग्दा उनीहरूको त्यस्तो श्रद्धा र विश्वासमा अन्य धर्मीहरूले अलिकति नराम्रो दृष्टिले हेरे वा तुच्छ, भन्ने आरोप लगाएमात्र भने पनि काण्ड पुगी हाल्दछ । तत्कालमा काट-मार चलि हाल्दछ । यही हो धार्मिक-असहिष्णुताको मुख्यप्रमाण, जो अलिकति सम्म पनि खप्ने सक्तैनन् । यसो विचार गरि हेरौं त, इस्लाम-धर्ममा कत्ति पृथक्ता (भेद) छ, शिया-सुन्नी, सुन्नी-अहमदिया शिया-बहाई आदि । यिनमा अन्योन्यमा धर्मको नाममा कत्तिको काट-मार चलिरहेकोछ र निरन्तर संघर्ष बढिरहेकोछ ? यसको दृष्टान्त ईरान-इराक संघर्ष हो । जो शिया-सुन्नी धर्मका संप्रदायका पक्षपाती छन् । यता अहमदिया धर्मीहरूमा पनि पाकिस्तानमा त्यस्तै भइरहेछ । त्यो धर्मलाई सर्वप्रथम पाकिस्तानले इस्लामधर्म बाहिरको भनेर घोषणा गरिदियो । पछि गएर हजरत मुहम्मदलाई मुस्लीम-धर्मका अन्तिम पैगम्बर (धर्म प्रवर्तक गुरू) नमान्ने भन्ने आरोप लगाएर अस्ति भरखरैको कुरो हो कानूनै बनाएर यै अपराधमा पुरूषलाई मृत्युदण्ड र स्त्रीजातिलाई आजीवन कारावास सम्मको दण्ड दिने व्यवस्था बनाएर छोडेको सबैले जानेकै-सुनेकैछौं ।

ईसाईहरूमा पनि रोमन, कैथोलिक, प्रोटेस्टेंट, लूथहन, मोमिन, आदि वर्ग-वर्गका सांप्रदायिक दल-दलमा झण्डै त्यस्तै-त्यस्तै रूपको मार-काट र झैं-झगडा आदि युरोपतिर हेरे हिजो-आज सम्म पनि चलिरहेको देख्तैछौं । यिनीहरूको त्यो आस्था र श्रद्धामा राम्रो जरो गाडेर बढिरहेको असहिष्णुतामा यौटा रोमन कैथोलिक पादरी (धर्मगुरू) लुई विनिलांट महानुभावकै भनाई अनुसार उनैका शब्दमा अंकित यो कुरा देखिन्छ - हामी रोमन-कैथोलिकहरू कहिले-कहीं जब अल्पसंख्यक हुन आंउछौं, त्यसबेला तपाईहरूकै सिद्धान्तलाई अगाडि सारेर विचार-स्वातत्र्यको माग गर्न थाल्दछौं । जब बहुमतमा पुग्दछौं तब आफ्नै सिद्धान्तमा टिक्तै तपाईहरूलाई त्यो विचार स्वातन्त्र्यबाट पनि वञ्चित गराइ दिन्छौं इत्यादि । यस स्थितिको यो इसाई-धर्मले जहां-जहां पुगेर आफ्नो जरो-दरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाड्यो, त्यहाँ-त्यहाँका प्रचलित अन्य धर्म, मत,पन्थ, अथवा संप्रदायको उछित्तो खनेर व्यक्ति परिवार र समाजैलाई हरएक कुराको छलले, चाँहिदो नचाँहिदो काम-कुराको आकर्षणले आफ्नै-धर्ममा, आफ्नै-जमातमा एकत्रित गराइ छोड्यो। यी सब धार्मिक-इतिहासका कुरा हुन्। यथार्थतः तथ्यरूपमा परिणत हुँदै आएका छन्। हामी सुन्दछौं, देख्तैछौं र भोग्दैछौं।

त्यस्तै कम्युनिष्ट जमातद्वारा प्रशासित राष्ट्रहरूमा पनि अ-आफैंमा पनि त्यस्तो संघर्ष एवं काट-मार आदि निरन्तर भइ रहेकै देखिन्छ। विशेषतः त्यहाँका जनताले गरेको सरकारसँगको माग जुन "हामीले विचार स्वातन्त्र्य सम्म त पाउनु पर्दछ र यसको लागि व्यवस्थामा परिवर्तन हुनु पर्दछ" भन्ने सम्मको थियो, यत्ति सम्मको याचनाको कुरा सम्म पनि रूस जस्तो साम्यवादी-देशले त्यस्तो माग गर्ने पोल्याण्ड र चेकोस्लाविया जस्ता राष्ट्र-राष्ट्र माथि ज्यादै नराम्रो आघात पारेर तिनीहरूको त्यो विचारै नष्ट-भ्रष्ट पारिदिएको कुरा त धेरैजसो साधारण जनतालाई पनि अवगत भएकैछ।

यी तथाकथित पूर्वोक्त तीनथरी जमातका संप्रदाय आजकाल विश्वभरी फैलिदै आइ रहेकाछन्। यिनमा व्यवस्थित एवं प्रचलित अनेकौंरूप लिएका असहिष्णुता, निरंकुशता, र निर्ममता आदि यसरी खोतलेर देखाँउनाको कारण अथवा उद्देश्य जे भनौं, यही हो कि यी महानुभावहरू अ-आफ्नै मत, पन्थ अथवा संप्रदाय भित्रैका व्यक्तिहरू माथि त स्वल्पांश-सम्मको सहिष्णुता देखाँउन सक्तैनन् भने अन्ततोगत्वा एकत्ववादगर्भक हिन्दू-धर्मीहरूको बहुदेव-देवीवादमा आधारित विभिन्न रूचि र श्रद्धा-विश्वासगत-आस्थामा सुदृढ-निष्ठामा कसरी त्यस्तो सहिष्णुता देखाँउन सक्लान्? केवल भित्र-भित्रै यिनीहरूलाई आफ्नो मतमा संप्रदायमा लिन सकिएन भनेर निरन्तर जल्दै त्यस्तो पार्ने प्रयत्न गर्दैछन्? वस्तुतः यही स्थिति देखापर्दैछ।

त्यस्तो हाम्रो वैदिक-धर्मिता-सुसम्पन्न हिन्दूत्वलाई "यो यौटा खास हिन्दू-संप्रदाय हो" भनेर आफ्नो शासनकालमा त्यसताकका साम्राज्यशाली फिरिङ्गी महानुभावले केवल हेय-दृष्टिले हेरेर त्यस्तै विचार फैलाएर, प्रचलनमा परिणत गराएर छोडी दिएकामात्र हुन्। वास्तविक तथ्य अर्कै छ। अचेलसम्म पनि उनीहरूका अँशियारे र वँशियारेहरू विश्वभरी व्याप्त भएर त्यही ईसाई-मतको, जमातको आर्थिक-सम्पन्नताको आधारमा प्रचार-प्रसारमा निरन्तर सक्रिय भएर सकेसम्म हिन्दूहरूलाई आफ्नैमा लिन, मिलाँउन, प्रयत्न गरीरहेका देखिन्छन्। यो महारोग हाम्रो राष्ट्रमा पनि निरन्तर अनेकौं रूपले छल-छद्मले कहीं-कहीं त प्रत्यक्षरूपले पनि अधिराज्यभरी व्याप्त भइसकेको छ र हामी संवैधानिक-रूपले धर्मसापेक्ष-राष्ट्रका हिन्दू-धर्मीहरू महान् दुःखको कुरा यो छ कि धर्मनिरपेक्ष-राष्ट्रका जनता जस्ता भएर वाल्ल परेर, दाजुका हाथकी भाउजु जस्ती भएर, जोइटिंग्रे बनेर सही, खपी, सुनी-गुनी यो सब कुरामा केवल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूकान्धवधिरवत् स्थिति भोग्दैछौं । ठिकै हो, जो हामी सर्वधर्म-प्रेमी हौं । सर्वधर्म-समन्वय खोज्दैछौं ।

माथि भरखरैमात्र बखान्दै आएका तीन प्रकारका मत, संप्रदाय अथवा सिद्धान्तका लक्षणहरू हामी आर्य-हिन्दूहरूको सद्धर्ममा कुनै यौटा सम्म पनि राम्रोसंग घट्दै-घट्दैनन्, मिल्दै मिल्दैनन्, किन कि ? अनन्त विश्वब्रह्माण्ड भरी त्यही यौटा परब्रह्म भनिने तत्त्वलाई छोडेर अरू कुनै पनि त्यो व्यक्तिविशेषै किन नहोस्, त्यसका प्राप्तिका निमित्तको प्राथमिक धर्म-कर्म-प्रवर्तक निस्किंदै-निस्किएन, जब कि इस्लाममा हजरत मुहम्मद र क्रिश्चियनमा ईशा आदि जस्ता धर्मप्रवर्तक एवं प्रसारक निस्किएका देखिन्छन् । सनातनी हिन्दू-धर्ममा भने त्यस्ता कुनै व्यक्ति नै देखिएनन्, हुँदै-भएनन्, जो जति भए, जस्ता निस्किए, जस्ता देखिए, ती सबका सब सृष्टिको पहिलो अवस्थादेखि नै उद्भूत एवं सर्वत्र आदिकालात् प्रवर्तित त्यही शाश्वत वैदिक-धर्मको प्रचारक र प्रसारकमात्र हुन्, न कि प्रवर्तक । हामी हिन्दू-जनता जो "एकं ब्रह्म द्वितीयं नास्ति" भन्ने सद्विचारका छौं, हाम्रा एकमात्र श्रद्धाका पात्र एवं प्रातः स्मरणीयचरण आचार्यपाद आद्य-शंकराचार्यलाई पनि अद्वैत-सिद्धान्तका प्रवर्तक हुन्, भनेर कहिल्यै मान्दैनौं, न ता भारतीय-विद्वान्हरू नै मान्दछन्, मान्दछौं वा मान्दछन् भने केवल त्यो अद्वैत-तत्त्वमय सद्धर्मका प्रचारक एवं प्रसारक मात्र, जसले ब्रह्मसूत्र शारीरिकभाष्य, दशोपनिषद्भाष्य र भगवद्गीतामा शांकरभाष्य आदि सदर्थप्रतिपादक व्याख्या गऱ्यो, जसको नामै "प्रस्थानत्रयी" छ ।

हिन्दूत्वमा एकता

तस्मात् त्यो अद्वैततत्त्व-प्राप्तिका निमित्तको कर्म-धर्म मान्ने हिन्दू-जनताद्वारा उपादेय एवं सर्वथा संग्राह्य तथासंस्तुत धर्म-कर्मको स्वरूप एवं आकार-प्रकार जे छ, जो छ, त्यही नै सृष्टिको प्रारम्भ-कालदेखि नै उद्भूत वेदराशिभित्रै ओतःप्रोतः भएर त्यसैमा एकाकार-रूपले टिकेर आएको शाश्वत हिन्दू-धर्मको सर्वोच्च-सनातन प्रतिरूप हो, अनादि कालदेखि प्रवर्तित सद्धर्म हो । पूज्यपाद-शंकराचार्यकै ठीक अरू धर्माचार्य एवं उपदेशकाचार्य, पूज्यचरण रामानुजाचार्य, मध्वाचार्य, निम्बार्काचार्य एवं वल्लभाचार्य प्रभृति महापुरूषहरू पनि त्यसै तत्त्वका परिपोषक हुन् र अ-आफ्नो विचार अथवा हृदयको आत्मिक-उद्गार पोख्ने मार्ग-प्रदर्शकमात्र हुन् । पछि गएर उहांहरूका शिष्य-प्रशिष्यहरूले अ-आफ्ना गुरूदेवहरूको त्यो विचार, त्यो तर्क-युक्ति-प्रमाणादिले परिपूर्ण सद्भावना आदि प्रचार-प्रसार गर्दै जांदा यसैलाई संप्रदाय भनिदै आयो र यसमा अ-आफ्नो पक्षको साह्रै एकनिष्ठता छायो, यसैको नाम पछि संप्रदाय-वाद रहन आयो यही हो एकतत्त्वमय हिन्दूधर्ममा जसभित्र सारा नाम-रूपोपकल्पित देव-देवीहरू पर्दछन्, त्यसैमा ती सबै त्यही अद्वैत-परब्रह्म (निर्गुण) परमात्मा (सगुण) को अचिन्त्य महाशक्तिद्वारा एकीकृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका छन् र त्यही एकतत्त्वमा सम्पृक्त छन् । यस्तो यो प्राचीनतम वैदिक हिन्दू-धर्ममा न कुनै वाद-विवाद गर्ने ठांउ नै छ, न कहीं ननु, नच गर्ने अवस्था नै आंउछ, जब कि "सर्वं पदं हस्तिपदे निमग्नम्" भने ठीक संसारभर प्रचलित धर्म, संप्रदाय, मत, पन्थ आदि त्यही अद्वैततत्त्व भित्रपरेका देखिन्छन् । ईश्वरतत्त्वको सत्ता (विद्यमानता) का समर्थक आस्तिक-व्यक्तिहरूको यही नै सर्वोत्तम धारणा छ, सद्भावना छ । यसैमा अ-आफ्नो त्यस्तो विचार र सद्भावनामा अनेकता लिएर रूचि र श्रद्धाको आधारमा हामी जब यताउति लाग्दछौं, अनेकौं तथाकथित देव-देवीको आराधना-उपासना गर्न थाल्दछौं ,त्यसबेला ठूलो नाम कमांउछौं त्यो हो (संप्रदायवादी) इत्यादि ।

सांप्रदायिकता मान्नेहरूमा दुई कुरा मुख्य छन्- पहिलो हामी हिन्दूहरू एकार्थमा सर्वधर्म-समन्वयवादी छौं र विशेषतः इस्लाम, क्रिश्चियन, पारसी,यहूदी आदि भारतवर्ष बाहिरका संप्रदायवादीहरूलाई पनि हामी आफ्नो सर्वव्यापक हिन्दू-धर्मको सुविस्तृत परिधिभित्र यो प्रणमा समानताको स्थान दिएर उनीहरूको विचार सिद्धान्तको राम्रो सन्मान गर्न चाहन्छौं कि - हाम्रो प्रचलित धार्मिकतामा सदाचरणमा ठीक अ-आफ्नो धर्मप्रतिकै जस्तो श्रद्धा र सन्मानको वात-व्यवहार गरिदिनोस्, इत्यादि । यसो गर्दा यथार्थतः भन्ने हो भने उहांहरूलाई सार्है नै पीडा हुन्छ, अप्रत्याशित महान् भयले ऐंठन सम्म ऐंठिन्छ - त्यो यो हो - कहीं त्यसो गर्दा हामी आफ्नो धर्मकै अस्तित्त्व त विलुप्त गरांउदैनौं ? यता हाम्रो हिन्दूधर्मले जन-मानसमा यति सम्मको दरो-जरो गाडेकोछ कि हामी सितिमिति कसैको, कुनै दलको, संप्रदायको अथवा अन्य धर्मीहरूको न त निन्दा नै गर्दछौं, न त नचाहिदो स्तुति नै । यस स्थितिमा त्यसो गर्ने गरेको भए अल्पमत एवं संख्याका त्यस्ता विधर्मी तथा संप्रदायवादीहरूका समूहका समूह हिन्दू-राष्ट्रको परिधिबाटै स्वतः निष्काशित भइसकेका हुन्थे । यी कुराको सत्यतातिर ध्यान दिएर एकपटक सोचे र हेरौं त ! भारतीय हिन्दूजनताको र वर्तमान भारतका प्रधानमंत्री राजीव-गान्धीज्यूको मातृक तथा पैतृक-सम्बन्ध र त्यसैबाट भएको उनीहरूको बाल्यकालीन जीवनक्रम एवं धार्मिक रीति-स्थिति कस्तो थियो र अहिले कस्तो सनातन धर्मानुप्राणित उच्च छ ?

आर्य-हिन्दूको सदाचार

●

सद् यो अव्यय शब्द अगाडि लागेको आङ्-पूर्वको चरधातु बाट घञ् प्रत्यय गर्दा आचार शब्द र यी दुबै शब्द जोड्दा व्याकरण अनुसार सदाचार यो शब्द सिद्ध हुन्छ । यसको अर्थ निस्कन्छ राम्रो आचार अथवा बानी । वात-व्यवहार, चाल-चलन, शील-स्वभाव इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यजीवनमा आचारको ज्यादै ठूलो महत्त्व छ । यसैले शास्त्रमा यसो भनिएको हो "आचारः परमो धर्मः" आचार नै सर्वोत्तम धर्म हो । "आचारहीनं न पुनन्ति वेदा यद्यप्यधीताः सह षड्भिरङ्गैः" आचारहीन व्यक्तिलाई छओै अङ्ग शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्दः, ज्योतिष-विद्या आदि साथै पढेका चारै वेदले पनि पवित्र पार्न अर्थात् विशुद्ध गराउन सक्तै-सक्तैनन् । तस्मात् मनुष्यमात्रले नित्य सदाचारी हुनै पर्दछ । यस्तो हुनमा "आचारशुद्धौ सत्वशुद्धिः सत्वशुद्धौ चित्तैकता, ततः साक्षात्कारः । आचारशुद्धि नै प्रथमकारण मानिन्छ । किन कि ? यसबाट इन्द्रियादि भन्दा अलि माथिल्ला तहका अर्थात् यिनलाई पनि खटनपटन गर्ने मन, चित्त, बुद्धि र अहङ्कारादिको पनि विशुद्धि हुन जान्छ । अनि चित्त ठीक ठांउमा, लक्ष्यमा लाग्छ । यसको परिणाम निस्कन्छ आफ्नो इष्टवस्तु (ईश्वरआदि) संगको साक्षात्कार प्राप्त गरिने क्षमता । यी सब आचारशुद्ध भएमात्र आफूमा सुसंचित हुंदै आँउने कुरा हुन् । यो आचारको दुइ भेद छ । यौटा सदाचार र अर्को कदाचार । ठीक यसैको उल्टो-पाल्टो, वस्तुतः सदाचारीले पांउन खोजेको दुइ कुरा जो श्रेयोमार्ग र प्रेयोमार्ग संग सम्बद्ध हुन्छ, सजिलै संग प्राप्त गर्न सक्तछ । यसैलाई भन्दछन् पारलौकिककल्याण प्राप्त हुने र ऐहलौकिक भोग-वासनाका विषय-वस्तुमा रमिने, लुट्पुटिने दुइ बाटो निवृत्तिमार्ग र प्रवृत्तिमार्ग । यिनैमा अ-आफ्नो प्राक्तन कर्म-संस्कार र क्रियमाण-कर्मका आकर्षणले गरिने सदाचार अथवा कदाचार । तस्मात् व्यवहारमा पनि यी दुबै कुरा निरन्तर घट्तै आएका छन् । कदाचारी भन्दा सदाचारी व्यक्तिविशेषलाई नै सबैले सर्वत्र, सर्वदा रूचाउँदछन् र त्यसैले उत्तम स्थान पाएको स्पष्टै देखिन्छ । सत्यसन्धारण बाट सत्य-वस्तु पाँउनको निमित्त सत्याचरणको, सदाचारी बन्नुको स्पष्टै अत्यावश्यकता रहन्छ । असत्याचरण गर्दा अर्थात् निन्दित एवं गर्ह्य आचरणतिर लाग्दा आफ्नो भएको सत्य-तत्त्व पनि स्वतः विलुप्त भएर जान्छ । सदाचरणको सुयोग्य-स्थान अयोग्याचरणले खरानीले आगोको हरहरांउदो फुलिङ्गेलाई ढाकी दिएझैं त्यसै छोपि दिन्छ । यसैले श्रुतिले घोषित गरेको हो "असतो मा सद्गमय" असद् वस्तु तिर लागेर सद्तत्त्वलाई उम्कन न देउ । अर्थात् सदाचारी हुंदा पाइने परमार्थ तत्त्वलाई कदाचारी भएर व्यर्थै न गुमाउ । हिजोआजको शब्दमा भन्दछन् उज्यालो बाट अँध्यारोतिर नजाउ इत्यादि ।

हाम्रा मन्त्रद्रष्टा ऋषिहरूले सदाचारी बन्न चाहने मनुष्यले आफ्नो जीवन धन्य एवं स्पृहणीय बनांउन निरन्तर पाल्नु पर्ने अर्थात् आफूमा कायम राख्नु पर्ने यी सात ओटा मर्यादाहरूको पहिले देखि नै हामीलाई सदुपदेश दिंदै आएका छन्, सर्वप्रथम यिनको राम्रो नाम राखेका छन् । तदनन्तर तिनको रूप-रेखा छुट्याइदिएका छन् र मनुष्यमात्रले सजिलो संग गर्न सकिने, आफ्नो साध्य-वस्तु प्राप्त गर्न साह्रै सजिलो हुने अनेकौं सदाचार रूपका राम्रा, राम्रा, कुरा सिक, पढ, जान, बुझ र तिनै कुरा आफ्नाहरूलाई पनि राम्रोसंग सिकाउ-पढाउ भनेर छोडिदिएकै छन् । हामी उनैका खास वंशियारे र अंशियारेहरूले तिनैलाई निरन्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदाचारी भएर आफैंमा सुसज्जित गर्दै जानु पर्दछ । यसैमा हाम्रो सार्वत्रिक-कल्याण छ, सुखोपलब्धि छ । त्यही मर्यादाको प्रदर्शन गरेर ऋग्वेदको १०।५।६ को निम्नाकित ऋचा यसो भन्दछ –

सप्तमर्यादास्कवयस्ततक्षुस्तासामेकामिदभ्यंहुरो गात् ।
आयोर्ह स्कम्भ उपमस्य नीले पथा विसर्गे धरूणेषु तस्थौ ।।

ती यी हुन् - हिंसा, चोरी, व्यभिचार, मद्यपान, जुवा, असत्यभाषण, असद्-व्यवहारमा लाग्ने दुष्ट पुरूषहरूको संसर्गत्याग । यिनमा प्रत्येक मानव-जीवन चौपट्टै पारि दिने, साह्रै न राम्रोसँग पतिते गराइ छोड्ने कुरा हुन् । तस्मात् बुभूषु (आफू राम्रो सदाचारी हुँ भन्न खोज्ने) व्यक्तिले तिनमध्यका यौटामात्रको पनि संसर्गमा आउने हुन्न, त्यसमा लाग्ने हुन्न । सर्वथा बच्ने प्रयत्न गर्नुपर्छ । जो यी सातै बाट बचेर खरो अर्थात् सदा सदाचारी बन्दछ त्यही पुरूष आदर्श-सदाचारी कहिन्छ । यता पुनः त्यही ऋग्वेदको अर्को ऋचा ७.१०४।२२ मा यसो भनेको देखिन्छ -

उलूकयातुं शुशुलूकयातुं जहिश्वयातुमुत कोकयातुम् ।
सुपर्णयातुमुत गृध्रयातुं दृषदेव प्र मृण रक्ष इन्द्र ।।

ए मानव ! तैं अतिशय साहसी बनेर गरूडको जस्तो घमण्ड, गिद्धको जस्तो लोभ, चखेवा-चखेवीको जस्तो काम, कुकुरको जस्तो मत्सर, लाटोकोसेरोको जस्तो मोह र ब्वांसाको जस्तो क्रोध हो, भन्ने यत्ति सम्झेर यी सबैलाई तुरून्त विनष्ट पारेर छोड् । यो वाक्यमा यी छ कुरा देखिए, काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य । तस्मात् यी छऔलाई सदाचारी व्यक्तिका निमित्त साह्रै वाधक र घातक रहेछन् भन्ने मानेर त्यस्ता व्यक्तिहरूले यिनबाट धेरै टाढा पन्छिएर बस्नु पर्ने रहेछ भन्ने स्पष्टै देखिन्छ । आदिराज मनुका सुपुत्र प्रियव्रतले संसारै त्यागेर वैरागी हुन खोज्दा स्वयं चतुर्मुख ब्रम्हाजी तिनै मनुलाई साथ लिई उनको अगाडि आई उनलाई सम्झाई-बुझाई गर्दा माथि यस्तो आज्ञा भएको थियो कि बाबु प्रियव्रत ! आफ्ना मान्यजनको शुभाज्ञा परिपालन गर्नु नै मनुष्यमात्रको कर्तव्य हो । तस्मात् घर-गृहस्थी बसालेर आफ्नो सत्कर्मद्वारा संसारको अगाडि आदर्श छोडेर समयमा परमात्मातिर मिल्ने चेष्टा गर्नुपर्छ । बाबु ! तिमी संसारका अनेकौं विषयगत-प्रपञ्चको परिपञ्च बाट साह्रै डराएका देखिन्छौं र वन पस्न, एकान्तमा हरिभजन गरेर बस्न चाहन्छौं । कुरा ठीक हो, परन्तु वनैमा गएर बस्यौ भने पनि यी इन्द्रियवर्गले छोड्दैनन् । तस्मात् यी छओटा शत्रु काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य आदि उब्जिने ठाँउ अर्थात् इन्द्रियगणलाई नै आफ्नो वशमा राख्न सके, यिनको निरन्तर बढ्दो वेगलाई रोकेर हार्दिक श्रद्धा-भक्तिले हरिभजन गर्न सके घर-गृहस्थीमै बसे पनि यिनले केही लछार्न सक्तैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयं प्रमत्तस्य वनेष्वपि स्वाद्यतः स आस्ते सह षट्सपत्नः ।
जितेन्द्रियस्यात्मरतेर्बुधस्य गृहाश्रमः किं नु करोत्यवद्यम् ।। भा.प.१०.१७

पूज्य पितामहका श्रीमुख बाट यत्ति सदुपदेशमय वाक्य सुने पछि तिनै छथरि शत्रुहरूलाई वशमा राखेर आफू आफ्नो कर्ममा अच्युत हुँदै अच्युत भगवान्लाई प्राप्त गर्ने काम-कुरा गर्न राजकुमार प्रियव्रत सफल भएका हुन् । यी सब कारणले सदाचार-संरक्षण गर्न चांहनेले अवश्यमेव इन्द्रियजयी हुनैपर्दछ । न भए भए-जोरेको सदाचार-सम्बद्ध विषय-वस्तु पनि यिनै छ-शत्रुले भुसुक्क पारेर इन्द्रिय छाडा गराँउने व्यक्तिको अस्तित्त्वै मेटाइ दिन्छन् । गीतोक्त "तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि" भने जस्तो पारि दिन्छन् । तस्मात् सदाचारको मुख्यकारण हो इन्द्रियजयी हुनु, बढ्दो इन्द्रियहरूको वेग रोक्न सक्ने हुनु ।

भगवान् कृष्णले अर्जुनलाई संझाउदै आज्ञा भएको छ -

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ।।

प्रिय अर्जुन ! नरकका मुख्य प्रवेशद्वार तीनओटा छन्, ती हुन् काम, क्रोध र लोभ । यिनैलाई तिमी हर-तरहले आफ्नो वशमा राख्न सक्छौ भने त्यहाँ पुग्न (जान) बाट बच्छौ । होइन भने, तिमी पनि अरू कदाचारीहरू जस्ता भएर सुत्त तिनै तीन ढोका बाट त्यही नरकनामको शहरभित्र पस्छौ, बस्छौं । अर्को उम्किने बाटो नै छैन ।

प्रिय पाठक ! यो सदाचार भन्ने वस्तुलाई जोगांउन यसलाई परिपालन गर्न, र संप्रबर्धन गर्न साह्रै गाह्रो पर्दछ । तस्मात् यदि हामी पनि त्यस्ता हौं अथवा त्यस्ता हुन वा बन्न प्रयत्नशील छौं भने नित्य-निरन्तर साह्रै सतर्क र सावधान भएर यो घर-गृहस्थीमा टिकेर सदाचरण द्वारा नै यसलाई जोगांउन सक्नु पर्छ । आत्मशुद्धिको निमित्त सर्वप्रथम लेन-देनको व्यवहारमा साह्रै शुद्ध (खरो) हुनुपर्दछ । दिंदा ठीक- ठीक दिनु पर्दछ र लिंदा त्यसैगरि लिनुपर्दछ । मनुस्मृतिमा यौटा आदेश भेटिन्छ, सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम् । "योऽर्थे शुचिः सहि शुचिर्नमृद्वारिशुचिः शुचिः" इत्यादि । माटो र पानीले जत्ति पखाले पनि शुद्ध होइन्न, तर लिनु-दिनुको व्यवहार शुद्ध भयो भने साह्रै चांडो शुद्ध होइन्छ । न भए निरन्तर फस्तै जाइन्छ । उपर्य्युक्त नरकका तीनै ढोका काम, क्रोध र लोभ नामका मुख्य प्रवेशद्वार बाट सुत्त त्यसका साम्राज्यको राजधानीभित्र पसिन्छ । रूपैंया पैसाको नाम सुन्ने बित्तिकै मनुष्यमात्रले के के गर्छ ? के के गर्दैन ? त्यसमा हामी-हामी नै मुख्य प्रमाण भइ रहेकैछौं, अन्त हेर्नै परेन । बरू निम्नांकित मनुस्मृतिको २।६ को यो पद्य हेरौं -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ।।

वैदिक-धर्मावलम्बीहरूको निमित्त यी सबै कुराको मूलस्रोतः अर्थात् पहिलो मुहान त्यही वेद हो र त्यसैबाट समस्त धर्म-कर्मादि निस्किएका हुन् । यसमा त्यस्ता वेदज्ञ-पुरूषहरूले जो धर्म-शास्त्रादिका एवं शील-स्वभावादि-निर्देशक ग्रन्थनिर्माण गरे ती सबैका वाक्यहरू पनि अद्यापि सुदृढ प्रमाण छँदैछन् । यिनैभित्र समस्त आचार-विचार आदि देखाइएका छन् । तिनमा पनि साधु-संतका वात-व्यवहारका र-राम्रा लक्षणहरू वर्णित छँदैछन्, मानिदैछन् । यी सब कुराहरूबाट आफैंमा सदाचार-परिपालनको ठूलो महत्त्व छ । यसको पनि मूलकारण विशेषतः आत्मसन्तोष नै मानिन्छ । तस्मात् आत्मसन्तोष हुनैपर्छ । अर्को यौटा आत्मसंयमपूर्वक त्यस्तो सदाचार-परिपालन, एवं संबर्धन गर्नका निमित्त दृष्टान्त भएको निम्नांकित श्लोक पढौं -

कुरङ्गमातङ्गपतङ्गभृङ्गमीना हताः पञ्चभिरेव पञ्च ।
एकः प्रमादी स कथं न हन्यते यः सेवते पञ्चभिरेव पञ्च ।।

हरिण, हात्ती, पुतली, भंवरो र माछो यी पाँचै प्राणी पाँचै कुराको सेवन गर्दा फस्नसम्म फसें अर्थात् मारिए । फस्छन् र मारिन्छन् पनि । क्रमशः ती पांच कुरा हुन् शब्द, स्पर्श,रूप, रस र गन्ध । मृग मीठो गानाको शब्द (सुनाई)ले एवं हात्ती नक्कली ढोईको स्पर्श (छुवाइ)ले र पुतली रूप (बत्तीको) मा लोभिएर, भंवरो रस (कमलगट्टा भित्रको सुगन्ध) द्रव्यले एवं माछो गन्ध (बल्छीमा राखेको आकर्षक) ले फस्दछ र मर्दछ । यी पांच प्राणीको एक एक कुरा त्यसरी घातक र मारक छन् । यता यौटै प्राणी पाठकगण । तपाँई र हामीहरू जस्ता भन्ने संझौं न, जो आफ्ना क्रमशः कान, छाला, आंखा, जिब्रो र नाक यी पाँचै ज्ञानका इन्द्रियले नित्य-निरन्तरै ती पाँचै कुराको सेवा (उपभोग) गरि रहेकाछौं । अनि कसरी बच्न सकौंला र ? यदि बच्न सकेकाछौं र बच्ने भइसकेकाछौं भने त महान् सदाचारी बन्न, कहलिन सक्थ्यौं होला ? के यसमा कुनै शङ्का-उपशङ्का छ ?

यौटा अर्को कुरा पढौं र बुझौं - यसरी राम्रो संग पालेको, आफूले धान्दै आएको सदाचार परिपूर्ण भएको छ भने मोक्ष अथवा कैवल्यपद सजिलै संग प्राप्त गर्न सकिन्छ । त्यस स्थितिमा पुग्ने व्यक्तिको निम्ति न त्यो मोक्षमा विरति (वैराग्य) नै छ, न सुरति (सुदृढ प्रेमानुभूति) । न त्यहां भोग छ, न जन्म-जरा-मृत्युको भयादि छ, न रोग वा शोकादि नै छन् । त्यहां वाणीको त के कुरा त्यसलाई उब्जाउने ओंकार तत्त्वको पनि प्रवेश छैन । यसमा भगवान् गोरखनाथको भनाई हेरौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरति न सुरति जोगं जरा-मरण नहीं तहां रोगं ।
गोरख बोले एकंकारं त ह बाचाओं अंकारं ।। गोरखवानी ११० सर्वदी

पूज्यचरण परमात्मस्वरूपस्थित उहांके अर्को भनाई पढौं -
परमपदमिति स्वसंवेद्यमत्यन्तभासाभासकमयम् । सिद्धसिद्धान्तपद्धतिः ।।

आफ्नो आत्मामा प्रत्यक्ष अनुभव गर्नमा अथवा त्यो सत्यवस्तुको साक्षात्कार गर्नाको निम्ति तथासंस्तुत यो सदाचारको बाटोको पथिक हुने सर्वोत्तम उपाय केही छ भने पूर्वोक्त सद्विचारै छ । यसको परिबर्धनका लागि सत्सङ्गको आवश्यकता पर्दछ । यी दुबैको अर्थात् सद्विचार र सत्सङ्गको परस्परमा साह्रै गाढा सम्बन्ध छ । यी दुबै परस्परको सहयोग पाएर निरन्तर बढ्दै जान्छन् र अन्तमा आफ्नो यौटै लक्ष्यमा पुग्दछन् । यी सब कुराले पनि आफूले परिपालित एवं परिबर्धित सदाचार नै स्वतः सिद्ध-प्रकाशले झल्झलाकार भइ रहेको त्यो परमपदका प्राप्तिको एकमात्र सुगम (साह्रै सजिलो) उपाय मानिन्छ । यसमा यही कुरो मुख्य विचारणीय छ ।

त्यस्तो सदाचारले सजिलै परम-धर्म प्राप्त गरांउछ, जो यो धर्म पाल्ने कर्म मनुष्यमात्रमा उच्चस्तरीय ढंगले रहेकोछ । पशुहरूमा भन्दा विशेषता पुरूषवर्गमा यसैले देखांउदछ । धर्म (सदाचार) छुंदैछैन भने त्यस्ता मनुष्य पशुहरू जस्तै उच्छुङ्खल एवं सामाजिक-मर्यादा-विहीन हुन्छन् । साह्रै प्रचलित यो तलको श्लोक पढौं -

आहार-निद्रा-भय-मैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम् ।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः ।।

यो कुरा त सबैले ठीक हो भनेर स्वीकार गरेकै हो । परन्तु आजकाल धर्म के के मा छ र के के गरेर कसरी त्यो परिपालित एवं परिवर्धित भइरहेछ ? यी कुरा भने स्वयंले स्वयंमा अनुभूत गर्नु पर्ने स्थिति आइरहेको वर्तमान वातावरणले स्वयं उदाहरण भएर बताइ रहेकैछ । यसमा ज्यादा न लेखौं । स्वयं भोग्दैछौं ।

हामी सनातन-धर्मीहरू पौराणिक-ग्रन्थमा श्रीमद्भागवत-महापुराणलाई साह्रै ठूलो स्थान दिन्छौं । हाम्रा पूर्वजहरूले पनि त्यसलाई सर्वोत्तम आध्यात्मिक आदिदैविक र आधिभौतिक विषय-वस्तुका प्राप्तिका निमित्त उत्तम अभ्यसनीय एवं मननीय ग्रन्थ हो भनेर हामीलाई आफ्नो त्यसप्रतिको सुदृढ आस्था र निष्ठाले, सुसमृद्ध काम-कुराले नै सञ्छिद्दाण दिंदै गए । अहिलेसम्मका हामीहरू पनि अल्पसंख्यामै भए पनि त्यसैलाई मान्दै-धान्दै र पाल्दै आएका छुंदैछौं । त्यसको सप्तमस्कन्धको अन्तिम अध्यायमा त्यस्ता सदाचारीले त साह्रै सन्तोषी हुनु पर्दछ भनिएको देखिन्छ कि त्यस्तो व्यक्तिले साह्रै निर्धनी भए पनि आफ्नो सदाचार-रूप धन जोगांउनको निमित्त कसैसंग धन प्राप्त गर्ने आशा नै न राखोस्, न त त्यसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीर्थ-व्रतादि गर्ने नै प्रवृत्ति राखोस्, न त आफ्नो जीवन-धान्न अर्थात् बाँच्ने खाने कुरादि पाउन चेष्टा गरोस् । केवल अजगर-वृत्ति (पाए खाने, न पाए न खाने) लिएर प्राप्त-सन्तोषका आधारमा स्थिरचित्त भएर भगवत्तत्वको चिन्तन-मननादि गरिरहोस् । संकल्प-परित्याग गरेर कामत्यागले कामनाको, कामनाका त्यागले क्रोधलाई, परमार्थले अर्थलाई, अनर्थकारी हुन् भन्ने सम्झेर र लोभलाई परमतत्त्वको विचारले, भयलाई अध्यात्मविद्याले, शोक तथा मोहलाई साधु र सज्जनको सङ्गतले दम्भ (गर्व) लाई, मौनले योगका विघ्न-बाधालाई एवं शरीर र प्राणको संयमले निश्चेष्ट बनाएर हिंसा आदिलाई निरन्तर विनष्ट गराओस्, अर्थात् यिनै साधनादिले तिनमा विजय प्राप्त गरेर आफैंमा (आत्मामा) शान्ति प्राप्त गरोस् । यसरी टिक्न सक्ने व्यक्तिविशेषको त्यस्तो सदाचार नै ईश्वरप्राप्तिमा पहिलो मुख्यकारण हुन आउछ । यो हो सदाचारको सर्वोत्तम-महिमा र सदाचारीको स्थिति तथा काम-क्रोधादि छऔ उपर्युक्त दुर्जय शत्रुहरूमा विजय पाउने रीति-स्थिति ।

यसमा यसरी मुख्यकारण मानिएको सदाचारबाट नै धर्म प्राप्त हुने स्वतः सिद्ध छ । "आचार प्रभवो धर्मः" यसो भनिएको हो । धन भए पछि त्यसको सदुपयोग गर्न सके "धनाद्धर्मं ततः सुखम्" भनेझैं हुन्छ । तलका पद्य पढौं । अर्थ साथै छ ।

आचारप्रभवो धर्म आचारः परमं तपः ।
आचारः परमं ज्ञानमाचारात् किं लभ्यते ।।
आचाराद्विच्युतो विप्रो न वेदफलमश्नुते ।
आचारेण समायुक्तः सम्पूर्णफलभाग् भवेत् ।।
यः स्वाचारपरिभ्रष्टः साङ्गवेदान्तगोऽपि सः ।
स एव पतितो ज्ञेयः सर्वकर्मबहिस्कृतः ।।

सदाचारद्वारा नै धर्मको उत्पत्ति हुन्छ । सदाचार नै उच्च कोटिको तपस्या हो । सदाचार नै सर्वोत्तम ज्ञान हो । सदाचारबाट कुन कुरा पो पाइन्न र ? अर्थात् सबै कुरा पाइन्छ । आचारबाट च्युत भएको ब्राम्हण वेद पढ्दछ भने पनि त्यसको फल पाउन सक्तैन । यदि सदाचारी छ भने त्यसको सम्पूर्ण फल भोग्न सक्तछ । जो पुनः आफ्नो आचारबाट भ्रष्ट भएकोछ भने त्यसले साङ्ग चारै वेदको अध्ययन गरि सकेकोछ भने पनि त्यो पतितै हो भन्ने मानिन्छ र त्यसैलाई समस्त धर्म-कर्मादि बाट बहिष्कृत भएको ठानिन्छ । यी सब कुराले रामायण आदि महाकाव्यमा श्रीरामको सदाचार र रावण जस्ताको कदाचारलाई लिएर यो सदुक्ति प्रचलित भएको हो "रामवत् प्रवर्तितव्यं न तु क्वचिद् रावणादिवत्" । यो हो श्रीराममा रहेको सदाचारको सदादर्श - महिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी सदाचारका सर्वाङ्ग-परिपूर्ण कुराहरू को संग सिक्ने, जान्ने त ? भन्ने प्रश्न उठ्यो भने स्वतः संप्राप्त ज्ञानबाट राम्रो बोध भएन अथवा गुरू पाइएन भने आदि-स्मृतिकार मनु महाराज यसरी निर्देश गरिबक्सिन्छ -

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।। मनुस्मृतिः

त्यस्तो अवस्थामा यही ब्रह्मावर्त उपरिवर्णित (आर्यावर्त) देशमा जन्मेका अग्रजन्मा (सर्वोत्तम जन्म भएका ब्राम्हण) बाट पृथिवीभरीका चारै वर्ण र आश्रममा टिकेका जनता अ-आफ्नो चरित्र (आचार-विचार, चाल-चलन आदि) सिक्ने गरून् इत्यादि ।

यस्ता सदाचारी व्यक्तिहरू नै गीतामा "आत्मवत्सर्वभूतेषु यः पश्यति स पण्डितः" भनेझैं आफूमा परेको सुख-दुःख अर्कामा पर्दा ठीक त्यस्तै हो भनेर सम सुख-दुःखको दृष्टिले हेर्दछन् र तदनुसारको काम कुरो गर्दछन् । यसैले उनीहरूलाई सत्, असत् छुट्याउंन सक्ने बुद्धि भएकाले नै पण्डित भनेका हुन् । यस्ता व्यक्तिहरूको दृष्टि संसार-भरका प्राणीमात्रलाई म मित्रका दृष्टिले देख्न सकूं र मलाई पनि ती सारा व्यक्तिहरू विशुद्ध-मित्रको दृष्टिले देखुन् । यसो भन्ने र सुदृढ धारणा राख्ने हुन्छन् ।

मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम् ।
मित्रस्याऽहं चक्षुषा सर्वाणि भूतानि समीक्षे ।। शु.य. ३६.१८

यो दृष्टि त्यही सदाचार-परिपालन र परिबर्धनका निमित्तको मूलाधार हो । कठोपनिषद्को अर्को यौटा महावाक्य जो तल देखाँइदैछ, त्यसमा यसो भनेको पढ्न पाँउछौं । नैतिकता-सम्पन्न प्राणी जबसम्म दुश्चरित्र अर्थात् दुराचरणादि बाट निवृत्त हुँदैन, इन्द्रिय रोकेर राख्न सक्तैन, त्यस्ताको चित्तवृत्ति कहिल्यै शान्त हुँदैन, तबसम्म त्यस्तो व्यक्ति ब्रम्हज्ञानले पनि परमात्मालाई प्राप्त गर्नै सक्तैन । भन्नुको तात्पर्य अब यो निस्क्यो कि, बाल्यावस्था-सम्बद्ध-ब्रम्हचर्याश्रम-गृहस्थाश्रम वानप्रस्थाश्रम एवं संन्यासाश्रमपर्यन्तमा टिक्ने व्यक्तिहरूले अ-आफ्नो ढंगको अ-आफ्ना सदाचार परिपालन गर्नै पर्दछ, त्यसैमा सीमित-मर्यादामा टिक्नै पर्दछ । न भए कल्याण प्राप्तिमा निरन्तर विघ्न-बाधाहरू त्यसैमाथि ओइरिई रहन्छन्

नाविरतो दुश्चरितान्नाशान्तो नासमाहितः ।
नाशान्तमानसो वाऽपि प्रज्ञानेनैनमाप्नुयात् ।। इत्यादि

यही हो सदाचारको स्वरूप र सदाचारी-व्यक्तिहरूको इतिकर्तव्यताको रूप-रेखा । मनुष्यमात्रले धर्मप्राप्तिका लागि सत्कर्माचरणादि गर्नै पर्दछ । न भए त्यो-पांइदै-पांइदैन । हितोपदेश पढ्दा हामीले पढेका थियौं "गृहीत इव केशेषु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्युना धर्ममाचरेत्" । मृत्युले खास मेरै जगल्टामा समाति सक्यो भन्ने जस्तो सम्झेर निरन्तर धर्म-कर्मका बर-व्यवहारादि गर्दै जानुपर्दछ । अष्टाङ्गहृदय-सूत्रस्थानमा पनि यस्तो आदेश प्राप्त हुन्छ ।

सुखार्थाः सर्वभूतानां मताः सर्वाः प्रवृत्तयः ।
सुखं च न विना धर्मं तस्माद्धर्मपरो भवेत् ॥

समस्त प्राणीमात्रका प्रवृत्तिहरू अर्थात् काम-कुराराई मात्र सुख-प्राप्तिकै उद्देश्य लिएर भएका देखिन्छन् । त्यो सुख भनिने वस्तु त्यस्तो धर्माचरण न गरीकन स्वतः आइलाग्ने(पाइने) कुरा होइन । यसै हेतुले पनि धर्माचरण गर्नै पर्दछ । यो धर्म प्राप्तिका काम-कुरामा सबै भन्दा अगाडि सर्ने त्यही सदाचारै त हो ।

हितोपदेशमै अर्को यौटा पद्य त्यस्तै छ -

विद्या ददाति विनयं विनयाद्याति पात्रताम् ।
पात्रत्वाद्धनमाप्नोति धनाद्धर्मं ततः सुखम् ॥

पहिले बालक-कालदेखि नै विद्या पढ्दै आएकोछ भने त्यसको परिणाममा कुनै पनि विचारक नैतिक-पुरूषले विनय (नम्रता) प्राप्त गर्न सक्तछ । यस्तो विनम्रता भएकोले नै त्यो सत्पात्र कहिन्छ । भाँडो भए पछि त्यसभित्र हालिने वस्तु प्राप्त भए जस्तो, त्यस्तो सत्पात्र भइ सकेको व्यक्तिले जहां-कहीं गए पनि, भए पनि "विद्वान् सर्वत्र पूज्यते" भने जस्तै धनै-धन पांउन सक्तछ र त्यही धनबाट अन्तमा त्यसले सद्धर्म-कर्मादि गरेर सुख (पारलौकिक मोक्षपर्यन्तको आनन्द) पांउछ । यस्तै छ सदाचार-परिपालनको विषय ।

अब केहीबेर धर्मान्तरमा सदाचारको रीति-स्थिति कस्तो रहेछ ? हेरौं -

बौद्ध-धर्मग्रन्थ धम्मपदमा प्रतिपादित सदाचार-पद्धति

प्रिय पाठकगण ! हामी सनातनधर्मीहरू हाम्रा ती ती रीति-स्थिति अनुसार सत्य, सद्धर्म, सदाचार आदि सत्-शब्द विश्लेषित काम-कुरालाई मान्दै-धान्दै आएका व्यक्तिहरूका खास वंशियारे र अंशियारे समेत हौं । तस्मात् त्यस्ता कुराको बोध गरांउने केही सदुक्तिहरू छन् भने अरूको त के कुरा स-साना बालक-बालिकाले भनेका कुरामा पनि निकै ध्यान दिएर सुन्छौं र लिन्छौं अनि भन्छौं "बालादपि सुभाषितं ग्राह्यम्" इत्यादि ।

यस स्थितिमा संसारका धेरैजसो भागमा आफ्नो धर्म-विस्तार गर्न सक्रिय हुँदै आएका बौद्धधर्मीहरूको मुख्य धर्मग्रन्थ धम्मपदमा विवर्णित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदाचार-परिपालनका विषयका शुद्धाचारगत काम-कुराहरू यहां पनि सम्बद्ध विषय हुंदा हामी सनातन धर्मीहरूलाई पनि केही अंशमा मान्य र ग्राह्य भएकोले संक्षिप्तैमा भएपनि देखांउनु समुचितै मानेर उपस्थापित गर्दछु ।

धम्मपद बौद्ध-धर्मको रूप-रेखा देखांउने लोकप्रिय ग्रन्थ हो । बौद्ध-सिद्धान्त र उनीहरूको साधनाको पूर्ण-ज्ञान गरांउने त्यस ग्रन्थका अतिरिक्त अरू त्यस्तो सरल ग्रन्थ नै छैन, भन्न सकिन्छ । बौद्धधर्म मान्ने राष्ट्र-राष्ट्रहरूमा विशेष गरेर श्रीलंकामा सिंहली-सिद्धान्त र उनीहरूको राष्ट्रिय परम्परा अनुसार त्यही धम्मपदको दैनिक पाठ न गरिकन भिक्षु भनिने राम्रो पनि सौभाग्य पाइन गाह्रै पर्दछ । त्यस्तै यस पवित्र-ग्रन्थलाई वर्मा, श्याम, कम्बोडिया र लाओस आदि राष्ट्रहरूमा त तलदेखि माथिसम्म कण्ठस्थ न पारि न हुने प्रचलन छ । न भए भिक्षु कहिन गाह्रै हुन्छ । गौतम-बुद्धका सदुपदेशहरू यसमा राम्रोसंग संकलित छन् । नैतिक-दृष्टिले विचार गरेर हेर्नें हो भने यसमा बडा-राम्रा-राम्रा सदुपदेशमय कुराहरू बडो मननीयढंगले विन्यसित देखिन्छन् । हामी हिन्दूवर्गमा गीताको जुन स्थान छ, बौद्धधर्मीहरूमा त्यही स्थान यो धम्मपदले पाइ रहेकोछ । पुनः यो कुरा पनि यसको साह्रै राम्रो छ कि यसमा वर्णित शिक्षा (सदुपदेश)हरू सार्वभौमिक तथा सार्वकालिक छन् । भन्नुका तात्पर्य यो हो कि ती कुराहरू प्रबुद्ध व्यक्तिमात्रलाई साह्रै काम लाग्ने छन् र ग्राह्य छन् ।

यसमा चार आर्यसत्यको, अष्टाङ्गिकमार्ग र विभिन्न-सदाचारको एवं त्यसका परिपालनका सदाधारको · उल्लेख भएको देखिन्छ । यिनैको आफूले गरेको परिपालनले, संप्रबर्धनले धेरैजसो बौद्धमार्गीहरूको विशेषतः दुःखसंतप्त मानवसमूहको उद्धार भएको कुरा मान्नैपर्छ । यसमा त्यो सत्कर्मका महत्ताको बर्णन भएकोछ, जसमा टिक्न सक्यो भने त्यस धर्ममा लाग्ने व्यक्तिमात्रले त्यो भिक्षु हओस् वा गृहस्थी, चाहिंदो शान्ति प्राप्त गरेर ढुक्क हुन सक्तछ । बौद्ध-धर्म खास गरेर आचार-प्रधान धर्म हो । यो धर्ममा-नैतिक आचरणलाई ठूलो महत्त्व दिइएकोछ । बौद्धधर्मको मूल-स्तम्भ अथवा आधार भनौं मुख्य यी चारओटा मानिन्छन्, साह्रै राम्रा छन् र यिनलाई तिनैमा टिकेर पाल्न सक्यो भने, धान्न सक्यो भने मनुष्यमात्र यो सांसारिक-प्रपञ्चबाट धेरै माथि उठ्न सक्तछ र अलौकिक शान्ति पाँउछ । ती चार आर्यसत्य यिनै हुन् :- संसारमा दुःखै-दुःख छ, (१) यो दुःखको उत्पत्ति हुन्छ (२) दुःखको विनाश हुन्छ (३) यो दुःखको विनाशक-मार्ग (उपाय) पनि छ । (४) यसमा निरसन कारणको मुख्य-साधन अष्टाङ्गिक-मार्ग हो । यो मार्गमा यी आठै कुरा प्रधान छन् । सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वचन, सम्यक्कर्मान्त, सम्यक्आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि । यिनैको आश्रयले एवं सम्यक्- परिपालनले त्यो दुःख बाट मुक्ति पांउन अनेकौंथरी नैतिक-नियमको, सदाचारको राम्रो क्रमपूर्वको वर्णन यो धम्मपदमा भएकोछ । यसैलाई शील-सदाचार भनिन्छ, सुदृढ- नियम मानिन्छ । यसका अन्तर्गतका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम-कुराहरू विशेषतः अरू धर्ममा पनि कहीं प्रत्यक्ष र कहीं अप्रत्यक्ष रूपले वर्णन भएकैछन्, औपदेशिकरूपले रहेकै देखिन्छन् । तस्मात् यिनीहरूलाई हिन्दूधर्मले पनि आफैंमा प्रश्रय दिएर मान्दै स्वीकार गर्दै आएको देखिन्छ । किन कि ? सबै कुरा सत्याचरणमा आधारित छन् र सर्वमान्य छन् । तथासंस्तुत धम्मपदमा वाचिक, कायिक र मानसिक संयम-नियममा यसले ज्यादै महत्त्व दिएकोछ । मलवग्ग २० को यौटा गाथा २२१ मा भनेको छ-

वाचानुरक्खी मनसा सुसंवुतो कायेन च अकुसलं न कयिरा ।
एते तयो कर्मपथे विसोध्य आराधये मग्गमिसिप्प वेदितं ॥

हरसमय प्राणीको रक्षा गरोस्, मनको संयमी बनोस् र शरीरले कुनै दुश्चरित्रादि गर्दै न गरोस् । मुख्य यी तिनै कर्म-मार्गको शुद्धि गरोस् र पूर्वज ऋषिहरूले भनेका मार्गहरूको मात्र सेवन गरोस् । विशेषरूपले यसमा मनः संयमलाई नै सर्वप्रथम प्रधानता दिइएकोछ । धम्मपदको पहिलो यमकवग्गको पहिलो गाथामा नै मानसिक संयमको निर्देश गरेको देखिन्छ । मनुष्यमात्रको सारा प्रवृत्तिको प्रारम्भ मनैबाट हुन्छ । यहीनै सद्धर्म-कर्माचरण को अगाडि-अगाडि हिंड्छ र मार्गनिर्देशन गर्दछ । मनै दूषित छ र भाँडिएकोछ भने त्यस्ताको आचार-विचार कहिल्यै शुद्ध हुँदैन । मन बिग्रिएको छ भने वचन र कर्ममा शुद्धिता आंउने कसरी ? ती दुबै त स्वतः कलुषित भए-भए । अनि अन्तमा गएर त्यही दुःख भोग्नु पर्दछ, जो आर्यसत्यमा वर्णन गरियो ।

मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमयाः ।
मनसा चे पदुट्ठेन भासति वा करोति वा ॥
ततो न दुक्खमन्वेति चक्कं न बहतो पदम् । धम्मपद १

मन संयत भए पछि वाणी र कर्म स्वतः रोकिन्छन् । अवस्था हेरेर मनलाई चित्त पनि भन्दछन् । धम्मपदको तेस्रो वग्ग चित्तवग्ग हो । जसमा पुनः पुनः मन र चित्तलाई संयत गर्ने (रोक्ने) उपदेश दिइएकोछ । चित्तस्य दमथो साधु (३।३) चित्तलाई दमन गर्नु (रोक्नु) नै उत्तम छ । यसरी यो सदुपदेश दिइसके पछि सावधानपूर्वक प्रमाद (भूल-चूक) बाट निरन्तर बच्न पुनः यस्तो भनिएकोछ । "मा पमादमनुयुजेथ" होश गर आफूलाई प्रमादमा न फसाउ । यस्तै काम र अरू विषय बाट बच्न निर्देश छ । "मा कामरतिसन्धवं" काम र वासनासंग सम्बन्धै न राख । जीवनमा परमसुख खोज्ने मानिसले अवश्य तृष्णा नाश गरांउनु नै पर्दछ । पुनः सदाचार सम्बद्ध यौटा गाथामा यसो भनेकोछ ।

सवन्ति सब्बधी सोता लता उब्भिज्ज तिष्ठति ।
तं च दिस्वा लतां जातां मूलं पञ्चाय छिन्दथ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ हो - तृष्णाका स्रोत सबैतिर बहन्छन् । यसैबाट धेरै-धेरै लताहरू उम्रिन्छन् । त्यसबेला राम्रो विचार गरेर आफ्नो प्रज्ञा (सद्बुद्धि) ले ती सबैको मूल जरैलाई विनष्ट पार । धम्मपदमा धेरैजसो ठाउंमा यै प्रज्ञाको महत्त्व वर्णन गरिएको देखिन्छ । सदाचारी मनुष्यहरू ज्ञानको माध्यमले नै तृष्णा आदि विकारहरूलाई निरसन गर्न (हटाउन) समर्थ हुन्छन् ।

बालवग्गमा मूर्खताको निन्दा गरिएकोछ र मूर्खताबाट पाइने दुःखहरूको संकेत गरिएकोछ । त्यस्तो मूर्ख-व्यक्ति आप्नो मूर्ख्यीईलाई राम्रो संग जान्दछ भने त्यही बुद्धिमान् ठहरिन्छ । परन्तु स्वयं मूर्ख भइकन पनि आफूलाई बुद्धिमान् ठान्छ भने वास्तविक मूर्ख त्यही हो ।

यो बालो अञ्जति वाक्यं पण्डितो वापि तेन से ।
बाले च पण्डितमानी स वै बालोति वुच्चति ।। ५।६३

समाजमा सदाचारिताको, प्रतिष्ठापनको निमित्त संयतात्मा एवं अध्यात्ममार्गमा लागेका संत-महात्माहरूको पूजा गर्नुलाई नै श्रेष्ठ मानिएकोछ । यसबाट निरन्तर शुद्धि हुँदै जान्छ । त्यही धम्मपदको ८।१८ मा स्पष्ट रूपले यसो भनेकोछ ।

मासे मासे सहस्सेन यो यजेथ सतं समं ।
एकं च भावितं ज्ञानं मुहुत्तमपि पूजये ।
सा येव पूजना सेय्यो यं चे वर्षसतं हुतम् ।।

यदि महिनै-महिना पिच्छे हजारौं रूपैंया दक्षिणा दिइने यज्ञ ठीक सय वर्ष सम्म गर्छ भने पनि त्यसले त्यस्तो फल दिन सक्तैन, जस्तो विशुद्ध मन भएको स्थितप्रज्ञ सन्त-महात्माहरूको केहीबेर मात्र गरिएको सेवन-पूजनादिले दिन सक्तछ । यसरी यसको निकै ठूलो महत्त्व परिदर्शित भएकोछ । यी कुरा सहस्सवग्गमा छन् ।

बौद्ध-आचारमा अप्पमाद (अप्रमाद)को अथवा श्रमको प्रशंसा पनि साह्रै राम्रोसंग गरिएकोछ । "अप्पमादो अमृतपदं" भनेर यसलाई अमृतको अर्थात् परिनिर्वाणको प्रवेशद्वार भनिएको देखिन्छ । सदाचारको अन्तर्गत श्रमको महिमा गांउदा-गांउदै यसो भनेकोछ । "अप्पमादेन मघवा देवानं सेठृतं गतो" । प्रमाद-रहित (सावधान) भएर काम-कुरा गर्दा नै इन्द्र देवहरूमा श्रेष्ठ भएको हो । पापाचरणाद्धि बाट संसारका मनुष्यलाई हटाउनाको निमित्त तथागत बुद्धले मनःस्थितिको सूक्ष्म विचार गरेर यस्तै विचार प्रकट गर्दै यसरी उपदेश दिएको देखिन्छ -

मधुव माञ्जति बालो याव पापं न पच्चति ।
यदा च पच्चति पापं अथ दुक्खं निगच्छति ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहिले सम्म पाप-कर्मको परिपाक हुँदैन, तब सम्म मूर्ख-मनुष्य (पापलाई) मह जस्तो मीठो सम्झन्छ र त्यसै गरिरहन्छ । जब त्यही आफ्नो फल दिन थाल्दछ, अनि पो त्यस्तो कुकर्मले गर्नेले पाउन सम्म सास्ति-सासना पाँउछ र दुःख अनुभव गर्न थाल्दछ, जो त्यसले न भोगी सुखै पाउँदैन । आकाशमा समुद्रमा पर्वतका गुफामा कहीं पनि त्यस्तो ठामै छैन, जहां पुगेर त्यस्तो मानिसले धर पाओस् अर्थात् मुक्ति पाओस् ।

न अन्तलिक्खे न समुद्दमज्झे न पब्बितानं विवरं पविश्य ।
न विज्जति सो जगति प्पदेशो यत्थट्ठितो मुञ्चये पापकर्मा ।।

न जानेर वा भूल-प्रमाद आदिले केही गरे पाप गरि हालियो, वा भइ हाल्यो भने सिद्धार्थ-गौतम मनुष्यलाई निराश बनांउदैनन् अपितु त्यस्तो परिहाल्यो भने त्यसलाई आफ्ना सुन्दर सत्कर्मादिले ढपक्क ढाकी दिनु पर्दछ । यस्तो ग-यो भने, त्यस्तो व्यक्तिले यो लोकलाई त्यसै गरी प्रकाशित पार्दछ, जसरी मेघमालाले छोडेको चन्द्रमाले प्रकाशित पार्दछ । कुनै पनि व्यक्ति सधैंको निम्ति पापी हुँदैन । शारीरिक वाचिक र मानसिक दुश्चरित्र (कदाचार) लाई चटक्कै छोडेर मनुष्य पुनः सदाचारी बन्न सक्तछ । दण्डवग्गमा भनेकोछ कि "मनुष्यले अहिंसा-वृत्ति" धारणा गर्नुपर्छ । सारा प्राणीमात्र दण्ड देखि डरांउछन्, मृत्युबाट डरांउछन् । सारालाई अ-आफ्नो जीवन साह्रै प्यारो हुन्छ । सारा सुखमात्र खोज्दछन् । यस्तो स्थितिमा आफूलाई सुख होस् भनेर कुनै पनि प्राणीको हिंसा गर्नु उचित हुँदैन । गर्छ भने त्यो आर्य कहिन्न । जो सारा प्राणीहरू प्रति अहिंसा-वृत्ति राख्तछ, त्यही मनुष्य आर्य कहिन्छ ।

न तेन अरियो होति येन पाणानि हिंसति ।
अहिंसा सब्बपाणानं अरियोगति पवुच्चति ।। १९।२७०

यही धम्मपदको आचार-पद्धतिमा आदि देखि अन्त सम्म सद्भाव-ग्रहणतिर विशेषरूपले ध्यानाकर्षण गरिएको छ । यस्तो सद्भाव-ग्रहणद्वारा भौतिकसुख प्राप्त न भए पनि आत्मिक-शान्ति अवश्य प्राप्त हुन्छ । यसैको प्रथमवग्गमा भनेकोछ । यो विचारै न गर कि - तिमीलाई गाली गऱ्यो, पिऱ्यो अथवा ठग्यो । इत्यादि ।

वैर-द्वेष इत्यादिको अन्त (नाश) प्रतीकाररूपको त्यस्तै वैर-द्वेषिता आदिले कहिल्यै हुनै सक्तैन । तस्मात् क्रोधलाई अक्रोध (शान्ति) ले, वैरितालाई प्रेमिताले, दुष्कृत्यलाई सत्कृत्यले, असत्यलाई सत्यले निरन्तर जित्न सक्नु पर्दछ । त्यसमै भनेको छ -

अक्रोधेन जिने क्रोधं असाधु साधुना जिने ।
जिने कदरियं दानेन सत्येन अलिकवादिनं ।। १७।२२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी धम्मपदमा जुन सदाचार-पद्धतिको निरूपण गरिएकोछ, त्यसद्वारा मनुष्य निर्वाणको बाटोतिर सोझिएर लम्किन सक्तछ । त्यसैले भने जस्तो आफ्नो आचार-विचारद्वारा कुनै पनि वर्णको मनुष्य किन नहोस्, स्वयं देव-तुल्य हुन पुग्दछ, निर्धन धनवान् नीच-उँच सबै थरीका प्राणी आफ्नो विकास गर्नमा सर्वथा सफल हुन्छ । तथार्संस्तुत यो धम्मपदमा सदाचारै-सदाचार र त्यसका परिपालनको विधि-विधानको वर्णन भएकोछ, जसले जीवन ज्यादै प्रोज्वल पार्दछ । तर ! तर पछिका विशेष कुरा बौद्धधर्मीहरूले नै बुझ्नु पर्नेछ । के हो ? इत्यादि ।

जैनधर्म-ग्रन्थमा सदाचार

शील, स्वभाव र सदाचार आदि मनुष्य-जीवनको साह्रै राम्रो आभूषण हो । हिजोआजको युगमा पनि बात-व्यवहार आदिमा दार्शनिक र वैज्ञानिक व्यक्तिहरू जीवनको यो शाश्वत-सत्य-वस्तुतिर समानरूपले ढल्किँदै, लाग्दै आएका देखिन्छन् र आफ्नो सिद्धान्त यस्तो खारिएको पारेर मान्दै र धान्दै आएका छन् कि वस्तुतः जीवनको लक्ष्य भौतिक सुख-सुविधा प्राप्त गर्नुमात्र होइन, बाह्यसमृद्धि एवं लौकिक-ऐश्वर्य वा वैभव पाँउनु मात्र होइन, केही हो त जीवनको आन्तरिक अथवा पारलौकिक वस्तुको, स्थितिको सज्ज्ञानपूर्वक सत्य-सुख-सौन्दर्य आदि प्राप्त गर्नु नै हो । यस धर्मका प्रचारक-प्रसारक महान् श्रुतधर आचार्य भद्रबाहु-स्वामीको विचारमा विचार गर्ने हो भने समस्त जैन-वाङ्मयको सारतत्त्व सत्प्रवृत्ति (निरन्तर सत्कर्ममा लाग्दै जानु) नै हो । "सारो परूबणाए चरणा" परूवण जिन-प्रवचनको सार हो सद्आचार । यसमा मुख्य यी तीन कुरा आँउछन् - पहिलो भावना (धारणा) को पवित्रता,दोस्रो उद्देश्यको उच्चता र तेस्रो प्रवृत्ति (कर्ममा लगाई) को निर्दोषिता । यी तीन सूत्रमा समस्त जैन-दर्शनको सार सन्निहित छ र यही आध्यात्मिकताको मूलाधार मानिन्छ । जैनधर्म-परम्पराका अध्यात्मवादी सन्त-आचार्य कुन्दकुन्दले यसो भनेका छन् - सीलं मोक्ख रस सोवाण, शील-सदाचार नै मोक्षको सोपान (सीँढी) हो । सदाचार परिपालन नै मानव जीवनको आधारशिला हो । मनुष्यसँग विद्वत्ता तथा वैभवता आदि होस् अथवा न होस्, परन्तु त्यससँग चरित्र (सदाचार) त अवश्य हुनै पर्दछ । यसमा स्वयं महावीर आज्ञा हुन्छ -

मूलमेयमहम्यस्स महादोष समुस्सयं ।
तम्हा मेहुण संसग्गं निग्गंथा वज्जयंतिणं ।।

इन्द्रियको असंयम (छाडा लगाउनु) अधर्म (कदाचार) को मूल (जरो) हो । अब्रम्हचर्य दोषै दोषको राशि हो । यसकारणले पनि त्यसलाई छोड्नै पर्दछ । किनकि ? सदाचरण जीवनको झल्झलाकार दर्पण हो । यसैबाट हरएक व्यक्तिको जीवन हेर्न, जांचबुझ गर्न, सकिन्छ । मुख्य आचरण नै व्यक्तिमात्रको श्रेष्ठता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्कृष्टता र निकृष्टता निरीक्षण-परीक्षण गर्ने यौटा राम्रो यन्त्र हो । यै त यौटा ज्यूँदो अर्थात् स्थायी, प्रमाणपत्र हो - जसलाई कुनै व्यक्तिले पनि होइन अथवा झूठो हो भन्न सक्तैन ।

सदाचार-परिपालन र इन्द्रियसंयम यी दुबै धर्मको अत्यन्त सूक्ष्मरूप हुन्, जो अन्तरात्मा-सँग सम्बन्ध राख्तछन् । तस्मात् भित्रिया वर-वस्तुको संरक्षण गर्न बाहिरिया वस्तुको साह्रै ठूलो आवश्यकता पर्दछ । यसैले पनि यिनका परिपालनको आवश्यकता रहन्छ । हाम्रो बाहिरी जीवन सधैं साधारण र भित्रिया भने सदाचार र सद्विचारले परिपूर्ण हुने पर्दछ । यसैमा मनुष्य-जीवनको सार्थकता छ । यही नै मनुष्य-जीवनलाई पशुजीवन भन्दा माथिल्लो स्तरमा पुऱ्याँउछ, असत्यलाई हटाएर सत्यतिर लम्काँउछ, अन्धकारबाट प्रकाशतिर र मृत्युबाट अमृतत्वतिर अभिमुख गरांउछ । जैनधर्मको साधना जीवनको आन्तरिक साधना मानिन्छ । यसैकारणले मनुष्य-जीवन पाएपछि त्यतातिर लाग्ने प्रवृत्ति बढांउछ ।

आत्माको शुद्ध-स्वरूपमा मात्र निरन्तर लाग्नु र रम्नु ब्रम्हचर्य कहिन्छ । यो व्रत पाल्नु सदाचार द्वारा प्राप्त हुने सत्यतत्त्वकै निमित्तको हो । सदाचार मनुष्य-जीवनको मूल-तत्त्व हो । जैनधर्म-सम्बद्ध उत्तराध्ययन सूत्रको चौधौं अध्ययनमा अध्ययन गर्न पाइन्छ कि-"स्वाजी अणत्थाणक कामभोग" काम (विषय) को भोग अनर्थै अनर्थको खानी हो । कदाचार, दुराचार, भ्रष्टाचार, अनियमितताचार आदि किम्पाकफल (कँडि-काँडा भएको इन्द्रेनी फल) जस्तो दुःखदायी हुन्छ । यसो हेर्दा यो साह्रै राम्रो, चाख्ता (खांदा) निकै मीठो, छुँदा साह्रै कोमल हुन्छ, तर खानेलाई परिणाममा अत्यन्त पीडाकारक हुन जान्छ । यही कुरा जस्तो मनुष्य पनि आफ्नो विषय-भोगमा लागेर क्षणिक वासनापूर्ति त गर्दछ परन्तु परिणाममा निरन्तर पछितो गरि रहन्छ र मरें बाबा, मरें, भन्ने अवस्थामा पुग्दछ ।

सूयडांगसूत्रमा भनेकोछ, "तवेसु वा उत्तमं वम्मचेर" ब्रम्हचर्य नै सब तपस्यामा श्रेष्ठ हो । जो जत्ति पनि महान् आत्मा भएका भए उनीहरूले सत्य-सदाचारको महत्त्व स्वीकार गरेर त्यसैको परिपालन गर्दै आए । त्यसैको आधारमा आफ्नो सदाचारितालाई नै जन-समक्ष राखेर आदर्श महापुरूष बनेर अजर, अमर कहलाएर गए । यो विकराल कलिकालमा पनि सर्वज्ञ कहलाइएका श्री हेमचन्द्राचार्यले शिष्टाचार-प्रशंसा नामको यौटा पुस्तकमा यसको विशेष विवरण खोल्नु भएकोछ । त्यस्तै श्री हरिभद्र-सूरिज्यूले यसका परिपालनका गुणहरूको महत्त्व देखाँउनु भएको स्पष्टै छ । यता धर्मविन्दु नामक ग्रन्थको टीका (व्याख्या)मा आचार्य मुनि-चन्द्रसूरिले यो सदाचार (अथवा शिष्टाचार नै भनौं) को महत्त्व र सर्वोत्तमताको स्वरूप देखाँउने अठ्ठार यी निम्नांकित सूत्रहरू नै हुन् भन्नु भएकोछ । ती यिनै हुन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकापवाद-भय १ दीन-दुःखीहरू प्रति सहयोगको भावना २ कृतज्ञता ३ निन्दाको त्याग ४ विद्वान्हरूको प्रशंसा ५ कस्तै आपत्ति पर्दा पनि धैर्यधारिता ६, सम्पत्ति-प्राप्तिमा विनम्रता ७ उचित र परमित बोल्नु ८, कुनै प्रकारको विरोध अथवा कदाग्रह न गर्नु ९ आफूले स्वीकार गरेको कुरा पूरागर्नु १० कुलधर्म-पालन गर्नु ११ धनको अपव्यय गर्दै न गर्नु १२ आवश्यक काम-कुरामा सक्तो प्रयत्न गर्नु १३ प्रमाद-परिहार गर्नु १४ लोकाचारको परिपालन गर्नु १५ उत्तम कार्यमा ध्यान दिएर कर्तव्य पालन गर्नु १६ निन्दित कर्म कहिल्यै न गर्नु १७ उपर्युक्त काम-कुरामा सधै ध्यान दिनु १८ ।

लोकापवादभीरूत्वं दीनाभ्युद्धरणादरः ।
कृतज्ञता सुदाक्षिण्यं सदाचारः प्रकीर्तितः ।। धर्मबिन्दुः

महामानव श्री महावीरले पनि आचार-शास्त्रानुसार सदाचारको प्रमुख आधार-स्तम्भ अहिंसा र समत्वयोग नै हुन् भन्ने आज्ञा भएकोछ । यिनका पांच भेद छन् - ती यी हुन् - अहिंसा, सत्य, अस्तेय, ब्रम्हचर्य र अपरिग्रह । यी पाँचै कुराको राम्रो सेवन गर्दा नै मनुष्य महामानव हुन सक्तछ । आचार्य हेमचन्द्रले आफ्नो ग्रन्थरत्न "त्रिषष्ठिशलाका पुरूष" नामक पुस्तकमा यौटा त्यस्तै साधक-महापुरूषका जीवन-चर्याको साह्रै राम्रो चित्र उतार्नु भएकोछ, त्यो पुरूष हुनुहुन्थ्यो सर्वोतम साधक आचार्य स्थूलभद्र । जसले मन वचन र तनले हरतरहले ब्रम्हचर्यको परिपालन ग-यो । यिनै महापुरूष साह्रै ठूला योगी, ध्यानी र ज्ञानी एवं महातपस्वी मानिन्छन् । जैनधर्ममा उहांको साह्रै उत्तमोत्तमता र सदाचारिताको आदर्श जन-समक्ष राखिएको छ, यता योगशास्त्रमा उहाँ यस्तो भन्नु हुन्छ ।

प्राणभूतं चरित्रस्य परब्रम्हैककारणम् ।
समाचरन् ब्रम्हचर्य्यं पूजितैरपि पूज्यते ।।

ब्रम्हचर्य नै इन्द्रिय-संयमको मुख्य प्राणतत्त्व हो । परब्रम्ह-प्राप्तिको एकमात्र कारण हो । यस्तो ब्रम्हचर्य-व्रतधारण गर्ने मानव पहिले देखि पूजित हुँदै आएका व्यक्तिहरू बाट पनि पूजित हुन्छ । यसरी जैनधर्ममा उपर्युक्त काम-कुराहरूले सर्वथा परिपूर्ण भएको तथासंस्तुत सदाचार-परिपालन गर्दा नै लौकिक र पारलौकिक सुख-शान्ति प्राप्त हुन सक्तछ । जस्तो मुरल-सदाचारमा भनिएकोछ -

सुखबीजं सदाचारो वैभवस्याऽपि साधनम् ।
कदाचार-प्रवृत्तिस्तु विपदां जन्मदायिनी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१)

सदाचार सुख-सम्पत्तिको राम्रो बीज (बिउ) हो, मुख्य-साधन हो भने कदाचार अथवा दुराचारतिरको प्रवृत्ति असंख्य आपत्ति आदिको जननी हो । इत्यादि

यसरी नेपाल-अधिराज्यभरीका वैदिक-धर्मावलम्बी-हिन्दूहरूको सदाचारको रूप-रेखा, त्यसको पालन-प्रवर्धन-प्रसारण-प्रक्रियाको साथै बौद्धमार्गानुयायी एवं जैनधर्मानुसरक महानुभावहरूको सदाचार-परिपालन तथा त्यसैमा अ-आफ्नो मत-पन्थ र धर्म-संप्रदाय आदिमा टिकेर तदनुसार गर्दै-गएमा टिक्तै रहेमा अ-आफ्नो अभीष्ट-वस्तु सजिलै संग पाइन सकिने काम-कुराहरू जो अत्यावश्यक देखिन्छन्, यथार्थतः प्रामाणिकरूपले निर्देशित भए । यी सब कुरामा "आफैं मरे मात्र स्वर्ग देखिन्छ" भन्ने सिद्धान्तानुसार आफैंले गर्दै गए सार्वत्रिक-कल्याण हुने स्वतः सिद्ध छ । अस्तु

आत्माको परिपूर्णता परमात्मामा

आत्मन् शब्द साह्रै व्यापक छ र आ-ब्रम्हकीट पर्यन्तका प्राणीमात्रमा एकरस छ, त्रिकालावाधित नित्य, सत्य छ । अतःसातत्यगभने, यस अर्थमा प्रयुक्त हुँदै दृश्य-श्रूयमाण भव-चक्रमा रिङ्गिरहंदोछ । यसको परिपूर्णता तबमात्र सफलतामा परिणत हुन्छ, जब यसले स्वतः परमात्माको साक्षात्कार गर्न सक्तछ । यसमा वैदिक ऋषि-मुनिहरूको अन्वेषकता समाविष्ट छ, यो अर्वाचीन होइन प्राचीन हो, अनन्त-आदिकालीन हो, त्यसमा पनि तबको हो जब पहिले-पहिले विश्वब्रम्हाण्ड सृष्ट हुन लाग्यो । यो कुरा सर्वप्रथम समुत्पन्न हिरण्यगर्भान्तर्गत तत्पदार्थ देखि लिएर तदनन्तरका हाम्रा पूज्य-पूर्वज एवं आधुनिककालका हामीहरू पनि त्यसैको गति-विधिमा उत्कट जिज्ञासा राखेर सक्तो अनुसन्धान गरिरहेका छौं, त्यसैको रीति-स्थितिमा निरन्तर आंखा गाडेर अत्तो नपत्तोका भइरहेका छौं ता पनि कुनै सूत्र भेटी हाल्छौं कि, भनेर मरिमेट्तैछौं ।

विशेषतः हामी संसारी-प्रपञ्चमा रम्ने प्रबुद्ध कहलाइएका मनुष्यहरू पनि बाहिरी नाम-रूपधारी पदार्थमात्रमा पूर्णता अर्थात् आत्माको निमित्तमा चाँहिने चरम शान्ति प्राप्त गर्नको लागि अनेकौं उपाय, साधन र पद्धतिहरूद्वारा निरन्तर प्रयत्नशील भइ रहेका छौं । यसमा पनि माथि उक्लनुको सट्टा हामी अझ तल-तल धँसिदैछौं । किन कि ? हामी धेरै जसो व्यक्तिहरू बहिर्मुखी छौं । अन्तर्मुखी हुन प्रयास गर्दा-गर्दै पनि प्राप्तव्य वस्तुतिर सर्वथा उन्मुख भएर तदाकारिता उपलब्ध गर्न असमर्थ छौं । त्यस्ता हामीहरू मध्ये कतिपय यस्ता पनि छौं कि जो प्रत्यक्ष-पदार्थमा भन्दा परोक्ष-विषयमा अवस्थित त्यही परिपूर्णता-सुसमृद्ध परतत्त्व छ भन्ने दृढास्थाले, त्यसैका प्राप्तिमा सत्-प्रयास गरिहरेका छौं र यसबाट मात्र आत्मोद्धार अर्थात् आत्माको परमात्मासंगको तादाम्य हुन सक्तछ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्ण-विश्वासमा टिकेका छौं । त्यो वस्तु स्वयंमा अनुभूत हुन सकेमात्र त्यस्तै हुन सक्तछौं भन्ने पनि अठोट लिएका छौं । त्यो वस्तु अथवा तत्त्व भनौं के हो ? र कस्तो छ ? निराकार छ वा साकार ? यसै कुरालाई मुख्यविषय मानेर, यसैका उत्कट-जिज्ञासाले अभिप्रेरित भएर त्यसैमा लाग्दैछौं । यिनै विषयमा यहां केहीबेर छल-फल गरेर यथाबुद्धि प्रपञ्च-प्रवृत्ति-रूप छल छोडेर निष्कैवल्य-निवृत्तिरूप फल प्राप्त गर्न उपनिषद्को "चरैवेति चरैवेति" भन्ने उक्तिलाई सार्थक बनाउदै उपर्युक्त कुरा स्वयंमा अनुभूत गर्न यथावत् सक्रिय हुँदै जाऔं ।

सर्वप्रथम पूर्णताको प्राप्ति यी प्रपञ्च-सम्बद्ध विषयादिबाट कदापि हुनै सक्तैन । किन कि ? ती सबैका सबै नाशवान् छन्, क्षणिक छन् । यता जो परोक्ष छ, त्यो हामीबाट ज्यादै टाढा छ,जो त्यसैमा अवस्थित छ । प्रत्यक्ष, परोक्ष यी दुबै केवल कल्पितमात्र सिद्ध हुन्छन् । यस्तो हुँदा-हुँदै पनि, स्वयंले भोग्दा-भोग्दै पनि त्यही, तिनैका विषयको कल्पनालाई सत्य मानौं भने त्यो पनि आफ्नो अनुभूतिमा आइ सकेको हुँदैन । श्रुतिवाक्य "तद्दूरे तद्वन्तिके" भने ठीक हामी कल्पना गरौं कि - त्यो हामीबाट धेरै टाढाको छ र साह्रै ढीलो प्राप्त हुन्छ । यसमा पनि यो हाम्रो कल्पना यत्ति परिपुष्ट हुन्छ कि, ध्यान त्यसमा जत्ति बेरसम्म एकत्रित हुन्छ, जत्ति भावना, जत्ति सद्बुद्धि त्यसमा अवस्थित हुन्छ, त्यत्ति बेरसम्म भनौं अथवा केही छिन सम्मै भनौं त्यो पूर्णता त्यसमा रहन्छ, त्यसपछि त्यो पनि स्वतः विलीन हुन्छ चिरस्थायी हुनै सक्तैन ।

तस्मात् यी दुबै विषयमा वैदिक-विचारक एवं दार्शनिकहरूले निरन्तर केवल न्यूनता-अपरिपूर्णतामात्र देख्तै-भोग्दै आए । उनले यही आफ्नो सिद्धान्त देखाए । विषय कहिल्यै पूर्ण हुँदैन, यो त प्रत्यक्ष भइ रहेकैछ । जो परोक्ष छ, त्यो पनि अनुभूति बाट धेरै टाढाको छ । यसलाई पूर्ण भनि हाल्न अथवा मानि हाल्न यौटा विश्वास बाहेक अरू क्यै उपाय यद्वा उपयुक्त तर्कै देखिंदैन, जो एउटा कोरा कल्पना मात्र हो र त्यसैलाई परिपुष्ट पारेर हामी जब सम्म राख्न सक्तछौं तबसम्म मात्र त्यो अड्डछ । त्यसपछि त्यो पनि समय लिएर स्वतः छुट्तछ । अतएव यो उनीहरूको चिन्तन-परम्परा आफ्नैतिर ओइरिएको हुनुपर्दछ । वास्तवमा जो प्रत्यक्ष र परोक्ष यी दुबैलाई जान्दछ, त्यो हो को ? जो अवस्थात्रय अर्थात् जाग्रत् स्वप्न र सुषुप्तिलाई राम्रोसँग जान्दछ त्यो त्यही हो, जो ती तिनै अवस्थामाथिको तुर्य र तुर्यातीत भएर उच्चस्तरमा सदैव एकरस भएर रहेको हुन्छ । केवल अज्ञानताले मात्र "तत्त्वमसि" यस महावाक्यमध्यको तत्पदार्थ-वाच्य हो जस्तो देखिन्छ । वस्तुतः ध्यानावस्थित भएर हेर्नें हो भने त्यहीं नै त्वं-पदार्थ हुन आउँछ । परन्तु यहां त्वं- पदार्थको अर्थ नाम-रूपोपकल्पित पाञ्चभौतिक-पिण्डमय शरीर होइन, अर्थात् केवल एकदेशीय परिच्छिन्न-वस्तु होइन, न ता कर्ता, भोक्ता नै हो । हो त विशुद्ध विज्ञानघन, नित्य-निरन्तर सच्चिदानन्दात्मक-स्थितिमामात्र रम्ने परतत्त्व हो, जो हामीबाट सर्वथा एवं सर्वदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथक् छ र अलग्गै रहन्छ पनि । यही तत्त्व कहिले-कहिले कसै-कसैको अनुभूतिमा आइ हाल्छ, कहिले आउँदैन पनि । त्यसलाई त्यो कुरा पनि पत्तो हुन्छ वा हुँदैन ? यसमा पनि हामीले कल्पनालाई नै आधार मान्नु पर्दछ । यस कुराको ज्ञानलाई हामी आफ्नो विचारको विषयसम्म पनि बनाउन असमर्थ छौं । त्यस्तो त्यो तत् भनिने तत्त्व देश-काल र दृश्यादृश्यरूपका विषय-वस्तुहरूबाट अपरिच्छिन्न छ वा छैन ? र त्यो आनन्दमय-नित्य-सत्य एवं चैतन्ययुक्त छ, छैन ? हो, होइन ? यस्तो कल्पना पनि हामीले नै गर्नुपर्दछ ।

यसप्रकार हाम्रो कल्पनामा पनि त्यो तत्त्व आँउनै सक्तैन, त्यसभन्दा धेरै टाढाको छ । तस्मात् उपरि तथासंस्तुत ईश्वर-सम्बद्ध जति पनि खोजमेल, अनुसन्धान आदिका काम-कुरा भइ रहेका छन् । ती सबै वस्तुतः आत्माकै विषयका हुन् । त्यसैमा अर्थात् त्यस्ता कल्पनामा आधारित त्यो परतत्त्व भनिने परमात्मा अन्त कहीं छ ? जो देश-काल र पदार्थादि बाट धेरै टाढाका विषय-वस्तु बाट अपरिच्छिन्न छ, चाहे जहांसुकै होस्, जस्तो सुकै होस् र जे होस्, अणुभन्दा परको परमाणु होस् अथवा स्थूलवस्तु भन्दा पनि परको सुमेरू भन्दा पनि ठूलो वा अग्लो किन न होस् "अणोरणीयान् महतो महीयान्" नै होस्, यी सब कुरा जान्ने र आफ्नो कल्पनाको परिधिभित्र तान्ने त यै आफ्नै आत्मा हो जो त्वं-पद्वाच्य छ । अब, जब त्यस्ता खाले हामी न भए त त्यो परतत्त्व भनिने ईश्वर पनि स्वतः मूर्च्छितावस्थामा बेहोस भएर लडिरहेको होला त ? यी सबै कुरा त्यसैभित्र पर्न आँउछन् । यस्तो स्थितिमा हामी त्यस्तो परात्मा संगबाट आफूलाई अलग्ग संझेर सर्वथा पृथक् मानेर निरन्तर अज्ञानी र दुःखी भइ रहेकाछौं र "पुनरपि जननं पुनरपि मरणं पुनरपि जननीजठरे शयनम्" को भवचक्र-भ्रमणमा रिङ्दैछौं, जो उपर्युक्त कल्पनाको आधारमा त्यसलाई प्राप्त गर्न खोज्दछौं ।

हाम्रा पूर्वज वैदिक-ऋषिहरूले यौटा अद्‌भूत अनुसन्धान गरेको देख्तछौं कि, वास्तवमा देश-काल र वस्तु आदि बाट परिच्छिन्न अथवा अपरिच्छिन्न कुनै अन्य-पदार्थमा पूर्णता छ वा रहन्छ भने त्यस्तो त्यसमाको त्यो पूर्णता कहिल्यै सत्य हुँदैन । किन हुँदैन ? भने हामी अथवा म विना त्यो छ, भन्ने हो भने त्यो पूर्णै भएन । कारण त्यसबाट त्यो म, अलग्गै भएं, अर्थात् पृथक् रहें । त्यो म होइन, भनौं भने, त्यो पूर्णत्व-प्राप्त परमात्मामा नै अपूर्णता (न्यूनता) आँउने भयो । यदि "मै नै त्यो हूं" भनौं भने त्यसमाको त्यस्तो सुमहती-शक्ति यो ममा पाइएन, रहँदै रहेन । यसरी त्यसै ईश्वरमा त्यस्तो न्यूनता (अपरिपूर्णता) दोष आइलाग्छ । यदि त्यो हुँदै होइन, भनेमा पनि त्यस्तो शक्ति विहीनता (अपूर्णता) आफैंमा जाइलाग्छ । यी सब खण्ड-खाघले त्यस्ता वैदिक-अनुसन्धान कर्ताहरूले ठहराए कि जो आत्मगत चैतन्य छ, त्यो नै वास्तविक परिपूर्णतत्त्व हो । यस भिन्न कुनै अर्को नाम-रूपधारी जुनसुकै पदार्थ होस् त्यो पूर्णतत्त्व हुनै सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् आफ्नो आत्मामा जो पूर्णताको-अद्वितीयताको सद्बुद्धि छ, त्यसैको नाम हो वेदान्त-सिद्धान्तानुगत प्रमा, जसबाट यथार्थ-तथ्यपदार्थको स्वात्मानुभूति हुन्छ । त्यसको अतिरिक्त अरू नामरूपोपाधिविशिष्ट पदार्थ-मात्रमा जो पूर्णता छ, जडमा चेतन-बुद्धि छ, दुःखमा सुखबुद्धि छ, एवं अनित्यमा नित्य बुद्धि छ, यी सारा कुरा केवल कल्पितमात्र हुन् । यस्ता दोठ्याङ् खाने कुराका अतिरिक्त नित्य-निरन्तर स्वस्वरूपानुसन्धान गर्नु, त्यसैमा लागिरहनु, त्यसैमा टिकिरहनु आदिको नाम नै आत्मा हो, जो समस्त प्राणीमात्रमा एक छ, अविनाशी छ र नित्य-सत्य तथा चैतन्यानन्दमय छ, यसैको नाम हो आत्मा । यसैको बारेमा श्रुतिको निर्देश छ "आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः" इत्यादि । त्यस स्थितिमा उपर्युक्त बहुविध कल्पनाहरू आफ्नै ठाउँमा रहन्छन् । अवस्थात्रय जाग्रत्, स्वप्न, सुषुप्ति आउँछन्-जान्छन् । परन्तु तिनमा नित्य-सम्पृक्त यो आत्मा सधैं एकरस रहन्छ जो त्यस्तो आफ्नो अज्ञानले मात्र त्यस्तो हुन्छ । जब ती अवस्थाहरू बदलिन्छन्, त्यसबेला यो पनि त्यसैमा लुटपुटिएर जाग्दछ, स्वप्न देख्तछ र निदाउँछ । यो बेला त्यस्तो आत्माको देश काल र वातावरणै बदलिएको हुन्छ र त्यो त्यस्तै-त्यस्तै जस्तो परिछिन्न हुन पुग्दछ ।

तस्मात् यही हो हाम्रो आत्माको परिपूर्णता विषयको वैदिक संस्कृतिको आधारभूत मौलिक-सिद्धान्त । यौटा परिछिन्न पाञ्चभौतिक-पिण्डमा संस्थित आत्मा वस्तुतः परिमित हुन्छ । वस्तुतः त्यो सर्वव्यापक एवं अपरिच्छिन्न हुने सक्तैन जो आब्रम्हकीटपर्यन्तका प्राणीमात्रको अन्तर्हृदयकाशमा संस्थित छ र त्रिकालाबाधित आत्मा कहिन्छ, जसको विषयमा "म छैन, म होइन" भन्ने कुराको अनुभव कसैलाई कहिल्यै पनि हुँदै हुँदैन । यसको त्यस्तो स्वरूपाकलन गर्नु नै आफैंमा त्यो पूर्णता प्राप्ति गर्नु हो । यसैबाट अन्ततोगत्वा पूर्णात्मा परमात्मामा पूर्णत्व प्राप्त भएपछि मात्र उपर्युक्त परिपूर्णतामा अवसान हुन्छ । यी सब कुराको सद्विचार स्वानुभूत गरेर प्रस्तुत ग्रन्थ-लेखकले यसको उत्थानमै सर्वप्रथम निम्नांकित उपनिषद्-वाक्यमय शान्तिपाठद्वारा स्वानुभव अभिव्यक्त गरेको हो । ॐ पूर्णमदः पूर्णमिदमित्यादि ।

उपसंहारमा

प्रिय वर्तमान तथा भावी पाठकवृन्द ! अब म यस ग्रन्थलाई यहीं नै परिपूर्ण गरेर, आवश्यक देखाउनु पर्ने विषय-वस्तु यसमा आदिदेखि यहांसम्मका पत्र-पत्रका कुना-कुनामा भरिएका छन् भनेर बडो-श्रद्धा र सम्मान प्रदर्शनपूर्वक यहांहरूकै कर- कमलमा चढाँउन प्रयत्न गर्ने काम-कुरा पट्टि नै लाग्दछु ।

सर्वप्रथम यो मेरो परब्रह्म-परमात्मा प्रतिको नैरन्तर्येण तन-मन-धन समर्पणपूर्वकको सत्कर्म-धर्माचरणरूप सुमहान् त्यागमय वैदिकवाङ्मय-सेवन हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिजोआजको यस्तो निस्कृष्ट वातावरणमा पनि आफ्नो समाजलाई राष्ट्रिय पद-मान-प्रतिष्ठा आदिका सारा कुरा छोडी, निरन्तर निःस्पृह भई लौकिक-पारलौकिक वैदिक रीति-स्थिति देखाँउने र त्यसलाई नेपाल अधिराज्यभर प्रचार-प्रसार गरी यसको महत्त्व, शाश्वत-हिन्दूधर्मको गुरूत्व प्रदर्शन गराँउने सर्वोत्कृष्ट प्रयत्न हो । धेरै जसोको निमित्त कामै नलाग्ने जस्तो भएपनि मै जस्ता आर्ष आर्य हिन्दू-जनता जो वर्तमानका र भविष्यत्का हाम्रा सन्ततिहरूमा निस्कने छन् भने त्यस्तै - त्यस्ताका लागि सदैव पठनीय, मननीय एवं निदिध्यासनीय यो वैदिकवाङ्मय-परिदर्शन गराँउने सद्ग्रन्थरत्न-प्रदान हो । यसमा अ-आफ्नो रूचि अनुसार जो जे जस्तो वस्तु वा विषय प्राप्त गर्न खोज्दछ त्यो त्यही-त्यही प्रेय र श्रेयका विषय-वस्तु सजिलै प्राप्त गर्न सक्नेछ । अर्को कुरा यो मेरो मातृभाषा प्रतिको आत्मसमर्पणपूर्वकको सुमहती सेवा हो र राष्ट्रभाषाका निमित्तको यौटा महान् तपस्यामय त्याग हो, खाई-नखाई गरेको राष्ट्र-सेवा हो, जो तपाँईहरूकै करकमलमा छ । आफ्नो विशुद्ध वैदिक आर्य-धर्मप्रतिको आल्हादक आकर्षणले प्रायः समस्त श्रुति-स्मृतिको स्वाध्यायरूप ग्रन्थाध्ययनमा निरन्तर संलग्न हुँदा-हुँदै गरिएको र सुसम्पन्न भएको यो सत्सेवनले यसरी क्रमबद्ध-रूपमा विश्लेषित एवं प्रतिपादित बौद्धिक-परिश्रम-जन्य आत्म-सन्तोषरूप-कल्पवृक्षको अमर तथा अजर फल-प्राप्ति हो । यसको आस्वाद वैदिक-धर्मप्रेमी राजादेखि रंकसम्मका समस्त आर्ष-आर्य-हिन्दू-जनता समय-समयमा आफ्नो कामैले न कि कुरा मात्रले, उपयोग गर्दै सदाचरणरूपमा परिणत गरेर आकाशमा चन्द्र-सूर्य रहेसम्म, हाम्रो राष्ट्रमा तिनैका प्रतीकरूपको राष्ट्रिय-झण्डा फहराए सम्म एवं यो राष्ट्र-भाषा जीवित भएसम्म अवश्यमेव स्वयं पनि यही ग्रन्थ-रत्नमा उल्लेखित विषय-वस्तुका माध्यमले उपरि तथासंस्तुत-अद्वैत-तत्त्वमय त्यही सच्चिदानन्द परब्रम्ह नै भइ छोड्ने छन् भन्ने मेरो निरन्तर परिवृद्ध एवं सुसमृद्ध महान् विश्वास छ । यस सद्विचारमा, यो धारणामा हाम्रा राष्ट्रदेव भगवान् पशुपतिनाथले अवश्य पनि बौद्धिक-सहयोग गरिदिने नै छन् । अस्तु

लेखकको दुराग्रहरहित सानो सदाग्रह

●

प्रिय एवं श्रद्धेय राजादेखि रङ्कसम्मका राष्ट्रभाषा-भाषी पाठकवर्ग ! प्रस्तुत-ग्रन्थ लेखकका विषयमा विशिष्ट-शिष्ट पाठक-महानुभावहरूमा यो कस्तो खाले लेखक अथवा कवि रहेछ, अथवा हो ? भन्ने यस्तो जिज्ञासाको चासो उठे त्यसको परिपूर्ति गर्नको निमित्त महाकवि बाणभट्टको अपूर्व संस्कृत-गद्यमय कृति "कादम्बरी-महाकाव्यको यस लेखक स्वयंले आफ्नो राष्ट्रभाषा पद्यमा जस्ताको तस्तै गरी अनुवाद गरेको र वि.सं. २०४३ सालमा मुद्रित तथा प्रकाशित गरी त्यस्तै त्यस्ता राष्ट्रिय बुद्धिजीवीहरूमा उपहार रूपमा टक्र्याँइदै आएको महाकाव्य-कादम्बरीको म स्वयंले लेखेको प्राक्कथनको स्वरूप हेरेमा अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेषतः त्यसको २३ सौं र ३६ सौ पत्रसंख्यामा सुदृष्टि फेरेमा मेरा विषयको समस्त बात-व्यवहार स्वतः अवगत हुने नै छ । अब यस्तो ग्रन्थमा त्यसमा भन्दा बढ्ता कुरा यसमा लेख्ता बढ्तै ठहरिइने छ । तस्मात् त्यसमा लेखिएको वाक्यावलि नै पछि सम्मको लागि मेरो नासो छ । आवश्यक परे त्यसैबाट चासो मेटियोस् ।

प्रिय एवं पूज्य नेपाली-समाज ! उपसंहारमा सामाजिक उच्चादर्शमय सनातनधर्म-सम्पृक्त व्यावहारिकताको प्राचीन आर्यहरूको रीति-स्थितिमा एवं हिन्दूत्वको समुन्नत बर-व्यवहार आदिमा निरन्तर भाँड्भैलो पार्ने, तथा मर्यादा-विध्वंसक, प्रचलित साहित्य लेख्न न सकेकोमा आफैंलाई साह्रै असमर्थ र म हाम्रो समाजलाई कामै न लाग्ने रहेछु कि ? भन्ने ठान्दै "कालो हि बलवत्तरः" यो उक्तिलाई सत्य मान्दै यसलाई यहीं टुङ्ग्याँउछु ।

अन्तमा उत्थानमा जस्तै अवसान (अन्त) मा पनि अपौरुषेय ऋचा र पौरुषेय पद्य माध्यमले शुभाशीर्वाद लिएर र दिएर विश्राम लिन्छु ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवशिष्यते ।।

●

भलो गरोस् सबैलाई यसले, हुन् सबै भला ।
लागुन् नित्य भलैपट्टि, गरून् कर्म भलै-भला ।।

कृ.प्र. घिमिरे

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

ज	छ,
१
?

पटेर
छ,
रिवन्छ

६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णप्रसाद शर्मा घिमिरे
(कविरत्न तथा विद्यावारिधि)

संस्तुत लेखकले लेखेका मौलिक र अनुवादित अन्यान्य
तीन भाषा संस्कृत नेपाली र हिन्दीका कृतिहरू

संस्कृतका ग्रन्थहरू

१. प्रस्तुत वैदिकवाङ्मय ग्रन्थरत्न
(ब्रह्माण्ड-सृष्टि कालदेखि अहिलेसम्मको)
२. श्रीकृष्णचरितामृतम्, महाकाव्य
(हिन्दीभाषानूदित)
३. त्यसैको दोस्रो भाग
४. नाचिकेतसम्, महाकाव्य
(कठोपनिषद्मा आधारित)
५. [illegible] महाकाव्य
(पुरुषार्थचतुष्टयसाध्यपरकम्)
६. वृत्रवधम्, यथार्थनाम महाकाव्य
७. श्री रामविलापः यथार्थनाम खण्डकाव्य
८. सम्पातिसन्देशः खण्डकाव्य
९. मनोयानम्, यथार्थनाम खण्डकाव्य
१०. पूर्णाहुति नाटकम् (राजसूययज्ञाधारितम्)
११. नेपालेश्वरगौरवम् (अभिनीतपूर्वम्)
१२. सत्स्तुतिकुसुमाञ्जलिः
(विविधदेवदेवीनां सत्स्तुतिरूपः)
१३. श्रीकृष्णपद्यसंग्रहः
१४. श्रीकृष्णगद्यसंग्रहः
१५. महामोहः नाटकम्(सामाजिकस्वरूपप्रदर्शकः)
१६. अन्यमुक्तकगद्य-पद्यादि

नेपालीका रचनाहरू

१. वाल्मीकिरामायण तत्समछन्दमा
२. श्रीमद्भागवत तत्समछन्दमा
३. श्रीमद्भगवद्गीता वंशस्थ छन्दमा
४. निर्णयसिन्धुः (धर्मशास्त्रग्रन्थ)
५. चण्डी सप्तशती
६. अमरकोषः (सुप्रसिद्ध)
७. आशौचनिर्णयः (जुठो-सूतक विषयक)
८. गु[illegible]रुचरितम् (पं. छविलालज्यूको)
९. लवकुशोदयः (पं. छविलालज्यूको)
१०. कादम्बरी (महाकवि बाणभट्टको
अपूर्वकृतिको पद्यानुवाद)
११. राष्ट्रियचरित्र (ऐतिहासिक महाकाव्य)
१२. देशनरेश (यथार्थनामको)
१३. कर्मयोगी वृत्र (महाकाव्य)
१४. रुक्मिणीविवाह (खण्डकाव्य)
१५. अजामिल (खण्डकाव्य)
१६. अवधूत (खण्डकाव्य)
१७. श्रीकृष्णपद्यसंग्रहः
१८. श्रीकृष्णगद्यसंग्रहः
१९. तत्कालीन सुधार कार्यको विवरण
२०. विविध विषयको निबन्ध-प्रबन्धसंग्रह

मुसलमानहरूको शिक्षा-संस्कृतिको ग्रन्थ

अरब-संसारका महाकवि शेख मुस्लिहुद्दीन शादीज्यूको
सुप्रसिद्ध "गुलिस्ताने शादी" को जस्ताको तस्तै अनुवाद

हिन्दीमा

"गति-विधियों की रूप-रेखाएं" नामको आध्यात्मिक, दार्शनिक एवं सामाजिक लेखकको जीवन-चरित्रात्मक ग्रन्थ, जसमा बिहार-सरकारबाट प्रशस्तिपत्रको साथै भा.रू. ११०००। को पुरस्कार प्राप्त छ।

तिनमध्ये प्रकाशित ग्रन्थ पाउने ठाउँ, लेखकको निवासस्थान

"काव्यप्रासाद"
टंगाल गहिरीधारा, काठमाण्डू-२, नेपाल।
फोन ४१५६८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu